# सोह्रौं योजना

## कार्यान्वयन कार्ययोजना

### (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

नेपाल सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं

**२०८२ फागुन**

प्रधानमन्त्री

काठमाडौं, नेपाल ।

# मन्तव्य

मुलुकमा उपलब्ध स्रोत र साधनको महत्तम उपयोग गरी योजनाबद्ध विकासको लागि आवधिक योजना कार्यान्वयन हुँदै आएको छ। योजनाबद्ध विकासका प्रयासका बाबजुद युवा पुस्ता लगायत आमनागरिकको अपेक्षा तथा आकाङ्क्षा सम्बोधन हुन नसकेकोले सुशासन प्रवर्द्धन, भ्रष्टाचारको अन्त्य, रोजगारी सिर्जना, आर्थिक समानता तथा नागरिकको जीवनमा सारभूत परिवर्तनको आवाज उठेको छ। यस परिप्रेक्ष्यमा आर्थिक वर्ष २०८१/८२ देखि कार्यान्वयनमा आएको सोहौं योजनाको कार्यान्वयन कार्ययोजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य हासिल गर्न सघाउ पुर्‍याउने विश्वास मैले लिएकी छु।

नेपाललाई सन् २०२६ मा विकासशील राष्ट्रमा स्तरोन्नति गरी क्रमशः मध्यम आय भएको मुलुकमा पुर्‍याउन र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्न पनि कार्ययोजना कार्यान्वयनलाई महत्त्वका साथ हेरिएको छ। अति कम विकसित मुलुकबाट स्तरोन्नतिको रणनीति संकेतअनुसार प्रत्येक कार्यक्रम तथा क्रियाकलाप आबद्ध गरिएको हुँदा रणनीतिको प्रभावकारी कार्यान्वयनमा यसबाट सहयोग पुग्ने अपेक्षा छ।

यस क्रममा निजी, सहकारी, सामुदायिक तथा गैरसरकारी क्षेत्र र विकास साझेदारको भूमिकालाई आत्मसात् गरी कार्ययोजनाबमोजिम भएका कामको आवधिक रूपमा प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्नुपर्ने आवश्यकता छ। कार्ययोजना कार्यान्वयनका लागि तीनवटै तहका सरकार तथा अन्तरनिकाय समन्वय र सहकार्य पनि अपरिहार्य छ। योजनाले अपेक्षा गरेको निजी क्षेत्रको ठूलो परिमाणको लगानी परिचालन गर्न विषयगत मन्त्रालय तथा निकायहरूको तत्परता र सहजीकरण पनि उत्तिकै जरुरी छ।

तसर्थ, विगतका योजना कार्यान्वयनमा देखिएका समस्या तथा चुनौतीलाई पहिचान गरी चालु योजनाको कार्यान्वयनमा राष्ट्रिय योजना आयोगको भूमिका महत्त्वपूर्ण छ। साथै, कार्यान्वयन योजना तयार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने आयोग, विषयगत मन्त्रालय/निकाय, विषयविज्ञ, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधि, विकास साझेदार र सञ्चारकर्मीप्रति धन्यवाद व्यक्त गर्दै कार्ययोजनाको सफल र नतिजामुखी कार्यान्वयनमा पनि सक्रिय भूमिकाका लागि सबै सरोकारवाला समक्ष आग्रह गर्दछु।

धन्यवाद।

फागुन, २०८२

सुशीला कार्की

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाडौं

डा. प्रकाश कुमार श्रेष्ठ
उपाध्यक्ष

## मन्तव्य

आर्थिक वर्ष २०८१/८२ देखि देशको संरचनात्मक रूपान्तरणको कार्यदिशा सहित सोह्रौं योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनमा आएको छ। यस योजनाले उच्च तथा समावेशी आर्थिक वृद्धि, गरिबी निवारण, रोजगारी सिर्जना, उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि, सामाजिक समावेशिता, वातावरणीय सन्तुलन, दिगो पूर्वाधार विकास, कार्यकुशलता र सुशासनमा विशेष जोड दिएको छ। सोह्रौं योजनामा उल्लिखित नीतिगत दृष्टिकोण, रणनीति र कार्यक्रमलाई प्रभावकारी, नतिजामूलक र परिणाममुखी ढंगले कार्यान्वयनमा सहयोग पुऱ्याउने उद्देश्य सहित कार्यान्वयन कार्ययोजना तर्जुमा गरिएको छ। यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयनले युवा पुस्ताद्वारा अभिव्यक्त सुशासन प्रवर्द्धन, भ्रष्टाचार निवारण, आर्थिक असमानता अन्त्य लगायतका विषय सम्बोधन गर्न सहज हुनेछ।

यो कार्यान्वयन कार्ययोजना मुलतः विषयगत मन्त्रालय वा निकायको प्रत्यक्ष संलग्नतामा तर्जुमा गरिएको छ। यस कार्यान्वयन कार्ययोजनामा सोह्रौं योजनामा उल्लिखित रूपान्तरणकारी रणनीति, प्रमुख कार्यक्रम एवम् दिगो विकास लक्ष्य र अति कम विकसित राष्ट्रबाट विकासशील मुलुकमा स्तरोन्नति सम्बन्धी दस्तावेजको अध्ययन गरी सोको आधारमा भूमिका र जिम्मेवारीसहित कार्यक्रम तथा क्रियाकलाप तय गरिएको छ। कार्ययोजनामा नेपाल सन् २०२६ मा अतिकम विकसितबाट विकासशील देशमा स्तरोन्नति, सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्ने लगायतका विषयलाई आन्तरिकीकरण गर्न विशेष ध्यान दिइएको छ। प्रस्तुत कार्ययोजनामा सुशासन प्रवर्द्धन, भ्रष्टाचार निवारण, आर्थिक समानता अभिवृद्धि लगायत अन्तरसम्बन्धित विषयलाई प्राथमिकता दिँदै युवा पुस्ताको अपेक्षालाई सम्बोधन गर्ने प्रयास गरिएको छ।

कार्ययोजनाले तहगत सरकारबीच सहकार्य, जिम्मेवारी बाँडफाँट र स्रोत परिचालनको मार्गचित्र प्रस्तुत गरेको छ। यसबाट नीति, कार्यक्रम, बजेट र संस्थागत संयन्त्र बीच अन्तरसम्बन्ध र समन्वय थप प्रभावकारी भई सार्वजनिक लगानी, बजेट कार्यान्वयन र अनुगमन तथा मूल्यांकन प्रणाली अझै सुदृढ हुने अपेक्षा गरिएको छ। साथै, यसले दिगो आर्थिक वृद्धि, सङ्घीयताको सुदृढीकरण, स्थानीय तहको क्षमता अभिवृद्धि र दिगो विकासको मार्ग प्रशस्त गर्न योगदान पुऱ्याउनेछ।

यो कार्यान्वयन कार्ययोजना तयार गर्ने क्रममा सम्माननीय प्रधानमन्त्री एवम् आयोगका अध्यक्षज्यूबाट प्राप्त मार्गदर्शनप्रति आभार प्रकट गर्दछु। कार्यान्वयन कार्ययोजना तर्जुमाका क्रममा प्रत्यक्ष संलग्न हुनुहुने राष्ट्रिय योजना आयोगका निवर्तमान पदाधिकारी, नेपाल सरकारका मुख्यसचिव, विषयगत मन्त्रालय तथा निकायका पदाधिकारी, राष्ट्रिय योजना आयोगका कर्मचारीहरू र विषयगत मन्त्रालय तथा निकायका कर्मचारीहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु। आफ्नो अमूल्य सुझाव प्रदान गरी कार्यान्वयन कार्ययोजना तर्जुमामा योगदान गर्नुहुने विषय विज्ञ, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधि, विकास साझेदार र सञ्चारकर्मी प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु।

२०८२ फागुन

डा. प्रकाश कुमार श्रेष्ठ
उपाध्यक्ष

## राष्ट्रिय योजना आयोगका पदाधिकारीहरू

| | | |
|---|---|---|
| सम्माननीय प्रधानमन्त्री श्री सुशीला कार्की | - | अध्यक्ष |
| माननीय डा. प्रकाश कुमार श्रेष्ठ | - | उपाध्यक्ष |
| श्री सुमनराज अर्याल, मुख्यसचिव, नेपाल सरकार | - | सदस्य (पदेन) |
| माननीय प्रा.डा. सुनीती श्रेष्ठ हाडा | - | सदस्य |
| डा. घनश्याम उपाध्याय, सचिव, अर्थ मन्त्रालय | - | सदस्य (पदेन) |
| श्री रविलाल पन्थ | - | सदस्य सचिव |

# विषय सूची


| | | |
|---|---|---|
| **१** | **परिचय** | १ |
| **२** | **समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि** | ४ |
| २.१ | समष्टिगत आर्थिक क्षेत्र | ४ |
| २.२ | अनौपचारिक अर्थतन्त्र | १४ |
| २.३ | निजी क्षेत्र | २२ |
| २.४ | सहकारी क्षेत्र | ३५ |
| २.५ | सार्वजनिक संस्थान | ४३ |
| ३ | **उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि** | ४८ |
| ३.१ | कृषि | ४८ |
| ३.२ | भूमि व्यवस्था | ६७ |
| ३.३ | उद्योग | ७५ |
| ३.४ | वाणिज्य | ९३ |
| ३.५ | आपूर्ति | १०५ |
| ३.६ | पर्यटन | ११० |
| ४ | **उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा** | ११८ |
| ४.१ | श्रम तथा रोजगारी | ११८ |
| ४.२ | सामाजिक सुरक्षा र संरक्षण | १२६ |
| ५ | **स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण** | १३२ |
| ५.१ | जनसङ्ख्या | १३२ |
| ५.२ | स्वास्थ्य तथा पोषण | १४० |
| ५.३ | शिक्षा तथा सीप विकास | १५८ |
| ५.४ | विज्ञान तथा प्रविधि | १७१ |
| ५.५ | युवा तथा खेलकुद | १७८ |
| ६ | **गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आबद्धता** | १८९ |
| ६.१ | सडक तथा रेल यातायात | १८९ |
| ६.२ | नागरिक उड्डयन | २०२ |
| ६.३ | ऊर्जा | २१० |
| ६.४ | जलस्रोत तथा सिँचाइ | २२१ |
| ६.५ | जल तथा मौसम विज्ञान | २२८ |
| ६.६ | खानेपानी तथा सरसफाई | २३३ |

| | | |
|---|---|---|
| ६.७ | सञ्चार तथा सूचना प्रविधि | २४० |
| ७ | **योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास** | २५६ |
| ७.१ | भवन, आवास तथा शहरी विकास | २५६ |
| ७.२ | ग्रामीण पहुँच सुधार | २६६ |
| ८ | **लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज** | २७१ |
| ८.१ | लैंगिक समानता, समावेशीकरण तथा सामाजिक न्याय | २७१ |
| ८.२ | संस्कृति | २८९ |
| ९ | **प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास** | २९५ |
| ९.१ | तहगत समन्वय तथा अन्तरतह सम्बन्ध | २९५ |
| ९.२ | अन्तरसरकारी वित्त | ३०८ |
| १० | **गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण** | ३१५ |
| १०.१ | गरिबी | ३१५ |
| ११ | **प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि** | ३२१ |
| ११.१ | राजस्व | ३२१ |
| ११.२ | सार्वजनिक खर्च | ३२७ |
| ११.३ | सार्वजनिक ऋण तथा वैकल्पिक वित्त | ३३३ |
| १२ | **शासकीय सुधार तथा सुशासन प्रवर्द्धन** | ३३९ |
| १२.१ | तथ्याङ्क प्रणाली | ३३९ |
| १२.२ | न्याय प्रणाली | ३५३ |
| १२.३ | निर्वाचन प्रणाली | ३६२ |
| १२.४ | शासकीय सुधार तथा सुशासन | ३७० |
| १२.५ | भ्रष्टाचार नियन्त्रण | ३७८ |
| १२.६ | शान्ति सुव्यवस्था र सुरक्षा | ३८७ |
| १२.७ | योजना तर्जुमा तथा कार्यान्वयन | ३९८ |
| १२.८ | अनुगमन तथा मूल्याङ्कन | ४०७ |
| १२.९ | अन्तर्राष्ट्रिय सम्बन्ध | ४१७ |
| १३ | **जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र** | ४२२ |
| १३.१ | वन तथा वातावरण | ४२२ |
| १३.२ | जलवायु परिवर्तन | ४२९ |
| १३.३ | विपद व्यवस्थापन | ४३७ |
| १३.४ | हरित अर्थतन्त्र | ४४४ |

| | | |
|---|---|---|
| १४ | **अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन** | ४५२ |
| १४.१ | अतिकम विकसित मुलुकबाट स्तरोन्नति | ४५२ |
| १४.२ | दिगो विकास लक्ष्य कार्यान्वयन | ४६१ |
| **अनुसूची १ समन्वयात्मक अतिरिक्त लाभ र विरोधाभाष** | | ४७० |
| **अनुसूची २ आन्दोलनको क्रममा भएको क्षतिको पुनर्निर्माण** | | ५६६ |

# संक्षिप्त नाम

| | |
|---|---|
| अ.प्र. | अध्ययन प्रतिवेदन |
| अ.म. | अर्थ मन्त्रालय |
| आ.व. | आर्थिक वर्ष |
| आ.रा.वि. | आन्तरिक राजस्व विभाग |
| उ.वा.आ.म. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ऊ.ज.सिं.म. | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय |
| का.उ.वि.प्र. | काठमाडौं उपत्यका विकास प्राधिकरण |
| का.न्या.सं.मा.म. | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय |
| कि.मि. | किलोमिटर |
| कृ.प.वि.म. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| के.भि. | किलोभोल्ट |
| खा.पा.म. | खानेपानी मन्त्रालय |
| गृ.म. | गृह मन्त्रालय |
| घ.मि. | घनमिटर |
| ट्रा.इ. | ट्रान्सपरेन्सी इन्टरनेशनल |
| नि.आ. | निर्वाचन आयोग |
| ने.ज.स्वा.स. | नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण |
| ने.जी.स. | नेपाल जीवनस्तर सर्वेक्षण |
| ने.ब.आ.ग.प्र. | नेपाल बहुआयामिक गरिबी प्रतिवेदन |
| ने.मा.वि.प्र. | नेपाल मानव विकास प्रतिवेदन |
| ने.रा.बैं. | नेपाल राष्ट्र बैंक |
| ने.वि.व्या.स. | नेपाल वितरणात्मक व्यापार सर्वेक्षण |
| ने.श्र.स. | नेपाल श्रमशक्ति सर्वेक्षण |
| प्र.म.म.प.का. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| भू.व्य.स.ग.नि.म. | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय |
| भौ.पू.या.म. | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय |
| म.ख.सं. | मध्यमकालीन खर्च संरचना |
| म.न्या.का. | महान्यायाधिवक्ताको कार्यालय |
| म.बा.ज्ये.ना.म. | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय |
| म.ले.प. | महालेखा परीक्षक |
| मा.वि.प्र. | मानव विकास प्रतिवेदन |
| मु.म.म.प.का. | मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय |
| मे.ट. | मेट्रिक टन |
| यु.खे.म. | युवा तथा खेलकुद मन्त्रालय |
| र.म. | रक्षा मन्त्रालय |

| | |
|---|---|
| रा.आ.ग. | राष्ट्रिय आर्थिक गणना |
| रा.ज.ग. | राष्ट्रिय जनगणना |
| रा.नि.व.सं.वि. | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग |
| रा.प्रा.स्रो.वि.आ. | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| रा.ले. | राष्ट्रिय लेखा |
| लो.से.आ. | लोक सेवा आयोग |
| व.वा.म. | वन तथा वातावरण मन्त्रालय |
| वा.प्र. | वार्षिक प्रतिवेदन |
| वि.आ.म. | विश्व आर्थिक मञ्च |
| वि.बैं.प्र. | विश्व बैंकको प्रतिवेदन |
| व्य.सू.प्र. | व्यवस्थापन सूचना प्रणाली |
| श.वि.म. | शहरी विकास मन्त्रालय |
| शि.वि.प्र.म. | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| शै.व्य.सू.प्र. | शैक्षिक व्यवस्थापन सूचना प्रणाली |
| श्र.रो.सा.सु.म. | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय |
| स.अ. | सर्वोच्च अदालत |
| सं.प.ना.उ.म. | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |
| सं.मा.सा.प्र.म. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| सं.सू.प्र.म. | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| स्वा.ज.म. | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| स्वा.व्य.सू.प्र. | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली |

# परिच्छेद १

# परिचय

## १. पृष्ठभूमि

योजनाबद्ध विकास प्रयासको करिब सात दशकको अवधिमा मुलुकमा शिक्षा, स्वास्थ्य, ऊर्जा, पूर्वाधार, समावेशीकरणका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल भएको छ। तथापि नेपालसँगै योजनावद्ध विकास सुरूवात गरेका देशहरूको तुलनामा जनअपेक्षाअनुरूप समावेशी आर्थिक वृद्धि, उत्पादनशील रोजगारी सिर्जना, जीवनस्तरमा सुधार लगायत संरचनात्मक रूपान्तरणका क्षेत्रमा प्रगति हुन नसकेको अवस्था छ। खासगरी उच्च तथा समावेशी आर्थिक वृद्धि, गरिबी निवारण, रोजगारी सिर्जना एवम् उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गरी समुन्नत नेपाल निर्माण गर्न राष्ट्रको समग्र ध्यान केन्द्रित गर्नुपर्ने अवस्था छ। सुशासनको कमी, गुणस्तरीय सेवा प्रवाहमा कमी तथा आर्थिक असमानता प्रमुख अन्तरनिहित कारणको रूपमा रहेका छन्। साथै, कमजोर कार्यान्वयन क्षमता, बढ्दो जलवायुजन्य जोखिम र सार्वजनिक सेवाको सहज पहुँचमा जटिलता प्रमुख चुनौतिको रूपमा रहेका छन्। यस सन्दर्भमा गत आर्थिक वर्ष २०८१/८२ देखि देशको संरचनात्मक रूपान्तरणको कार्यदिशा सहित सोहौं योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनमा आएको छ। यस योजनाले सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्ने सोच लिएको छ। उल्लिखित सोच हासिल गर्ने दिशामा निर्देशित हुन सकेमा नवयुवा पुस्ता (जेन जी) द्वारा उठाइएका सुशासन प्रवर्द्धन, भ्रष्टाचारको निवारण र आर्थिक असमानता अन्त्य गर्न सहज हुनेछ।

समग्र राष्ट्रिय विकास प्रक्रिया एवम् प्रदेश तथा स्थानीय तहहरूको योजना प्रणालीलाई मार्गनिर्देश गर्ने साङ्केतिक योजनाको स्वरूपमा सोह्रौं योजना तर्जुमा गरिएको छ। साथै, यसलाई विकास सम्बद्ध संरचनात्मक अवरोधको सम्बोधन र निराकरण गर्दै विभिन्न १३ वटा रूपान्तरणका क्षेत्र (Areas of Transformation) पहिचान गरी संरचनात्मक रूपान्तरणका क्षेत्र तथा रणनीतिहरूमा आधारित रहेर विषयगत (thematic) योजनाको रूपमा अंगिकार गरिएको छ। योजनाले उत्पादन क्षमता र उत्पादकत्व अभिवृद्धि, रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, सामाजिक समावेशिता, वातावरणीय सन्तुलन, दिगो पूर्वाधार विकास र सुशासनमा विशेष जोड दिएको छ। योजनाले समावेशी आर्थिक वृद्धि, मानव पुँजी निर्माण, पूर्वाधार विस्तार, सुशासन र वातावरणीय दिगोपनालाई प्राथमिकता दिएको छ। यसको लागि अन्तर क्षेत्रगत सम्बन्ध कायम गर्नको लागि विषयगत रूपमा रूपान्तरणकारी रणनीति र प्रमुख कार्यक्रमहरू समावेश गरिएको छ। विषयगत रूपमा तर्जुमा भएको योजना भएकोले विषयगत मन्त्रालय तथा निकायले सो निकायसँग सम्बन्धित रणनीति तथा कार्यक्रम छरिएर तथा अस्पष्ट समेत रहेकोले कार्यान्वयनमा कठिनाई महशुस गरी लजिकल फ्रेमवर्कमा आधारित रही यो क्षेत्रगत कार्यान्वयन कार्ययोजना तयार गरिएको छ।

विगतमा तर्जुमा गरिएका योजनाले निर्दिष्ट गरेका रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयन एवम् लक्ष्य प्राप्ति सम्बन्धमा कार्ययोजनाको कमीले गर्दा योजनाको कार्यान्वयनमा ठूलो खाडल रहेको छ। तसर्थ, सोह्रौ योजनाले लिएका रूपान्तरणकारी रणनीतिहरूको प्रभावकारी कार्यान्वयन गर्न र अपेक्षित परिमाणात्मक लक्ष्य हासिल गर्न यो कार्यान्वयन योजना तयार गरिएको छ। सोह्रौं योजनाका रणनीतिसँग कार्यनीति तथा कार्यक्रम र क्रियाकलापसँग आबद्ध हुनेगरी यस कार्ययोजनालाई कार्यान्वयनमा लगिनेछ। सो अनुसार विषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम एवम् बजेट प्रस्ताव गर्न सहज हुनेछ। यसले नीति, कार्यक्रम, बजेट र संस्थागत संयन्त्रबीचको अन्तरसम्बन्ध र समन्वयलाई थप प्रभावकारी बनाउनेछ। साथै, योजनामा उल्लिखित लक्ष्य हसिल गर्नेगरी नतिजा खाका तर्जुमा गरिएको छ। कार्यान्वयन कार्ययोजना तयार गर्दा सुशासन प्रवर्द्धन, भ्रष्टाचारको अन्त्य, आर्थिक समानता अभिवृद्धि लगायत अन्तरसम्बन्धित विषयलाई मुख्य प्राथमिकतामा राखिएको छ। साथै, दिगो विकास लक्ष्य लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धता, अति कम विकसित मुलुकबाट विकासशील राष्ट्रमा स्तरोन्नति र हरित अर्थतन्त्र जस्ता विषयलाई कार्ययोजनामा आन्तरिकीकरण गर्न विशेष ध्यान दिइएको छ।

सम्बन्धित विषय क्षेत्रगत मन्त्रालय तथा निकायको प्रत्यक्ष सहभागितमा यो कार्ययोजना तयार गरिएको छ। साथै, यस कार्ययोजनाले संघीय संरचनाको सन्दर्भमा तीन तहका सरकारबीचको सहकार्य, जिम्मेवारी बाँडफाँड र स्रोत परिचालनको स्पष्ट मार्गचित्र प्रदान गरेको छ। यसबाट योजना कार्यान्वयनमा देखिने ढिलासुस्ती, दोहोरोपन र स्रोतको प्रभावकारी व्यवस्थापन हुने अपेक्षा गरिएको छ। यसले सार्वजनिक लगानी,

बजेट कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई थप सुदृढ बनाउनेछ। साथै, डिजिटल प्रविधिको प्रयोग, सामाजिक उत्तरदायित्व, र नागरिक सहभागिता प्रवर्द्धनमार्फत पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्ने गरी यस कार्ययोजना तयार गरिएको छ।

यस कार्ययोजनाबाट विकासको गति र गुणस्तर एवम् समावेशिता आर्थिक वृद्धि सुनिश्चित गर्ने अपेक्षा गरिएको छ। यसले संघीयताको सुदृढीकरण, स्थानीय तहको क्षमता अभिवृद्धि र समावेशी दिगो विकासको मार्ग प्रशस्त गर्न योगदान पुर्‍याउनेछ। कार्ययोजना केवल प्रशासनिक दस्तावेज मात्र नभई विकासको साझा संकल्प र कार्यान्वयनको मार्गदर्शकका रूपमा स्थापित हुनेछ। नव युवापुस्ताले अपेक्षा गरे अनुरूप नेपाललाई दीर्घकालीन समृद्धिको दिशामा अग्रसर गराउने विश्वासका साथ यो कार्ययोजना तयार गरिएको छ।

## २. कार्यान्वयन योजनाको उद्देश्य

यस कार्यान्वयन कार्ययोजनाले सोह्रौं योजनामा उल्लिखित नीतिगत मान्यता, रणनीति र कार्यक्रमलाई प्रभावकारी, नतिजामूलक र परिणाममुखी बनाउन सहयोग पुर्‍याउने उद्देश्य लिएको छ। योजनामा उल्लेखित कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा लक्षित नतिजा हासिल गर्नमा यो कार्ययोजना केन्द्रित रहेको छ। यस कार्ययोजनाका विशिष्ट उद्देश्य यस प्रकार छन्।

१. सोह्रौं योजनामा पहिचान गरिएका विषयगत रणनीति, नीतिगत सुधार र प्रमुख कार्यक्रमको सम्बन्धित निकाय मार्फत प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु।
२. योजनामा विषयगत मन्त्रालय तथा निकायसँग सम्बद्ध छरिएर रहेका विषयवस्तु एकत्रित गरी प्रस्तुत गर्नु तथा अपूर्ण र अस्पष्ट रहेका विषयवस्तुलाई सरलीकृत गरी कार्यान्वयन क्षमता अभिवृद्धि गर्नु।
३. विषयगत मन्त्रालय वा निकायलाई आवश्यक भूमिका र जिम्मेवारीसहित परिचालन गरी कार्यान्वयनमा प्रभावकारिता ल्याउनु।
४. योजनामा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको क्षेत्रगत विनियोजन तथा परिचालनमा सहयोग पुर्‍याउनु।
५. योजनाको लक्ष्य र प्राथमिकतालाई मध्यमकालीन खर्च संरचना, वार्षिक बजेट र वार्षिक कार्यक्रममा समावेश गर्ने वस्तुनिष्ठ आधार तयार गर्नु।
६. योजनाले लिएका नतिजा तथा लक्ष्य हासिल गर्न विस्तृत नतिजा खाका (Results Framework) तयार गरी मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीसँग आबद्ध गर्नु।

## ३. कार्यान्वयन योजना तर्जुमा विधि

यस कार्यान्वयन कार्ययोजना तयारीको लागि राष्ट्रिय योजना आयोगका पदाधिकारीहरूको संयोजकत्वमा निर्देशक समिति तथा विषय क्षेत्रगत समिति क्रियाशील रहेका थिए। ती विषयगत समितिमा आयोगको आर्थिक व्यवस्थापन महाशाखा र सम्बन्धित महाशाखा, विषय क्षेत्रगत मन्त्रालय/निकाय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र अर्थ मन्त्रालयका प्रतिनिधिको संलग्नता रहेको थियो। यस कार्यान्वयन कार्ययोजना तयार गर्दा प्रथमत नीति तथा दस्तावेज समीक्षा अन्तर्गत विगतका योजनाको कार्यान्वयन अनुभवको समीक्षा, संघीयताको कार्यान्वयन, दिगो विकास लक्ष्य र अति कम विकसित राष्ट्रबाट विकासशील स्तरोन्नति सम्बन्धी नीति दस्तावेजहरूको अध्ययन गरिएको थियो। संघीय संरचना अनुरूप जिम्मेवारी विश्लेषण, कार्यान्वयन क्षमताको मूल्याङ्कन, विषयक्षेत्रगत परामर्श र सहभागिता, कार्यक्रमगत बजेट विश्लेषण, सार्वजनिक खर्चको प्रभावकारिता, कार्यान्वयनयोग्य कार्यक्रमको छनोट र प्राथमिकता निर्धारण, अनुगमन तथा मूल्याङ्कन लगायतका विषयलाई मध्यनजर गर्दै छलफल गरिएको थियो। साथै, विभिन्न विषय क्षेत्र बीचको अन्तरसम्बन्धको सघन विश्लेषण तथा छलफल गरी कार्यक्रम तथा कार्यनीति प्रस्ताव गरिएको थियो। यस कार्ययोजना मुलतः विषय क्षेत्रगत मन्त्रालय वा निकायको प्रत्यक्ष संलग्नतामा तर्जुमा गरिएको छ। तयारीको क्रममा निजी क्षेत्र, सहकारी क्षेत्र लगायतका सरोकारवालासँग आवश्यकता अनुसार छलफल तथा अन्तर्क्रिया गरिएको थियो। सोह्रौं योजनामा उल्लेखित रूपान्तरणकारी रणनीतिको अध्ययन गरी विभिन्न परिच्छेदमा रहेका विषय क्षेत्रसँग सम्बन्धित रणनीति र प्रमुख कार्यक्रम पहिचान गरी थप स्पष्ट बनाउँदै कार्ययोजनामा रूपान्तरणकारी रणनीति र कार्यनीतिको रूपमा प्रस्तुत गरिएको छ। कार्यनीति तथा प्रमुख कार्यक्रमको आधारमा कार्ययोजनामा प्रमुख कार्यक्रम र क्रियाकलापहरू उल्लेख गरिएको छ। क्रियाकलापहरू प्रस्ताव गर्दा उपलब्ध स्रोत साधनको अवस्था तथा प्राथमिकतालाई समेत मध्येनजर गरिएको छ। साथै, कार्यक्रमबाट अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ (Synergy) तथा विरोधाभाष (Trade-off) को पहिचान, विश्लेषण तथा संश्लेषण समेत गरिएको छ।

## ४. कार्यान्वयन योजनाको खाका

यस कार्यान्वयन योजनामा १४ वटा परिच्छेद रहेका छन्। पहिलो परिच्छेदमा कार्ययोजनाको आवश्यकता, उद्देश्य, तर्जुमा विधि लगायतका विषयवस्तु समावेश गरिएको छ। दोस्रो देखि चौधौं परिच्छेद मुलतः सोह्रौं योजनामा उल्लेख गरिएका परिच्छेदमा आधारित रहेर तयार गरिएको छ। प्रत्येक विषय क्षेत्रको लागि छुट्टै खण्ड समावेश गरिएको छ। यी परिच्छेदमा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासन, समृद्धि, तथा न्याय लगायतका मुख्य विषयगत क्षेत्र अन्तर्गतका रुपान्तरणकारी रणनीति तथा सो सम्बन्धी सूचकहरूको विद्यमान अवस्था तथा लक्ष्य समेटिएको छ। साथै, विषय क्षेत्रगत उद्देश्य, रणनीति, कार्यनीति, प्रमुख कार्यक्रम र क्रियाकलापहरू समावेश गरिएको छ। प्रत्येक क्रियाकलापलाई रणनीति तथा कार्यनीति र अतिकम विकसित मुलुकबाट स्तरोन्नति सम्बन्धी स्तम्भसँगको आवद्धता[१], कार्यान्वयन गर्ने निकाय तथा सहयोगी निकाय एवम् समय सीमा सहितको कार्यान्वयन तालिकामा प्रस्तुत गरिएको छ। साथै, प्रभाव, असर र प्रतिफल तहका सूचकहरू सहित ती सूचकको आधार वर्षको अवस्था र योजना अवधिको वार्षिक लक्ष्य एवम् सूचनाको स्रोत तथा प्रतिवेदन गर्ने जिम्मेवार निकाय सहितको निर्दिष्ट नतिजा खाका प्रस्तुत गरिएको छ। कार्यक्रम कार्यान्वयन तथा लक्ष्य प्राप्ति सम्बन्धमा लिइएका अनुमान तथा सम्भावित जोखिको पहिचान तथा विश्लेषण गरिएको छ। कार्यक्रमको समन्वयात्मक अतिरिक्त लाभ (Synergy) तथा विरोधाभाष (Trade-off) विश्लेषण अनुसूची १ मा प्रस्तुत गरिएको छ। साथै, २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलनको क्रममा भएको भौतिक सम्पत्तिको क्षतिको मूल्याङ्कन र पुनःनिर्माण सम्बन्धी प्रमुख कार्यको प्रारूप अनुसूची २ मा प्रस्तुत गरिएको छ।

[१] *आयोगले तयार गरेको सहज स्तरोन्नति रणनीतिमा उल्लेख भएका रणनीतिक स्तम्भ अनुसारको संकेत देहाय अनुसार रहेको छ। १. समष्टिगत आर्थिक स्थायित्व तथा वित्तीय दिगोपना, २. व्यापार तथा लगानी, ३. आर्थिक रूपान्तरण, ४. उत्पादनशील क्षमता निर्माण, ५. जलवायु परिवर्तन तथा विपद जोखिम व्यवस्थापन र ६. सामाजिक समावेशीकरण तथा सुशासन। सो अनुसार यस कार्ययोजनामा स्तरोन्नति संकेतको संकेतीकरण गरिएको छ।*

## परिच्छेद २

# समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि

### २.१ समष्टिगत आर्थिक क्षेत्र

### १. पृष्ठभूमि

सोह्रौं योजनाको विभिन्न विषय क्षेत्र अन्तर्गत समष्टिगत आर्थिक क्षेत्र सम्बद्ध रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ। यस योजनाको कार्यान्वयनमा समष्टिगत माग, बचत र लगानी अभिवृद्धि, उच्च तथा दिगो आर्थिक वृद्धि, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र मौद्रिक, वित्तीय तथा बाह्य क्षेत्रको स्थायित्व लगायतका पक्षलाई सम्बोधन गर्नुपर्ने देखिएको छ। समष्टिगत आर्थिक क्षेत्र अन्तर्गत श्रममूलक आर्थिक क्रियाकलापमा विशेष जोड दिई उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्नु, तुलनात्मक लाभ उच्च रहेका क्षेत्रलाई प्राथमिकता दिई अर्थतन्त्रको संरचनात्मक रूपान्तरण गर्नु, बढ्दो उत्पादन लागत र कमजोर प्रतिस्पर्धी क्षमताको अवस्थालाई सम्बोधन गर्दै आन्तरिक उत्पादन तथा क्षेत्रगत उत्पादकत्व वृद्धि गर्नु, औद्योगिक उत्पादन र लगानी प्रवर्द्धन गर्नु, मूल्यस्तर वृद्धि निश्चित सीमाभित्र कायम राख्नु, वित्तीय पहुँच विस्तार तथा कर्जा प्रवाहलाई उत्पादनशील बनाउनु, पुँजी बजार तथा बिमा व्यवसायलाई पहुँचयोग्य बनाउनु, बाह्य क्षेत्रको सबलीकरण गर्नु लगायतका प्रमुख सवाल रहेका छन्। यस परिप्रेक्ष्यमा विगत लामो समयदेखि सामान्यतया न्यून रहेको आर्थिक वृद्धि सोह्रौं योजना अवधिमा औषत ७.१ प्रतिशत हासिल गर्नेगरी सोह्रौं योजनामा समष्टिगत आर्थिक क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान सहित सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रमहरू कार्यान्वयन गर्नु आवश्यक रहेको छ। सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमहरूले अर्थ, कृषि, उद्योग, व्यापार, पर्यटन लगायतका क्षेत्र एवम् सरकारी, वित्तीय र बाह्य क्षेत्र लगायतका अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

बचत, लगानी, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि सहित उच्च आर्थिक वृद्धि तथा आर्थिक स्थायित्व कायम हुनेगरी समष्टिगत आर्थिक क्षेत्रको व्यवस्थापन गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. प्रभावकारी माग सिर्जना, बचत परिचालन तथा पुँजी निर्माण गर्न लगानीयोग्य वातावरण निर्माण र प्रोत्साहन गर्ने। (२.४.३)[1]

२. उत्पादनका साधनहरुको उपयोगमा कुशलता कायम गरी उत्पादनका साधनको उत्पादकत्व अभिवृद्धि गर्ने। (२.४.३)

३. कृषि तथा वन क्षेत्रको सबलीकरण, उद्योग क्षेत्रको विकास तथा विस्तार एवम् तुलनात्मक लाभ भएका वस्तु तथा सेवा क्षेत्रलाई प्राथमिकताका साथ प्रवर्द्धन गर्ने। (२.४.१)

४. उत्पादन चक्रको अवधारणा, अनुसन्धान, नवप्रवर्तन तथा उद्यमशीलता विकास एवम् उत्पादन वृद्धि तथा लागत न्यूनीकरणतर्फ मौद्रिक तथा वित्त नीतिलाई मुखरित गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने (२.४.२)

[1] *कोष्ठमा उल्लेखित अंकले सोह्रौं योजनाको सम्बधित परिच्छेद, सो अन्तर्गतको रूपान्तरणकारी रणनीति खण्ड र रूपान्तरणकारी रणनीति नं बुझाउँछ। यो रणनीति योजनाको परिच्छेद २ 'समष्टिगत आर्थिक आधारहरूको सबलीकरण र उच्च आर्थिक वृद्धि', २.४ 'रूपान्तरणकारी रणनीति' अन्तर्गतको रणनीति नं ३ 'उपभोग, बचत तथा पुँजी निर्माण गर्ने' सँग सम्बन्धित रहेको छ।*

५. बैंक तथा वित्तीय क्षेत्रको नियमन तथा उत्पादनमूलक क्षेत्रमा वित्तीय स्रोत प्रवाह हुनेगरी उत्पादन र रोजगारी सिर्जना लक्षित मौद्रिक तथा वित्तीय स्रोत परिचालन गर्ने । (२.४.५)

६. तुलनात्मक लाभ भएका ऊर्जा, पर्यटन तथा सूचना प्रविधि लगायतका क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्ने । (२.४.६)

७. कच्चा पदार्थको सहज उपलब्धता, वित्तीय पहुँच, बजारीकरण, नवप्रवर्तन, उद्यमशीलता विकास र औद्योगिक पूर्वाधार निर्माण गरी उत्पादनमूलक उद्योगको विकास र संरक्षण गर्ने । (२.४.७)

८. उच्च प्रतिफल प्राप्त हुने आयोजनामा सार्वजनिक वित्त परिचालन तथा आयोजना समयमै कार्यान्वयन गरी सार्वजनिक क्षेत्रको पुँजीगत लगानीको उत्पादकत्व वृद्धि गर्ने । (२.४.१०; २.४.११; २.४.१५)

९. मुलुकको चालु खाता तथा समग्र भुक्तानी सन्तुलनलाई दिगो रूपमा अनुकुल बनाई बाह्य क्षेत्र स्थिरता कायम गर्ने । (२.४.१२; २.४.१३)

## ४. कार्यनीति

१. अनावश्यक उपभोग खर्च निरुत्साहित गरी बचत अभिवृद्धि गर्न नियमनकारी र प्रोत्साहनात्मक व्यवस्था तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । (रणनीति १)

२. उत्पादनमूलक क्षेत्रमा बचत परिचालन तथा लगानी अभिवृद्धि गर्न पुँजी बजारमा पहुँच, नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन तथा उत्पादनशील लगानीका अवसर सिर्जना गरिनेछ । (रणनीति १)

३. स्वदेशी लगानी अभिवृद्धि र वैदेशिक लगानीको वातावरण तयार गरी पुँजी निर्माणमा सहजीकरण गरिनेछ । (रणनीति १)

४. उत्पादनका साधनहरुको कुशल उपयोगमा अवरोध गर्ने तत्वहरुको पहिचान गरी त्यस्ता अवरोधक तत्वहरु हटाउन संरचनात्मक सुधारका कार्यक्रम कार्यान्वयन गरी उत्पादनका साधनको उत्पादकत्व अभिवृद्धि गरिनेछ । (रणनीति २)

५. उर्बर खेतियोग्य जग्गाको चक्लाबन्दी गरी एकीकरण तथा खण्डीकरणलाई नियन्त्रण गरिनेछ । (रणनीति ३)

६. बाँझो तथा सार्वजनिक जमिनमा सामुहिक र सहकारी खेतीको प्रवर्द्धन गरिनेछ । (रणनीति ३)

७. कृषि क्षेत्रमा वित्तीय सेवाको सहज पहुँच तथा उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ । (रणनीति ३)

८. वनको वैज्ञानिक व्यवस्थापन मार्फत् वन पैदावारको दिगो उपयोगको लागि कानूनी तथा प्रक्रियागत सरलीकरण गरिनेछ । (रणनीति ३)

९. लघु, साना तथा घरेलु उद्योग प्रवर्द्धन गर्न स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन गर्न जोड दिइनेछ । (रणनीति ३)

१०. पर्यटन, सूचना प्रविधि, पेशागत, वैज्ञानिक तथा प्राविधिक क्रियाकलाप लगायतका क्षेत्रलाई प्राथमिकताका साथ प्रवर्द्धन गरिनेछ । (रणनीति ३)

११. अनुसन्धान, अन्वेषण, नवप्रवर्तन तथा उद्यमशीलता विकासलाई उत्पादनसँग आवद्ध गरिनेछ । (रणनीति ४)

१२. शिक्षा तथा सीप विकास, सामाजिक सुरक्षा तथा कार्यस्थलको सुरक्षा अभिवृद्धि गरी श्रमको उत्पादकत्व अभिवृद्धि गरिनेछ । (रणनीति ४)

१३. उत्पादनमूलक क्षेत्रमा वित्तीय स्रोत प्रवाहको लागि विद्यमान नीतिमा पुनरावलोकन गरी कार्यान्वयन गरिनेछ । (रणनीति ५)

१४. बैंक, बीमा, पुँजी बजार र अन्य गैरबैंकिङ वित्तीय संस्थाहरूको प्रभावकारी नियमन गरि उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा परिचालन गरिनेछ । (रणनीति ५)

१५. वित्त नीति तथा अन्य आर्थिक नीतिसँग सामन्जस्य हुने गरी मौद्रिक नीतिलाई समष्टिगत आर्थिक स्थायित्व हासिल गर्न लक्षित गरिनेछ। (रणनीति ५)

१६. सामाजिक सुरक्षासँग सम्बन्धित वित्तीय संस्थाको स्रोतलाई उत्पादन तथा पूर्वाधार विकासमा परिचालन गरिनेछ। (रणनीति ५)

१७. वित्तीय सुविधा तथा प्रोत्साहन र लगानी सुरक्षा उपलब्ध गराई स्वदेशी तथा विदेशी पुँजीलाई आकर्षण गरिनेछ। (रणनीति ६)

१८. आधुनिक प्रविधि र बजारको माग अनुरूपको दक्ष जनशक्ति उत्पादन, उपयोग र परिचालन गरिनेछ। (रणनीति ६)

१९. बौद्धिक सम्पत्तिको उपयोग र स्वदेशी उत्पादन उपभोग गर्ने संस्कारको विकास गरी आन्तरिक उत्पादन अभिवृद्धि गरिनेछ। (रणनीति ६)

२०. उत्पादनमूलक उद्योगको कच्चा पदार्थको उपलब्धतामा सहजीकरण, वित्तीय पहुँचमा सहजता, बजारीकरणका लागि सहयोग र औद्योगिक पूर्वाधार विकासमा लगानी गरिनेछ। (रणनीति ७)

२१. उद्यमीहरूको मनोबल तथा आत्मविश्वास अभिवृद्धि गर्न नीतिगत तथा संस्थागत सहजीकरण गरिनेछ। (रणनीति ७)

२२. खरिद प्रणाली, निर्माण व्यावसायीसँगको करार सम्झौता, आयोजना स्थलको वन तथा जग्गा प्राप्ति, सुरक्षा प्रणाली, समन्वय लगायतका आयोजना व्यवस्थापनका पक्षमा नीतिगत सुधार तथा प्रक्रियागत सरलीकरण गरिनेछ। (रणनीति ८)

२३. सूचना प्रणालीको उपयोग गरी आयोजना निर्माण तथा सञ्चालनको अनुगमनलाई नतिजामूलक बनाइनेछ। (रणनीति ८)

२४. सरकारका तीन वटै तहमा आयोजना बैंकलाई संस्थागत गरी आयोजना व्यवस्थापनलाई पद्धतिबद्ध बनाइनेछ। (रणनीति ८)

२५. सार्वजनिक ऋणलाई समष्टिगत स्थायित्व तथा दिगोपना हुनेगरी राष्ट्रिय प्राथमिकताका आयोजनामा परिचालन गरिनेछ। (रणनीति ८)

२६. अन्तरसरकारी वित्त हस्तान्तरणलाई समतामूलक, आवश्यकता एवम् कार्यसम्पादनमा आधारित र अनुमानयोग्य बनाइनेछ। (रणनीति ८)

२७. निर्यात सम्भावना भएका भनी पहिचान गरेका वस्तु र सेवाको उत्पादन गरी निर्यात प्रवर्द्धन गरिनेछ। (रणनीति ९)

२८. उच्च परिमाणमा आयात भइरहेका आन्तरिक उत्पादनको सम्भावना भएका वस्तुको पहिचान, उत्पादन तथा संरक्षण गरिनेछ। (रणनीति ९)

२९. सूचना प्रविधि, जलविद्युत, पर्यटन जस्ता सेवा क्षेत्रलाई विदेशी मुद्रा आर्जनको प्रमुख माध्यमको रूपमा विकास गरिनेछ। (रणनीति ९)

३०. विप्रेषणलाई औपचारिक माध्यमबाट आप्रवाह गराउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन तथा अवैध र अनौपचारिक कारोबार नियन्त्रण गरिनेछ। (रणनीति ९)

३१. विदेशी मुद्रा आर्जन गर्ने क्षेत्रको विकास तथा विस्तार, विप्रेषण आप्रवाह नियमन र अवैध कारोबार नियन्त्रण गरी शोधनान्तर व्यवस्थापन गरिनेछ। (रणनीति ९)

३२. दिगो रूपमा चालु खाता र समग्र शोधनान्तर स्थितिमा अनुकुलता कायम गर्न प्रत्यक्ष वैदेशिक लगानी लगायतका गैर-ऋण प्राप्तिको आप्रवाहमा बढोत्तरी ल्याइनेछ। (रणनीति ९)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | आर्थिक पुनरुत्थान कार्यक्रम | | | | | | | | | | |
| | | सहुलियतपूर्ण कर्जाहरूको लागि ब्याज अनुदान प्रदान गर्ने | १ | १ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक | X | X | X | X | X |
| | | विभिन्न उत्पादनमूलक पूर्वाधार निर्माणको लागि ब्याज अनुदान दिने | १ | १ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक | X | X | X | X | X |
| २. | कृषि क्षेत्र सुरक्षण कार्यक्रम | | | | | | | | | | |
| | | पशुधन र बाली बीमा गरी पशुधन तथा बाली सुरक्षण गर्ने | ३ | १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | लघु तथा विपन्न वर्ग कर्जा तथा कृषि कर्जा प्रदान गर्ने | ३ | १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | पशुपालन (मासुजन्य र दुग्धजन्य) कर्जा प्रवाह गर्ने | ३ | १ | अर्थ मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |
| ३. | आयोजना व्यवस्थापन कार्यक्रम | | | | | | | | | | |
| | | एकीकृत आयोजना बैंक स्थापना र सञ्चालन गर्ने | ८ | १ | राष्ट्रिय योजना आयोग | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | कार्यसम्पादनमा आधारित प्रोत्साहन र उत्प्रेरणा | ८ | १ | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग | | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | प्रणाली लागु गर्ने | | | | | | | | | |
| ४. | एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम | | | | | | | | | | |
| | | सार्वजनिक वित्त व्यवस्थापन सुधार गर्ने | ८ | १ | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |
| | | बजेट, मध्यमकालीन खर्च संरचना र खर्च प्रणालीमा सुधार गर्ने | २ | १ | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |
| ५. | वित्तीय साधनको उत्पादनशील उपयोगमा आधारित कार्यक्रम | | | | | | | | | | |
| | | उत्पादनशील क्षेत्रमा वित्तीय साधन स्रोत प्रवाहित गर्न प्रोत्साहन गर्ने | ५ | १ | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>राष्ट्रिय योजना आयोग | | X | X | X | X |
| | | सबै स्थानीय तहमा वित्तीय सेवा विस्तार र वित्तीय पहुँच अभिवृद्धि गर्ने | ५ | १ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक | X | X | X | X | X |
| ६. | पूर्वाधार विकास तथा लगानी अभिवृद्धि | | | | | | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | कार्यक्रम | | | | | | | | | | |
| | | उत्पादनमूलक क्षेत्रका लागि आवश्यक पूर्वाधार निर्माण र अन्तरआवद्धता विकास गर्ने | ४ | १ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय | | | X | X | X |
| | | तहगत समन्वयमा लगानीका क्षेत्र पहिचान गरी प्राथमिकीकरण र उद्योग प्रवर्द्धन गर्ने | ४ | १ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | ठूला उद्योगको वैश्विक मूल्य श्रृङ्खलामा आबद्धता अभिवृद्धि गर्ने | ४ | १ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय | | | | | |
| ७. | विप्रेषण आप्रवाह व्यवस्थापन कार्यक्रम | | | | | | | | | | |
| | | जलविद्युत, कृषि, उद्योग, पर्यटन लगायतका उत्पादनशील क्षेत्रमा विप्रेषणको रकम लगानी गर्न प्रोत्साहन गर्ने | ९ | १ | अर्थ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | विप्रेषणलाई औपचारिक माध्यमबाट भित्राउन प्रोत्साहन गर्ने | ९ | १ | अर्थ मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | | | | | |
| | | अनौपचारिक तथा गैरकानूनी माध्यमबाट हुने कारोबार नियन्त्रण गर्न निगरानी प्रणाली सुदृढीकरण गर्ने | ९ | १ | अर्थ मन्त्रालय | गृह मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०२१/२२ | २०२२/२३ | २०२३/२४ | २०२४/२५ | २०२५/२६ |
| ८. | विनिमय प्रणाली सुदृढीकरण कार्यक्रम | | | | | | | | | | |
| | | आवश्यकता र उपयुक्तताको आधारमा नेपाली मुद्राको विनिमय दर प्रणालीको पुनरावलोकन गर्ने | ९ | १ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक | | X | X | | |
| | | विनिमय जोखिम व्यवस्थापन गर्न हेजिङको संस्थागत व्यवस्था गर्ने | ९ | १ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक | | X | | | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.४ | ४.० | ६.६ | ७.६ | ७.९ | ७.३ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| | प्राथमिक क्षेत्र | प्रतिशत | ३.० | ३.३ | ४.० | ४.० | ३.९ | ४.३ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| | द्वितीय क्षेत्र | प्रतिशत | १.२ | ४.७ | १०.८ | ११.७ | ११.५ | १२.४ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| | सेवा क्षेत्र | प्रतिशत | ४.५ | ४.२ | ६.७ | ८.० | ८.५ | ७.२ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| २ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४६७ | १५१७ | १५८६ | १७७६ | १९९४ | २३५१ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| | **असर** | | | | | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अन्तिम उपभोग खर्च | प्रतिशत | ९३.८ | ९३.५ | ८९.२ | ८८.० | ८७.० | ८६.० | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| २ | कुल गार्हस्थ्य बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ६.२ | ६.६ | १०.८ | १२.० | १३.१ | १४.० | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| ३ | कुल राष्ट्रिय बचत (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ३५.४ | ३६.२ | ३९.१ | ४०.९ | ४२.७ | ४३.८ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| ४ | कुल स्थिर पुँजी लगानी (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | २४.३ | २४.१ | २७ | २८.५ | ३०.१ | ३१.० | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| ५ | उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ५.४ | ४.१ | ५.० | ५.० | ५.० | ५.० | नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय |
| ६ | निजी क्षेत्र तर्फको कर्जा वृद्धिदर | प्रतिशत | ५.८ | ८.४ | १२ | १२ | १२ | १२ | नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ७ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा व्यापार सन्तुलन (वस्तु तथा सेवा) | प्रतिशत | -२७.८ | -२५.८ | -२४.५ | -२३.५ | -२३.९ | -२२.५ | नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय |
| ८ | विदेशी विनिमय सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा) | महिना | ११ | १५.४ | ७ | ७ | ७ | ७ | नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | बैंक तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार | प्रतिशत | ६५ | ६८ | ७१ | ७४ | ७७ | ८० | नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय |
| २ | लघुवित्त तथा विपन्न वर्ग कर्जा सुरक्षण | अर्ब | २२९.३ | २६९.५ | २८३.० | २९७.१ | ३१२.० | ४९९.० | अर्थ मन्त्रालय | अर्थ मन्त्रालय |
| ३ | कृषि कर्जा सुरक्षण | अर्ब | १४.२ | १४.३ | १५.० | १५.८ | १६.६ | १७.५ | अर्थ मन्त्रालय | अर्थ मन्त्रालय |
| ४ | साना तथा मझौला उद्यम कर्जा सुरक्षण | अर्ब | १४.३ | २०.० | २१.० | २२.१ | २३.२ | २५.० | अर्थ मन्त्रालय | अर्थ मन्त्रालय |
| ५ | ब्याजमा अनुदान प्राप्त सहुलियतपूर्ण कर्जा सुरक्षण | अर्ब | ३८.७ | २७.३ | २८.७ | ३०.१ | ३१.६ | ३५.० | अर्थ मन्त्रालय | अर्थ मन्त्रालय |
| ६ | लघुबीमा सहयोग कार्यक्रम | संख्या (लाख) | ९९० | १०५० | २२०० | २६०० | ३००० | ३२०० | अर्थ मन्त्रालय | अर्थ मन्त्रालय |
| ७ | दुध तथा मासुजन्य पशुपालन, तरकारी खेती र साना तथा मझौला कृषि उद्यम कर्जा | अर्ब | ७.० | ५.४ | ३.२५ | ३.६० | ०.४ | ०.४ | अर्थ मन्त्रालय | अर्थ मन्त्रालय |

## ७. अनुमान तथा जोखिम

योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न सम्बन्धित निकाय बीच प्रभावकारी समन्वयमा कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ। राजस्व र वैदेशिक सहायता परिचालनमा अपेक्षित सुधार हुनेछ। सार्वजनिक वित्त तथा खर्च परिचालन तथा तहगत समन्वय सुधार हुनेछ। कार्यक्रम कार्यान्वयनमा सम्बन्धित निकाय बीच प्रभावकारी समन्वय, राजस्व परिचालनमा अभिवृद्धि, लघु बिमा कार्यक्रममा नागरिक, कृषक तथा उद्यमीको सहभागिता र सार्वजनिक संस्थानको सुधार हुनेछ। उक्त कार्यहरू नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## २.२ अनौपचारिक अर्थतन्त्र

### १. पृष्ठभूमि

मुलुकको अर्थतन्त्रमा अनौपचारिक क्षेत्रको हिस्सा उल्लेख्य रहेकाले स्रोत परिचालन तथा नीतिगत व्यवस्थाको परिपालनामा देखिएको समस्या सम्बोधन गर्ने गरी सोह्रौं योजना कार्यान्वयन गर्नुपर्नेछ । अर्थतन्त्रमा छद्म रूपमा सञ्चालित गैरकानूनी उत्पादन तथा कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैरकानूनी सम्पत्तिको शुद्धीकरण, वित्तीय अपराध जस्ता क्रियाकलाप समेत अर्थतन्त्रले व्यहोरिरहेको छ । सोह्रौं योजनाको विभिन्न विषय क्षेत्र अन्तर्गत अनौपचारिक तथा अलेखाङ्कित अर्थतन्त्र सम्बन्धी रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ । यस क्षेत्र अन्तर्गत अनौपचारिक आर्थिक प्रतिष्ठानहरूको दर्ता तथा लेखापालन दर बढाउनु, वैधानिक तर अनौपचारिक कारोबार गरिरहेका उद्यम-व्यवसायलाई प्रोत्साहनमूलक कार्यक्रम मार्फत औपचारिकीकरण गर्नु, छद्म तथा गैरकानूनी उत्पादन र कारोबारलाई नियन्त्रण र दण्डित गर्नु, अलेखाङ्कित घरायसी उत्पादन तथा सेवालाई लेखाङ्कन गर्ने पद्धति विकास गर्नु, अनौपचारिक वित्तीय कारोबार नियन्त्रण गर्नु, विप्रेषण आयको उल्लेख्य हिस्सा अनौपचारिक माध्यमबाट भित्र्याउनु, गैरकानूनी कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैरकानूनी सम्पत्तिको शुद्धीकरण, वित्तीय अपराध जस्ता क्रियाकलाप नियन्त्रण गर्ने कानूनी र संस्थागत व्यवस्थालाई थप मजबुत बनाउनु, अनौपचारिक रोजगारी र स्याहारसम्बन्धी काम तथा अर्थतन्त्रलाई व्यवस्थित गर्नु र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षामा आवद्ध गर्नु प्रमुख सवालको रूपमा रहेका छन् ।

राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसार कुल आर्थिक प्रतिष्ठान मध्ये ४९.५ प्रतिशत प्रतिष्ठान कुनै पनि आधिकारिक निकायमा दर्ता नभई सञ्चालनमा रहेका छन् भने औपचारिक प्रतिष्ठानभित्रका ५२ प्रतिशतले मात्र कारोबारको लेखा राख्ने गरेका छन् । कतिपय आर्थिक कारोबार करदाताको पारदर्शिताको अभावमा करको दायरामा समेटिन सकेका छैनन् । तेस्रो नेपाल श्रमशक्ति सर्वेक्षण २०७४/७५ अनुसार १५ वर्षमाथिको श्रमशक्तिको कुल १५.४ प्रतिशतले मात्र औपचारिक रोजगारी प्राप्त गरेका छन् । कुल रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा केवल ३७.८ प्रतिशत रहेको छ । अनौपचारिक अर्थतन्त्रको औपचारिकीकरण, अनौपचारिक रोजगारी र स्याहारसम्बन्धी काम तथा अर्थतन्त्रलाई व्यवस्थित गर्ने प्रयासको थालनी गरिएको भए तापनि अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छैन । यस परिप्रेक्ष्यमा नीतिगत सुधारबाट अनौपचारिक तथा गैरकानूनी कारोबार, अवैध ओसारपसार तथा व्यापार विचलन र गैरकानूनी सम्पत्ति शुद्धीकरण नियन्त्रण गर्ने सम्बन्धमा यस क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रमको पहिचान तथा विश्लेषण गरी यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. अनौपचारिक अर्थतन्त्रका क्षेत्रहरूको आकार र प्रकृतिको पहिचान गरी छद्म तथा गैरकानूनी उत्पादन तथा कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैरकानूनी सम्पत्तिको शुद्धीकरण, वित्तीय अपराध जस्ता क्रियाकलापहरू नियन्त्रण गर्ने ।

२. मर्यादित कामको प्रवर्द्धन, व्यवसायहरूको दर्ता, श्रमिकको पञ्जीकरण र सीपयुक्त तालीमको प्रमाणीकरण मार्फत अनौपचारिक श्रमलाई क्रमश: औपचारिकरण गर्ने ।

### ३. रूपान्तरणकारी रणनीति

१. अनौपचारिक अर्थतन्त्रका क्षेत्रहरूको आकार र प्रकृतिको पहिचान गर्ने । (२.४.१४)

२. अनौपचारिक आर्थिक प्रतिष्ठानहरूको दर्ता र लेखापालन दर बढाउन दर्ता तथा नवीकरण प्रणाली सरलीकरण गर्ने र लेखापालनलाई कर प्रणाली, अनुदान, सहुलियत लगायतका प्रोत्साहनमूलक कार्यक्रमसँग आवद्ध गर्ने । (२.४.१४)

३. साहुकार, मिटर ब्याज, ढुकुटी लगायतका अनौपचारिक वित्तीय कारोबार नियन्त्रण गर्न वित्तीय पहुँच बढाउने किसिमका कार्यक्रम सञ्चालन गर्ने र यस्ता अनौपचारिक कारोबारलाई कानूनी दायरामा ल्याई दण्डात्मक बनाउने । (२.४.१४)

४. आर्थिक तथा वित्तीय कारोबारलाई बैङ्किङ प्रणाली अन्तर्गत ल्याउने र अधिकांश बैङ्किङ कारोबारलाई विद्युतीय माध्यमबाट सञ्चालन गर्ने । (२.४.१४)

५. महिलाहरूले घरायसी सेवामा व्यतित गरेको समय र परिश्रमलाई लेखाङ्कन तथा मूल्याङ्कन गर्ने पद्धति स्थापित गर्ने। (२.४.१४)

६. अलेखाङ्कित आर्थिक क्रियाकलाप अन्तर्गत छद्म तथा गैरकानूनी उत्पादन तथा कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैरकानूनी रूपमा आर्जित सम्पत्तिको शुद्धीकरण, वित्तीय अपराध जस्ता क्रियाकलापहरू नियन्त्रण गर्न सूचना संयन्त्र र समन्वयलाई प्रभावकारी तुल्याउने। (२.४.१४)

७. विश्व समुदायबाट नेपाललाई सम्पत्ति शुद्धीकरणको जोखिम नरहेको देशको रूपमा मूल्याङ्कन हुने स्थिति बनाइ राख्ने। (२.४.१४)

८. विप्रेषणलाई औपचारिक माध्यमबाट आप्रवाह गराउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने तथा अनौपचारिक कारोबार नियन्त्रण गर्ने। (२.४.१३)

९. व्यवसायहरूको दर्ता, श्रमिकको पञ्जीकरण, सीपयुक्त तालीमको प्रमाणीकरण मार्फत अनौपचारिक श्रमलाई क्रमशः औपचारीकरण गर्ने। (४.४.५)

१०. अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको पूर्व सिकाइको मान्यता विधिलाई प्रभावकारी बनाउने। (५.४.१९)

## ४. कार्यनीति

१. अनौपचारिक अर्थतन्त्रका नविनतम आयाम र प्रकृतिको विश्लेषण गरी अनौपचारिक अर्थतन्त्रका क्षेत्रहरू पहिचान र म्यापिङ गरिनेछ। (रणनीति १)

२. सबै प्रकारका आर्थिक तथा व्यावसायिक कारोबारमा संलग्न व्यक्ति तथा फर्मलाई स्थायी लेखा नम्बर प्रदान गरी करको दायरामा ल्याइनेछ। (रणनीति २)

३. विद्युतीय प्रणालीको प्रवर्द्धनद्धारा व्यवसाय दर्ता, नवीकरण, लेखापालन र खारेजी लगायतका प्रक्रियालाई सरलीकृत गरिनेछ। (रणनीति २)

४. अनौपचारिक कारोबार गरिरहेका उद्यम-व्यवसायलाई प्रोत्साहनमूलक कार्यक्रम मार्फत औपचारिकीकरण गरिनेछ। (रणनीति २)

५. वित्तीय पहुँच तथा सचेतना कार्यक्रम लगायतका माध्यमबाट साहुकार, मिटर ब्याज, ढुकुटी लगायतका अनौपचारिक वित्तीय कारोबार नियन्त्रण गरिनेछ। (रणनीति ३)

६. डिजिटल वित्तीय सेवाको विस्तार र पहुँच ग्रामीण क्षेत्रसम्म विस्तार तथा प्राविधिक तथा वित्तीय साक्षरता मार्फत विद्युतीय भूक्तानी र अनलाइन बैंकिङ्कजस्ता उपकरणको प्रवर्द्धन गरिनेछ। (रणनीति ४)

७. भुक्तानी प्रणालीमा आधुनिक उपकरणहरूको उपयोगलाई प्रवर्द्धन गर्दै वित्तीय कारोबारलाई विद्युतीय प्रणालीमा रूपान्तरण गरिनेछ। (रणनीति ४)

८. अलेखाङ्कित घरायसी उत्पादन तथा सेवालाई लेखाङ्कन गर्ने पद्धति विकास गरी कुल गार्हस्थ्य उत्पादनमा गणना गरिनेछ। (रणनीति ५)

९. सीमा सुरक्षा, भन्सार, प्रहरी र राजस्व अनुसन्धान विभागबीच एकीकृत सूचना साझेदारी प्रणाली विकास गरी शंकास्पद र छद्म कारोबार नियन्त्रण गरिनेछ। (रणनीति ६)

१०. गैरकानूनी कारोबार, सीमा क्षेत्रमा हुने अवैध ओसारपसार, व्यापार विचलन र गैरकानूनी सम्पत्तिको शुद्धीकरण, वित्तीय अपराध जस्ता क्रियाकलापहरू नियन्त्रण गर्न कानूनी र संस्थागत व्यवस्थालाई थप मजबुत बनाइनेछ। (रणनीति ६/७)

११. नगदरहित कारोबारलाई प्रोत्साहन गर्दै सम्पत्ति शुद्धीकरण, वित्तीय अपराध र अनौपचारिक वित्तीय कारोबारलाई न्यूनीकरण गरिनेछ। (रणनीति ६/७)

१२. विप्रेषणलाई औपचारिक बैंकिङ प्रणाली मार्फत भित्र्याई अनौपचारिक विप्रेषण आप्रवाह कम गरिनेछ। (रणनीति ८)

१३. विप्रेषण आप्रवाह लागत कम गर्न विप्रेषण आयको बचतमा प्रिमियम ब्याजदर उपलब्ध गराउन बैंक तथा वित्तीय संस्थालाई प्रोत्साहित गरिनेछ। (रणनीति ८)

१४. अनौपचारिक रूपमा भारत लगायतका देशमा वैदेशिक रोजगारीका लागि जाने नेपाली श्रमिकको सुरक्षा तथा एकीकृत तथ्याङ्क व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ९/१०)

१५. अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ९)

५. कार्यान्वयन योजना

| क्र.स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | अनौपचारिक तथा अलेखाङ्कित आर्थिक क्रियाकलापको औपचारिकीकरण कार्यक्रम | संस्थागत दर्ता प्रणालीको एकीकरण तथा दर्ता एवम् लेखाङ्कन प्रणालीको सहजीकरण गर्ने | २/४ | ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | अर्थ मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | X | X | X | X | X |
| | | विद्युतीय कारोबार प्रवर्द्धन तथा विस्तार गर्ने | २/४ | ३ | अर्थ मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | सम्बन्धित मन्त्रालय/निकाय | X | X | X | X | X |
| | | सीमा क्षेत्रको नियमन र अनौपचारिक अर्थतन्त्रभित्र हुनसक्ने गैरकानूनी क्रियाकलाप नियन्त्रण गर्ने | ६ | ३ | अर्थ मन्त्रालय<br>गृह मन्त्रालय | सम्बन्धित मन्त्रालय/निकाय | X | X | X | X | X |
| | | परिवारका सदस्यले घरायसी सेवामा व्यतित गरेको समय र परिश्रमको मूल्याङ्कन तथा लेखाङ्कन पद्धति स्थापना गर्ने | ५ | ३ | राष्ट्रिय तथ्यांक कार्यालय | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय<br>सम्बन्धित मन्त्रालय/निकाय | X | X | X | X | X |
| | | कुल गार्हस्थ्य उत्पादनको गणना अद्यावधिक गर्न आधार वर्ष परिवर्तन गर्ने | १/५ | ३ | राष्ट्रिय तथ्यांक कार्यालय | प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |

| क्र.स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| २ | अनौपचारिक आर्थिक क्रियाकलापको औपचारिकीकरण कार्यक्रम | घर बहाल अनुमति, नवीकरण तथा करमा आबद्धताका लागि आवश्यक व्यवस्था गर्ने | ५ | ३ | स्थानीय तह | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | घर जग्गा कारोबार र घरजग्गाको खरिद-बिक्री मध्यस्थकर्ताको कारोबारलाई अनिवार्यरूपमा दर्ता, सूचीकृत एजेण्ट मार्फत कारोबार सिफारिश, व्यवसायीलाई करको दायरामा ल्याउने | १ | ३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अर्थ मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |
| | | अनौपचारिक अर्थतन्त्रको औपचारिकीकरण प्रवर्द्धनमा स्थानीय तहलाई संलग्न गराउने | ५ | ३ | अर्थ मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | राष्ट्रिय योजना आयोग<br>प्रदेश नीति तथा योजना आयोग | X | X | X | X | X |
| | | अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक अर्थतन्त्रको दायरामा ल्याउन अवैध व्यापार तथा कारोबारलाई माग तथा आपूर्ति दुवै तर्फबाट नियन्त्रण गर्न प्रभावकारी कदम चाल्ने | १/३/६ | ३ | अर्थ मन्त्रालय<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |

| क्र.स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | बैंकिङ माध्यमबाट हुने विप्रेषण आप्रवाहलाई प्रोत्साहन गर्ने र विप्रेषण लागत घटाउने | ४/८ | ३ | अर्थ मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | X | X | X | X | X |
| | | हुण्डी, क्रिप्टोकरेन्सी लगायतका अनौपचारिक तथा गैरकानूनी माध्यमबाट हुने कारोबार नियन्त्रण गर्न निगरानी प्रणाली तथा कानूनी उपाय अवलम्बन गर्ने | ४/८ | ३ | अर्थ मन्त्रालय | परराष्ट्र मन्त्रालय<br>गृह मन्त्रालय<br>नेपाल राष्ट्र बैंक | X | X | X | X | X |
| | | औपचारिक क्षेत्र भित्र रहेको रोजगारीलाई सामाजिक सुरक्षाको क्षेत्रमा आबद्ध गर्ने | ९ | ३ | अर्थ मन्त्रालय<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |
| | | अनौपचारिक रूपमा वैदेशिक रोजगारीका लागि जाने नेपाली श्रमिकको सुरक्षा तथा एकीकृत तथ्याङ्क व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने | ९/१० | ३ | अर्थ मन्त्रालय<br>श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | राष्ट्रिय तथ्याङ्क कार्यालय<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.स. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १. | रोजगारीमा अनौपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ५५.० | ५२.० | ५०.० | ४७.० | ४४.० | ४०.० | नेपाल श्रमशक्ति सर्वेक्षण | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| | **असर** | | | | | | | | | |
| १. | कुल आर्थिक प्रतिष्ठान मध्ये आधिकारिक निकायमा दर्ता भएका प्रतिष्ठान | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० | ८५ | राष्ट्रिय आर्थिक गणना | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १. | स्थायी लेखा नम्बर प्राप्त गर्ने करदाता सङ्ख्या | हजार | ५८०० | ६००० | ६५०० | ७००० | ७५०० | ८००० | वार्षिक प्रतिवेदन | अर्थ मन्त्रालय |
| २. | कुल आर्थिक प्रतिष्ठान मध्ये कारोबारको लेखा राख्ने प्रतिष्ठान | प्रतिशत | ५८ | ६३ | ७० | ७६ | ८२ | ८८ | राष्ट्रिय आर्थिक गणना | राष्ट्रिय तथ्याङ्क कार्यालय |

### ७. अनुमान तथा जोखिम

योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न सम्बन्धित निकाय बीच प्रभावकारी समन्वयमा यस क्षेत्रका रणनीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । अनौपचारिक तथा अलेखाङ्कित आर्थिक क्रियाकलापको औपचारिकीकरणले आर्थिक वृद्धि, सामाजिक सुरक्षा, रोजगारीका क्षेत्रहरूको विस्तार, सुशासन, र उत्पादन तथा उत्पादकत्वमा अपेक्षित सुधार हुनेछ । सम्बन्धित निकायहरू बीच प्रभावकारी समन्वय तथा सहकार्य हुनेछ । उक्त कार्यहरू नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## २.३ निजी क्षेत्र

### १. पृष्ठभूमि

योजनाको कार्यान्वयन तथा समग्र अर्थतन्त्रमा निजी क्षेत्रको योगदान अभिवृद्धि गर्न उत्पादन तथा उत्पादकत्व वृद्धि, उपभोग, बचत तथा पुँजी निर्माण, उद्योग क्षेत्रको प्रवर्द्धन, निजी क्षेत्रको सबलीकरण लगायतका पक्षलाई सम्बोधन गर्नुपर्ने देखिएको छ। योजनाको विभिन्न विषय अन्तर्गत निजी क्षेत्र सम्बद्ध रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ। यस अन्तर्गत अर्थतन्त्रको बढ्दो उत्पादन लागत र कमजोर प्रतिस्पर्धी क्षमताको अवस्थालाई सम्बोधन गर्नु, औद्योगिक कच्चा पदार्थको सहज आपूर्तिका लागि कृषिमा आधारित उद्योगको स्थापनामा जोड दिनु, उद्योग स्थापनामा निजी क्षेत्रको लगानी आर्कषण गरी उत्पादनको बजार सुनिश्चिता गर्नु, स्थानीय उत्पादनलाई प्रश्रय दिई आयातित वस्तु माथिको निर्भरता घटाउनु र उत्पादन तथा बजारबीच मध्यस्थकर्ताको कारणले वास्तविक उत्पादकले लाभ प्राप्त गर्न अवरोध सिर्जना हुने प्रणालीको अन्त्य गर्नु प्रमुख सवालको रूपमा रहेका छन्। साथै, वन, पर्यटन तथा ऊर्जालाई उत्पादन र उत्पादकत्व वृद्धि गर्ने किसिमले उद्योग तथा निर्यात व्यापारसँग आवद्ध गर्नु, श्रमको न्यून उत्पादकत्व तथा श्रमशक्तिको पलायनलाई दृष्टिगत गरी शिक्षा र सीप विकासलाई उत्पादनसँग आवद्ध गर्नु, निजी क्षेत्र तथा घरपरिवारको बचत परिचालन गरी स्वदेशी लगानी अभिवृद्धि गर्नु र वैदेशिक लगानीको वातावरण तयार गरी पुँजी निर्माणमा सहजीकरण गर्नु, निजी क्षेत्रसम्बन्धी नीतिमा स्थिरता कायम गर्नु, सार्वजनिक-निजी साझेदारी तथा तहगत सरकारकाबीच सहलगानीको स्पष्ट र सहकार्यात्मक मोडल विकास गर्नु लगायतका सवाल समेत रहेका छन्। यस परिप्रेक्ष्यमा आर्थिक वृद्धि तथा समता र रोजगारी अभिवृद्धि गर्दै मुलुकको आत्मनिर्भरता र आर्थिक स्थायित्व स्थापित गर्न निजी क्षेत्रको योगदान सुदृढ बनाउने गरी यस क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक रहेको छ। तसर्थ, यस क्षेत्रका रूपान्तरणकारी रणनीति तथा कार्यक्रमले लगानी, उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि, रोजगारी सिर्जना तथा आय वृद्धि, स्थानीय अर्थतन्त्रको विकास लगायतका क्षेत्रमा सिर्जना गर्न सक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. उत्पादनमूलक क्षेत्रमा निजी क्षेत्रको लगानी विस्तार गरी रोजगारी सिर्जना र उत्पादन तथा मूल्य अभिवृद्धि तथा आपूर्ति श्रृङ्खला एवम् आय अभिवृद्धि गर्नु।

२. मुलुकको आर्थिक वृद्धि तथा समृद्धिको प्रमुख संवाहकका रूपमा निजी क्षेत्रलाई स्थापित गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. नियमनकारी तथा प्रोत्साहनमूलक व्यवस्था सहित बचत अभिवृद्धि तथा पुँजी निर्माणको वातावरण गर्ने। (२.४.३)

२. निजी क्षेत्रमा प्रवाह हुने कर्जाको निश्चित प्रतिशत उत्पादनकमूलक उद्योगमा प्रदान गर्ने अनिवार्य व्यवस्थालाई थप प्रभावकारी बनाई उत्पादन र रोजगारी सिर्जना लक्षित मौद्रिक तथा वित्तीय स्रोत परिचालन गर्ने। (२.४.५)

३. नीतिगत, कानूनी र संरचनागत सुधार तथा प्रतिस्पर्धी क्षमता विकास मार्फत निजी क्षेत्रको सुदृढीकरण गर्ने। (२.४.१६)

४. निजी क्षेत्रसमेतको संलग्नतामा विद्युत, सूचना प्रविधि लगायतका क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आन्तरिक उपयोग र निर्यात वृद्धि गर्ने। (३.४.४)

५. निजी क्षेत्रसँगको सहकार्यमा सीप विकास तथा आन्तरिक रोजगारीका पर्याप्त अवसर सिर्जना गर्ने। (४.४.१, ४.४.३, ४.४.८)

६. निजी क्षेत्रको सहकार्यमा लगानी विस्तार गरी गुणस्तरीय तथा सीपमूलक शिक्षा र गुणस्तरीय स्वास्थ्यको सुनिश्चितता गर्ने। (५.४.१९, ५.४.२०, १०.४.३)

७. हरित उत्थानशील र समावेशी विकासको लागि जलवायु वित्त परिचालनमा निजी क्षेत्रको भूमिका र सहकार्य अभिवृद्धि गर्ने। (१३.४.७)

## ४. कार्यनीति

१. निजी क्षेत्रको लगानी आकर्षित गर्न नीतिगत, कानूनी र संरचनागत सुधार गरी सरकारी क्षेत्रले सहयोगी र उत्प्रेरकको भूमिका निर्वाह गर्ने व्यवस्था गरिनेछ। (रणनीति १)

२. घरपरिवार, सरकारी तथा निजी क्षेत्रको अनावश्यक उपभोग निरुत्साहन तथा बचत अभिवृद्धि गर्न नियमनकारी तथा प्रोत्साहनमूलक व्यवस्था गरिनेछ। (रणनीति १)

३. बचत अभिवृद्धि तथा उत्पादनमूलक क्षेत्रमा यसको परिचालनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति १)

४. प्रविधि र नवप्रवर्तनको सन्दर्भमा गरिएको खोज र अनुसन्धानका लागि उपयुक्त सहुलियत प्रदान गरिनेछ। (रणनीति १)

५. प्रतिस्पर्धी क्षमता बढाउन लागत न्यून हुने किसिमका प्रविधि, पूर्वाधार र वित्तीय स्रोत उपलब्ध गराउन सहजीकरण गरिनेछ। (रणनीति २)

६. बजारमा स्वच्छ प्रतिस्पर्धा र व्यावसायिक आचरण अभिवृद्धि गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति २)

७. निजी क्षेत्रको लगानी आकर्षित गर्न सार्वजनिक-निजी साझेदारी र वैदेशिक लगानीकर्तासँगको साझेदारीलाई प्रोत्साहन गरिनेछ। (रणनीति २)

८. निजी क्षेत्रले सामाजिक उत्तरदायित्व बहन गर्ने संस्कृतिलाई थप मजबुत बनाइनेछ। (रणनीति २)

९. निजी क्षेत्रका क्रियाकलापको नियमित अनुगमन गर्ने संयन्त्र स्थापना गरिनेछ। (रणनीति २)

१०. सार्वजनिक तथा निजी क्षेत्रमा प्रविधि परीक्षण, प्रत्यायन, गुणस्तर व्यवस्थापन प्रणाली, नव-प्रवर्तन व्यवस्थापन प्रणाली लगायतका व्यवस्थापनका विभिन्न विधिको अवलम्बन तथा उदीयमान प्रविधिको प्रयोग गरी गुणस्तर सुधार तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरिनेछ। (रणनीति ३)

११. ऊर्जा व्यापारमा निजी क्षेत्रलाई सहभागी गराउन कानूनी प्रबन्ध गरिनेछ। (रणनीति ४)

१२. सूचना प्रविधि, पर्यटन, यातायात, वित्तीय सेवा लगायतका सेवा क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि गर्न सहजीकरण गरिनेछ। (रणनीति ४)

१३. उत्पादनमूलक क्रियाकलापको विस्तार मार्फत रोजगारी सिर्जना गर्न निजी क्षेत्रसँग आवश्यक नीतिगत तथा कार्यात्मक समन्वय गरिनेछ। (रणनीति ५)

१४. ग्रामीण उद्यमशीलता र स्वरोजगारी प्रवर्द्धनको लागि निजी क्षेत्रको परिचालन गरिनेछ। (रणनीति ५)

१५. निजी क्षेत्रको समन्वयमा कार्यस्थलमा आधारित सीपमूलक तालिम प्रदान गरिनेछ। (रणनीति ५)

१६. शिक्षा तथा स्वास्थ्यको गुणस्तर र पहुँच बढाई स्वस्थ, शिक्षित तथा सीपयुक्त नागरिक निर्माणमा सरकार, निजी क्षेत्र, सहकारी तथा विकास साझेदारहरूसँग समन्वयात्मक कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ६)

१७. सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार सिर्जना अभियान सञ्चालन गरिनेछ। (रणनीति ६)

१८. उच्च शिक्षामा लागत साझेदारीको नीति अवलम्बन गर्दै शिक्षामा निजी क्षेत्र र विकास साझेदार तथा गैर आवासीय नेपालीको स्रोत समेत परिचालन गरिनेछ। (रणनीति ६)

१९. जलवायु वित्त परिचालन गर्न तीन तहका सरकार, निजी क्षेत्र तथा विकास साझेदारबीच सहकार्यको क्षेत्र, भूमिका र लगानीका आधार तय गरिनेछ। (रणनीति ७)

२०. हरित, उत्थानशील र समावेशी विकासमा निजी क्षेत्रको योगदान अभिवृद्धि गरिनेछ। (रणनीति ७)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | औद्योगिक प्रवर्द्धन तथा पूर्वाधार विकासमा लगानी कार्यक्रम | औद्योगिक प्रतिष्ठान र निजी क्षेत्रको लगानीको सुरक्षाको प्रत्याभूति | १ | ३ | अर्थ मन्त्रालय<br>लगानी बोर्डको कार्यालय | गृह मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>निजी क्षेत्र<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |
| | | निजी क्षेत्रलाई उद्योग क्षेत्रमा लगानी वृद्धि गर्न प्रोत्साहित गर्ने | १ | ३ | अर्थ मन्त्रालय<br>लगानी बोर्डको कार्यालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निजी क्षेत्र, प्रदेश सरकार तथा स्थानीय तह | X | X | X | X | X |
| | | सार्वजनिक-निजी-साझेदारी लगानी तथा सहकार्य अभिवृद्धि र असल औद्योगिक श्रम सम्बन्ध विकास गर्ने | १ | ३ | लगानी बोर्डको कार्यालय<br>सम्बन्धित विषयगत मन्त्रालय | निजी क्षेत्र, प्रदेश सरकार तथा स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| २. | निजी तथा गैरसरकारी क्षेत्र सुदृढीकरण कार्यक्रम | निजी क्षेत्रको लगानी प्रवर्द्धन र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने | २ | ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | विषयगत मन्त्रालय/निकाय<br>निजी क्षेत्र | X | X | X | X | X |
| | | स्वच्छ, प्रतिस्पर्धा र व्यावसायिक नैतिकतासम्बन्धी आचारसंहिता कार्यान्वयन गर्ने | ३ | ३ | नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह | निजी क्षेत्र | X | X | X | X | X |
| | | विभिन्न वस्तुहरूको नेपाली ब्राण्डलाई स्थापित गर्न र स्वदेशी वस्तुको उपयोग वृद्धि गर्न सार्वजनिक तथा निजी क्षेत्रलाई प्रोत्साहित गर्ने | २ | ३ | निजी क्षेत्र | विषयगत मन्त्रालय/निकाय<br>प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |
| | | सार्वजनिक-निजी साझेदारी प्रवर्द्धन र व्यावसायिक सामाजिक उत्तरदायित्व कार्यान्वयन गर्ने | ३ | ३ | विषयगत मन्त्रालय/निकाय<br>प्रदेश सरकार<br>स्थानीय तह | निजी क्षेत्र | X | X | X | X | X |
| | | निजी क्षेत्र नियमन तथा अनुगमन गर्ने | ३ | ३ | विषयगत मन्त्रालय/निकाय<br>प्रदेश सरकार<br>स्थानीय तह | निजी क्षेत्र | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सूचना प्रविधि, पर्यटन, यातायात लगायतका सेवा क्षेत्रमा निजी क्षेत्रको लगानी वृद्धि गर्न कानूनी सुधार, प्रक्रियागत सरलीकरण तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने | ४ | ३ | नेपाल सरकार<br>प्रदेश सरकार<br>स्थानीय तह | निजी क्षेत्र | X | X | X | X | X |
| ३. | कृषि क्षेत्रप्रति आकर्षण अभिवृद्धि कार्यक्रम | बजारमा कृषि उपजको मूल्य स्थिरीकरण गर्ने कार्यमा समेत सघाउ पुऱ्याउन कृषि उपजको खरिद, भण्डारण, गुणस्तर अनुगमन, ब्राण्डिङ तथा निर्यातका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने | २ | ३ | कृषि तथा पशुपंन्छी विकास मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>निजी क्षेत्र | X | X | X | X | X |
| ४. | समुदाय तथा निजी क्षेत्रको सहभागितामा आधारित कार्यक्रम | उपयुक्त स्थानहरू छनौट गरी स्थानीय समुदाय र निजी क्षेत्रको सहभागितामा ठूलो स्केलका जडिबुटी खेती फार्महरू स्थापना गर्ने | २ | ३ | निजी क्षेत्र | विषगगत मन्त्रालय/निकाय<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |
| | | निजी क्षेत्रसँगको सहकार्यमा बीउ-बिजनको विकास तथा उत्पादन गर्ने | २ | ३ | निजी क्षेत्र | नेपाल सरकार, प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ५. | जलविद्युत विकास तथा विस्तार कार्यक्रम | निजी क्षेत्रलाई विद्युत व्यापारमा संलग्न गराउन कानूनी व्यवस्था गर्ने | ४ | ३ | नेपाल सरकार | निजी क्षेत्र | X | X | | | |
| ६. | जलस्रोतको बहुआयामिक उपयोग कार्यक्रम | जलस्रोतको संरक्षण तथा विकासमा निजी क्षेत्र तथा सरोकारवालाको सहभागिता वृद्धि गर्ने | ४ | ३ | नेपाल सरकार | निजी क्षेत्र | X | X | X | X | X |
| ७. | उत्पादन र रोजगार केन्द्रित कार्यक्रम | स्थानीय स्तरका लघु, साना र मझौला उद्योग विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति तर्जुमा गर्ने | २, ५ | ३ | नेपाल सरकार | निजी क्षेत्र | X | X | X | X | X |
| | | निजी क्षेत्रका उद्योग-व्यवसाय, कृषि तथा पशुपन्छी फार्म आदिमा समेत इन्टर्न खटाउन सकिने व्यवस्था गर्ने | ५ | ३ | निजी क्षेत्र | नेपाल सरकार, प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |
| | | विभिन्न निजी क्षेत्रका उद्योग समेतको सक्रियतामा मुलुकलाई औषधि र खोपमा आत्मनिर्भर बन्ने गरी उत्पादन कार्यलाई प्रोत्साहन गर्ने | २ | ३ | निजी क्षेत्र | नेपाल सरकार, प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा विकसित नवीन्तम् प्रविधिहरूको खोज, अनुसन्धान, विकास र नवप्रवर्तन गर्न प्रविधि अन्वेषणमा हबको रूपमा शिक्षण संस्था तथा अनुसन्धानमूलक निकायलाई विकास गर्ने | ५, ६ | ३ | विषयगत मन्त्रालय/निकाय | निजी क्षेत्र, प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |
| | | निजी क्षेत्रसँगको सहकार्यमा ठूला पूर्वाधार निर्माण तथा सेवा प्रवाह गर्ने | १ | ३ | विषयगत मन्त्रालय/निकाय निजी क्षेत्र | प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |
| | | स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न विद्यमान रोजगार तथा स्वरोजगारमूलक कार्यक्रमहरूको पुनरावलोकन गरी तहगत सरकारको सहभागिता र निजी क्षेत्रको साझेदारीमा सञ्चालन गर्ने | २, ५ | ३ | निजी क्षेत्र | नेपाल सरकार, प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |
| | | वन व्यवस्थापनबाट उद्यम र उद्यमशीलता प्रवर्द्धन गरी निजी क्षेत्रलाई वन विकासमा प्रोत्साहन गर्ने | ७ | ३ | वन तथा वातावरण मन्त्रालय | निजी क्षेत्र, प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ८. | निर्माण व्यवसायीको क्षमता र कार्यकुशलता अभिवृद्धि कार्यक्रम | निर्माणसम्बन्धी सार्वजनिक खरिद ऐनका प्रावधान अनुसार आवश्यक पर्ने कार्यविधि र खरिद सम्बन्धी कागजात सरलीकरण गर्ने | ३ | ३ | नेपाल सरकार | निजी क्षेत्र, प्रदेश सरकार स्थानीय तह | X | X | | | |
| | | निर्माण सम्बन्धी मापदण्डलाई वस्तुपरक बनाउने | ३ | ३ | नेपाल सरकार | निजी क्षेत्र, प्रदेश सरकार स्थानीय तह | X | X | | | |
| | | निर्माण व्यवसायीको क्षमता र कार्यकुशलता अभिवृद्धि गर्ने | ३ | ३ | निजी क्षेत्र | नेपाल सरकार प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |
| | | निर्माण व्यवसायीको आचारसंहिता तर्जुमा गर्ने | ३ | ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | निजी क्षेत्र | | X | X | | |
| ९. | वित्तीय एवम् प्रशासनिक सुशासन प्रवर्द्धन कार्यक्रम | निजी क्षेत्रको वित्तीय तथा प्रशासनिक सुशासनलाई प्रवर्द्धन गर्न कानूनी सुधार गर्ने | ३ | ६ | नेपाल सरकार | निजी क्षेत्र, प्रदेश सरकार स्थानीय तह | X | X | | | |
| १०. | प्रदूषण नियन्त्रणमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि कार्यक्रम | फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागी गराई लागतमैत्री र दिगो बनाउने | ७ | ५ | नेपाल सरकार | निजी क्षेत्र प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | स्वच्छ र वातावरण मैत्री औद्योगिक उत्पादन प्रोत्साहित गर्न स्वीकृत वातावरणीय अध्ययनको प्रतिवेदन कार्यान्वयनलाई प्रभावकारी बनाउने | ७ | ५ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | वन तथा वातावरण मन्त्रालय, निजी क्षेत्र प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |
| ११. | निजी क्षेत्र प्रवर्द्धन कार्यक्रम | विकास परियोजनामा निजी क्षेत्रलाई प्रोत्साहन गर्न वैकल्पिक विकास वित्त तथा सहलगानी परिचालन गर्ने | १, २ | १ | अर्थ मन्त्रालय लगानी बोर्डको कार्यालय | निजी क्षेत्र प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |
| | | नेपालको विशिष्टता झल्किने वस्तुहरूको उत्पादन, प्रशोधन, बजारीकरणका लागि निजी क्षेत्रसँग सहकार्य गर्ने | १, २ | १ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | निजी क्षेत्र प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |
| | | सूचना प्रविधिसँग सम्बन्धित सेवा क्षेत्रको कुशलता अभिवृद्धि गरी उच्च सीपयुक्त जनशक्ति उत्पादन तथा सेवा निर्यात प्रोत्साहन गर्ने | १, २ | २ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय निजी क्षेत्र | अर्थ मन्त्रालय सञ्चार तथा सूचना प्रविधि मन्त्रालय प्रदेश सरकार स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | प्राथमिकता प्राप्त क्षेत्र कर्जा र पुँजी कोषबाट गर्ने लगानीलाई निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापन हुने क्षेत्रमा सहुलियत दरमा प्रवाह गर्ने | १, २ | १ | अर्थ मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>नेपाल राष्ट्र बैंक<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |
| | | निजी क्षेत्रको लगानी जोखिम न्यूनीकरणको लागि आधारभूत तयारी सम्पन्न भएपश्चात मात्र परियोजना विकास सम्झौता गर्ने | १, २ | १ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>लगानी बोर्डको कार्यालय | अर्थ मन्त्रालय<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.स. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.४ | ४.० | ६.६ | ७.६ | ७.९ | ७.३ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| २. | कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको योगदान | प्रतिशत | ६१.६ | ६०.९ | ६३ | ६४ | ६५ | ६६ | राष्ट्रिय लेखा | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| | **असर** | | | | | | | | | |
| १. | कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान | प्रतिशत | ४.९ | ५.० | ५.१ | ५.२ | ५.३ | ५.४ | राष्ट्रिय लेखा | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा कर्जा प्रवाह वृद्धिदर | प्रतिशत | ८.५ | ८.३ | ८.९ | १२.१ | १२.८ | १२.० | ने.रा.बैंक | अर्थ मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १. | प्याटेन्ट दर्ता | संख्या | २ | २ | ३ | ४ | ५ | ६ | उद्योग विभाग | उ.वा.आ.म. |
| २. | निजी क्षेत्रबाट सञ्चालित ठूला उद्योग | वटा | ४९ | ६० | ७० | ८० | १०० | १०० | औद्योगिक गणना | उ.वा.आ.म. |

### ७. अनुमान तथा जोखिम

योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न सम्बन्धित निकाय बीच प्रभावकारी समन्वयमा यस क्षेत्रका रणनीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ । यसबाट मुलुकमा लगानी, रोजगारी, उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि हुनेछ । साथै, स्रोत साधन, सीप, पुँजी तथा प्रविधिको उत्पादनमूलक क्षेत्रमा परिचालन हुनेछ । कृषि क्षेत्रको उत्पान तथा उत्पादकत्व अभिवृद्धि, आधुनिकीकरण, व्यावसायीकरण र विविधीकरण गर्दै आन्तरिक मूल्य श्रृङ्खलामा सहयोग पुग्नेछ । मुलुकमा उद्यमशीलता, रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना भई बाध्यात्मक रूपमा रोजगारीका लागि विदेशिनुपर्ने अवस्थाको अन्त्य हुनेछ । समग्रमा मुलुकक तीव्र तथा दिगो आर्थिक वृद्धि तथा विकास र नागरिकको जीवनस्तर सुधारमा निजी क्षेत्रको अग्रणी भूमिका रहनेछ । निजी क्षेत्रको प्रवर्धन, सहजीकरण, संरक्षण, परिचालन तथा नियमनमा तहगत सरकार र सम्बन्धित निकाय बीच प्रभावकारी समन्वय तथा सहकार्य हुनेछ । उक्त कार्यहरू नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

## २.४ सहकारी क्षेत्र

### १. पृष्ठभूमि

सोह्रौं योजनाको विभिन्न विषय अन्तर्गत सहकारी क्षेत्र सम्बद्ध रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ । यस योजनाको कार्यान्वयनमा सहकारी क्षेत्रको सुदृढीकरण र सवलीकरणका लागि यसको वित्तीय अनुशासन तथा सहकारी सुशासन, पुँजी परिचालन, उत्पादन तथा उत्पादकत्व अभिवृद्धि लगायतका पक्षलाई सम्बोधन गर्नुपर्ने देखिएको छ । यस क्षेत्र अन्तर्गत सहकारी संस्थाहरूलाई सहकारीको सिद्धान्त, नीति, नियम र मापदण्डमा सञ्चालन गर्नु, सहकारीमा स्वनियमन र सुशासनको अभिवृद्धि गर्नु, सहकारीको लगानी र कर्जा प्रवाह उत्पादन तथा रोजगारी बढाउने क्षेत्रमा केन्द्रित गर्नु, सर्वसाधारण नागरिकको बचत जोखिममा पर्ने अवस्थाको अन्त्य गर्नु, सहकारी क्षेत्रका लागि दोस्रो तहको नियामक संरचना स्थापना गर्नु, ठूलो कारोबार भएका बचत तथा ऋण सहकारी संस्थाको नियमन र अनुगमनको विशेष व्यवस्था गर्नु लगायतका प्रमुख सवाल रहेका छन् । यस परिप्रेक्ष्यमा विगत लामो समयदेखि सामान्यतया न्यून रहेको आर्थिक वृद्धिमा सुधार गर्दै सोह्रौं योजना अवधिमा औषत ७.१ प्रतिशत हासिल गर्नेगरी सहकारी क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक रहेको छ । यसको लागि योजना अवधिमा हुने कुल अनुमानित लगानीको २.६ प्रतिशत अर्थात् रु. २ खर्ब ४६ अर्ब ५५ करोड लगानी (आ. व. २०८०/८१ को मूल्यमा) सहकारी तथा सामुदायिक क्षेत्रबाट हुने अनुमान गरिएको छ । तसर्थ, यस क्षेत्रका रूपान्तरणकारी रणनीति तथा कार्यक्रमहरूले समष्टिगत अर्थतन्त्र, वित्तीय क्षेत्र, स्थानीय अर्थतन्त्र, कृषि लगायतका क्षेत्रमा सिर्जना गर्न सक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. उत्पादनमूलक क्षेत्रमा सहकारीको पुँजी परिचालन गरी आर्थिक वृद्धि तथा रोजगारी सिर्जनामा योगदान अभिवृद्धि गर्नु ।

२. नियामकीय क्षमता तथा सुपरीवेक्षण प्रभावकारिता सुदृढीकरण गरी सहकारी क्षेत्रमा वित्तीय सुशासन कायम गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

३. सहकारी क्षेत्रको स्रोतसाधन र पुँजीलाई वित्तीय मध्यस्थतामा भन्दा उत्पादनशील क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने । (२.४.४)

४. बचत तथा ऋणको कारोबार गर्ने सहकारीको संस्थागत सुशासन र नियमन प्रणालीलाई प्रभावकारी बनाउने । (२.४.४)

५. सहकारीको वित्तीय कारोबारको जोखिम न्यूनीकरण गर्न कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोषको स्थापना तथा सञ्चालन गरी नागरिकको बचत रकमको सुरक्षणको प्रबन्ध मिलाउने । (२.४.४)

६. सहकारी संस्थाहरूको आन्तरिक लेखा प्रणाली एवम् तथ्याङ्क सङ्कलन र विश्लेषणलाई पारदर्शी र प्रभावकारी बनाउन सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणालीलाई प्रभावकारी बनाउने । (२.४.४)

७. नियमन, सुपरिवेक्षण तथा अनुगमनको लागि प्रभावकारी नियमनकारी निकाय स्थापना गर्ने । (२.४.४)

८. सहकारी शिक्षा प्रशिक्षण प्रदान गर्ने संस्थाको क्षमता अभिवृद्धि गरी प्रशिक्षण कार्यलाई प्रभावकारी बनाउने । (४.४.३; ५.४.१५)

### ४. कार्यनीति

१. उत्पादनमूलक सहकारी संस्थाका पदाधिकारी, सदस्य एवम् कर्मचारीलाई व्यवसायिक प्रवर्द्धन तालिम प्रदान गरी उत्प्रेरित गरिनेछ । (रणनीति १)

२. उत्पादनमूलक सहकारीलाई प्रोत्साहन कार्यक्रम (कर छुट, सहुलियत) लगायतका माध्यमबाट सहकारीको उत्पादन, ब्रान्डिङ र बजारीकरणमा सहजीकरण गरिनेछ। (रणनीति १)

३. बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई स्वनियमन र सुशासन प्रवर्द्धनका लागि सूचक विकास तथा परिमार्जन गरी लागु गरिनेछ। (रणनीति २)

४. सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) को स्तरोन्नति गरी सबै सहकारी संस्थालाई अनिवार्य आवद्धता र नियमित प्रतिवेदन गर्ने व्यवस्था लागु गरिनेछ। (रणनीति २)

५. प्रणालीगत रुपमा संस्थाको वित्तीय स्वस्थताको अवस्था मापन गरी सुधार गरिनेछ। (रणनीति २)

६. कर्जा सूचना केन्द्र, बचत तथा कर्जा सुरक्षण कोष तथा कर्जा असुली न्यायाधीकरण स्थापना तथा सञ्चालन सम्बन्धी मापदण्ड तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। (रणनीति ३)

७. सहकारी संस्थाहरूको आन्तरिक लेखा प्रणाली प्रभावकारी बनाउन मापदण्ड बनाई लागु गरिनेछ। (रणनीति ४)

८. तीनै तहका नियमक निकाय र सहकारी संघसंस्थाको सहकार्यमा तथ्याङ्क सङ्कलन, विषयगत प्रतिवेदन र विश्लेषणलाई पारदर्शी र वस्तुनिष्ठ बनाइनेछ। (रणनीति ४)

९. वित्तीय कारोबार गर्ने सहकारी संघसंस्थाको नियमन तथा सुपरिवेक्षणको लागि नियमनकारी निकाय स्थापना गरिनेछ। (रणनीति ५)

१०. सहकारी शिक्षा प्रशिक्षण प्रदान गर्ने संस्थाको क्षमता अभिवृद्धि गरिनेछ। (रणनीति ६)

## ५. कार्यान्वयन योजना

| क्र.स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | सहकारी क्षेत्रको सुदृढीकरण कार्यक्रम (सहकारी क्षेत्रको सुधार कार्यक्रम) | सहकारीको वर्गीकरण र एकीकरण गरी संरचनागत सुधार गर्ने | ५ | १ | सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, प्रदेश सरकार र स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |
| | | सहकारी सञ्चालनमा व्यवस्थापकीय सीप एवम् दक्षता अभिवृद्धि गर्ने | ६ | १ | तहगत सरकारका सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रहरू<br>सहकारी संघहरू | सहकारी नियामक निकायहरू | X | X | X | X | X |
| | | बचत तथा ऋणको कारोबार गर्ने सहकारीको वासलात तथा कारोबारका आधारमा नियमन गर्ने | ५ | १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राष्ट्रिय सहकारी नियमन प्राधिकरण<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | X | X | X |
| | | सहकारीलाई स्वनियमन र सुशासन प्रवर्द्धनका लागि सूचक विकास तथा परिमार्जन गर्ने | २ | १ | सहकारी विभाग<br>प्रदेश सरकार<br>स्थानीय तह<br>राष्ट्रिय सहकारी नियमन प्राधिकरण | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | | X | X | | |

| क्र.स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सबै सहकारी संस्थालाई COPOMIS प्रणालीमा अनिवार्य आवद्ध तथा विवरण अद्यावधिक गराउने | ४ | १ | सहकारी विभाग<br>प्रदेश सरकार<br>स्थानीय तह | राष्ट्रिय सहकारी नियमन प्राधिकरण<br>सहकारी संघहरू<br>राष्टिय सहकारी नियमन प्रधिकरण | X | X | X | X | X |
| | | सहकारी कर्जा सूचना केन्द्र र बचत तथा कर्जा सुरक्षण कोषको कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्ने | ३ | १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | कर्जा सूचना केन्द्र र निक्षेप तथा कर्जा सुरक्षण कोष | X | X | | | |
| | | सहकारी संस्थाहरूको आन्तरिक लेखा तथा नियन्त्रण प्रणाली प्रभावकारी बनाउन मापदण्ड बनाउने | ५ | १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राष्ट्रिय सहकारी नियमन प्राधिकरण<br>सहकारी विभाग<br>लेखामान बोर्ड | X | X | X | X | X |
| | | उत्पादनमूलक सहकारीको उत्पादन, ब्रान्डिङ र बजारसँग आबद्धता र सहकारी संस्थाहरूको सघन अनुगमन तथा सुपरीवेक्षण गर्ने | १ | १ | सहकारी विभाग<br>प्रदेश सरकार<br>स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय | X | X | X | X | X |

| क्र.स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | युवा तथा वैदेशिक रोजगारबाट फर्केका जनशक्तिलाई सहकारी खेती गर्न प्रोत्साहन गर्ने | १ | ३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |
| | | कृषिजन्य उत्पादन अभिवृद्धि र बजारीकरणका लागि सहकारी परिचालन गर्ने | १ | ३ | सहकारी विभाग<br>प्रदेश सरकार<br>स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |
| २ | सहकारी क्षेत्रको सबलीकरण कार्यक्रम | सहकारी संस्थाहरूलाई सहकारीको उद्देश्य, सिद्धान्त र अवधारणाअनुरूप पारदर्शी रूपमा सञ्चालन गर्ने | ५ | १ | सहकारी विभाग<br>प्रदेश सरकार<br>स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |
| | | सहकारीका गतिविधि उत्पादन एवम् रोजगारीमा केन्द्रित हुने व्यवस्थाको अवलम्बन गर्ने | १ | ३ | सहकारी विभाग<br>प्रदेश सरकार<br>स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>निजी क्षेत्र | X | X | X | X | X |

| क्र.स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | वित्तीय सहकारीको प्रभावकारी नियमन तथा अनुगमनको लागि राष्ट्रिय सहकारी नियमन प्राधिकरणलाई क्रियाशिल बनाउने | ५ | १ | राष्ट्रिय सहकारी नियमन प्राधिकरण | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, सहकारी विभाग<br>प्रदेश सरकार<br>स्थानीय तह | X | X | | | |
| | | कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रको योगदान मापनको लागि अध्ययन तथा सर्भेक्षण गर्ने | १ | ३ | सहकारी विभाग | राष्ट्रिय तथ्याङ्क कार्यालय | X | X | | | |
| | | नयाँ राष्ट्रिय सहकारी नीति तर्जुमा गर्ने | ३ | १ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सहकारी विभाग, राष्ट्रिय सहकारी नियमन प्राधिकरण, राष्ट्रिय सहकारी महासंघ | X | X | | | |

## ६. नतिजा खाका

| क्र.स. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १. | योजना अवधिमा सहकारी क्षेत्रको लगानीको हिस्सा | प्रतिशत | २.१ | २.२ | २.३ | २.४ | २.५ | २.६ | सोह्रौं योजना | राष्ट्रिय योजना आयोग |
| | **असर** | | | | | | | | | |
| १. | सहकारी क्षेत्रबाट कर्जा प्रवाह | रू. अर्बमा | ३३३ | ९२३ | ८८० | ८५० | ८२० | ८०० | वा.प्र. | भू.व्य.स.ग.नि.म. |
| | **प्रतिफल** | | | | | | | | | |
| १. | उत्पादन क्षेत्रमा कृयाशील सहकारीको मूल्याङ्कन गरी प्रोत्साहन गर्ने | सङ्ख्या | - | ७ | ७ | ७ | ७ | ७ | वा.प्र. | भू.म.नि.ग.स.व्य. |
| २. | सहकारीको व्यवस्थापकीय सीप एवम् दक्षताको अभिवृद्धि तालिम | संख्या | ० | ५०० | ५०० | ५०० | ५०० | ५०० | वा.प्र. | भू.म.नि.ग.स.व्य. |
| ३. | CoPoMIS प्रणालीमा आवद्ध भएका सहकारी संख्या | संख्या(हजारमा) | १७.७ | १८.७ | १९.७ | २०.७ | २१.७ | २२.७ | वा.प्र. | भू.व्य.स.ग.नि.म. |
| ४. | सहकारीमा महिला सदस्यको संख्या | प्रतिशत | ५४ | ५४ | ५४.५ | ५५ | ५५.५ | ५६ | वा.प्र. | भू.व्य.स.ग.नि.म. |

## ७. अनुमान तथा जोखिम

योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न सम्बन्धित निकाय बीचको प्रभावकारी समन्वयमा यस क्षेत्रका रणनीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ। यस क्षेत्रको सुशासन, स्रोत परिचालन र उत्पादन तथा उत्पादकत्वमा अपेक्षित सुधार हुनेछ। स्थानीय स्रोत साधन, सीप, पुँजी तथा प्रविधिको उत्पादनमूलक क्षेत्रमा परिचालन हुनेछ। कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि, आधुनिकीकरण, व्यावसायीकरण र विविधीकरण गर्दै आन्तरिक मूल्य श्रृङ्खलामा सहयोग पुग्नेछ। स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना हुनेछ। सहकारी क्षेत्रको परिचालन तथा नियमनमा तहगत सरकार, राष्ट्रिय सहकारी नियमन प्राधिकरण र सम्बन्धित निकाय बीच प्रभावकारी समन्वय तथा सहकार्य हुनेछ। तहगत सरकारका सहकारी नियमन गर्ने निकायहरूको संरचनात्मक सुधार र क्षमता विकास गर्नेगरी स्रोत, साधन र अनुभव आदन प्रदान कार्य प्रभावकारी रुपमा कार्यान्वयन नभएमा, नीतिगत तथा कानूनी प्रaन्ध समयमै नभएमा र तहगत सरकारका सहकारी क्षेत्र हेर्ने निकाय र संघीय सरकारका सहकारी क्षेत्र हेर्ने निकायहरूवीच उचित समन्वय नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ।

## २.५ सार्वजनिक संस्थान

### १. पृष्ठभूमि

नेपालको आर्थिक तथा सामाजिक रूपान्तरण, पूर्वाधार विकास, अत्यावश्यक वस्तु तथा सेवा प्रवाह गर्ने जस्ता कार्यमा सार्वजनिक संस्थानको महत्त्वपूर्ण भूमिका रहेको छ । विगतमा ६२ वटासम्म सार्वजनिक संस्थान स्थापना भई सञ्चालनमा आएकोमा आ.व.२०८१/८२ सम्म आइपुग्दा कुल ४५ वटा संस्थान क्रियाशील रहेका छन् । उदारीकरणको नीति अन्तर्गत ३० वटा संस्थान निजीकरण गरिएका छन् भने केही नयाँ स्थापना भएका र केही एकआपसमा गाभिएका छन् । कुल ४५ वटा सार्वजनिक संस्थान मध्ये २८ वटा नाफामा सञ्चालित छन् भने १५ वटा नोक्सानीमा चलिरहेका छन् । त्यसैगरी दुईवटा संस्थानको कारोबार शुन्य रहेको छ । यी संस्थानहरूमा आ.व.२०८०/८१ सम्ममा नेपाल सरकारको कुल रु. ७ खर्ब ३ अर्ब ९३ करोड ८८ लाख लगानी भएको छ । राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण हिस्सा भए तापनि धेरैजसो संस्थान कमजोर कार्यसम्पादन, वित्तीय जोखिम र राजनीतिक हस्तक्षेप जस्ता समस्याबाट जेलिएका छन् । यी समस्या सम्बोधन गरी परिवर्तित परिवेश अनुकूल रुपान्तरण गर्दै संस्थानहरूको दक्षता, पारदर्शिता र जवाफदेहिता बढाउनु अत्यावश्यक छ । यसको लागि संस्थानले गर्ने कार्यमा अन्य सरकारी निकाय तथा निजी क्षेत्रबीच अतिरिक्त लाभ र विरोधाभाष समेतको विश्लेषण गरी यो कार्यान्वयन योजनामा समावेश गरिएको छ ।

### २. उद्देश्य

१. प्रतिस्पर्धी, वित्तीय रूपमा दिगो र आत्मनिर्भर सार्वजनिक संस्थानको विकास गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान बढाउनु ।
२. सार्वजनिक संस्थानको कुशल र प्रभावकारी व्यवस्थापन गरी गुणस्तरीय वस्तु तथा सेवामा नागरिकको सहज पहुँच स्थापित गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. उपयुक्त कानूनी तथा व्यवस्थापकीय सुधार गरी सार्वजनिक संस्थानको व्यवसायिकता र कार्यकुशलता अभिवृद्धि गर्ने । (२.४.१७)
२. आवश्यकता, सान्दर्भिकता एवम् औचित्यका आधारमा सार्वजनिक संस्थानको पुनर्संरचना गरी सबलीकरण गर्ने । (२.४.१७)

### ४. कार्यनीति

१. संस्थानहरूको सञ्चालन तथा व्यवस्थापनमा सुधार गर्न रणनीतिक साझेदार भित्र्याइनेछ । (रणनीति १)
२. प्रतिस्पर्धाबाट व्यवस्थापक नियुक्त गरी कार्यसम्पादन सम्झौता गरिनेछ । (रणनीति १)
३. संस्थानको व्यावसायिकता र कार्यकुशलता अभिवृद्धि गर्न नवीनतम् प्रविधि र कार्यपद्धति अवलम्बन गरिनेछ । (रणनीति १)
४. संस्थानहरूको वित्तीय अनुशासन एवम् जवाफदेहिता प्रणालीलाई सुदृढ बनाउन आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाइनेछ । (रणनीति १)
५. वित्तीय जोखिम बहन गर्न सक्ने बनाउन जोखिम व्यहोर्ने कोष स्थापना गरिनेछ । (रणनीति १)
६. सार्वजनिक संस्थानको व्यावसायिकता अभिवृद्धि गर्न सुदृढीकरण कार्यक्रम सञ्चालनमा ल्याइनेछ । (रणनीति १)
७. सार्वजनिक संस्थानहरूको वर्गीकरण गरी सरकारको अनिवार्य संलग्नता चाहिने तथा निजी क्षेत्र आकर्षित नहुने क्षेत्रका संस्थान् मात्र सरकारले सञ्चालन गरी र अन्य संस्थानको शेयर स्वामित्वलाई पूर्ण वा आंशिक रूपमा विनिवेश गरी सरकारको व्ययभार घटाइनेछ । (रणनीति २)

८. समान उद्देश्य तथा कार्य प्रकृतिका संस्थानलाई आपसमा गाभिने तथा ठूला संस्थानलाई कार्य विशिष्टीकरणको लागि टुक्र्याइनेछ। (रणनीति २)

९. बन्द रहेका संस्थानहरूको पुनरूत्थान, खारेजी तथा सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गरिनेछ। (रणनीति २)

१०. सार्वजनिक प्रतिष्ठानमा सरकारी लगानी व्यवस्थापन सम्बन्धमा आवश्यक नीतिगत तथा संरचनागत व्यवस्था गरिनेछ। (रणनीति २)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | सार्वजनिक संस्थान सुधार तथा सबलीकरण कार्यक्रम | सार्वजनिक संस्थानको वर्गीकरण र प्राथमिकीकरण गर्ने | १/२ | १ | अर्थ मन्त्रालय तथा सम्बद्ध विषयगत मन्त्रालय | विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | संस्थानहरूको सञ्चालनमा कार्यकुशलता हासिल गर्न रणनीतिक साझेदारी गर्ने | १/२ | १ | अर्थ मन्त्रालय तथा सम्बद्ध विषयगत मन्त्रालय | विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | प्रतिस्पर्धाबाट व्यवस्थापक नियुक्ति गर्ने, नवीनतम् प्रविधि र कार्यपद्धति अवलम्बन गर्ने | १/२ | १ | अर्थ मन्त्रालय तथा सम्बद्ध विषयगत मन्त्रालय | विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | वित्तीय अनुशासन एवम् जवाफदेहितालाई सुदृढ बनाउन आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउने | १/२ | १ | विषयगत मन्त्रालय, सार्वजनिक संस्थान | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | संस्थानहरूको जोखिम व्यहोर्ने कोष स्थापना र बन्द रहेका संस्थानहरूको सम्पत्तिको संरक्षण तथा व्यवस्थापन गर्ने | १/२ | १ | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | X | X | X | X | X |
| २ | सार्वजनिक संस्थान पुनर्संरचना तथा निजीकरण कार्यक्रम | सार्वजनिक संस्थानमा एकरूपता कायम गर्न छाता कानून निर्माण गर्ने | २ | १ | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | सार्वजनिक संस्थानलाई सीमित दायित्वको पब्लिक लिमिटेड कम्पनीमा रूपान्तरण गरी शेयर सर्वसाधारणलाई बिक्री गर्ने | २ | १ | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को यथार्थ | लक्ष्य | | | | | सूचनाको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १. | कुल स्थिर पुँजी निर्माणमा सार्वजनिक संस्थानको हिस्सा | प्रतिशत | ८.२ | ८.३ | ८.४ | ८.६ | ८.९ | ९.० | राष्ट्रिय लेखा, राष्ट्रिय तथ्यांक कार्यालय | अर्थ मन्त्रालय |
| | **असर** | | | | | | | | | |
| १. | नाफामा रहेका सार्वजनिक संस्थान | संख्या | २८ | २८ | ३० | ३० | ३२ | ३२ | सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा | अर्थ मन्त्रालय |
| २. | कुल सञ्चित नोक्सानी | रकम रू अर्ब | ४७.५५ | ४८.४० | ४६ | ४४ | ४२ | ४० | ,, | अर्थ मन्त्रालय |
| ३. | कुल राजस्वमा सार्वजनिक संस्थानको योगदान | प्रतिशत | १७.७७ | १२ | १३ | १४ | १५ | १६ | ,, | अर्थ मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १. | नियमित लेखापरीक्षण गराउने सार्वजनिक संस्थान | संख्या | २० | २५ | ३० | ३५ | ४० | ४४ | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन | अर्थ मन्त्रालय |
| २. | कोषमा व्यवस्था नगरिएको दायित्व रकम | रु. अर्ब | ५२.८७ | ६० | ५८ | ५५ | ५२ | ५० | सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा | अर्थ मन्त्रालय |

## ७. अनुमान तथा जोखिम

योजना अवधिमा सार्वजनिक संस्थानमा व्यवसायिकता र स्वायत्तामा सुधार भएको हुने, वित्तीय सुशासन अभिवृद्धि भएको हुने र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि भएको हुनेछ । राजनीतिक हस्तक्षेप, आवश्यक स्रोत साधनको कमी लगायतका जोखिम रहने सम्भावना रहेको छ ।

# परिच्छेद ३

# उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता अभिवृद्धि

## ३.१ कृषि

### १. पृष्ठभूमि

संविधान प्रदत्त खाद्यसम्बन्धी अधिकार सुनिश्चित गर्दै कृषि क्षेत्रको समग्र विकासको लागि कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि क्षेत्रको आधुनिकीकरण, विविधीकरण र व्यवसायीकरण मार्फत कृषिजन्य उत्पादनको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु अपरिहार्य छ। यसै सन्दर्भमा कृषि विकास रणनीतिको परिकल्पना अनुसार सोह्रौं योजनामा कृषि क्षेत्र सम्बद्ध रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ। साथै, मार्गदर्शक योजनाको रूपमा रहेको यस योजनाको कार्यान्वयनमा श्रमशक्तिको बढ्दो पलायनबाट सिर्जित कृषि श्रमिकको अभाव र आपूर्तिका समस्या, कृषि वस्तुमा बढ्दो व्यापार घाटा, कृषिको व्यवसायीकरण, यान्त्रीकरण र उद्योग तथा सेवासँग आवद्धता, सम्मानजनक बनाई आय तथा रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, व्यापार सन्तुलन, दिगो र सन्तुलित विकास, खाद्य तथा पोषण सुरक्षा र कृषि क्षेत्रको रूपान्तरणबाट आर्थिक रुपान्तरण गर्नुपर्नेछ। यसको लागि बृहत् मात्रामा उत्पादन तथा मूल्य अभिवृद्धि एवम् बजारीकरणको लागि आवश्यक संरचना सहितको उत्पादन क्षेत्र (जोन), कृषिजन्य उद्योग सहितको औद्योगिक विशेष कृषि क्षेत्र (सुपर जोन) लगायतका कृषि क्षेत्रका प्रमुख कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ।

मुलुकमा ५७.३ प्रतिशत घरपरिवार कृषि पेशामा संलग्न रहेको र कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान एक चौथाईको हाराहारीमा रहेको सन्दर्भमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको औषत लक्ष्य ४.१ प्रतिशत आर्थिक वृद्धि दरको हासिल गरी गरिबी न्यूनीकरण, ग्रामीण रोजगारी सिर्जना, खाद्य तथा पोषण सुरक्षा, व्यापार सन्तुलन एवम् देशको समग्र आर्थिक विकासको लागि सोह्रौं योजनामा यस क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक रहेको छ। सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमहरूले यस क्षेत्र तथा सिँचाइ, वन तथा वातावरण, स्वास्थ्य तथा पोषण स्थिति, समावेशीकरण र लैङ्गिक सशक्तीकरण लगायत अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. कृषि क्षेत्रको संरक्षण र उत्पादन तथा उत्पादकत्व वृद्धिको माध्यमबाट आधारभूत खाद्य वस्तुहरूमा आत्मनिर्भरता, खाद्य तथा पोषण सुरक्षा र ग्रामीण आयमा वृद्धि गर्ने।

२. कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण र औद्योगिकीकरणमार्फत् प्रतिस्पर्धी कृषि प्रणालीको विकास, रोजगारी सिर्जना, कच्चा पदार्थको उपलब्धता र व्यापार सन्तुलनमा सुधार ल्याउने।

३. कृषि जैविक विविधताको संरक्षण, सम्बर्द्धन, सदुपयोग तथा पर्यावरणीय र जलवायु परिवर्तनमैत्री कृषि प्रणालीको प्रवर्द्धन मार्फत दिगो, समतामूलक र उत्थानशिल कृषि प्रणालीको विकास गर्ने।

### ३. रूपान्तरणकारी रणनीति[1]

१. कृषि क्षेत्रको संरक्षण, उत्पादन तथा उत्पादकत्व वृद्धि र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने। (३.४.१)।

२. खाद्य प्रणाली रूपान्तरण एवम् आधारभूत खाद्य वस्तुहरूमा आत्मनिर्भरता अभिवृद्धि गर्ने। (३.४.२)

३. कृषि-वन, कृषि पर्यटन र पर्यावरणीय सेवा प्रणालीको प्रवर्द्धन गरी पारस्परिक लाभ, उद्यमशिलता, रोजगारी सिर्जना, उद्योगको लागि कच्चा पदार्थको उपलब्धता र कृषि मूल्य श्रृंखला सुदृढ बनाउने। (३.४.२)

४. कृषि अध्ययन, जनशक्ति विकास, अनुसन्धान र प्रसारको सुदृढ समन्वयको माध्यमबाट कृषि विकासलाई तीव्रता दिने। (३.४.१०)

५. कृषि क्षेत्रको मूलप्रवाहीकरण र स्थानीयकरण गर्दै सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने। (१२.४.२)

६. कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै जलवायु उत्थानशील, समतामूलक र समावेशी प्रणालीको प्रवर्द्धन गर्ने। (१३.४.१)

### ४. कार्यनीति

१. तीनै तहका सरकारको समन्वयमा भूमिको व्यवहारिक वर्गीकरण गरी कृषियोग्य भूमिको संरक्षण गर्ने, बाँझो जमिनको उपयोग गर्ने, भूमिको खण्डीकरणलाई न्यूनीकरण गर्ने, स्वदेशी कृषि उपजको प्रवर्द्धन र बृहत उत्पादन क्षेत्र स्थापना गरी कृषिको उत्पादन बढाइनेछ। (रणनीति १)

२. माटोको स्वास्थ्य सुधार र पर्यावरणीय एवम् प्राङ्गारिक कृषि उत्पादनको प्रवर्द्धन मार्फत स्वस्थ र पौष्टिक खाद्य उत्पादन तथा उपभोगमा वृद्धि गरिनेछ। (रणनीति १)

३. आधारभूत कृषि उत्पादन सामग्री र प्रतिफलमा आधारित अनुदानको व्यवस्था गर्दै कृषकको अधिकार र कृषकलाई सम्मानित गर्ने व्यवस्था मिलाइनेछ। (रणनीति १)

४. उन्नत बीउ-बिजन, नश्ल, खोप तथा मलको समयमै आपूर्ति हुने प्रणाली सुनिश्चितता कायम गरिनेछ। (रणनीति १)

५. विशिष्टिकृत उत्पादनका क्षेत्रहरूको पहिचान गर्दै कृषि क्षेत्रमा पूर्वाधार विकास, सिँचाइ प्रणालीको निर्माण, विकास र स्तरोन्नति, यान्त्रिकीकरण, विविधीकरण र व्यावसायीकरण अभिवृद्धि गरिनेछ। (रणनीति १)

६. कृषि तथा पशुपन्छी क्षेत्रमा लगानी, पूर्वाधार, कृषि सामग्री र उच्चतम प्रविधिको सुनिश्चितता गरी आधारभूत खाद्य वस्तुहरूमा आत्मनिर्भरता अभिवृद्धि गरिनेछ। (रणनीति २)

७. रैथाने कृषि उपजको प्रवर्द्धन, खाद्य उपभोग आनी बानीमा सुधार र खाद्य परिकारको विविधिकरणमा जोड दिइनेछ। (रणनीति २)

८. स्वच्छ तथा पोषणयुक्त खाद्य प्रवर्द्धनको लागि तथा स्वदेशी एवम् आयातित खाद्य पदार्थहरूको मापदण्ड निर्धारण गरिनेछ। (रणनीति २)

९. कृषि-वन प्रणालीलाई सुदृढ गर्दै सीमावर्ती क्षेत्र र बाँझो तथा भिरालो जमिनमा फलफूल, मसला तथा जडिबुटीजन्य बिरुवाको रोपण तथा विस्तारमा जोड दिइनेछ। (रणनीति ३)

१०. न्यूनतम समर्थन मूल्य निर्धारण तथा कार्यान्वयन र व्यवस्थित एवम् आधुनिक ढुवानी, भण्डारण, प्रशोधन र बजारीकरण संरचनाको विकास मार्फत कृषि मूल्य श्रृंखला सुदृढ बनाइनेछ। (रणनीति ३)

[1] *कोष्ठमा उल्लेखित अंकले सोह्रौं योजनाको सम्बधित परिच्छेद, सो अन्तर्गतको रूपान्तरणकारी रणनीति खण्ड र रूपान्तरणकारी रणनीति नं बुझाउँछ।*

११. निर्यातमुखी कृषि उपज सहित नेपाल एकीकृत व्यापार रणनीतिले निर्यात सम्भावना भएका भनी पहिचान गरेका वस्तु तथा सेवाको उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धन गरिनेछ। (रणनीति ३)

१२. कृषिको आधुनिकीकरण, व्यावसायीकरण, विविधीकरण, औद्योगिकीकरण तथा बजारीकरण गरी यस क्षेत्रमा युवा तथा वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिलाई आकर्षित गर्दै रोजगारी सिर्जना, कृषि उद्यम तथा व्यवसाय प्रवर्द्धनको लागि सहुलियतपूर्ण कर्जामा पँहुच वृद्धि गरिनेछ। (रणनीति ३)

१३. कृषि अनुसन्धानलाई नविनतम र उच्च प्रतिफलमुखी बनाई प्राप्त नतिजालाई कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि र कृषि-गैरकृषिजन्य उद्योगको विकासको लागि उपयोग गरिनेछ। (रणनीति ४)

१४. कृषि क्षेत्रमा संलग्न प्राविधिक जनशक्ति, कृषक तथा युवा उद्यमीहरूको क्षमता तथा सीपमा अभिवृद्धि गरी नवीनतम एवम् आधुनिक प्रविधिमा आधारित कृषि प्रणालीको प्रवर्द्धन गरिनेछ। (रणनीति ४)

१५. आन्तरिक उत्पादनको प्रवर्द्धन, कृषि पेशाको संरक्षण र निर्यात सहजीकरणको लागि क्वारेन्टाइन तथा प्रयोगशाला सेवाको सुदृढीकरण गरिनेछ। (रणनीति ५)

१६. कृषि क्षेत्रमा सार्वजनिक सेवा प्रवाह सुधारको लागि डिजिटल प्रविधिमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ५)

१७. सरकार, सहकारी, वित्तिय संस्था, निजी क्षेत्र र विकास साझेदारहरूको अर्थपूर्ण सहभागिता र सहकार्यमा कृषि क्षेत्रमा लगानी वृद्धि गरिनेछ। (रणनीति ६)

१८. संघबाट प्रदेश तथा स्थानीय तहलाई प्रदान गरिने सशर्त तथा कृषि क्षेत्रको अन्य अनुदान रकमलाई मधेशी, आदिवासी जनजाति, दलित, महिला र सीमान्तकृत समुदायलाई प्राथमिकतामा राखी सामाजिक क्षेत्रमा उपयोग गरिनेछ। (रणनीति ६)

१९. जलवायु संवेदनशीलता प्रवर्द्धनको लागि घरपरिवार, निजी तथा सार्वजनिक लगानीलाई वातावरणमैत्री तथा जलवायु संवेदनशील तुल्याई जैविक विविधता संरक्षण गरिनेछ। (रणनीति ६)

२०. विपद, महामारी, जलवायु परिवर्तन जस्ता कारणबाट हुने क्षति न्यूनीकरण गर्न विपन्न परिवार, किसान, घरेलु तथा साना उद्यमीहरूको जीवन, सम्पत्ति, बालीनाली, व्यवसाय आदिमा कृषि बीमाको प्रबन्ध मिलाइनेछ। (रणनीति ६)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | भूमिको सदुपयोग मार्फत कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि कार्यक्रम | सबै स्थानीय तहमा भूमिको वर्गीकरण तथा भू-उपयोग योजना तर्जुमा तथा कार्यान्वयन गर्ने | १/१ | ३ | स्थानीय तह, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | प्रदेश मन्त्रालय | X | X | X | X | X |
| | | भूमि बैंक र भूमि बजारको अवधारणा कार्यान्वयन गर्ने;<br>प्रत्येक स्थानीय तहमा भूमि सूचना केन्द्र स्थापना गर्ने | १/१ | ३ | स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |
| | | सहकारी तथा सामूहिक खेती र बगर खेती बिस्तार तथा प्रवर्द्धन गर्ने;<br>चक्लाबन्दी र करार खेती सम्बन्धी कानूनी व्यवस्था गरी उत्पादन वृद्धिमा सहयोग गर्ने | १/१ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, | प्रदेश मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |
| | | राष्ट्रिय खर्क जग्गा व्यवस्थापन<br>पशुपन्छीको घाँस उत्पादन तथा जैविक विविधता संरक्षण गर्ने | १/१ | ३ | स्थानीय तह, पशु सेवा विभाग | प्रदेश मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |
| | | हैसियत बिग्रेको वन क्षेत्रमा करारमा घाँस बीउ उत्पादन करार गर्ने | १/१ | | स्थानीय तह | वन तथा वातावरण मन्त्रालय,<br>प्रदेश मन्त्रालय | | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | वनमा फलफूल, मसलाबाली र जडिबुटीको खेती प्रवर्द्धन गर्ने | | | | | | | | | |
| | | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम संचालन गर्ने;<br>माटो जाँच तथा स्वास्थ्य सुधार कार्यक्रम संचालन गर्ने;<br>Digital Soil Mapping कार्यक्रम संचालन गर्ने | १/२ | | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल कृषि अनुसन्धान परिषद् | प्रदेश मन्त्रालय, स्थानीय तह | | X | X | X | X |
| २ | बीउ बिजनको विकास, मल तथा कृषि औजार सुनिश्चितता कार्यक्रम | निजी क्षेत्रसँगको सहकार्यमा उन्नत जात तथा हाइब्रिडको उत्पादन तथा वितरण व्यस्थापन गर्ने;<br>खाद्यान्न तथा तरकारीको स्रोत बीउ र फलफूल बेर्ना उत्पादन गर्ने | १/३, ४ | ३ | नेपाल कृषि अनुसन्धान परिषद, बीउ बिजन गुणस्तर नियनत्रण केन्द्र, कृषि विभाग | निजी बीउ व्यवसायी, अनुसन्धानमा संलग्न संस्था | X | X | X | X | X |
| | | नयाँ प्रविधिमा आधारित मल कारखाना स्थापना गर्ने;<br>रसायनिक मलको आपूर्ति तथा वितरण व्यवस्थापन गर्ने | १/३, ४ | ३ | कृषि सामाग्री कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेड, प्रदेश मन्त्रालय, स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय, लगानी बोर्ड | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | जैविक तथा प्राङ्कगारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धन गर्ने;<br>माटो जाँच तथा गुणस्तार सुधार गर्ने | १/३, ४ | ३ | कृषि विभाग | प्रदेश मन्त्रालय<br>स्थानीय तह | X | X | X | X | X |
| | | कृषि यान्त्रीकरण प्रवर्द्धन गर्ने;<br>कष्टम हायरिङ्ग स्थापना तथा सञ्चालन गर्ने<br>कृषि मेशिनरी परीक्षण गर्ने | १/५ | ३ | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कृषि विभाग, नेपाल कृषि अनुसन्धान परिषद् | अर्थ मन्त्रालय, प्रदेश मन्त्रालय, स्थानीय तह, उद्योग वाणिज्य महासंघ र कृषि मेशिनरी व्यवसायी | X | X | X | X | X |
| ३ | पशुपन्छी र मत्स्यपालन व्यवसायको आधुनिकीकरण गरी उत्पादन तथा उत्पादकत्व अभिवृद्धि कार्यक्रम | पशु नश्ल सुधार गर्ने;<br>उन्नत वाच्छी तथा पाडी मात्र उत्पादन गर्न सेक्सड सिमेन उत्पादन तथा भ्रूण प्रत्यारोपन कार्यक्रम संचालन गर्ने;<br>पशुपन्छीमा लाग्ने रोग विरुद्धको खोप उत्पादन, आपूर्ति तथा वितरण गर्ने;<br>पगासियस लगायतका माछाको उत्पादन वृद्धि तथा क्षेत्र विस्तार गर्ने;<br>मत्स्य भूरा उत्पादन तथा वितरण गर्ने;<br>भैंसी/राँगा पालन प्रवर्द्धन कार्यक्रम गर्ने | १/५ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>पशु सेवा विभाग | प्रदेश मन्त्रालय<br>स्थानीय तह | X | X | X | X | X |
| | | कृषि र पशुपन्छीको फार्म केन्द्रहरूलाई क्रमशः विशिष्टीकृत केन्द्र (Center of Excellence) को रुपमा विकास गर्ने; | १/५ | ३ | कृषि विभाग, पशु सेवा विभाग, प्रदेश मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | मौरी, पुष्प र च्याउको राष्ट्रिय स्रोत केन्द्र स्थापना तथा सञ्चालन गर्ने;<br>खाद्यान्न तथा तरकारीको मूल बीउ उत्पादन लागि संघीय फार्म स्थापना गर्ने;<br>दोलखामा याक तथा चौरी र मुस्ताङमा च्याङ्ग्रा फार्म स्थापना गर्ने | | | | | | | | | |
| ४ | सिँचाई सुविधा मार्फत कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि कार्यक्रम | सतह, भूमिगत र लिफ्ट सिँचाई प्रणालीको निर्माण विकास र स्तरोन्नति गर्ने;<br>साना सिँचाई निर्माण तथा मर्मत सुधार सहयोग गर्ने;<br>सिँचित क्षेत्रमा सघन कृषि तथा पशुपन्छी विकास गर्ने;<br>सिंचित क्षेत्रमा चैते धान क्षेत्र विस्तार कार्यक्रम संचालन गर्ने | १/५ | ३ | कृषि विभाग, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, मन्त्रालय अन्तर्गतका आयोजनाहरू | ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | X | X | X | X | X |
| ५ | कृषि क्षेत्रमा युवाको आकर्षण अभिवृद्धि कार्यक्रम | स्थानीय तहमा सार्वजनिक, निजी सहकारी सहकार्य मार्फत कृषि जन्य पूर्वाधार विकास, विस्तार तथा सञ्चालन गर्ने;<br>संघीय, प्रादेशिक, स्थानीय बजार तथा हाटबजार संरचना निर्माण, स्तरोन्नति तथा सञ्चालन गर्ने | १/६ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेश मन्त्रालय, स्थानीय तह | नेपाल उद्योग वाणिज्य महासंघ, | X | X | X | X | X |
| | | मलखाद, बीउ-विजन, बेर्ना, नश्ल सहज उपलब्ध गराउने | १/६ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, | निजी क्षेत्र | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | | | | प्रदेश मन्त्रालय | | | | | | |
| | | न्युनतम समर्थन मूल्य निर्धारण तथा कार्यान्वयन गर्ने | ३/१० | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | कृषि अनुसन्धान, शिक्षा र प्रसारको अन्तरसम्बन्ध सुदृढ गर्न संयन्त्र निर्माण गर्ने | | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, | नेपाल कृषि अनुसन्धान परिषद्, विश्वविद्यालयहरू | X | X | X | X | X |
| | | कृषिमा लगानी अभिवृद्धिको लागि सहकार्य गर्ने;<br>कृषि उद्योग स्थापना र निर्यात सहजीकरणको लागि सहयोग गर्ने | ६/१७ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, | प्रदेश सरकार<br>स्थानीय तह<br>दातृ निकाय<br>अर्थ मन्त्रालय<br>नेपाल उद्योग वाणिज्य महासंघ | X | X | X | X | X |
| | | उत्पादनमा आधारित अनुदान प्रणालीको संस्थागत विकास गर्दै बजारमुखी उत्पादन प्रणाली विकास गर्ने | १/४ | ३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | | | | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश मन्त्रालय | | | | | |
| | | कृषि कर्जामा सरल पँहुच वृद्धि र सहुलियत कर्जा कार्यक्रम संचालन गर्ने; | ४/९,१० | ३ | नेपाल राष्ट्र बैंक बैंक तथा वित्तिय संस्था | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |
| | | कृषि बीमा कार्यक्रम संचालन गर्ने;<br>कृषि मिटर तथा विद्युतमा छुट सुविधा दिने | ३/१० | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल बीमा प्राधिकरण, नेपाल विद्युत प्राधिकरण | अर्थ मन्त्रालय<br>प्रदेश मन्त्रालय<br>स्थानीय तह | X | X | X | X | X |
| | | कृषक अधिकार र कृषकलाई सम्मान गर्ने | १/४ | ३ | कृषि विभाग, पशुसेवा विभाग, | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |
| | | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम संचालन गर्ने | ३/१२ | ३ | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम | अर्थ मन्त्रालय, उद्योग वाणिज्य संघ, प्रदेश मन्त्रालय | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | स्थानीय तहमा कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण गर्ने;<br>आधारभूत प्राविधिक जनशक्तिको व्यवस्थापन गर्ने | ३/१० | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | स्थानीय तह, अर्थ मन्त्रालय, प्रदेश लोक सेवा आयोग | X | X | X | X | X |
| ६ | कृषिको आधुनिकीकरण र व्यवसायीकरण कार्यक्रम | प्रमुख खाद्यान्न बाली/वस्तुको विशिष्टिकृत उत्पादन क्षेत्र (जोन/सुपरजोन) कार्यक्रम संचालन गर्ने;<br>फलफूल क्षेत्र विस्तार र फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम संचालन गर्ने;<br>कृषि वन प्रणालीको प्रवर्द्धन, वन सीमावर्ती क्षेत्र, बाँझो तथा भिरालो जमिनमा फलफूल, मसला तथा जडिबुटीजन्य बिरुवाको रोपण तथा विस्तार गर्ने | ३/१२<br>३/९ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कृषि विभाग | प्रदेश मन्त्रालय स्थानीय तह | X | X | X | X | X |
| | | ताजा तरकारी तथा फलफूल खाडी मुलुकमा निर्यात सहजीकरण गर्ने | १/५ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | X | X | X | X | X |
| | | निर्यात प्रवर्द्धनको लागि खोरेत रोग मुक्त क्षेत्र घोषणा गर्ने;<br>सघन पशु रोग सर्भिलेन्स तथा क्वारेन्टाइन व्यवस्थापन गर्ने | १/५ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, प्रदेश मन्त्रालय, स्थानीय तह | गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सातै प्रदेशमा एग्रोइन्डष्ट्रियल पार्क स्थापना गर्ने राँगा/भैसीको लागि आधुनिक पशु वधशाला स्थापना तथा मासु निर्यात प्रवर्द्धन गर्ने;<br>मासु तथा दुग्धजन्य पदार्थको निर्यात प्रवर्द्धनको लागि ब्राण्डिङ गर्ने;<br>कार्पेट उद्योगको कच्चा पदार्थ उपलव्धताको लागि उत्तरी चरन खर्कमा आधारित भेडापालन प्रवर्द्धन गर्ने;<br>कोशी, बागमती तथा गण्डकी प्रदेशमा सहकार्यमा छुर्पी (Dog Chew) उत्पादन कारखाना स्थापना गर्ने | १/३, ५ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेश मन्त्रालय, स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भन्सार विभाग, नेपाल उद्योग वाणिज्य महासंघ | X | X | X | X | X |
| | | कृषि बाली तथा जडिबुटीजन्य वस्तु निर्यातको लागि क्वारेन्टाइन सहजीकरण गर्ने | १/५ | ३ | प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन केन्द्र | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भन्सार विभाग | X | X | X | X | X |
| | | एक गाउँ एक उत्पादन कार्यक्रम संचालन गर्ने;<br>ब्लक/पकेट विकास कार्यक्रम संचालन गर्ने;<br>कृषि उद्यमशीलता विकास कार्यक्रम संचालन गर्ने | २/६ | ३ | राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, स्थानीय तहहरू | प्रदेश मन्त्रालय | X | X | X | X | X |
| ७ | स्वच्छ तथा पोषणयुक्त खाद्य प्रवर्द्धन कार्यक्रम | खाद्य प्रणालीको स्थानीयकरण गर्ने;<br>स्वच्छ बाली उत्पादनको लागि आई. पि. एम. प्रविधि प्रवर्द्धन गर्ने | २/७, ८ | ३ | कृषि तथा पशुपन्छी | प्रदेश मन्त्रालय | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | कृषक पाठशाला सञ्चालन गर्ने<br>प्राङ्गारिक तथा जैविक विषादी प्रवर्द्धन गर्ने<br>रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन गर्ने | | | विकास मन्त्रालय, कृषि विभाग, स्थानीय तहहरू | | | | | | |
| | | आयातित तथा स्वदेशी खाद्य/दाना पदार्थको स्वच्छता, गुणस्तर परीक्षण, अनुगमन र नियमन, विषादी अवशेष परीक्षण र नियमन गर्ने;<br>क्वारेन्टाइन चेकजाँच तथा परीक्षण गर्ने;<br>खाद्य स्वच्छता, गुणस्तर र पोषणबारे उपभोक्ता सचेतना अभिवृद्धि गर्ने | २/७, ८ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, कृषि विभाग | प्रदेश मन्त्रालय भन्सार विभाग | X | X | X | X | X |
| | | स्थानीय तहसँगको समन्वयमा खाद्य आनी बानी परिस्कृत गर्ने र विभिन्न जातजाति, समुदाय तथा क्षेत्रका परम्परागत र स्थानीय खाद्य संस्कारको आदानप्रदान मार्फत खाद्य विविधताको संरक्षण र खाद्य विविधीकरण गर्ने | २/७, ८ | | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | प्रदेश मन्त्रालय स्थानीय तह | X | X | X | X | X |
| ८ | अध्ययन, अनुसन्धान तथा क्षमता विकास कार्यक्रम | बाली, पशुपन्छी तथा तरकारीका उन्नत जात (हाइब्रिड समेत) को उन्मोचन/ पञ्जीकरण गर्ने<br>विभिन्न बालीनालीको खेती, पशु/मत्स्यपालन तथा यन्त्रीकरण सम्बन्धी प्रविधि सिफारिस गर्ने | ४/१३,१४ | ३ | नेपाल कृषि अनुसन्धान परिषद | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अनुसन्धानमा संलग्न संस्थाहरू | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | स्थानीय तह, प्रदेश र संघमा कार्यरत कृषि प्राविधिकहरूको क्षमता विकास गर्ने;<br>किसान तथा कृषि उद्यमीको क्षमता विकास तथा सीप अभिवृद्धि गर्ने | ४/१३,१४ | ३ | कृषि सूचना तथा प्रशिक्षण केन्द्र<br>कृषि विभाग<br>पशु सेवा विभाग | प्रदेश मन्त्रालय<br>स्थानीय तह | X | X | x | X | X |
| ९ | सार्वजनिक सेवा प्रवाह सुधार कार्यक्रम | किसानको सूचीकरण तथा वर्गीकरण गरी किसान परिचय पत्र वितरण गर्ने;<br>कृषि प्रसार सेवा, किसान कल सेन्टर सञ्चालन गर्ने;<br>नेपाल टेलिभिजन तथा रेडियो नेपालबाट कृषि कार्यक्रम प्रसारण गर्ने;<br>कृषि प्रविधि तथा मौसम सम्बन्धी जानकारी मोबाइल एसएमएस, वेबसाइट मार्फत आम कृषकको पहुँचमा सूचना प्रवाह गर्ने,<br>QR मा आधारित नागरिक बडापत्र तथा सेवा प्रवाह सुधार गर्ने | ५/१५, १६ | | कृषि सूचना तथा प्रशिक्षण केन्द्र, कृषि हेर्ने प्रदेश मन्त्रालय, स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |
| | | खाद्य/दाना, पशुपन्छीजन्य तथा पशुपन्छी उत्पादन सामाग्रीको उद्योगको अनुज्ञापत्र अनलाइन प्रणालीबाट जारी/नवीकरण तथा उद्योग सिफारिस गर्ने;<br>खाद्य/दाना प्रयोगशाला विश्लेषण सेवालाई प्रत्यायनयुक्त बनाई सेवा प्रवाह सुदृढीकरण गर्ने; | ५/१५, १६ | ३ | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, प्लान्ट क्वारेन्टाईन तथा विषादी व्यवस्थापन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग, पशु सेवा विभाग | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | विषादीको आयात, अनुमतिपत्र जारी, बिरुवा तथा बिरुवाजन्य उपजको प्रवेश अनुमतिपत्र जारी/नवीकरण, स्वच्छता प्रमाणपत्र जारी, इजाजतपत्र जारी/नवीकरण, जीवनाशक विषादी खुद्रा विक्रेता इजाजत पत्र नविकरण, जीवनाशक विषादी पैठारीको लागि भन्सार सहुलियत सिफारिस र पशु क्वारेन्टाइन प्रमाणपत्र जारी गर्ने; बीउबिजन व्यवसायी अनुमति पत्र वितरण तथा नवीकरण, सूचित बीउबिजन बिक्री वितरण अनुमतिपत्र, सूचित बीउबिजन पैठारी अनुमतिपत्र सम्बन्धी कार्य गर्ने | | | केन्द्र, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | | | | | | |
| १० | जैविक विविधताको दिगो संरक्षण कार्यक्रम | सामुदायिक बीउ बैंक तथा फिल्ड जिन बैंकको स्थापना तथा सुदृढीकरण गर्ने;<br>रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन गर्ने ;<br>स्वस्थानीय संरक्षणको लागि स्थानीय कृषक/पशुपालकलाई प्रोत्साहन सहयोग गर्ने | ६/१९ | ३ | नेपाल कृषि अनुसन्धान परिषद, कृषि विभाग र पशु सेवा विभाग | प्रदेश मन्त्रालय स्थानीय तह | X | X | X | X | X |
| ११ | जलवायु जोखिम र हानी नोक्सानी न्यूनीकरण कार्यक्रम | बाली तथा पशुधन बीमाको प्रबर्द्धन तथा बीमा प्रिमियममा अनुदान सहयोग गर्ने | ६/१९,२० | ३ | कृषि विभाग र पशु सेवा विभाग, बीमा कम्पनीहरू | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, नेपाल बीमा प्राधिकरण | X | X | X | X | X |
| | | मौसम पूर्वानुमानको आधारमा बालीनाली सम्बन्धी प्राविधिक सचेतना तथा सल्लाह प्रवाह गर्ने | ६/१९, २० | ३ | नेपाल कृषि अनुसन्धान परिषद, कृषि सूचना तथा | प्रदेश मन्त्रालय स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | जलवायु मैत्री कृषि प्रणाली तथा कार्यक्रमको प्रवर्द्धन गर्ने | | | प्रशिक्षण केन्द्र, कृषि विभाग र पशु सेवा विभाग | | | | | | |

## ७. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना / तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कृषि, वन तथा मत्स्यपालन क्षेत्रको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर | प्रतिशत | ३.४ | ३.३ | ३.८ | ३.८ | ३.८ | ३.९ | वार्षिक राष्ट्रिय लेखा अनुमान | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २ | कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन तथा मत्स्यपालन क्षेत्रको योगदान | प्रतिशत | २४.७ | २५.२ | २२.९ | २२.३ | २१.५ | २०.९ | वार्षिक राष्ट्रिय लेखा अनुमान | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| | **असर** | | | | | | | | | |
| १ | उत्पादकत्व | | | | | | | | | |
| १.१ | धान | मे. टन/ हे. | ३.९८ | ४.१० | ४.२५ | ४.४४ | ४.७५ | ४.८४ | वार्षिक कृषि तथ्याङ्क | |
| १.२ | मकै | मे. टन/ हे. | ३.२३ | ३.३७ | ३.८० | ४.२० | ४.४० | ४.५० | | |

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना / तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १.३ | गहुँ | मे. टन/ हे. | ३.०१ | ३.१० | ३.१५ | ३.१८ | ३.२४ | ३.३४ | | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| १.४ | आलु | मे. टन/ हे. | १७.७६ | १७.९५ | १८.२५ | १९.२ | २०.९५ | २१.९५ | | |
| १.५ | तरकारी | मे. टन/ हे. | १४.०७ | १४.६ | १४.८ | १५.५६ | १६.१ | १६.६१ | | |
| १.६ | मसला बाली | मे. टन/ हे. | ८.२० | ८.३० | ८.४० | ८.४६ | ८.७५ | ९.११ | | |
| १.७ | फलफूल | मे. टन/ हे. | ११.०४ | ११.३८ | ११.७ | ११.८ | ११.९५ | १२.०८ | | |
| १.८ | दलहन | मे. टन/ हे. | १.१६ | १.३० | १.३३ | १.३५ | १.३८ | १.४ | | |
| १.९ | तेलहन | मे. टन/ हे. | १.१२ | १.१७ | १.१८ | १.१९ | १.२ | १.२७ | | |
| २ | कृषियोग्य जमिन मध्ये बाह्रै महिना सिँचाइ हुने क्षेत्र | प्रतिशत | २५ | ३० | ३५ | ४० | ४५ | ५० | वार्षिक कृषि तथ्याङ्क | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ३ | माटोको जैविक पदार्थको मात्रा | प्रतिशत | २.०७ | २.१६ | २.२७ | २.३८ | २.४४ | २.५ | वार्षिक कृषि तथ्याङ्क | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ४ | उच्च खाद्य असुरक्षाको स्थितिमा रहेको परिवार | प्रतिशत | १.३ | १.३ | १.२ | १.२ | १.१ | १.० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| **१** | **उत्पादन** | | | | | | | | | |
| १.१ | स्रोत बीउ उत्पादन | मे.टन (हजार) | १३२४ | १३३७.२ | १३६३. | १३९३.७ | १४१४ | १४२५ | वार्षिक कृषि तथ्याङ्क | |

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना / तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १.२ | उन्नत जातका बीउ उत्पादन | मे.टन (हजार) | ६५१.० | ६५५.० | ७००.० | ७१५.० | ७५०.० | ७७५ | | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| १.३ | मह उत्पादन | मे. टन. प्रति वर्ष | ५६०५ | ५८०४ | ६००३ | ६२०२ | ६४०१ | ६६०० | | |
| १.४ | च्याउ उत्पादन | मे. टन. प्रति वर्ष | १५००० | १५५०० | १६००० | १६५०० | १७२०० | १८००० | | |
| १.५ | दूध | मे.टन (हजार) | २६१४ | २६१५ | २६३३ | २६८० | ३००८ | ३०५० | | |
| १.६ | मासु | मे.टन (हजार) | ४३० | ४३८ | ४४६ | ४५४ | ५१४ | ५९० | | |
| १.७ | अण्डा | संख्या (करोड) | १६० | १६० | १६० | १६० | १६० | १६० | | |
| १.८ | माछा | मे.टन (हजार) | ११३ | १२५ | १२६ | १२७ | १२९ | १३० | | |
| २ | केन्द्रीय खाद्य स्वच्छता सूचना प्रणाली | संख्या | ०.० | ०.० | १.० | २.० | ६.० | ८.० | वार्षिक प्रतिवेदन | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ३ | नश्ल सुधार | संख्या (लाख) | ७.४ | ८ | ८.५ | ९ | १० | ११ | वार्षिक प्रतिवेदन कृषि सम्बन्धी तथ्यांकीय सूचना | कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| ४ | वीर्य उत्पादन तथा वितरण | संख्या (लाख) | १२.०७ | १२.१ | १२.५ | १३ | १३.५ | १४ | | |
| ५ | मत्स्य बीज उत्पादन तथा वितरण | संख्या (लाख) | ५९९ | ६२९ | ६६० | ६९४.९ | ७३० | ८०० | | |

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना / तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ६ | पशुपन्छी खोप उत्पादन | डोज (लाख) | ४५० | ५०७ | ५३९ | ५९० | ६३० | ७०० | | |

## ७. अनुमान तथा जोखिम

योजना अवधिमा तहगत सरकार, सहकारी संस्था, कृषक समूह तथा कृषि उद्यमी लगायत निजी क्षेत्रको समेत सहभागिता र लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन हुनेछ। रसायनिक मलको मूल्यमा अनेपक्षित वृद्धि नभई सहज आपूर्ति हुनेछ। अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी सम्झौताले निर्यात प्रवर्द्धनमा असर गर्ने छैन। राष्ट्रिय लक्ष्य प्राप्तिको लागि कृषि क्षेत्रसँग सम्बन्धित सार्वजनिक नीति तथा कार्यक्रम कार्यान्वयनमा संघ, प्रदेश र स्थानीय तह ऐक्यबद्ध हुनेछन्। जलवायु परिवर्तन लगायत दैविक प्रकोपको असर कृषि क्षेत्रमा न्यून हुनेछ।

## ३.२ भूमि व्यवस्था

### १. पृष्ठभूमि

नेपालको संविधानमा व्यवस्था भएको सम्पत्तिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हक, महिलाको हक र भूमिहीन दलितको हक सुनिश्चित गर्न उपलब्ध सिमित भूमि तथा भूमि स्रोतको दिगो व्यवस्थापनका कार्यक्रम र आयोजनाको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको छ। भूमिको समुचित उपयोग सुनिश्चित गर्न भूमि वर्गीकरण गरी भूउपयोग योजना तयार गर्न, आधुनिक प्रविधिको प्रयोग मार्फत नाप नक्सामा शुद्धता कायम गर्दै परम्परागत जग्गा प्रशासनको शैलीमा समय सापेक्ष सुधार गरी भूमि व्यवस्थापनलाई सुरक्षित, पारदर्शी र विश्वसनीय बनाई सम्पूर्ण भूमिलाई कित्तानापी प्रणालीमा आबद्ध गर्दै भू-सूचना प्रणालीद्वारा अनलाइन तथा डिजिटल सेवा प्रवाह एवम् अभिलेख तयार गर्न आवश्यक नीति, कानून, पूर्वाधार संरचना तयारी तथा स्रोत साधन परिचालन गर्न अपरिहार्य देखिन्छ। साथै, भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्नुपर्ने देखिन्छ। यसको लागि सोह्रौं योजनामा यस क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक रहेको छ। सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमले यस क्षेत्र तथा कृषि, वन तथा वातावरण, सिँचाइ, भौतिक पूर्वाधार विकास, गरिबी निवारण लगायतका अन्य क्षेत्रमा सिर्जना गर्न सक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. भूमि प्रशासन सम्बन्धी सेवालाई सरल, सहज तथा प्रभावकारी तुल्याउनु।

२. भूउपयोग वर्गीकरण तथा योजना तर्जुमा गरी भूमिको खण्डीकरण न्यूनीकरण गर्नु।

३. राज्यको आवश्यकता अनुसारको भौगोलिक सूचना र नक्सा डाटाको उपलब्धता सुनिश्चित गर्नु।

४. संवैधानिक प्रावधान बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्नु।

५. नाप नक्सा तथा जग्गा प्रशासनको क्षेत्रमा गुणस्तरीय जनशक्ति विकास गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. तीनै तहका सरकारको समन्वयमा भूमिको वर्गीकरणमार्फत जोखिम क्षेत्रको पहिचान, जग्गाको खण्डीकरण न्यूनीकरण, कृषियोग्य भूमिको संरक्षण तथा बाँझो जग्गाको उपयोगमार्फत उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने। (३.४.१)

२. भूमिको उत्पादकत्व वृद्धि गर्न भूमि, कृषि र वनलाई अन्तरआवद्ध गर्ने। (३.४.१)

३. पूर्वाधार विकास कार्यलाई भूउयोग योजनासँग आवद्ध गर्ने। (३.४.१)

४. विद्युतीय माध्यम एवम् नवीन प्रविधिहरूको उच्चतम उपयोग गरी नाप नक्सा तथा जग्गा प्रशासनसँग सम्बन्धित सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने। (१२.४.२)

५. भूमि बैंक र चक्लाबन्दीको कार्यान्वयनको लागि स्पष्ट कानूनी रूपरेखा तयार गर्ने। (७.४.३)

६. भूमि सम्बन्धी प्रशिक्षण प्रदान गर्ने संस्थाको क्षमता विकास गरी प्रविधियुक्त तालिम प्रदान गर्ने उत्कृष्ट संस्थाको रूपमा विकास गर्ने। (४.४.३ र ४.४.१५)

### ४. कार्यनीति

१. स्थानीय तहमार्फत भूमिको वर्गीकरण तथा भूउपयोग योजना तर्जुमा गरी कृषि भूमिको खण्डीकरण नियन्त्रण एवम् कृषि भूमिको संरक्षण मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गरिने छ। (रणनीति १)

२. भूमिको कृषि क्षेत्रमा वर्गिकरणको लागि प्रोत्साहन एवम् कृषि क्षेत्रको रुपान्तरणलाई निरुत्साहित गरिनेछ। (रणनीति २)

३. पूर्वाधार निर्माणका योजना तर्जुमा गर्दा भूउपयोग योजनालाई आधार लिइनेछ। (रणनीति ३)

४. सबै मालपोत कार्यालयहरूमा पूर्ण स्वचालित प्रणाली (LRIMS) तथा सबै नापी कार्यालयहरूमा नेलिस/मेरोकित्ता (NeLIS/merokitta) प्रणाली विस्तार गरी सेवा प्रवाहलाई छिटो, छरितो, सेवाग्राहीमैत्री तथा प्रभावकारी बनाइनेछ। (रणनीति ४)

५. पब्लिक एक्सेस मोड्युल (PAM) विस्तार गरी सेवाग्राहीले अनलाइन प्रणाली मार्फत घर जग्गा कारोबारको लागि निवेदन दिनसक्ने व्यवस्था मिलाइनेछ। (रणनीति ४)

६. मालपोत तथा नापी कार्यालयहरूमा हुने सबै प्रकारका भुक्तानीलाई विद्युतीय माध्यमबाट हुने गरी व्यवस्था मिलाइनेछ। (रणनीति ४)

७. आवश्यक कानूनी एवम् संस्थागत प्रबन्ध गरी भूमि बैंक, चक्लाबन्दी र भूमि बजारको अवधारणालाई कार्यान्वयनमा लगिनेछ। (रणनीति ५)

८. भूमि सम्बन्धी प्रशिक्षण प्रदान गर्ने संस्थाको क्षमता विकास गरी नापनक्सा र जग्गा प्रशासन क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ। (रणनीति ६)

## ५. कार्यान्वयन कार्ययोजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | भूमिको सदुपयोग मार्फत कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि कार्यक्रम | स्थानीय तहको भूउपयोग क्षेत्र वर्गीकरण तथा योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने | १/१ | ३ | स्थानीय तह | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नापी विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, प्रदेशका भूमि सम्बन्धी विषय हेर्ने मन्त्रालय | X | X | X | X | X |
| | | भूउपयोग योजना कार्यान्वयनको लागि स्थानीय तहलाई भूउपयोग कार्यक्रमको लागि प्राविधिक सहयोग गर्ने | १/१ | ३ | नापी विभाग | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |
| | | कृषि भूमिलाई गैर कृषि प्रयोजनमा रूपान्तरण गर्ने कार्यलाई निरुत्साहित गर्ने | १/१ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | X | X | X | X | X |
| | | कृषि क्षेत्रको अनुदान वितरण कार्यलाई कृषि क्षेत्रमा वर्गीकृत जमिनको अनिवार्यता गर्ने | १/१ | ३ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | | | | | |
| | | हैसियत बिग्रेको वन क्षेत्रलाई कृषि कार्यमा उपयोग गर्न आवश्यक प्रबन्ध गर्ने | १/१ | | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय तह | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| २ | भूमि बैंक, चक्लाबन्दी, तथा भूमि बजारको कार्यान्वयन | भूमि बैंक सम्बन्धी अवधारणा लागु गर्ने | ५/७ | ३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग | X | X | | | |
| | | भूमि बैंक सञ्चालनको लागि नियमावली तथा कार्यविधि निर्माण गरी स्थानीय तहमार्फत हुने कार्यान्वयनमा सहजीकरण गर्ने | ५/७ | ३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, स्थानीय तह | X | X | X | X | X |
| | | चक्लाबन्दी कार्यक्रम सञ्चालनको लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा सहजीकरण गर्ने | ५/७ | ३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अर्थ मन्त्रालय , संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश मन्त्रालय, स्थानीय तह | | | X | X | X |
| | | कानूनी एवम् संस्थागत व्यवस्था गरी भूमि बजारको अवधारणालाई कार्यान्वयनमा लैजाने | ५/७ | ३ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ३ | सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि कार्यक्रम | मालपोत कार्यालयबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, प्रभावकारी, अनुहार रहित र कागज रहित बनाउन तथा विद्युतीय सुशासन प्रवर्द्धन गर्न स्वचालित LRIMS प्रणालीको विकास गर्ने | ४/४ | ३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |
| | | नापी कार्यालयबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, प्रभावकारी, अनुहाररहित र कागजरहित बनाउन तथा विद्युतीय सुशासन प्रवर्द्धन गर्न NeLIS तथा Merokitta प्रणाली सबै नापी कार्यालयहरूमा विस्तार गरी लागु गर्ने | ४/४ | ३ | नापी विभाग | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | | | |
| | | मालपोत तथा नापी कार्यालयमा हुने सबै प्रकारका भुक्तानीलाई विद्युतीय स्वरूपमा रूपान्तरण गर्ने | ४/६ | ३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नापी विभाग | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, नेपाल राष्ट्र बैङ्क | X | X | X | X | X |
| | | PAM प्रणालीमा स्थानीय तहको पहुँच विस्तार गर्ने | ४/४ | ३ | भूमि व्यवस्थापन तथा अभिलेख विभाग | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| ४ | अत्याधुनिक प्रविधिबाट नापनक्सा कार्यक्रम | अत्याधुनिक LiDAR, GNSS लगायतका प्रविधिबाट सर्भेक्षण कार्य गर्ने | ७/९ | ३ | नापी विभाग | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ५ | जनशक्ति विकासको लागि व्यवसायिक तथा सीप विकास कार्यक्रम | भूमि सम्बन्धी प्रशिक्षण गर्ने निकायको सुदृढीकरण गरी उत्कृष्ट केन्द्रको रूपमा विकास गर्ने | ५/७ | ३ | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कृषि जमिनको कित्ताको औषत आकार | हेक्टर | ०.१९ | ०.१९ | ०.२० | ०.२२ | ०.२४ | ०.२५ | राष्ट्रिय कृषि गणना | भू.व्य.स.ग.नि.म. |
| | **असर** | | | | | | | | | |
| १ | प्रति कृषक परिवार कृषियोग्य जमिनको आकार | हेक्टर | ०.५५ | ०.५५ | ०.६० | ०.६२ | ०.६५ | ०.६७ | राष्ट्रिय कृषि गणना | भू.व्य.स.ग.नि.म. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | पब्लिक एक्सेस मोडुल (PAM) प्रणालीमा स्थानीय तहको पहुँच | संख्या | ५१ | १०० | २१० | ३३० | ५६५ | ७५३ | वार्षिक प्रगति प्रतिवदेन | भू.व्य.स.ग.नि.म. |
| २ | कृषक परिवारसँग भएको जग्गा मध्ये कृषि कार्यमा उपयोग भएको जग्गाको अंश | प्रतिशत | ९६ | ९६ | ९७ | ९७ | ९७.५ | ९८.० | राष्ट्रिय कृषि गणना | भू.व्य.स.ग.नि.म. |
| ३ | नेपाल भू-सूचना प्रणाली (NeLIS) मार्फत सेवा प्रवाह हुने नापी कार्यालयको संख्या | संख्या | ५५ | ९२ | १३५ | १३५ | १३५ | १३५ | वार्षिक प्रगति प्रतिवदेन | भू.व्य.स.ग.नि.म. |

| क्र.सं. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ४ | पूर्ण स्वचालित विद्युतीय भूसूचना प्रणाली (LRIMS) लागू भएका मालपोत कार्यालय | संख्या | ० | १५ | ४२ | १०० | ११० | १३५ | वार्षिक प्रगति प्रतिवदेन | भू.व्य.स.ग.नि.म. |
| ५ | CORS Network स्थापना | संख्या | ४ | ४ | ८ | १६ | २४ | ३१ | वार्षिक प्रगति प्रतिवदेन | भू.व्य.स.ग.नि.म. |
| ६ | लाइडर सर्वेक्षण | वर्ग कि.मी. हजारमा | २० | २० | २० | २४ | २४ | ३४ | वार्षिक प्रगति प्रतिवदेन | भू.व्य.स.ग.नि.म. |
| ७ | भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण | संख्या हजारमा | ४.५ | ५ | ५०० | ६०० | १००० | १००० | वार्षिक प्रगति प्रतिवदेन | भू.व्य.स.ग.नि.म. |

## ७. अनुमान तथा जोखिम

भू उपयोग योजना तर्जुमा तथा कार्यान्वयन, PAM प्रणाली कार्यान्वयन लगायतका विषयमा प्रदेश तथा स्थानीय तहको सक्रियता तथा समन्वय भएको हुने, CORS station स्थापना, LiDAR Survey, प्रणालीहरूको स्तरोन्नति तथा सञ्चालनको लागि पर्याप्त रकम विनियोजन भएको हुने, समयमै कानूनी सुधार हुने र वन लगायतका सरोकारवाला निकायहरूको सहजीकरण तथा आवश्यक स्रोत साधन व्यवस्था हुने अनुमान छ। विशेषगरी हिमाली जिल्लाहरूमा LRIMS, NeLIS लगायतका प्रणाली सञ्चालनमा कठिनाई हुने तथा भूमि बैंक, चक्लाबन्दी तथा भूमि बजारको अवधारणा नयाँ भएकोले कार्यान्वयनमा जटिलता हुने जोखिम रहेको छ।

## ३.३ उद्योग

### १. पृष्ठभूमि

मुलुकको आर्थिक तथा सामाजिक समृद्धिको लागि उद्योग व्यवसायको महत्त्वपूर्ण योगदान रहेको छ। सन् १९८० को आर्थिक उदारीकरण अभ्यासले लगानी प्रवर्द्धन तथा निर्यात प्रवर्द्धन औद्योगीकरणतर्फ उद्योग क्षेत्र अघि बढेको पाइन्छ। तत्पश्चात विदेशी लगानीलाई आकर्षित तुल्याउने, निजी तथा व्यावसायिक क्षेत्रलाई प्रोत्साहित गर्ने, प्रविधिको हस्तान्तरण तथा औद्योगिक उत्पादकत्व अभिवृद्धि गर्ने, औद्योगिक सुशासन सुदृढ तुल्याउने, सूचना तथा सञ्चार प्रविधिको उपयोग गरी दक्ष औद्योगिक सेवा व्यवस्थापन गर्ने, विश्वव्यापी अन्तर्निभरताबाट सिर्जित अवसरको उपयोग गर्ने, आर्थिक कूटनीतिलाई औद्योगिक विकासको लागि परिचालन गर्ने, सार्वजनिक निजी साझेदारी प्रवर्द्धन गर्ने, औद्योगिक पूर्वाधारको विकास गर्ने जस्ता नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याइएको देखिन्छ। नेपालमा प्रजातान्त्रिक शासन व्यवस्थाको पुनर्स्थापना भएपश्चात् औद्योगिक क्षेत्रको प्रवर्द्धन र विकास तथा नियमन गर्ने एवम् संरक्षण गर्ने उद्देश्यले औद्योगिक नीति, २०४९ तथा सो अनुकुलको कानूनी तथा संस्थागत व्यवस्था कार्यान्वयनमा ल्याइएको थियो।

सोह्रौं योजनाले अर्थतन्त्रको विकासको लागि उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै राष्ट्रिय हित अनुकुल हुने गरी विदेशी पुँजी तथा प्रविधिलाई आकर्षित गरी औद्योगिक पूर्वाधार विकास गर्न प्रोत्साहन गर्ने नीतिको कार्यान्वयनलाई विशेष जोड दिएको छ। सोही अनुरूप समग्र उद्योग क्षेत्रको विकासमा निजी क्षेत्रको नेतृत्वदायी भूमिका रहने र सरकारले उत्प्रेरक, नियामक र सहजकर्ताको भूमिका निर्वाह गर्दै औद्योगिक उत्पादन र उत्पादकत्व अभिवृद्धिको लागि तीव्र रूपमा औद्योगिकीकरण गर्ने नीति लिइएको छ। उत्पादनको संस्कृति तथा उद्यमशीलताले नै आर्थिक तथा सामाजिक रुपान्तरणको आधारशीला निर्माण गर्दछ। यसमा उत्पादनको विचार, साधन र स्रोतको परिचालन, उत्पादनको प्रक्रिया, उत्पादन र उपलब्धि एवम् लाभजन्य बजारीकरणका माध्यमबाट उत्पादित वस्तुको उपभोग तथा उपयोग एवम् निरन्तर सुधारको तार्किक कार्यढाँचा समावेश भएको हुन्छ। मुलुकमा उद्योग व्यवसायको आधारभूत संरचनामा उत्पादन र उत्पादकत्व, निर्यात, लगानी, रोजगारी, राष्ट्रिय आयमा योगदान एवम् उद्यमशीलताको संस्कृति विकास गर्ने गरी कार्यक्रम तथा आयोजनालाई कार्यान्वयनमा ल्याउनु आवश्यक रहेको छ। औद्योगिक क्षेत्र र यस सम्बन्धित अन्य क्षेत्रसँग समन्वय तथा सहकार्य कार्य सुदृढ गर्ने गरी सोह्रौं योजनाले उद्योग क्षेत्रमा परिलक्षित गरेका आयोजना तथा कार्यक्रमको समन्वयात्मक अतिरिक्त लाभ र विरोधाभाष सहितको विश्लेषण समावेश गरी यो कार्यान्वयन योजना तयार गरिएको छ।

### २. उद्देश्य

१. उद्योग क्षेत्रको विकास, विस्तार एवम् प्रवर्द्धन मार्फत औद्योगिक उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि गरी राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ बनाउनु।

२. निर्यातजन्य औद्योगिक वस्तुको परिमाण, गुणस्तर र प्रतिस्पर्धी क्षमता वृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु।

३. तुलनात्मक लाभ अधिक भएका उद्योग क्षेत्रमा नीतिगत स्थिरता एवम् लगानीमैत्री वातावरण निर्माण गरी स्वदेशी तथा विदेशी पुँजी र प्रविधि आकर्षित गर्नु।

४. स्वदेशी एवम् स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको संरक्षण, सम्वर्द्धन र विस्तार गरी आयात प्रतिस्थापनमा सहयोग पुऱ्याउनु।

### ३. रूपान्तरणकारी रणनीति

१. औद्योगिक तथा लगानी प्रवर्द्धनसँग सम्बन्धित नीतिगत, कानूनी एवम् संस्थागत सुधार तथा प्रक्रियागत सरलीकरण गर्दै स्वदेशी तथा विदेशी लगानी अभिवृद्धि गर्ने। (३.४.६)

२. उद्योग क्षेत्रको विकास र विस्तार मार्फत उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता अभिवृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउने। (३.४.६)

३. प्रविधि हस्तान्तरण, वित्तीय पँहुच अभिवृद्धि र सीप विकास मार्फत लघु, घरेलु तथा साना उद्योगको विकास र विस्तार गरी स्वदेशी उत्पादन अभिवृद्धि गर्ने। (३.४.६)

४. वित्तीय पहुँचमा अभिवृद्धि, छुट तथा सहुलियत प्रदान गरी औद्योगिकीकरणलाई थप तीव्रता प्रदान गर्ने। (३.४.६)

५. नवप्रवर्तन, स्टार्टअप र स्तरोन्मुख उद्यम जस्ता उद्यमशीलता विकासमा आधारित उद्योगको मनोवल एवम् आत्मविश्वास अभिवृद्धि गर्न नीतिगत, कानूनी तथा संस्थागत सुदृढीकरण गर्ने। (३.४.६)

६. औद्योगिक सम्पत्तिको अधिकारलाई संरक्षण एवम् प्रवर्द्धन गर्न नीतिगत, कानूनी तथा संस्थागत सुधार गरी सो सम्बन्धी अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग सम्पर्क र समन्वय गर्ने। (३.४.६)

७. औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको निर्माण एवम् सञ्चालन र अन्य औद्योगिक पूर्वाधारको विकास गर्ने। (३.४.६)

८. खानी तथा खनिजजन्य पदार्थहरूको अन्वेषण, उत्खनन् तथा प्रवर्द्धन मार्फत खानीजन्य उद्योग क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्ने। (३.४.)

९. भूवैज्ञानिक तथा भूकम्पीय अध्ययन अनुसन्धानलाई प्रविधिमैत्री र विज्ञतामा आधारित बनाउने। (३.४.१०)

१०. नेपालमा उत्पादन हुने वस्तुहरूको नेपाल गुणस्तर तयारी एवम् प्रमाणीकरण, प्रयोगशाला सुदृढीकरण र अन्तर्राष्ट्रिय क्षेत्रसँग तादत्म्य हुने गरी नापतौल क्षेत्रको विकास गर्ने। (३.४.७)

११. उद्योग विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, खानी तथा भूगर्भ विभाग, गुणस्तर तथा नापतौल विभाग, विशेष आर्थिक क्षेत्र तथा औद्योगिक क्षेत्रको सेवा प्रवाह थप छिटो, छरितो र सहज बनाउन एकद्वार प्रणालीको प्रभावकारिता अभिवृद्धि एवम् विद्युतीय प्रणालीको विकास, स्थापना र सञ्चालन गर्ने। (३.४.११)

## ४. कार्यनीति

१. औद्योगिक तथा लगानी सम्बन्धी नीति र कानूनहरूलाई सबै सरोकारवालासँगको राय सुझाव समेतका आधारमा समयसापेक्ष हुने गरी परिमार्जन एवम् प्रतिस्थापन गरिनेछ। (रणनीति १)

२. औद्योगिक तथा लगानीको वातावरणलाई थप विश्वसनीय एवम् सहज बनाई औद्योगिकीकरणमा स्वदेशी लगानी तथा निजी क्षेत्रको संलग्नता अभिवृद्धि गरिनेछ। (रणनीति १)

३. वैदेशिक लगानी आकर्षित गर्न थप मुलुकसँग द्विपक्षीय लगानी सम्झौता गर्नुका साथै, नीतिगत तथा संस्थागत सुधार एवम् प्रक्रियागत सरलीकरण गरिनेछ। (रणनीति १)

४. निजी क्षेत्रको रुग्ण उद्योगहरूको व्यवस्थापनको लागि औद्योगिक व्यवसाय ऐन तथा नियमावलीको व्यवस्था अनुसार सिफारिस समिति गठन गरी सुझाव कार्यान्वयन गरिनेछ। (रणनीति २)

५. अनौपचारिक आर्थिक प्रतिष्ठानहरूको दर्ता सम्बन्धी कार्यलाई अभियानका रूपमा सञ्चालन गरी त्यस्ता प्रतिष्ठानहरूलाई औपचारिक दायरा भित्र ल्याइनेछ। (रणनीति २)

६. उद्योगहरूमा ऊर्जाको खपत बढाउने तथा हरित ऊर्जा प्रवर्द्धन र उत्पादनको लागि मापदण्ड तय गरी कार्यान्वयन गरिनेछ। (रणनीति २)

७. सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग बढाई आयात प्रतिस्थापन र राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गरिनेछ। (रणनीति २)

८. उद्योग क्षेत्रमा रहेका विद्यमान प्रविधि तथा नयाँ प्रविधिको अध्ययन अनुसन्धान गरी उद्योग तथा वाणिज्य क्षेत्रमा उपयोग गरिनेछ। (रणनीति ३)

९. प्रदेश एवम् स्थानीय तहमार्फत लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि सहयोग कार्यक्रम सञ्चालन गरी उद्यमशीलता अभिवृद्धि गरिनेछ। (रणनीति ३)

१०. निजी क्षेत्र तथा प्रदेश एवम् स्थानीय तहका निकायहरूको सहभागिता र सहकार्यमा सीपमुलक तथा उद्यमशीलता विकास सम्बन्धी तालिम कार्यक्रम र कार्यस्थलमा आधारित तालिम सञ्चालन गरी उद्योग क्षेत्रको लागि दक्ष जनशक्ति विकास गरिनेछ। (रणनीति ३)

११. अतिकम विकसित मुलुकबाट स्तरोन्नत्ति हुँदा प्रभावित हुनसक्ने उद्योग व्यवसायलाई उत्थानशील एवम् प्रतिष्पर्धी बनाउन प्रविधि हस्तान्तरण, सीप विकास तथा बजार पँहुच सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ३)

१२. गैर आवासीय नेपालीको ज्ञान, सीप, पुँजी र प्रविधिलाई राष्ट्रिय उद्योग विकास र स्थापनामा सहजीकरण गरिनेछ। (रणनीति ३)

१३. निजी क्षेत्रको विकास एवम् प्रवर्द्धनको लागि औद्योगिक व्यवसाय ऐन तथा अन्य कानूनद्वारा प्रदान गरिएको छुट, सुविधा तथा सहुलियत प्रदान गरिनेछ। लघु, घरेलु, साना तथा मझौला उद्योगमा सहुलियतपूर्ण कर्जा उपलव्ध गराइनेछ। (रणनीति ४)

१४. उद्योगका विविध विषयमा तीन तहका सरकारबीच आवश्यक समन्वय, सहकार्य तथा सहजीकरण गरिनेछ। उद्योग स्थापना र उत्पादित वस्तुको बजारीकरणको लागि अन्तर सरकार समन्वय गरिनेछ। (रणनीति ४)

१५. नवप्रवर्तन, स्टार्टअप, स्तरोन्मुख उद्यम र महिला उद्यमीहरूको मनोबल एवम् आत्मविश्वास अभिवृद्धि गर्न सहुलियतपूर्ण कर्जा, आपूर्ति श्रृङखला व्यवस्थापन, नयाँ प्रविधि उपयोग र अग्र र पृष्ठ सम्बन्ध कायम हुने कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ५)

१६. व्यवसाय सम्वर्द्धन केन्द्र (Business Incubation Center) सञ्चालनको लागि नीतिगत तथा संस्थागत प्रबन्ध गरी उद्यम सम्वर्द्धन गरिनेछ। (रणनीति ५)

१७. औद्योगिक सम्पत्तिको संरक्षण एवम् प्रवर्द्धन गर्दै लगानी आकर्षित गर्न औद्योगिक सम्पत्ति सम्बन्धी कानून तर्जुमा गरी विशिष्टिकृत निकायको स्थापना गरिनेछ। (रणनीति ६)

१८. उद्योग क्षेत्रसम्मको पहुँच मार्ग, विद्युत प्रशारण लाइन तथा सवस्टेशन जस्ता औद्योगिक पूर्वाधारको विकास एवम् निर्माणलाई निरन्तरता दिइनेछ। सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरूप निजी क्षेत्रसँग साझेदारी गरी औद्योगिक पूर्वाधार निर्माण तथा सञ्चालन गरिनेछ। (रणनीति ७)

१९. उत्पादनमूलक उद्योगको विकास तथा प्रवर्द्धनको लागि हाल सुचारू रहेका औद्योगिक क्षेत्रहरूको सञ्चालनलाई थप प्रभावकारी बनाई निर्माणाधीन औद्योगिक क्षेत्रको निर्माण तथा सञ्चालनलाई अर्थ मन्त्रालय र वन तथा वातावरण मन्त्रालयसँग समन्वय गर्दै निजी क्षेत्रसँगको सहकार्यमा सम्पन्न गरिनेछ। (रणनीति ७)

२०. विशेष आर्थिक क्षेत्र सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था परिमार्जनमार्फत निर्यात प्रवर्द्धनलाई थप सहजीकरण गरिनेछ। विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालनमा सार्वजनिक निजी साझेदारी मोडल समेतको अबलम्बन गरिनेछ। (रणनीति ७)

२१. स्थानीय तहको प्रत्यक्ष संलग्नतामा स्थानीय कच्चा पदार्थको प्रयोग गरी स्वदेशी वस्तुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न औद्योगिक ग्राम निर्माण तथा सञ्चालन गरिनेछ। हाल घोषित औद्योगिक ग्रामको निर्माण कार्यलाई प्राथमिकतामा राखी सम्पन्न गरिनेछ। (रणनीति ७)

२२. चौंथो पुस्ताको औद्योगिकीकरण (Industry 4.0) अवधारणालाई कार्यान्वयन गर्न उद्योगहरूमा नयाँ प्रविधिको प्रयोग तथा अटोमेशनमा सहजीकरण गरिनेछ । (रणनीति ७)

२३. सर्कुलर अर्थतन्त्र तथा हरित अर्थतन्त्रमा आधारित उद्योगको विकास गर्दै उद्योगबाट उत्सर्जन हुने प्रदुषण न्यून गर्न प्रविधिको उपयोगलाई छुट, सुविधा र सहुलियत मार्फत् प्रवर्द्धन गरिनेछ । (रणनीति ७)

२४. खनिज सम्पदाहरूको अध्ययन, अन्वेषण, मूल्याङ्कन तथा प्रवर्द्धन मार्फत खनिजमा आधारित उद्योगको विकास गरिनेछ । (रणनीति ८)

२५. धातुजन्य खनिज, पेट्रोलियम तथा प्राकृतिक ग्याँस हुनसक्ने सम्भावित क्षेत्रमा स्वदेशी एवम् विदेशी लगानीकर्तालाई अन्वेषण, उत्खनन एवम् उत्पादन गर्न आकर्षण गरिनेछ । (रणनीति ८)

२६. भौगर्भिक अध्ययन हुन बाँकी क्षेत्रको क्रमश: अध्ययन अन्वेषण गरी भौगर्भिक नक्शाङ्कन तयार गरिनेछ । (रणनीति ९)

२७. भूकम्पीय अध्ययन तथा अनुसन्धान गरी भूकम्पीय जोखिम नक्साङ्कन तयार गरिनेछ । (रणनीति ९)

२८. नेपाल गुणस्तर, नापतौल र प्रत्यायन क्षेत्रको विकास गरी प्रमाणीकरण, नापजाँच तथा परीक्षण सम्बन्धी राष्ट्रिय गुणस्तर पूर्वाधार सुदृढीकरण गरिनेछ । (रणनीति १०)

२९. गुणस्तरीय वस्तु उत्पादनको लागि नेपाल गुणस्तर तयारी गरिनेछ । उद्योगबाट उत्पादित वस्तु, प्रवाह हुने सेवा एवम् प्रक्रियामा नेपाल गुणस्तर प्रमाण चिन्ह प्रदान गरिनेछ । उपभोक्ताले उपभोग गर्ने वस्तुको नापतौल तथा गुणस्तर सुनिश्चित गरिनेछ । (रणनीति १०)

३०. गुणस्तरीय वस्तुको उत्पादन र प्रमाणीकरण कार्यलाई सुनिश्चित गर्न अन्तर्राष्ट्रिय मान्यता प्राप्त हुने गरी नेपाल प्रत्यायन केन्द्रको संगठन संरचना तय, सञ्चालनको लागि नियमावली तथा मापदण्ड तर्जुमा, जनशक्ति आपूर्ति तथा विकास र अन्तर्राष्ट्रिय आवद्धता समेत लिई प्रत्यायन सेवा सुरु गरिनेछ । (रणनीति १०)

३१. सरकारी उद्योग तथा सार्वजनिक संस्थानहरूको सञ्चालनमा व्यवस्थापनका विभिन्न विकल्पको प्रयोग गर्दै कार्यकुशलता अभिवृद्धि गरिनेछ । (रणनीति ११)

३२. रूग्ण अवस्थामा रहेका सरकारी उद्योग तथा सार्वजनिक संस्थानहरूको व्यवस्थापनको सम्बन्धमा सरकारी लगानी व्यवस्थापन समितिबाट निर्धारित मोडालिटी बमोजिम कार्यान्वयन गरिनेछ । (रणनीति ११)

३३. प्रदेशमा उद्योग दर्ता गर्ने निकायको संस्थागत क्षमता विकासको लागि ज्ञान हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ । सबै प्रदेश र मातहतमा दर्ता हुने उद्योगको एकीकृत औद्योगिक तथ्यांक प्रणालीको विकास गरी प्रकाशन गरिनेछ । (रणनीति ११)

३४. मन्त्रालय तथा मातहतका निकायबाट प्रवाह हुने सेवालाई सरलीकरण गरिनेछ । उद्योग विभाग र कम्पनी रजिस्ट्रारको कार्यालयमा स्वचालित प्रणाली कार्यान्वयनमा ल्याइनेछ । एकल बिन्दु सेवा केन्द्रमा प्रतिनिधित्व गर्ने निकायहरूलाई अधिकार प्रत्यायोजन मार्फत थप प्रभावकारी बनाइनेछ । (रणनीति ११)

३५. उद्योगबाट उत्पन्न हुने प्रदुषण न्यूनीकरणको लागि सरकार तथा विकास साझेदारको सहभागिता र सम्बन्धित उद्योगीको सहकार्यमा नवीकरणीय ऊर्जाको प्रयोग हुने मेशिन औजारको उपयोग गर्दै कम दक्षता भएका र अस्वच्छ ऊर्जा खपत गर्ने पुराना प्रविधिका मेशिन औजारहरूको प्रतिस्थापन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । (रणनीति ११)

३६. मन्त्रालय, अन्तर्गतका निकाय र तहगत सरकारबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी र पारदर्शी बनाउन विभिन्न प्रणालीहरूबीच अन्तरआबद्धता कायम गरी अटोमेटेड सेवा प्रवाह गरिनेछ । (रणनीति ११)

## ५. कार्यान्वयन कार्ययोजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | औद्योगिक विकास तथा लगानी प्रोत्साहन कार्यक्रम | लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन नीति, राष्ट्रिय स्टार्टअप उद्यम नीति, औद्योगिक नीति, नयाँ राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, विदेशी लगानी नीति लगायतका नीतिहरूको तर्जुमा/परिमार्जन गर्ने; | १/१, २, ३ | ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, लगानी बोर्ड | X | X | X | X | X |
| | | औद्योगिक व्यवसाय ऐन, वित्तीय लगानी तथा प्रविधि हस्तान्तरण ऐन, कम्पनी ऐन, विशेष आर्थिक क्षेत्र सम्बन्धी ऐन, औद्योगिक सम्पत्ति सम्बन्धी ऐन, खानी तथा खनिज पदार्थ ऐन र गुणस्तर प्रमाणचिन्ह ऐन परिमार्जन गर्ने; | १/१, २, ३ | | | | | | | | |
| | | औद्योगिक तथा लगानीका क्षेत्रसँग सम्बन्धित अन्य कानूनहरूलाई समय सापेक्ष हुने गरी परिमार्जन एवम् प्रतिस्थापन गर्ने; | १/१, २, ३ | | | | | | | | |
| | | औद्योगिक तथा लगानीका क्षेत्रसँग आवश्यक पर्ने थप नीति तथा कानून तर्जुमा गर्ने; | १,२/१, २, ३ | | | | | | | | |
| | | औद्योगिकीकरणमा स्वदेशी लगानी तथा विदेशी लगानी अभिवृद्धि गर्न सहुलियत प्रदान तथा सहजीकरण गर्ने; | १,२,४/१, २, ३ | | | | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | वैदेशिक लगानी आकर्षित गर्न थप मुलुकसँग द्विपक्षीय लगानी सम्झौता गर्ने; | १,२/१, २, ३ | | | | | | | | |
| | | स्वदेशी एवम् विदेशी लगानी अभिवृद्धिको लागि लगानी सम्मेलन आयोजना गर्ने; | १,२,३/१, २, ३ | | | | | | | | |
| | | अति कम विकसित मुलुकबाट स्तरोन्नत्ति हुँदा प्रभावित हुनसक्ने उद्योग व्यवसायलाई उत्थानशील एवम् प्रतिष्पर्धी बनाउन प्रविधि हस्तान्तरण, सीप विकास तथा बजार पहुँच सम्बन्धी प्रोत्साहन गर्ने; | १,२,३/१, २, ३ | | | | | | | | |
| | | तुलनात्मक लाभका उद्योगमा निजी क्षेत्रको लगानी आकर्षण गर्ने; | १,२/१, २, ३ | | | | | | | | |
| | | गैर आवासीय नेपालीको ज्ञान, सीप, पुँजी र प्रविधिलाई उद्योग स्थापना र विकासमा उपयोग गर्ने; | १,२/१, २, ३ | | | | | | | | |
| | | लगानीका क्षेत्रहरूको खोज, अनुसन्धान, पहिचान, प्राथमिकीकरण र विविधीकरण गरी वैश्विक मूल्य श्रृङ्खलामा आवद्ध गर्ने; | १,२/१, २, ३ | | | | | | | | |
| | | व्यवसायिक सामाजिक उत्तरदायित्वको कार्यान्वयन मार्फत व्यवसायी र समाजबीच सम्बन्ध सुदृढ बनाउने | १,२/१, २, ३ | | | | | | | | |
| | | औद्योगिक प्रतिष्ठानहरूले विपद् पश्चात वस्तु तथा सेवाको सहज आपूर्ति सुनिश्चितताको लागि व्यवसाय निरन्तरता | १,२/१, २, ३ | | | | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | योजना (Business Continuity Plan) तयार गर्ने;<br>वैदेशिक लगानी सहजीकरणको लागि संस्थागत एकद्वार प्रणालीको सुदृढीकरण तथा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | <br>१,२/१, २, ३ | | | | | | | | |
| २ | उद्योग सञ्चालनको लागि सहज वातावरण प्रवर्द्धन कार्यक्रम | औद्योगिक व्यवसाय ऐन तथा प्रचलित कानून बमोजिम उद्योगले पाउनु पर्ने छुट, सुविधा र सहुलियत प्रदान गर्ने;<br>उद्योगको लागि आवश्यक सीपयुक्त जनशक्तिको उपलव्धता सुनिश्चित गर्न कार्यस्थलमा आधारित तालिमदेखि विश्वविद्यालय र तालिम केन्द्रसँगको समन्वय गर्ने;<br>औद्योगिक उत्पादन एकाइका आधारमा श्रमिकको न्यूनत्तम पारिश्रमिक दिने व्यवस्था गर्ने;<br>बैंक व्याजदरलाई उद्यमीमैत्री बनाउन निजी क्षेत्रसँग समन्वय गरी नीतिगत सुधार गर्ने;<br>औद्योगिक कच्चा पदार्थ तथा सीपयुक्त जनशक्ति आपूर्ति व्यवस्थापनलाई सहज गराउने | १,२/१, २, ३<br>१,२/१, २, ३<br>१,२/१, २, ३<br>१,२/१, २, ३<br>१,२/१, २, ३ | ३ | अर्थ मन्त्रालय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | प्राथमिक तथा सेवा क्षेत्रसँग उद्योगको अन्तर आवद्धता कायम गर्ने; | १,२/१, २, ३ | | | | | | | | |
| | | स्वदेशी कच्चा पदार्थमा आधारित उच्च मूल्य र कम तौल भएका बहूमूल्य निर्यातजन्य वस्तु तथा सेवा उत्पादनको लागि सहजीकरण गर्ने; | १,२/१, २, ३ | | | | | | | | |
| | | उद्योगबाट उत्पन्न हुने प्रदूषण न्यूनीकरण गर्न नवीकरणीय ऊर्जाको प्रयोग हुने मेशिन औजारको उपयोग गर्दै कम दक्षता भएका र परम्परागत ऊर्जा खपत गर्ने पुराना प्रविधिका मेशिन औजारको प्रतिस्थापन गर्ने कार्यक्रम सञ्चालन गर्ने | १,२/१, २, ३ | | | | | | | | |
| ३ | लघु, घरेलु, साना तथा मझौला उद्योगहरूको विकास र प्रवर्द्धन कार्यक्रम | स्थानीय स्रोत साधन र कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन गर्ने;<br>स्थानीय तहमार्फत् "एक गाउँ एक उत्पादन" कार्यक्रम सञ्चालनलाई प्रोत्साहन गर्ने;<br>रैथाने ज्ञान, सीप अनुभवलाई औद्योगिक उत्पादनसँग आवद्ध गराई सञ्चालन गर्ने;<br>लघु उद्यम कार्यक्रम मार्फत सहुलियतपूर्ण कर्जा, प्रविधि सहयोग र सीपयुक्त जनशक्ति परिचालन गर्ने; | ३, ४ / ४, ५, ६<br>१, २ / ४, ५, ६<br>१, २ / ४, ५, ६<br>१, २ / ४, ५, ६ | ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>प्रदेश<br>स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>अर्थ मन्त्रालय<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्ने;<br>लक्षित वर्गको मागमा आधारित उद्यमशीलता तथा सीप विकास र प्रविधि हस्तान्तरण कार्यक्रम सञ्चालन गर्ने;<br>परम्परागत रैथाने ज्ञान, सीप र प्रविधि प्रवर्द्धन गर्ने उद्यमीलाई छुट सुविधा र सहुलियत दिने<br>सार्वजनिक निकायमा स्वदेशी वस्तु प्रयोग गर्ने सम्बन्धी निर्देशिका कार्यान्वयन गर्ने | ३, ४ / ४, ५, ६<br>३, ४ / ४, ५, ६<br>३, ४ / ४, ५, ६<br>३, ४ / ४, ५, ६ | | | | | | | | |
| ४ | नवप्रवर्तन, स्टार्टअप तथा उद्यमशीलता विकास कार्यक्रम | नवप्रवर्तन, स्टार्टअप र जेन जी लगायतका युवा पुस्ता लक्षित उद्यमीलाई प्रोत्साहन स्वरूप सहुलियतपूर्ण कर्जा तथा अनुदान कार्यक्रम सञ्चालन गर्ने;<br>वित्तीय संस्थाको कुल कर्जा प्रवाहको निश्चित रकम अनिवार्य रूपमा उद्योग क्षेत्रमा प्रवाह गर्ने गरी समन्वय र सहजीकरण गर्ने;<br>उच्च मूल्य अभिवृद्धि र वैश्विक मूल्य श्रृङ्खलामा आवद्ध हुन सक्ने उद्यमलाई छुट सुविधा प्रदान गरी प्रवर्द्धन गर्ने; | ५/८<br>४, ५/८<br>५/८ | ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, नेपाल राष्ट्र बैंक | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सरकार, प्राज्ञिक संस्था र निजी क्षेत्रको सहकार्यमा व्यवसाय सम्वर्धन केन्द्र स्थापना एवम् सञ्चालन गर्ने; | ५/९ | | | | | | | | |
| | | प्रतिस्पर्धात्मक क्षमता एवम् तुलनात्मक लाभ भएका वस्तु तथा सेवाको पहिचान गरी व्यवसायिक उत्पादन बढाउने | २/८ | | | | | | | | |
| ५ | औद्योगिक सम्पत्ति संरक्षण एवम् सम्वर्द्धन कार्यक्रम | औद्योगिक सम्पत्ति सम्बन्धी कानून कार्यान्वयन गर्ने; | ६/१० | ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | X | X | X | X |
| | | औद्योगिक सम्पत्ति व्यवस्थापनको लागि संस्थागत व्यवस्था गर्ने; | ६/१० | | | | | | | | |
| | | औद्योगिक सम्पत्ति दर्ता, नवीकरण तथा संरक्षणको लागि जनशक्ति विकास गर्ने; | ६/१० | | | | | | | | |
| | | नेपाली ब्राण्डलाई स्थापित गर्न निजी क्षेत्रसँग सहकार्य अभिवृद्धि गर्ने; | ६/१० | | | | | | | | |
| | | औद्योगिक सम्पत्ति संरक्षण एवम् प्रवर्द्धनको लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने; | ६/१० | | | | | | | | |
| | | औद्योगिक सम्पत्ति दर्ता र प्रयोग सम्बन्धमा गुनासो तथा विवाद समयमै फछ्र्यौट गर्ने | ६/१० | | | | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ६ | औद्योगिक पूर्वाधार विकास एवम् विस्तार कार्यक्रम | लिजमा लगाउन नसकिएका औद्योगिक क्षेत्रमा सुरक्षा प्रवन्ध गरी उत्पादनमूलक उद्योग सञ्चालनमा ल्याउने, | ७ | ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय<br>औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड,<br>विशेष आर्थिक क्षेत्र प्राधिकरण | X | X | X | X | X |
| | | घोषणा भएका औद्योगिक क्षेत्रहरूमा लगानीको विस्तृत आयोजना प्रतिवेदन, वातावरणीय अध्ययन प्रतिवेदन तथा जग्गाप्राप्ति लगायतका कार्य सम्पन्न गरी सञ्चालनमा ल्याउने | ७ | | | | | | | | |
| | | तहगत तथा क्षेत्रगत समन्वय र सहकार्यका स्थान र आवश्यकता आँकलन गरी थप सङ्ख्यामा औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्राम सञ्चालन गर्ने; | ७ | | | | | | | | |
| | | उद्योगको लागि आवश्यक जमिन उपलब्ध गराई सार्वजनिक निजी साझेदारी मोडेलमा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको निर्माण तथा विकास गर्ने; | ७ | | | | | | | | |
| | | विशेष आर्थिक क्षेत्र सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था परिमार्जनमार्फत निर्यात प्रवर्द्धनलाई थप सहजीकरण गर्ने; | ७ | | | | | | | | |
| | | विशेष आर्थिक क्षेत्रको निर्माण तथा सञ्चालनमा सार्वजनिक निजी साझेदारी मोडल समेतको अबलम्बन गर्ने; | ७ | | | | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | स्थानीय तहको प्रत्यक्ष संलग्नतामा स्थानीय कच्चा पदार्थको प्रयोग गरी स्वदेशी वस्तुको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न घोषित औद्योगिक ग्राम निर्माण कार्यलाई प्राथमिकतामा राखी सम्पन्न गर्ने; | ७ | | | | | | | | |
| | | उद्योग क्षेत्रसम्मको पहुँच मार्ग, विद्युत प्रशारण लाइन तथा सबस्टेशन जस्ता औद्योगिक पूर्वाधारको विकास एवम् निर्माण गर्ने; | ७ | | | | | | | | |
| | | सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरूप निजी क्षेत्रसँग साझेदारी गरी औद्योगिक पूर्वाधार निर्माण गर्ने; | ७ | | | | | | | | |
| | | चौथो पुस्ताको औद्योगिकीकरण (Industry 4.0) अवधारणा अनुरूप उद्योगहरूमा नयाँ प्रविधिको प्रयोग तथा अटोमेशन गर्ने; | ३ | | | | | | | | |
| | | सुर्कुलर/हरित अर्थतन्त्रमा आधारित उद्योगको विकासको लागि छुट, सुविधा तथा सहुलियत दिने | २ | | | | | | | | |
| | | उद्योगबाट उत्सर्जन हुने प्रदुषण न्यून गर्न प्रविधिको उपयोगलाई लागि छुट, सुविधा तथा सहुलियत दिने | २ | | | | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | | | | | | | | | | |
| ७ | खानी, खनिज तथा भूगर्भ विकास कार्यक्रम | खनिज सम्पदाहरूको अध्ययन अन्वेषण गर्ने; | ८ | ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | | X | X | X | X | X |
| | | पहिचान भएका खानी तथा खनिजहरूको मूल्याङ्कन तथा प्रवर्द्धन गर्ने; | ८ | | | | | | | | |
| | | भौगर्भिक अध्ययन हुन बाँकी क्षेत्रको क्रमश: अध्ययन अन्वेषण गरी भौगर्भिक नक्शाङ्कन तयार गर्ने; | ९ | | | | | | | | |
| | | भूकम्पीय अध्ययन तथा अनुसन्धान गरी भूकम्पीय जोखिम नक्साङ्कन तयार गर्ने; | ९ | | | | | | | | |
| | | धातुजन्य खनिज, पेट्रोलियम तथा प्राकृतिक ग्यास हुनसक्ने सम्भावित क्षेत्रमा स्वदेशी एवम् विदेशी लगानीकर्तालाई अन्वेषण, उत्खनन एवम् उत्पादन गर्न लागि छुट, सुविधा तथा सहुलियत दिई प्रवर्द्धन गर्ने; | ९ | | | | | | | | |
| | | खास खनिजको उत्खनन्, अन्वेषण तथा प्रवर्द्धन गर्ने; | ९ | | | | | | | | |
| | | लगानीको उपयुक्त प्रारूप तयार गरी फलाम, ग्यास लगायतका वस्तुहरूको | ९ | | | | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | उत्पादन परीक्षण गरी व्यावसायिक उत्पादन आरम्भ गर्ने | | | | | | | | | |
| ८ | नेपाल गुणस्तर तथा नापतौल विकास कार्यक्रम | नेपाल गुणस्तर, नापतौल र प्रत्यायन क्षेत्रको विकास गर्ने; | १० | ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | | X | X | X | X | X |
| | | प्रमाणीकरण, नापजाँच तथा परीक्षण सम्बन्धी राष्ट्रिय गुणस्तर पूर्वाधार सुदृढीकरण गर्ने; | १० | | | | | | | | |
| | | उद्योगबाट उत्पादित वस्तु, प्रवाह हुने सेवा एवम् प्रक्रियामा नेपाल गुणस्तर प्रदान गर्ने; | १० | | | | | | | | |
| | | उपभोग्य वस्तु तथा सेवाको नापतौल, अंशङ्कन (Calibration) तथा गुणस्तर सुनिश्चित गर्ने; | १० | | | | | | | | |
| | | नेपाल प्रत्यायन केन्द्रको स्थापना, विकास र सञ्चालन गर्ने; | १० | | | | | | | | |
| | | निर्यातजन्य वस्तुको गुणस्तर अभिवृद्धि गर्न महिला तथा युवाबाट सञ्चालित साना, घरेलु तथा मझौला उद्यमीको क्षमता विकास गर्ने; | १० | | | | | | | | |
| | | थप वस्तु तथा सेवाको नेपाल गुणस्तर निर्धारण गरी क्रमश: अनिवार्य गर्ने; | १० | | | | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | अन्तर्राष्ट्रियस्तरका प्रयोगशालाहरूको स्थापना, स्तरोन्नति तथा सञ्चालन गरी नेपालको गुणस्तर परीक्षण प्रमाणपत्रलाई पारस्परिक मान्यता दिलाउने | १० | | | | | | | | |
| ९ | सरकारी उद्योग तथा सार्वजनिक संस्थान सुधार कार्यक्रम | उद्योग सम्वद्ध सार्वजनिक संस्थानहरूको वर्गीकरण र प्राथमिकीकरण गर्ने;<br>संस्थानहरूको सञ्चालनमा कार्यकुशलता हासिल गर्न रणनीतिक साझेदारी गर्ने;<br>प्रतिस्पर्धाबाट व्यवस्थापक नियुक्ति गर्ने;<br>संस्थानहरूलाई कम्पनी प्रारूपमा रूपान्तरण गर्ने तथा समान प्रकृतिका संस्थानहरू एक आपसमा गाभ्ने<br>संस्थानहरूको जोखिम व्यहोर्ने कोष स्थापना र बन्द रहेका संस्थानहरूको सम्पत्ति संरक्षण एवम् व्यवस्थापन गर्ने;<br>सुचारू हुन नसक्ने रूग्ण उद्योगहरूको व्यवस्थापनको मोडेल एकिन गरी समुचित व्यवस्थापन गर्ने | ११<br>११<br>११<br>११<br>११<br>११ | | अर्थ मन्त्रालय<br>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | X | X | X | X | X |
| १० | उद्योग एवम् कम्पनी प्रशासन सुधार तथा | उद्योग तथा कम्पनी दर्तादेखि वहिर्गमन सम्मका प्रक्रियालाई स्वचालित बनाउने;<br>उद्योग तथा कम्पनीका अभिलेखहरूलाई डिजिटाइजेशन गर्ने; | ११<br>११ | ३ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,<br>अर्थ मन्त्रालय, | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि (वर्ष) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | क्षमता विकास कार्यक्रम | उद्योग एवम् कम्पनी प्रशासनमा काम गर्ने कर्मचारीको क्षमता अभिवृद्धि गर्ने;<br>उद्योग तथा कम्पनी प्रशासनको लागि समय सापेक्ष हुने गरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्ने;<br>अनौपचारिक आर्थिक प्रतिष्ठानहरूको दर्ता सम्बन्धी कार्यलाई अभियानका रूपमा सञ्चालन गरी त्यस्ता प्रतिष्ठानहरूलाई औपचारिक दायरा ल्याउने<br>मन्त्रालय र अन्तर्गतका निकायबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी र पारदर्शी बनाउन अनलाइन सेवा प्रवाहलाई जोड दिँदै निकायगत अन्तरआबद्धता कायम गरी अनलाइन सेवा प्रवाह गर्ने | ११<br>११<br>११<br>११ | | | सूचना तथा सञ्चार प्रविधि मन्त्रालय | | | | | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको अंश | प्रतिशत | ४.९ | ५.० | ५.१ | ५.२ | ५.३ | ५.४ | राष्ट्रिय लेखा | राष्ट्रिय तथ्यांक कार्यालय |
| | **असर** | | | | | | | | | |
| १ | उत्पादनमूलक उद्योगको कुल गार्हस्थ्य उत्पादन वृद्धिदर | प्रतिशत | -२.०२ | ३.७८ | ७.१ | ७.६ | ८.० | ७.४ | राष्ट्रिय लेखा | राष्ट्रिय तथ्यांक कार्यालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | सञ्चालनमा रहेका औद्योगिक ग्राम | संख्या | ० | ३ | १० | १५ | २० | २५ | वार्षिक प्रतिवेदन | उ.वा.आ.म. |
| २ | लघु,घरेलु, साना, मझौला तथा ठूला उद्योगहरूको स्थापना र सञ्चालन मार्फत थप रोजगारी सिर्जना | हजार | १४० | १६१ | १६९ | २०० | २१० | २१० | वार्षिक प्रतिवेदन | उ.वा.आ.म. |
| ३ | दर्ता गरिएका पेटेन्टको संख्या | संख्या | २ | ५ | ७ | १० | १५ | २० | वार्षिक प्रतिवेदन | उ.वा.आ.म. |
| ४ | लघु उद्यमीको स्तरोन्नति | संख्या (हजार) | २.५२ | ३.६५ | ३.७८ | ४ | ४.५ | ४.६ | वार्षिक प्रतिवेदन | उ.वा.आ.म. |
| ५ | खानी अन्वेषणको क्षेत्रफल | वर्ग कि.मि. | ६७४ | १२०० | १२०० | १२०० | १२०० | १२०० | वार्षिक प्रतिवेदन | उ.वा.आ.म. |
| ६ | खनिजजन्य उद्योग प्रवर्द्धन | सङ्ख्या | - | ५० | ५० | ५० | ५० | ५० | वार्षिक प्रतिवेदन | उ.वा.आ.म. |
| ७ | पेट्रोलियम तथा प्राकृतिक ग्यास प्रवर्द्धन | ब्लक | - | २ | २ | २ | २ | २ | वार्षिक प्रतिवेदन | उ.वा.आ.म. |
| ८ | अत्याधुनिक भूकम्प मापन यन्त्र जडान | सङ्ख्या | - | - | ५ | ५ | ५ | ५ | वार्षिक प्रतिवेदन | उ.वा.आ.म. |

## ७. अनुमान तथा जोखिम

वस्तुको उत्पादन गर्न अन्तरतह तथा अन्तरनिकाय समन्वय भएको हुने, निजी क्षेत्रको उद्योग क्षेत्रमा लगानी विस्तार भएको हुने, नीतिगत स्थिरता कायम भएको हुने तथा यस क्षेत्रका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट तथा स्रोत साधनको व्यवस्था हुने अनुमान रहेको छ। यस क्षेत्रमा लगानी, ऊर्जाको गुणस्तरीय उपलब्धता, आन्तरिक तथा बाह्य बजारको मागको अवस्था लगायत जोखिम रहेका छन्।

## ३.४ वाणिज्य

### १. पृष्ठभूमि

राष्ट्रिय अर्थतन्त्रमा वाणिज्य क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ । उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरी व्यापार क्षेत्रमा संरचनागत रूपान्तरण गर्नु, उच्च व्यापार घाटालाई कम गर्नु, बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार सम्झौताबाट प्राप्त अवसरको अधिकतम लाभ लिनु, तीन तहका सरकार तथा निजी क्षेत्रको बीचमा वस्तु तथा सेवाको उत्पादन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनको लागि आपसी समन्वय तथा सहकार्य बढाउनु यस क्षेत्रका प्रमुख चुनौति हुन् । नेपाल व्यापार एकीकृत रणनीति, २०८० ले पहिचान गरेका निर्यात सम्भावना देखिएका वस्तु, उदयीमान वस्तु, भविष्यमा सम्भावना हुन सक्ने वस्तु तथा सेवाको उत्पादन र निकासी वृद्धि गर्नु, मूल्य अभिवृद्धियुक्त वस्तु तथा सेवाको निर्यातलाई सुदृढ गर्नु र व्यापार तथा लगानीको अन्तरसम्बन्धलाई सुदृढ गर्नु यस क्षेत्रमा थप चुनौति रहेका छन् । निर्यातलाई गतिशील बनाई व्यापार सन्तुलन कायम गर्न, विश्व अर्थतन्त्रमा आउने अवसर र चुनौतिको यथोचित सम्बोधन गर्न, सन् २०२६ मा नेपाल विकासशील मुलुकमा स्तरोन्नति पश्चात निर्यात व्यापारलाई प्रतिस्पर्धी बनाउन र सङ्घीय संरचना अनुरुप उत्पादन तथा व्यापार प्रक्रियामा तीन तहको सरकारको संलग्नता तथा सहभागिता वृद्धि गर्न आवश्यक रहेको छ ।

सोह्रौं योजनाले देशको आन्तरिक उत्पादन अभिवृद्धि एवम् प्रतिस्पर्धी क्षमताको विकासको माध्यमबाट निर्यात अभिवृद्धि, व्यापार क्षेत्रका नवीनतम विषय आत्मसाथ गरी निर्यात प्रवर्द्धन, आयात व्यवस्थापन एवम् व्यापार घाटा न्यूनीकरण गर्ने खालका कार्यक्रम तथा आयोजनालाई प्राथमिकताका साथ समावेश गरेको छ । वाणिज्य नीति तथा योजनाको कार्यान्वयनबाट आन्तरिक आपूर्ति शृंखला सुदृढ भएको हुने, प्रतिष्पर्धात्मक तथा स्वच्छ बजारको विकास भएको हुने, क्षेत्रीय तथा वैश्विक मूल्य शृंखलामा आवद्धता बढेको हुने र अनधिकृत व्यापारको अन्त्य हुने अनुमान गरिएको छ । सो अनुसार तुलनात्मक तथा प्रतिस्पर्धात्मक लाभका वस्तु तथा सेवाको उत्पादन तथा उत्पादकत्व वृद्धि, उत्पादित वस्तुको गुणस्तर वृद्धि, व्यापार तथा पारवहन लागतमा कमी, नेपाली वस्तुको अन्तर्राष्ट्रिय वजारमा प्रतिस्पर्धी क्षमता लगायतका विषयमा समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको विश्लेषण गरी यस कार्यान्वयन योजना तयार गरिएको छ ।

### २. उद्देश्य

१. निर्यात प्रवर्द्धन गर्दै आयातलाई निर्यातसँग अन्तरआवद्ध गरी व्यापार असन्तुलन कम गर्नु ।

२. व्यवसायिक वातावरण निर्माण, व्यापारजन्य पूर्वाधारको विकास र आपूर्ति श्रृंखला सुदृढीकरण गरी प्रतिस्पर्धी क्षमता विकास गर्नु ।

३. अन्तरसम्बन्धित निकाय, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तर र तीनै तहका सरकारको सहभागिता, समन्वय तथा साझेदारी अभिवृद्धि गरी अन्तर्राष्ट्रिय बजारमा नेपाली वस्तु तथा सेवाको पहुँच बढाउनु ।

### ३. रूपान्तरणकारी रणनीति

१. वाणिज्य क्षेत्रमा नीतिगत र कानूनी एकरूपता, सामञ्जस्यता तथा संस्थागत समन्वय गर्ने । (३.४.७)

२. वस्तु तथा सेवाको मूल्य अभिवृद्धि र गुणस्तर वृद्धि गर्न नविन प्रविधिको विकास तथा उपयोग गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । (३.४.७)

३. तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमता भएका वस्तुको उत्पादन बढाई निर्यात वृद्धि गर्ने । (३.४.७)

४. व्यापारलाई प्रतिस्पर्धी बनाउन आपूर्तिजन्य क्षमता अभिवृद्धि तथा व्यापार सहजीकरणका माध्यमबाट वस्तु तथा सेवाको लागत कम गर्ने । (३.४.७)

५. वस्तु तथा सेवाको निर्यात अभिवृद्धि गर्न भन्सार तथा गैरभन्सार उपाय अवलम्बन गरी नेपालको व्यापारलाई प्रतिस्पर्धी बनाउने । (३.४.७)

६. बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय व्यापार वार्ता तथा सम्झौता एवम् व्यापार कूटनीति मार्फत् व्यापार पहुँच विस्तार गर्ने। (३.४.७)

७. प्रविधिको उच्चतम उपयोग गरी सेवा व्यापार र डिजिटल व्यापारको विकास तथा प्रवर्द्धन गर्ने। (३.४.७)

८. विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात् निर्यात व्यापारमा आउने चुनौति सामना गर्न क्षमता अभिवृद्धि गर्ने। (३.४.७)

## ४. कार्यनीति

१. वाणिज्य क्षेत्रसँग सम्बन्धित विद्यमान कानून समसामयिक परिमार्जन गरिनेछ। (रणनीति १)

२. निर्यात व्यापार सम्बद्ध संस्थागत तथा मानव संसाधन क्षमता अभिवृद्धि गरिनेछ। (रणनीति १)

३. निर्यात व्यापार अभिवृद्धि गर्न प्रक्रियागत सरलीकरण गरी वस्तुगत एवम् देशगत व्यापारको विविधीकरण गरिनेछ। (रणनीति २)

४. स्वदेशी कच्चा पदार्थमा आधारित निकासीजन्य वस्तु उत्पादन गर्ने उद्योगमा प्रविधि हस्तान्तरण गरी उत्पादन प्रक्रिया सुधार गर्न छुट सुविधा तथा सहुलियत प्रदान गरिनेछ। (रणनीति ३)

५. तुलनात्मक लाभ र प्रतिस्पर्धी क्षमताका वस्तु तथा सेवाको मूल्य शृङ्खला विकास गरी अन्तर्राष्ट्रिय बजारमा निर्यात प्रवर्द्धन गरिनेछ। (रणनीति ३)

६. अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न व्यापार पूर्वाधार निर्माण तथा व्यापार लजिष्टिक्स सेवा अभिवृद्धि गरिनेछ। (रणनीति ४)

७. आयातलाई समग्र व्यापार प्रणालीको अनुकूल बनाउने गरी व्यवस्थापन गर्न गैरभन्सार उपायको समुचित प्रयोग गरिनेछ। (रणनीति ५)

८. जीवजन्तु तथा वनस्पति स्वास्थ्य (Sanitary and Phytosanitary) मा असर गर्ने वस्तुको आयात नियमन गरिनेछ। (रणनीति ५)

९. नेपाली वस्तुको व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको अन्तर्राष्ट्रिय बजारमा संरक्षण र प्रवर्द्धन गरिनेछ। (रणनीति ५)

१०. नेपाली मौलिक उत्पादनको ब्रान्डिङ र पेटेन्ट अधिकार कायम गरी निर्यात प्रवर्द्धन गरिनेछ। (रणनीति ५)

११. नेपाली वस्तु र सेवाको निर्यात अभिवृद्धि हुनेगरी द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय वार्ता तथा सम्झौता गरिनेछ। (रणनीति ६)

१२. आर्थिक कूटनीति तथा विदेशस्थित नेपाली नियोग र गैर आवासीय नेपालीको संयन्त्रलाई निर्यात प्रवर्द्धनमा परिचालन गरिनेछ। (रणनीति ६)

१३. सेवा व्यापार प्रवर्द्धन गर्न एकीकृत राष्ट्रिय रणनीति तर्जुमा गरिनेछ। (रणनीति ७)

१४. डिजिटल व्यापार प्रवर्द्धन गर्न विद्युतीय प्लेटफर्म निर्माण तथा नवीनतम सूचना प्रविधिको उपयोग गरिनेछ। (रणनीति ७)

१५. स्वदेशी वस्तु तथा सेवाको उत्पादन र उपभोग अभिवृद्धि गरी आयात प्रतिस्थापन गरिनेछ। (रणनीति ८)

१६. स्तरोन्नति पश्चात् समेत व्यापार सुविधा प्राप्त गर्ने सम्बन्धमा विभिन्न मुलुकसँग छलफल तथा वार्ता एवम् आवश्यकता अनुसार सौविध्यपूर्ण व्यापार सम्झौता गरिनेछ। (रणनीति ८)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | व्यापार–सम्बद्ध पूर्वाधार तथा लजिस्टिक सेवामा सुधार | लजिस्टिक गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने<br>व्यापार लजिस्टिक सेवाको गुणस्तर अभिवृद्धि तथा नियमन गर्ने<br>व्यापार पूर्वाधार संरचना एकीकृत रुपमा विकास तथा सञ्चालन गर्ने<br>कागजबिहीन भन्सार प्रणालीलाई सुदृढ गर्ने | ४ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय<br>अर्थ मन्त्रालय | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | x | x | x | x | x |
| २ | पारवहन मार्गको पहिचान, विविधीकरण तथा पूर्वाधारको स्तरोन्नति | भारतीय भूमि हुँदै बंगलादेशी बन्दरगाहबाट नेपालको व्यापार विस्तार गर्न भारत र बंगलादेशसँग वार्ता तथा छलफल गर्ने<br>चीनको भूमि हुँदै पारवहन सुविधाको उपयोग गरी निर्यात प्रवर्द्धन गर्ने<br>भारतसँग छलफल तथा वार्ता गरी भारतको धाम्रा, मुन्द्रा लगायतका नयाँ बन्दरगाह उपयोगको लागि कूटनीतिक पहल गर्ने | ४ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय | x | x | x | x | x |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ३ | निर्यात प्रवर्द्धन कार्यक्रम | निर्यात सम्भाव्य वस्तु तथा सेवाको विकास तथा मूल्य श्रृंखला विकास गरी निर्यात प्रवर्द्धन गर्ने<br><br>कृषिजन्य, वनजन्य र औद्योगिक वस्तुको निकासी प्रवर्द्धन गर्न संग्रह, ग्रेडिङ, गुणस्तर नियमन, आधुनिक प्रयोगशाला, क्वारेन्टाइन, प्रमाणीकरण, प्रत्यायन लगायतका पूर्वाधार निर्माण तथा सुदृढीकरण गर्ने<br><br>निकासीजन्य वस्तुको गुणस्तर कायम गर्न निजी क्षेत्रको क्षमता अभिवृद्धि गर्ने<br><br>अन्तर्राष्ट्रिय बजारमा ब्राण्डिङ र बजारीकरण गर्न निजी क्षेत्रलाई सहजीकरण गर्ने<br><br>निकासीजन्य वस्तुको गुणस्तर अभिवृद्धिको लागि प्रविधि र सीप विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने | ३ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय र विदेशस्थित कूटनीतिक नियोगहरू, नेपाल राष्ट्र बैङ्क | x | x | x | x | x |
| ४ | बहुपक्षीय, द्विपक्षीय तथा क्षेत्रीय व्यापार सम्झौता मार्फत अन्तर्राष्ट्रिय बजारमा पहुँच अभिवृद्धि | द्विपक्षीय व्यापार वार्ता तथा सम्झौता मार्फत बजार पहुँच बढाउने | ६ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय | x | x | x | x | x |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | क्षेत्रीय स्वतन्त्र व्यापार सञ्जाल/पहलहरूमा सहभागिता बढाई निर्यात अभिवृद्धि गर्ने<br><br>व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको संरक्षण र उपयोग गरी विश्व बजारमा नेपाली उत्पादनलाई स्थापित गर्ने<br><br>व्यापार तथा लगानीको लागि प्रमुख आकर्षक मुलुकसँग आवश्यकता अनुसार स्वतन्त्र व्यापार सम्झौता, सौविध्यपूर्ण व्यापार सम्झौता र व्यापार तथा लगानी कार्यढाँचा सम्झौता गर्ने<br><br>विश्व व्यापार संगठनमा नेपालको हित हुने गरी बहुपक्षीय व्यापार वार्ता तथा सम्झौता गर्ने<br><br>विश्व व्यापार संगठनबाट प्राप्त सुविधा र सौविध्यपूर्ण व्यापार सम्बन्धी सुविधा प्राप्त गर्न अन्य अतिकम विकसित मुलुक र स्तरोन्नति भएका मुलुकबीच सहकार्य गर्ने | | | | | | | | | |
| ५ | विकासशील राष्ट्रमा स्तरोन्नति पश्चात | युरोपियन युनियन र तुर्किएसँग व्यापार सुविधा (GSP+ र GSP Enhanced | ८ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय, | x | x | x | x | x |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | व्यापार क्षेत्रमा अवसर बढोत्तरी | Framework) को लागि आवश्यक तयारी तथा वार्ता गर्ने<br><br>संयुक्त राज्य अमेरिकासँग सौविध्यपूर्ण व्यापार सम्झौताको लागि वार्ता गर्ने<br><br>आयातलाई समग्र व्यापार प्रणालीको अनुकूल बनाउने गरी व्यवस्थापन गर्न गैरभन्सार उपायको कानूनबमोजिम समुचित प्रयोग गर्ने<br><br>स्तरोन्नति पश्चात् निकासीको लागि पुरा गर्नुपर्ने उत्पत्तिको नियम सम्बन्धी कठिन प्रावधान लगायत अन्तर्राष्ट्रिय बजारमा प्रवेशका शर्त परिपालना गर्न गुणस्तर सम्बन्धी पूर्वाधारको सवलीकरण र व्यापारिक साझेदार मुलुकसँग वार्ता तथा निजी क्षेत्रको क्षमता विकास गर्ने<br><br>साफ्टा र बिमस्टेक स्वतन्त्र व्यापार क्षेत्र सम्बन्धी सम्झौतामा स्तरोन्नति पछि निश्चित वर्षसम्म अतिकम विकसित राष्ट्रले पाए सरहको व्यापार सुविधा रहने गरी वार्ता तथा सम्झौता गर्ने<br><br>स्तरोन्नति पश्चात् समेत व्यापार सुविधा प्राप्त गर्न चीन, अष्ट्रेलिया, क्यानडा, | | | | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,<br>वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | जापान, नर्वे, कोरिया र स्वीजरल्याण्डसँग छलफल तथा वार्ता गर्ने | | | | | | | | | |
| ६ | व्यापार वार्ता तथा नीति निर्माण सम्बन्धी क्षमता अभिवृद्धि | निर्यात गरिने मुलुकको बजार पहुँचसँग सम्बन्धित सबै सूचना निर्यातकर्ताले थाहा पाउने गरी नेपाल ट्रेड पोर्टललाई सुदृढीकरण गर्ने<br><br>व्यापार सम्बन्धी मापदण्ड, व्यापार नक्सा, बजार पहुँच नक्सा र बजार विश्लेषण उपकरण तथा ल्याबनेटको उपयोग गरी निर्यात बजार अनुसन्धान तथा विश्लेषण गर्न ट्रेड इन्टेलिजेन्सको स्थापना तथा सञ्चालन गर्ने<br><br>व्यापार वार्तालाई प्रभावकारी बनाउन व्यापार वार्ताको पुस्तिका तयार गर्ने<br><br>प्रभावकारी व्यापार वार्ताको लागि क्षमता विकास तालिम सञ्चालन गर्ने | ६ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय र व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | x | x | x | x | x |
| ७ | निर्यातको उच्च सम्भावना भएका वस्तु तथा सेवाको निर्यात प्रवर्द्धन | नेपाल व्यापार एकीकृत रणनीतिमा पहिचान गरिएका निर्यात सम्भाव्य वस्तु तथा सेवाको मूल्य श्रृङ्खला विकास गर्ने | २, ३ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्कृति, | x | x | x | x | x |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | तुलनात्मक र प्रतिस्पर्धात्मक लाभ भएका वस्तु वा सेवाको उत्पादनमा स्वदेशी तथा विदेशी लगानी प्रवर्द्धन गर्दै राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मूल्य श्रृंखलामा आबद्ध गर्ने<br><br>व्यापार सहजीकरण तथा भन्सार प्रक्रिया सरलीकरण गरी व्यापारलाई लागत प्रभावी बनाउने<br><br>गुणस्तर मापदण्ड सम्बन्धी क्षमता बढाउन नेपाल व्यापार एकीकृत रणनीति र व्यापार घाटा न्यूनीकरण कार्ययोजनाको कार्यान्वयन गर्ने<br><br>सूचना प्रविधि तथा बिपिओ क्षेत्रको कुशलता तथा क्षमता अभिवृद्धि गर्न उच्च सीपयुक्त जनशक्ति उत्पादन तथा सेवा निर्यातमा प्रोत्साहन गर्ने<br><br>पर्यटन, सूचना प्रविधि, ऊर्जा लगायतको सेवा व्यापारको प्रवर्द्धन हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने<br><br>निर्यात प्रवर्द्धन गर्न विभिन्न व्यापारिक साझेदार मुलुकहरूमा सार्वजनिक तथा | | | | पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल राष्ट्र बैंक | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | निजी क्षेत्रद्वारा संयुक्त रूपमा प्रचारप्रसार अभियान सञ्चालन गर्ने | | | | | | | | | |
| ८ | निर्यात क्षमता अभिवृद्धि गर्न व्यापार सहायता परिचालन | विकास साझेदार मुलुक तथा अन्तर्राष्ट्रिय संस्थाबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगलाई निर्यात अभिवृद्धि गर्न अधिकतम उपयोग गर्ने<br>नेपाली वस्तुको निर्यात बजारको अनुसन्धान तथा प्रवर्द्धन गर्न सहायता परिचालन गर्ने<br>नेपाल व्यापार एकीकृत रणनीति, २०८० कार्यान्वयनको लागि व्यापारमा क्षेत्रगत अवधारणा अवलम्बन गर्ने | ८ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल राष्ट्र बैंक | x | x | x | x | x |
| ९ | व्यापार कूटनीतिमार्फत् निर्यात प्रवर्द्धन | व्यापार तथा लगानी अभिवृद्धि गर्न व्यापार कूटनीतिको रणनीति तयार गर्ने<br>देशगत आधारमा व्यापार कूटनीति रणनीतिक रुपमा सञ्चालन गर्ने<br>नेपाली दूतावास तथा नियोगहरूमा एउटा छुट्टै व्यापार तथा लगानी डेस्क स्थापना गर्ने | ६ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | x | x | x | x | x |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कुल गार्हस्थ उत्पादनको अनुपातमा वैदेशिक व्यापार सन्तुलन (+-) | प्रतिशत | -२७.७ | -२५.८ | -२४.५ | -२३.५ | -२३.० | -२२.५ | नेपालको वैदेशिक व्यापार तथ्याङ्क | उ.वा.आ.म. |
| | **असर** | | | | | | | | | |
| १ | आयात निर्यात अनुपात | अनुपात | १०.४५ | ६.५१ | ६.५० | ६.४५ | ६.४० | ६.३५ | नेपालको वैदेशिक व्यापार तथ्याङ्क | उ.वा.आ.म. |
| २ | कुल गार्हस्थ्य उत्पादनमा वस्तु तथा सेवा आयातको अनुपात | प्रतिशत | ३४.७ | ३५ | ३४ | ३३ | ३२ | ३१ | ,, | ,, |
| ३ | कुल गार्हस्थ उत्पादनमा वस्तु तथा सेवा निर्यातको अनुपात | प्रतिशत | ७ | ७.२ | ८.० | ८.१ | ८.३ | ८.५ | ,, | ,, |
| ४ | वस्तु व्यापार सघनता | सूचकाङ्क | ७.१७ | ६.५ | ६.० | ५.५ | ५.० | ५.० | ,, | ,, |
| ५ | वस्तु तथा सेवा निर्यातमा अस्थिरता | सूचकाङ्क | ४.९८ | ४.५० | ४.२५ | ४.१५ | ४.० | ४.० | ,, | ,, |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | कुल वस्तु आयात | रू. करोड | १५९२.९९ | १८०४.१२ | १९०० | १९३० | १९५० | २००० | नेपालको वैदेशिक व्यापार तथ्याङ्क | उ.वा.आ.म. |
| २ | कुल वस्तु व्यापारमा आयातको हिस्सा | प्रतिशत | ९१.२७ | ८६.७ | ८५.० | ८४.० | ८३.० | ८२.० | ,, | ,, |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ३ | कुल वस्तु व्यापारमा निर्यातको हिस्सा | प्रतिशत | ८.७३ | १३.१ | १५.० | १६.० | १७.० | १८.० | ,, | ,, |
| ४ | आयातबाट प्राप्त राजस्व वृद्धिदर | प्रतिशत | -१.१६ | १३.२५ | १४.० | १४.५ | १५.० | १५.५ | ,, | ,, |
| ५ | कुल निर्यातमा प्रमुख १० वस्तुको हिस्सा | प्रतिशत | २७.३८ | ६१.०७ | ५०.० | ४५.० | ४०.० | ३५.० | ,, | ,, |

## ७. अनुमान तथा जोखिम

आधारभूत उपभोग्य, तुलनात्मक र प्रतिस्पर्धी वस्तुको उत्पादन गर्न अन्तरतह तथा अन्तरनिकाय समन्वय भएको हुने तथा यस क्षेत्रका कार्यक्रम कार्यान्वयन गर्न आवश्यक बजेट तथा स्रोत साधनको व्यवस्था हुने अनुमान रहेको छ। यस क्षेत्रमा व्यापार साझेदार मुलुकमा हुने नीतिगत परिवर्तन, भूराजनीतिक परिवर्तन, राजनीतिक लगायतका जोखिम रहेका छन्।

### ३.५ आपूर्ति

#### १. पृष्ठभूमि

स्वच्छ र प्रतिस्पर्धात्मक बजार कायम गरी उपभोक्ताको हित संरक्षणको लागि वस्तु तथा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, शुद्धता, परिमाणलगायतका विषयमा अनुगमन तथा निरीक्षण कार्यलाई व्यवस्थित गर्न आपूर्ति व्यवस्थालाई व्यवस्थित, भरपर्दो, वैज्ञानिक र अनुमानयोग्य बनाउन जरुरी भएको छ। नेपालको संविधानमा उल्लिखित उपभोक्ता हकको संरक्षण र सम्वर्द्धन, राज्यका निर्देशक सिद्धान्तको अनुशरण र राज्यका नीतिको कार्यान्वयन गर्न गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको संवैधानिक अधिकारको प्रत्याभूति गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन, २०७५, उपभोक्ता संरक्षण ऐन, २०७५ तथा नियमावली, २०७६, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ तथा नियमावली, २०६६, वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन) गर्ने ऐन, २०७४ तथा नियमावली, २०७६ कार्यान्वयनमा रहेका छन्। बजार अनुगमन निर्देशिका, २०७९ कार्यान्वयनमा ल्याइएको छ। नेपाल सरकारले निर्धारण गरेको न्यूनतम समर्थन मूल्यमा कृषि उत्पादन खरिद गरी राष्ट्रिय खाद्य भण्डार तथा सार्क खाद्य सुरक्षा भण्डारमा तोकिएको परिमाणमा खाद्यान्न सञ्चय गर्ने व्यवस्था मिलाइएको छ। विगतदेखि नै नेपाल सरकारले मुलुकका अति दुर्गम, दुर्गम तथा विकट क्षेत्रमा खाद्य सुरक्षा सुनिश्चितताको लागि सार्वजनिक संस्थानहरू मार्फत् अत्यावश्यक वस्तु तथा सेवा उपलब्ध गराउँदै आएको छ। सोह्रौं योजनाले नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिमा खाद्यान्नको दिगो उत्पादन, सञ्चय, आपूर्ति, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने र अत्यावश्यक वस्तु तथा सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै दुर्गम तथा पछाडि परेका क्षेत्रलाई प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने विषय समावेश गरेको छ।

मुलुकमा वस्तु तथा सेवाको माग, उत्पादन, आयात, संचय र उपभोग सम्बन्धी एकीकृत तथ्याङ्क उपलब्ध नहुनु, आपूर्तिसँग सम्बन्धित सार्वजनिक संस्थानहरूको भौतिक संरचना र व्यवस्थापकीय पक्ष कमजोर हुनु, भौगोलिक विकटता, दुर्गम एवम् छरिएर रहेका वस्तीले गर्दा वस्तुको ढुवानी तथा सेवाको वितरणमा कठिनाई हुनु, बजारमा हुन सक्ने कार्टेलिङ, सिण्डिकेट, कालोबजारी, उपभोग्य वस्तुमा मिसावट लगायतका क्रियाकलाप रहनु, अस्वाभाविक मूल्यवृद्धि समयसापेक्ष र जनअपेक्षाअनुरूप अनुमानयोग्य, व्यवस्थित र वैज्ञानिक आपूर्ति प्रणालीको विकास गर्न नसक्नु आपूर्ति क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन्। पोषणयुक्त खाना र स्वास्थ्य सम्बन्धी जनचेतना एवम् सन्तुलित खानपान एवम् जीवनशैलीका बारेमा जनचेतना अभिवृद्धि गर्नु, नुन, पेट्रोलियम पदार्थ, रासायनिक मल लगायतका वस्तुहरूको नियमित रूपमा आयात, पर्याप्त भण्डारण तथा बिक्री वितरणको लागि आवश्यक प्रबन्ध गर्नु, परल मूल्यको आधारमा बिक्री मूल्य निर्धारण गरी स्वचालित मूल्य प्रणाली लागू गर्नु, विपन्न तथा सीमान्तकृत वर्ग एवम् समुदायमा दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित रूपमा उपलब्धता सुनिश्चितता गर्नु, देशभित्र अत्यावश्यक वस्तु तथा सेवा उत्पादन गर्ने खालका उद्योगहरूको स्थापना गरी सञ्चालनको सहज वातावरण तयार गर्नु प्रमुख चुनौतिको रूपमा रहेका छन्। यस सन्दर्भमा योजनाले मार्गदर्शन गरेका विषयलाई सम्बोधन गर्न यो कार्यान्वयन योजना तयार गरिएको छ।

#### २. उद्देश्य

१. आपूर्ति व्यवस्थालाई सहज र प्रभावकारी बनाउन आवश्यक नीति निर्माण, पूर्वाधार एवम् संरचनाको सुदृढीकरण, सहकार्य तथा साझेदारी र कार्य वातावरण बनाउनु।
२. उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धन सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन गर्नु।
३. संघ, प्रदेश र स्थानीय तहबीचको समष्टिगत समन्वय र सहकार्यमा गुणस्तरीय वस्तु तथा सेवाको सहज र सुलभ रूपमा आपूर्ति गर्नु।

#### ३. रूपान्तरणकारी रणनीति

१. बजारमा स्वच्छ प्रतिस्पर्धा कायम हुनेगरी उत्थानशील एवम् अन्तरआबद्धतामा आधारित आपूर्ति प्रणाली विकास गर्ने। (३.४.२)

२. आपूर्ति व्यवस्था नियमित र सर्वसुलभ गराउन सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच सहकार्य र साझेदारी निर्माण गर्ने। (३.४.७)

३. संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यमा गुणस्तरीय वस्तु तथा सेवाको सहज र सुलभ रूपमा आपूर्ति गर्ने। (३.४.२)

४. आपूर्ति व्यवस्थालाई सहज र प्रभावकारी बनाउन आवश्यक पूर्वाधार एवम् संरचनाको सुदृढीकरण गर्ने। (३.४.७)

५. वस्तु तथा सेवाको यथार्थपरक लागत मूल्यमा आधारित उपभोक्ता मूल्य प्रणाली स्थापित गर्ने। (३.४.२)

६. खाद्य सुरक्षा सुनिश्चित गर्दै खाद्यवस्तुमा नागरिकको पहुँच विस्तार गरी उपभोक्ताको हक, हित र अधिकार संरक्षण गर्ने। (३.४.२)

**४. कार्यनीति**

१. अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति नियमित, सरल, सहज र सुलभ बनाइनेछ। (रणनीति १)

२. आपूर्ति व्यवस्थापनसँग सम्बन्धित निकायहरूलाई केन्द्रदेखि स्थानीय तहसम्म सबल, प्रभावकारी र उत्तरदायी बनाइनेछ। (रणनीति १ )

३. कालोबजारी, एकाधिकार, कृत्रिम अभाव सिर्जना र प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको अन्त्य गर्दै व्यापारिक नैतिकता र अनुशासन कायम गरिनेछ। (रणनीति १)

४. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारीमा आपूर्ति प्रणालीलाई नियमित र सहज बनाइनेछ। (रणनीति २)

५. स्थानीयस्तरमा उत्पादित वस्तु तथा सेवाको बजारीकरणलाई प्रोत्साहन गरी स्थानीय आपूर्ति प्रणाली सुदृढ गरिनेछ। (रणनीति २)

६. सङ्घीय शासन व्यवस्था अनुरूप राष्ट्रिय आपूर्ति प्रणालीलाई सुदृढीकरण गरिनेछ। (रणनीति ३)

७. आपूर्ति व्यवस्थामा संलग्न संस्थानको संस्थागत तथा संरचनागत सुदृढीकरण गरिनेछ। (रणनीति ४)

८. विपद्को समयमा पनि वस्तु तथा सेवाको आपूर्ति सहज बनाउन संस्थागत क्षमता विकास र विस्तार गर्ने तथा भण्डारण क्षमता वृद्धि गरिनेछ। (रणनीति ४)

९. आधारभूत आवश्यकताका वस्तुको उत्पादन, भण्डारण र वितरण क्षमता अभिवृद्धि गरी आपूर्ति व्यवस्था सहज एवम् सुलभ तुल्याइनेछ। (रणनीति ६)

१०. उपभोक्तालाई गुणस्तर तथा मूल्यको आधारमा वस्तु तथा सेवाको छनौटको सुविधा प्रदान गरिनेछ। (रणनीति ५ )

११. सुपथ मूल्यमा खाद्यान्न आपूर्ति गर्ने स्थायी संयन्त्रको विकास गरिनेछ। (रणनीति ५)

१२. प्रतिस्पर्धा प्रवर्द्धन तथा उपभोक्ता हित संरक्षणसम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन एवम् अनुगमन गरी आन्तरिक व्यापार र आपूर्ति व्यवस्थालाई सहज र प्रभावकारी तुल्याइनेछ। (रणनीति ५)

१३. वस्तु तथा सेवाको प्रतिस्पर्धात्मक मूल्य प्रणाली सुदृढ गर्ने तथा वस्तु तथा सेवाको गुणस्तर सम्बन्धी मापदण्ड निर्धारण गरी प्रमाणीकरण गर्ने प्रबन्धबाट बजारलाई सुदृढ, स्वच्छ र प्रतिस्पर्धी बनाइनेछ। (रणनीति ५)

१४. अत्यावश्यक वस्तु तथा सेवाको आवधिक रूपमा मूल्य निर्धारण गरिनेछ। (रणनीति ५)

१५. भौगोलिक रूपमा विकट एवम् दुर्गम क्षेत्रमा अत्यावश्यक वस्तु तथा सेवाको योजनाबद्ध आपूर्ति व्यवस्था मिलाइनेछ। (रणनीति ६)

१६. विपन्न र पछाडि परेका वर्गलाई विशेष प्राथमिकता दिई अत्यावश्यक खाद्य वस्तुमा नागरिकको पहुँच विस्तार गरिनेछ। (रणनीति ६)

१७. खाद्य सुरक्षा सुनिश्चित गर्दै खाद्यवस्तुमा नागरिकको पहुँच विस्तार गरी उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गरिनेछ। (रणनीति ६)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ नं | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | उपभोक्ताको हित प्रवर्द्धन कार्यक्रम | उपभोक्ताको हित प्रवर्द्धन गर्न उपभोक्ता अदालत गठन गर्ने | ६ | ६ | सर्वोच्च अदालत | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | x | | | | |
| २ | खाद्यान्न तथा नून ढुवानी कार्यक्रम | दुर्गम जिल्लामा सर्वसुलभ रूपमा अत्यावश्यक खाद्यान्न तथा नून आपूर्ति गर्ने | २ | ६ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड, साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, प्रदेश तथा स्थानीय तह | x | x | x | x | x |
| ३ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | स्थानीय रैथाने बाली खरिद गरी रैथाने बालीको संरक्षण र किसानको उत्पादन बिक्रीको व्यवस्था गर्ने | ५ | ३ | नेपाल खाद्य तथा व्यापार कम्पनी लिमिटेड | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रदेश तथा स्थानीय तह | x | x | x | x | x |
| ४ | पेट्रोलियम पदार्थको नियमित आपूर्ति | पेट्रोलियम पदार्थको ढुवानी, भण्डारण र वितरणको क्षमता अभिवृद्धि गरी भरपर्दो आपूर्ति व्यवस्थाको सुनिश्चितता गर्ने | ४ | | नेपाल आयल निगम लिमिटेड | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | वस्तु तथा सेवाको उपभोक्ता मूल्य अस्थिरता (वार्षिक औषत) | प्रतिशत | ५.४४ | ४.०६ | ५.५० | ६.० | ६.० | ६.० | आवधिक प्रतिवेदन नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय |
| | **असर** | | | | | | | | | |
| १ | वस्तु तथा सेवाको उपभोक्ता मूल्य अस्थिरता (वार्षिक अधिकतम) | प्रतिशत | ८.१९ | ६.०५ | ६.० | ५.८ | ५.५ | ५.५ | आवधिक प्रतिवेदन नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय |
| २ | वस्तु तथा सेवाको उपभोक्ता मूल्य अस्थिरता (वार्षिक न्यूनतम) | प्रतिशत | ३.५७ | २.२० | २.५ | २.८ | ३.१ | ३.५ | आवधिक प्रतिवेदन नेपाल राष्ट्र बैंक | अर्थ मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | तोकिएका दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | मे टन (हजार) | ३०.४८ | १७.५०९ | २० | २० | २० | २० | वा. प्र. | उ.वा.आ.म. |
| २ | राष्ट्रिय खाद्य सुरक्षा भण्डारणमा खाद्यान्न मौज्दात | मे टन (हजार) | ५.७८८ | ९. ८७८ | २५ | २५ | २५ | २५ | वा. प्र. | उ.वा.आ.म. |
| ३ | सार्क खाद्य बैकमा खाद्यान्न मौज्दात | मे टन (हजार) | ८ | ८ | ५ | ८ | ८ | ८ | वा. प्र. | उ.वा.आ.म. |
| ४ | तोकिएका दुर्गम जिल्लामा आयोडिनयुक्त नुन ढुवानी | मे टन (हजार) | ७.७३९ | ७.५७६ | ८.१६० | ९ | ९ | ९ | वा. प्र. | उ.वा.आ.म. |

**७. अनुमान तथा जोखिम**

आपूर्ति पूर्वाधार निर्माण कार्यमा आयोजनाको पूर्व तयारीको साथै तहगत सरकार र निजी क्षेत्र बीच समन्वय र सहकार्य तथा खाद्यान्न लगायत नागरिकका आधारभूत उपभोग्य, तुलनात्मक र प्रतिस्पर्धी वस्तुको उत्पादन गर्न अन्तरतह तथा अन्तरनिकाय समन्वयमा कमी हुनसक्ने जोखिम रहेको छ। त्यस्तै आन्तरिक उत्पादनमा कमी, प्राकृतिक विपद्समेतका कारण हुनसक्ने पूर्वाधार क्षतिको कारण आपूर्ति तथा ढुवानीमा आउन सक्ने अवरोध र पेट्रोलियम पदार्थ तथा औद्योगिक कच्चा पदार्थको अन्तर्राष्ट्रिय बजारमा हुनसक्ने मूल्य वृद्धिले असर पार्न सक्ने जोखिम रहेको छ। सूचना प्रविधिमा आधारित बजार अनुगमन प्रणाली कार्यान्वयन र व्यापारिक स्वच्छता तथा सुशासन कायम गरी नागरिकलाई गुणस्तरीय वस्तु तथा सेवा उपलब्ध गराउन पर्याप्त जनचेतनामूलक कार्यक्रम सञ्चालन समयमा भएमा उपभोक्ताको अधिकार प्रभावकारी रूपमा संरक्षण हुनेछ।

## ३.६ पर्यटन

### १. पृष्ठभूमि

नेपालको आर्थिक विकासको लागि पर्यटन प्रचुर सम्भावनायुक्त क्षेत्र हो । पर्यटन क्षेत्रको प्रवर्द्धन, विकास र विस्तारमार्फत् रोजगारीका अवसर सिर्जना गरी गरिबी निवारणको लक्ष्य हासिल गर्नुको साथै जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन यस सम्बन्धी आयोजना तथा कार्यक्रमलाई कार्यान्वयनमा लैजानु अपरिहार्य छ । साथै, पर्यटन क्षेत्रको विविधीकरण, विस्तार र प्रवर्द्धन गर्दै यसलाई कृषि, स्वास्थ्य, उद्योग, वन, पर्यापर्यटन, संस्कृति, उड्डयन लगायतका आर्थिक र सामाजिक रुपान्तरणका क्षेत्रसँग जोड्दै राज्यका तीन वटै तहका सरकारको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन आवश्यक छ । सोह्रौं योजनाको विभिन्न विषयअन्तर्गत पर्यटन क्षेत्र सम्बद्ध रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ । यस योजनाको कार्यान्वयनमा विश्व बजारमा नेपाललाई प्रमुख आकर्षक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्ने, नयाँ पर्यटकीय वस्तुको पहिचान र विविधीकरण गर्ने, पर्यटकीय पूर्वाधारको तीव्रतर विकास, विस्तार एवम् उद्यमशीलता विकास गर्ने, पर्यटकीय पूर्वाधार निर्माणमा निजी लगानी आकर्षण गर्ने, पर्यटन सेवालाई छरितो, पर्यटकमैत्री, सुरक्षित र विश्वासिलो बनाउने विषयलाई सम्बोधन गर्नुपर्ने देखिएको छ । सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमहरूले यस क्षेत्र तथा आर्थिक, सामाजिक, वन तथा वातावरण लगायतका अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी राज्यका तीनै तहको समन्वय तथा सहकार्यमा प्रभावकारी कार्यान्वियन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यस क्षेत्रको कार्यान्वयन योजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. नेपाललाई आकर्षक, सुरक्षित एवम् भरपर्दो र दिगो पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नु ।

२. अर्थतन्त्रमा पर्यटन क्षेत्रको योगदान वृद्धि गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. पर्यटकीय पूर्वाधार र सेवाको विकास र विस्तार गर्ने । (३.४.८)

२. पर्यटन क्षेत्रमा शासकीय दक्षता सुधार गर्ने । (३.४.८)

३. पर्यटकीय वस्तुको विकास, प्रवर्द्धन र गुणस्तर अभिवृद्धि गरी रोजगारी, स्थानीय उत्पादन र आयआर्जनसँग आवद्ध गर्ने । (३.४.८)

४. दिगो, समावेशी एवम् उत्थानशील तथा गुणस्तरीय पर्यटकीय सेवाको प्रवर्द्धन गर्ने । (३.४.८)

### ४. कार्यनीति

१. पर्यटकीय पूर्वाधारको विकासमा सार्वजनिक र निजी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ । (रणनीति १)

२. पर्यटन क्षेत्रको प्रवर्द्धन गर्न कानूनी तथा प्रकृयागत सरलीकरण गरिनेछ । (रणनीति १)

३. पर्यटन क्षेत्रको खण्डीकृत तथ्याङ्क संकलन, विश्लेषण र प्रकाशन गरिनेछ । (रणनीति २)

४. विश्वविद्यालय एवम् अन्य प्राज्ञिक प्रतिष्ठानहरूको सहकार्यमा दक्ष एवम् सीपयुक्त जनशक्तिको विकास गरिनेछ । (रणनीति २)

५. पर्यटन सेवा व्यवस्थापनमा अन्तरतह तथा अन्तरनिकाय समन्वय गरिनेछ । (रणनीति २)

६. पर्यटकीय क्षेत्रहरूको विकास तथा पर्यटकीय वस्तुहरूको विविधीकरण गरी पर्यटन क्षेत्रको व्यवसायीकरण गरिनेछ । (रणनीति ३)

७. पर्यटन क्षेत्रलाई रोजगारीसँग आवद्ध गरी स्थानीय आयआर्जन अभिवृद्धि गरिनेछ । (रणनीति ३)

८. आरोग्य पर्यटन, खेल पर्यटन, कृषि पर्यटन, पर्यापर्यटन र साहसिक पर्यटनको प्रवर्द्धन गरिनेछ । (रणनीति ३)

९. तीनै तहका सरकार र निजी क्षेत्रको समन्वय र सहलगानीमा घरबास, इको-हिल स्टेसन र टाकुरा पर्यटकीय गन्तव्यको विकास, विस्तार र प्रवर्द्धन गरिनेछ । (रणनीति ३)

१०. तराई, पहाड र हिमाली क्षेत्रका प्रमुख पर्यटकीय स्थलमा सांस्कृतिक अन्तर आवद्धतामा आधारित परिपथ, रामायण परिपथ, बुद्ध परिपथ लगायतका धार्मिक पर्यटकीय सञ्जालीकरण विकास गरी धार्मिक पर्यटन प्रवर्द्धन गरिनेछ । (रणनीति ३)

११. प्रमुख पर्यटकीय स्रोत बजारमा नेपालका पर्यटकीय वस्तु, गन्तव्य एवम् सेवाको ब्रान्डिङ गर्दै बजारीकरण गरिनेछ । (रणनीति ३)

१२. पर्यटकीय गतिविधिलाई वातावरणमैत्री बनाउँदै पर्यटन गन्तव्यमा हुने वातावरणीय जोखिमको न्यूनीकरण तथा प्रदुषण सम्वेदनशील रोयल्टीको व्यवस्था गरिनेछ । (रणनीति ४)

१३. पर्यटनबाट प्राप्त लाभ समन्यायिक वितरण गर्दै पर्यटकीय क्रियाकलाप सञ्चालन गर्दा स्थानीय कला, संस्कृति, परम्परा र जीवनशैलीको सम्मान गरिनेछ । (रणनीति ४)

## ५. कार्ययोजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | पर्यटन प्रवर्द्धन कार्यक्रम | पर्यटकीय वस्तु र गन्तव्यहरूको प्रोफाइल तयारी गरी अन्तर्राष्ट्रियस्तरमा बजारीकरण तथा प्रवर्द्धन गर्ने | २/११ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, परराष्ट्र मन्त्रालय | X | X | X | X | X |
| | | पर्यटन सूचना व्यवस्थापन प्रणालीको समसामयिक परिमार्जन गर्दै प्रदेशस्तरसम्म कार्यान्वयन गर्ने | २/१२ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | पर्यटन क्षेत्रको विकास तथा विस्तारको लागि निजी क्षेत्रको सहभागिता र सहलगानीमा विभिन्न पर्यटन मेला, महोत्सव, गन्तव्य प्रवर्द्धनका गतिविधि सञ्चालन गर्ने | २/१२ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नेपाल पर्यटन बोर्ड | परराष्ट्र मन्त्रालय, नेपाली कूटनीतिक नियोगहरू | | | | | |
| | | पर्यटक आवागमनलाई सहज बनाउन भिषा प्रक्रियालाई सरलीकरण गर्ने र अनलाइन भिषा प्रदान गर्ने व्यवस्था मिलाउने | २/१२ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय | अध्यागमन विभाग | | | | | |
| | | प्रमुख पर्यटकीय स्थललाई पर्यटकीय हब (Tourism Hub) को रूपमा विकास गर्ने | २/१० | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | नेपालका सीमावर्ती पर्यटकीय स्थलहरूलाई वैवाहिक गन्तव्यको रूपमा विकास गर्ने र निकुञ्ज क्षेत्रमा पर्यटक प्रवेशमा सरल विधि तय गर्ने | २/१० | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, प्रदेश | X | X | X | X | X |
| | | MICE Tourism को लागि आवश्यक पूर्वाधार तयार गर्ने कार्यको लागि समन्वय गर्ने | १/१० | ३ | संस्कृति, पर्यटन तथा नागरिक | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | | | | उड्डयन मन्त्रालय, प्रदेश | प्रदेश र स्थानीय तह | | | | | |
| २ | पर्यटन उद्यमशीलता विकास तथा सुदृढीकरण कार्यक्रम | पर्यटकीय वस्तु र सेवाको गुणस्तरीयता कायम गर्न तथा जनशक्तिको विकास गर्न सम्बद्ध विज्ञ तथा जानकारहरूलाई परिचालन गर्दै पर्यटन उद्यमशीलता सम्बन्धी तालिम सञ्चालन गर्ने | १/३ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश, स्थानीय तह | पर्यटन विभाग, तालिम प्रतिष्ठान, नेपाल पर्यटन बोर्ड, निजी क्षेत्र | X | X | X | X | X |
| | | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान र नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई पर्यटन क्षेत्रको जनशक्ति उत्पादन गर्ने उत्कृष्ट संस्थाको रूपमा विकास गर्ने | १/३ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन विभाग, तालिम प्रतिष्ठान नेपाल पर्यटन बोर्ड, प्रदेश, निजी क्षेत्र | | | | | |
| | | घरबास कार्यक्रम (Home Stay) सञ्चालन गर्ने | २/९ | ३ | प्रदेश सम्बन्धित स्थानीय तह | पर्यटन विभाग, तालिम प्रतिष्ठान, नेपाल पर्यटन बोर्ड, प्रदेश, निजी क्षेत्र | X | X | X | X | X |
| | | होटल व्यवसायले औद्योगिक वर्गको विद्युत महशुल दर उपभोग गर्न पाउने व्यवस्था लागु गर्न सहजीकरण गर्ने | २/९ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल विद्युत प्राधिकरण | | | X | X | X |
| | | प्राकृतिक उपचार विधि, ध्यान लगायत आरोग्य पर्यटन, खेल पर्यटन, कृषि पर्यटन सम्बन्धी गतिविधि सञ्चालन गर्ने | २/८ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, युवा तथा खेलकुद मन्त्रालय, पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, प्रदेश | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | साहसिक खेल (बञ्जी जम्प, प्याराग्लाइडिङ, र्‍याफ्टिङ, क्यानोइङ, स्की, रक क्लाइम्बिङ, अल्ट्रा अल्टिच्युड म्याराथन, पर्वतारोहण) आयोजना गर्ने | २/६ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, प्रदेश | X | X | X | X | X |
| | | नव प्रवर्तनमा आधारित पर्यटन क्षेत्रमा युवा व्यवसायी आकर्षण गर्न सुरुवाती पुँजी (Start-Up Capital) मार्फत स्वरोजगारी सिर्जनामा जोड दिने | | | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पर्यटन बोर्ड | अर्थ मन्त्रालय, प्रदेश, स्थानीय तह | | | | | |
| ३ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ग्रेट हिमालयन ट्रेल, सांस्कृतिक पदमार्ग जस्ता पदमार्ग निर्माणमा समन्वय र सहजीकरण गर्ने | २/९ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश, स्थानीय तह | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | शितल आवास (Hill station) र टाकुरा पर्यटन गन्तव्यको विकास, विस्तार र प्रवर्द्धन गर्ने | २/९ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश, स्थानीय तह | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, प्रदेश | X | X | X | X | X |
| | | 'एक जिल्ला न्यूनतम एक पर्यटकीय गन्तव्य' र 'एक स्थानीय तह बहुपर्यटन गाउँ प्रवर्द्धन गर्ने | २/६ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश, स्थानीय तह | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड | X | X | X | X | X |
| | | प्रमुख धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक क्षेत्रमा पर्यटकीय पूर्वाधार विकासको लागि समन्वय गर्ने | १/१ | ३ | संस्कृति, पर्यटन तथा नागरिक | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | | | | उड्डयन मन्त्रालय, प्रदेश, स्थानीय तह | | | | | | |
| | | सांस्कृतिक अन्तर आवद्धतामा आधारित परिपथ, रामायण परिपथ एवम् बुद्ध परिपथ अध्ययन गर्ने, विकास तथा विस्तारमा सहजीकरण गर्ने | २/१० | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश, स्थानीय तह | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड | X | X | X | X | X |
| | | पर्यटक उद्धार केन्द्र स्थापना र सञ्चालन गर्ने | १/३ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, गृह मन्त्रालय, स्थानीय तह | पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड, प्रदेश | X | X | X | X | X |
| | | पर्यटकीय गन्तव्य स्थललाई वातावरणमैत्री बनाउँदै पर्यटक तथा सेवा प्रदायकको आचारसंहिता बनाइ लागु गर्ने | | | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश | वन तथा वातावरण मन्त्रालय, पर्यटन विभाग, नेपाल पर्यटन बोर्ड | | | | | |
| | | हरित अर्थतन्त्र तथा पर्यापर्यटनको मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याउने | | | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश, स्थानीय तह | वन तथा वातावरण मन्त्रालय, नेपाल पर्यटन बोर्ड | | | | | |
| | | स्थलमार्गबाट नेपाल भित्रिने पर्यटकको आवागमन सहजीकरणको लागि प्रदेशसँगको सहकार्यमा मुख्य नाकाहरूमा एकीकृत पर्यटन सेवा केन्द्रको स्थापना, पर्यटक गन्तव्यमा बसपार्क स्थापना र सञ्चालन गर्ने | | | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, प्रदेश, स्थानीय तह | प्रदेश, अध्यागमन विभाग, भन्सार विभाग, नेपाल पर्यटन बोर्ड, पर्यटन सम्बद्ध निजी क्षेत्र | | | | | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | २.४२ | ३.२५ | ४ | ५ | ६ | ७ | राष्ट्रिय तथ्याङ्क कार्यालय | सं.प.ना.उ.म.. |
| २ | भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क | सूचकाङ्क | ३.४ | ३.५ | ३.६ | ३.७ | ३.९ | ४ | विश्व आर्थिक मञ्च | सं.प.ना.उ.म.. |
| | **असर** | | | | | | | | | |
| १ | पर्यटकको औषत बसाई अवधि | दिन | १३.२ | १३.३ | १३.४ | १३.८ | १४.० | १४.३ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |
| २ | प्रति पर्यटक प्रतिदिन औषत खर्च | अमेरिकी डलर | ४१ | ४०.८ | ४२.३ | ४२.९ | ४४.१ | ४५ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | वार्षिक पर्यटक आगमन | सङ्ख्या लाख | ११.७ | ११.५ | १३.० | १४.६ | १६.६ | १८.७ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |
| २ | पर्यटन मार्फत विदेशी मुद्रा आर्जन | अमेरिकी डलर अर्ब | ५४.८ | ६२.३ | ७३.५ | ८६.८ | १०२.४ | १२०.८ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |
| ३ | ग्रेट हिमालयन ट्रेल निर्माण | कि.मि. | ५७३ | ६२३ | ८२३ | १०२३ | १२२३ | १५०० | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |
| ४ | ५ तारे, डिलक्सस्तरका होटल/हेरिटेजमा रहेको बेड | सङ्ख्या | ५५९२ | ६०६० | ६५६२ | ७१०६ | ७६९७ | ८३३६ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |
| ५ | १-३ तारे स्तरका होटल/हेरिटेजमा रहेको बेड | सङ्ख्या | ८४९७ | ९३३५ | १०२७८ | ११३१५ | १२४५७ | १३७१४ | वार्षिक प्रतिवेदन | प्रदेश |

| क्र. सं. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ६ | ४ तारे स्तरका होटल/हेरिटेजमा रहेको बेड | सङ्ख्या | ४८१८ | ५२९५ | ५७७१ | ६२९० | ६८५८ | ७४७३ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |
| ७ | ५ तारे, डिलक्सस्तरका होटल/हेरिटेज | सङ्ख्या | २४ | २६ | २८ | ३० | ३३ | ३६ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |
| ८ | १-३ तारे स्तरका होटल/हेरिटेज | सङ्ख्या | १२७ | १३९ | १५२ | १६५ | १८० | १९७ | वार्षिक प्रतिवेदन | प्रदेश |
| ९ | ४ तारे स्तरका होटल/हेरिटेज | सङ्ख्या | ४७ | ५१ | ५५ | ६१ | ६७ | ७३ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |
| १० | पहिचान तथा विकास भएका पर्यटकीय गन्तव्यस्थल | सङ्ख्या | ५७ | ७० | ९० | १२० | १३५ | १५० | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |
| ११ | पर्यटन क्षेत्रको शैक्षिक/तालिम प्राप्त जनशक्ति | सङ्ख्या | ५१५७ | १०००० | १२००० | १४००० | १६४०० | २०५०० | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म.. |

### ७. अनुमान तथा जोखिम

योजना अवधिमा तहगत सरकार, निजी क्षेत्र, सामुदायिक संस्था र नागरिकको सहभागिता र लागत साझेदारीमा पर्यटन सेवा विस्तार तथा पर्यटन आवगमनमा वृद्धि हुनेछ। पर्यटकीय गन्तव्य विकास तथा पर्यटकीय गतिविधि विस्तार थप प्रभावकारी हुनेछ। यातायात पूर्वाधार निर्माण, सडक सुरक्षाको स्तरमा सुधार आउनेछ र दुर्घटना न्यूनीकरण तथा प्रदुषण लगायतका विषयले यस क्षेत्रमा असर गर्ने छैन। पर्यटकीय पूर्वाधार निर्माणमा ठूलो लगानीको आवश्यकता पर्ने हुनाले निजी क्षेत्रबाट पर्याप्त लगानी हुने अनुमान छ। विभिन्न किसिममा महामारी तथा प्राकृतिक प्रकोप तथा अन्तर्राष्ट्रिय प्रवृत्तिले पर्यटन सेवा दिगो नहुने जोखिम रहने देखिन्छ।

## परिच्छेद ४

# उत्पादनशील रोजगारी, मर्यादित श्रम र दिगो सामाजिक सुरक्षा

### ४.१ श्रम तथा रोजगारी

### १. पृष्ठभूमि

आन्तरिक श्रम बजारको प्रशोचन क्षमता कम हुँदा श्रम बजारमा प्रवेश भएका अतिरिक्त श्रम शक्ति वैदेशिक रोजगारीमा जाने प्रवृत्ति छ। दैनिक ठूलो संख्यामा युवा विदेशिने गरेका र विप्रेषण आय कुल गार्हस्थ्य उत्पादनको अनुपातमा एक चौथाईको हाराहारी रहेको छ। नेपाल एकात्मक राज्य व्यवस्थाबाट संघात्मक शासन व्यवस्थामा रुपान्तरण भएको परिवेशमा तीन तहका सरकारबीच संविधान र अन्य प्रचलित कानून बमोजिम जिम्मेवारी र अधिकारको बाँडफाँड भएको स्थिति, विश्वव्यापीकरणको वर्तमान परिवेशमा श्रम, रोजगार तथा सामाजिक सुरक्षाको विषयमा अन्तर्राष्ट्रिय मञ्चमा साझा प्रयत्न तथा प्रतिवद्धता समेत भएको अवस्था एवम् नेपाल हाल जनसांख्यिक लाभको स्थितिमा रहेको अवस्था रहेको छ। साथै, न्यूनतम पारिश्रमिकको कानूनी व्यवस्था, बाल श्रम निवारण गुरूयोजना कार्यान्वयन र रोजगार सेवा केन्द्रको स्थानीय तहसम्म विस्तार भएको परिवेशमा देशभित्रको श्रम बजारमा भएका सबै किसिमका शोषण र विभेदको अन्त्य गर्दै असल औद्योगिक सम्बन्ध कायम गर्न तीन तहका सरकारबीच उचित सहकार्यको विस्तार, वैदेशिक रोजगारीको लागि नयाँ-नयाँ गन्तव्य खुल्दै गएको स्थिति र सामाजिक सुरक्षाको विषयमा श्रमिक तथा रोजगारदातामा समेत सचेतना बढ्दै गएको लगायतका अवसर छन्। हाल १११ वटा मुलुकमा संस्थागत रूपमा र १७८ वटा मुलुकमा व्यक्तिगत श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा जान खुला गरिएका र १२ वटा मुलुकसँग द्विपक्षीय श्रम सम्झौता भएको छ।

श्रमसँग सम्बन्धित तीन तहका सरकारको कार्यजिम्मेवारीलाई थप स्पष्ट पार्दै कार्यक्रम सञ्चालनमा प्रभावकारी समन्वय गर्नु, श्रम तथा रोजगारीको हकको पूर्ण रूपमा कार्यान्वयन गर्नु, श्रमको सम्मान गर्ने संस्कारको विकास गरी स्वदेशमा नै रोजगारी तथा स्वरोजगारी अभिवृद्धि गर्नु, उत्पादनशील क्षेत्रमा रोजगारीका अवसर पहिचान र सिर्जना गर्दै रोजगारीको तथ्याङ्कलाई व्यवस्थित गर्नु, असल श्रम सम्बन्धको विकास गर्नु, अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्नु, श्रम बजारको माग अनुरूप सीपयुक्त श्रम शक्तिको उत्पादन गर्नु, आवश्यक संस्थागत क्षमताको विकास गर्नु, योगदानमा आधारित सामाजिक सुरक्षासम्बन्धी विद्यमान योजनालाई सर्वस्वीकार्य र दिगो बनाई दायरालाई फराकिलो बनाउन सरकार, रोजगारदाता र श्रमिकबीच प्रभावकारी समन्वय र सहकार्य स्थापित गर्नु, वैदेशिक रोजगारीबाट प्राप्त पुँजी, प्रविधि, ज्ञान र सीपलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नु, श्रम तथा रोजगार प्रशासनमा सूचना प्रविधिको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुजस्ता चुनौति देखिएका छन्। यस सन्दर्भमा सोह्रौं योजनामा श्रम तथा रोजगारीसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक रहेको छ। सो अनुसार यस सम्बन्धी रणनीति तथा कार्यक्रमहरूले कृषि तथा उद्योग, सामाजिक र पूर्वाधार लगायत अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. उत्पादनशील, मर्यादित र सुरक्षित आन्तरिक रोजगारीका अवसरमा वृद्धि गर्नु।

२. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउनु।

### ३. रूपान्तरणकारी रणनीति

१. आन्तरिक रोजगारीका पर्याप्त अवसर सिर्जना गर्ने। (४.४.१)

२. श्रम व्यवस्थापनमा सुधार गर्ने। (४.४.५)

३. श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षाको दायरा विस्तार गरी थप प्रभावकारी बनाउने। (४.४.६)

४. वैदेशिक रोजगारी व्यवस्थापनका सबै चरणलाई व्यवस्थित बनाउँदै लैजाने। (४.४.४)

५. विदेशबाट फर्किएका श्रमिकको ज्ञान, सीप, अनुभव र पुँजीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने। (४.४.७)

६. आप्रवासी कामदार व्यवस्थापन गर्ने। (४.४.८)

### ४. कार्यनीति

१. न्यूनतम् रोजगारीको प्रत्याभूतिसहित श्रम बजारको माग अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रमको पुनसंरचना गरी प्रभावकारी रूपमा संचालन गरिनेछ। (रणनीति १)

२. श्रम तथा रोजगार सम्बद्ध सूचना तथा तथ्याङ्क एकै स्थानमा उपलब्ध हुने गरी एकीकृत रोजगार व्यवस्थापन प्रणालीको विकास गरी प्रयोगमा ल्याइनेछ। (रणनीति १)

३. अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई क्रमश: औपचारिक क्षेत्रमा रूपान्तरण गरिनेछ। (रणनीति १)

४. सबै स्थानीय तहमा रोजगार सेवा केन्द्र स्थापना गरी एकीकृत रोजगार सेवा तथा सुविधा प्रदान गरिनेछ। (रणनीति १)

५. विभिन्न प्रदेशमा रोजगार सम्मेलनमार्फत् रोजगारदाता र रोजगारी चाहनेबीच अन्तरसम्बन्ध स्थापित गरी रोजगारीका थप अवसर सिर्जना गरिनेछ। (रणनीति १)

६. रोजगारी र श्रम बजारको प्रवर्द्धन र विस्तार सम्बन्धमा अध्ययन अनुसन्धान गरिनेछ। (रणनीति १)

७. रोजगारी सिर्जनाको लागि विषय क्षेत्रगत नीतिबीच तादत्म्यता कायम गरिनेछ। (रणनीति २)

८. श्रम प्रशासनसँग सम्बन्धित अन्तर्राष्ट्रिय अभिसन्धि तथा प्रतिवद्धतालाई आन्तरिकीकरण गर्दै लगिनेछ। (रणनीति २)

९. श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्दै श्रमिक अनुकूल वातावरण सिर्जना गरिनेछ। (रणनीति २)

१०. प्रतिष्ठानमा व्यावसायिक सुरक्षा तथा स्वास्थ्य सम्बन्धी क्षेत्रगत मापदण्ड क्रमशः बनाई लागू गरिनेछ। (रणनीति २)

११. व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन योजना बनाई लागू गरिनेछ। (रणनीति २)

१२. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य निरीक्षक, श्रम निरीक्षक र सरोकारवालाको क्षमता विकासलाई निरन्तरता दिइनेछ। (रणनीति २)

१३. श्रम, ट्रेड युनियन र योगदानमा आधारित सामाजिक सुरक्षासँग सम्बद्ध कानूनलाई समसामयिक परिमार्जन गर्दै लगिनेछ। (रणनीति ३)

१४. सामाजिक सुरक्षा कोषको दायरा विस्तार तथा उच्च प्रतिफल दिनेगरी सुरक्षित रूपमा परिचालन गरिनेछ। (रणनीति ३)

१५. वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन विद्यमान नीतिगत, कानूनी, संरचनागत र प्रक्रियागत व्यवस्थामा समसामयिक सुधार गरिनेछ। (रणनीति ४)

१६. वैदेशिक रोजगारीको लागि नयाँ श्रम गन्तव्य मुलुक तथा पेशाको पहिचान एवम् श्रम सम्झौता गरी नेपाली नागरिकले सुरक्षित, लाभदायक र सम्मानजनक रोजगारी पाउने अवस्थाको सिर्जना गरिनेछ। (रणनीति ४)

१७. वैदेशिक रोजगारीको व्यवस्थापनका चरणमा श्रमिकको हकको सुनिश्चितता र हित प्रवर्द्धन गरिनेछ। (रणनीति ४)

१८. वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवालाई थप प्रभावकारी बनाइनेछ। (रणनीति ४)

१९. वैदेशिक रोजगारीमा जाने नेपाली नागरिकको सीप परीक्षण र प्रमाणीकरण गरी गन्तव्य मुलुकमा सो सीपलाई मान्यता दिन पहल गरिनेछ। (रणनीति ४)

२०. संघ, प्रदेश र स्थानीय तहसँगको समन्वय एवम् गन्तव्य मुलुकको समेत सहकार्यमा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिलाई लक्षित गरी प्रभावकारी रूपमा पुनःएकीकरण कार्यक्रमलाई निरन्तरता दिँदै विस्तार गरिनेछ। (रणनीति ४)

२१. सूचना प्रविधिको प्रयोग गरी वैदेशिक रोजगारीमा जाने नेपालीलाई दिइने अभिमुखीकरण कार्यक्रमलाई प्रभावकारी बनाइनेछ । (रणनीति ४)

२२. वैदेशिक रोजगारीमा जाने श्रमिक र अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा आवद्ध गरी सामाजिक सुरक्षाको प्रत्याभूति गरिनेछ। (रणनीति ५)

२३. श्रम गन्तव्य मुलुकसँग पारस्परिक सम्झौता गरी सम्बन्धित देशको योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्धता गराइनेछ। (रणनीति ५)

२४. औपचारिक माध्यमबाट विप्रेषण आप्रवाह र सामाजिक सुरक्षा कोषसँग आवद्धताको तादात्म्यता मिलाइनेछ। (रणनीति ५)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | रोजगारी वृद्धि विशेष कार्यक्रम | वैदेशिक रोजगारी तथा आन्तरिक रोजगारी सम्बन्धी नीति, कानून, मापदण्ड, व्यवस्थापन र नियमन गर्ने<br>बेरोजगार व्यक्तिको विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा सूचीकरण गर्ने<br>आन्तरिक रोजगारी प्रवर्द्धन अभियान कार्यक्रम सञ्चालन गर्ने<br>रोजगार मेला आयोजना गर्ने<br>श्रम सम्मान गर्ने संस्कृति तथा वातावरण निर्माण गर्ने<br>आन्तरिक रोजगारी दशकको लागि मार्गचित्र बनाउने<br>वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिलाई उद्यमशीलता पुरस्कार वितरण गर्ने | १ | ४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | श्रम कानूनको परिपालना (मर्यादित श्रम, न्यूनतम पारिश्रमिक, व्यवसायजन्य सुरक्षा बालश्रम समेत) को लागि प्रतिष्ठान निरीक्षण र श्रम अडिट प्रतिवेदन संकलन गर्ने<br>प्रत्येक प्रदेशमा व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य क्षेत्रमा उत्कृष्ट अभ्यास गर्ने प्रतिष्ठानलाई सम्मान गर्ने | ५ | ४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | श्रम तथा रोजगार विषय क्षेत्र हेर्ने प्रदेश मन्त्रालय र सबै स्थानीय तह | X | X | X | X | X |
| | | श्रम सम्बन्धी ऐन, नियम, कार्यविधि कार्यान्वयन | ५ | ४ | श्रम, रोजगार तथा | श्रम तथा रोजगार विषय | X | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अवस्था बारेमा अध्ययन गर्ने<br>सीपमूलक तथा व्यावसायिक पाठ्यक्रम निर्माण तथा परिमार्जन गरी अत्यधिक मात्रामा युवालाई सहभागी गराउने | | | सामाजिक सुरक्षा मन्त्रालय | क्षेत्र हेर्ने प्रदेश मन्त्रालय र राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान | | | | | |
| २ | वैकल्पिक रोजगारी अभिवृद्धि कार्यक्रम | वित्तीय साक्षरता तालिम, सीपमूलक तालिम र मनोसामाजिक परामर्श कार्यक्रम संचालन गर्ने<br>रोजगारदाता र वेरोजगार व्यक्ति बीच समन्वयको लागि गोष्ठी, सेमिनार, स्टल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | ३ | ४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | श्रम तथा रोजगार विषय क्षेत्र हेर्ने प्रदेश मन्त्रालय र सबै स्थानीय तह | X | X | X | X | X |
| ३ | जनशक्ति विकासका लागि व्यावसायिक तथा सीप विकास कार्यक्रम | सीप अभिवृद्धि तालिम सञ्चालन गर्ने<br>आधारभूत सीपमूलक तालिम सञ्चालन गर्ने<br>कार्यस्थलमा आधारित प्राविधिक सीप विकास र जीवनोपयोगी तालिम सञ्चालन गर्ने | ३ | ४ | राष्ट्रिय व्यवसायिक प्रशिक्षण प्रतिष्ठान | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | X | X | X | X | X |
| ४ | वैदेशिक रोजगार व्यवस्थापन कार्यक्रम | वैदेशिक रोजगार सम्बन्धी ठगीका उजुरी सुनुवाई तथा कारवाही व्यवस्था सुदृढीकरण गर्ने<br>वैदेशिक रोजगारी सम्बन्धी सूचना प्रणाली (FEIMS System) निर्माण गर्ने<br>द्विपक्षीय श्रम सम्झौता बमोजिम संयुक्त कार्यसमितिको बैठक आयोजना एवम् सहभागिता सुनिश्चित गर्ने<br>सुरक्षित आप्रवासन कार्यक्रमको क्षेत्र विस्तार गर्ने<br>श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जाने व्यक्तिको विदेशमा मृत्यु, अंगभंग र बिरामी भएमा क्षतिपूर्ति स्वरूप आर्थिक सहयोग उपलब्ध गराउने | ४ | ४ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,<br>वैदेशिक रोजगार प्रवर्द्धन कोष | श्रम तथा रोजगार विषय क्षेत्र हेर्ने प्रदेश मन्त्रालय र सबै स्थानीय तह | X | X | X | X | X |
| ५ | सामाजिक सुरक्षा कार्यक्रम | योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको दायरा विस्तारमा रोजगारदाताको | ६ | ६ | सामाजिक सुरक्षा कोष | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग, वैदेशिक | X | X | X | X | X |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रतिष्ठान र योगदानकर्ताको संख्यालाई विस्तार गर्ने | | | | रोजगार विभाग र सामाजिक सुरक्षा कोष | | | | | | |
| | | योगदानमा आधारित सामाजिक सुरक्षामा आवद्ध हुने श्रमिकलाई पेन्सन, औषधी उपचार तथा छात्रवृत्ति प्रदान गर्ने | ३ | ६ | सामाजिक सुरक्षा कोष | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | X | X | X | X | X |
| | | सामाजिक सुरक्षा कार्यक्रमलाई पुनरावलोकन गरी आवश्यकतामा आधारित बनाउने | ३ | ६ | सामाजिक सुरक्षा कोष | श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | बेरोजगारी दर (१५ वर्ष माथि) | प्रतिशत | १२.६ | १०.५ | ९.५ | ८.५ | ६.५ | ५.० | नेपाल जीवनस्तर सर्वेक्षण | श्र.रो.सा.सु.म. |
| २ | श्रमशक्ति सहभागिता दर | प्रतिशत | ३९.८ | ४१.८ | ४४.० | ४६.० | ४८.० | ५०.० | नेपाल श्रमशक्ति सर्वेक्षण | श्र.रो.सा.सु.म. |
| | **असर** | | | | | | | | | |
| १ | श्रम उत्पादकत्व | रू. लाख | २४५ | २७५ | ३०५ | ३३५ | ३६५ | ४०० | सोह्रौं योजनाको प्रतिवेदन | राष्ट्रिय योजना आयोग |
| २ | औपचारिक क्षेत्रमा रोजगारीको हिस्सा | प्रतिशत | ३६.५ | ३८.८ | ४२.० | ४४.५ | ४८.० | ५०.० | नेपाल श्रमशक्ति सर्वेक्षण | श्र.रो.सा.सु.म. |
| | **प्रतिफल** | | | | | | | | | श्र.रो.सा.सु.म. |
| १ | बाध्यकारी श्रमको दर १५) वर्ष वा सोभन्दा माथि) | प्रतिहजार | १.२ | १.० | ०.७ | ०.४ | ०.२ | ० | नेपाल श्रमशक्ति सर्वेक्षण | श्र.रो.सा.सु.म. |
| २ | बाल श्रम निरीक्षण | प्रतिष्ठान संख्या | ३८४० | ३५०० | ३७०० | ४००० | ४२०० | ४५०० | वार्षिक प्रतिवेदन | श्र.रो.सा.सु.म. |
| ३ | बालश्रम मुक्त स्थानीय तह घोषणाको लागि अनुदान प्राप्त स्थानीय तह | संख्या | ७० | ३०० | ५०० | ६०० | ६५० | ६८० | वार्षिक प्रतिवेदन | श्र.रो.सा.सु.म. |
| ४ | व्यावसायिक सीपमूलक तालिम लिने संख्या | जना | ९४१९ | ४०००० | ५०००० | ६०००० | ६५००० | ७०००० | वार्षिक प्रतिवेदन | श्र.रो.सा.सु.म. |
| ५ | रोजगारी सिर्जना (वार्षिक) | जना (हजारमा) | ९३१ | १०५० | १२०० | १३५० | १४५० | १५०० | वार्षिक प्रतिवेदन | श्र.रो.सा.सु.म. |
| ६ | श्रम अडिट प्रतिवेदन | संख्या | ४१३९ | ६००० | ७००० | ८००० | ९००० | ९५०० | वार्षिक प्रतिवेदन | श्र.रो.सा.सु.म. |
| ७ | प्रतिष्ठान निरिक्षण) श्रम कानूनको परिपालना | संख्या | ३८४० | ३५०० | ३७०० | ४००० | ४२०० | ४५०० | वार्षिक प्रतिवेदन | श्र.रो.सा.सु.म. |

## ७. अनुमान तथा जोखिम

श्रम बजारको माग र जनशक्ति विकासका कार्यक्रमबीच तादात्म्यता तथा स्वस्थ श्रम सम्बन्धको विकास गरी सुरक्षित तथा भरपर्दो वैदेशिक रोजगारी, औपचारिक माध्यमबाट विप्रेषण प्राप्ति र यसको समयमै सही सदुपयोगको सुनिश्चितता हुनेछ। सामाजिक सुरक्षा कोष अनुरूप विभिन्न स्कीम सञ्चालन गरी योगदानकर्तालाई पूर्ण रूपमा कोष प्रतिको बुझाई र दृष्टिकोणमा एकरूपता कायम गरी लाभ उपयोगको अनुभूति गराउने र कृषि, उद्योग, पर्यटन तथा पूर्वाधार लगायतका क्षेत्रमा उत्पादनमूलक रोजगारी सिर्जना र वृद्धि गर्दै स्वदेशमा नै युवा जनशक्तिको लागि पर्याप्त रोजगारीका अवसर उपलब्ध गराई आन्तरिक रोजगार प्रवर्द्धन अभियान सफलतापूर्वक सम्पन्न हुने अनुमान गरिएको छ । स्रोहौं योजना कार्यान्वयनको क्रममा आउन सक्ने जोखिमलाई मुख्य रूपमा आकलन गर्दा स्रोतको व्यवस्थापन, सरकारी, गैरसरकारी र निजी क्षेत्रबीच प्रभावकारी समन्वय, प्रदेश र स्थानीय तहको प्राथमिकतासँगको सामञ्जस्यता, विकास साझेदारबाट हुने सहयोग र समन्वयलाई प्राथमिक रूपमा लिन  सकिन्छ।

## ४.२ सामाजिक सुरक्षा

### १. पृष्ठभूमि

सोह्रौं योजनाको विभिन्न विषयअन्तर्गत सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताका सम्बन्धमा रूपान्तरकारी रणनीति तथा प्रमुख कार्यक्रम तथा नतिजा सूचक उल्लेख गरिएको छ। नेपालमा गैर योगदानमूलक सामाजिक सुरक्षा भत्ताको सुरूआत आ.व. २०५१/५२ को बजेट वक्तव्य मार्फत प्रारम्भ भएको हो। नेपालको संविधानले सामाजिक सुरक्षालाई नागरिकको मौलिक हकको रूपमा सुनिश्चित गरी धारा ४३ बमोजिम "आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असाहय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने" उल्लेख छ। उक्त संवैधानिक व्यवस्था बमोजिम नेपाल सरकारले उल्लिखित नागरिकको जीवनयापनमा आइपर्ने जोखिम न्यूनीकरण गर्न तथा उपभोगमा सघाउ पुर्‍याउने उद्देश्यले सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७७ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ बमोजिम सामाजिक सुरक्षा भत्ता व्यवस्थापन भइरहेको छ। सबै नेपाली नागरिकको वैयक्तिक तथा जैविक विवरण सहितको विवरण संकलन गर्ने, भण्डारण गर्ने, बायोमेट्रिक स्मार्टकार्ड वितरण गर्ने र अन्य सेवासँग अन्तरआवद्ध गर्न विभागबाट अभियान समेत सञ्चालन गरी हाल ७५ जिल्लामा अभियान सम्पन्न भई राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली (NIDMIS) मा २०८२ श्रावण मसान्त सम्म १ करोड ८४ लाख ४७ हजार ५ सय नेपाली नागरिकको विवरण संकलन गरिएको छ। त्यसैगरी ७२ लाख ९७ हजार ५ सय राष्ट्रिय परिचयपत्र कार्ड छपाई, ३१ लाख ५३ हजार ३ सय कार्ड वितरण र अन्य निकायका ९ वटा सेवाहरूसँग अन्तरआवद्धता भएको छ।

### २. उद्देश्य

१. सबै नागरिकलाई अनिवार्य र सर्वव्यापी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु।

२. ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति लगायतका आर्थिक तथा सामाजिक वञ्चितीकरण र जोखिममा परेका समुदायलाई सामाजिक संरक्षण प्रदान गर्नु।

३. सामाजिक सुरक्षा व्यवस्थापन पद्दतिलाई प्रभावकारी बनाउनु।

### ३. रूपान्तरणकारी रणनीति

४. सामाजिक सुरक्षा तथा सेवा प्रणालीलाई सर्वव्यापी एवम् दिगो बनाउने। (८.४.४)

५. एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना २०८० को प्रभावकारी कार्यान्वयन गर्ने। (४.४.६)

६. सामाजिक सुरक्षामा देखिएको दोहोपना हटाउँदै योगदान, आवश्यकता र क्षमतामा आधारित सामाजिक सुरक्षाका वैकल्पिक र लागत प्रभावी उपायको अवलम्बन गर्ने। (८.४.४)

७. सामाजिक सुरक्षासँग सम्बन्धित ऐन नियममा समयानुकुल सुधार एवम् परिमार्जन गर्ने। (४.४.६)

८. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक लगायत सीमान्तकृत, वञ्चितीकरणमा परेका र विशेष संरक्षणको आवश्यकता रहेका वर्ग तथा समुदायको सरोकारलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्ने। (८.४.१)

९. विशेष संरक्षणको आवश्यकता भएका असक्त तथा असहाय बालबालिका तथा किशोरकिशोरी लगायत वर्ग समुदायलाई राज्यबाट अनिवार्य संरक्षण र सम्वर्द्धन प्रदान गर्ने। (८.४.७)

१०. विपन्न घरपरिवार तथा राज्यबाट संरक्षण आवश्यक पर्ने समुदायका लागि सञ्चालनमा भएका सामाजिक सुरक्षाका कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने। (१०.४.५)

११. खण्डीकृत तथ्याङ्कको विकास, एकीकृत सामाजिक सुरक्षा संरचनाको कार्यान्वयन र तीन तहबीचको समन्वय तथा प्रभावकारी अनुगमनको माध्यमबाट सामाजिक सुरक्षा कार्यक्रमलाई नतिजामूलक बनाउने। (१०.४.५)

१२. अन्य प्रणालीसँगको आवद्धता विस्तार तथा सबलीकरण मार्फत् पञ्जीकरण प्रणालीमा सुधार गर्ने। (१२.४.२)

## ४. कार्यनीति

१. योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीलाई सुदृढ गरी सामाजिक सुरक्षालाई सबल र दिगो बनाइनेछ। (रणनीति १)

२. सामाजिक सुरक्षा सम्बन्धी विश्वव्यापी अवधारणा र अभ्यासका बारेमा अध्ययन अनुसन्धान गरी उपयुक्त योजना, प्रारूप तथा प्याकेज प्रयोगमा ल्याइनेछ। (रणनीति १)

३. छरिएर रहेका सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत गरी एकीकृत सामाजिक सुरक्षा संरचनाको कार्यान्वयन गरिनेछ। (रणनीति २)

४. अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गराउन लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ३)

५. आर्थिक रूपले सक्षम व्यक्तिहरूले सामाजिक सुरक्षा भत्ता र निवृत्तिभरण स्वेच्छिक रूपमा त्याग गर्नको लागि प्रोत्साहन गरिनेछ। (रणनीति ३)

६. सामाजिक सुरक्षासँग सम्बन्धी कानूनमा आवश्यक संशोधन तथा परिमार्जन गरिनेछ। (रणनीति ४,६)

७. संघीय प्रणाली अनुरूपको सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन ढाँचा विकास गर्न अन्तर्राष्ट्रिय अभ्यासको अध्ययन तथा अन्तरसरकार तहगत समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ। (रणनीति ५)

८. नागरिकको विवरण संकलन गरी सबै नागरिकलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराइनेछ र डिजिटल परिचयपत्रमा रूपान्तरण गरिनेछ। (रणनीति ५)

९. अति विपन्न, अशक्त, असहाय, अपाङ्गता भएका व्यक्ति, दलित एवम् वहिष्करण तथा बञ्चितीकरणमा परेका वर्ग, समुदाय र लिङ्गको नागरिकलाई विशेष सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ६)

१०. सामाजिक सुरक्षाका कार्यक्रममा आर्थिक रूपले विपन्न वर्ग तथा क्षेत्रलाई प्राथमिकता दिइनेछ। (रणनीति ७)

११. महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत लगायत लक्षित वर्गका अशक्त, असहाय, विभेद तथा हिंसा प्रभावितका लागि एकीकृत सेवाको विकास, विस्तार र घुम्ति सेवा कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ७)

१२. सबै प्रकारका सार्वजनिक सेवा प्रवाहसँग राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीको अन्तरआवद्धता कायम गरिनेछ। (रणनीति ८)

१३. व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा भत्ता व्यवस्थापनमा नीतिगत एवम् प्रणालीगत सुधार गरिनेछ। (रणनीति ८)

१४. तोकिएको समय भित्रै व्यक्तिगत घटना दर्ता गर्न जनचेतना अभिवृद्धि गरिनेछ। (रणनीति ८)

१५. सामाजिक सुरक्षामा देखिएको दोहोपना हटाइनेछ। (रणनीति ९)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | सामाजिक सुरक्षा प्रणाली व्यवस्थापन | कानून संशोधनको लागि मस्यौदा तयार गर्ने | ४ | ६ | स्थानीय तह | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | X | X | | | |
| | | सामाजिक सुरक्षा प्रणाली (VERSP-MIS) र राष्ट्रिय परिचय प्रणाली (NID-MIS) बीच अन्तरआवद्धता गर्ने | ८ | ६ | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | बायोमेट्रिक प्रणाली लागू गर्ने | ८ | ६ | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | X | X | X | X | X |
| २ | राष्ट्रिय परिचयपत्र प्रणालीमा सुधार | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ संशोधन गर्ने | ९ | ६ | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, व्यवस्थापिका संसद, अर्थ मन्त्रालय | X | | | | |
| | | नागरिकका वैयक्तिक तथा जैविक विवरण संकलन/नम्बर उपलब्ध गराउने | ८ | ६ | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह | X | X | X | X | X |
| | | राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणाली र अन्य निकायका सूचना | ९ | ६ | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग, अन्य निकाय | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | प्रविधि प्रणाली बीच सूचना आदान प्रदान गर्ने प्रणालीको विकास गर्ने | | | | | | | | | |
| ३ | व्यक्तिगत घटना दर्ता प्रणालीमा सुधार | VERSP-MIS को प्रतिवेदन प्रणालीलाई सुदृढ गर्ने | ८ | ६ | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | X | X | X | X | X |
| | | राष्ट्रिय परिचयपत्र सम्बन्धी सूचना प्रचार प्रसार गर्ने | ८ | ६ | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | X | X | X | X | X |
| | | व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने | ८ | ६ | गृह मन्त्रालय | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **प्रभाव** | | | | | | | | | | |
| १. | सामाजिक सुरक्षामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ३२.० | ३७.० | ४२.० | ४८.० | ५५.० | ६०.० | वार्षिक प्रतिवेदन | अर्थ मन्त्रालय |
| **असर** | | | | | | | | | | |
| १. | सामाजिक सुरक्षा भत्तामा आवद्ध नागरिक | जना (लाख) | ३८.१८ | ४०.८५ | ४३.७१ | ४६.७७ | ५०.०५ | ५३.५५ | वार्षिक प्रतिवेदन | श्र.रो.सा.सु.म. |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| २. | राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त नागरिक | जना (लाख) | १४८ | १७६ | १९५ | २०५ | २१५ | २२५ | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय |
| **प्रतिफल** | | | | | | | | | | |
| १. | राष्ट्रिय बजेटमा सामाजिक सुरक्षा खर्च | प्रतिशत | ११.५ | ११.१ | १२.० | १२.० | १२.५ | १३.० | वार्षिक प्रतिवेदन | अर्थ मन्त्रालय |
| २. | सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान / रोजगारदाता | संख्या (हजारमा) | १९.२ | ४०.० | ५०.० | ६०.० | ६५.० | ७०.० | वार्षिक प्रतिवेदन | श्र.रो.सा.सु.म. |
| ३. | नागरिकको वैयक्तिक र जैविक विवरण संकलन | जना (लाख) | १५१ | १८१ | २०० | २१० | २२० | २३० | वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| ४. | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४ | ७७ | ८० | ८३ | ८६ | ९० | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग | गृह मन्त्रालय |

### ७. अनुमान तथा जोखिम

नागरिकको वैयक्तिक र जैविक विवरण संकलनमा स्वैच्छिक सहभागितामा वृद्धि हुने, सहज रूपमा सबै नागरिकलाई राष्ट्रिय परिचय पत्र उपलब्ध हुने, सामाजिक सुरक्षा सम्बन्धमा अन्तरनिकाय र अन्तर तह समन्वय तथा सहकार्य कायम हुने, सामाजिक सुरक्षा लागत वृद्धि नभई यसको दायरामा विस्तार हुने र योगदानमा आधारित सामाजिक सुरक्षाको आवद्धता बढ्दै जाने अनुमान छ। सामाजिक सुरक्षा भत्ताको रकम बढ्ने, सामाजिक सुरक्षा भत्ताको लागि आवश्यक स्रोत व्यवस्थापनमा कमी हुने, सामाजिक सुरक्षा भत्तामा दोहोरोपना हुने र राष्ट्रिय परिचय पत्रको कारण सामाजिक सुरक्षा भत्ता पाउनबाट नागरिक बञ्चित हुने जोखिम छ।

## परिच्छेद ५

# स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण

### ५.१ जनसंख्या व्यवस्थापन

#### १. पृष्ठभूमि

सोह्रौं योजनाको विभिन्न विषय अन्तर्गत जनसंख्या क्षेत्र सम्बद्ध रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रमहरूलाई कार्यान्वयनमा लैजानु महत्वपूर्ण रहेको छ। उत्पादनशील उमेर समूहका जनसङ्ख्याको विकास प्रक्रियामा अधिकतम परिचालन, ज्येष्ठ नागरिकको सक्रिय र सहज जीवनयापनको लागि उपयुक्त वातावरणको सिर्जना र विकासमा नयाँ पुस्ताको सहभागिताको लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक पहल गर्नु पर्नेछ। मुलुकमा तीव्र शहरीकरण भइरहेको अवस्थालाई मध्यनजर गर्दै सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वयात्मक रूपमा बसाइँसराई र बसोबासलाई दिगो व्यवस्थापन गर्नु आवश्यक छ। ग्रामीण क्षेत्रमा स्थानीय परिवेश सुहाउँदो पूर्वाधारको विकास र सामाजिक सेवाको विस्तार गर्दै नागरिकको स्वास्थ्यलाई केन्द्रमा राखी नीति, रणनीति र योजना तर्जुमा गरी तुरून्त कार्यान्वयन गर्नुपर्ने देखिन्छ। आन्तरिक र बाह्य बसाइँसराईलाई सन्तुलित विकासमा टेवा पुऱ्याउने गरी मूलप्रवाहीकरण गर्नु अपरिहार्य छ। साथै, विदेशबाट फर्केका नेपालीले विदेशमा आर्जन गरेका सीपको अधिकतम उपयोग गर्दै आर्थिक विकासमा टेवा पुऱ्याउने वातावरण सिर्जना गर्नको लागि जनसंख्या क्षेत्रका रणनीति तथा कार्यक्रमहरूले स्वास्थ्य, कृषि, पशुपन्छी, महिला, बालबालिका, जेष्ठ नागरिक, शिक्षा विज्ञान, प्रविधि, शहरी विकास, खानेपानी, श्रम रोजगार तथा गरिबी निवारण र अर्थ लगायतका अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

#### २. उद्देश्य

१. विकास प्रक्रियामा जनसाङ्ख्यिक लाभांशको उपयोग र जनसाङ्ख्यिक संक्रमणको व्यवस्थापन गर्नु।

२. व्यवस्थित बसाइँसराई र योजनाबद्ध बसोबास गर्नु।

#### ३. रूपान्तरणकारी रणनीति

३. जनसाङ्ख्यिक लाभांशको अधिकतम उपयोग गर्ने। (४.४.२, ५.४.८)

४. आन्तरिक र अन्तर्राष्ट्रिय बसाइँसराईलाई व्यवस्थित तथा सुरक्षित बनाउने। (५.४.८)

५. नियन्त्रणमुखी जनसंख्या नीतिलाई व्यवस्थापन उन्मुख बनाउने। (५.४.८)

#### ४. कार्यनीति

१. जनसंख्या र विकास व्यवस्थित गर्न जनसंख्या नीति तर्जुमा गरिनेछ। (रणनीति १)

२. जनसाङ्ख्यिक लाभ प्राप्त गर्ने गरी जनसङ्ख्या व्यवस्थापनका नवीनतम अवधारणा अवलम्बन गरिनेछ। (रणनीति १)

३. जनसांख्यिक लाभांशको अधिकतम उपयोग गर्न अन्तर निकाय समन्वय तथा सहकार्य गरिनेछ। (रणनीति १)

४. जनसंख्या व्यवस्थापन र बसाइँसराइलाई व्यवस्थित गर्न सबै विषयगत क्षेत्र र तहमा जनसङ्ख्या शिक्षा विषयलाई आन्तरिकीकरण एवम् मूलप्रवाहीकरण गरिनेछ। (रणनीति २ )

५. आप्रवाशनबाट फर्केका युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति २)

६. विपन्न तथा लक्षित वर्गको स्वास्थ्यमा पहुँच पुर्याउन स्वास्थ्यका विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। (रणनीति २)

७. पहाड तथा हिमाली क्षेत्रमा आवश्यक पूर्वाधार तथा सुविधाको पहुँच पुऱ्याई आन्तरिक बसाइँसराईलाई व्यवस्थित गरिनेछ। (रणनीति २)

८. जेष्ठ नागरिकहरूको बहुमुल्य ज्ञान र सीप राष्ट्रको समृद्धिको लागि उपयोग गरिनेछ। (रणनीति ३)

९. समावेशी, समतामुलक, जेष्ठ नागरिक एवम् किशोर किशोरीमैत्री स्वास्थ्य सेवा प्रवाह गरिनेछ। (रणनीति ३)

१०. विभिन्न निकायहरूबाट तर्जुमा हुने योजना, अनुगमन र मूल्याङ्कनमा समुदायको संलग्नता बढाई जवाफदेहिता कायम गरिनेछ। (रणनीति ३)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | अध्ययन अनुसन्धानमा आधारित स्वास्थ्य तथा जनसङ्ख्या व्यवस्थापन कार्यक्रम | जन्म तथा मृत्यु प्रणालीलाई विद्युतीय प्रणालीमा आधारित बनाउन आवश्यक कार्यविधि तथा मापदण्ड तयार गर्ने | १ | ४ | गृह मन्त्रालय स्वास्थ्य तथा जनसख्या मन्त्रालय, | प्रदेशस्थित जनसंख्यासँग सम्बन्धित मन्त्रालय, सम्बन्धित स्थानीय तह र सरोकारवाला निकायहरू | X | X | X | X | X |
| | | संघ, प्रदेश एवम् स्थानीय तहका पदाधिकारी, कर्मचारी, सरोकारवाला एवम् संयन्त्रहरू बीच समन्वय गर्ने | | | | | X | X | X | X | X |
| | | राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्ने तथा कार्यान्वयन कार्ययोजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने | ३ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय | नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, सङ्घीय सरोकारवाला मन्त्रालय, प्रदेशस्थित जनसंख्यासँग सम्बन्धित मन्त्रालय, स्थानीय तह र सरोकारवाला निकाय | X | X | X | X | X |
| | | जनसंख्याको वर्तमान अवस्था र प्रवृत्तिको अध्ययन अनुसन्धान गर्ने | | | | | X | X | X | X | X |
| | | जनसंख्या नीति तथा कार्यक्रम निर्माण एवम् कार्यान्वयनमा विश्वका असल अभ्यास अवलम्बन गर्ने | | | | | X | X | X | X | X |
| | | गुणस्तरीय जनसङ्ख्या व्यवस्थापनको लागि प्रजनन दर र जनसङ्ख्याबीच सन्तुलन कायम राख्न नीतिगत, प्रणालीगत र कार्यगत क्षेत्रमा सुधार गरी उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने | ३ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | X | X | X | X | X |
| | | सीप विकास तथा रोजगार प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने | १ | ४ | स्वास्थ्य तथा जनसंख्या | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सीपयुक्त र क्षमतावान श्रमशक्तिको उत्पादन गरी स्वदेशमै आन्तरिक रोजगारीका अवसर सृजना गर्ने | | | मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश विषयगत मन्त्रालय, स्थानीय तह<br>निजी क्षेत्र, विकास साझेदार, नागरिक समाज | X | X | X | X | X |
| | | जनसंख्या व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने | | | | | X | X | X | X | X |
| | | जनसङ्ख्याको लाभांश (Demographic Dividend) सदुपयोग गर्न युवा लगायत सवै नागरिकहरूलाई स्वदेशमै उत्पादनशील क्षेत्रमा क्रियाशिल हुने पर्याप्त अवसरहरूको सिर्जना गर्ने | | | | | X | X | X | X | X |
| | | स्वास्थ्य अनुसन्धानको गुणस्तर अभिवृद्धिको लागि Standard Operating Procedure को विकास गरी कार्यान्वयन गर्ने | २ | ४ | नेपाल स्वास्थ्य अनुसन्धान परिषद् | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय,<br>विश्वविद्यालय | X | X | X | X | X |
| | | | | | | | X | X | X | X | X |
| | | विभिन्न अध्ययन अनुसन्धानबाट प्राप्त नतिजा तथा तथ्यहरूको प्रयोग बढाउनको लागि सङ्घीय तहमा विज्ञ समूहगठन गर्ने र विज्ञ समूहको सिफारिसका आधारमा स्वास्थ्य कार्यक्रमको योजना तर्जुमा तथा सुधारको लागि तथ्यहरूको प्रयोग गर्ने | ३ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | प्रतिष्ठान तथा विश्व विद्यालय | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | आन्तरिक बसाईसराइँ तथा शहरीकरणलाई व्यवस्थित गर्ने तथा बाह्य बसाईसराइँलाई Learn, Earn र Safely Return सिद्धान्त अनुरूप स्वदेशमै फर्की आर्जित ज्ञान र सीप प्रयोगको उचित व्यवस्था गर्ने | २ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | परराष्ट्र मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, शहरी विकास मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | X | X | X | X | X |
| | | जनसांख्यिक लाभांशको उच्चतम उपयोगको लागि वस्तुपरक तालिम, सहुलियतपूर्ण ऋण, Startup Business, Innovative Centers, लघु उद्यम, पर्यटन लगायत विषयमा लगानी गर्ने | ३ | ४ | श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अन्य विषयगत मन्त्रालय तथा निकाय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र. सं | सूचक | एकाइ | आधार वर्ष | वार्षिक लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **प्रभाव** | | | | | | | | | | |
| १ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१ | ७१.५ | ७२ | ७२.५ | ७३ | ७३.५ | राष्ट्रिय जनगणना | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| **असर** | | | | | | | | | | |
| १ | कुल प्रजनन दर ( प्रति महिला १५-४९ वर्ष) | जना | १.९४ | २.१ | २.१ | २.१ | २.१ | २.१ | राष्ट्रिय जनगणना | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २ | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | १५१ | ११६ | ११० | ९९ | ८५ | ७० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण नेपाल बहुसूचक सर्वेक्षण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ३ | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २१ | १६ | १५ | १४ | १३ | १२ | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ४ | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २५ | २५ | २२ | २१ | २१ | २० | नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| **प्रतिफल** | | | | | | | | | | |
| १ | महिलाको पहिलो विवाह हुने औषत उमेर | वर्ष | २१.८ | २२ | २२ | २२.५ | २३ | २३ | राष्ट्रिय जनगणना | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| २ | किशोरी अवस्थाको प्रजनन दर | प्रति हजार महिला (१५-४९ वर्ष) | ४७ | ४२ | ४० | ३८ | ३५ | ३२ | राष्ट्रिय जनगणना | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ३ | प्रजननयोग्य उमेरका महिलाले बच्चा जन्माउने औषत उमेर | वर्ष | २६.६ | २६.२ | २५.९ | २५.६ | २५.३ | २५.० | राष्ट्रिय जनगणना | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | जन्म हुँदाको लैङ्गिक अनुपात (प्रति सय महिलामा पुरुष) | संख्या | ११२ | ११० | १०८ | १०६ | १०३ | १०० | राष्ट्रिय जनगणना | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ५ | कोरा मृत्युदर | प्रति हजार जनसंख्या | ६.८ | ६.३ | ६.० | ५.८ | ५.६ | ५.३ | राष्ट्रिय जनगणना | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| ६ | पाँच वर्षमुनिका बालबालिका मध्ये जन्म दर्ता भएका बालबालिका | प्रतिशत | ७४ | ९० | ९५ | ९९ | ९९ | ९९ | राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको प्रतिवेदन | गृह मन्त्रालय |

## ७. अनुमान तथा जोखिम

जनसङ्ख्या र बसाइँसराई प्राथमिकता सहित सार्वजनिक नीतिमा सम्बोधन गर्नुपर्ने विषय हुन्। नेपालको जनसङ्ख्याको बनावटलाई हेर्दा आगामी २५ वर्षसम्म उत्पादनशील उमेर समूहको अनुपात तुलनात्मक रूपमा बढी हुँदा राष्ट्रको समग्र विकासको लागि उक्त जनसाङ्ख्यिक लाभांशको उपयोग गर्ने पर्याप्त अवसर छन्। स्थानीय तहमा योजना तर्जुमा र कार्यान्वयनको संवैधानिक व्यवस्थाले समेत जनसङ्ख्याको सदुपयोग र बसाइँसराईको व्यवस्थापनको लागि थप अवसर प्रदान गरेको छ। तसर्थ, यस योजनाले स्वस्थ आयु बढाउने, बसाइँसराई र शहरीकरणलाई व्यवस्थित गर्ने तथा जनसाङ्ख्यिक लाभाशंलाई विकासमा सदुपयोग गर्ने अवसर छन्। आन्तरिक र बाह्य बसाइँसराइ, जनसाङ्ख्यिक बनावटमा परिवर्तन (वृद्धवृद्धाको बढ्दो अनुपात) र जनसाङ्ख्यिक लाभांशको पर्याप्त प्रतिफल लिन नसक्नु जनसङ्ख्या व्यवस्थापनका प्रमुख चुनौति हुन्। सबै पक्षले जनसंख्या व्यवस्थापनलाई अपनत्व लिन नसक्नु नै मुख्य जोखिमको रूपमा लिन सकिन्छ। सौहौं योजनाले लिएका लक्ष्यको प्रभावकारी कार्यान्वयनबाट उक्त चुनौति तथा जोखिम व्यवस्थापनमा सहयोग पुग्नेछ।

## ५.२ स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमि

सोह्रौं योजनाको विभिन्न विषय अन्तर्गत स्वास्थ्य र पोषण क्षेत्र सम्बद्ध रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ। यस योजनाको कार्यान्वयनमा आधारभूत स्वास्थ्य सेवाका निरोधात्मक, प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक सेवा प्रवाह सम्बन्धी कार्यनीति तथा प्रमुख कार्यक्रम आवश्यक रहेको छ। साथै, स्वास्थ्य बीमा मार्फत विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवा प्रवाह गर्नुपर्नेछ। स्वास्थ्यमा सर्वव्यापी पहुँच र दिगो विकास लक्ष्य हासिल गर्नको लागि स्वास्थ्य र पोषण क्षेत्रका रणनीति तथा कार्यक्रमहरूले कृषि, पशुपन्छी, महिला बालबालिका, जेष्ठ नागरिक, शिक्षा विज्ञान, प्रविधि, शहरी विकास, खानेपानी र अर्थ लगायतका अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. स्वास्थ्य सेवालाई पहुँचयोग्य, सर्वसुलभ, प्रभावकारी र विश्वसनीय बनाउनु।

२. स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्दै परिणाममुखी स्वास्थ्य प्रणालीको विकास गर्नु।

३. बहुपक्षीय समन्वय तथा साझेदारी मार्फत जनस्वास्थ्यका बृहत कारकहरूमा सुधार ल्याउनु।

### ३. रूपान्तरणकारी रणनीति

१. आधारभूत स्वास्थ्य सेवा नि:शुल्क गरी गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने। (५.४.१) (५.४.२) (१०.४.३)

२. स्वास्थ्य बीमा प्रणालीलाई पुन:संरचना गरी सबल बनाउने। (५.४.३) (१०.४.६)

३. गुणस्तरीय, भरपर्दो, अत्याधुनिक, सुशासन तथा सामाजिक न्याय सहितको एकीकृत स्वास्थ्य प्रणालीको विकास गर्ने। (५.४.४) (५.४.५) (१२.४.२)

४. बहुक्षेत्रीय र बहुपक्षीय समन्वयको अवधारणा अनुरूप स्वास्थ्य व्यवस्थापन प्रणालीको विकास गरी नसर्ने रोगहरू, उदीयमान तथा पुन:उदीयमान स्वास्थ्य समस्या र कुपोषणको न्यूनीकरण तथा नियन्त्रण एवम् स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने। (५.४.६) (५.४.७)

५. औषधि, औषधिजन्य सामग्री र खोपको उत्पादनमा आत्मनिर्भर हुने। (५.४.१०)

६. स्वास्थ्य प्रणालीको सुदृढीकरणको लागि कार्यक्रमहरू पुन:मूल्याङ्कन र परिमार्जन गरी यथेष्ट लगानी व्यवस्थापन गर्ने। (५.४.१२) (५.४.१३)

### ४. कार्यनीति

१. आधारभूत स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्न स्वास्थ्य सेवा प्रदायकहरूलाई सबलीकरण गरी गुणस्तरीय, विश्वसनीय र समतामूलक बनाइनेछ। (रणनीति १)

२. आधारभूत स्वास्थ्य सेवामा समावेश स्वास्थ्यका कार्यक्रमहरूलाई स्रोत, रोग भार तथा लागत प्रभावकारिताको आधारमा प्राथमिकता निर्धारण गरी आधारभूत स्वास्थ्य सेवा प्याकेजलाई समयानुकुल बनाइनेछ। (रणनीति १)

३. प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निरोधात्मक, निदानात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक सेवाको विस्तार गरिनेछ। (रणनीति १)

४. स्वास्थ्य सेवा उपभोगमा नागरिकको वित्तीय जोखिम कम गर्न निःशुल्क आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरी उक्त सेवाभन्दा बाहेकको विशेषज्ञ स्वास्थ्य सेवा सामाजिक स्वास्थ्य बीमामार्फत प्रवाह गरिनेछ। (रणनीति २)

५. स्वास्थ्य बीमामा नागरिकको आवद्धता र नवीकरणमा देखिएका समस्या तथा चुनौतिको विश्लेषण गरी सुधारको लागि नवप्रर्वतनमुखी क्रियाकलाप पहिचान गरी कार्यान्वयन गरिनेछ। (रणनीति २)

६. सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू एकीकृत तथा पुनःसंरचना गरी दोहोरोपना हटाइनेछ। (रणनीति २)

७. स्वास्थ्य क्षेत्रमा अनुगमन र मूल्याङ्कनमार्फत सुशासन कायम गर्न संस्थागत सुदृढीकरण एवम् नेतृत्व क्षमता अभिवृद्धि गरिनेछ। (रणनीति ३)

८. जनसङ्ख्या, भूगोल, रोग भार, लागत प्रभावकारिता, सामाजिक परिवेश लगायतका मापदण्डका आधारमा एकीकृत स्वास्थ्य सेवा तथा पूर्वाधार विकास गरिनेछ। (रणनीति ३)

९. गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धन गर्न नवीनम प्रविधि तथा कृत्रिम बौद्धिकता (AI) को उच्चतम प्रयोग र वैकल्पिक उपायहरूको उपयोग गरिनेछ। (रणनीति ३)

१०. प्रतिजैविक प्रतिरोध, जनावरबाट सर्ने रोगहरू लगायत स्वास्थ्य मुद्दाहरूको सम्बोधन गर्न "एक स्वास्थ्य रणनीति" को अवधारणालाई संस्थागत गरिनेछ। (रणनीति ४)

११. आवश्यकता, माग, खपत, वितरण र पुन:वितरणको आधारमा स्वास्थ्य मानव संसाधन व्यवस्थापन गरिनेछ। (रणनीति ४)

१२. दूर दराजमा विशेषज्ञ स्वास्थ्य प्रवाहको लागि टेलीमेडिसिन लगायतका प्रविधिको प्रयोग गरिनेछ। (रणनीति ४)

१३. आधारभूत अस्पताल (५/१०/१५ शैया) मार्फत एकीकृत स्वास्थ्य (प्रवर्द्धनात्मक, प्रतिकारात्मक सहित) सेवा प्रवाह र ५० शैयासम्मका जिल्लास्तरका अस्पताल तथा २०० शैयासम्मका प्रदेशस्थित अस्पतालहरूमार्फत क्रमश न्यूनतम विशेषज्ञ तथा विशिष्टकृत सेवा उपलब्ध गराइनेछ। (रणनीति ४)

१४. परम्परागत, आयुर्वेदिक, प्राकृतिक तथा अन्य वैकल्पिक चिकित्सा प्रणालीलाई आधुनिक चिकित्सा प्रणालीसँग एकीकृत गरी स्वास्थ्य सेवा विस्तार गरिनेछ। (रणनीति ४)

१५. अन्तर्राष्ट्रियस्तरको स्वास्थ्य पर्यटन प्रवर्द्धन तथा प्रमुख पर्यटकीय गन्तव्यस्थलमा स्वास्थ्य प्रवर्द्धनात्मक अभियान (पदयात्रा, योग, ध्यान, खेलकुद) सञ्चालन गरिनेछ। पर्यटन सूचना केन्द्रमा स्वास्थ्य सेवाबारे जानकारीमूलक सूचना उपलब्ध गराइनेछ। (रणनीति ४)

१६. सबै तह, निकाय र पक्षबीच समन्वय, सहकार्य, सहलगानी तथा साझा उत्तरदायित्वसहित नसर्ने रोगहरूको न्यूनीकरण तथा नियन्त्रण गरिनेछ। (रणनीति ४)

१७. उदीयमान र पुनःउदीयमान स्वास्थ्य समस्या र कुपोषण न्यूनीकरण गरिनेछ। (रणनीति ४)

१८. यस क्षेत्रमा संलग्न सरकारी तथा निजी सङ्घसंस्थाहरूसँगको समन्वय, साझेदारी र सहकार्यमा देशभित्र खपत हुने औषधि, औषधिजन्य सामग्री उत्पादनमा आत्मनिर्भर गराइनेछ। (रणनीति ५)

१९. आम नागरिकमा गुणस्तरीय औषधिको पहुँच वृद्धि गर्न आपूर्ति सहज बनाइ अत्यावश्यक औषधिको मूल्य समायोजन, स्वास्थ्य सेवा शुल्क निर्धारण, अनुगमन तथा नियमन गरिनेछ। (रणनीति ६)

२०. स्वास्थ्य क्षेत्रमा वित्तीय दायरा विस्तार गरी लगानीलाई जवाफदेही र पारदर्शी बनाउँदै कुशल व्यवस्थापन मार्फत स्वास्थ्य वित्त सुशासन सुदृढ गरिनेछ। (रणनीति ६)

२१. स्वास्थ्य क्षेत्रमा बजेट विश्लेषण, सार्वजनिक खर्चको लेखाजोखा र राष्ट्रिय स्वास्थ्य लेखाको तथ्यांक अनुरूप लागत प्रभावकारी कार्यक्रममार्फत् स्रोतको बाँडफाँडलाई कार्य सम्पादन र आवश्यकताका आधारमा थप परिष्कृत गरिनेछ। (रणनीति ६)

२२. स्वास्थ्य क्षेत्रमा विकास साझेदारबाट प्राप्त वित्तीय तथा प्राविधिक सहायता र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैह्र सरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको विवरण अद्यावधिक गर्दै आवधिक, मध्यमकालीन तथा वार्षिक समीक्षामा आधारित योजना तथा बजेट तर्जुमा गरिनेछ। (रणनीति ६)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | स्वास्थ्य क्षेत्र लगानी अभिवृद्धि कार्यक्रम | स्वास्थ्य क्षेत्र लगानी अभिवृद्धि सम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था गर्ने | ६/२० | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रादेशिक स्वास्थ्य हेर्ने मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | स्थानीय तह स्रोत अभिवृद्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | ६ | ४ | प्रादेशिक स्वास्थ्य हेर्ने मन्त्रालय | सम्बन्धित स्थानीय तह | X | X | X | X | X |
| | | स्वास्थ्य क्षेत्र बजेट लागत- प्रभावकारिता अभिवृद्धि तथा नियमित अनुगमन र मूल्याङ्कन गर्ने | ६ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सबै प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | लगानी अभिवृद्धि सम्बन्धित समन्वय अभिवृद्धि कार्यक्रम गर्ने | ६ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय | X | X | X | X | X |
| २ | आधारभूत र सामुदायिक स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रम | आधारभूत स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी वित्तिय योजना सहितको कार्ययोजना विकास गर्ने | १ | ४ | उपचारात्मक सेवा महाशाखा, स्वास्थ्य सेवा विभाग | तीन तहको सरकार | X | X | | | |
| | | सामुदायिक स्वास्थ्य प्रणाली प्रभावकारिता सम्बन्धी अध्ययन/अनुसन्धान गर्ने | १ | ४ | नर्सिङ तथा सामाजिक सुरक्षा, स्वास्थ्य सेवा विभाग | नेपाल स्वास्थ्य अनुसन्धान परिषद, नीति अनुसन्धान प्रतिष्ठान | X | X | X | | |
| | | आधारभूत स्वास्थ्य सेवा पहुँच अभिवृद्धि तथा प्रेषण सेवा व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने | १ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | | |
| ३ | स्वास्थ्य बीमा तथा सामाजिक | विशेषज्ञ स्वास्थ्य सेवालाई स्वास्थ्य बीमाको सुविधा थैलीमा समावेश गर्ने गरी विद्यमान स्वास्थ्य बीमा प्रणालीलाई अद्यावधिक गर्ने | २ | ४ | स्वास्थ्य बीमा बोर्ड | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | | | |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | स्वास्थ्य सुरक्षाको एकीकृत कार्यक्रम | स्वास्थ्य बीमा बोर्डको सांगठनिक र व्यवस्थापकीय सर्वेक्षण गर्ने | २ | ४ | स्वास्थ्य बीमा बोर्ड | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | X | X | | | |
| | | स्वास्थ्य बीमा सुधार सम्बन्धी कार्य योजना निर्माण गर्ने | २ | ४ | स्वास्थ्य बीमा बोर्ड | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | X | | | | |
| | | स्वास्थ्य बीमा कार्यक्रम लागू भएका सार्वजनिक तथा निजी स्वास्थ्य संस्थाको अनुगमन गर्ने | २ | ४ | स्वास्थ्य बीमा बोर्ड | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| | | बीमा व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाई भुक्तानी प्रकृया अद्यावधिक गर्ने | २ | ४ | स्वास्थ्य बीमा बोर्ड | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| | | स्वास्थ्य बीमामा गरिब परिवारको सहज पहुँच अभिवृद्धि गर्ने | २ | ४ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सम्बन्धित स्थानीय तह | X | X | X | X | X |
| | | स्वास्थ्य बीमा सुविधा थैली तथा योगदान रकम अद्यावधिक गर्ने | २ | ४ | स्वास्थ्य बीमा बोर्ड | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| ४. | स्वास्थ्य सेवा एवम् प्रदायक | विभिन्न रोगहरूको उपचार प्रोटोकल तयार गर्ने | ३ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य सेवा विभाग | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | संस्थाहरूको गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रम | स्वास्थ्य सेवामा विद्युतीय स्वास्थ्य प्रणाली विकास गरी सञ्चालन गर्ने | ३ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | सूचना प्रविधि तथा संचार मन्त्रालय | X | X | X | X | X |
| | | गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चितता तथा राष्ट्रियस्तरको प्रत्यायन निकाय स्थापना गर्ने | ३ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | X | X | X | | |
| | | न्यूनतम सेवा मापदण्ड अनुगमन तथा सुधारको लागि पृष्ठपोषणका कार्य गर्ने | ३ | ४ | स्वास्थ्य सेवा विभाग, प्रदेशको स्वास्थ्य हेर्ने मन्त्रालय, स्थानीय तह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| | | प्रतिजैविक प्रतिरोध न्यूनीकरण तथा विद्यमान स्वास्थ्य उपचार सम्बन्धी प्रोटोकल परिमार्जन गर्ने | ३ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| | | स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा चिकित्सकीय सम्परीक्षण (क्लिनिकल अडिट) गर्ने | ३ | ४ | सबै स्वास्थ्य संस्था | स्वास्थ्य तथा जनसंख्या मनत्रालय, प्रदेशमा स्वास्थ्य हेर्ने मन्त्रालय | X | X | X | X | X |
| ५ | स्वास्थ्य क्षेत्र मानव संसाधन प्रणाली विकास | नयाँ विधाका स्वास्थ्यकर्मीको उत्पादनको लागि शैक्षिक पाठ्यक्रमको विकास तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्न शैक्षिक संस्थाहरूसँग समन्वय गर्ने | ३ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय/स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | चिकित्सा शिक्षा आयोग, सम्बन्धित स्वास्थ्य व्यवसायिक परिषदहरू | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | तथा सञ्चालन कार्यक्रम | उपलब्ध स्वास्थ्य जनशक्तिको अभिलेख अद्यावधिक गर्ने र स्वास्थ्य जनशक्ति सूचना प्रणालीलाई सुदृढ बनाउने | ३ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेशमा स्वास्थ्य हेर्ने मन्त्रालय मन्त्रालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | X | X | X | X | X |
| | | सबै तहमा उपलब्ध स्वास्थ्य जनशक्तिको उचित वितरण तथा बजारमूल्य अनुसारको सेवासुविधा सम्बन्धी योजना तयार गरी कार्यान्वयन गर्ने | ३ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग | अर्थ मन्त्रालय/सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | X | X | X | X | X |
| | | स्वास्थ्य जनशक्तिको लागि प्रविधिमा आधारित सिकाइ, स्थलगत अनुशिक्षण तथा निरन्तर व्यवसायिक उन्नयनको लागि एकीकृत योजना तयार गरी कार्यान्वयन गर्ने | ३ | ४ | सम्बन्धित परिषद् | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | X | X | X | X | X |
| | | "एक स्वास्थ्यकर्मी, एक स्वास्थ्य संस्था" को अवधारणा कार्यान्वयनको लागि समग्र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | ३ | ४ | सबै अस्पतालहरू | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | X | X |
| ६ | स्वास्थ्य क्षेत्र डिजिटलाईजेशन कार्यक्रम | स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीहरूलाई एकीकृत गर्ने | ३ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |
| | | सबै तहमा अभिलेख तथा प्रतिवेदन प्रणालीको गुणस्तरमा सुधार गरी विभिन्न सूचना प्रणालीहरूबीच अन्तरआबद्धता गरी कार्यान्वयन गर्ने | ३ | ४ | सबै स्वास्थ्य संस्था | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेशमा स्वास्थ्य हेर्ने मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | विभिन्न तहका स्वास्थ्य कार्यक्रम व्यवस्थापकहरूको लागि स्वास्थ्य क्षेत्रमा कृत्रिम बौद्धिकता (AI) प्रयोग सम्बन्धी तालिम प्याकेजको विकास गर्ने | ३ | ४ | राष्ट्रिय स्वास्थ्य तालिम केन्द्र | स्वास्थ्य सेवा विभाग | X | X | X | X | X |
| ७ | विशिष्टकृत सेवा अस्पताल सञ्चालन कार्यक्रम | सङ्घीय तहबाट विशिष्टिकृत र विशेषज्ञ अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूको सुपरिवेक्षण तथा अनुगमनको वार्षिक कार्ययोजना तयार गरी सोही बमोजिम सुपरिवेक्षण तथा अनुगमन गर्ने | १ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग | सङ्घीय तहबाट विशिष्टिकृत र विशेषज्ञ अस्पतालहरू | X | X | X | X | X |
| | | भौगोलिक अवस्थिति र जनसङ्ख्याका आधारमा विशेषज्ञ तथा विशिष्टिकृत मेडिकल तथा सर्जिकल सेवाहरूको विस्तार गर्ने | १ | ४ | सङ्घीय तहबाट विशिष्टिकृत र विशेषज्ञ अस्पतालहरू | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग | X | X | X | X | X |
| ८ | स्वास्थ्य क्षेत्र एकिकृत व्यवस्थापन सूचना प्रणाली कार्यक्रम | देशभर रहेका स्वास्थ्य संस्थाको पञ्जीकरण तथा नियमित रूपमा अद्यावधिक गर्ने | ४ | ४ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य सेवा विभाग | X | X | X | X | X |
| | | स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सुदृढीकरण गर्ने | ४ | ४ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य सेवा विभाग | X | X | X | X | X |
| | | स्वास्थ्य संस्थाहरूको भौगोलिक अवस्थिति (Geo mapping) सम्बन्धी कार्य गर्ने | ४ | ४ | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य सेवा विभाग | X | X | X | X | X |
| | | स्वास्थ्य क्षेत्र डिजिटलाइजेशन कार्यक्रम सञ्चालन गर्ने | ९४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | X | X | X | X | X |
| | | एकीकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली रोडम्याप कार्यान्वयन गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | X | X | X | X | X |
| ९ | बहुक्षेत्रीय तथा बहुपक्षीय संयन्त्र मार्फत स्वास्थ्य | विभिन्न सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा नेपालमा विद्यमान स्वास्थ्यका मुख्य वृहत निर्धारकहरूको पहिचान तथा विश्लेषणको लागि व्यवहारिक अध्ययन तथा अनुसन्धान गर्ने | ४ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | बिश्व बिद्यालय,अनुसन्धान केन्द्र | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | सेवा प्रवाह कार्यक्रम | सूर्तिजन्य पदार्थ, मदिरा एवम् जनस्वास्थ्यका दृष्टिले हानिकारक वस्तु प्रयोग गरिएका तयारी पेय तथा खाद्य पदार्थमा स्वास्थ्य जोखिम कर लगाउने | ४ | ४ | अर्थ मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | | |
| | | प्रतिजैविक प्रतिरोध र जनावरबाट सर्ने रोग लगायतका उदीयमान स्वास्थ्य मुद्धाहरूको सम्बोधन गर्नको लागि एक स्वास्थ्य (one health) पद्धति कार्यान्वयन गर्ने | ४ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |
| १० | बहुक्षेत्रीय पोषण कार्यक्रम | खाद्य सम्मिश्रण (Fortification) र जैविक सम्मिश्रण (Biofortification) लाई प्रवर्द्धन गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | नमुना पोषण कार्यक्रम तथा पोषण मैत्री स्वास्थ्य संस्था घोषणा अभियान प्रवर्द्धन गर्ने | ४ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | स्थानीय खाद्यवस्तु उत्पादनलाई प्रवर्द्धन गरी विद्यालय दिवा खाजा कार्यक्रमसँग आबद्ध गर्ने | ४ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सबै स्थानीय तह | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | स्तनपानको संरक्षण, प्रवर्द्धन र सहयोगका कार्यक्रमहरू सञ्चालन गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग, स्थानीय तह | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| | | विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई रिभाइटलाइज गरी किशोरकिशोरीमैत्री पोषण र यौन तथा प्रजनन स्वास्थ्य सेवासम्बन्धी कार्यक्रमहरू सुदृढ गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सुरक्षित, पोषणयुक्त र स्वस्थकर खाद्यान्न सर्वसुलभ उपलब्धतामा निजी क्षेत्रको संलग्नता र उत्तरदायित्व सम्बन्धमा प्रवर्द्धन गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग, स्थानीय तह | राष्ट्रिय योजना आयोग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| ११ | किटजन्य, सर्ने तथा नसर्ने र उन्मूलनको नजिक रहेका रोगहरूको नियन्त्रण तथा रोकथाम कार्यक्रम | नेपाललाई औलो रोग मुक्त राष्ट्रको रूपमा घोषणा गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | | | |
| | | नेपालबाट कालाजार रोग निवारण गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | | |
| | | डेंगी संक्रमण रोकथाम तथा नियन्त्रण गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | क्षयरोग नियन्त्रण कार्यक्रमलाई समुदाय स्तरसम्म विस्तार गर्ने | ४ | ४ | राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| | | एचआईभीको रोकथाम उपचार हेरचाह तथा स्याहार कार्यक्रम सञ्चालन गर्ने | ४ | ४ | राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र | प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | हात्तीपाइले रोग निवारण गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | उच्च रक्तचाप, मुटु रोग, नशा रोग, मधुमेह, क्यान्सर, मृगौला रोग लगायतका नसर्ने रोग न्यूनीकरणका कार्यक्रम गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | हेमोग्लोबिनोप्याथी रोगबाट पीडित बिरामीहरूको शीघ्र पहिचान गरी उपचारमा पहुँच बढाइने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | क्यान्सर रोग नियन्त्रण तथा रोकथामका क्रियाकलापहरू सञ्चालन गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | पक्षघात लगायतका अन्य नशा रोगहरूबाट हुने क्षतिलाई न्यूनीकरण गर्न तिनै तहका स्वास्थ्य संस्थाहरूमा विशेष कार्यक्रम लागु गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | कुष्ठरोगको फैलावटलाई कम गरी जिल्ला र स्थानीय तहमा कुष्ठरोग निवारण गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| १२ | सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य कार्यक्रम | महिलामा हुने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर तथा पाठेघर खस्ने लगायतका रोगको निःशुल्क परीक्षण गर्ने | १ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | लिङ्ग पहिचानको आधारमा हुने गर्भपतनलाई निरुत्साहित गर्ने | १ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | परिवार नियोजनका साधनहरूको छनौटमा चेतना अभिवृद्धि गर्ने | १ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | गर्भवती, प्रसुति र उत्तर प्रसुति स्याहार सेवाको सुदृढीकरण गर्ने | १ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | नवजात शिशु स्याहार (Special Newborn Care Unit) एकाईको क्षमता अभिवृद्धि गर्ने | १ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको विस्तार तथा सुदृढीकरण गर्ने | १ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | छाउपडी, उमेर नपुग्दै हुने विवाह र गर्भाधारण जस्ता स्वास्थ्यमा नकारात्मक असर पार्ने सामाजिक र सांस्कृतिक अभ्यासलाई सम्बोधन गर्न लक्षित कार्यक्रम सञ्चालन गर्ने | १ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| १३ | जलवायु परिवर्तन उत्थानशील स्वास्थ्य कार्यक्रम | पूर्वचेतावनी तथा प्रतिवेदन प्रणाली अन्तरगत ११८ अस्पतालबाट सञ्चालित Indicator Based Surveillance तथा Event Based Disease Surveillance कार्य लाई थप ४० अस्पतालमा विस्तार गरी सञ्चालन गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | Surveillance, Outbreak, Response, Management and Analysis System मार्फत पालिक स्तरबाट गरिने घटनामा आधारित रोग निगरानी प्रणालीलाई सबै प्रदेशमा विस्तार गरी सञ्चालन गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | घटनामा आधारित रोग निगरानीको लागि हेलो स्वास्थ्य १११५ कल सेन्टर सञ्चालन लाई थप सुदृढ गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | घटनामा आधारित रोग निगरानीको लागि Media Monitoring गरी प्रतिकार्यलाई सुदृढ बनाउने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | पालिका स्तरमा समुदायस्तरीय रोग निगरानी प्रणाली विस्तार गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | रोग निगरानीका क्रियाकलापहरूलाई एकीकृत रूपमा सञ्चालन गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | खानेपानी गुणस्तर निगरानी गर्ने | ४ | ४ | स्वास्थ्य सेवा विभाग | प्रदेश तथा स्थानीय तह, खानेपानी मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | X | X | X | X | X |
| १४ | जनस्वास्थ्य प्रयोगशाला सुदृढीकरण कार्यक्रम | क्यान्सर परीक्षण सम्बन्धी विशिष्टीकृत सेवा विस्तार गर्ने | १ | ४ | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| | | प्राथमिकता गरिएका महामारीजन्य तथा सरुवा रोगहरूको परीक्षण सेवा विस्तार गर्ने | १ | ४ | राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| १५ | मानसिक तथा वैकल्पिक स्वास्थ्यसम्बन्धी कार्यक्रम | लागु औषध दुर्व्यसनको रोकथाम तथा नियन्त्रण गर्ने | ३ | ४ | स्वास्थ्य सेवा विभाग | गृह मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | आत्महत्या रोकथाम लगायतका मानसिक स्वास्थ्य प्रवर्द्धनात्मक क्रियाकलाप सञ्चालन गर्ने | ३ | ४ | स्वास्थ्य सेवा विभाग | गृह मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | नागरिक आरोग्य कार्यक्रमलाई सङ्घसंस्था र समुदायसँगको समन्वयमा वडा तथा समुदायस्तरसम्म विस्तार "मेरो स्वास्थ्य, मेरो जिम्मेवारी" अभियानलाई समुदायस्तरसम्म विस्तार गर्ने | ३ | ४ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग, राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्र | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | योग केन्द्र, समुदायिक सिकाइ तथा सीप आदानप्रदान केन्द्रहरू मार्फत ज्येष्ठ नागरिकको शारीरिक, मानसिक तथा आध्यात्मिक स्वस्थताको प्रवर्द्धन गर्ने | ३ | ४ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | वडास्तरमा नागरिक आरोग्य समूह गठन गरी स्वस्थ जीवनशैली तथा योग अभ्यास मार्फत जनस्वास्थ्य प्रवर्द्धन अभियान सञ्चालन गर्ने | ३ | ४ | स्थानीय तह | आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | X | X | X | X | X |
| १६ | सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा कार्यक्रमको नियमन तथा व्यवस्थापन कार्यक्रम | सबै किसिमका सार्वजनिक र निजी स्वास्थ्य संस्थाको नियमन र गुणस्तर सुनिश्चित गर्ने नीति, रणनीति तथा मापदण्डहरूलाई समयसापेक्ष अद्यावधिक गर्ने | ३ | ४ | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| | | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य सेवाको शुल्क निर्धारण भए नभएको अनुगमन गरी नियमन गर्ने | ३ | ४ | स्वास्थ्य सेवा विभाग | गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | X | X | X | X | X |
| १७ | औषधि र औषधिजन्य सामाग्री उत्पादन तथा व्यवस्थापन कार्यक्रम | मुलुक भित्रै औषधि तथा औषधिजन्य सामग्रीको उत्पादन वृद्धि गर्ने | ५ | ४ | औषधि व्यवस्था विभाग | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | X | X | X | X | X |
| | | विभिन्न निजी क्षेत्रका उद्योगहरू समेतको सक्रियतामा मुलुकलाई औषधि र खोपमा आत्मनिर्भर बन्ने गरी उत्पादन कार्यलाई प्रोत्साहन गर्ने | | | | | X | X | X | X | X |
| | | औषधि भण्डारण, बिक्री वितरण तथा गुणस्तर नियमन गर्ने | | | | | X | X | X | X | X |
| | | औषधि प्रयोशालालाई सातै प्रदेशमा विस्तार तथा विकास गर्ने | | | | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | औषधिको मूल्य समायोजन गर्ने | | | | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| १८ | अन्तराष्ट्रिय स्वास्थ्य पर्यटन प्रवर्द्धन कार्यक्रम | आयुर्वेदिक, प्राकृतिक तथा वैकल्पिक चिकित्सा प्रणालीमार्फत अन्तर्राष्ट्रिय स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्ने | ४ | ३ | आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | X | X | X | X | X |
| | | पर्यटकीय गन्तव्यस्थलमा स्वास्थ्य प्रवर्द्धनात्मक अभियान सञ्चालन गर्ने | | | पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| | | प्रमुख पर्यटकीय गन्तव्यस्थलमा स्वास्थ्य सेवाको सम्बन्धमा जानकारी प्रदान गर्ने | | | संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |
| | | पर्यटन सूचना केन्द्रमा स्वास्थ्य सेवाबारे जानकारीमूलक सूचना उपलब्ध गर्ने | | | संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | X | X | X | X | X |

### ७. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को यथार्थ | आर्थिक वर्ष | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **प्रभाव** | | | | | | | | | | |
| १. | औषत आयु (जन्म हुँदाको) | वर्ष | ७१ | ७१.५ | ७२ | ७२.५ | ७३ | ७३.५ | राष्ट्रिय जनगणना, रा.त.का. | स्वा.त.ज.म. |
| **असर** | | | | | | | | | | |
| १. | मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा) | जना | १५१ | ११६ | ११० | ९९ | ८५ | ७० | राष्ट्रिय जनगणना, रा.त.का. | स्वा.त.ज.म. |
| २. | नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) | जना | २१ | १६ | १५ | १४ | १३ | १२ | ने.ज.स्वा.स., ने.व.सू.स. | स्वा.त.ज.म. |
| ३. | ५ वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा | जना | २५ | २५ | २२ | २१ | २१ | २० | ने.ज.स्वा.स., ने.व.सू.स. | स्वा.त.ज.म. |
| ४. | पाँच वर्षमुनिका बालबालिकाको पुड्कोपनको अवस्था | प्रतिशत | २५ | २२ | १९ | १६ | १४ | १२ | ने.ज.स्वा.स., ने.व.सू.स. | स्वा.त.ज.म. |
| ५. | सडक दुर्घटनाको कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या (प्रति एक लाख जनसङ्ख्यामा) | जना | १० | ८.९ | ७.४ | ६.२ | ५.३ | ४.९ | वार्षिक प्रतिवेदन, नेपाल प्रहरी | नेपाल प्रहरी |
| ६. | कुल स्वास्थ्य खर्चमा व्यक्तिगत तहमा हुने खर्च | प्रतिशत | ५४ | ४० | ३८ | ३५ | ३० | २५ | राष्ट्रिय स्वास्थ्य मूल्याङ्कन | स्वा.त.ज.म. |
| ७. | ३० मिनेटको दुरीमा स्वास्थ्य संस्थामा पहुँच पुगेको घरधुरी | प्रतिशत | ७७ | ७९ | ८१ | ८३ | ८५ | ८७ | ने.जी.स. | स्वा.त.ज.म. |
| **प्रतिफल** | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | पूर्ण खोप पाउने बालबालिका | प्रतिशत | ८२ | ८४ | ८६ | ८८ | ९० | ९२ | ने.ज.स्वा.स., ने.व.सू.स. | स्वा.त.ज.म. |
| २. | स्वास्थ्यकर्मी उत्पादन (प्रति हजार जनसङ्ख्यामा) | जना | १.९४ | ४.३ | ४.४ | ४.४ | ४.४ | ४.४ | वार्षिक प्रतिवेदन, चिकित्सा शिक्षा आयोग र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् | स्वा.त.ज.म. |
| ३. | स्वास्थ्य बीमामा आबद्ध जनसङ्ख्या | प्रतिशत | २९ | ४० | ५० | ६० | ७० | ७५ | वार्षिक प्रतिवेदन, स्वास्थ्य बीमा बोर्ड | स्वा.त.ज.म. |
| ४. | स्वास्थ्य बीमा कार्यक्रममा नवीकरण दर | प्रतिशत | ७७ | ७५ | ८० | ८५ | ९० | ९५ | वार्षिक प्रतिवेदन, स्वास्थ्य बीमा बोर्ड | स्वा.त.ज.म. |

### ७. अनुमान तथा जोखिम

योजना अवधिमा तहगत सरकार, निजी तथा सामुदायिक क्षेत्र र स्वास्थ्यमा विकास साझेदारको समेत सहभागिता र लागत साझेदारीमा स्वास्थ्य र पोषण सेवा थप विकास तथा विस्तार हुनेछ । स्वास्थ्यमा सर्वव्यापी पहुँच हासिल गर्नको लागि समतामूलक र गुणस्तरीय प्राथमिक स्वास्थ्य सेवाको अवधारणा अनुरूप उत्पादनशील, जवाफदेही र उत्तरदायी स्वास्थ्य प्रणाली मार्फत नागरिकलाई स्वस्थ बनाउन निरोधात्मक, प्रतिकारात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्रशामक सेवा प्रवाह गरी जनस्वास्थ्य प्रवर्द्धन हुनेछ । विशेषज्ञ स्वास्थ्य सेवा स्वास्थ्य बीमा मार्फत प्रवाह गरिनेछ । प्राकृतिक विपदबाट स्वास्थ्यमा पर्ने असर न्यूनीकरण गर्न विपद पूर्वतयारीका कार्य गरिनेछ । नागरिकलाई सबै किसिमका स्वास्थ्य सेवाहरूको पहुँच स्थापित गर्न, नि:शुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई उपलब्ध गराउन, उदयीमान तथा नवउदयीमान रोग एवम् स्वास्थ्य समस्याहरू समाधानको लागि नविनतम प्रविधि, मेशिन उपकरणको व्यवस्था गर्न, स्वास्थ्य बीमाको प्रभावकारिता अभिवृद्धि तथा दायरा विस्तार गर्न, खण्डीकृत सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरू एकीकृत गर्दै मूलप्रवाहीकरण तथा सञ्चालन गर्न, औषधी तथा औषधीजन्य सामाग्रीको प्रभावकारी व्यवस्थापन तथा नियमन गर्न, नीति निर्माण तहमा प्रमाणको प्रयोग गर्न र विद्युतीय स्वास्थ्य रेकर्ड प्रणालीको व्यवस्था गर्नको लागि ठूलो लगानीको आवश्यकता पर्ने हुनाले पर्याप्त लगानी नजुट्ने जोखिम रहन सक्नेछ ।

## ५.३ शिक्षा र सीप विकास

### १. पृष्ठभूमि

सोह्रौं योजनामा उल्लेख भए बमोजिम शिक्षा क्षेत्रमा गरिने लगानीले मानव पुँजी निर्माणमा सहयोग पुऱ्याई आर्थिक वृद्धि, सामाजिक विकास र ज्ञानमा आधारित अर्थतन्त्र निर्माणको लागि यस क्षेत्रका योजना तथा कार्यक्रमको असल कार्यान्वयन महत्त्वपूर्ण रहेको छ । विगत लामो सयमदेखिको सङ्गठित प्रयत्नका कारण शिक्षा क्षेत्रका विभिन्न सूचकमा प्रगति देखिएका छन् । हाल विद्यालय शिक्षादेखि उच्च शिक्षासम्मको भर्नामा लैङ्गिक समता सूचक समदरमा पुगेको छ । विद्यालय शिक्षामा दिवा खाजा, निःशुल्क स्यानिटरी प्याड, निःशुल्क पाठ्यपुस्तक, विभिन्न प्रकारका छात्रवृत्तिजस्ता महत्त्वपूर्ण हस्तक्षेपकारी कार्यक्रम कार्यान्वयनमा ल्याइएका छन् । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमतर्फ लक्षित वर्गको लागि छात्रवृत्ति, पूर्वसिकाइको मान्यता प्रदान गर्नको लागि सीप परीक्षण जस्ता कार्यक्रम कार्यान्वयनमा छन् । उच्च शिक्षाका विभिन्न विधाका छात्रवृत्ति, बजारको मागअनुसारका कार्यक्रमको विस्तार, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गर्ने जस्ता कार्यक्रम कार्यान्वयनमा रहेका छन् ।

भर्नादर लगायतका सूचकहरूमा उल्लेख्य प्रगति रहे तापनि विद्यार्थीको विद्यालय छाड्ने दर र सिकाइ उपलब्धिमा सन्तोषजनक उपलब्धि हासिल गर्न सकिएको छैन । उत्पादन र रोजगारीसँग सम्बन्ध स्थापना गर्न नसकिएकोले शैक्षिक बेरोजगारी बढ्दै गएको छ । रोजगारी र उच्च शिक्षाको लागि विदेशिने क्रम बढ्दो छ । प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमसम्बन्धी विषयहरूमा अपेक्षित रूपमा भर्नादर बढ्न सकेको छैन । उच्च शिक्षालाई देशको लागि आवश्यक जनशक्ति उत्पादनमा केन्द्रित गर्न सकिएको छैन । शिक्षा तथा सीप विकासको लागि आवश्यक पर्ने सुरक्षित भौतिक पूर्वाधार र नवीनतम् प्रविधिको प्रबन्ध गर्नु, गुणस्तरीय, आचरणयुक्त, व्यावहारिक तथा जीवनोपयोगी सीपयुक्त दक्ष जनशक्तिको उत्पादन तथा आपूर्ति गर्नु, उच्च शिक्षालाई श्रम बजारसँग जोड्नु, प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमको पहुँच र गुणस्तरमा सुधार गर्नु, युवा जनशक्तिलाई स्वरोजगार व्यवसायमा संलग्न गराउनु, दक्ष जनशक्तिलाई देशभित्रै टिकाउनु, अनुसन्धान, प्रविधि र नवप्रवर्तनमा आधारित मानव पुँजी निर्माण गर्नु, गुणस्तरीय शिक्षा र सीप विकासका सबै क्रियाकलापमा सबै लिङ्ग, वर्ग, क्षेत्र र समुदायका नागरिकहरूको अवसर सुनिश्चित गर्नु, विश्वविद्यालय र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लगायतका संस्थाहरूको पुनर्संरचना गर्नु, विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सिकाइ उपलब्धिको अभिवृद्धि गर्नु र सबैलाई साक्षर बनाउनु शिक्षा र सीप विकास क्षेत्रका प्रमुख चुनौतीहरू रहेका छन् । यी चुनौतीहरूको सामना गर्दै शिक्षा र सीप विकास क्षेत्रका रणनीति तथा कार्यक्रमहरूले अर्थतन्त्र, उद्योग, स्वास्थ्य, कृषि, श्रम तथा रोजगारी जस्ता अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. विद्यालय शिक्षालाई गुणस्तरीय, सान्दर्भिक, पहुँचयोग्य, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा समावेशी तथा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्नु ।

३. उच्च शिक्षालाई गुणस्तरीय, वैज्ञानिक, अनुसन्धानमूलक, प्रविधिमैत्री र उत्पादनशील तथा रोजगारमूलक बनाउनु ।

४. सबै नागरिकको लागि जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु ।

५. सङ्घीय संरचना अनुरूप सबै तहमा संरचनागत सुधार गर्दै पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गरी सुशासन कायम गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय, उत्पादनमूलक तथा रोजगारकेन्द्रित बनाउन नीतिगत र संस्थागत सुधारलाई निरन्तरता प्रदान गर्ने । (५.४.१४)

२. सिकाइ अनुकूलको वातावरण तयार गर्नको लागि भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको गुणस्तरमा सुधार गर्ने। (५.४.१५)

३. शिक्षालाई उदीयमान प्रविधि एवम् नैतिक मूल्यमा आधारित बनाउन सबै तहको शिक्षाको पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयिक र व्यावहारिक बनाउने। (५.४.१६)

४. शैक्षिक क्यालेण्डर निर्माण, सुपरीवेक्षण तथा अनुगमन, शैक्षिक संस्थाहरूको नक्साङ्कन र समायोजन तथा अन्तर निकाय र निकायहरूबिच समन्वय गरी शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने। (५.४.१७)

५. देश विकासको लागि आवश्यक मानव पुँजी निर्माण गर्न राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गर्ने। (५.४.१८)

६. गुणस्तरीय र समावेशी शिक्षाको लागि लगानी विस्तार गर्ने। (५.४.२०)

७. शैक्षिक निकाय र शिक्षण संस्थाहरूको कार्यसम्पादन परीक्षण, विद्युतीय शासनमा आधारित शैक्षिक सेवा प्रवाह, प्रधानाध्यापकको सक्षमताको प्रारूप विकास जस्ता माध्यमबाट शैक्षिक सुशासन सुनिश्चित गर्ने। (५.४.२१)

८. प्राविधिक तथा व्यावसायिक तालिम कार्यक्रमलाई प्रभावकारी बनाउँदै शिक्षा र सीपलाई उत्पादन र बजारसँग जोड्ने। (५.४.१९, ४.४.३)

९. गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने। (१०.४.३)

## ४. कार्यनीति

१. सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रका आधारमा कार्यजिम्मेवारी र भूमिकामा स्पष्टता ल्याई सबै तह र विषयमा शैक्षिक सुशासन कायम गराउन आवश्यक नीति, कानून, निर्देशिका, कार्यविधि तथा मापदण्ड जारी गरिनेछ। (रणनीति १)

२. प्राविधिक धारतर्फ अध्ययन गर्ने विद्यार्थीको अनुपात क्रमशः वृद्धि गर्दै लैजान आवश्यक नीतिगत व्यवस्था गरिनेछ। (रणनीति १)

३. उच्च शिक्षा प्राप्तिको लागि विदेश जाने बढ्दो प्रवृत्तिलाई कम गर्न नेपालको शिक्षा प्रणालीलाई गुणस्तरीय, उत्पादनमूलक र रोजगारकेन्द्रित बनाइनेछ। (रणनीति १)

४. शैक्षिक संस्थाहरूमा आवश्यक भौतिक पूर्वाधार, प्रयोगशाला, बहुविधायुक्त पुस्तकालय, खानेपानी, शौचालय तथा सरसफाई, सूचना तथा सञ्चार प्रविधिको उचित प्रबन्ध गरी सिकाइको लागि अनुकूल वातावरण सिर्जना गरिनेछ। (रणनीति २)

५. नेपाल सरकार र दातृ निकायको आवश्यक स्रोत परिचालन गरी भूकम्प, बाढी पहिरो लगायतका प्राकृतिक प्रकोपबाट क्षति पुगेका शिक्षण संस्था एवम् जीर्ण भौतिक संरचनाको पुनर्निर्माण तथा प्रबलीकरण गरिनेछ। (रणनीति २)

६. विश्वमा उदीयमान प्रविधि, राष्ट्रिय आवश्यकता र प्राथमिकताका सान्दर्भिक विषयवस्तुहरूलाई समावेश गर्न सबै तहका पाठ्यक्रम र शैक्षिक कार्यक्रमलाई समयानुकूल परिवर्तन र विकास गरी व्यावहारिक बनाइनेछ। (रणनीति ३)

७. नेपाललाई योग, ध्यान तथा आध्यात्मिक केन्द्रको रूपमा विकास गर्न विद्यालय शिक्षाको प्रारम्भिक तहदेखि नै सुशासन, नैतिकता, राष्ट्रभक्ति र मूल्यमा आधारित शिक्षाका विषयवस्तुलाई पाठ्यक्रममा समावेश गरिँदै लगिनेछ। (रणनीति ३)

८. शैक्षिक संस्थाहरूको नक्साङ्कन र समायोजन, न्यूनतम जनशक्तिको व्यवस्थापन, शैक्षिक क्यालेण्डरको निर्माण तथा कार्यान्वयन, एकीकृत शैक्षिक सूचना प्रणालीको सबलीकरण र अनुगमन तथा प्रतिवेदन प्रणालीमा सुधार गरी शैक्षिक प्रणालीको सुदृढीकरण गरिनेछ। (रणनीति ४)

९. जलवायु परिवर्तनका विषयमा सचेतना अभिवृद्धि गरी असर न्यूनीकरण तथा अनुकूलन क्षमता विकास गर्न जलवायु उत्थानशील शिक्षा प्रणालीको सुदृढीकरण गरिनेछ। (रणनीति ४)

१०. देशको लागि आवश्यक मानव पुँजी निर्माणको लागि दीर्घकालीन राष्ट्रिय आवधिक जनशक्ति विकास योजना तर्जुमा गरी सोही आधारमा शैक्षिक कार्यक्रम निर्माण गर्ने संयन्त्र र पद्धति विकास गरिनेछ। (रणनीति ५)

११. तहगत सरकार, लागत साझेदारी, निजी क्षेत्र, विकास साझेदार र गैरआवासीय नेपालीको लगानीबाट शिक्षा क्षेत्रमा आवश्यक पर्ने लगानी विस्तार गरिनेछ। (रणनीति ६)

१२. उच्च शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरी दूर सिकाइलाई प्राथमिकतामा राखेर दूर्गम र विदेशका विद्यार्थीले समेत अध्ययन गर्न सक्ने प्रणालीको विकास गरिनेछ। (रणनीति ६)

१३. अटिजम लगायत सबै प्रकारका अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गर्ने गरी कार्यक्रमको कार्यान्वयन गरिनेछ। (रणनीति ६)

१४. स्वतन्त्र रूपमा विद्यार्थीको उपलब्धि परीक्षण र शैक्षिक संस्थाको व्यवस्थापन परीक्षण मार्फत शैक्षिक सेवा प्रवाहको लेखाजोखा गरी विद्युतीय शासनको अवधारणालाई शैक्षिक सुशासन कायम गराउन आवश्यक व्यवस्था मिलाइनेछ। (रणनीति ७)

१५. साक्षरतालाई सीप विकाससँग जोडी माध्यमिक शिक्षालाई वृत्ति विकास र उच्च शिक्षालाई उद्यम तथा रोजगार केन्द्रित बनाउने कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ। (रणनीति ८)

१६. सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रसँगको सहकार्यमा राष्ट्रिय सीप विकास तथा रोजगार सिर्जनाको लागि महाअभियान सञ्चालन गरिनेछ। (रणनीति ८)

१७. अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारको पूर्व सिकाइको मान्यता पहिचान, अभिलेखीकरण र प्रमाणीकरण गर्ने विधिलाई प्रभावकारी बनाइनेछ। (रणनीति ८)

१८. श्रम बजारमा प्रवेश गरेका युवा लक्षित सीप रूपान्तरणको लागि रोजगारउन्मुख, मागमा आधारित र प्रविधियुक्त प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गरिनेछ। (रणनीति ८)

१९. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको पाठ्यक्रममा सुधार गर्दै निजी क्षेत्रको समन्वयमा कार्यस्थलमा आधारित सीपमूलक तालिम सञ्चालन गरिनेछ र सीप परीक्षणको ठोस आधार तयार गरिनेछ। (रणनीति ८)

२०. शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलांई उत्पादन र उत्पादनलाई बजारसँग जोड्ने गरी कार्यक्रमको विकास र सञ्चालन गरिनेछ। (रणनीति ९)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | मागमा आधारित शिक्षाको गुणस्तर अभिवृद्धि तथा सीपयुक्त जनशक्ति उत्पादन कार्यक्रम | STEM Education कार्यान्वयन (विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित) गर्ने | ३/६, ९/२० | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | स्थानीय तहको साझेदारीमा आवश्यकताका आधारमा प्राविधिक धार विस्तार गर्ने | ३/६, ८/१८ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | समसामयिक तथा सान्दर्भिक विषयवस्तु (सुशासन, नैतिकता, योग, ध्यान, जलवायु परिवर्तन आदि) समावेश गर्दै विद्यालय तहको पाठ्यक्रम परिमार्जन गर्ने | ३/७ | ४ | पाठ्यक्रम विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | X | X | X | X | X |
| | | बजारको माग र अनुसन्धानमा आधारित हुने गरी उच्च शिक्षाको पाठ्यक्रममा सुधार गर्ने | ३/३, ३/६ | ४ | विश्वविद्यालयहरू | विश्वविद्यालय अनुदान आयोग | | X | X | X | X |
| २ | मानव स्रोतको आवश्यकता प्रक्षेपण | दश वर्षे मानव स्रोत आवश्यकताको प्रक्षेपण गर्ने | ५/१० | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | राष्ट्रिय योजना आयोग | | X | X | | |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा | प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ बमोजिम पाठ्यक्रम, न्यूनतम मापदण्ड र विश्वव्यापी ढाँचामा आधारित बालविकास र शिक्षा कार्यक्रम सञ्चालन गर्ने | ३/६ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ४ | विद्यालय शिक्षा सुधार कार्यक्रम | तीनै तहको शिक्षा प्रणालीमा एकरूपता कायम गर्दै अन्तरआबद्धता एवम् गुणस्तर सुनिश्चित गर्न विद्यालय शिक्षाको लागि संघीय कानून तर्जुमा गर्ने | १/१ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | प्रदेश, स्थानीय तह | | X | | | |
| | | सबै विद्यालयमा इन्टरनेटको पहुँच सुनिश्चित गर्ने | २/४ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | शिक्षक विद्यार्थी अनुपातको पुनरावलोकन गरी विषयगत आधारमा सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था गर्ने | ४/८ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | | X | X | X | X |
| | | विद्यार्थी संख्या तथा भौगोलिक दूरीलाई दृष्टिगत गरी विद्यालय गाभ्ने र आवश्यकता अनुसार आवासीय विद्यालयको व्यवस्था गर्ने | ४/८ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | | X | X | X | X |
| | | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको प्रबन्ध गर्ने | ६/१५ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | अनिवार्य तथा नि:शुल्क शिक्षा ऐन कार्यान्वयनको लागि तीन तहका सरकार बिच समन्वय, सहकार्य अभिवृद्धि गर्ने | ६/११ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | राष्ट्रिय पाठ्यक्रम समेत कार्यान्वयन गर्ने गरी परम्परागत तथा धार्मिक विद्यालय सञ्चालन गर्ने | ३/७ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | शैक्षिक सूचना व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने | ४/८ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रम सञ्चालन गर्ने | ७/१४ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | शिक्षक सेवाको प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रममा समसामयिक परिमार्जन गर्ने | ७/१४ | ४ | शिक्षक सेवा आयोग | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | कक्षा १० को परीक्षा दिएर बसेका विद्यार्थीलाई जीवनोपयोगी शिक्षासम्बन्धी अभिमुखीकरण सञ्चालन गर्ने | ९/२० | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | | X | X | X | X |
| ५ | उच्च शिक्षा सुधार कार्यक्रम | उच्च शिक्षामा एकीकृत शैक्षिक क्यालेण्डरको कार्यान्वयन गर्ने | ४/८ | ४ | विश्वविद्यालयहरू | विश्वविद्यालय अनुदान आयोग | X | X | X | X | X |
| | | सङ्घ तथा प्रदेशमा विश्वविद्यालय स्थापनाको लागि राष्ट्रिय मापदण्ड निर्माण गर्ने | १/१ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग | प्रदेश | | X | X | | |
| | | सबै विश्वविद्यालयहरूमा उद्यमशीलता विकास सम्बन्धी विषय समावेश गर्न तथा बिजनेश इन्कुबेसन सेन्टर स्थापना र सञ्चालन गर्ने | ३/३, ३/६ | ४ | विश्वविद्यालयहरू | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय अनुदान आयोग, प्रदेश | | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | शिक्षण, अनुसन्धान र नवप्रवर्तनमा आवश्यक नयाँ प्रविधिहरूको सूची तयार गर्ने | ३/३, ३/६ | ४ | विश्वविद्यालय अनुदान आयोग | विश्वविद्यालयहरू | | X | X | X | X |
| | | दूर तथा खुला सिकाइको माध्यमबाट उच्च शिक्षाका कार्यक्रम सञ्चालन गर्ने | ७/१२ | ४ | विश्वविद्यालयहरू | विश्वविद्यालय अनुदान आयोग | | X | X | X | X |
| | | उच्च शिक्षालाई क्रमशः लागत आपूरणको आधारमा सञ्चालन गर्ने र लक्षित वर्गको लागि छात्रवृत्तिको प्रबन्ध गर्ने | ७/१२ | ४ | विश्वविद्यालयहरू | विश्वविद्यालय अनुदान आयोग , शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | X | X | | |
| ६ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम | अनौपचारिक क्षेत्रमा काम गर्ने कामदारहरूको पूर्व सिकाइको मान्यता विधिद्वारा सीप परीक्षण तथा प्रमाणीकरण गर्ने | ८/१८ | ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | X | X | X | X | X |
| | | श्रम बजारको माग अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका पाठ्यक्रम परिमार्जन गर्ने | ८/१९ | ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | X | X | X | X | X |
| | | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र उच्च शिक्षाका प्राविधिक विषय अध्ययन गर्ने विद्यार्थीको लागि सहुलियतपूर्ण शैक्षिक ऋणको व्यवस्था गर्ने | १/२ | ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, विश्वविद्यालय अनुदान आयोग | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय | | | X | X | X |
| ७ | शैक्षिक संस्थाको | स्थानीय तहसँगको साझेदारीमा विद्यालयको पूर्वाधार विकास गर्ने | २/४ | ४ | केन्द्रीय आयोजना कार्यान्वयन इकाइ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | भौतिक पूर्वाधार सुधार कार्यक्रम | विद्यालयमा WASH पूर्वाधार सुधार तथा निर्माण गर्ने | २/४ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | | X | X | X | |
| | | नेपाल सरकार र दातृ निकायको स्रोत परिचालनमार्फत जाजरकोट र बझाङ भूकम्पबाट क्षति भएका विद्यालयको पुनर्निर्माण गर्ने | २/५ | ४ | केन्द्रीय आयोजना कार्यान्वयन इकाइ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | | |
| | | शिक्षण संस्थाहरूको प्रबलीकरण गर्ने | २/५ | ४ | केन्द्रीय आयोजना कार्यान्वयन इकाइ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| ८ | राष्ट्रिय सीप विकास कार्यक्रम | श्रम बजारको मागअनुसारको जनशक्ति विकास गर्न छोटो र लामो अवधिका रोजगारउन्मुख र कार्यस्थलमा आधारित सीप विकासका तालिम सञ्चालन गर्ने | ८/१९ | ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | औद्योगिक प्रशिक्षार्थी (Apprenticeship) तालिम सञ्चालन गर्ने | ८/१९ | ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, औद्योगिक प्रतिष्ठान | X | X | X | X | X |
| | | सीप रूपान्तरणको लागि युवालक्षित रोजगारउन्मुख प्राविधिक तथा व्यावसायिक तालिम सञ्चालन गर्ने | ८/१८ | ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | राष्ट्रिय सीप विकास महाअभियान सञ्चालन गर्ने | ८/१६ | ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ९ | अपाङ्गता भएका विद्यार्थी सहयोग कार्यक्रम | अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति तथा आवासीय विद्यालय सञ्चालन गर्ने | ६/१३ | ४ | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | सबै प्रकारका अपाङ्गता भएका बालबालिकाको लागि सिकाइ सामग्री विकास तथा अनुकूलन गर्ने | ६/१३ | ४ | पाठ्यक्रम विकास केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | X | X | X | X | X |
| १० | विश्वविद्यालय पुनर्संरचना कार्यक्रम | उच्च शिक्षा ऐन तर्जुमा गर्ने | १/१ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि | विश्वविद्यालय अनुदान आयोग /अर्थ मन्त्रालय/प्रदेश | | X | X | | |
| | | विश्वविद्यालयहरूको प्रदेशगत रूपमा समायोजन गर्ने | ४/८ | ४ | विश्वविद्यालय अनुदान आयोग | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश | | | X | X | X |
| ११ | शैक्षिक क्षेत्रको संस्थागत सुधार | विश्वविद्यालय अनुदान आयोगलाई उच्च शिक्षा आयोगको रूपमा रूपान्तरण गर्ने | १/१ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | | | X | |
| | | राष्ट्रिय परीक्षा बोर्डको पुनर्संरचना गर्ने | १/१ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश सरकार | | X | X | | |
| | | कक्षा ५, ८ र १० को राष्ट्रिय परीक्षण सञ्चालन गर्ने | ७/१४ | ४ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | शैक्षिक संस्थाहरूको व्यवस्थापन परीक्षण गर्ने | ७/१४ | ४ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पुनर्संरचना गर्ने | १/१ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश | | | X | | |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | प्रत्येक विश्वविद्यालय तथा सार्वजनिक शैक्षिक संस्थाहरूले स्रोत परिचालन रणनीति तयार गर्ने | १/१ | ४ | विश्वविद्यालयहरू | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्राल, विश्वविद्यालय अनुदान आयोग/, देश | X | X | X | X | X |
| | | शिक्षा क्षेत्रमा वित्तीय लगानीको लागि तीन तहका सरकारलाई उत्तरदायी बनाउने | १/१ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आर्थिक वर्ष २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **प्रभाव** | | | | | | | | | | |
| १ | साक्षरता दर (५ वर्षमाथि) | प्रतिशत | ७६.२ | ७८ | ८२ | ८७ | ९१ | ९५ | राष्ट्रिय जनगणना | रा.त.का. |
| २ | साक्षरता दर (१५ वर्षमाथि) | प्रतिशत | ७१.२ | ७६ | ८० | ८५ | ९० | ९३ | राष्ट्रिय जनगणना | रा.त.का. |
| ३ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९४.२ | ९५ | ९६ | ९७ | ९८ | ९९ | राष्ट्रिय जनगणना | रा.त.का. |
| **असर** | | | | | | | | | | |
| १ | प्रारम्भिक बाल शिक्षा तथा विकासमा ४ वर्ष उमेरका बालबालिकाको भर्ना दर | प्रतिशत | ७०.६ | ७२.५ | ७४ | ७६ | ७८ | ८० | शै.व्य.सू.प्र., शि.मा.स्रो.वि.के. | शि.वि.प्र.म. |
| २ | खुद भर्नादर | | | | | | | | | |

| क्र.सं. | सूचक | एकाइ | आर्थिक वर्ष २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| २.१ | आधारभूत तह (१-८) | प्रतिशत | ९५.१ | ९६ | ९६.५ | ९७ | ९७.५ | ९८ | शै.व्य.सू.प्र., शि.मा.स्रो.वि.के. | शि.वि.प्र.म. |
| २.२ | माध्यमिक तह (९-१२) | प्रतिशत | ५७.९ | ५९.६ | ६० | ६०.५ | ६१ | ६१.५ | ,, ,, | शि.वि.प्र.म. |
| ३ | उच्च शिक्षाको कुल भर्ना दर | प्रतिशत | १७.७७ | १९ | २१ | २३ | २४ | २५ | ,, ,, | शि.वि.प्र.म. |
| ४ | विद्यालय छाड्ने दर | | | | | | | | | |
| ४.१ | आधारभूत तह (१-८) | प्रतिशत | ३ | २.५ | २ | १.५ | १ | ० | शै.व्य.सू.प्र., शि.मा.स्रो.वि.के. | शि.वि.प्र.म. |
| ४.२ | माध्यमिक तह (९-१२) | प्रतिशत | १.९ | १.८ | १.७ | १.५ | १.४ | १ | ,, ,, | शि.वि.प्र.म. |
| ५ | कक्षा ८ को सिकाइ उपलब्धि (औसत) | | | | | | | | | |
| ५.१ | गणित | स्कोर | ३२ | ३५ | ४० | ४५ | ५० | ५५ | अध्ययन प्रतिवेदन, शै.गु.प.के. | शि.वि.प्र.म. |
| ५.२ | नेपाली | स्कोर | ५९ | ६१ | ६४ | ६६ | ६८ | ७० | ,, ,, | शि.वि.प्र.म. |
| ५.३ | अङ्ग्रेजी | स्कोर | ५२ | ५३ | ५५ | ५६ | ५७ | ५८ | ,, ,, | शि.वि.प्र.म. |
| ५.४ | विज्ञान | स्कोर | ३८ | ४१ | ४६ | ५० | ५५ | ६० | ,, ,, | शि.वि.प्र.म. |
| ६ | कक्षा १० को सार्वजनिक परीक्षामा विद्यार्थी उत्तीर्ण अनुपात (नियमित र पुरकसमेत) | प्रतिशत | ७६ | ७८ | ८० | ८२ | ८४ | ८६ | नतिजा विवरण, रा.प.बो. | शि.वि.प्र.म. |
| **प्रतिफल** | | | | | | | | | | |
| १ | उच्च शिक्षाको प्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थी हिस्सा | प्रतिशत | २०.७ | २२ | २४ | २६ | २८ | ३० | शै.व्य.सू.प्र., वि.अ.आ. | शि.वि.प्र.म. |
| २ | शिक्षण सिकाइमा इन्टरनेटको पहुँच भएका शैक्षिक संस्था | प्रतिशत | ३५.५ | ४५ | ६० | ७५ | ९० | १०० | शै.व्य.सू.प्र. | शि.वि.प्र.म. |

| क्र.सं. | सूचक | एकाइ | आर्थिक वर्ष २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ३ | WASH सुविधा भएका विद्यालय अनुपात | प्रतिशत | ७०.१ | ७४ | ७८ | ८२ | ८६ | ९२ | शै.व्य.सू.प्र. | शि.वि.प्र.म. |
| ४ | वार्षिक सीप परीक्षण र प्रमाणीकरण | सङ्ख्या हजारमा | ६५१ | ६७९ | ७०९ | ७४४ | ७८२ | ८३२ | प्रा.शि.व्या.ता.प. सूचना प्रणाली | शि.वि.प्र.म. |
| ५ | कार्यस्थलमा आधारित तालिम (Apprenticeship) प्राप्त सङ्ख्या | सङ्ख्या | १८०७ | ४५२६ | ७५०० | ९३०० | १२२०० | १५००० | प्रा.शि.व्या.ता.प. सूचना प्रणाली | प्रा.शि.व्या.ता.प. |
| ६ | प्राविधिक शिक्षामा पहुँच पुगेको पालिका | सङ्ख्या | ६७३ | ६७५ | ६८० | ६८५ | ६९० | ६९५ | प्रा.शि.व्या.ता.प. सूचना प्रणाली | प्रा.शि.व्या.ता.प. |
| ७ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) बाट उत्पादित जनशक्तिको रोजगारीको दर | प्रतिशत | ५८.२ | ५९ | ६० | ६२ | ६४ | ६६ | अध्ययन प्रतिवेदन | प्रा.शि.व्या.ता.प. |
| ८ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुने बालबालिका | प्रतिशत | ७६.९ | ८० | ८५ | ९० | ९५ | १०० | शै.व्य.सू.प्र. | शि.मा.स्रो.वि.के. |
| ९ | आधारभूत तह कक्षा १-८ पूरा गर्ने दर (उपयुक्त उमेर समूहको तुलनामा) | प्रतिशत | ७७.१ | ८० | ८५ | ९० | ९५ | १०० | शै.व्य.सू.प्र. | शि.मा.स्रो.वि.के. |
| १० | माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर (उपयुक्त उमेर समूहको तुलनामा) | प्रतिशत | ३५.६ | ३९ | ४२ | ४७ | ५१ | ५५ | शै.व्य.सू.प्र. | शि.मा.स्रो.वि.के. |

**७. अनुमान तथा जोखिम**

यो कार्ययोजना बमोजिमका कार्यहरू सबै तहको सरकारको सहभागितामा र आवश्यकता अनुरूप लागत साझेदारीमा समेत कार्यान्वयन गरिनेछ । विभिन्न तहका सरकारबाट सञ्चालन गरिने कार्यक्रमहरूमा रहन सक्ने दोहोरोपनालाई हटाइनेछ । अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको लागि आवश्यक पर्ने थप स्रोत सबै तहका सरकारको साझेदारीमा व्यवस्थापन गरिनेछ । सङ्घीय व्यवस्था र परिवर्तित अन्य परिवेश र सन्दर्भ अनुकूल हुने गरी विद्यालय शिक्षादेखि उच्च शिक्षासम्मको लागि ऐन, कानून तथा मापदण्ड तर्जुमा एवम् परिमार्जन गर्न र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको लागि आवश्यक स्रोतको व्यवस्थापन गर्न नसकिएमा यो कार्ययोजना कार्यान्वयन गर्न कठिनाइ आइपर्न सक्छ ।

## ५.४ विज्ञान तथा प्रविधि

### १. पृष्ठभूमि

नेपालको संविधानमा प्रत्येक नागरिकलाई वैज्ञानिक अनुसन्धान, खोज र नवप्रवर्तनमा स्वतन्त्रता हुने हक सुनिश्चित गरिएको छ । साथै, वैज्ञानिक अध्ययन अनुसन्धान एवम् विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरूको संरक्षण गर्ने नीति अपनाइने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको दिगो उपयोग, वातवरणीय सन्तुलन, विपद् जोखिम न्यूनीकरण र औद्योगिकीकरणमा योगदानको लागि विज्ञान, प्रविधि तथा नवप्रवर्तनको अधिकतम उपयोग गर्न योग्य जनशक्ति परिचालन गरी राष्ट्रिय उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले उद्देश्य रहेको छ । हाल विश्व नवप्रवर्तन सूचकाङ्क (GII) २०२४ मा नेपालको स्थान १३३ मध्ये १०९ रहेको छ । हालसम्म मुलुक भित्र दर्ता भएका पेटेण्टको संख्या ८८ मात्र रहेको छ । अनुसन्धान तथा विकासमा कुल गार्हस्थ्य उत्पादनको करिब ०.३५ प्रतिशत बजेट मात्र विनियोजन भएको देखिन्छ,जुन यस क्षेत्रको समग्र विकासको लागि न्यून रहेको छ । विज्ञान प्रविधि सम्बन्धी छाता ऐन नहुनु, वैज्ञानिक अनुसन्धान परिणाममुखी नहुनु, प्रविधि विकासलाई उद्यमशीलता र उद्यमशीलतालाई उत्पादनसँग जोड्न नसक्नु, प्राज्ञिक तथा औद्योगिक प्रतिष्ठानहरूबिच सहकार्य तथा साझेदारीमा अनुसन्धान तथा प्रविधि हस्तान्तरणको विकास नहुनु, यस क्षेत्रको चाहिने उपयुक्त जनशक्ति अभाव हुनु र भएको जनशक्ति विदेश पलायन हुनु, अनुसन्धान तथा विकासमा पर्याप्त बजेट विनियोजन नहुनु, वैज्ञानिक अनुसन्धानमा संलग्न निकायको समयसापेक्ष पुनः संरचना तथा संस्थागत सबलीकरण नहुनु, परम्परागत प्रविधिको संरक्षण र सम्वर्द्धन नहुनु प्रमुख समस्याका रूपमा देखिएका छन् । तदनुरूप दिगो विकास र समृद्धिको लागि समग्र विज्ञान प्रविधि तथा नवप्रवर्तनको राष्ट्रिय पारस्थितिकीय प्रणाली विकास गरी यस योजनामा पहिचान गरिएका रूपान्तरणकारी रणनीति अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम तय गरी कार्यान्वयन गर्न अपरिहार्य देखिन्छ । तदनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमले स्वास्थ्य, कृषि, ऊर्जा, उद्योग, वन तथा वातावरण लगायतका अन्य क्षेत्रमा सिर्जना गर्न सक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. अनुसन्धान तथा नवप्रवर्तनलाई प्रतिस्पर्धात्मक क्षमताको अभिबृद्धि गरी उत्पादन तथा दिगो विकाससँग जोड्नु ।
२. विज्ञान प्रविधिको पारिस्थितिकीय प्रणालीलाई प्रभावकारी बनाई उद्यमशीलता मार्फत उत्पादन वृद्धि गर्नु ।
३. विद्यमान अनुसन्धानमूलक निकायहरूलाई सबलीकरण, सुधार तथा नीतिगत दिशा निर्देश र प्रभावकारी समन्वय गरी सङ्घीय संरचना अनुरूप सङ्घ, प्रदेश र स्थानीय तहमा विकास र विस्तार गर्नु ।
४. मौलिक ज्ञान तथा परम्परागत प्रविधिको स्तरोन्नति तथा व्यवसायीकरण गर्न प्रोत्साहन गर्नु ।
५. विभिन्न क्षेत्रमा आवश्यक प्राविधिक तथा वैज्ञानिक जनशक्ति विकास र उपयोग गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. कृषि, उद्योग, सिँचाइ, जलविद्युत, पर्यटन, व्यापार लगायतका क्षेत्रमा अध्ययन, अनुसन्धान र विकासमा जोड दिइ उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्ने । (३.४.१०)
२. अनुसन्धान तथा विकास र नवप्रवर्तनको प्रवर्द्धन गर्न नीतिगत र संस्थागत सुधार गर्ने । (५.४.२२)
३. वैज्ञानिक अनुसन्धान, प्रविधि विकास, बौद्धिक सम्पत्ति सिर्जना तथा नवप्रवर्तनलाई जोड दिने । (५.४.२३)
४. निजी क्षेत्र र सरकारी प्रतिष्ठानलाई प्रविधि विकास र नवप्रवर्तनको लागि गरिएको खोज तथा अनुसन्धानको लागि विशेष सहुलियत प्रदान गर्ने । (५.४.२४)

५. सार्वजनिक तथा निजी क्षेत्रमा उदीयमान प्रविधिको प्रयोग गरी गुणस्तरमा सुधार र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने । (५.४.२५)

**४. कार्यनीति**

१. कृषि, उद्योग, ऊर्जा, सिँचाई, जलस्रोत, पर्यटन, व्यापार लगायतका क्षेत्रमा अध्ययन अनुसन्धानको लागि नीतिगत सुधार तथा संस्थागत स्तरोन्नति, समन्वय र सहकार्य गरिनेछ। (रणनीति १)

२. अनुसन्धानबाट प्राप्त नतिजा तथा सुझावलाई कृषि तथा उद्योग लगायतका क्षेत्रको विकासमा उपयोग गर्ने व्यवस्था गरिनेछ। (रणनीति १)

३. विज्ञान प्रविधि सम्बन्धी तथ्यांकको प्राप्ति, भण्डारण र प्रयोगलाई व्यवस्थित गरि पहुँच सुनिश्चित गरिनेछ। (रणनीति २)

४. प्राज्ञिक संस्था, अनुसन्धानात्मक निकाय, पेशागत वैज्ञानिक समाज तथा निजी क्षेत्रबीच सहकार्य तथा समन्वय गरिनेछ। (रणनीति २)

५. नवप्रवर्तन तथा उद्यमशीलता विकासको लागि इन्कुवेशन सेन्टर, प्रविधि पार्क, मेकर स्पेस, ग्रामीण नव-प्रवर्तनशालाको स्थापना तथा सञ्चालन गरिनेछ। (रणनीति ३)

६. आकाशीय पिण्डहरूको अवलोकन, उच्च धरातलीय अनुसन्धान, विज्ञान शिक्षाको प्रवर्द्धन, अनुसन्धान तथा शैक्षिक सञ्जालको विस्तार गरिनेछ। (रणनीति ३)

७. विज्ञान, प्रविधि तथा नवप्रवर्तनको खोज र अनुसन्धान कार्यको लागि अनुसन्धानमुलक संस्थालाई अनुदान, सहुलियत प्रदान गरिनेछ। (रणनीति ४)

८. सार्वजनिक तथा निजी क्षेत्रमा प्रविधि परीक्षण, प्रत्यायन, गुणस्तर व्यवस्थापन प्रणाली, नवप्रर्वतन व्यवस्थापन प्रणाली लगायतका विभिन्न व्यवस्थापनका विधिको अवलम्बन तथा उदीयमान प्रविधिको प्रयोग गरी गुणस्तरमा सुधार तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गरिनेछ। (रणनीति ५)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | अध्ययन, अनुसन्धान तथा क्षमता विकास कार्यक्रम | कृषि, उद्योग, खानी तथा खनिज पदार्थ, विपद तथा सेवा क्षेत्रसँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा विकासमा सार्वजनिक-निजी-साझेदारी अवलम्बन गर्ने | १/१, १/२ | ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, निजी क्षेत्र, विश्वविद्यालय | | X | X | X | X |
| २ | नीतिगत तथा संस्थागत सुधार | विज्ञान प्रविधि तथा नवप्रवर्तनलाई प्रवर्द्धन र सहजीकरण गर्न कानून निर्माण गरी नवप्रवर्तन कोष स्थापना र सञ्चालन गर्ने | २/३, ४/८ | ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | | |
| | | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान र वि. पी. कोइराला प्लानेटोरियम तथा अब्जरभेटरी संग्रहालय विकास समिति जस्ता निकायको पुनर्संरचना एवम् अन्तरिक्ष अनुसन्धान केन्द्र, आणविक अनुसन्धान केन्द्र, रोबोटिक्स तथा कृत्रिम बौद्धिकता अनुसन्धान केन्द्रको स्थापना तथा सञ्चालन गर्ने | २/७, ३/५, ३/६ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान तथा अन्य सरोकारवाला मन्त्रालय | | X | X | X | X |
| ३ | अनुसन्धान तथा प्रविधि विकासमा सहकार्य कार्यक्रम | विश्वविद्यालय, पेशागत वैज्ञानिक समाज, गैरसरकारी वा निजी अनुसन्धान संस्थाहरूबीच सहकार्य | २/४ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | विश्वविद्यालय, निजी तथा सरकारी अनुसन्धान संस्थाहरू, | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | गर्ने र यसको लागि आवश्यक तथ्यांक र सूचनामा पहुँचको लागि तथ्यांक प्लेटफर्म निर्माण गर्ने | | | | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | | | | | |
| | | विज्ञान कूटनीति मार्फत राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता तथा समझदारी गर्ने | २/४ | ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | परराष्ट्र मन्त्रालय, अनुसन्धानमुलक राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी तथा गैहसरकारी संस्थाहरू | X | X | X | X | X |
| ४ | नवीनतम प्रविधि अनुसन्धान तथा उपयोग कार्यक्रम | नवप्रवर्तन तथा उद्यमशीलता विकासको लागि मेकरस्पेश तथा ग्रामीण नवप्रवर्तन संस्थाको स्थापना तथा सञ्चालन गर्ने | २/५ | ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | स्थानीय तह, सामुदायिक संस्थाहरू | X | X | X | X | X |
| | | प्लानेटेरियम/Space Theatre को स्थापना गर्ने | २/६ | ४ | वि.पि. प्लानेटेरियम | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विद्यालय, विश्वविद्यालय | X | X | X | X | X |
| | | नगरकोटको राष्ट्रिय बेधशालाको स्तरोन्नति गर्ने | २/६ | ४ | वि.पि. प्लानेटेरियम | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय | | X | X | X | X |
| | | कसुरको अनुसन्धान तथा न्याय सम्पादनमा उच्चस्तरीय सेवा प्रदान गर्ने तथा नयाँ विधाका सेवा शुरूवात गर्ने | २/७ | ६ | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | X | X | X | X | X |
| ५ | नेपालका रैथाने वस्तु र प्रविधिको विकास र संरक्षण कार्यक्रम | रैथाने वस्तुको संरक्षण तथा रैथाने प्रविधिको स्तरोन्नति | २/७ | ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, कृषि | | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | | | | | तथा पशुपन्छी विकास मन्त्रालय | | | | | |
| | | रैथाने वस्तु तथा प्रविधिको अन्तर्राष्ट्रियकरण र बौद्धिक सम्पत्ति अधिकार संरक्षण गर्ने | ४/८ | ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | | X | X | X | X |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अनुसन्धान तथा प्रविधि विकासमा राष्ट्रिय लगानी | प्रतिशत | ०.३५ | ०.५ | ०.६ | ०.७ | ०.८ | १.० | वार्षिक बजेट | शि.वि.प्र.म. |
| | **असर** | | | | | | | | | |
| १ | राष्ट्रिय/अन्तर्राष्ट्रिय पेटेण्ट दर्ता | संख्या | ८६ | ९६ | १०६ | ११६ | १२६ | १३६ | औद्योगिक तथ्याङ्क, उद्योग विभाग | शि.वि.प्र.म. |
| | **प्रतिफल** | | | | | | | | | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको थप सेवा विस्तार | विधा संख्या | ५ | ५ | ५ | ५ | ७ | ७ | वार्षिक प्रगति प्रतिवेदन, राष्ट्रिय विधिविज्ञान प्रयोगशाला | शि.वि.प्र.म. |
| २ | वैज्ञानिक अनुसन्धान जर्नल प्रकाशन | संख्या | - | ४५० | ४७० | ४९० | ५१० | ५३० | त्रिभुवन विश्वविद्यालय प्रतिवेदन | शि.वि.प्र.म. |
| ३ | स्टार्ट अप व्यवसाय | संख्या | - | १०० | २०० | ३०० | ४०० | ५०० | औद्योगिक तथ्याङ्क, उद्योग विभाग | शि.वि.प्र.म. |
| ४ | विज्ञानका प्रवर्द्धनात्मक कार्यक्रम (राष्ट्रिय/अन्तराष्ट्रिय सम्मेलन, प्रतियोगिता, ओलम्पियाड आयोजना) | थप संख्या | - | १० | १० | १० | १० | १० | वार्षिक प्रतिवेदन | शि.वि.प्र.म. |
| ५ | वैज्ञानिक अनुसन्धान तथा नवप्रवर्तन प्रवर्द्धन संस्थाहरू | थप संख्या | - | १० | १० | १० | १० | १० | समाज कल्याण परिषद्मा आवद्ध संस्थाको सूची | म.बा.जे.ना.म. |

**७. अनुमान तथा जोखिम**

योजना अवधिमा तहगत सरकार, विश्वविद्यालय, सामुदायिक संस्था, निजी क्षेत्र र अन्तर्राष्ट्रिय संघ संस्थाको समेत सहभागिता, सहकार्य तथा लागत साझेदारीमा अनुसन्धान विकास र नवप्रवर्तनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। विज्ञान प्रविधिसँग सम्बन्धित सार्वजनिक अनुसन्धान संस्थाहरूको समयमै पुनर्संरचना गरी राष्ट्रिय नीति अनुरूपका लक्ष्यहरू हासिल गर्न अनुसन्धान संस्थाहरूको परिचालनमा जोड दिइनेछ। विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकास र प्रवर्द्धनको लागि थप बजेट विनियोजन हुनेछ।

## ५.५ युवा तथा खेलकुद

### १. पृष्ठभूमि

सोह्रौं योजनामा उल्लेख गरे अनुरूप युवाको क्षमता अभिवृद्धि गरी राष्ट्रको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा उनीहरूको सक्रिय सहभागिता बढाउन र खेलकुदका गतिविधिमार्फत् नागरिकको शारीरिक तथा मानसिक तन्दुरूस्ती, सामाजिक र संवेगात्मक पक्षको सन्तुलित विकास गर्दै राष्ट्रिय एकता र गौरव अभिवृद्धि गर्न सो अनुरूपका कार्यक्रम कार्यान्वयनमा जानुपर्ने हुन्छ। विशेषगरी खेलकुद पूर्वाधारको विकास गर्दै नागरिकमा खेलकुद अभ्यासको वातावरण सिर्जना गरी उनीहरूको स्वास्थ्य प्रवर्द्धन गर्ने, अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भई राष्ट्रिय एकता कायम राख्ने र अन्तर्राष्ट्रियस्तरमा राष्ट्रिय गौरव बढाउने, युवाको क्षमता विकास गरी राष्ट्रको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणमा सक्रिय सहभागिता अभिवृद्धि गर्ने, युवालाई स्वरोजगार बन्न सहयोग गर्ने र स्वरोजगार व्यवसायमा रोजगारी सिर्जना गर्ने र बालबालिका तथा युवामा उच्च नैतिक चरित्र निर्माणदेखि अनुशासित र जिम्मेवार बनाउँदै स्वयंसेवक संस्कारको अभिवृद्धि गर्ने प्रकृतिका कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यन्वयनमा लैजानु आवश्यक छ। सोह्रौ योजनामा उल्लेखित यस क्षेत्रका लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि सरकारले लिने रणनीति र कार्यनीतिहरू कार्यान्वयनमा ल्याउनको लागि त्यसै अनुरूपमा कार्यक्रमहरू कार्यान्वयनमार्फत अन्य क्षेत्रसँग समन्वयात्मक लाभ र विरोधाभाष समेतको गहिरो विश्लेषण गरी स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयनलाई मार्गदर्शन गर्दै निर्दिष्ट उपलब्धि सूचक प्राप्तिको लागि यो कार्ययोजना निर्माण गरिएको छ।

### २. उद्देश्य

१. युवामा दक्षता र क्षमताको विकास गरी उद्यमशील, रोजगार र स्वरोजगार बनाउनु।

२. युवालाई आत्मनिर्भर, स्वाबलम्बी, अनुशासित र चरित्रवान बनाउनु।

३. खेलकुद पूर्वाधारको विकास, विस्तार र स्तरोन्नति गरी खेलकुद क्षेत्रलाई प्रतिष्पर्धी र व्यवसायिक बनाउनु।

### ३. रूपान्तरणकारी रणनीति

१. राष्ट्रभाव भएको सदाचारी युवा निर्माण गर्ने। (५.४.२६)

२. युवालाई क्षमता विकासका अवसर प्रदान एवम् वित्तीय पहुँच विस्तार गरी स्वरोजगार बनाउने। (५.४.२७)

३. खेलकुदलाई मानव पुँजी निर्माण तथा शारीरिक रूपले तन्दुरूस्त युवा निर्माण गर्ने आधारको रूपमा विकास गर्ने। (५.४.२८)

४. खेललाई आर्थिक रूपान्तरणको सम्वाहकको रूपमा विकास गर्ने।

### ४. कार्यनीति

१. विद्यालय तहबाट नै शारीरिक शिक्षा र खेलकुद सम्बन्धी विषयवस्तुलाई पाठ्यक्रममा समावेश गरिनेछ। (रणनीति १)

२. युवामा स्वयंसेवी संस्कृतिको विकास र विस्तार गरी राष्ट्रिय एकता र सामाजिक सद्भाव एवम् परोपकार प्रवर्द्धन गरिनेछ। (रणनीति १)

३. युवाको आवश्यकता अनुसारको शिक्षा, तालिम, स्वरोजगार, वैदेशिक रोजगार लगायतका विषयमा तथ्याङ्क प्रणाली विकास गरिनेछ। (रणनीति १)

४. इन्टर्नसीप, स्वयंसेवा, खेलकुद जस्ता कार्यक्रम मार्फत् युवा परिचालन, उद्यमशील नेतृत्व विकास र युवालाई सामाजिक अभियन्ताको रूपमा परिचालन गरिनेछ। (रणनीति १)

५. युवाहरूलाई विपद् लगायत अन्य आवश्यक कार्यमा स्वतस्फूर्त रूपमा परिचालन हुने गरी उत्प्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति १)

६. युवालाई सीप विकास तथा नव प्रवर्तनमुखी व्यवसाय सञ्चालनको लागि वित्तीय पहुँच कायम गर्न बैंक तथा वित्तीय संस्था र निजी क्षेत्रसँग साझेदारी गरिनेछ। (रणनीति २)

७. प्राविधिक तथा व्यवसायिक सीप विकासमा युवाको सहज र सरल पहुँचको लागि स्थानीय तहमार्फत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति २)

८. निजी तथा सहकारी क्षेत्रसँगको साझेदारीमा युवा उद्यमशीलता विकासका कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ३)

९. स्थानीय तहको सहकार्यमा प्रारम्भिक सिकाइलाई खेलकुदसँग आवद्ध गर्ने शिक्षा प्रणालीको विकास गर्दै स्थानीय र प्रदेश स्तरमै प्रारम्भिक, आधारभूत र माध्यमिक तहमा खेलकुद शिक्षकको व्यवस्था तथा विद्यार्थीहरूलाई खेलकुद प्रतिस्पर्धा गराउने व्यवस्था मिलाइनेछ। (रणनीति ३)

१०. सन्तुलित रूपमा खेलकुद पूर्वाधार विकासको लागि सबै स्थानीय तहमा एक-एक वटा खेलग्रामसहित प्रशिक्षणको व्यवस्था, प्रतिभावान खेलाडीहरूलाई अन्तर्राष्ट्रियस्तरको प्रशिक्षणको अवसर प्रदान र खेलाडीहरूलाई आत्मनिर्भर बनाउन सहूलियतपूर्ण कर्जा, बीमा, संगठित क्षेत्रमा रोजगार र व्यवसाय सञ्चालन गर्न बीउ पुँजीको व्यवस्था गरिनेछ। (रणनीति ३)

११. अन्तर्राष्ट्रिय प्रतियोगितामा प्रतिष्पर्धा गर्न उपयुक्त खेलहरूको तालिमको लागि हिमाली क्षेत्रमा खेलकुद तालिम केन्द्रको स्थापना गरिनेछ। (रणनीति ३)

१२. हाल निर्माणाधीन रङ्गशाला तथा खेलकुद पूर्वाधार निर्माण सम्पन्न गरिनेछ। (रणनीति ३)

१३. शारीरिक तन्दुरूस्तीको लागि स्थानीय तह तथा निजी क्षेत्रको साझेदारीमा योगाभ्यास स्थल, व्यायामशाला तथा रिक्रियशन सेन्टर स्थापना गरिनेछ। (रणनीति ३)

१४. नेपालको खेलकुद क्षेत्रलाई पर्या पर्यटन, रोजगार, सीप विकास एवम् मनोरञ्जन क्षेत्रसँग आवद्ध गर्दै आर्थिक विकासमा योगदान पुऱ्याइनेछ। (रणनीति ३)

१५. खेलकुदलाई नेपालको पहिचान तथा प्रतिष्ठा अभिवृद्धि गर्ने एवम् तुलनात्मक लाभ प्रवर्द्धन गर्ने कूटनीतिक माध्यमको रूपमा परिचालन गरिनेछ। (रणनीति ३)

१६. खेलकुद क्षेत्रलाई व्यावसायिक लाभको एक संवाहकको रूपमा स्थापित गर्दै खेलकुद पूर्वाधार लगायतका खेलकुद क्षेत्रमा निजी लगानी र सार्वजनिक निजी साझेदारलाई प्रोत्साहित गरिनेछ। (रणनीति ३)

१७. खेदकुद क्षेत्रमा सुशासन प्रवर्द्धनको लागि खेलकुद क्षेत्रको शासकीय संरचना एवम् विधि तथा प्रणालीको पुनरावलोकन गरिनेछ। (रणनीति ३)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | राष्ट्र निर्माणमा युवाको भूमिका अभिवृद्धि कार्यक्रम | युवाको रूचि आवश्यकता, शिक्षा, तालिम, स्वरोजगार, वैदेशिक रोजगार लगायतका विषयमा खण्डीकृत तथा एकीकृत तथ्याङ्क तथा तथ्याङ्क प्रणाली विकास गर्ने | १/१५ | ४ | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय युवा परिषद | राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क कार्यालय | | X | X | X | |
| | | विद्यालयमा स्काउट शिक्षा र क्रियाकलापलाई अनिवार्य गर्ने | १/१५ | ४ | युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय युवा परिषद | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | X | X | X | X |
| | | युवा स्वयंसेवक विकास तथा परिचालन गर्ने | १/१ | ४ | युवा तथा खेलकुद मन्त्रालय राष्ट्रिय युवा परिषद् | स्थानीय तह | X | X | X | X | X |
| | | स्वयंसेवकीय कार्यमा स्काउट परिचालन गर्ने | १/१ | ४ | नेपाल स्काउट | स्थानीय तह | X | X | X | X | X |
| | | युवा क्लब गठन तथा नमुना युवा संसद अभ्यास कार्यक्रम सञ्चालन गर्ने | १/१ | ४ | युव तथा खेलकुद मन्त्रालय राष्ट्रिय खेलकुद परिषद् | स्थानीय तह | | X | X | X | X |
| २ | आर्थिक उत्पादन तथा उद्यमशीलता अभिवृद्धि कार्यक्रम | उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सञ्चालन गर्ने | २/२ | ४ | युव तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | स्थानीय तह तथा निजी क्षेत्र | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | प्रतिभावान युवालाई फेलोसीप प्रदान गर्ने | २/२ | ४ | युव तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय खेलकुद परिषद् | स्थानीय तह | X | X | X | X | X |
| ३ | प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक तह खेलकुद कार्यक्रम | विद्यालय तहको पाठ्यक्रम सुधार गरी शारीरिक शिक्षा सम्बन्धी विषयवस्तु समावेश गर्ने | १/१४ | ४ | युवा तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय युवा परिषद | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | X | X | X | X |
| | | विद्यालयमा खेलकुद सप्ताह आयोजना गर्ने | ३/३ | ४ | युव तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय खेलकुद परिषद् | स्थानीय तह | | X | X | X | X |
| | | स्थानीय तहको सहकार्यमा विद्यालयहरूमा तालिम प्राप्त खेलकुद शिक्षकको व्यवस्था गर्ने | ३/३ | ४ | युव तथा खेलकुद मन्त्रालय | शिक्षा मन्त्रालय<br>राष्ट्रिय खेलकुद परिषद्<br>स्थानीय तह | X | X | X | X | X |
| | | नियमित रूपमा राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता आयोजना गर्ने | ३/३ | ४ | युवा तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय खेलकुद परिषद् | स्थानीय तह र प्रदेश | | X | X | X | X |
| ४ | शारीरिक तन्दुरूस्ती र सदाचारिताको लागि खेलकुद कार्यक्रम | स्थानीय तहमा खेलग्राम निर्माण गर्ने | ३/३ | ४ | युव तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय खेलकुद परिषद् | स्थानीय तह र प्रदेश | | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय तहमा खेलाडीलाई प्रशिक्षणको व्यवस्था गर्ने | ३/३ | ४ | युव तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | खेलकुद संघहरू | | X | X | X | X |
| | | राष्ट्रिय तथा अन्तर्राष्ट्रिस्तरको खेलकुद प्रतियोगिता आयोजना गर्ने | ३/३ | ४ | युव तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | खेलकुद संघहरू | X | X | X | X | X |
| ५ | खेलकूद व्यवसाय प्रोत्साहन कार्यक्रम | खेलाडीको लागि स्वरोजगार, बीमा लगायतका प्रोत्साहन कार्यक्रमको व्यवस्था गर्ने | ३/३ | ४ | युव तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | सार्वजनिक तथा निजी क्षेत्र | X | X | X | X | X |
| ६ | मुलपानी क्रिकेट रङ्गशाला निर्माण काठमाडौ | छानायुक्त प्यारापिट, फ्लड लाइट, स्कोरबोर्ड, स्वीमिङ पुल र छात्राबाससहितको क्रिकेट खेल मैदान निर्माण गर्ने | ३/३ | ४ | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| ७ | गिरिजा प्रसाद कोइराला क्रिकेट रङ्गशाला निर्माण विराटनगर | छानायुक्त प्यारापिट, फ्लड लाइट, स्कोरबोर्ड, स्वीमिङ पुल र बहुउद्देश्यीय कभर्ड हल सहितको क्रिकेट खेलमैदान निर्माण गर्ने | ३/३ | ४ | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| ८ | प्रदेशमा अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण | फ्लड लाइट, स्कोरबोर्ड, बहुउद्देश्यीय कभर्डहल र प्यारापिट सहितको अन्तर्राष्ट्रियस्तरको रङ्गशाला निर्माण गर्ने | ३/३ | ४ | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | अर्थ मन्त्रालय, प्रदेश सरकार | | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ |
| ९ | हाइ अल्टिच्यूट ट्रेनिङ सेन्टर स्थापना | जिम हल, बहुउद्देश्यीय कभर्ड हल र छात्राबास सहितको हाइ अल्टिच्यूट ट्रेनिङ सेन्टर निर्माण गर्ने | ३/३ | ४ | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग | | X | X | X | X |
| १० | खेलकुद पर्यटन प्रवर्द्धन कार्यक्रम | उच्च हिमाल क्षेत्रमा खेलकुद पूर्वाधार निर्माण तथा सञ्चालन गर्ने | ३/११ | ४ | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | खेल सङ्घ | X | X | X | X | X |
| | | मौलिक एवम् सहासिक खेलकुद प्रतियोगिताको आयोजना गर्ने | ३/११ | ४ | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | खेल सङ्घ | X | X | X | X | X |
| ११ | खेल कूटनीति प्रवर्द्धन कार्यक्रम | मित्र राष्ट्रहरूसँग खेलकुद र युवा विकास विषयमा समझदारी गर्ने | ३/१२ | ४ | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | परराष्ट्र मन्त्रालय, राष्ट्रिय युवा परिषद् | X | X | X | X | X |
| | | ख्याती प्राप्त खेलाडीहरूलाई Sport Ambassador घोषणा गरी उपयोग गर्ने | ३/१२ | ४ | युवा तथा खेलकुद मन्त्रालय | परराष्ट्र मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् खेल सङ्घ | | X | X | X | X |
| १२ | खेलकुद क्षेत्रमा निजी लगानी प्रवर्द्धन कार्यक्रम | खेलकुद पूर्वाधार निर्माण तथा सञ्चालनमा सार्वजनिक निजी साझेदारी विधिको उपयोग गर्ने निजी क्षेत्रलाई खेलकुद प्रतियोगिता | ३/१३ | ४ | युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् | अर्थ मन्त्रालय, लगानी बोर्ड, राष्ट्रिय खेलकुद परिषद् | | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | र प्रशिक्षण कार्यक्रम सञ्चालनमा प्रोत्साहन गर्ने | | | | | | | | | |
| | | निजी क्षेत्रलाई खेलकुद प्रतियोगिता र प्रशिक्षण कार्यक्रम सञ्चालनमा प्रोत्साहन गर्ने | ३/१३ | ४ | युवा तथा खेलकुद मन्त्रालय,<br>राष्ट्रिय खेलकुद परिषद् | खेल संघ<br>निजी प्रतिष्ठान | | X | x | x | x |
| १३ | खेलकुदको शासकीय सुधार | खेलकुद क्षेत्रको शासकीय संरचना तथा कानूनी व्यवस्थाको पुनरावलोकन गर्ने | ३/१४ | ४ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,<br>युवा तथा खेलकुद मन्त्रालय | अर्थ मन्त्रालय,<br>राष्ट्रिय योजना आयोग, राष्ट्रिय खेलकुद परिषद्<br>खेल सङ्घ, प्रदेश सरकार, स्थानीय तह | | x | x | x | x |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | युवा बेरोजगारी दर (१५-२४ वर्ष) | प्रतिशत | २१.८ | २१.८ | २०.० | १८.० | १६.५ | १५.० | नेपाल श्रमशक्ति सर्वेक्षण | यु.खे.म. |
| | **असर** | | | | | | | | | |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | अध्ययन, तालिम र रोजगारीमा नरहेका १५ देखि २४ वर्षका युवा | प्रतिशत | ३५.३ | ३५.३ | ३० | २६ | २३ | २० | नेपाल श्रमशक्ति सर्वेक्षण | यु.खे.म. |
| २ | युवा साक्षरता दर (१५-२४ वर्ष) | प्रतिशत | ९४.१८ | ९५ | ९६ | ९७ | ९८ | ९९ | वार्षिक प्रतिवेदन | शि.वि.प्र.म. |
| | **प्रतिफल** | | | | | | | | | श्र.रो.सा.सु.म. |
| १ | उद्यम शीलता तथा वित्तीय साक्षरता तालिम प्राप्त गर्ने युवा (प्रति वर्ष) | जना | ७८६ | १००० | १००० | १००० | १००० | १००० | प्रगति प्रतिवेदन | राष्ट्रिय युवा परिषद् |
| २ | स्वयंसेवी कार्यमा सहभागी युवा र स्काउट (प्रति वर्ष) | जना (हजारम) | ७०० | ६०० | १००० | १००० | १००० | १००० | प्रगति प्रतिवेदन | राष्ट्रिय युवा परिषद् |
| ३ | स्वरोजगार उद्यम/व्यवसाय सञ्चालन गर्ने युवा (प्रति वर्ष) | जना (हजारमा) | १०९ | १० | १० | १० | १० | १० | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |
| ४ | प्रदेशमा अन्तर्राष्ट्रियस्तरको सुविधा सम्पन्न रङ्गशाला निर्माण (प्रति वर्ष) | ओटा | १ | १ | १ | १ | १ | ४ | प्रगति प्रतिवेदन | यु.खे.म. |
| ५ | अन्तर्राष्ट्रिय सुविधा सम्पन्न क्रिकेट रङ्गशाला निर्माण (प्रति वर्ष) | ओटा | ० | १ | १ | १ | २ | २ | प्रगति प्रतिवेदन | यु.खे.म. |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ६ | खेलाडीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको प्रशिक्षण (वार्षिक) | जना (हजारमा) | ० | १० | १० | १० | १० | १० | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |
| ७ | उद्यम शीलता तथा वित्तीय साक्षरता तालिम प्राप्त गर्ने युवा (प्रति वर्ष) | जना | ७८६ | १००० | १००० | १००० | १००० | १००० | प्रगति प्रतिवेदन | राष्ट्रिय युवा परिषद् |
| ८ | खेलकुदको राष्ट्रियस्तरको प्रतियोगिता आयोजना (वार्षिक) | ओटा | ८५ | ८० | ८० | ८० | ८० | ८० | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |
| ९ | खेलाडी तथा प्रशिक्षकको जीवन बीमा र स्वास्थ्य बीमा (वार्षिक) | जना (हजार) | ० | १० | १० | १० | १० | १० | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |
| १० | उच्च हिमाल क्षेत्रमा खेलकुद पूर्वाधार निर्माण तथा सञ्चालन (वार्षिक) | वटा | ० | ० | ० | १ | १ | १ | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |
| ११ | मौलिक एवम् सहासिक खेलकुद प्रतियोगिताको आयोजना | वटा | ० | ० | ३ | २ | ३ | २ | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |
| १२ | मित्र राष्ट्रहरूसँग खेलकुद र युवा विकास विषयमा समझदारी गर्ने। | सङ्ख्या | ० | ० | २ | ५ | ५ | ७ | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |
| १३ | अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता | सङ्ख्या | ९९ | १११ | ९५ | ९० | ९० | १०१ | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १४ | खेलकुद क्षेत्रमा पर्या पर्यटन कार्यक्रमको आयोजना | वटा | ० | ० | ० | १४ | २१ | २८ | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |
| १५ | द्विपक्षीय र बहुपक्षीय मैत्रीपूर्ण खेल आयोजना | वटा | ० | ० | ० | ५ | १० | १५ | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |
| १६ | खेलकुद पूर्वाधार निर्माण तथा सञ्चालनमा सार्वजनिक निजी साझेदारी कार्यक्रम सञ्चालन | वटा | ० | ० | ० | ७ | १४ | २१ | प्रगति प्रतिवेदन | राष्ट्रिय खेलकुद परिषद् |

### ७. अनुमान तथा जोखिम

युवा तथा खेलकुद क्षेत्रमा हाल न्युन मात्र बजेट विनियोजन हुने गरेको छ । यस क्षेत्रमा लगानी वृद्धि गर्न नसकिएमा स्रोत अभाव भई अनुमानित लक्ष्य प्राप्त हुन नसक्ने जोखिम रहेको छ । जोखिम न्यूनकरणको लागि खेलकुद ठूला पूर्वाधार निर्माण गर्न दक्ष जनशक्ति सहितको संरचना स्थापना गरी परियोजना ढाँचामा निर्माण कार्य अघि बढाउने र वैदेशिक सहयोग तथा सहकार्य अभिवृद्धि गरी खेलकुद पूर्वाधार निर्माण कार्यलाई स्रोत जुटाउनु आवश्यक रहेको छ । साथै, युवालाई उत्पादन तथा स्वरोजगारीमा प्रेरित गर्न सार्वजनिक, निजी, सहकारी लगायतका क्षेत्रबाट वित्तीय पहुँच, सीप विकास, नवप्रवर्तनमुखी उद्यमको अवसर लगायतका कार्य गर्नु जरूरी छ । अनुगमन र प्रगति स्थितिको लेखाङ्कन युवा तथा खेलकुद मन्त्रालयबाट गर्नुपर्ने हुन्छ । अन्य जिम्मेवार निकाय/मन्त्रालयबाट भएको योगदानको सूचना उपलब्ध गराउने सम्बन्धमा आवश्यक समन्वयको कमी हुन सक्ने जोखिम रहेको छ ।

## परिच्छेद ६

# गुणस्तरीय भौतिक पूर्वाधार विकास एवम् सघन अन्तर-आबद्धता

### ६.१ सडक यातायात

#### १. पृष्ठभूमि

सोह्रौं योजनाको कार्यान्वयनमा सवारी साधनको अत्यधिक चाप, सडकको खराब अवस्था, सार्वजनिक यातायातमा गुणस्तरको कमी, यातायात नियमको पालना नगर्ने प्रवृत्ति, सवारी साधनबाट हुने वायु प्रदुषण, यातायात व्यवस्थापनमा कमी लगायतका कारणले यातायात क्षेत्र प्रभावकारी ढंगले विकास हुन नसकेको अवस्थालाई सम्बोधन गर्नुपर्ने देखिएको छ। सडक, जल तथा रेल पूर्वाधार निर्माणमा दिगोपना तथा उत्थानशीलता कायम गर्ने, सडक सुरक्षाको लागि आवश्यक उपायहरूको अवलम्बन गरी सडक दुर्घटना न्यूनीकरण गर्ने, सडक यातायात पूर्वाधारको डिजाइन तथा निर्माणलाई सबै प्रकारका अपाङ्गता एवम् अशक्तहरूको लागि सहज बनाउने गरी सोह्रौं योजनामा उल्लेखित यस क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रमहरू कार्यान्वयन गर्नु आवश्यक रहेको छ। सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमहरूले यस क्षेत्र तथा स्वास्थ्य, कृषि, सिँचाइ, वन तथा वातावरण लगायतका अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

#### २. उद्देश्य

१. समग्र यातायात क्षेत्रको विकासमार्फत् देशको आर्थिक सामाजिक रूपान्तरणको लागि बलियो तथा भरपर्दो आधार निर्माण गर्नु।
२. दिगो तथा वातावरण मैत्री यातायात प्रणालीको विकासलाई प्राथमिकता दिँदै हरित अर्थतन्त्र प्रवर्द्धन गर्नु।
३. सवारी तथा यातायात क्षेत्रको विकासको लागि तहगत सरकार, सार्वजनिक तथा निजी क्षेत्रको भूमिका, क्षमता, समन्वय तथा सहकार्य अभिवृद्धि गर्नु।

#### ३. रूपान्तरणकारी रणनीति

१. पूर्वाधार नीति तर्जुमा तथा कार्यान्वयन गर्ने। (६.४.१)
२. पूर्वाधार विकासको लागि सार्वजनिक-निजी साझेदारी, लागत साझेदारी, हरित जलवायु कोष, वैदेशक लगानी जस्ता स्रोतको खोजी र परिचालनलाई व्यवस्थित गर्ने। (६.४.२)
३. यातायात पूर्वाधार विकासमार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउने। (६.४.३)
४. पूर्वाधार आयोजना व्यवस्थापनमा सुधार गर्ने। (६.४.४)
५. पूर्वाधार विकासको क्षेत्रमा प्रविधि, क्षमता विकास, अध्ययन-अनुसन्धान तथा नवप्रवर्तनमा जोड दिने। (६.४.५)
६. दिगो, उत्थानशील तथा वातावरणमैत्री पूर्वाधार निर्माण गर्ने। (६.४.६)
७. सडक तथा यातायात पूर्वाधार क्षेत्रको सुदृढीकरण गर्ने। (६.४.७)
८. अन्तर्देशीय र अन्तर्राष्ट्रिय जल यातायातको लागि आवश्यक कानूनी संरचना तथा पूर्वाधार तयार गरी सेवा व्यवस्थापन गर्ने। (६.४.३)
९. जल यातायातको सञ्चालनद्वारा देशको आर्थिक विकास तथा रोजगारी अभिवृद्धिमा टेवा पुऱ्याउने। (६.४.३)

१०. यातायात व्यवस्थापनलाई नविनतम् प्रविधिमा आधारित दिगो वातावारणमैत्री, प्रभावकारी र सेवामूलक तुल्याउने । (६.४.५)

११. नागरिकमैत्री, पहुँच विस्तारको लागि रेल्वे सेवाको पूर्वाधार विकास गर्ने । (६.४.३)

१२. रेल स्टेशन वरपर आधुनिक, सुदृढ तथा भरपर्दो सार्वजनिक यातायात प्रणालीको विकास गर्दै प्रणालीहरूबीच अन्तर-आवद्धता कायम गर्ने । (६.४.३)

१३. सुरक्षित, सुलभ, सेवाग्राहीमैत्री र मर्यादित सवारी तथा यातायातसम्बद्ध सेवाको विकास र विस्तार गर्ने । (६.४.५)

१४. यातायात एवम् व्यापारमा उपयुक्त रणनैतिक स्थानहरूमा योजनाबद्ध रूपमा नयाँ शहर निर्माणमा सहयोग पुऱ्याउने । (६.४.३)

**४. कार्यनीति**

१. पूर्वाधार विकासका क्षेत्रगत नीतिहरूलाई अन्तरआवद्ध गरी राष्ट्रिय पूर्वाधार नीति तर्जुमा गरिनेछ । (रणनीति १)

२. अन्तर्राष्ट्रिय मापदण्ड अनुसार पूर्वाधार निर्माण रणनीति विकास तथा कानूनमा समयानुकुल परिमार्जन गरिनेछ । (रणनीति १)

३. निर्मित यातायात पूर्वाधारको दिगोपना कायम गर्न तहगत समन्वयको कानूनी प्रबन्धलाई व्यवस्थित गरिनेछ । (रणनीति १)

४. सार्वजानिक तथा वैकल्पिक वित्तीय स्रोत (सार्वजानिक-निजी साझेदारी, सहलगानी, लागत साझेदारी, हरित जलवायु वित्त) को प्रभावकारी परिचालन, वस्तुगत विनियोजन, खर्च क्षमता अभिवृद्धि तथा वित्तीय सुशासन कायम गरिनेछ । (रणनीति २)

५. सडक मर्मत खर्च प्रणालीलाई तहगत सरकारहरूमा लागु गर्दै जाने र सडक बोर्डलाई स्रोत परिचालनको लागि स्वायत्त रूपमा स्रोत प्राप्त हुने व्यवस्था गरिनेछ । (रणनीति २)

६. आधुनिक र नवीन प्रविधियुक्त सडक, पुल सुरूङ, फ्लाइओभर, अन्डरओभर, अन्डरपास, वैकल्पिक यातायात लगायतका संरचना विस्तार गरिनेछ । (रणनीति ३)

७. पूर्वाधार विकाससँग आर्थिक लाभलाई वस्तुनिष्ठ रूपमा जोड्ने सडक गुणस्तरमा प्राथमिकता दिँदै लागत, समय र दुरी घटाउन नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ । (रणनीति ३)

८. ठूला प्रकृतिका पूर्वाधार आयोजनाको निर्माणमा नीतिगत तथा आयोजनागत नेतृत्वको दिगो सुनिश्चितता गर्दै रु. १ अर्बभन्दा बढिका आयोजना कार्यान्वयनको लागि विशेष कानूनी प्रबन्ध गरिनेछ । (रणनीति ४)

९. पूर्वाधार क्षेत्रमा विकास भएका नविन प्रविधि तथा अभ्यासलाई निजी, प्राज्ञिक र सरकारी निकायहरू बीचको सहकार्य बलियो बनाउँदै तथ्य र प्रमाणमा आधारित नीति तथा योजना तर्जुमा प्रक्रियालाई सुदृढीकरण गरिनेछ । (रणनीति ५)

१०. स्थानीय स्तरमा उपलब्ध स्रोत तथा परम्परागत सीप र ज्ञानलाई उपयोग गर्ने नीति लिँदै ज्ञानको पुस्तान्तरण तथा स्तरोन्नति हुने गरी बौद्धिक सम्पत्ति अधिकारको रूपमा स्थापित गरिनेछ । (रणनीति ५)

११. यातायात पूर्वाधार योजना, कार्यक्रम तथा बजेटमा दिगोपना तथा उत्थानशीलताको लागि आर्थिक, सामाजिक, भौतिक तथा प्राकृतिक पूर्वाधारलाई चक्रीय अर्थतन्त्र मार्फत कार्यान्वयन गरिनेछ । (रणनीति ६)

१२. पारदर्शी तथा व्यावहारिक निर्माण प्रक्रिया सुनिश्चित गर्न निर्माण व्यवसायी र सरकारी निकायबिच पारदर्शी कार्यसम्बन्ध सुदृढ गर्दै निर्माण कार्यका मानकहरूको परिपालना गरिनेछ । (रणनीति ६)

१३. राष्ट्रिय राजमार्ग र रणनीतिक सडकहरूको विस्तार र दिगोपना अभिवृद्धिको लागि यातायात पूर्वाधार विकास सम्बन्धी कानूनलाई संशोधन र एकीकरण गरी दिगो र उत्थानशील बनाइनेछ । (रणनीति ७)

१४. सडक पूर्वाधारहरूको मर्मत-सम्भार कार्यलाई नियमित तथा व्यवस्थित गर्न सडक बोर्डको क्षमता विकास, स्रोत परिचालन तथा व्यवस्थापन गरिनेछ । (रणनीति ७)

१५. पानीजहाज सम्बन्धी ऐन जारी गरी सोको अधीनमा रही नियमावली, मापदण्ड र कार्यविधि तर्जुमा गरिनेछ। (रणनीति ८)

१६. देशभरका नदीनालाहरूमा सम्भाव्य जलमार्गहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरी सम्भाव्य जलमार्गहरूको सञ्चालनको लागि विस्तृत आयोजना प्रतिवेदन तयारी लगायतका कार्य गरी निर्माण कार्य अगाडि बढाइनेछ। (रणनीति ९)

१७. नेपाल भारत साझा जल यातायात सञ्चालनको लागि विस्तृत अध्ययन र अनुसन्धान गरी समुन्द्रबाट भारतका विभिन्न आन्तरिक जलमार्गको उपयोग गरी नेपालसम्म सिधै मालसामान ढुवानीको व्यवस्था मिलाउन पहल गरिनेछ। (रणनीति १०)

१८. समुन्द्रमा नेपाली झन्डा अंकित पानीजहाज सञ्चालन हुने व्यवस्था मिलाइनेछ। (रणनीति १०)

१९. यातायात एवम् व्यापारमा पहुँच विस्तारको लागि जल यातायातको विकास मार्फत् पर्यटन प्रवर्द्धन गरी देशको आर्थिक विकास तथा रोजगारी सिर्जना गरिनेछ। (रणनीति ११)

२०. सवारी साधन व्यवस्थापन कार्यलाई आधुनिक प्रणालीमा आवद्ध गर्न इम्बोस्ड नम्बर प्लेट जडान कार्यलाई प्राथमिकता दिइनेछ। (रणनीति १२)

२१. सवारी चालक अनुमतिपत्र, सवारी साधन व्यवस्थापन, नियमन लगायतका सेवालाई पूर्णत: डिजिटल प्रणालीमा आवद्ध गरिनेछ। (रणनीति १२)

२२. ग्लोबल पोजिसनिङ् सिस्टम (जिपिएस) मार्फत सार्वजनिक सवारी साधन ट्र्याकिङको व्यवस्था मिलाइनेछ। (रणनीति १२)

२३. नविनतम् प्रविधिमा आधारित दिगो वातावरणमैत्री सवारी साधनद्वारा पेट्रोल-डिजेलमा आधारित पुराना सवारी साधनहरूको प्रतिस्थापन गरिनेछ र सार्वजनिक यातायातमा विद्युतीय सवारी साधनको आयातसम्बन्धी मापदण्ड तर्जुमा गरिनेछ। (रणनीति १२)

२४. प्रदुषण नियन्त्रणको लागि युरो ६ र अन्य अत्याधुनिक मापदण्ड लागु गरिनेछ र पुराना धुँवा फाल्ने सवारी साधन विस्थापित गरिनेछ। (रणनीति १२)

२५. सूचना प्रविधि पूर्वाधारको स्तरोन्नति, सुदृढीकरण गर्दै डाटा सेन्टर र डिजास्टर रिकोभरी सेन्टर स्थापना तथा विद्युतीय तथ्याङ्कको सुरक्षालाई सुनिश्चित गरिनेछ। (रणनीति १३)

२६. सार्वजनिक सेवा प्रवाहसँग हाल अन्तर-आवद्ध गरिएका सूचना प्रविधिजन्य प्रणालीको सुरक्षा र प्रभावकारिता अभिवृद्धि गरिनेछ र सम्भाव्य क्षेत्रमा एकीकृत डिजिटल प्लेटफर्म विकास गर्न अध्ययन अनुसन्धान, प्रविधि विकास र नवप्रर्वतनलाई प्राथमिकता दिइनेछ। (रणनीति १३)

२७. विद्युतीय मास ट्रान्सपोर्टलाई जोड दिँदै वैज्ञानिक भाडा दर प्रणाली मार्फत सार्वजनिक यातायात सेवालाई सुलभ र पहुँचयोग्य बनाइनेछ। (रणनीति १४)

२८. वैज्ञानिक विधि र मापदण्डको आधारमा रूट निर्धारण गरी सडकको अवस्था एकीन गरेर मात्रै रुट अनुमति दिने व्यवस्था गरिनेछ। (रणनीति १४)

२९. सार्वजनिक यातायातमा ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, अति गरिब र अन्य लक्षित समूहको पहुँच र प्रयोगलाई अभिवृद्धि गरिनेछ र सार्वजनिक यातायात क्षेत्रमा कार्यरत व्यवसायी तथा पेशाकर्मीको सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ। (रणनीति १४)

३०. प्रदेश सरकारबाटै लाइसेन्स छपाइ तथा सेवा प्रवाहमा सुधार गर्न तहगत सरकारबीच समन्वय, सहकार्य र पारस्परिकताको आधारमा समन्वय बैठक व्यवस्थापन, संरचनागत संयन्त्रको सक्रियता अभिवृद्धि र निर्णयको प्रभावकारी कार्यान्वयन गरिनेछ। (रणनीति १४)

३१. प्राथमिकताका आधारमा रेलमार्गहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ। (रणनीति १५)

३२. रेलमार्गहरूको निर्माण सम्पन्न गरी रेल यातायात सेवालाई विश्वसनीय र भरपर्दो बनाउन व्यवस्थापकीय तथा रेल सञ्चालनसँग सम्बन्धित जनशक्तिको पहिचान, क्षमता विकास तथा परिचालन गरिनेछ। (रणनीति १५)

३३. अन्तरदेशीय रेलमार्ग विकासको लागि द्विपक्षीय समझदारी अनुरूप विशिष्टकृत निर्माण तथा सञ्चालन प्रणाली अवलम्बन गरी निर्माण तथा सञ्चालन गरिनेछ। (रणनीति १५)

## ५. कार्यान्वयन कार्ययोजना

| क. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | एकीकृत यातायात प्रणाली विकास कार्यक्रम | काठमाडौँ उपत्यकामा एकीकृत यातायात प्रणाली विकास गरी बाहिरी चक्रपथ एवम् उत्तर-दक्षिण नदि कोरिडोरमा वैकल्पिक मार्ग तयार गर्ने | १/१ | ३ | शहरी विकास मन्त्रालय, का.उ.सा.या.प्रा. | नेपाल विद्युत प्राधिकरण, व.वा.म., स्थानीय तह | × | × | × | × | × |
| | | राष्ट्रिय गौरवका आयोजना, रूपान्तरणकारी आयोजना र राष्ट्रिय राजमार्गको स्तरोन्नति तथा कोरिडोर राजमार्गको निर्माण कार्यलाई तीव्रता दिने | ४/१२ | ३ | भौ.पू.या.म., सडक विभाग | नेपाल विद्युत प्राधिकरण , वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | × | × | × | × | × |
| | | चालु अवस्थामा रहेका रणनीतिक महत्वका सडकको निर्माण गर्ने र सम्पन्न भएका आयोजनाको सडक बोर्ड मार्फत नियमित सम्भार गर्ने | ७/१३ र ७/१४ | ३ | भौ.पू.या.म., सडक विभाग | सडक बोर्ड, नेपाल विद्युत प्राधिकरण, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | × | × | × | × | × |
| २ | सडक पूर्वाधार मर्मत-सम्भार कार्यक्रम | विद्यमान सडक सञ्जालहरूको नियमित मर्मत सम्भार, सवारीको संख्याको आधारमा स्तरवृद्धि, सडक विस्तार, सुरुङ्ग मार्ग, फ्लाई ओभर, बाइपास र अन्डर पास निर्माण गर्ने | ७/१३ र ३/६ | ३ | भौ.पू.या.म., सडक विभाग | नेपाल विद्युत प्राधिकरण, व.वा.म., स्थानीय तह | × | × | × | × | × |
| | | सडक पूर्वाधारमा आवश्यकतानुसार पूर्ण सवलीकरण प्रणाली लागु गर्ने | ३/७ | ३ | भौ.पू.या.म., सडक विभाग | क्षेत्रगत मन्त्रालय, स्थानीय तह | × | × | × | × | × |

| क.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सडक बोर्ड नेपालको संरचनात्माक रूपान्तरण गर्ने | २/५ र ७/१४ | ३ | भौ.पू.या.म., सडक बोर्ड | सडक विभाग | × | × | × | × | × |
| ३ | सार्वजनिक यातायात सञ्चालनमा राज्यको भूमिका अभिवृद्धि कार्यक्रम | पूर्व पश्चिम विद्युतीय रेलवे पूर्वाधार विकास तथा सञ्चालनलाई निरन्तरता दिने | १५/३२ | ३ | भौ.पू.या.म., रेल विभाग | अर्थ मन्त्रालय, व.वा.म., स्थानीय तह | × | × | × | × | × |
| | | नेपाल भारत अन्तरसिमा रेलमार्ग विकास तथा सञ्चालन गर्ने | १५/३३ | ३ | भौ.पू.या.म., रेल विभाग | अर्थ मन्त्रालय, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, व.वा.म. | × | × | × | × | × |
| ४ | भौतिक पूर्वाधार सम्पत्ति व्यवस्थापन प्रणाली विकास कार्यक्रम | विद्यमान सडक पूर्वाधारका सम्पत्ति व्यवस्थापन प्रणाली, सडक मर्मत खर्च प्रणाली, सडक पुल व्यवस्थापन सूचना प्रणाली विकास तथा सुदृढीकरण गर्ने | २/५ | ३ | सडक विभाग, सडक बोर्ड | भौ.पू.या.म. | × | × | × | × | × |

| क. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ५ | वित्तीय स्रोत व्यवस्थापन कार्यक्रम | पूर्वाधार निर्माणमा नवप्रवर्तनकारी वित्त मोडल, निर्माण सञ्चालन र हस्तान्तरण मोडल र इन्जिनियरिङ खरिद तथा निर्माण (इपीसी) मोडल कार्यान्वयनको लागि विद्यमान कानूनी व्यवस्थामा संशोधन तथा अन्य क्षेत्रगत कानूनहरूसँग सामनजस्यता कायम गर्ने | २/४ | ३ | सार्वजनिक खरिद अनुगमन कार्यालय | अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौ.पू.या.म. | × | × | × | × | × |
| ६ | जल यातायात सञ्चालन तथा व्यवस्थापन कार्यक्रम | नेपाल पानीजहाज ऐन जारी गर्ने | ८/१५ | ३ | नेपाल सरकार | भौ.पू.या.म. | × | × | × | × | × |
| | | नेपाल पानीजहाज नियमावली निर्देशिका र मापदण्ड निर्माण गर्ने | ८/१६ | ३ | भौ.पू.या.म. | नेपाल पानीजहाज कार्यालय | × | × | × | × | × |
| | | आन्तरिक जलयान सञ्चालन गर्ने | ९ | ३ | नेपाल पानीजहाज कार्यालय | भौ.पू.या.म., प्रदेश तथा स्थानीय तह | × | × | × | × | × |
| | | देशभरका आर्थिक रूपमा सम्भाव्य र प्राविधिक रूपमा योग्य जल मार्गहरू तयारी कार्य गर्ने | ९/१७ | ३ | नेपाल पानीजहाज कार्यालय | भौ.पू.या.म., प्रदेश तथा स्थानीय तह | × | × | × | × | × |
| | | अन्तर्राष्ट्रिय सामुन्द्रिक पारवहन संगठन (IMO) को न्यूनतम आवश्यक सन्धि, महासन्धि, र अभिसन्धि अनुमोदन सम्बन्धी कार्य गर्ने | १०/१९ | ३ | नेपाल सरकार | भौ.पू.या.म. | × | × | × | × | × |
| | | जल यातायातको क्षेत्रमा रोजगारी सिर्जना गर्ने | ११/२० | ३ | नेपाल पानीजहाज कार्यालय | प्रदेश स्थानीय तह, निजी क्षेत्र | × | × | × | × | × |

| क.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | जलमार्गमा मनोरञ्जनात्मक पर्यटन प्रवर्द्धन गर्ने | ११/२० | ३ | प्रदेश, स्थानीय तह, नेपाल पानीजहाज कार्यालय | पर्यटन मन्त्रालय, स्थानीय तह | × | × | × | × | × |
| ७ | यातायात व्यवस्थापन | प्रदेशहरूमा Vehicle Fitness Testing Center विस्तार र स्वचालित प्रविधिबाट सवारी तथा प्रदुषण परीक्षण गर्ने | १२/२२ | ३ | यातायात व्यवस्था विभाग | अर्थ मन्त्रालय, सं.मा.सा.प्र.म. | × | × | × | × | × |
| | | सवारी चालक अनुमतिपत्र (स्मार्टकार्ड) छपाई गर्ने | १२/२२ | ३ | प्रदेश मन्त्रालय | प्रदेश मातहतका यातायात व्यवस्था कार्यालय, सेवा कार्यालय | × | × | × | × | × |
| | | सार्वजनिक सवारी साधनको GPS Tracking गर्ने | १२/२३ | ३ | प्रदेश मन्त्रालय | यातायात व्यवस्था विभाग | × | × | × | × | × |
| | | इम्बोस्ड नम्बर प्लेट जडान (EVNP) गर्ने | १२/२१ | ३ | प्रदेश मन्त्रालय | प्रदेश मातहतका यातायात व्यवस्था कार्यालय, सेवा कार्यालय | × | × | × | × | × |
| | | वैज्ञानिक रुट पर्मिट निर्धारण गर्ने | १२ | ३ | यातायात व्यवस्था विभाग | सवारी परीक्षण कार्यालय | × | × | × | × | × |
| | | विद्युतीय सवारी साधनको प्राथमिकता र आयातसम्बन्धी मापदण्ड निर्माण गर्ने | १२/२४ | ३ | यातायात व्यवस्था विभाग | अर्थ मन्त्रालय, भौ.पू.या.म. | × | × | × | × | × |
| | | सवारीको प्राविधिक परीक्षण, प्रदुषण मापदण्ड अनुगमन तथा नियमन गर्ने | १२/२५ | ३ | प्रदेश मन्त्रालय | सवारी परीक्षण कार्यालय | × | × | × | × | × |
| | | तहगत समन्वय र सहकार्यको लागि पूर्वाधार तथा यातायात सम्बन्धी | १२ | ३ | यातायात व्यवस्था विभाग | प्रदेश सरकार तथा स्थानीय सरकार | × | × | × | × | × |

| क. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | विषयगत समिति, अन्तर प्रदेश कार्यदलको बैठक व्यवस्थापन गर्ने | | | | | | | | | |
| | | छिटो, छरितो र गुणस्तरीय सवारी चालक अनुमतिपत्र उत्पादन तथा वितरणमार्फत Backlog clearance गर्ने | १४ | ३ | यातायात व्यवस्था विभाग | भौ.पू.या.म. | × | × | × | × | × |
| | | प्रदेशस्तरबाट स्मार्टकार्ड लाइसेन्स छपाइ तथा वितरण गर्न प्रदेशलाई प्रविधि हस्तान्तरण तथा क्षमता विकासमा सहजीकरण गर्ने | १४/३१ | ३ | यातायात व्यवस्था विभाग | भौ.पू.या.म., यातायात व्यवस्था विभाग | × | × | × | × | × |
| | | विद्युतीय मास ट्रान्सपोर्ट सञ्चालन र द्रुत बसको विस्तार गर्ने | १४/२८ | ३ | यातायात व्यवस्था विभाग | अर्थ मन्त्रालय, भौ.पू.या.म., स्थानीय सरकार, | × | × | × | × | × |
| | | सार्वजनिक यातायातमा लक्षित वर्गको पहुँच अभिवृद्धि र यातायात व्यवसायी र पेशाकर्मीलाई सामाजिक सुरक्षाको दायरामा ल्याउने सम्बन्धमा नीतिगत व्यवस्था गर्ने | १४/३० | ३ | यातायात व्यवस्था विभाग | श्र. रो. सा.सु.म.,अर्थ मन्त्रालय, भौ.पू.या.म. तथा सरोकार वाला | × | × | × | × | × |
| ८ | सार्वजनिक यातायात प्रणालीको विकास र | नयाँ EDL/eVRS system software विकास गर्ने | १३/२७ | ३ | यातायात व्यवस्था विभाग | भौ.पू.या.म. | × | × | × | × | × |
| | | मौजुदा सर्भर क्षमता अभिवृद्धि गर्ने | १३ | ३ | यातायात व्यवस्था विभाग | भौ.पू.या.म. | × | × | × | × | × |

| क. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | अन्तर-आवद्धता | Data center मा Disaster Recovery System विकास गर्ने | १३/२६ | ३ | यातायात व्यवस्था विभाग | भौ.पू.या.म. | × | × | × | × | × |
| | | अन्तर-आवद्ध भएका भन्सार विभागको प्रणाली र NID, TVRS, NNSW जस्ता सूचना प्रविधिजन्य प्रणालीको प्रभावकारिता अभिवृद्धि गर्ने | १३/२७ | ३ | यातायात व्यवस्था विभाग | गृह मन्त्रालय, ट्राफिक प्रहरी, भन्सार विभाग र अन्य | × | × | × | × | × |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्यांकको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादनमा यातायात क्षेत्रको योगदान | प्रतिशत | ६.८ | ७.२ | ७.४ | ७.६ | ७.८ | ८.० | राष्ट्रिय लेखा | रा.त.का |
| २ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच पुगेको परिवार | प्रतिशत | ८० | ८२ | ८४ | ८६ | ८८ | ९० | नेपाल जीवनस्तर सर्वेक्षण | रा.त.का |
| ३ | सडक घनत्व | कि.मि. प्रति वर्ग किमि. | ०.६३ | ०.६७ | ०.७० | ०.७३ | ०.७५ | ०७.७ | वार्षिक प्रतिवेदन | भौ.म.या.पू., प्रदेश र स्थानीय तह |
| | **असर** | | | | | | | | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्यांकको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | राष्ट्रिय राजमार्ग (दुई लेनसम्म कालोपत्रे) | कि.मि. | ८३५० | ९१५० | १०१५० | ११९५० | १२१५० | १३६७५ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | क) पुष्पलाल (मध्य पहाडी ) राजमार्ग आयोजना | कि.मि. | १४५२ | १५०२ | १५७७ | १६७७ | १७७७ | १८७९ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | ख) हुलाकी राजमार्ग आयोजना | कि.मि. | १२५८ | १३३३ | १४०९ | १५०९ | १६५९ | १८५७ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | ग) उत्तर दक्षिण (कोशी) सडक आयोजना | कि.मि. | २ | ३२ | ४२ | ७२ | १०२ | १३२ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | घ) कालिगण्डकी कोरिडोर | कि.मि. | २३१ | २८१ | ३१६ | ३६६ | ४१६ | ४९५ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | ङ) कर्णाली कोरिडोर | कि.मि. | ० | ० | ० | १० | ३० | ५० | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | च) गल्छी त्रिशुली मैलुङ्ग स्याफ्रुबेसी रसुवागढी सडक आयोजना | कि.मि. | ३८ | ४० | ४० | ४५ | ५५ | ८२ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | छ) अन्य राजमार्गहरू | कि.मि. | २९८१ | ५९६२ | ६७६६ | ७४७१ | ८१११ | ९१८० | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| २ | राष्ट्रिय राजमार्ग (दुई लेन माथि कालोपत्रे द्रुतमार्ग समेत) | कि.मि. | ४४१ | ५७१ | ७२१ | ८७१ | ९७१ | १०८० | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | क) पूर्व पश्चिम राजमार्ग (Asian Highway) विस्तार | कि.मि. | ६६ | १८६ | २७३ | ३५० | ४२५ | ६०० | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | ख) अन्य राजमार्गहरू | कि.मि. | ३७५ | ३८५ | ४४८ | ५२१ | ५४६ | ४८० | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| ३ | यात्रुबाहक रेल सेवा सञ्चालन | कि.मि. | ५२ | ५२ | ५८ | ६२ | ६५ | ६९ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| ४ | मालबाहक रेल सेवा सञ्चालन | कि.मि. | १० | १२ | १३ | १५ | १६ | १७ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | सुरुङ मार्ग सञ्चालन | संख्या | | | | | | | | |
| | क) नागढुङ्गा सुरुङमार्ग | | ० | ० | १ | १ | १ | १ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्यांकको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | ख) सिद्धबाबा सुरुङमार्ग | | ० | ० | ० | १ | १ | १ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| २ | सडक पुल निर्माण | संख्या | ३४१९ | ३५६९ | ३८६९ | ४२४४ | ४६१९ | ५०१७ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| ३ | रेल ट्र्याक बेड निर्माण | कि.मि. | | | | | | | | |
| | क) जयनगर बर्दिबास खण्ड | | ५२ | ५२ | ५२ | ५७ | ६२ | ६९ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| | ख) पूर्व पश्चिम विद्युतीय रेलमार्ग आयोजनाको बर्दिबास निजगढ हेटौंडा खण्ड तथा निजगढ वीरगञ्ज लिंक | | ६४ | ६९ | ७० | ८० | १०० | १४० | | |
| ४ | रेलवे पुल निर्माण (बर्दिबास निजगढ खण्ड) | संख्या | १३ | ३ | ० | ० | ० | १६ | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| ५ | राष्ट्रिय राजमार्ग आवधिक मर्मतसम्भार | कि.मि. | ६५१ | २५० | १०० | १५० | २०० | २५० | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| ६ | सवारी चालक अनुमति पत्र (स्मार्टकार्ड) छपाई | संख्या (लाखमा) | ३६.५३ | ६२.८३ | ४६.६ | - | - | - | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |
| ७ | इम्बोस्ड नम्बर प्लेटको उत्पादन | संख्या (हजारमा) | ५८१ | ७६५ | ९५० | १४५० | १९५० | २५०० | वार्षिक प्रतिवेदन | भौ.पू.या.म. |

**७. अनुमान तथा जोखिम**

योजना अवधिमा तहगत सरकार, सार्वजनिक तथा निजी क्षेत्रको समन्वय, सहकार्य र साझेदारीमा यातायात पूर्वाधार क्षेत्रको थप विकास र विस्तार हुनेछ। नवीनतम् प्रविधिको प्रयोगद्वारा यातायात पूर्वाधार विकास तथा यातायात व्यवस्थापन थप प्रभावकारी हुनेछ। प्रविधिको उच्चतम प्रयोग तथा संस्थागत क्षमता विकासमा जोड दिई एकीकृत डिजिटल सेवा प्रवर्द्धन हुनेछ। वातावरणमा पर्ने असरलाई समेत मध्यनजर गर्दै पूर्वाधार निर्माण गरिने हुँदा यातायात पूर्वाधार आयोजनाहरूमा जलवायु परिवर्तन तथा विपदको असर न्यून रहनेछ। रेल विकासको लागि ठुलो मात्रामा आर्थिक स्रोतको आवश्यकता हुने भएकोले सोको व्यवस्थापनको लागि उपयुक्त वैकल्पिक वित्तिय स्रोतको पहिचान तथा परिचालन गर्नुपर्ने आवश्यकता हुन्छ। अन्तरदेशीय रेल सेवा विकासको लागि द्विपक्षीय समझदारीको निक्र्यौल भई अवलम्बन हुनु आवश्यक देखिन्छ। प्रतिकुल मौसम र मुख्यतः वर्षायाममा हुने चुनौतिको समाधानका उपाय र रोकथामबाट सोको असर न्यून हुनेछ।

## ६.२ नागरिक उड्डयन

### १. पृष्ठभूमि

नेपालको भौगोलिक अवस्थिति र भू-बनोट समेतको कारण आन्तरिक र बाह्य अन्तर-आबद्धता तथा पर्यटन आगमनमा नागरिक उड्डयन क्षेत्रको ज्यादै ठूलो महत्व रहेको छ। नागरिक उड्डयन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन गर्न तथा सहज आवगमनको लागि यस क्षेत्र सम्बन्धी आयोजना तथा कार्यक्रमलाई कार्यान्वयनमा लैजानु अपरिहार्य छ। सोह्रौं योजनामा नागरिक उड्डयन क्षेत्र सम्बद्ध विभिन्न रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ। यस योजनाको कार्यान्वयन मार्फत निर्मित विमानस्थलहरूको पूर्ण उपयोग तथा स्तरोन्नति गर्ने, नवीनतम प्रविधिको उपयोग गरी हवाई यातायातको पहुँच विस्तार गर्ने, उड्डयन सुरक्षा र हवाई सुरक्षा सुदृढीकरण गर्ने तथा नागरिक उड्डयन क्षेत्रमा लगानी आकर्षित गरी यातायातको भरपर्दो र विश्वसनीय माध्यम बनाउने विषयलाई सम्बोधन गर्नुपर्नेछ। सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमहरूले यस क्षेत्र तथा आर्थिक, सामाजिक, वन तथा वातावरण लगायतका अन्य क्षेत्रसँग सिर्जना गर्न सक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन गर्न तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो क्षेत्रको कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

नागरिक उड्डयन क्षेत्रलाई सुरक्षित, विश्वसनीय र पहुँचयोग्य बनाउनु।

### ३. रूपान्तरणकारी रणनीति

१. नागरिक उड्डयन क्षेत्रलाई सुरक्षित र विश्वसनीय बनाउन नीतिगत तथा संस्थागत सुधार एवम् नियामक निकायको क्षमता अभिवृद्धि गर्ने। (६.४.१)

२. हवाई यातायातको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सञ्जाल विस्तार गर्न पूर्वाधार विकास, नवीनतम प्रविधिको प्रयोग र स्वदेशी वायुसेवा प्रदायक संस्थाहरूको सुदृढीकरण गर्ने। (६.४.३)

### ४. कार्यनीति

१. विद्यमान नेपाल नागरिक उड्डयन प्राधिकरणको पुनसंरचना गरी सेवा प्रदायक र नियामक छुट्टाछुट्टै विशिष्टीकृत निकायहरूको स्थापना, सञ्चालन र व्यवस्थापन गरिनेछ। (रणनीति १)

२. वायुयानको घटना, गम्भीर घटना र दुर्घटना जाँचबुझ गर्न स्वायत्त, स्वतन्त्र र अधिकार सम्पन्न दुर्घटना जाँच संयन्त्रको व्यवस्था गरिनेछ। (रणनीति १)

३. अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (ICAO) को प्रोटकल र मापदण्ड बमोजिम नागरिक उड्डयन सम्बद्ध सेवा प्रदायकबाट सेवा प्रवाह हुने सुनिश्चित गरिनेछ। (रणनीति १)

४. वायुयान आयात (खरिद, लिज वा लिज खरिद) गरी सञ्चालन गर्ने वा नेपालमा दर्ता भएको वायुयान बेचबिखन गर्ने वा लिजमा दिने प्रकृयालाई सरल र छरितो बनाइनेछ। (रणनीति १)

५. वायुयान खरिद र लिज सम्बन्धी कर प्रणालीलाई लगानीमैत्री बनाउन समयानुसार परिमार्जन तथा पुनरावलोकन गरिनेछ। (रणनीति १)

६. नेपाल वायुसेवा निगमको क्षमता विस्तार, गुणस्तर सुधार र व्यवसायिकता विकास गरी सबल, प्रतिस्पर्धी एवम् व्यवसायिक वायुसेवाका रूपमा सञ्चालन र व्यवस्थापन गर्न रणनीतिक साझेदारी गरिनेछ। (रणनीति १)

७. स्वदेशी वायुसेवा प्रदायकबाट हुने सेवा प्रवाहलाई नियमित, समयआबद्ध एवम् सर्वसाधारणको पहुँचको सुनिश्चित बनाउन वायुयान तथा उडान सङ्ख्या थप गरिनेछ। (रणनीति २)

८. हवाई यातायातको पहुँच विस्तार र यात्रु हक अधिकार सुनिश्चित गर्न भौगोलिक रूपमा विकट स्थानमा हवाई सेवा विस्तार तथा नियमित सञ्चालन गरिनेछ । (रणनीति २)

९. नयाँ अन्तर्राष्ट्रिय हवाई सेवा सम्झौता र पुनरावलोकन एवम् आवश्यकता अनुसार परिमार्जन गरी हवाई सेवा विस्तार गरिनेछ । (रणनीति २)

१०. कूटनीतिक तथा व्यवसायिक संयन्त्र समेतको पहलमा हवाई मार्गको विस्तार र पुनरावलोकन गरी स्वदेशी वायुसेवा प्रदायकलाई अन्तर्राष्ट्रिय बजारको पहुँचयोग्य बनाइनेछ । (रणनीति २)

११. निर्माण सम्पन्न भएका अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय विमानस्थलको दिगो सञ्चालनको लागि उपयुक्त रणनीति तयार गरी कार्यान्वयन गरिनेछ । (रणनीति २)

१२. आन्तरिक र बाह्य अन्तर-आबद्धता अभिवृद्धि गर्न बजारको माग, आवश्यकता र सम्भाव्यताको आधारमा पूर्वाधार विकास र विस्तार गरिनेछ । (रणनीति २)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | हवाई सम्झौता र हवाई मार्ग विस्तार तथा बजार प्रवर्द्धन कार्यक्रम | द्विपक्षीय नयाँ हवाई सेवा सम्झौता गर्ने तथा विद्यमान सम्झौता अद्यावधिक गर्ने | २/९ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय | परराष्ट्र मन्त्रालय, कानून मन्त्रालय ने.ना.उ.प्रा., ने.वा.नि | X | X | X | X | X |
| | | हवाई मार्गको विस्तारको लागि कूटनीतिक पहल, अन्तर्राष्ट्रिय फोरमको प्रयोग एवम् द्विपक्षीय तथा बहुपक्षीय वार्ता गर्ने | २/१० | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय | नेपाल नागरिक उड्डयान प्राधिकरण, कुटनीतिक नियोग | X | X | X | X | X |
| | | वायुयान बेचबिखन गर्ने वा लिजमा दिने प्रकृयालाई सरलीकृत बनाउने | १/४ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय | नेपाल नागरिक उड्डयान प्राधिकरण, कुटनीतिक नियोग | X | X | X | X | X |
| | | १ जहाज – १ नेपाली एयर हस्ट्रेसको अवधारणा लागु गर्न समन्वय गर्ने | २/१० | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय | नेपाल नागरिक उड्डयान प्राधिकरण, कुटनीतिक नियोग | X | X | X | X | X |
| २ | नागरिक उड्डयन क्षेत्रको संस्थागत क्षमता सबलीकरण कार्यक्रम | नेपाल नागरिक उड्डयन प्राधिकरणको पुनसंरचना गरी सेवा प्रदायक र नियामक निकायहरूको स्थापना गर्ने | १/१ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय | नेपाल सरकार, नेपाल नागरिक उड्डयान प्राधिकरण | X | X | X | X | X |
| | | स्वायत्त, स्वतन्त्र र अधिकार सम्पन्न दुर्घटना जाँच संयन्त्र स्थापना गर्ने | १/२ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ड्यन मन्त्रालय | नेपाल सरकार | X | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यवस्थापकीय एवम् प्राविधिक विषयमा तालिम तथा अभिमुखीकरण गर्ने | १/१ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | नेपाल नागरिक उड्ययन प्राधिकरण, नेपाल वायु सेवा निगम | X | X | X | X | X |
| | | हवाई यातायात व्यवस्थापन, विमानस्थल सञ्चालन र नियमन, हवाई सुरक्षा (Aviation Security) र उड्डयन सुरक्षा (Aviation Safety) सम्बन्धी सुधार गर्ने | १/३ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | नेपाल नागरिक उड्ययन प्राधिकरण | X | X | X | X | X |
| | | नेपाल वायुसेवा निगममा रणनीतिक साझेदार भित्र्याउने | १/६ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | नेपाल वायुसेवा निगम | X | X | X | X | X |
| | | नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल वायु सेवा निगमको संरचना पुनरावलोकन र संगठन सर्वेक्षण गर्ने | १/१,६ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | नेपाल नागरिक उड्ययन प्राधिकरण, नेपाल वायुसेवा निगम | X | X | X | X | X |
| | | उड्डयन सम्बन्धी जोखिम पहिचान गरी नियमित रूपमा निरीक्षण र प्रतिवेदन तयार गर्ने | १/३ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | नेपाल नागरिक उड्ययन प्राधिकरण, वायुसेवा प्रदायक कम्पनी | X | X | X | X | X |
| | | जहाज तथा उडान सङ्ख्या, हवाई भाडा र मर्मत सामग्रीमा करको दरलाई समयसापेक्ष र प्रतिस्पर्धी बनाउने | १/३ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय | नेपाल नागरिक उड्ययन प्राधिकरण | X | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | हवाई पूर्वाधार निर्माण तथा विस्तार कार्यक्रम | बजारको माग, आवश्यकता र सम्भाव्यताको आधारमा हवाई पूर्वाधार विकास र विस्तार गर्ने | २/१२ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, नेपाल नागरिक उड्डयन प्राधिकरण | | X | X | X | X |
| | | आन्तरिक र अन्तर्राष्ट्रिय विमास्थलको स्तरोन्नति गर्ने | २/११ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | X | X | X | X | X |
| | | सञ्चालनमा नरहेका एवम् न्यून रूपमा सञ्चालनमा रहेका विमानस्थलमा निजी क्षेत्रको सहकार्यमा प्रशिक्षण र मनोरञ्जनात्मक साहसिक पर्यटन क्रियाकलाप सञ्चालन गर्ने | २/११ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | X | X | X | X | X |
| | | भौगोलिक रूपमा विकट स्थानमा दिगो रूपमा हवाई सेवा सञ्चालन गर्न प्रदेश तथा स्थानीय तहसँग साझेदारी गर्ने | २/८ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नेपाल नागरिक उड्डयन प्राधिकरण | X | X | X | X | X |

### ६. नतिजा खाका

| क्र.स | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | २.४२ | ३.२५ | ४ | ५ | ६ | ७ | राष्ट्रिय लेखा | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २ | भ्रमण तथा पर्यटन प्रतिस्पर्धी सूचकाङ्क | सूचकांक | ३.४ | ३.५ | ३.६ | ३.७ | ३.९ | ४ | विश्व आर्थिक मञ्चको प्रतिवेदन | सं.प.ना.उ.म. |
| | **असर** | | | | | | | | | |
| १ | आन्तरिक हवाई यातायात प्रयोग गर्ने यात्रु | लाख | ४६.३९ | ५२.४० | ६०.४० | ६८.६३ | ७०.१८ | ७८.९० | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.मं. |
| २ | अन्तर्राष्ट्रिय हवाई यातायात प्रयोग गर्ने यात्रु | लाख | ४५.४१ | ५०.२० | ५६.१५ | ६५.६० | ७०.१० | ७८.५४ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.मं. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | निर्माण भएका विमानस्थल | सङ्ख्या | ५४ | ५४ | ५५ | ५५ | ५६ | ५६ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म. |
| २ | सञ्चालनमा रहेका विमानस्थल | सङ्ख्या | ३७ | ४० | ४५ | ४९ | ५४ | ५६ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म. |
| ३ | वर्षभरी सञ्चालन योग्य कालोपत्रे भएका विमानस्थल | सङ्ख्या | ४२ | ४४ | ४८ | ५२ | ५४ | ५६ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म. |
| ४ | रात्रीकालीन उडान सञ्चालनमा आएका विमानस्थल | सङ्ख्या | ९ | १० | ११ | १२ | १३ | १४ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म. |
| ५ | अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विमानस्थल | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | ३ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म. |
| ६ | द्विपक्षीय हवाई सम्झौता भएका मुलुक | सङ्ख्या | ४२ | ४२ | ४३ | ४५ | ४७ | ४८ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म. |

| क्र.स | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ७ | अन्तर्राष्ट्रिय उडान गन्तव्यको विस्तार (शहर) | सङ्ख्या | ३१ | ३१ | ३२ | ३३ | ३४ | ३५ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म. |
| ८ | नेपाल उडान गर्ने अन्तर्राष्ट्रिय विमान कम्पनी | सङ्ख्या | ३१ | ३१ | ३२ | ३३ | ३४ | ३४ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म. |
| ९ | फिक्सड विङ भएका आन्तरिक उडान गर्ने वायु सेवा कम्पनी | सङ्ख्या | १० | १० | ११ | ११ | १२ | १२ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म. |
| १० | हेलिकप्टर (Rotor wing) मार्फत आन्तरिक उडान गर्ने वायु सेवा कम्पनी | सङ्ख्या | १२ | १२ | १३ | १४ | १४ | १४ | वार्षिक प्रतिवेदन | सं.प.ना.उ.म. |

## ७ अनुमान तथा जोखिम

योजना अवधिमा निजी क्षेत्रसँगको सहकार्यमा नागरिक उड्डन पूर्वाधार निर्माण तथा विस्तार भई पर्यटन आवगमनमा वृद्धि हुनेछ। निर्मित विमानस्थलको स्तरोन्नति तथा विस्तारको लागि लगानीको स्रोत सुनिश्चितता हुनेछ। हवाई क्षेत्रमा हुने दुर्घटना उल्लेख्य मात्रमा न्यूनीकरण गर्न सो सम्बन्धि प्रविधि र जनशक्तिको व्यवस्था हुनेछ। यस क्षेत्रमा ठूलो लगानीको आवश्यकता पर्ने हुनाले निजी क्षेत्रबाट समेत आवश्यक लगानी हुने अनुमान छ। विभिन्न किसिमका महामारी तथा प्राकृतिक प्रकोप र अन्तर्राष्ट्रिय प्रवृत्तिले पर्यटन सेवा दिगो नहुने जोखिम रहने देखिन्छ।

## ६.३ ऊर्जा

### १. पृष्ठभूमि

सौहौं योजनाले लिएका लक्ष्य तथा रणनीति हासिल गर्नेगरी ऊर्जा क्षेत्रलाई आर्थिक समृद्धिको बाहकको रूपमा रूपान्तरण गर्न पर्याप्त लगानी सुनिश्चित गरी दिगो तथा गुणस्तरीय ऊर्जा उत्पादन गर्नु, ऊर्जा विकासमा सार्वजनिक तथा निजी लगानी परिचालन गर्नु, उत्पादित विद्युतको लागि आवश्यक प्रसारण तथा वितरण लाइन निर्माण तथा विस्तार गर्नु, उत्पादित ऊर्जाको आन्तरिक उपभोग बढाउनुको साथै निर्यात वृद्धि गर्नु र नविकरणीय ऊर्जाका नयाँ स्रोत तथा अवसरको उपयोग गर्नु आवश्यक रहेको छ । मुलुकलाई विद्युतीय ऊर्जामा आत्मनिर्भर बनाई ऊर्जा सुरक्षा हासिल गर्न पनि यस क्षेत्रमा दीर्घकालीन सुधारका कार्य गर्नुपर्ने हुन्छ । विद्युतको आन्तरिक माग पूर्ति गर्दै अन्तर्राष्ट्रिय बजारसम्म विस्तार गर्न स्वच्छ तथा नवीकरणीय ऊर्जाको अधिकतम विकास एवम् सन् २०४५ सम्ममा शुन्य कार्बन उत्सर्जनको लक्ष्य हासिल गर्नु राज्यको यस क्षेत्रमा प्रमुख प्राथमिकतामा रहेका विषय हुन् । यस क्षेत्रमा कार्यान्वयन हुने कार्यक्रमहरूले सम्बन्धित क्षेत्रका अतिरिक्त कृषि, उद्योग, पर्यटन, व्यापार, वन तथा वातावरण लगायतका आर्थिक क्षेत्रमा सिर्जना गर्न सक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी योजनाको कार्यान्वयन प्रभावकारिता हासिल गर्न यो कार्यान्वयन कार्ययोजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. दिगो, स्वच्छ र भरपर्दो ऊर्जाको उपलब्धता सुनिश्चित गर्दै ऊर्जा सुरक्षा हासिल गर्नु ।

२. क्षेत्रीय बजारमा ऊर्जा व्यापार अभिवृद्धि गरी हरित अर्थतन्त्रमा योगदान पुऱ्याउनु ।

### ३. रूपान्तरणकारी रणनीति

१. जलविद्युत क्षेत्रमा सार्वजनिक तथा निजी लगानी अभिवृद्धि तथा सहुलियतको व्यवस्था गरी उत्पादन अभिवृद्धि गर्ने । (३.४.४)

२. बहुउद्देश्ययीय र जलाशययुक्त आयोजनालाई विद्युत विकासको दीर्घकालीन रणनीतिको रूपमा अङ्गिकार गरी सुख्खायाममा समेत ऊर्जाको माग र आपूर्ति बीच सन्तुलन कायम गर्ने । (६.४.२)

३. उत्पादित विद्युतको लागि आवश्यक प्रसारण, सबस्टेशन तथा वितरण लाईन निर्माण तथा विस्तार तथा स्तरोन्नति गरी वितरण तथा पहुँच अभिवृद्धि गर्ने । (६.४.८)

४. गार्हस्थ्य उपयोगमा विद्युतको खपतलाई प्रोत्साहन गरी आन्तरिक माग, पहुँच र उपयोग अभिवृद्धि गर्ने । (३.४.४)

५. ऊर्जालाई निर्यातयोग्य वस्तुको रूपमा क्षेत्रीय उपक्षेत्रीय तथा द्विपक्षीय विद्युत बजारसम्म विस्तार गरी विद्युत व्यापार प्रवर्द्धन मार्फत विदेशी मुद्रा सञ्चितिमा योगदान गर्ने । (३.४.७)

६. हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्न हरित विद्युत ऊर्जालाई प्राथमिकता प्रदान गर्ने । (६.४.९)

### ४. कार्यनीति

१. सरकारी र निजी क्षेत्र एवम् द्विपक्षीय र बहुपक्षीय सहकार्य गरी विद्युत उत्पादनको लागि आयोजनाहरूको पहिचान, प्राथमिकीकरण, अनुमति, लगानी व्यवस्थापन र आवश्यक पूर्वाधार निर्माण गरिनेछ । (रणनीति १)

२. राष्ट्रिय महत्वका जलविद्युत आयोजनाहरूको विकास गर्न जनताको सहभागिता एवम् गैरआवासीय नेपाली र वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण समेतको उपयोग गरिनेछ । (रणनीति १)

३. निजी क्षेत्रबाट सौर्य ऊर्जा उत्पादनका आयोजनाहरूको विकासको लागि प्रतिस्पर्धात्मक रूपमा बोलपत्र आह्वान गर्दै कुल ऊर्जा उपभोगमा नविकरणीय ऊर्जाको अंश वृद्धि गरिनेछ। (रणनीति १)

४. नदी बेसिन योजना तथा जलविद्युत विकास गुरूयोजना तयार गरी कार्यान्वयन गरिनेछ। (रणनीति २)

५. ऊर्जाको माग र आपूर्ति सम्बन्धी नियमित अध्ययन गर्दै वार्षिक रूपमा ऊर्जा क्षेत्रको समीक्षा प्रतिवेदन तयार गरिनेछ। (रणनीति २)

६. बहुउद्देश्यीय तथा जलाशययुक्त आयोजनाहरूको लागि आवश्यक लगानी जुटाउन लगानी सम्मेलनमार्फत वैदेशिक लगानीकर्ता समक्ष सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरूप लगानीको प्रस्ताव आह्वान गरिनेछ। (रणनीति २)

७. उच्चस्तरीय समितिमार्फत अध्ययन एवम् सिफारिसको कार्यान्वयन गरी जलविद्युत आयोजनाहरूको वातावरणीय अध्ययन र जग्गा प्राप्तिलाई सहजीकरण तथा प्रक्रियागत सरलीकरण गरी कार्यान्वयन गरिनेछ। (रणनीति ३)

८. विद्युत उत्पादनको लक्ष्य र राष्ट्रिय प्रसारण लाइन प्रणालीको विकासबीच तादम्य कायम गर्ने गरी "प्रसारण लाइन गुरुयोजना" लाई अद्यावधिक गरिनेछ। (रणनीति ३)

९. प्रसारण लाइनको निर्माणको लागि नवीन वित्तीय उपकरणहरूको परिचालनमार्फत आन्तरिक, द्विपक्षीय तथा बहुपक्षीय लगानीको व्यवस्था गरिनेछ। (रणनीति ३)

१०. आन्तरिक प्रसारण लाइन तथा वितरण प्रणालीको स्तरोन्नति र विस्तार गरिनेछ। (रणनीति ३)

११. विद्युतीय चुलोको लागतमा सहुलियत, विद्युतीय सामग्रीको प्रयोगमा अनुदान र सहुलियत, कृषि क्षेत्रमा विद्युतको महशुलमा सहुलियत, विद्युत ऊर्जा उत्पादकलाई भन्सार छुट लगायत सहुलियतको व्यवस्था गरिनेछ। (रणनीति ४)

१२. जैविक ऊर्जा स्रोत र आयातित ऊर्जालाई स्वच्छ ऊर्जा उत्पादनबाट प्रतिस्थापन गरिनेछ। (रणनीति ४)

१३. "विद्युत खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरण सम्बन्धी कार्ययोजना" को कार्यान्वयन गरिनेछ। (रणनीति ४)

१४. विद्युत व्यापार कार्ययोजना बनाई कार्यान्वयन गर्नुको साथै निजी क्षेत्रलाई विद्युत व्यापारमा संलग्न गराउन कानूनी व्यवस्था गरिनेछ। (रणनीति ५)

१५. "ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना" प्रभावकारी कार्यान्वयन गरिनेछ। (रणनीति ५)

१६. जलविद्युत आयोजनाहरूको अतिरिक्त सौर्य ऊर्जा, वायु ऊर्जा, हाइड्रोजन ऊर्जा लगायतका हरित ऊर्जा उत्पादनका वैकल्पिक स्रोतहरू समेतको ऊर्जा मिश्रणमा सम्बन्धित स्रोतको उचित अनुपात यकिन गर्न ऊर्जा क्षेत्रको एकीकृत स्रोत योजना सम्बन्धी उपकरण विकास गरिनेछ। (रणनीति ६)

१७. जलवायु वित्त परिचालन मार्फत नविकरणीय ऊर्जा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ६)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | विद्युत उत्पादनमा वृद्धि तथा प्रसारण लाइन विस्तार कार्यक्रम | नेपाल विद्युत प्राधिकरण तथा निजी क्षेत्रबाट प्रवर्द्धन हुने विद्युत उत्पादन र प्रसारण आयोजनाहरूको सर्वेक्षण तथा उत्पादन र प्रसारणको अनुमतिपत्र जारी गर्ने तथा नियमानुसारको सुविधा सिफारिस गर्ने र आवश्यक निरिक्षण गर्ने | १,३/१<br>३/८ | ३ | विद्युत विकास विभाग | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, निजी क्षेत्र | X | X | X | X | X |
| | | सरकारी स्वामित्वका जलविद्युत कम्पनीहरू, नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रका प्रवर्द्धकहरूबाट निर्माणाधीन विद्युत आयोजनाहरूको निर्माण सम्पन्न गरी आ.व. २०८२/८३ सम्ममा थप ६०० मेगावाट जडित क्षमताका विद्युत आयोजनाहरू सञ्चालनमा ल्याई विद्युत उत्पादनमा वृद्धि गर्दै जाने | १/१ | ३ | सम्बन्धित आयोजनाका कम्पनीहरू | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण | X | X | X | X | X |
| | | गोरखा जिल्लास्थित १२०० मेगावाट क्षमताको बुढीगण्डकी जलविद्युत आयोजनाको निर्माणको लगानी मोडालिटी आ.व. २०८२/८३ सम्ममा तय गर्ने र निर्माण कार्यको थालनी गरी निरन्तरता दिने | २/१२ | ३ | बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | "नदी बेसिन योजना तथा जलविद्युत विकास गुरुयोजना" र सोको कार्यान्वयन कार्ययोजना तयार गरी लागू गर्ने | १/४ | ३ | जल तथा ऊर्जा आयोग | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत विकास विभाग | X | X | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | "प्रशारण लाइन गुरूयोजना" अद्यावधिक गर्ने | ३/८ | ३ | नेपल विद्युत प्राधिकरण, राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण | X | X | | | |
| | | चिलिमे-त्रिशुली २२० के.भी. प्रसारण लाइनको निर्माण सम्पन्न गर्ने | ३/१० | ३ | नेपाल विद्युत प्राधिकरण | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | | | | |
| | | मध्यभोटेकोशी आयोजनाबाट बाहबिसे सबस्टेसन सम्मको ४ कि.मी.को २२० के.भि. सिंगल सर्किट प्रसारण लाईन निर्माण गर्ने | ३/१० | ३ | नेपाल विद्युत प्राधिकरण | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | | | | |
| | | ढल्केबर-इनरुवा ४०० के.भि. प्रसारण लाइन र ढल्केबर-लोहारपट्टि १३२ के.भि. प्रसारण लाइन एवम् १३२/३३/११ के.भी. सबस्टेसन सम्पन्न गर्ने | ३/१० | ३ | नेपाल विद्युत प्राधिकरण | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | | |
| | | हाईटार-सितलपाटी (संखुवासभा) ४०० के.भि. प्रसारण लाइन आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने | ३/१० | ३ | राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण | X | X | X | X | X |
| | | भेरी करिडोर ४०० के.भि. प्रशारण लाइन आयोजनाको निर्माण कार्य सम्पन्न गर्ने | ३/१० | ३ | राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०२१/२२ | २०२२/२३ | २०२३/२४ | २०२४/२५ | २०२५/२६ |
| | | जलविद्युत आयोजनाहरूबाट उत्पादन हुने विद्युतको Evacuation गर्नको साथै अन्तरदेशीय विद्युत व्यापारलाई बढावा दिन अपरिहार्य रहेको ४०० के.भि. पूर्व-पश्चिम अत्तरिया- दोदोधारा- कोहलपुर- लमही- बुटवल- न्यू दमौली- रातमाटे- न्यू हेटौंडा- ढल्केबर- इनरूवा राष्ट्रिय विद्युत मार्ग (National Transmission Highway) र ४०० के.भि. रातमाटे- लप्सीफेदी- बाहबिसे- न्यू खिम्ती- ढल्केबर प्रसारण लाइन लगायत अन्य निर्माणाधीन तथा प्रस्तावित प्रसारण संरचनाको निर्माण गर्ने | ३/१० | ३ | नेपाल विद्युत प्राधिकरण | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| | | नेपाल-भारत प्रसारण गुरूयोजना बमोजिम हुने गरी सन् २०२८/२९ सम्ममा इनरुवा-पूर्णिया र सन् २०२९/३० सम्ममा दोधारा-बरेली ४०० के.भी. अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्पन्न गर्न दुई देश बीच कार्यान्वयन तथा लगानीको प्रारूपमा सहमति जुटाउने र निर्माण कार्य सुरू गर्ने | ३/९ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण | X | X | X | X | X |
| | | न्यू बुटवल- गोरखपुर ४०० के.भी. अन्तरदेशीय प्रसारण लाइनको निर्माणलाई तीव्रता दिई सन् २०२६/२७ सम्ममा सम्पन्न गर्ने | ३/१० | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, बुटवल-गोरखपुर | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपाल विद्युत प्राधिकरण | X | X | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | | | | ट्रान्समिसन कम्पनी लि. | | | | | | |
| २. | जनताको जलविद्युत तथा तथा ऊर्जा क्षेत्र लगानी व्यवस्थापन कार्यक्रम | चैनपुर-सेती जलविद्युत आयोजना, तामाकोशी पाँचौ जलविद्युत आयोजना, घुन्सा खोला जलविद्युत आयोजना, सिम्बुवा खोला जलविद्युत आयोजना लगायतका राष्ट्रिय महत्वका जलविद्युत आयोजनामा जनताको सहभागिता, गैरआवासीय नेपाली र वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण समेतको उपयोग गर्न नीतिगत व्यवस्था गर्ने | २/६ | ३ | हाइड्रोइलेक्ट्रिसिटि इन्भेस्टमेन्ट एण्ड डेभेलप्मेन्ट कम्पनी लिमिटेड, नेपाल विद्युत प्राधिकरण | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | | | |
| | | रेमिट ऊर्जा बण्डको कार्यान्वयन गर्ने | २/२ | ३ | हाइड्रोइलेक्ट्रीसिटि इन्भेस्टमेन्ट एण्ड डेभेलप्मेन्ट कम्पनी लिमिटेड | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| | | वैदेशिक लगानीकर्ताहरू समक्ष सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरूप लगानीको प्रस्ताव आह्वान गर्ने | २/६ | ३ | लगानी बोर्ड नेपाल | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, विद्युत विकास विभाग | X | | | | |
| | | नविकरणीय ऊर्जा विकासमा जलवायु वित्त परिचालन गर्ने | ६/१७ | ३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| ३. | विद्युत व्यापार कानूनी व्यवस्था, पूर्वाधार र | विद्युत व्यापारमा निजी क्षेत्रको सहभागिता हुने गरी कानूनी व्यवस्था मिलाउने | ५/९ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | संघीय संसद, विद्युत विकास विभाग | | X | X | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | सहकार्य व्यवस्थापन कार्यक्रम | विद्युत व्यापारको लागि विद्युत व्यापार निर्देशिका तर्जुमा गरी लागू गर्ने | ५/९ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | नेपाल विद्युत प्राधिकरण | | X | X | | |
| | | बंगलादेशमा ४० मेगावाट विद्युत निर्यातको लागि सम्झौता सम्पन्न गरी विद्युत निर्यात समेत गर्ने | ५/९ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | परराष्ट्र मन्त्रालय, नेपाल विद्युत प्राधिकरण | X | | | | |
| ४. | ऊर्जा मिश्रण - सौर्य, वायु तथा हाइड्रोजन लगायत अन्य वैकल्पिक स्रोत प्रवर्द्धन कार्यक्रम | सौर्य ऊर्जा (सौर्य मिनिग्रीड ,रुफटप सौर्य विद्युत प्रणाली, सौर्य खानेपानी तथा सिँचाइ पम्प) बाट विद्युत उत्पादन गर्ने | ६/१५ | ३ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| | | निजी क्षेत्रबाट सौर्य ऊर्जा उत्पादनका आयोजनाहरूको विकासको लागि प्रतिस्पर्धात्मक रूपमा विद्युत खरिद-बिक्री सम्झौता गर्ने | १/८ | ३ | नेपाल विद्युत प्राधिकरण | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| ५. | विद्युत बजार तथा माग व्यवस्थापन कार्यक्रम | विद्युतीय सवारी साधनको लागि आवश्यक पर्ने विद्युतीकरण एवम् चार्जिङ स्टेशनको योजना तर्जुमा गरी स्थापना एवम् सञ्चालनको लागि निर्देशिका बनाई कार्यान्वयन गर्ने | ४/१४ | ३ | नेपाल विद्युत प्राधिकरण | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| | | ऊर्जाको माग प्रवर्द्धन तथा व्यवस्थापन सम्बन्धी अध्ययन एवम् नीतिगत सुझाव प्रदान गर्ने | ४/१४ | ३ | जल तथा ऊर्जा आयोग | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | वार्षिक रूपमा ऊर्जाको माग र आपूर्तिको यथास्थिति अध्ययन गर्दै ऊर्जा क्षेत्रको समिक्षा प्रतिवेदन तयार गर्ने | १/९ | ३ | जल तथा ऊर्जा आयोग | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| | | "विद्युत खपत वृद्धि तथा खनिज इन्धन न्यूनीकरण सम्बन्धी कार्ययोजना, २०८०" कार्यान्वयन गर्ने | ४/१४ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, भौ.पू.या.म., विद्युत नियमन आयोग, नेपाल राष्ट्र बैंक, जल तथा ऊर्जा आयोग | X | X | X | X | X |
| ६. | ऊर्जा क्षेत्र नीतिगत र कानूनी व्यवस्था कार्यक्रम | राष्ट्रिय ऊर्जा नीति, ग्रीन हाइड्रोजन नीति, नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता सम्बन्धी कानूनी व्यवस्था तथा कार्यान्वयन गर्ने | ६/१५ | ३ | जल तथा ऊर्जा आयोग, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | X | X | X | X | X |
| | | राज्यको ऊर्जा प्रणालीमा उपयुक्त ऊर्जा मिश्रणको लागि ऊर्जा उत्पादनका विविध स्रोतहरूको अधिकतम अनुपात यकिन गर्न एकीकृत स्रोत योजना सम्बन्धी उपकरण (Integrated Resource Planning Tool) तयार गर्ने | ६/१५ | ३ | जल तथा ऊर्जा आयोग, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | विद्युत विकास विभाग, नेपाल विद्युत प्राधिकरण, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | X | X | | | |
| | | ऊर्जा विकासको मार्गचित्र तथा कार्ययोजनाको कार्यान्वयन गर्ने | ५/१५ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | X | X | | | |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ७. | जलाशययुक्त जलविद्युत आयोजना प्रवर्द्धन कार्यक्रम | सोलुखुम्बु जिल्लामा अवस्थित ६७० मेगावाट क्षमताको दुधकोशी जलाशययुक्त जलविद्युत आयोजनाको निर्माण सुरू गरी निरन्तरता दिने | २/१२ | ३ | नेपाल विद्युत प्राधिकरण | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | | X | X | X | X |
| | | दुधकोशी जलाशययुक्त जलविद्युत आयोजना, बुढीगण्डकी जलाशययुक्त जलविद्युत आयोजना, नलगाड जलाशययुक्त जलविद्युत आयोजना, नौमुरे बहुउद्देश्यीय आयोजना, जगदुल्ला अर्धजलाशययुक्त जलविद्युत आयोजना र अपर अरुण अर्धजलाशययुक्त जलविद्युत आयोजनाहरूको निर्माण कार्य अघि बढाउने | २/६ | ३ | आयोजना विकाससँग सम्बन्धित निकायहरू, कम्पनीहरू, नेपाल विद्युत प्राधिकरण | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्यांकको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३५० | ४५० | ४७० | ५१० | ५६० | ७०० | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |
| २ | समग्र व्यापार घाटा कम गर्न ऊर्जा क्षेत्रको योगदान | प्रतिशत | ०.९ | १.४ | २ | २.७ | ३.३ | ४ | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |

| क्र.सं. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्यांकको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **असर** | | | | | | | | | |
| १ | विद्युतमा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ९६.७ | ९७ | ९७.५ | ९८.५ | ९९.५ | १०० | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |
| २ | विद्युत चुहावट | प्रतिशत | १३.४२ | १२.७३ | १२.५० | ११.९० | ११.३० | १०.८० | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |
| ३ | विद्युत निर्यात | गिगावाट घण्टा | १९५१ | २३३२ | ३२०० | ३९५० | ४७०० | ५५०० | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | विद्युत उत्पादन (जलविद्युत तथा वैकल्पिक ऊर्जा जडित क्षमता) | मेगावाट | ३२४३ | ३९६० | ४६२६ | ७४१७ | ९०८३ | ११७६९ | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |
| २ | सौर्य तथा वायु ऊर्जाबाट विद्युत उत्पादन | मेगावाट | ४९.६६ | ५६.८९ | ६३.८९ | ७२ | ८३ | ९५ | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |
| ३ | प्रशारण लाइन (६६ के.भि. तथा सो भन्दा माथि) | सर्किट कि.मि. | ६४६२ | ७१३१ | ७८२९ | ८२३३ | ८८५३ | ९३५६ | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |
| ४ | वितरण लाइन (३३ के.भि.) | सर्किट कि.मि. | ७७५० | ८०५८ | ८३३९ | ८८२१ | ९२८९ | ११६८२ | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |
| ५ | लघु तथा साना जलविद्युत आयोजनाबाट विद्युत उत्पादन | मेगावाट | ४०.२५ | ४०.६५ | ४१.३५ | ४३.२० | ४५.५० | ४८.८४ | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |
| ६ | विद्युतीय चुलो | संख्या (हजारमा) | ५८.७० | ८१.८० | १८१.८० | ४५० | ७०० | १००० | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |
| ७ | सुधारिएको फलामे चुलो | संख्या (हजारमा) | १४९ | १७३.८१ | २७१.३१ | ३७५ | ५०० | ६४५ | वार्षिक प्रतिवेदन | ऊ.ज.सि.मं. |

### ७. अनुमान तथा जोखिम

ऊर्जा उत्पादनको लागि राज्यमा निहित जलस्रोत, वायु र सौर्य ऊर्जा लगायत प्राकृतिक स्रोतहरूको अधिकतम उपयोगबाट आर्थित विकास सम्भव रहेको र ऊर्जा उत्पादनका आयोजनाहरूमा उपयुक्त प्रतिफल समेत प्राप्त हुने हुँदा अपेक्षित रूपमा आन्तरिक एवम् बाह्य लगानी जुट्नुको साथै अन्तर-सम्बन्ध रहेका अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय लगायत राज्यका निकायबाट ऊर्जा क्षेत्रको विकासको लागि आवश्यक समन्वय र सहयोग पुग्ने अनुमान गरिएको छ। यद्यपि, ऊर्जा क्षेत्रको विकाससँग सम्बन्धित कार्यहरूको कार्यान्वयनमा जलवायु परिवर्तन, प्राकृतिक प्रकोप, निर्माण सामग्रीको आपूर्तिमा अवरोध, अन्तरदेशीय विद्युत व्यापारमा नीतिगत अस्थिरता, आर्थिक मन्दी, जलाशययुक्त आयोजनाको विकासमा अवरोध तथा लगानीको कमजोर वातावरण जस्ता जोखिमको उचित व्यवस्थापन गर्नु आवश्यक रहेको छ।

## ६.४ जलस्रोत तथा सिँचाइ

### १. पृष्ठभूमि

सोह्रौं योजनाले जलस्रोत तथा सिँचाइ क्षेत्रमा तय गरेका रुपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रमलाई कार्यान्वयन गरी समग्र अर्थतन्त्रको उत्पादन उत्पादकत्व तथा प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि र गुणस्तरीय पूर्वाधार निमार्णमा महत्वपूर्ण योगदान पुऱ्याउनु अत्यावश्यक रहेको छ । कृषियोग्य भूमिमा भरपर्दो सिँचाइ सुविधाको अपर्याप्तताको कारण कृषि क्षेत्रको न्यून उत्पादन तथा उत्पादकत्व, बढ्दो उत्पादन लागत तथा कमजोर प्रतिष्पर्धी क्षमता, कृषि प्रतिको घट्दो आकर्षण, आधारभूत खाद्य पदार्थमा समेत परनिर्भरता लगायतका समस्याको दीर्घकालीन समाधान, जलवायु परिवर्तनले गर्दा जलस्रोतमा परेको प्रभावलाई समेत मध्यनजर गरी उपलब्ध जलस्रोतको बहुआयामिक उपयोग, जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन लगायतका कार्य कार्यान्वयनमा जानु अपरिहार्य देखिएको छ । यस क्षेत्रमा कार्यान्वयन हुने कार्यक्रमले सम्बन्धित क्षेत्रका अतिरिक्त ऊर्जा, कृषि,उद्योग, खानेपानी, वन तथा वातावरण लगायतका क्षेत्रमा सिर्जना गर्न सक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा लक्षित नतिजा हासिल गर्ने गरी यो कार्यान्वयन कार्ययोजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. कृषियोग्य जमिनमा वर्षैभरी भरपर्दो सिँचाइ सुविधाको सुनिश्चितता मार्फत कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु ।

२. नदी तथा जल उत्पन्न विपदको प्रभावकारी व्यवस्थापन गरी जनधनको क्षति न्यूनीकरण गर्नु ।

३. उपलब्ध जलस्रोतको बहुआयामिक र दीर्घकालीन उपयोग सुनिश्चित गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. साना तथा मझौला जलाशय, सतह, भूमिगत र लिफ्ट सिँचाइ प्रणालीको निर्माण, विस्तार र स्तरोन्नति गरी कृषियोग्य भूमिमा सिँचाइ सुविधा सुनिश्चित गर्ने । (३.४.१, ६.४.२०)

२. नदी बहावको क्षेत्र निर्धारण, जोखिम क्षेत्रको पहिचान एवम् वर्गीकरण गरी जलउत्पन्न विपद व्यवस्थापन र न्यूनीकरणको लागि जैविक तथा भौतिक उपाय अवलम्बन गर्ने । (३.४.५, ६.४.११)

३. नदी व्यवस्थापन सम्बन्धमा कानूनी प्रबन्ध गरी नदीलाई प्राकृतिक, सांस्कृतिक, पर्यटन र सम्पदाको रूपमा संरक्षण र उपयोग गर्ने । (३.४.५, ६.४.११)

४. जलवायु परिवर्तनले गर्दा जलस्रोतमा परेको प्रभावलाई समेत मध्यनजर गरी नदी बेसिन योजनाका आधारमा जलस्रोतको बहुआयामिक उपयोग र एकीकृत व्यवस्थापन सुनिश्चित गर्ने । (३.४.५)

५. जलस्रोत, सिँचाइ, ऊर्जा, कृषि, उद्योग, शहरी विकास, पर्यटन, व्यापार, वन तथा वातावरण, विपद व्यवस्थापन लगायतका क्षेत्रको एकीकृत अध्ययन अनुसन्धान गर्ने । (३.४.१०)

६. द्विपक्षीय वा बहुपक्षीय लाभ हुनेगरी अन्तरदेशीय नदीको समुचित उपयोग र व्यवस्थापन गर्ने । (६.४.११)

### ४. कार्यनीति

१. निर्मित आयोजनाको नियमित मर्मत सम्भार तथा उचित व्यवस्थापन र निर्माणाधीन सिँचाइ आयोजना यथाशीघ्र सम्पन्न गरिनेछ । (रणनीति १)

२. नदी बेसिन अनुसार तराई मधेश क्षेत्रका सिँचाइ सुविधा नपुगेका जमिनमा क्लस्टरमा आधारित स्यालो तथा डीप ट्युवेलबाट र पहाडी क्षेत्रमा बाँध,लिफ्ट तथा सतह सिँचाइ प्रणाली विकास गरिनेछ । (रणनीति १)

३. कृषि र सिँचाइका कार्यक्रमहरू बीच समन्वय गरी सिँचाइ नपुगेका कृषियोग्य भूमिमा सिँचाइ सुविधा विस्तार, स्तरोन्नति र मर्मत सम्भार गरी सिञ्चित क्षेत्र विस्तार गरिनेछ । (रणनीति १)

४. परम्परागत पानीका स्रोतबाट सिँचाइको सम्भावना नभएका सीमान्तकृत कृषियोग्य क्षेत्रहरूमा पानी सञ्चय पोखरी निर्माण र अन्य वैकल्पिक माध्यमबाट सिँचाइ सुविधा विस्तार कार्यलाई जलस्रोत संरक्षण तथा व्यवस्थापन कार्यसँग आबद्ध गरी पहाडी क्षेत्रमा सिँचाइ, पानी सञ्चय पोखरी, लिफ्ट तथा भूमिगत जल सिँचाइ योजना सञ्चालन गरिनेछ। (रणनीति १)

५. नवीनतम् प्रविधिमा आधारित सिँचाइ प्रविधिको विकास र उपयोग मार्फत सिँचित कृषि क्षेत्र विस्तार गरिनेछ। (रणनीति १)

६. सिँचाइ समस्याको दीर्घकालीन समाधानको लागि अन्तर नदी बेसिन तथा जलपथान्तरण आयोजनालाई प्राथमिकतामा दिइनेछ। (रणनीति १)

७. नदीको प्रकृति र प्रवृत्तिको आधारमा नदी वहावको क्षेत्र तोकी संरचना निर्माण, नदीजन्य सामाग्रीको उत्खनन् एवम् वैज्ञानिक उपयोगको साथै नदी सौन्दर्यीकरण तथा नदी किनाराको पुनस्थापना गरिनेछ। (रणनीति २)

८. नदी तथा जल उत्पन्न विपदबाट मानवीय र भौतिक क्षतिको न्यूनीकरण गर्न विपदजन्य जोखिमको लेखाजोखा समेतका आधारमा नदी व्यवस्थापन तथा पूर्वाधार निर्माण गरिनेछ। (रणनीति २)

९. नदी व्यवस्थापन सम्बन्धी कानूनको तर्जुमा, कार्यान्वयन तथा नियमन गरिनेछ। (रणनीति ३)

१०. नदीलाई प्राकृतिक, सांस्कृतिक, पर्यटन र सम्पदाको रूपमा संरक्षण र उपयोग गरिनेछ। (रणनीति ३)

११. जलवायु परिवर्तनले गर्दा जलस्रोतमा परेको प्रभावलाई समेत मध्यनजर गरी नदी बेसिन योजनाको आधारमा उपलब्ध जलस्रोतको बहुउद्देशीय उपयोग तथा एकीकृत व्यवस्थापनलाई प्राथमिकताका साथ प्रवर्द्धन गरिनेछ। (रणनीति ४)

१२. नदी बेसिन संरचनाको स्थापना गरी जलस्रोतको समुचित बाँडफाँट, अभिलेखन र उपयोगको परीक्षण गरिनेछ। (रणनीति ४)

१३. प्राकृतिक जलचक्रलाई जोगाई राख्न पुरातात्विक तथा सांस्कृतिक जलाधार तथा जलस्रोतको संरक्षण, व्यवस्थापन र भूमिगत जलस्रोतको पुनर्भरण गर्न प्रविधिको विकास गरिनेछ। (रणनीति ४)

१४. जलस्रोत, ऊर्जा, कृषि, उद्योग, शहरी विकास, पर्यटन, व्यापार, वन तथा वातावरण एवम् प्रकोप व्यवस्थापन क्षेत्रसँग सम्बन्धित अध्ययन, अनुसन्धान तथा विकासमा सार्वजनिक-निजी साझेदारी अवलम्बन र विश्वविद्यालय तथा अनुसन्धान प्रतिष्ठानसँग सहकार्य गरिनेछ। (रणनीति ५)

१५. जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्रको स्तरोन्नति गरी सेन्टर अफ एक्सलेन्स फर वाटर रिसोर्सेजको रूपमा विकास गरिनेछ। (रणनीति ५)

१६. जल कूटनीति मार्फत राष्ट्रिय हित अनुकूल हुने गरी उपल्लो तथा तल्लो तटीय लाभको आधारमा लागत साझेदारीको अवधारणा अनुरूप बहुउद्देश्यीय तथा जलाशययुक्त आयोजनाहरूको विकासमा छिमेकी राष्ट्रहरूसँग सहकार्य गरिनेछ। (रणनीति ६)

१७. द्विपक्षीय वा बहुपक्षीय संयन्त्रहरूको बैठक मार्फत सीमा क्षेत्रमा हुने डुबान तथा कटान सम्बन्धी समस्या तथा विवाद समाधान गरिनेछ। (रणनीति ६)

१८. बहुउद्देश्यीय तथा ठूला जलाशययुक्त आयोजना निर्माणको लागि निजी क्षेत्र लगायत विकास साझेदारसँग साझेदारी गरिनेछ। (रणनीति ६)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | बृहत सिँचाइ कार्यक्रम (राष्ट्रिय गौरव तथा ठूला सिँचाइ आयोजना) | सिंचित कृषि क्षेत्रको विस्तार गरी कृषि उत्पादन र उत्पादकत्व बढाई खाद्य सुरक्षा अभिवृद्धिको लागि भरपर्दो सिँचाइ सेवा विस्तार गर्ने | १/१ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, गृह मन्त्रालय, स्थानीय तह, नेपाल विद्युत प्राधिकरण | X | X | X | X | X |
| | | अन्तर बेसिन जलपथान्तरण गरी विकसित प्रविधियुक्त प्रणालीमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने | १/६ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, गृह मन्त्रालय, स्थानीय तह, नेपाल विद्युत प्राधिकरण | X | X | X | X | X |
| | | सिँचाइ सम्बन्धी राष्ट्रिय गौरवका आयोजनालाई यथाशीघ्र सम्पन्न गर्नको लागि नयाँ कार्य ढाँचा सहितको संयन्त्र तय गरी कार्यान्वयन गर्ने | १/६ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| २ | तराई मधेश भूमिगत जल सिँचाइ कार्यक्रम | भूमिगत डिप टयूववेल निर्माण गरी बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने | १/२ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रलाय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | सतह सिँचाइको सेवा नपुगेका तराई मधेशका खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने | १/२ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ३ | एकीकृत नदी बेसिन सिँचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम | नदी बेसिनका टार/फाँटमा लिफ्ट सिँचाइ आयोजनाको साथै सतह सिँचाइ प्रणालीको निर्माण गरी मधेश, चुरे, पहाड तथा हिमाली क्षेत्रहरूमा सिँचाइ सुविधा उपलब्ध गराइने | १/४ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| ४ | जलस्रोत संरक्षण, पुनर्भरण तथा बहुउपयोग कार्यक्रम | परम्परागत पानीका स्रोतबाट सिँचाइको सम्भावना नभएका सीमान्तकृत कृषियोग्य क्षेत्रमा पानी सञ्चय पोखरी निर्माण लगायत वैकल्पिक उपाय अवलम्बन गर्ने र पुनर्भरण गर्ने | १/४ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | अन्य वैकल्पिक माध्यमबाट सिँचाइ सुविधा विस्तार कार्यलाई जलस्रोत संरक्षण तथा व्यवस्थापन कार्यसँग आबद्ध गरी चुरे भावर क्षेत्रमा भूमिगत जलस्रोत पुनर्भरण गरी चुरे संरक्षण गर्ने | ४/१२ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश, स्थानीय तह | | | | | |
| ५ | नदी तथा जलउत्पन्न विपद व्यवस्थापन कार्यक्रम | नदी किनाराको संरक्षण, रेखाङ्कन गरी जोनिङ गर्नुको साथै जोखिमयुक्त स्थानको पहिचान गर्ने | २/७ | ५ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | नदीजन्य सामग्री एवम् नदी व्यवस्थापन कार्यबाट उकास भएको जमिनको समुचित उपयोग गर्ने, नदीको वर्गीकरण गरी संघ, प्रदेश र स्थानीय | २/८ | ६ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | तहबीच नदीको व्यवस्थापनको क्षेत्राधिकार बाँडफाँट र समन्वय गर्ने | | | | | | | | | |
| | | ठुला तथा मझौला प्रकृतिका नदीहरूबाट हुनसक्ने विपद व्यवस्थापन गरी क्षति न्यूनीकरण गर्ने | २/८ | ५ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| ६ | नदी बेसिन योजना कार्यान्वयन कार्यक्रम | नदी बेसिन संरचनाको स्थापना गरी जलस्रोतको समुचित बाँडफाँट, अभिलेखन र उपयोगको परीक्षण गर्ने | ४/१०,११ | ३ | जल तथा ऊर्जा आयोगको सचिवालय | अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| ७ | जलस्रोत तथा सिँचाइ सम्बन्धी अध्ययन अनुसन्धान कार्यक्रम | जलस्रोत विकास तथा व्यवस्थापनको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्ने | ५/१३, १४ | ३ | जलस्रोत तथा ऊर्जा अनुसन्धान केन्द्र | अर्थ मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जल तथा ऊर्जा आयोगको सचिवालय, स्थानीय तह | X | X | X | X | X |
| ८ | चैते धान विशेष कार्यक्रम | निर्माण सम्पन्न भएका प्रणालीहरूको मर्मत सम्भार तथा पुनः स्थापना गरी अधिकतम क्षमतामा नहर सञ्चालन गरी चैते धानको लागि सिँचाइ सेवा उपलब्ध गराउने | १/३ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, जलस्रोत तथा सिँचाइ विभाग | अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |

### ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचनाको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कृषि वस्तुको औसत उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हे. | ३.३ | ३.४ | ३.५ | ३.५ | ३.६ | ३.७ | वार्षिक प्रतिवेदन | कृ.प.वि.म. |
| | **असर** | | | | | | | | | |
| १ | सिँचाइयोग्य भूमिमध्ये वर्षैभरि सिँचाइ सुविधा पुगेको भूमि | प्रतिशत | ३० | ३३ | ३५ | ४० | ४५ | ५० | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | सतह सिँचाइ आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | १०२८१०० | १०३४३६५ | १०४०७६५ | १०६०७६० | १०८५७६० | ११२२७३५ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| २ | भूमिगत सिँचाइ आयोजनाहरूबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | ५३७३४४ | ५४६४२४ | ५५१७२४ | ५६६७२० | ५९१७२० | ६४३१५४ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| ३ | लिफ्ट र जलाशय सिँचाइ कार्यक्रमबाट सिंचित क्षेत्रफल विस्तार | हेक्टर | ३५८८ | ५५५१ | ७८५१ | १२८५१ | १८८५१ | २७११९ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| ४ | सिँचाइ सुविधा (सङ्घीय स्तरमा ) | हेक्टर | १५६९०३२ | १५८६३४० | १६००३४० | १६४०३३१ | १६९६३३१ | १७९३००८ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| ५ | तटबन्ध निर्माण | कि.मि. | १४२७ | १४७७ | १५४० | १५९० | १६४० | १६६५ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| ६ | जग्गा उकास | हेक्टर | १३२०२ | १३३५२ | १३५०१ | १३६५० | १३७२० | १३७९५ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| ७ | ठूला पहिरो व्यवस्थापन | वटा | ४४ | ४९ | ५३ | ५७ | ६० | ६४ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| ८ | सदरमुकाम तथा सम्पदा संरक्षण कार्य | वटा | ४ | ५ | ६ | ७ | ८ | ९ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |

**७. अनुमान तथा जोखिम**

योजना अवधिमा तहगत सरकार, निजी क्षेत्र, सामुदायिक संस्था र उपभोक्ताको समेत सहभागिता र लागत साझेदारीमा सिँचाइ सुविधा थप विस्तार, स्तरोन्नति तथा आधुनिकीकरण हुनेछ। कुल सिँचित जमिन मध्ये करिब पचास प्रतिशत जमिनमा बाह्रै महिना सिँचाइ सुविधा पुग्नेछ। जल उत्पन्न विपद व्यवस्थापनका कार्य प्रभावकारी रूपमा कार्यान्वयनको साथै नदी व्यवस्थापन कार्यबाट थप खेतियोग्य जमिन तथा बसोबास क्षेत्र संरक्षण हुनेछन्। बदलिँदो भु-उपयोग तथा जलवायु परिवर्तनको समेत असरलाई ध्यानमा राखी दिगो तथा जलवायु अनुकुलन हुने गरी सिँचाइ संरचनाको विकास, नदी तथा जल उत्पन्न विपद व्यवथापन कार्य सञ्चालन गर्नुपर्ने अवस्था रहेको छ।

## ६.५ जल तथा मौसम विज्ञान

### १. पृष्ठभूमि

कृषि, ऊर्जा, जलस्रोत, सिँचाइ, पर्यटन, यातायात, उड्डयन, भौतिक पूर्वाधार, स्वास्थ्य लगायत विषयगत क्षेत्रहरूको दिगो विकास एवम् व्यवस्थापनमा जल तथा मौसमका अवयवहरूको भूमिकालाई महत्व प्रदान गर्दै सोह्रौ योजनाले यस सम्बन्धी रणनीति, कार्यक्रम तथा नतिजा खाका तय गरेको छ। जलवायु परिवर्तनका कारण सिर्जित चुनौतिको सामना गर्न, विपदजन्य गतिविधिका कारण हुन सक्ने धनजनको क्षति न्यूनीकरण गर्न जल तथा मौसमको तथ्याङ्क सङ्कलन एवम् विश्लेषण, सहि र भरपर्दो मौसम पूर्वानुमान तथा पूर्वसूचनाको प्रभावकारी सम्प्रेषण लगायतका माध्यमबाट गुणस्तरीय सेवा प्रवाहको लागि निरन्तर अध्ययन अनुसन्धानको साथै प्रविधि विकासको क्रमसँगै सेवाको विकास र विस्तार गर्दै सर्वसाधारण एवम् सरोकारवाला लाभान्वित हुने अवस्था सिर्जना गर्न तथा जीउ धनको सुरक्षाको प्रत्याभूति गर्न पहिचान भएका रणनीति अनुरूपका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको आवश्यकता रहेको छ। सो अनुसार यस क्षेत्र सम्बद्ध कार्यक्रमले ऊर्जा, जलस्रोत तथा सिँचाइ, कृषि, पर्यटन ,पूर्वाधार विकास, विपद व्यवस्थापन लगायतका अन्य क्षेत्रमा सिर्जना गर्न सक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्न यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. पर्याप्त जल तथा मौसम अवलोकन केन्द्रको स्थापना, तथ्याङ्क एवम् सूचना सङ्कलन, भण्डारण, प्रशोधन र सम्प्रेषण कार्यको भरपर्दो र सुरक्षित व्यवस्थापन गर्नु।

२. जल, मौसम तथा जलवायुसम्बन्धी गुणस्तरीय, विश्वसनीय र पहुँचयुक्त सेवा उत्पादन, विकास र विस्तार गर्नु।

३. जल तथा मौसमजन्य विपदबाट हुने जनधनको क्षति न्यूनीकरण गर्न पूर्वसूचना प्रवाह गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. स्वचालित जल तथा मौसम मापन केन्द्रहरूको सञ्जाल विस्तार गर्दै तथ्याङ्कको प्राप्ति, व्यवस्थापन र वितरणलाई वैज्ञानिक बनाउने। ( ३.४. ५)

२. जल-मौसमजन्य प्रकोपहरूको लागि पहुँचयोग्य बहुप्रकोपीय पूर्वसूचना प्रणालीको सञ्चालन गर्ने। ( ३.४. ५)

३. जल तथा मौसम पूर्वानुमान र जलवायु आकलन तथा परिदृष्यको लागि आवश्यक प्रारूपहरूको विकास, परीक्षण तथा सञ्चालन गर्ने। (३.४.५)

### ४. कार्यनीति

१. मानव सञ्चालित जल तथा मौसम मापन केन्द्रहरूलाई स्वचालित मापन केन्द्रमा स्तरोन्नति गरिनेछ। (रणनीति १)

२. एकीकृत राष्ट्रिय जल तथा मौसम तथ्याङ्क व्यवस्थापन प्रणालीको सञ्चालन गर्दै तथ्याङ्क वितरण र प्रमाणीकरण सेवालाई प्रभावकारी बनाइनेछ। (रणनीति १)

३. जोखिम संवेदनशील क्षेत्र तथा नदी जलाधारहरूमा जल तथा मौसम पूर्वानुमान तथा पूर्वसूचना प्रणालीलाई सुदृढीकरण र विस्तार गर्दै अत्यधिक वर्षा, बाढी तथा डुबान, लु, शीतलहर, असिना, चट्याङ, खडेरी, सुक्खापना, डढेलो, वर्षाजन्य पहिरो, हिमपहिरो, हिमताल विष्फोट जस्ता जल-मौसमजन्य प्रकोपहरूको लागि पहुँचयोग्य बहुप्रकोपीय पूर्वसूचना प्रणालीको सञ्चालन गरिनेछ। (रणनीति २)

४. प्रविधि तथा पूर्वाधारको व्यवस्था गरी विभिन्न समयावधिको जल तथा मौसम पूर्वानुमान र जलवायु आकलन तथा परिदृष्यको लागि आवश्यक प्रारूपहरूको विकास, परीक्षण तथा सञ्चालन गरिनेछ। (रणनीति ३)

५. स्थानीय तथा प्रदेश सरकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूको सहयोग, सहकार्य र समन्वयमा अध्ययन, अनुसन्धान, संस्थागत सवलीकरण र क्षमता अभिवृद्धिका कार्य गरिनेछ। (रणनीति ३)

## ५.कार्यान्वयन कार्ययोजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | जल तथा मौसम मापन केन्द्र स्तरोन्नति, स्थापना तथा व्यवस्थापन कार्यक्रम | आधुनिक प्रविधियुक्त स्वचालित जल मापन केन्द्र स्तरोन्नति, स्थापना र सञ्चालन गर्ने | १/१ | जल तथा मौसम विज्ञान विभाग | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| | | आधुनिक प्रविधियुक्त स्वचालित मौसम मापन केन्द्र स्तरोन्नति, स्थापना र सञ्चालन गर्ने | १/२ | | | X | X | X | X | X |
| २ | बहुप्रकोपीय एवम् सेक्टोरियल पूर्वानुमान तथा पूर्वसूचना प्रणाली विकास कार्यक्रम | भारी वर्षा र बाढीको Mass SMS र पूर्वसूचनालाई पहुँचयोग्य, भरपर्दो र समय सापेक्ष बनाउने | २/३ | जल तथा मौसम विज्ञान विभाग | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| | | लु, शीतलहर, हिमपात लगायतका प्रकोपको Mass SMS र पूर्वसूचनालाई पहुँचयोग्य, भरपर्दो र समय सापेक्ष बनाउने | | | | | | X | X | X |
| ३ | जल तथा मौसम पूर्वानुमान क्षमता अभिवृद्धि कार्यक्रम | कर्णाली, नारायणी लगायतका ठूला नदीमा बाढी पूर्वानुमान मोडेल विकास, परिक्षण तथा सञ्चालन गर्ने | ३/४ | जल तथा मौसम विज्ञान विभाग | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सात दिनको मौसम पूर्वानुमानको लागि NWP मोडेल विकास, परीक्षण तथा सञ्चालन गर्ने | ३/४ | | | | | | | X |
| | | सात दिने दैनिक पूर्वानुमान बुलेटिन प्रकाशन गर्ने | ३/४ | | | | | | | X |
| | | मासिक तथा त्रैमासिक जलवायु पूर्वानुमान गरी सम्प्रेषण गर्ने | ३/४ | | | X | X | X | X | X |
| ४ | जल तथा मौसम विज्ञान सम्बद्ध अध्ययन, अनुसन्धान तथा सहकार्य अभिवृद्धि कार्यक्रम | पूर्वानुमान प्रणाली तथा सेवा सेवा प्रवाह स्तरोन्नतिको लागि अध्ययन तथा अनुसन्धान गर्ने | ३/५ | जल तथा मौसम विज्ञान विभाग | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| | | विषयगत सेवा सबलीकरणमा संस्थागत क्षमता अभिवृद्धि तथा सहकार्य गर्ने | ३/५ | | | X | X | X | X | X |

## ६.नतिजा खाका

| क्र. स. | सूचक | एकाइ | आ.व. २०८०/०८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/०८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | विपदका घटनाबाट प्रभावित परिवार संख्या | संख्या | ७७७० | ६४६८० | ३६०० ० | ३३०० | ३३०० | ३३०० | वार्षिक प्रतिवेदन | गृ.म. |
| २ | बाढी र भारी वर्षाबाट हुने मृत्युदर | प्रति लाख जनसंख्या | ०.१६ | ०.१५ | ०.१५ | ०.१५ | ०.१२ | ०.१२ | वार्षिक प्रतिवेदन | गृ.म. |
| | **असर** | | | | | | | | | |
| १ | विपद्का कारण हुने क्षति न्यूनीकरणको लागि मौसम पूर्वानुमानको शुद्धतामा सुधार | प्रतिशत | ६० | ६५ | ६५ | ७० | ७० | ७५ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म., ज.मौ.वि. वि. |
| २ | विपद्का कारण हुने क्षति न्यूनीकरणको लागि बाढी पूर्वानुमान सम्भावनामा सुधार | प्रतिशत | ६० | ६५ | ६५ | ७० | ७० | ७५ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म., ज.मौ.वि.वि. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | जल तथा मौसम पूर्वानुमान अवधि | दिन | ३ | ३ | ३ | ५ | ५ | ७ | दैनिक बुलेटिन | ऊ.ज.सिँ.म. |
| २ | बाढी पूर्वसूचना प्रणालीमा पहुँच भएको क्षेत्र | वर्ग कि.मि. | २७५०० | ३१००० | ३४५०० | ३७००० | ४१००० | ४५००० | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| ३ | प्रभावमा आधारित मौसम पूर्वानुमान सेवामा पहुँच भएको स्थानीय तह | संख्या | ८ | १० | १३ | १५ | १८ | २० | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| ४ | त्रैमासिक जलवायु पूर्वानुमान सेवा | संख्या | - | ३ | ३ | ४ | ४ | ४ | वार्षिक प्रतिवेदन | ऊ.ज.सिँ.म. |

**७.अनुमान तथा जोखिम**

देशको भौगोलिक अवस्थितिका कारण देशको उच्च भूभागहरूमा जल तथा मौसम पूर्वानुमान केन्द्रहरूको सञ्जाल विस्तारमा चुनौति रहेको छ। सञ्जाल विस्तार गरी जल तथा मौसम पूर्वानुमान र जलवायु विश्लेषणलाई थप विश्वसनीय र भरपर्दो रूपमा सेवा प्रवाह गर्नुपर्ने आवश्यकता छ। योजनाले परिलक्षित गरेका लक्ष्य हासिल गर्न लगानीको स्रोत जुटाउनुको साथै राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय तथा निजी क्षेत्रलाई समेत आकर्षण गर्नुपर्ने देखिन्छ। सङ्घ, प्रदेश र स्थानीय तह बीचको सामञ्जस्यता, समन्वय तथा सहकार्यमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने देखिन्छ। जल तथा मौसमको दायरा राजनीतिक सीमा विहीन हुने भएकोले छिमेकी राष्ट्रहरू र क्षेत्रीय तथा अन्तर्राष्ट्रिय निकायसँग तथ्याङ्क, प्रविधि, ज्ञान एवम् अनुभव आदान प्रदान तथा व्यवस्थापन गर्न प्रभावकारी समन्वय र सहकार्यको आवश्यकता रहेको छ।

## ६.६ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

सोह्रौं योजनाको विभिन्न विषयअन्तर्गत खानेपानी तथा सरसफाई क्षेत्र सम्बद्ध रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ। यस योजनाको कार्यान्वयनमा जलवायु परिवर्तन, अव्यवस्थित शहरीकरण, प्राकृतिक प्रकोप, पहाडी क्षेत्रमा विकास निर्माणको क्रममा भारी उपकरणको प्रयोग, जलाधार क्षेत्र तथा चुरे क्षेत्रको अत्यधिक दोहन लगायतका कारणले खानेपानीको स्रोतमा व्यापक ह्रास आएको, पुराना खानेपानीका स्रोत सुक्दै गएका र कतिपय पुराना खानेपानी प्रणाली समेत प्रयोगबिहीन रहेको, मानव मलमूत्र लगायतका मानव सिर्जित फोहोरको दिगो व्यवस्थापनमा कमी रहेको र खानेपानीका स्रोत प्रदूषित बन्दै गएको अवस्थालाई सम्बोधन गर्नुपर्ने देखिएको छ। यस परिप्रेक्ष्यमा करिब २७ प्रतिशत जनसंख्यामा उपलब्ध भएको सुरक्षित (उच्च तथा मध्यमस्तर) खानेपानी सेवा तीव्र विस्तार गर्ने गरी सोह्रौं योजनामा यस क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक रहेको छ। सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमले यस क्षेत्र तथा स्वास्थ्य, कृषि, सिँचाइ, वन तथा वातावरण लगायतका क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी राज्यका तीनै तहको समन्वय तथा सहकार्यमा प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. सबै नागरिकलाई स्वच्छ तथा गुणस्तरीय खानेपानी सेवाको पहुँच, उपलब्धता र दिगोपना सुनिश्चित गर्नु।

२. सबै प्रकारका फोहोरमैलाको दिगो व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्नु।

३. खानेपानी तथा सरसफाइ सेवा व्यवस्थापनमा तहगत सरकार, निजी क्षेत्र, गैह्रसरकारी संस्था, सेवा प्रदायक तथा सामुदायिक संस्थाको भूमिका र क्षमता अभिवृद्धि गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. नेपाल सरकारको लगानी, सार्वजनिक-निजी साझेदारी, सहलगानी, दातृ संस्थाको सहयोग तथा लागत साझेदारीमा खानेपानी आयोजना कार्यान्वयन गरी खानेपानीको पहुँच विस्तार गर्ने। (७.४.३)

२. जलवायु परिवर्तन, चुरे क्षेत्रको दोहन तथा अव्यवस्थित रूपमा भइरहेको विकास निर्माणको कारण सुक्दै गइरहेका खानेपानीका मुहानहरूको संरक्षण, जलाधार संरक्षण तथा जलाशययुक्त खानेपानी आयोजनामार्फत् स्वच्छ खानेपानीको उपलब्धता अभिवृद्धि गर्ने। (७.४.२)

३. निर्मित खानेपानी तथा सरसफाइ संरचनाको दिगोपना कायम गर्न नीतिगत र कानूनी प्रबन्ध गर्ने तथा तहगत समन्वय प्रभावकारी बनाउने। (७.४.२)

४. फोहोरमैला व्यवस्थापनको लागि राज्यका तीन वटै तहको समन्वय र सहकार्यमा आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने। (६.४.१३)

५. फोहोरको उचित व्यवस्थापन गर्न सार्वजनिक-निजी साझेदारीमार्फत न्यून लागतमा प्रविधिको प्रयोग गरी फोहोरलाई मोहरमा रूपान्तरण गर्ने। (१३.४.३)

### ४. कार्यनीति

१. विपद उत्थानशील हुने गरी खानेपानी तथा सरसफाइ संरचना निर्माण तथा सञ्चालनको प्रत्याभूति गर्नको लागि नीतिगत प्रबन्ध गरिनेछ। (रणनीति १)

२. अधुरा खानेपानी आयोजनाहरूको तथ्याङ्क संकलन गरी प्राथमिकताका साथ सम्पन्न गरिनेछ। (रणनीति १)

३. सबै नागरिकलाई सुरक्षित खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउनको लागि नेपाल सरकार, सार्वजनिक निजी साझेदारी, सहलगानी, दातृ संस्थाको सहयोग तथा लागत साझेदारीका आयोजना प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । (रणनीति १)

४. क्षेत्र, बस्ती, समुदाय र परिवारस्तरमा जलसञ्चय एवम् भूमिगत पुनर्भरण गर्नेगरी शहरी जल व्यवस्थापनको दिगो पूर्वाधार विकास गरिनेछ। (रणनीति २)

५. स्थानीय तहको सहभागितामा खानेपानीका परम्परागत मुहान, ढुङ्गेधारा, पानी पोखरीको पुनर्भरण तथा संरक्षण गर्नको लागि पानीका स्रोतहरूको संरक्षण र पुनर्भरण कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति २)

६. तराई मधेशका जिल्लाहरूमा खानेपानीको चरम अभावलाई सम्बोधन गर्न नदी बेसिन योजनाका आधारमा अन्तरजलाधार पानी पथान्तरणका खानेपानी आयोजनाको अध्ययन गरी क्रमशः कार्यान्वयन गरिनेछ। (रणनीति २)

७. निर्मित खानेपानी तथा सरसफाइ संरचनाको दिगोपना कायम गर्न स्थानीय तह तथा सेवा प्रदायकको सहभागिता सुनिश्चितता गरी तथ्यपरक रूपमा विद्यमान कानूनमा सुधार तथा नीतिगत व्यवस्था गरिनेछ। (रणनीति ३)

८. विनाशकारी बाढीबाट क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजनाको दीर्घकालीन समाधान गरी बाह्रै महिना खानेपानी आपूर्तिको सुनिश्चतता गरिनेछ। (रणनीति ३)

९. ठूला शहर तथा प्रादेशिक सदरमुकाममा खानेपानी तथा सरसफाइ संकट समाधान गर्नको लागि एकीकृत रूपमा खानेपानी तथा फोहर व्यवस्थापन कार्यक्रम कार्यान्वयन गरिनेछ। (रणनीति ३)

१०. सबै नदीनाला तथा सञ्चालनमा रहेका खानेपानी प्रणालीहरूमा पानी शुद्धीकरणका उपायलाई अभियानको रूपमा सञ्चालन गर्ने गरी नदीजन्य स्रोतहरूको सरसफाइ र संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

११. फोहोरपानीको उत्सर्जन न्यूनीकरण तथा उत्पादित फोहोर पानीको प्रशोधन तथा व्यवस्थापनको प्रभावकारी प्रबन्ध मिलाइनेछ। (रणनीति ४)

१२. फोहोरमैला व्यवस्थापनको लागि राज्यका तीनै तहको समन्वय र सहकार्यमा कार्मक्रम सञ्चालन गरिनेछ। (रणनीति ४)

१३. उद्योग, अस्पतालजन्य तथा जोखिमयुक्त फोहोर व्यवस्थापन गर्न तथा औद्योगिक उत्सर्जन कटौती गर्न उत्पादक वा आयातकर्ता र प्रदूषकलाई जिम्मेवार बनाउनुको साथै विस्तारित उत्पादकको दायित्व (एक्सटेन्डेड प्रोड्युसर रेस्पोन्सिबिलिटी) को अवधारणा लागु गरिनेछ। (रणनीति ५)

१४. फोहोर व्यवस्थापनका दृष्टिकोणले जोखिमयुक्त मानिएका स्थानीय तह तथा शहरी क्षेत्रको छनौट गरी फोहोरबाट मल तथा ग्यास उत्पादन र फोहोरपानीको उचित निकास तथा प्रशोधनको लागि स्थानीय तहको समन्वयमा ढल, सार्वजनिक शौचालय तथा प्रशोधन केन्द्रको व्यवस्थापन गरिनेछ। (रणनीति ५)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | खानेपानी सेवा विस्तार, पुनर्स्थापना तथा दिगोपना कार्यक्रम | मेलम्ची खानेपानी आयोजनाको हेडवर्क्सको दीर्घकालीन समाधान गर्ने | १/१ | ४ | खानेपानी मन्त्रालय | अर्थ मन्त्रालय, सम्बन्धित स्थानीय तह | | | X | X | X |
| | | निर्मित आयोजनाहरूको दिगोपनाको लागि कानूनी तथा नीतिगत प्रबन्ध गर्ने | ३/७ | ४ | खानेपानी मन्त्रालय | अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कानून, न्याय ततथा संसदीय मामिला मन्त्रालय | X | X | X | X | X |
| | | सञ्चालनमा समस्याग्रस्त आयोजना पहिचान तथा पुनःसञ्चालन गर्ने | ३/२ | ४ | खानेपानी मन्त्रालय | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश सरकार, स्थानीय तह | X | X | X | X | X |
| | | खानेपानी आयोजना निर्माण तथा सेवा विस्तार गर्ने | १/१ | ४ | खानेपानी मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश सरकार, सम्बन्धित स्थानीय तह | X | X | X | X | X |
| | | काठमाडौं उपत्यकाको खानेपानी सेवा प्रदायक निकायहरूको शासकीय प्रबन्धमा सुधार गर्ने | १/४ | ४ | खानेपानी मन्त्रालय | अर्थ मन्त्रालय, सम्बन्धित स्थानीय तह | X | X | X | X | X |
| २ | पानीका स्रोत संरक्षण, पुनर्भरण तथा बहुउपयोग कार्यक्रम | काठमाडौं उपत्यका भित्रको परम्परागत मुहान, ढुङ्गे धारा र खानेपानीका स्रोत पहिचान गरी क्षमता मापन तथा संरक्षण गर्ने | २/५ | ५ | खानेपानी मन्त्रालय | वन तथा वातावरण मन्त्रालय, स्थानीय तह, उपभोक्ता संस्था | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | भूमिगत पानीको पुनर्भरण तथा बहुउपयोग गर्ने | २/४ | ५ | खानेपानी मन्त्रालय | वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, उपभोक्ता संस्था | | X | X | X | X |
| | | जलाशययुक्त आयोजना मार्फत् ठूला नदीहरूबाट पानी पथान्तरण गरी थोक रूपमा खानेपानी वितरण गर्ने | २/६ | ४ | खानेपानी मन्त्रालय | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | | | X | X | X |
| | | पहाडी तथा चुरे क्षेत्रका खानेपानीका मुहान संरक्षणको पुनर्भरण पोखरी (Recharge Pond) निर्माण गर्ने | २/५ | ५ | खानेपानी मन्त्रालय | वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | X | X | X | X | X |
| ३ | दिगो फोहर व्यवस्थापन कार्यक्रम | ढल निर्माण तथा फोहोरपानी प्रशोधन केन्द्र स्थापना गर्ने | ४/११ | ५ | खानेपानी मन्त्रालय | अर्थ मन्त्रालय, भौ.पू.या.म., नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम, स्थानीय तह | | X | X | X | X |
| ४ | खानेपानी तथा सरसफाइ साझेदारी तथा सहलगानी कार्यक्रम | प्रादेशिक सदरमुकाम तथा ठूला शहरहरूमा एकीकृत रूपमा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्ने | ४/१० | ४ | खानेपानी मन्त्रालय | अर्थ मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायत मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, दातृ संस्था | | | | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | मानव विकास सूचकाङ्क | सूचकाङ्क | ०.६०५ | ०.६२२ | ०.६३५ | ०.६४८ | ०.६५७ | ०.६६६ | ने. मा.वि. प्र. | रा.यो.आ. |
| | **असर** | | | | | | | | | |
| १ | सुरक्षित खानेपानी सुविधाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | २७.८ | २९ | ३४ | ३८ | ४२ | ४५ | नेपाल बहुसूचक सर्वेक्षण | खा.पा.म. |
| २ | आधारभूत सरसफाइ सेवाबाट लाभान्वित परिवार | प्रतिशत | ९४.५ | ९६ | ९६.५ | ९७ | ९८ | ९९ | स्वा.व्य.सू.प्र. (HMIS) | खा.पा.म. |
| ३ | सुरक्षित रूपमा व्यवस्थित सरसफाइ सेवाबाट लाभान्वित जनसङ्ख्या | प्रतिशत | ६१ | ६२ | ६३ | ६४ | ६४ | ६५ | नेपाल बहुसूचक सर्वेक्षण | खा.पा.म. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | एकीकृत खानेपानी तथा सरसफाइ आयोजना निर्माण | संख्या | ० | ० | ० | १ | ३ | ५ | वार्षिक प्रतिवेदन | खा.पा.म. |
| २ | खानेपानी आयोजना तथा प्रशोधन केन्द्र निर्माण | संख्या | ० | १० | २० | ३० | ४० | ५० | वार्षिक प्रतिवेदन | खा.पा.म. |
| ३ | पुनर्भरण पोखरी तथा जलाशय निर्माण | संख्या | ० | ० | २ | ५ | १० | २० | वार्षिक प्रतिवेदन | खा.पा.म. |
| ४ | प्रशोधनसहितको ढल/मानव मलमूत्रजन्य फोहोर व्यवस्थापन | प्रतिशत | ३.३४ | ७ | १५ | २० | २५ | ३० | वार्षिक प्रतिवेदन | खा.पा.म. |
| ५ | खानेपानीका प्राकृतिक स्रोत तथा मुहान संरक्षण, भूमिगत पानीको पुनर्भरण | संख्या | ० | ० | ३ | ५ | १० | १५ | वार्षिक प्रतिवेदन | खा.पा.म. |

| क्र.सं. | सूचक | एकाइ | आ.व.२०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ६ | ताल तलैया, नदीनाला संरक्षण र पानीको गुणस्तर सुधार | संख्या | ० | ० | १ | ३ | ५ | ७ | वार्षिक प्रतिवेदन | खा.पा.म. |
| ७ | पम्पिङ खानेपानी आयोजनाको दिगोपनाको अध्ययन अनुसन्धान | संख्या | ० | ० | ० | ० | १ | १ | वार्षिक प्रतिवेदन | खा.पा.म. |
| ८ | घरायसी प्रयोजनबाट उत्सर्जित फोहोरपानी तथा दिशाजन्य लेदोको प्रशोधन | प्रतिशत | ३.०७ | ४ | ७ | १२ | २२ | ३० | वार्षिक प्रतिवेदन | खा.पा.म. |

### ७. अनुमान तथा जोखिम

योजना अवधिमा तहगत सरकार, निजी क्षेत्र, सामुदायिक संस्था, सेवा प्रदायक र उपभोक्ताको समेत सहभागिता र लागत साझेदारीमा खानेपानी एवम् सरसफाइ सेवा थप विस्तार हुनेछ। खानेपानी आपूर्तिमा एकीकृत जलाधार संरक्षणको सकारात्मक असर पर्नेछ भने सघन शहरी परियोजना तथा नवीन प्रविधिको प्रयोगले फोहोर व्यवस्थापन थप प्रभावकारी हुनेछ। पूर्वाधार निर्माण र बढ्दो शकरीकरणले खानेपानी आपूर्ति तथा फोहोरमैला व्यवस्थापनमा उल्लेख्य असर गर्ने छैन। खानेपानी तथा सरसफाइ आयोजनाहरूमा जलवायु परिवर्तन तथा विपदको असर न्यून रहनेछ। यस्ता प्रकारका खानेपानी आयोजनाहरूको निर्माणको लागि ठूलो लगानीको आवश्यकता पर्ने हुनाले पर्याप्त लगानी नजुट्ने जोखिम रहन सक्नेछ। ठूला र जटिल प्रकृतिका खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन तथा व्यवस्थापन गर्नको लागि सेवा प्रदायकहरूको क्षमता अभिवृद्धि नभइसकेकाले निर्मित आयोजना सञ्चालन तथा व्यवस्थापनको जोखिम रहने देखिन्छ।

## ६.७ सञ्चार तथा सूचना प्रविधि

### १. पृष्ठभूमि

देशको आर्थिक, सामाजिक तथा पर्यावरणीय विकासलाई मार्गदर्शन गर्ने गरी सोह्रौं योजना तर्जुमा गरिएको र उक्त योजनाले "सुशासन, सामाजिक न्याय र समृद्धि" हासिल गर्ने सोच राखेको छ। उक्त सोच बमोजिम अघि बढ्न क्षेत्रगत उद्देश्य तथा समष्टिगत रणनीति पनि तय गरिएका छन्। दिगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न योजनाले अवलम्बन गरेका रणनीतिको केन्द्रमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रले आयोजना कार्यान्वयन पक्षलाई सहजता प्रदान गर्दछ। यस क्षेत्रमा भरपर्दो, सुरक्षित, सुलभ, दिगो एवम् पहुँचयोग्य आधुनिक सञ्चार तथा सूचना प्रविधिको विकास, विस्तार र उपयोगको लागि डिजिटल इकोसिष्टम निर्माण गर्नु, सुरक्षित र भरपर्दो साइबर स्पेसको निर्माण गर्नु, डिजिटल डिभाइड न्यूनीकरण गर्नु, दूरसञ्चार पूर्वाधारको विकास, विस्तार र सहप्रयोग गर्दै दूरसञ्चार सेवालाई सहज, सुलभ र गुणस्तरीय बनाउनु, आमसञ्चार क्षेत्रलाई मर्यादित, व्यवस्थित, उत्तरदायी र प्रभावकारी बनाइ नागरिकमा सूचनाको पहुँच तथा संलग्न जनशक्तिको दक्षता अभिवृद्धि गर्नु, उपयुक्त क्षमताको भू-उपग्रह स्थापना गर्नु, रेडियो फ्रिक्वेन्सी स्पेक्ट्रमको महत्तम प्रयोग गर्नु, हुलाक सेवालाई, आधुनिक, प्रतिस्पर्धी र व्यावसायिक बनाउनु लगायतका प्रमुख सवाल रहेका छन्।

योजनाको लक्ष्य प्राप्तिको लागि उपलब्ध अवसर जस्तैः डिजिटल नेपाल राष्ट्रिय प्राथमिकतामा राखिएको, शिक्षा क्षेत्रको समग्र विकासको लागि सञ्चार तथा सूचना प्रविधिको प्रयोगमा विस्तार भएको, सूचना प्रविधिमा निजी क्षेत्रको लगानी वृद्धि हुँदै गएको, यस क्षेत्रमा काम गर्न युवा आकर्षित हुने क्रम बढिरहेको, सूचना प्रविधिलाई आर्थिक विकासको सम्वाहक तथा विदेशी मुद्रा आर्जनको महत्वपूर्ण आधारको रूपमा स्वीकार गरिएको लगायतका छन्। साथै मोबाइल प्रयोगकर्ताको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको, डाटामा आधारित दूरसञ्चार सेवा विस्तार भएको, सार्वजनिक सेवामा सूचना प्रविधिको प्रयोगसँगै नागरिकको पहुँच क्रमशः अभिवृद्धि हुँदै गरेको, सूचना प्रविधिको प्रयोगले सेवा प्रवाहको लागतमा कमी आएको, डिजिटल प्रविधिको विकास भैरहेको, आमसञ्चारको क्षेत्रमा बढ्दो सूचना साक्षरता वृद्धि हुँदै गएको तथा नवीनतम प्रविधि (कृत्रिम बौद्धिकता,रोबोटिक्स आदि) प्रयोग गर्न सक्ने अवस्था रहेको छ। नेपालका सबै राष्ट्रभाषा, जात जाति, कला, साहित्य, संस्कृति, इतिहास, राष्ट्रिय स्वाभिमान, सांस्कृतिक तथा प्राकृतिक सम्पदा लगायतको संरक्षण, सम्वर्द्धन, विकास र व्यवस्थापन गर्नुको साथै स्वदेशी चलचित्रको विकास तथा संरक्षण सम्वर्द्धन हुने गरी नेपाललाई एक आकर्षक चलचित्र छायाङ्कन तथा निर्माण केन्द्रको रूपमा स्थापित गर्न सकिने अवस्था छ। हुलाक टिकट, अन्तःशुल्क स्टीकर, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्र, राहदानी, बैक नोट लगायत उच्च सुरक्षणका वस्तु छपाई तथा उत्पादन स्वदेशमा नै गरी विदेशी मुद्रा बहिर्गमनलाई न्यूनीकरण गर्दै सुरक्षण मुद्रणमा आत्मनिर्भर बन्न विशेष जोड दिनुपर्ने आवश्यकता रहेको छ। सूचना तथा सञ्चारसँग सम्बन्धित नविनतम प्रविधिको उपयोग बढाउनु, सुरक्षित र उत्थानशील साइबर स्पेस निर्माण गर्नु, सञ्चार र सूचना प्रविधि सम्बन्धी ज्ञान, सीप र क्षमताको विकास गरी सुशासन कायम गर्नु र सूचना प्रविधिलाई अर्थतन्त्रको महत्त्वपूर्ण माध्यमको रूपमा विकास गर्न यस क्षेत्रका रणनीति तथा कार्यक्रमले यस क्षेत्र तथा स्वास्थ्य, शिक्षा, उद्योग, वाणिज्य, शासकीय सुधार, सार्वजनिक सेवा प्रवाह, वन तथा वातावरण लगायतका अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन कार्ययोजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. संविधान प्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतासँगै सूचनाको सहज पहुँच विस्तार गर्नु।

२. दूरसञ्चार क्षेत्रमा उपलब्ध भएका नवीनतम प्रविधिको प्रयोग गरी सर्वसुलभ रूपमा भरपर्दो गुणस्तरीय सेवा उपलब्ध गराउनु।

३. सूचना प्रविधिको सर्वव्यापी पहुँच सुनिश्चित गरी रोजगारी सिर्जना र उद्यमशीलता विकास मार्फत् आर्थिक समृद्धिमा योगदान गर्नु।

४. हुलाक सेवालाई आधुनिकीकरण गरी व्यावसायिक र प्रतिस्पर्धी बनाउनु।

५. नेपाली चलचित्र क्षेत्रलाई उद्योगको रूपमा विकास गर्नु।

६. हुलाक टिकट, अन्तःशुल्क स्टिकर, नागरिकताको प्रमाणपत्र, सवारी चालक अनुमति पत्र, राहदानी लगायतका सुरक्षण सामग्री देशभित्रै मुद्रण गर्नु ।

## ३. रूपान्तरणकारी रणनीति

१. आमसञ्चार क्षेत्रलाई निष्पक्ष, तटस्थ, जिम्मेवार तथा व्यावसायिक बनाउन कानूनी र संरचनागत सुधार गर्ने । (६.४.१४)

२. सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा डिजिटल इकोसिष्टम निर्माण गर्दै सार्वजनिक सेवा प्रवाहलाई दिगो, भरपर्दो र सरलीकृत बनाउँदै प्रणालीहरू बीच अन्तर-आवद्धता कायम गर्ने । (६.४.१४)

३. विद्युतीय तथ्याङ्कको सुरक्षालाई सुनिश्चित गर्न तथा डाटा संरक्षणसम्बन्धी आवश्यक कानून, डाटाको सङ्कलन, भण्डारण, सुरक्षण र प्रयोगलाई प्रभावकारी बनाउन सुरक्षित र उत्थानशील साइबर स्पेशको निर्माण गर्ने । (६.४.१५)

४. सञ्चार तथा सूचना प्रविधिलाई अन्तर-सम्बन्धित क्षेत्रको रूपमा आन्तरिकीकरण गरी डिजिटल रूपान्तरण गर्न आवश्यक नीतिगत तथा कानूनी प्रबन्ध गर्ने । (६.४.१)

५. कार्यक्षेत्र विस्तार, सेवा प्रवाहमा आधुनिकीकरण र व्यवसायीकरण सहित हुलाक सेवाको विविधीकरण गर्ने । (६.४.१६)

६. मुद्रण क्षेत्रको संस्थागत पुनर्संरचना गर्दै सुरक्षण मुद्रणलाई सुरक्षित, भरपर्दो, आत्मनिर्भर, व्यावसायिक र प्रतिस्पर्धी बनाइ मुद्रण व्यवसाय प्रवर्द्धन र नियमनद्वारा अर्थतन्त्रमा योगदान बढाउने । (६.४.१६)

७. नेपालका मनोरम प्राकृतिक एवम् सांस्कृतिक विविधतालाई विश्व मानचित्रमा स्थापित गर्न नेपाललाई वृत्तचित्र, फोटोग्राफी र अन्तर्राष्ट्रिय चलचित्र छायाङ्कनको आकर्षक गन्तव्य स्थलको रूपमा प्रवर्द्धन गर्ने । (६.४.१६)

## ४. कार्यनीति

१. सञ्चार क्षेत्रको समग्र विकासको लागि आवश्यक पर्ने नीतिगत, कानूनी तथा संरचनागत क्षेत्रमा समयानुकूल सुधार गरिनेछ । (रणनीति १)

२. सार्वजनिक सञ्चार माध्यमलाई स्वायत्त, प्रतिस्पर्धी, मर्यादित, उत्तरदायी र व्यावसायिक बनाइनेछ । (रणनीति १)

३. आमसञ्चारसँग सम्बन्धित उत्पादन, प्रकाशन तथा प्रशारणलाई व्यवस्थित एवम् प्रभावकारी बनाउन नियमन र अनुगमन प्रणालीलाई सुदृढ बनाइनेछ । (रणनीति १)

४. सामाजिक सञ्जाल प्लेटफर्मलाई नियमन गरिनेछ । (रणनीति १)

५. स्थानीय तहको वडा स्तरसम्म ब्रोडब्यान्ड सेवा विस्तार गरिनेछ । (रणनीति १)

६. दूरसञ्चार क्षेत्रमा नवीनतम प्रविधि तथा पूर्वाधारको प्रयोग मार्फत भरपर्दो र गुणस्तरीय दूरसञ्चार सेवा सुनिश्चित गरिनेछ । (रणनीति १)

७. ग्रामीण दूरसञ्चार विकास कोषको परिचालनमार्फत पूर्वाधारमा लगानी बढाई डिजिटल डिभाइड कम गरिनेछ । (रणनीति १)

८. दूरसञ्चार पूर्वाधारको सह-प्रयोगलाई प्राथमिकता दिइनेछ । (रणनीति १)

९. सार्वजनिक तथा निजी क्षेत्रबाट उपलब्ध हुने सेवालाई अनलाइन प्रविधि मार्फत प्रभावकारी बनाइनेछ । (रणनीति १)

१०. डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनको लागि डिजिटल इकोसिष्टम निर्माण गरिनेछ । (रणनीति १)

११. राष्ट्रिय फ्रिक्वेन्सी निर्धारण योजना र रणनीति तयार गरी फ्रिक्वेन्सी वितरण प्रणाली व्यवस्थित र पारदर्शी बनाइनेछ । (रणनीति १)

१२. सरकारी सूचना प्रविधि प्रणालीलाई एकीकृत तथा अन्तरआवद्ध बनाउन डाटा एक्सचेन्ज प्लेटफर्मको स्थापना र सञ्चालन गरिनेछ । (रणनीति १)

१३. सूचना प्रविधि प्रणालीको मानक निर्धारण गरी तहगत अन्तरआवद्धता र अन्तरसञ्जाल स्थापना गरिनेछ। (रणनीति १)

१४. शहरी तथा औद्योगिक क्षेत्रमा 5G प्रविधिको दूरसञ्चार सेवा सञ्चालन गरिनेछ। (रणनीति १)

१५. सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारबाट सिर्जित अवसरको उपयोगबाट आधारभूत वस्तु तथा सेवामा पहुँच अभिवृद्धि र समावेशीता प्रवर्द्धन गरिनेछ। (रणनीति १)

१६. सूचना महामार्ग, डाटा सेन्टर, इन्टरनेट एक्सचेन्ज सेन्टर, अनलाइन सेवा लगायतका सूचना तथा सञ्चार प्रविधि सम्बन्धी पूर्वाधार विकासमा जोड दिइनेछ। (रणनीति २)

१७. साइबर सुरक्षा तथा गोपनियता सम्बन्धी कार्य गर्न साइबर सुरक्षा केन्द्रलाई प्रभावकारी बनाइनेछ। (रणनीति २)

१८. सूचना प्रविधि तथा साइबर सुरक्षा लगायतका कानूनलाई समयानुकूल सुधार गरिनेछ। (रणनीति २)

१९. सूचना प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान तथा सूचना प्रविधिमा आधारित उद्योगको विकास एवम् प्रवर्द्धनको लागि ज्ञानपार्क (Knowledge Park), इन्कुबेसन केन्द्र (Incubation Center) लगायतका आवश्यक पूर्वाधारको स्थापना गरिनेछ। (रणनीति २)

२०. जियो स्टेशनरी स्याटेलाइट अर्बिटमा नेपालको आफ्नै भू-उपग्रह स्थापना गरिनेछ। (रणनीति ३)

२१. सूचना प्रविधिलाई कृषि, स्वास्थ्य, ऊर्जा, शिक्षा, पर्यटन, वित्त लगायतका क्षेत्रमा उपयोग गरी डिजिटल नेपालको लक्ष्य हासिल गरिनेछ। (रणनीति ३)

२२. आर्टिफिसियल इन्टेलिजेन्स (ए.आइ.) को विकास तथा यसको सक्रिय, समावेशी र नैतिक प्रयोगको लागि नीतिगत र संरचनागत व्यवस्था गरिनेछ। (रणनीति ३)

२३. विश्वविद्यालय तथा निजी क्षेत्रसँगको सहकार्यमा सूचना प्रविधि सम्बन्धी दक्ष जनशक्ति उत्पादन तथा उपयोगमा जोड दिइनेछ। (रणनीति ३)

२४. शासन सञ्चालनका सबै आयाममा विद्युतीय सुशासन कायम गर्न नीतिगत तथा कानूनी प्रबन्ध गरिनेछ। (रणनीति ३)

२५. हुलाक सेवालाई प्रतिस्पर्धी र व्यावसायिक बनाउन आवश्यक नीतिगत, कानूनी तथा संस्थागत सुधार गरिनेछ। (रणनीति ५)

२६. "एक स्थानीय तह, एक हुलाक", विद्युतीय व्यापार विस्तार, लजिष्टिक सेवा सञ्चालन, भन्सार प्रणालीसँग आवद्धता जस्ता सेवा विस्तार गरी हुलाक सेवालाई विविधीकरण, व्यावसायीकरण, विशिष्टीकरण तथा आधुनिकीकरण गरिनेछ। (रणनीति ५)

२७. सुरक्षण मुद्रण सम्बन्धी आवश्यक जनशक्ति विकास गर्दै मुद्रण व्यवसाय प्रवर्द्धन र नियमन गरिनेछ। (रणनीति ६)

२८. सुरक्षण मुद्रण केन्द्रको संस्थागत पुनर्संरचना गर्दै सुरक्षण मुद्रणलाई सुरक्षित, भरपर्दो, आत्मनिर्भर, व्यावसायिक र प्रतिस्पर्धी बनाइनेछ। (रणनीति ६)

२९. चलचित्र सम्बन्धी नीति तथा कानूनको पुनरावलोकन तथा सुधार गरिनेछ। (रणनीति ७)

३०. चलचित्र क्षेत्रका पूर्वाधार विकासमा सहयोग पुऱ्याई नेपालको राष्ट्रियता, संस्कृति तथा पर्यटन प्रवर्द्धन गरिनेछ। (रणनीति ७)

३१. चलचित्र क्षेत्रमा अध्ययन, अनुसन्धान लगायत क्षमता विकास तथा जनशक्ति विकासको लागि आवश्यक पूर्वाधार तयार गरिनेछ। (रणनीति ७)

३२. बक्स अफिसलाई मुलुकभर प्रभावकारी एवम् पूर्ण रूपमा कार्यान्वयनमा ल्याइनेछ। (रणनीति ७)

## ४. कार्यान्वयन योजना

### (क) सूचना प्रविधिको विकास र विस्तार कार्यक्रम

| क्र.स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | आधारभूत सञ्चार तथा सूचना प्रविधिको पूर्वाधार विस्तार तथा स्तरोन्नति | अप्टिकल फाइबर विस्तार गर्ने | १/१५ | ३ | नेपाल टेलिकम | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, सडक विभाग, नेपाल विद्युत प्राधिकरण | X | X | X | X | X |
| | | विकट तथा दुर्गम क्षेत्र मा माइक्रोवेब मार्फत् दूरसञ्चार सेवा विस्तार गर्ने | १/१५ | ३ | नेपाल टेलिकम | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, वन मन्त्रालय | X | X | X | X | X |
| | | 5G सेवाको व्यवसायिक सञ्चालन गर्ने | १/१४ | ३ | मोबाइल सेवा प्रदायक | नेपाल दूरसञ्चार प्राधिकरण, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |
| | | इन्टरनेट अफ थिङ्ग्स (IOT) सेवा सञ्चालन गर्ने | १/६ | ३ | दूरसञ्चार सेवा प्रदायक | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण | X | X | X | X | X |
| २. | सूचना प्रविधिको विकास र विस्तार | अप्टिकल फाइवर नेटवर्क मार्फत फिक्स्ड ब्रोडव्याण्ड सेवा विस्तार तथा स्तरोन्नति गर्ने | १/५ | ३ | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, दूरसञ्चार सेवा प्रदायक | X | X | X | X | X |
| | | सेवा प्रदायक मार्फत दूरसञ्चार एवम् ब्रोडव्याण्ड सेवाको पहुँच देशभर पुर्‍याउने | | ३ | | | X | X | X | X | X |
| | | दुर्गम तथा हिमाली जिल्लामा मोबाइल ब्रोडब्याण्ड सेवा विस्तार गर्ने | | ३ | | | X | X | X | X | X |

| क्र. स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ३. | सुरक्षित तथा भरपर्दो दूरसञ्चार सेवा | नेटवर्क तथा दूरसञ्चार सेवाको गुणस्तर मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने | १/६ | ३ | दूरसञ्चार सेवा प्रदायक | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण | X | X | X | X | X |
| | | सूचना प्रविधि नीति पुनरावलोकन गर्ने सूचना प्रविधि सम्बन्धी छाता/एकीकृत कानून तर्जुमा गर्ने | १/१ | ३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | नेपाल दूरसञ्चार प्राधिकरण | X | X | X | X | X |
| | | सूचना प्रविधि विज्ञ दर्ता तथा नियमन गर्न सूचना प्रविधि परिषद् स्थापना गर्ने | १/१ | ३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय | X | X | X | | |
| | | सूचना प्रविधिसँग सम्बन्धित विदेशी कम्पनीलाई नेपालमा शाखा खोल्न प्रोत्साहन गर्ने | १/१ | ३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | X | X | X | X | X |

## (ख) डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन कार्यक्रम

| क्र. स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ४. | कागजरहित सरकारको अवधारणा कार्यान्वयन गर्ने | एकीकृत कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लाई विस्तार गर्ने | १/१० | ३ | सूचना प्रविधि विभाग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सम्बन्धित अन्य सरकारी निकाय | X | X | X | X | X |
| | | सरकारी सेवालाई नागरिक एपमा आवद्ध गर्ने | १/१२ | ३ | | | | | | | |

| क्र. स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सरकारी एकीकृत वेबसाइट व्यवस्थापन प्रणाली (GIWMS) लाई विस्तार गर्ने | १/१३ | ३ | सूचना प्रविधि विभाग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सम्बन्धित अन्य सरकारी निकाय | X | X | X | X | X |
| | | प्रदेश र स्थानीय तहमा डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गर्ने | १/१० | ३ | सूचना प्रविधि विभाग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सम्बन्धित अन्य सरकारी निकाय | X | X | X | X | X |

### (ग) सरकारी डाटा सुरक्षा, सुरक्षित साइबर स्पेस तथा डिजिटल प्लेटफर्म विकास कार्यक्रम

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ५. | सुरक्षित साइबर स्पेश | सेक्युरिटी अपरेशन सेन्टर स्थापना तथा सञ्चालन गर्ने | २/१७ | ६ | राष्ट्रिय साइबर सुरक्षा केन्द्र | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |
| | | राष्ट्रिय इन्टरनेट गेटवे निर्माण गर्ने | २/१७ | ६ | सूचना प्रविधि विभाग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | | | X | X | X |
| | | साइबर सुरक्षासँग सम्बन्धित जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | २/१७ | ६ | राष्ट्रिय साइबर सुरक्षा केन्द्र | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | डिजिटल फरेन्सिक ल्याब स्थापना तथा सञ्चालन गर्ने | १/१७ | ६ | राष्ट्रिय साइबर सुरक्षा केन्द्र | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |
| ६ | ए.आई. (कृत्रिम बुद्धिमत्ता) ईकोसिष्टम निर्माण | ए.आई. केन्द्र स्थापना तथा सञ्चालन गर्ने | ३/२२ | ६ | सञ्चार तथा सुचना प्रविधि मन्त्रालय | | X | X | X | X | X |
| | | ए.आई. एक्सिलेन्स सेन्टर स्थापना तथा सञ्चालन गर्ने | ३/२२ | ६ | सञ्चार तथा सुचना प्रविधि मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय/विश्वविध्यालय | X | X | X | X | X |
| | | ए.आई. को अनुसन्धान र विकासको लागि जि.पि.यु. लगायतका पूर्वाधार निर्माण गर्ने | ३/२२ | ६ | सञ्चार तथा सुचना प्रविधि मन्त्रालय | एकीकृत डाटा व्यवस्थापन केन्द्र/ सूचना प्रविधि विभाग | X | X | X | X | X |
| ७ | सरकारी डाटा सेन्टर, डिजास्टर रिकोभरी सेन्टर स्थापना र प्रभावकारी सञ्चालन | डाटा सेन्टर र डिजास्टर रिकोभरी सेन्टरको पूर्वाधार क्षमता अभिवृद्धि गर्ने | २/१६ | ६ | एकीकृत डाटा व्यवस्थापन केन्द्र | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग | X | X | X | X | X |
| | | खुमलटार तथा कोहलपुर डाटा सेन्टरलाई सम्पन्न गरी सञ्चालनमा ल्याउने | २/१६ | ६ | एकीकृत डाटा व्यवस्थापन केन्द्र | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सूचना प्रविधि विभाग | X | X | X | X | X |
| | | डाटा एक्सचेन्ज प्लेटफर्म विकास तथा सञ्चालन गर्ने | १/१२ | ६ | एकीकृत डाटा व्यवस्थापन केन्द्र | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय/ विद्युतीय सुशासन आयोग | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ८ | डिजिटल सीप विकास | डिजिटल साक्षरता तथा डिजिटल सीप विकास कार्यक्रम सञ्चालन गर्ने | १/७ | ४ | सूचना प्रविधि विभाग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |

## (घ) विशिष्टिकृत सूचना प्रविधि सेवा, तहगत समन्वय र क्षमता विकास कार्यक्रम

| क्र. स. | प्रमुख क्रियाकलाप | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ९ | सूचना प्रविधिको विकास र विस्तार | दूरसञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधिको खोज, अनुसन्धान, विकास र नवप्रवर्तन गर्ने | १/६ | ३ | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, दूरसञ्चार सेवा प्रदायक | X | X | X | X | X |
| | | सूचना प्रविधि क्षेत्रमा दक्ष जनशक्ति उत्पादन विकास गर्न समयानुकूल तालिम तथा अध्ययन कार्यक्रम सञ्चालन गर्ने | ३/२३ | ३ | नेपाल दूरसञ्चार प्राधिकरण, विश्वविद्यालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, दूरसञ्चार सेवा प्रदायक, निजी क्षेत्र | X | X | X | X | X |
| | | विश्वविद्यालयहरूमा अध्यापन भइरहेका सूचना प्रविधि सम्बन्धी पाठ्यक्रम पुनरावलोकन गरी अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप बनाउने | ३/२३ | ३ | विश्वविद्यालय अनुदान आयोग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | X | X | X | X | X |

### (ङ) दूरसञ्चार पूर्वाधार व्यवस्थापन तथा सहप्रयोग कार्यक्रम

| क्र.स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १० | नेपालको आफ्नै भू-उपग्रह सञ्चालन | भू-उपग्रह व्यवस्थापन, प्रक्षेपण तथा सञ्चालनको लागि विस्तृत परियोजना प्रतिवेदन तयार तथा कानून निर्माण गर्ने | ३/२० | ३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सम्बन्धित मन्त्रालय, विभाग, नेपाल दूरसञ्चार प्राधिकरण | | X | | | |
| | | भू-उपग्रह व्यवस्थापन तथा सञ्चालनको लागि छुटै संरचनागत व्यवस्था गर्ने | | | | | | X | X | | |
| | | अन्तर्राष्ट्रिय दूरसञ्चार संघ (ITU) मा भू-उपग्रह फाइलिङ गर्ने | | | | | | X | X | X | |
| | | भू-उपग्रह प्रक्षेपण तथा सञ्चालन गर्ने | | | | | | | | | X |
| ११ | रेडियो फ्रिक्वेन्सी प्रणाली व्यवस्थापन तथा मनिटरिङ गर्ने | रेडियो फ्रिक्वेन्सी व्यवस्थापन तथा मनिटरिङ प्रणाली जडान तथा सञ्चालनको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने | १/६ | ३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सम्बन्धित मन्त्रालय, विभाग, नेपाल दूरसञ्चार प्राधिकरण | | X | | | |
| | | रेडियो फ्रिक्वेन्सी व्यवस्थापन तथा मनिटरिङ प्रणाली जडान तथा सञ्चालन गर्ने | | | | | | | X | X | X |
| १२ | आधारभूत दुरसञ्चार पूर्वाधार को | अप्टिकल फाइबर लिंक विस्तार गर्ने | १/५ | ३ | नेपाल टेलिकम लगायतका दूरसञ्चार वा प्रदायक | नेपाल दूरसञ्चार प्राधिकरण, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सडक | X | X | X | X | X |

| क्र. स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | विस्तार तथा स्तरोन्नति | | | | | विभाग, नेपाल विद्युत प्राधिकरण | | | | | |
| | | विकट तथा दूर्गम क्षेत्रमा माइक्रोवेभ व्याकहल निर्माण गर्ने | १/७ | ३ | नेपाल टेलिकम लगायतका दूरसञ्चार सेवा प्रदायक | नेपाल दूरसञ्चार प्राधिकरण, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |
| १३ | ब्रोडव्याण्ड सेवाको विकास तथा विस्तार | फोर जी (4G) सेवा सबै स्थानीय तहका बस्तीमा विस्तार गर्ने | १/१५ | ३ | मोबाइल सेवा प्रदायक | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल विद्युत प्राधिकरण | X | X | X | X | X |
| | | शहरी र कर्पोरेट क्षेत्रमा फाइभ जी (5G) सेवाको सुरुवात गर्ने | १/१४ | ३ | नेपाल टेलिकम | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल विद्युत प्राधिकरण | | | X | X | X |
| | | मोबाइल अपरेटरलाई फिक्स्ड वायरलेस एक्सेस (FWA) को लागि स्पेक्ट्रम उपलब्ध गराउने | १/१५ | ३ | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, मोबाइल सेवा प्रदायक | | X | | | |
| | | शहरी क्षेत्रबाट फिक्स्ड वायरलेस एक्सेस(FWA) ब्रोडव्याण्ड सेवाको सुरुवात गर्ने | १/१५ | ३ | नेपाल टेलिकम | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, नेपाल दूरसञ्चार प्राधिकरण | | X | X | X | X |

| क्र. स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १४ | सह-प्रयोग र साझा प्रयोग | दूरसञ्चारको पूर्वाधारको सह-प्रयोग सम्बन्धी कानूनी आधार तयार पार्ने | १/८ | ३ | नेपाल दूरसञ्चार प्राधिकरण | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सेवा प्रदायक | | | X | | |

(च) **सुरक्षण मुद्रणको व्यावसायिक विकास कार्यक्रम**

| क्र. स. | प्रमुख क्रियाकलाप | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १५ | सुरक्षण मुद्रणको व्यावसायिक विकास | जनशक्ति विकास र उपयोग गर्ने | ५/२७ | ३ | मुद्रण विभाग, सुरक्षण मुद्रण केन्द्र | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | | X | X | X | X |
| | | प्राविधि, उपकरण प्राप्ति र उपयोग गर्ने | ५/२८ | ३ | सुरक्षण मुद्रण केन्द्र | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | | X | X | X | X |
| | | संस्थागत पुनसंरचना गर्ने | ५/२८ | ३ | सुरक्षण मुद्रण केन्द्र | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | | | | |

### (छ) अन्तर्राष्ट्रियस्तरको चलचित्र छायाङ्कन गन्तव्य स्थलको विकास कार्यक्रम

| क्र.स. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १६ | चलचित्र क्षेत्रलाई उद्योगको रूपमा विकास | (क) चलचित्र घरमा ई-टिकेटिङ (E-ticketing) प्रणाली अनिवार्य गरी चलचित्र वितरण र प्रदर्शनमा रियल टाइम डाटा सहितको बक्स अफिस प्रणाली अनिवार्य गर्ने<br>(ख) चलचित्र छाँयाङ्कनको लागि आवश्यक पूर्वाधारको स्थापना तथा सञ्चालन गर्ने<br>(ग) आकर्षक चलचित्र छाँयाङ्कन गन्तव्य स्थल को प्रचारप्रसार गर्ने | ६/३०, ३२ | ३ | चलचित्र विकास बोर्ड | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |
| १७ | प्रकाशन सुदृढीकरण | राष्ट्रिय समाचार समितिलाई समाचार सामग्री (भिडियो सहित) समाचार बैंकको रूपमा स्थापित गर्ने | १/२ | ३ | राष्ट्रिय समाचार समिति | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |
| | | गोरखापत्र, रेडियो नेपाल र टेलिभिजनका पुराना प्रकाशन प्रसारणको डिजिटल अर्काइभिङ गर्ने | १/२ | ३ | गोरखापत्र संस्थान, सार्वजनिक सेवा प्रशारण संस्था | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | | | |
| | | नागरिकमा सूचनाको पहुँच विस्तार गरी सूचनाको हक स्थापित गर्ने | १/२ | ३ | राष्ट्रिय सूचना आयोग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |
| १८ | सार्वजनिक सेवा प्रशारणको पहुँच अभिवृद्धि | रेडियो नेपाल र नेपाल टेलिभिजनका केन्द्रीय तथा प्रादेशिक स्टुडियोको डिजिटल रूपान्तरण गर्ने | १/९ | ३ | सार्वजनिक सेवा प्रशारण संस्था | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | | X | | | |

### (ज) हुलाक पूर्वाधारको पुनर्संरचना एवम् रूपान्तरण कार्यक्रम

| क्र. स. | प्रमुख क्रियाकलाप | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १९ | हुलाक सेवाका पूर्वाधारलाई व्यवस्थित गर्दै कार्यक्षेत्रको विविधिकरण, सेवा प्रवाहमा आधुनिकीकरण र व्यवसायीकरण | हुलाक नीति तथा कानून तर्जुमा गर्ने | ४/२५ | ३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, हुलाक सेवा विभाग | अर्थ मन्त्रालय | | X | X | | |
| | | डाँक रेखा पुनरावलोकन गर्ने | ४/२६ | ३ | हुलाक सेवा विभाग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | | X | | | |
| | | विद्यमान हुलाक सेवाका पूर्वाधार तथा सम्पत्ति व्यवस्थापन गर्ने | ४/२५ | ३ | हुलाक सेवा विभाग | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | | X | | | |
| | | क.”एक स्थानीय तह एक स्मार्ट हुलाक” को अवधारणा कार्यान्वयन गर्ने<br>ख.कार्यक्षेत्रको विविधिकरण र व्यवसायीकरणसँगै विद्युतीय व्यापार विस्तार, लजिष्टिक सेवा सञ्चालन तथा भन्सार प्रणालीमा आवद्ध गरी सेवा विस्तार गर्ने | ४/२६ | ३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | हुलाक सेवा विभाग, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय | | | X | X | X |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादनमा सूचना प्रविधि क्षेत्रको योगदान | प्रतिशत | १.९४ | १.९४ | १.९५ | १.९८ | २.० | २.० | राष्ट्रिय लेखा | रा.त.का. |
| २ | विद्युतीय सरकार विकास सूचक | सूचकाङ्क | - | ०.५७८१ | ०.५९ | ०.६१ | ०.६३ | ०.६५ | संयुक्त राष्ट्र संघको प्रतिवेदन | स.सू.प्र.म. |
| | **असर** | | | | | | | | | |
| १ | फोर जी/एल.टी.ई. सेवा प्रयोगकर्ता | प्रतिशत | ७२ | ८२ | ८५ | ८८ | ९४ | १०० | नेपाल दूरसञ्चार प्राधिकरणको प्रतिवेदन | स.सू.प्र.म. |
| २ | 5G सेवाको पहुँच पुगेको जनसङ्ख्या | प्रतिशत | – | – | ५ | १० | ३० | ५० | वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |
| ३ | फिक्स्ड ब्रोडब्याण्ड सेवा विस्तार | प्रतिशत | ४३ | ४५ | ४९ | ५२ | ५६ | ६० | वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |
| ४ | मोबाइल ब्रोडब्याण्ड सेवा विस्तार | प्रतिशत | ७२.५ | ८३ | ८६ | ९० | ९५ | १०० | | |
| ५ | रेडियोको पहुँच | प्रतिशत | ९३ | ९४ | ९५ | ९६ | ९७ | ९७ | वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |
| ६ | टेलिभिजनको पहुँच | प्रतिशत | ७२ | ७८ | ८२ | ८६ | ९० | ९४ | वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | भू-उपग्रह स्थापना | सङ्ख्या | - | - | - | - | १ | - | वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |
| २ | टेलिफोन/मोबाइल पहुँच विस्तार (सीमको प्रयोगकर्ता) | प्रतिशत | ९७ | १०२.५ | १०२.८ | १०३ | १०३.३ | १०३.५ | वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |
| ३ | अप्टिकल फाइबर विस्तार (२४ कोर र सो भन्दा माथि) | कि.मि. हजारमा | १५ | १८ | २० | २१.५ | २३ | २५ | वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |

| क्र. सं. | सूचक | एकाइ | २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ४ | एक्सप्रेस मेल सर्भिस सेवा विस्तार | जिल्ला | ४४ | ५२ | ६० | ६५ | ७० | ७७ | हुलाक सेवा विभागको वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |
| ५ | एक्सप्रेस मेल सर्भिस सेवा विस्तार भएका मुलुक | सङ्ख्या | ३९ | ३९ | ४२ | ४५ | ५५ | ७५ | हुलाक सेवा विभागको वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |
| ६ | एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली (GIOMS) लागू भएका सरकारी कार्यालय | सङ्ख्या | ७७ | ११० | ५०० | १००० | २००० | ३००० | वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |
| ७ | डिजिटल प्लेटफर्म (नागरिक एप) मा आबद्ध सूचना प्रविधि प्रणाली | सङ्ख्या | ६२ | ६४ | ६७ | ६९ | ७१ | ७४ | वार्षिक प्रतिवेदन | स.सू.प्र.म. |

### ७. अनुमान तथा जोखिम

सूचना प्रविधिको विकास र विस्तारको लागि पर्याप्त बजेट व्यवस्था हुने, आवश्यक कानूनी पूर्वाधार तयार हुने, मन्त्रालय तथा मातहतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण समयमा नै भई संस्थागत पुनर्संरचना हुने, सूचना प्रविधिको लागि आवश्यक जनशक्तिको व्यवस्थापन हुने, तीन तहका सरकार बीच सहयोग र सहकार्य हुने तथा अन्तरनिकाय समन्वय र सहकार्य हुने अनुमानका आधारमा यो कार्यान्वयन कार्ययोजना निर्माण गरिएको छ । सूचना प्रविधिसँग सम्बन्धित खरिद प्रक्रिया सरलीकरण समयमै हुन नसकेमा, आवश्यक जनशक्ति र बजेटको व्यवस्थापन हुन नसकेमा तथा वन क्षेत्रको प्रयोगमा समयमा सहजीकरण हुन नसकेमा यो कार्यान्वयन कार्ययोजनामा तोकिएका लक्ष्य प्राप्त गर्न कठिनाइ हुन सक्ने जोखिम रहेको छ ।

# परिच्छेद ७

# योजनाबद्ध, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास

## ७.१ भवन, आवास तथा शहरी विकास

### १.पृष्ठभूमि

नेपालको जनसांख्यिक, अर्थतन्त्रीय र स्थलीय संक्रमणको भौतिक प्रभाव भवन, वास्तुकला र आवास लगायतका शहरीकरणबाट स्पष्ट रूपमा देख्न सकिन्छ । भवन र वास्तुकलाले कुनै पनि देशको सामाजिक, सांस्कृतिक, आर्थिक र पर्यावरणीय पहिचान प्रतिबिम्बित गर्दछन् । भवन निर्माण केवल भौतिक संरचना निर्माण मात्र नभई यसले स्थानको इतिहास, भूगोल, जलवायु र समाजको जीवन शैलीसँग गहिरो सम्बन्ध राख्दछ । वास्तुकलाले भवनहरूलाई कार्यात्मक मात्र नभई पहिचानयुक्त, सौन्दर्यपूर्ण, दिगो र वातावरणमैत्री बनाउने भूमिका खेल्दछ । नेपालमा प्रयोग हुँदै आएका परम्परागत सामग्री जस्तै काठ, ढुंगा, माटो स्थानीय स्रोतसँग जोडिएका छन्, जसले ऊर्जा दक्षता र वातावरणीय सन्तुलनमा सहयोग पुऱ्याउँछ । आधुनिक प्रविधिको प्रयोग, हरित प्रविधि, स्मार्ट प्रणाली र नवप्रवर्तनमार्फत भवनहरू अझ सुरक्षित, सुन्दर र दिगो बन्दै गएका छन् ।

आवास सम्बन्धी अधिकारलाई नेपालको संविधानले मौलिक हकको रूपमा मान्यता दिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार देशको अधिकांश जनसङ्ख्या आफ्नै स्वामित्वको आवासीय इकाइमा बसोबास गर्छ, यद्यपि पछिल्लो ३० वर्षमा यसमा केही कमी आएको छ । आवास तथा भवन निर्माणमा नवीनतम प्रविधि विकसित हुँदै गए पनि भूकम्पीय र अन्य जोखिमका हिसाबले बहुसंख्यक घर अझै पनि असुरक्षित नै रहेका छन् । शहरीकरणको तीव्र विस्तारको कारण नगरपालिकाको सङ्ख्या र नगरवासीको अनुपातमा उल्लेखनीय वृद्धि भए तापनि नगरपालिकाका संरचनात्मक तथा व्यवस्थापकीय विशेषता प्रायः ग्रामीण स्वरूपका छन् । हालको शहरीकरणले शहरी पूर्वाधार र व्यवस्थित बसोबास सुनिश्चित गर्न कठिनाइ उत्पन्न गरेको छ । शहरी क्षेत्रमा जनघनत्व वृद्धिसँगै अव्यवस्थित बसोबास, प्राकृतिक प्रकोपका जोखिम र सुरक्षित तथा वातावरणमैत्री विकास निर्माणको अभाव गम्भीर समस्या बनेका छन् । स्रोत साधनको अभाव, उपयुक्त प्रविधिको कमी र दक्ष जनशक्तिको न्यूनताले यी समस्यालाई थप जटिल बनाएको छन् । दिगो शहरीकरणको लागि सार्वजनिक-निजी साझेदारी मोडेलको प्रवर्द्धन, नवीन प्रविधिको प्रयोग र गुणस्तरीय निर्माणलाई प्राथमिकता दिनुपर्ने हुन्छ । समावेशी आवास नीति, वातावरणमैत्री विकास र प्रकोप प्रतिरोधी संरचना निर्माणले मात्र दीर्घकालीन समाधान सुनिश्चित गर्न सक्छ ।

### २. उद्देश्य

योजनावद्ध, व्यवस्थित, दिगो र उत्थानशील शहरीकरण तथा बस्ती विकास एवम् शहरी-ग्रामीण प्रणालीबीच अन्तरआबद्धता प्रवर्द्धन गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. राष्ट्रिय तथा प्रादेशिक शहरी प्रणालीको सुदृढीकरण गर्ने । (७.४.१)

२. दिगो, सुरक्षित र उत्थानशील शहर तथा शहरी पूर्वाधार निर्माण गर्ने । (७.४.२)

३. शहरी लगानी व्यवस्थापन तथा प्रविधि विकास गर्ने । (७.४.३)

४. अन्तर-तह समन्वय तथा शहरी सुशासन प्रणाली विकास गर्ने । (७.४.४)

### ४. कार्यनीति

१. राष्ट्रिय, प्रादेशिक र स्थानीय शहरी प्रणालीहरूको पहिचान गरी विकास गरिनेछ। (रणनीति १)

२. प्रदेश राजधानी एवम् प्रमुख शहरी केन्द्रहरूलाई मौलिक पहिचान सहित आर्थिक केन्द्रको रूपमा विकास गरिनेछ। (रणनीति १)

३. स्थानीय वास्तुकला, मौलिक निर्माण प्रविधि र पद्धति तथा परम्परागत वस्ती स्वरूपको संरक्षण गरिनेछ। (रणनीति १)

४. विकास केन्द्र, राजमार्गको मिलन बिन्दु एवम् स्थानीय तहको केन्द्रमा योजनाबद्ध वस्ती विकास गरिनेछ। (रणनीति १)

५. शहरी पूर्वाधार निर्माण गर्दा विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकुलनलाई आन्तरिकीकरण गरिनेछ। (रणनीति २)

६. शहरी क्षेत्रमा सबै आय वर्गको निम्ति उपयुक्त, सुरक्षित र वातावरण मैत्री आवासको प्रबन्ध गरिनेछ। (रणनीति २)

७. फोहोरमैलाको स्रोतमा वर्गीकरण सहित वैज्ञानिक व्यवस्थापन गर्न प्राविधिक सहयोग र आवश्यक पूर्वाधार निर्माण गरिनेछ। (रणनीति २)

८. शहरी पूर्वाधार विकासमा हरित प्रविधिलाई प्रोत्साहन गरिनेछ। (रणनीति २)

९. जग्गा विकासका नविनतम अवधारणा सहित शहरी पूर्वाधारको लागि उपयुक्त जग्गा व्यवस्थापन गरिनेछ। (रणनीति ३)

१०. शहरी पूर्वाधारको लागि लगानी, वित्त, प्रविधि र स्रोत साधनको विविधीकरण र उच्चतम उपयोग गरिनेछ। (रणनीति ३)

११. हरित कोष, जलवायु कोष लगायत विभिन्न अन्तर्राष्ट्रिय हरित वित्तीय संस्थाहरूको स्रोत माथिको पहुँच स्थापित गरी हरित पूर्वाधार विकासमा लगानी गरिनेछ। (रणनीति ३)

१२. ठूला शहरी पूर्वाधार र विशिष्ट संरचनाको निर्माण तथा व्यवस्थापनमा सुधार गर्न आवश्यक कानूनी प्रबन्ध गरिनेछ। (रणनीति ३)

१३. शहरी विकास, भवन, आवास तथा वस्ती विकासको क्षेत्रमा अध्ययन अनुसन्धान गर्न विश्वविद्यालय तथा अन्य प्रतिष्ठानसँग सहकार्य गरिनेछ। (रणनीति ३)

१४. शहरी पूर्वाधार सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको उच्चत्तम प्रयोग सहित स्मार्ट सिटी अवधारणा कार्यान्वयनमा ल्याइनेछ। (रणनीति ३)

१५. पूर्वाधार डिजाइन, निर्माण, सञ्चालन तथा व्यवस्थापनमा निजी, सहकारी, संस्थागत क्षेत्र, स्वदेशी तथा विदेशी क्षेत्र र समुदायको साझेदारीलाई प्रोत्साहन र परिचालन गरिनेछ। (रणनीति ३)

१६. तहगत सरकार, निजी क्षेत्र, विकास साझेदार तथा अन्य सरोकारवालाबीच क्षेत्रगत समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गरिनेछ। (रणनीति ४)

१७. एकीकृत शहरी सूचना व्यवस्थापन प्रणाली स्थापना गरिनेछ। (रणनीति ४)

१८. सबै प्रदेश सरकार र स्थानीय तहको संस्थागत तथा प्राविधिक क्षमता अभिवृद्धि गरी राष्ट्रिय भवन संहिता प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ। (रणनीति ४)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यकारी निकाय / कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | सघन शहरी विकास कार्यक्रम | मौलिक शहर तथा सम्पदा बस्ती संरक्षण गर्ने | १/ २, २/ ४, २/ ६ | ३ | शहरी विकास मन्त्रालय (श.वि.म.), शहरी विकास तथा भवन निर्माण विभाग, काठमाडौं उपत्यका विकास प्राधिकरण (का.उ.वि.प्र.), बागमती सभ्यता एकीकृत विकास समिति | पुरातत्व विभाग, स्थानीय तह | X | X | X | X | X |
| | | शहरी वातावरणीय सुधार गर्ने | | | | | | | | | |
| | | ठूला शहर तथा जग्गा विकास कार्यक्रम अन्तरगतका भौतिक पूर्वाधारमा युटिलिटी कोरिडोर निर्माण गर्ने | | | | | | | | | |
| | | खुल्ला क्षेत्र, पार्क तथा मनोरञ्जन स्थल र संग्रहालय निर्माण गर्ने | १/२, २/४, ३/९ | ३ | श.वि.म., शहरी विकास तथा भवन निर्माण विभाग, का.उ.वि.प्र., बागमती सभ्यता एकीकृत विकास समिति | पुरातत्व विभाग, भौतिक पूर्वाधार सम्बद्ध निकाय, स्थानीय तह | X | X | X | X | X |
| | | शहरी आर्थिक कोरिडोर निर्माण गर्ने | | | | | | | | | |
| | | पैदलमार्ग, साइकल मार्ग तथा घना शहरहरूमा बहुतल्ले/वैकल्पिक पार्किङ स्थल निर्माण गर्ने | | | | | | | | | |
| | | आधुनिक प्रविधिमा आधारित बसपार्क निर्माण तथा स्तरोन्नति गर्ने | १/३ | ३ | शहरी विकास तथा भवन निर्माण विभाग, का.उ.वि.प्र. | नगर विकास समिति | X | X | X | X | X |
| २ | शहरी वातावरण सुधार, सुरक्षा र विपद् उत्थानशील कार्यक्रम | शहरहरूको गुरूयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने | ३/१५ ३/१४ | ३ | श.वि.म., शहरी विकास तथा भवन निर्माण विभाग, का.उ.वि.प्र. | अर्थ मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | भू-उपयोग र निर्माण मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्ने | | | | | | | | | |
| | | सडक बत्ती तथा सिसिटिभि जडान/सुधार गर्ने | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | नदी तथा जलाधर सुधार | शहरमा रहेका परम्परागत पानीका स्रोत (पोखरी, तलाउ, ढुंगेधारा) को संरक्षण गर्ने | ३/१४ | ३ | श.वि.म., शहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय तह, बागमती सभ्यता एकीकृत विकास समिति लगायत जलस्रोत सम्बद्ध निकाय | खानेपानी मन्त्रालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय | X | X | X | X | X |
| | | आकाशे पानी संकलन कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | |
| | | शहरी क्षेत्रमा भूमिगत जल प्रवाह संरक्षण गर्ने पानीका स्रोत संरक्षण र पुनर्भरण गर्ने | | | | | | | | | |
| | | वैकल्पिक ढल निकास र प्रशोधन प्रणाली निर्माण गर्ने | २/८ | ३ | श.वि.म., शहरी विकास तथा भवन निर्माण विभाग, का.उ.वि.प्र., बागमती सभ्यता एकीकृत विकास समिति | खानेपानी मन्त्रालय, जलस्रोत सम्बद्ध निकाय | X | X | X | X | X |
| | | नदी किनारमा हरित पेटी निर्माण तथा शहरी सौन्दर्यकरण गर्ने | | | | | | | | | |
| | | नदी सरसफाई कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | |
| ४ | नयाँ शहर आयोजना | योजनावद्ध शहरी तथा बस्ती विकास आयोजनाको रूपमा रूपान्तरण गर्ने | ३/१४<br>३/९<br>३/१० | ३ | श.वि.म., शहरी विकास तथा भवन निर्माण विभाग, का.उ.वि.प्र. | भू.व्य.स.ग.नि.म., वन तथा वातावरण मन्त्रालय, भौतिक पूर्वाधारसँग सम्बन्धी निकायहरू | X | X | X | X | X |
| | | सम्भावनायुक्त नयाँ शहरमा सघन लगानी गर्ने | | | | | | | | | |
| | | जग्गा विकास कार्यक्रममा ऋण तथा अनुदान परिचालन गरी पूर्वाधार निर्माण गर्ने | | | | | | | | | |
| | | रणनीतिक शहरी पूर्वाधार निर्माण गर्ने<br>स्मार्ट सिटी निर्माण गर्ने | | | | | | | | | |
| ५ | एकीकृत शहरी फोहोरमैला व्यवस्थापन कार्यक्रम | एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण गर्ने | २/७ | ३ | श.वि.म., का.उ.वि.प्र., स्थानीय तह | वन तथा वातावरण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | X | X | X | X | X |
| | | फोहोरमैला व्यवस्थापनमा प्राविधिक सहयोग र क्षमता अभिवृद्धि गर्ने | | | | | | | | | |
| ६ | | भाडाको आवास नियमन गर्ने | २/४, २/६, | ३ | | भू.व्य.स.ग.नि.म., | X | X | X | X | X |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | आवास व्यवस्था कार्यक्रम | सहकारी आवास विकासको लागि नीतिगत व्यवस्था गर्ने<br>सुलभ र सुरक्षित आवासको लागि आवास वित्त परिचालन गर्ने<br>भू-उपयोग र निर्माण मापदण्ड तर्जुमा तथा कार्यान्वयन गर्ने<br>सडक बत्ती तथा सिसिटिभि जडान/सुधार गर्ने | ३/१०, ४/१६, ३/१५ | | श.वि.म., शहरी विकास तथा भवन निर्माण विभाग, का.उ.वि.प्र. | व.वा.म. | | | | | |
| ७ | शहरी क्षेत्रमा योजनावद्ध वस्ती विकास कार्यक्रम | बस्ती स्वरूप तथा परम्परागत निर्मित वातावरण पहिचान तथा अभिलेखीकरण गर्ने<br>परम्परागत घनाबस्ती विकास, सम्पदा बस्ती संरक्षण गर्ने<br>ग्रामीण पुनरोत्थान गर्ने<br>जोखिमयुक्त बस्ती स्थान्तरण र एकीकृत बस्तीको निर्माण गर्ने<br>शहरी जग्गा विकास कार्यक्रम सञ्चालन गर्ने<br>परम्परागत बस्ती स्वरूप संरक्षण तथा प्रवर्द्धन तथा पर्यापर्यटनसँग जोड्ने | १/३, ३/१२, ३/८ | ३ | श.वि.म., शहरी विकास तथा भवन निर्माण विभाग, का.उ.वि.प्र., स्थानीय तह | अर्थ मन्त्रालय | X | X | X | X | X |
| ८ | भवन निर्माण सुधार कार्यक्रम | सुरक्षित, किफायती र वातावरण अनुकूल स्वदेशी वास्तुकला झल्कने खालका भवन निर्माण गर्ने<br>राष्ट्रिय भवन संहिता र भवन निर्माण सम्बन्धी आवश्यक मापदण्ड तथा निर्देशिका निर्माण तथा परिमार्जन गर्ने<br>भवन निर्माण कार्यविधि कार्यान्वयन गर्ने<br>स्थानीय निर्माण सामग्री र कालिगढीको अधिकतम उपयोग हुनेगरी भवन निर्माण | २/७, २/४, ३/११, ३/१४, ४/१७ | ३ | श.वि.म., शहरी विकास तथा भवन निर्माण विभाग, स्थानीय तह | स्थानीय तह, व.वा.म. | X | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सम्बन्धी नर्म्स तर्जुमा गर्ने र ज्ञान पुस्तान्तरणका कार्य गर्ने | | | | | | | | | |
| | | सरकारी पदाधिकारी तथा कर्मचारीहरूको कार्य कक्ष सम्बन्धी मापदण्ड परिमार्जन गरी कार्यान्वयन गर्ने | | | | | | | | | |
| | | सरकारी कार्यालय भवनहरूको कार्य विशिष्टिकरण अनुसार डिजाइन सम्बन्धी मापदण्ड तयार गर्ने | | | | | | | | | |
| | | नविनतम प्रविधिसहित हरित भवन प्रविधिको प्रयोगलाई भवन निर्माणमा बढावा दिने | | | | | | | | | |
| | | एकीकृत सरकारी कार्यालय भवन अवधारणामा सङ्घीय सरकारी कार्यालय भवनहरूको स्तरोन्नति गर्ने तथा मर्मत सुधार गर्ने | | | | | | | | | |
| ९ | वास्तुकला र निर्मित-वातावरण सुधार कार्यक्रम | स्थानीय वास्तुकला, मौलिक निर्माण प्रविधिको अभिलेखीकरण गर्ने | १/२, १/३, ३/१२ | ३ | श.वि.म., स्थानीय पूर्वाधार विभाग, स्थानीय तह | पुरातत्व विभाग, नेपाल ललित कला प्रज्ञा प्रतिष्ठान, स्थानीय तह, सञ्चार माध्यम | X | X | X | X | X |
| | | स्थानीय स्रोत, सीप, शैली, प्रविधि र सामग्रीमा आधारित वास्तु सम्पदा (Vernacular Architecture) संरक्षण तथा प्रवर्द्धन गर्ने | | | | | | | | | |
| | | आधुनिक वास्तुकलाको स्रोत, सीप, शैली, प्रविधि र सामग्रीको अध्ययन अनुसन्धान गरी सोको समायोजन गर्दै नवीनतम शैली र मानक कार्यान्वयन गर्ने | | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली पहिचान र मौलिकताको जगेर्नाका साथै सिर्जनशीलताको उपयोग भौतिक विकासमा प्रतिविम्बित गर्न अर्थ-सामाजिक, सांस्कृतिक र कला क्षेत्रलाई समेटी योजना कार्यान्वयन गर्ने | | | | | | | | | | |
| १०. | काठमाडौं उपत्यका विकास प्राधिकरण पुनसंरचना | काठमाडौं उपत्यका विकास प्राधिकरणको पुन:संरचना गर्न मौजुदा कानून समयानुकूल परिमार्जन गर्ने | ४/१८ | ६ | श.वि.म. | अर्थ मन्त्रालय, उपत्यका भित्रका स्थानीय तह, बागमती सभ्यता एकीकृत समिति | X | X | X | X | X |
| ११. | शहरी सुशासन, सस्थागत सुधार र क्षमता विकास कार्यक्रम | राष्ट्रिय भवन तथा वास्तुकला नीति तर्जुमा गर्ने | ४/१८, ३/१२ | ६ | श.वि.म., संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | X | X | X | X | X |
| | | शहरी स्थलीय योजना प्रणाली स्थापना गन शहरी विकास ऐन तर्जुमा गर्ने | | | | | | | | | |
| | | स्थानीय तहको प्राविधिक क्षमता अभिवृद्धि तथा भवन संहिताको कार्यान्वयन गर्ने | | | | | | | | | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | गरिबीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | १८.३४ | १८.३४ | १५.० | १३.० | १२.० | ११.० | नेपाल जीवनस्तर सर्वेक्षण | शहरी विकास मन्त्रालय |
| | **असर** | | | | | | | | | |
| २ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ३७.८ | ३७.८ | ४३.० | ४५.० | ४८.० | ५०.० | वार्षिक प्रतिवेदन | श.वि.म. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | रणनीतिक शहरी सडक निर्माण तथा विस्तार | कि.मि. | १५३५.९ | २३५० | ३००० | ३६०० | ४३०० | ५००० | वार्षिक प्रतिवेदन | श.वि.म. |
| २ | व्यवस्थित योजनाबद्ध बस्ती विकास | हेक्टर | २९६ | ३५० | ४५० | ६०० | ७५० | १००० | वार्षिक प्रतिवेदन | श.वि.म. |
| ३ | आधुनिक बसपार्क निर्माण तथा स्तरोन्नति | सङ्ख्या | ३० | ३८ | ४५ | ५० | ५५ | ६० | वार्षिक प्रतिवेदन | श.वि.म. |
| ४ | लक्षित वर्ग तथा विपदबाट विस्तापितको लागि आवास निर्माण | सङ्ख्या (सुरक्षित नागरिक आवास) | ८१८९४ | ९२९८८ | ११०००० | १७०००० | २००००० | २१४००० | वार्षिक प्रतिवेदन | श.वि.म. |
| | | सङ्ख्या (विपद पिडित आवास) | ९२४२ | १०२९३ | ११५०० | १२५०० | १४००० | १५००० | | |
| | | सङ्ख्या (जनता आवास) | ३६३२५ | ३८९३१ | ४४००० | ४८००० | ५२००० | ५५००० | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ५ | राष्ट्रिय भवन संहिता कार्यान्वयन भएका नगरपालिका | सङ्ख्या | ४२ | ५८ | ९१ | १४० | २१० | २९३ | वार्षिक प्रतिवेदन | श.वि.म. |
| ६ | सरकारी कार्यालय भवन निर्माण, प्रवलीकरण तथा पुनर्निर्माण | कार्यालय भवन संख्या | १९ | ३१ | ६८ | १०० | १२० | १३० | वार्षिक प्रतिवेदन | श.वि.म. |
| | | प्रवलीकरण/ पुनर्निर्माण संख्या | ४०९ | ४१० | ४४९ | ५१० | ५३० | ५५० | | |
| ७ | आधुनिक एकीकृत फोहोरमैला व्यवस्थापन केन्द्र तथा स्यानिटरी ल्याण्डफील साइट निर्माण | सङ्ख्या | ६ | ८ | १० | १२ | १५ | १७ | वार्षिक प्रतिवेदन | श.वि.म. |

### ७. अनुमान तथा जोखिम

सरकारी, निजी, सहकारी तथा सामुदायिक क्षेत्रबीचको सहकार्यमा योजनावद्ध शहरीकरण, हरित पूर्वाधार निर्माण, विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलन हुने अनुमान छ । विशेषतः प्रादेशिक राजधानीलाई आर्थिक केन्द्रको रूपमा विकास गर्ने, सार्वजनिक यातायातमा केन्द्रित शहरी पूर्वाधार विस्तार गर्ने र भवन संहिता तथा नीति निर्देशनको प्रभावकारी कार्यान्वयनबाट दीर्घकालीन शहरी व्यवस्थापनमा गुणात्मक सुधार आउने अनुमान छ । तीन तहका सरकार र साझेदारबीच समन्वयको कमी, स्रोत साधनको असमान वितरण तथा स्थानीय समुदायको सहभागिताको अभावले परियोजना कार्यान्वयनमा ढिलाइ र विवाद उत्पन्न हुन सक्छ । बस्ती स्थानान्तरण, एकीकृत बस्ती निर्माण, स्मार्ट सिटी र हरित पूर्वाधार विकासको सन्दर्भमा प्रविधि, बजेट र जनशक्ति अभाव मुख्य जोखिमको रूपमा रहेका छन् । स्थानीय तहमा आर्किटेक्ट, प्लानर र अन्य प्राविधिक जनशक्तिको अभाव हुँदा ज्ञान हस्तान्तरण र नीति कार्यान्वयनमा कठिनाइ हुने देखिन्छ ।

## ७.२ ग्रामीण पहुँच सुधार

### १. पृष्ठभूमि

सोह्रौं योजनाको प्रभावकारी कार्यान्वयन गर्न भूगोल, विकेन्द्रित शासन प्रणाली, पहुँचविहीन बस्ती र आधारभूत सेवा अभाव भएका क्षेत्रलाई समेट्ने गरी ग्रामीण पूर्वाधार निर्माण, सुधार तथा अन्तरआवद्धता गर्नु अत्यावश्यक रहेको छ। संघीय सरकारको समन्वयमा स्थानीय तहको केन्द्र जोड्ने सडक, सडक पुल र झोलुङ्गे पुल निर्माणले ग्रामीण तथा अर्धशहरी क्षेत्रलाई यातायात सञ्जालमा जोड्दै सेवा, उत्पादन र रोजगारीका अवसर सिर्जना गर्ने अपेक्षा गरिएको छ। सङघीताको कार्यान्वयनमा सबै स्थानीय तहहरूको केन्द्रसम्म सडक पहुँच विस्तार गर्दै प्रशासनिक सुगमताको साथै गाउँपालिका र नगरपालिकालाई प्रतिस्पर्धी बनाउनु महत्वपूर्ण देखिन्छ। सर्वयाम सञ्चालन हुने प्रादेशिक तथा स्थानीय सडक सञ्जाल एक तिहाईको हाराहारीमा मात्र रहेको अवस्थामा सडकको स्तरोन्नतिसँगै यसको विस्तार गर्नु समेत वान्छनीय भएको तथ्य सोह्रौं योजनाले औंल्याएको छ। तीव्र शहरीकरण, वातावरणीय जोखिम, स्रोतको दिगोपना, जनसंख्याको असमान वितरण र जोखिमयुक्त भू-भागमा विकास गतिविधिको कारणले सन्तुलित पूर्वाधार निर्माण, दिगोपना र समावेशीतालाई पर्याप्त ध्यान दिएर योजना कार्यक्रमलाई मितव्य रूपमा कार्यान्वयन गर्नु आवश्यक देखिन्छ। सो अनुसार आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रसँगको समन्वयतात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको विश्लेषण सहित यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. ग्रामीण पूर्वाधार विकासलाई दिगो, सन्तुलित र वातावरण अनुकुल बनाउदै गाउँ-शहर अन्तरआबद्धता मार्फत ग्रामीण जीवन सहज र उत्पादनमुखी बनाउनु।

२. प्रभावकारी र मितव्ययी रूपमा आधारभूत सेवा पूर्वाधार विकास गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. गाउँ-शहर अन्तरआबद्धता बढाउँदै ग्रामीण उत्पादन र बजारलाई जोड्ने। (७.४.१)

२. ग्रामीण क्षेत्रको सेवा प्रवाहलाई प्रभावकारी बनाइ जीवनस्तर सुधार गर्ने। (७.४.४)

### ४. कार्यनीति

१. प्रत्येक स्थानीय तहको केन्द्रसम्म सडक सञ्जाल विस्तार गरिनेछ। (रणनीति १)

२. स्थानीय तहको केन्द्रसम्म पक्की सडक पुऱ्याइनेछ। (रणनीति १)

३. विभिन्न सडक पूर्वाधार विकास कार्यक्रम अन्तर्गत गाउँ-शहर अन्तरआवद्धता बढाइनेछ। (रणनीति १)

४. शहरोन्मुख ग्रामीण क्षेत्र, ग्रामीण र कृषि पकेट क्षेत्रहरूमा स्थानीय एवम् कृषि सडक निर्माण र स्तरोन्नति गरिनेछ। (रणनीति १)

५. सडक पूर्वाधार विकास अन्तर्गत बार्है महिना सडक यातायात सञ्चालन गर्न स्थानीय स्तरका सडक पुल निर्माण गरिनेछ। (रणनीति १)

६. ग्रामीण पहुँच पूर्वाधारको आवश्यकता पहिचान सहित गुरूयोजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। (रणनीति १ र २)

७. खोला तथा नदीमा झोलुङ्गे पुल निर्माण गरी पूर्ण रूपमा तुइन विस्थापन गरिनेछ। (रणनीति १)

८. स्थानीय तहमा सेवा प्रवाह सहज बनाउन प्रशासकीय भवन निर्माण गरिनेछ। (रणनीति २)

९. स्थानीय र प्रदेशस्तरका प्राविधिक जनशक्ति मार्फत् निर्माण क्षमता विकास गरिनेछ। (रणनीति २)

१०. ग्रामीण क्षेत्रका घना बस्तीमा एकीकृत बस्ती निर्माण गरिनेछ। (रणनीति २)

११. ग्रामीण क्षेत्रलाई व्यवस्थित र योजनाबद्ध बनाउन स्मार्ट भिलेज निर्माण प्रक्रिया अघि बढाइनेछ। (रणनीति २)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | स्थानीय स्तरमा सडक निर्माण तथा विस्तार कार्यक्रम | स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माण गर्ने तथा स्थानीय तहका केन्द्र जोडने पक्की सडक निर्माण गर्ने | १/१, १/२ | ३ | श.वि.म. | प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | ग्रामीण सडकको निर्माण तथा स्तरोन्नति गर्ने | १/१ | ३ | श.वि.म. | प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | स्थानीय स्तरका सडक पुल निर्माण गर्ने | १/५ | ३ | श.वि.म. | प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| २ | तीनै तहका सरकारको समन्वयमा पुल निर्माण तथा मर्मत कार्यक्रम | लामो तथा छोटो स्पान भएका झोलुंगे पुल निर्माण गर्ने | १/७ | ३ | श.वि.म. | प्रदेश तथा स्थानीय तह, उपभोक्ता संस्था | X | X | X | X | X |
| | | लामो तथा छोटो स्पान भएका झोलुंगे पुल मर्मत-सम्भार गर्ने | १/७ | ३ | श.वि.म., प्रदेश, स्थानीय तह | प्रदेश तथा स्थानीय तह, उपभोक्ता संस्था | X | X | X | X | X |
| ३. | ग्रामीण क्षेत्रमा योजनावद्ध बस्ती विकास कार्यक्रम | बस्ती स्वरूप तथा परम्परागत निर्मित वातावरणहरूको पहिचान तथा अभिलेखीकरण गर्ने | १/७ | ३ | श.वि.म., प्रदेश, स्थानीय तह | प्रदेश तथा स्थानीय तह, उपभोक्ता संस्था | X | X | X | X | X |
| | | परम्परागत घन बस्ती विकास, सम्पदा, बस्ती संरक्षण गर्ने | | | | | | | | | |
| | | जोखिमयुक्त बस्ती स्थानान्तरण र एकीकृत बस्ती निर्माण गर्ने | | | | | | | | | |
| | | परम्परागत बस्ती स्वरूपको संरक्षण तथा प्रवर्द्धन गर्ने तथा पर्यापर्यटनसँग जोड्ने | | | | | | | | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ४. | स्थानीय तहका प्रशासकीय भवन निर्माण कार्यक्रम | स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्थानीय तहको मुख्य प्रशासकीय भवन निर्माण गर्ने | २/८ | ३ | स्थानीय तह | श.वि.म. | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्यांकको स्रोत | प्रतिवेदन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | गरिबीको रेखामुनि रहेको ग्रामीण जनसङ्ख्या | प्रतिशत | २४.६६ | २४.६६ | २१.० | १९.० | १७.० | १५.० | ने.जी.स. | श.वि.म. |
| | **असर** | | | | | | | | | |
| १ | ३० मिनेटसम्मको दुरीमा यातायात पहुँच पुगेको परिवार | प्रतिशत | ५५.५ | ५५.५ | ६०.० | ६४.० | ६८.० | ७२.० | ने.जी.स. | श.वि.म. |
| २ | ३० मिनेटसम्मको दुरीमा बजार केन्द्रमा पहुँच पुगेको परिवार | प्रतिशत | ५०.९ | ५०.९ | ५६.० | ६०.० | ६४.० | ६८.० | | |
| १ | सडक पुगेका स्थानीय तहका केन्द्र | संख्या | ७३२ | ७३९ | ७४४ | ७४९ | ७५२ | ७५३ | वार्षिक प्रतिवेदन | श.वि.म. |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्यांकको स्रोत | प्रतिवेदन गर्ने निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| २ | पक्की सडक पुगेका स्थानीय तहका केन्द्र | संख्या | ५३२ | ५३४ | ५३९ | ५४९ | ५६४ | ५७९ | वार्षिक प्रतिवेदन | श.वि.म. |
| ३ | वैकल्पिक सहायक राजमार्ग निर्माण तथा रणनीतिक सडक कालोपत्रे | कि.मि. | ४६९६ | ५०१८ | ५३९३ | ५७६८ | ६१४३ | ६२०० | वार्षिक प्रतिवेदन | श.वि.म. |
| ४ | सडक पुल निर्माण | संख्या | ६८५ | ७१८ | ८३८ | ९५८ | १०७८ | १२०० | वार्षिक प्रतिवेदन | श.वि.म. |
| ५ | झोलुङ्गे पुल निर्माण | संख्या | १०५०८ | ११०९७ | ११७२२ | १२३९७ | १३०९७ | १४००० | वार्षिक प्रतिवेदन | श.वि.म. |
| ६ | स्थानीय तहको प्रशासकीय भवन निर्माण | संख्या | ३१२ | ३८० | ४५० | ५२० | ५९० | ६६० | वार्षिक प्रतिवेदन | श.वि.म. |
| ७ | साना सिँचाइबाट सिँचित क्षेत्रफल (थप) | हेक्टर हजारमा | २७२०० | २८०० | - | - | - | - | वार्षिक प्रतिवेदन | श.वि.म. |

## ७. अनुमान तथा जोखिम

योजना अवधिमा सङ्घ, प्रदेश र स्थानीय तहबीच सहकार्य रहने तथा उपभोक्ताको समेत सहभागिता र लागत साझेदारीमा ग्रामीण पूर्वाधार विकास हुने अपेक्षा गरिएको छ। ग्रामीण पूर्वाधार, कृषि र साना उद्योगमा लगानी गर्न प्रदेश तथा स्थानीय तहले सक्रियता देखाउने छन्। स्थानीय स्रोतको अधिकतम उपयोगबाट दिगो पूर्वाधार विकास हुनेछ। ग्रामीण पूर्वाधार विकासको माध्यमबाट अन्य पूर्वाधार जस्तै सडक, बिजुली, खानेपानी, स्वास्थ्य तथा शिक्षा सेवाको पहुँच अभिवृद्धि हुँदै ग्रामीण अर्थतन्त्रमा टेवा पुग्ने अनुमान रहेको छ। पूर्वाधार विकास बहुआयामिक विषय भएकाले आयोजना कार्यान्वयनमा प्रकृयागत अवरोध आउने सम्भावना देखिन्छ। आयोजनामा न्यून बजेट विनियोजन तथा स्रोतको समान वितरण नभएमा ग्रामीण क्षेत्रको सन्तुलित र दिगो विकासमा बाधा आउन सक्नेछ। पूर्वाधार विकासको निर्माण सञ्चालन तथा व्यवस्थापनमा प्राकृतिक प्रकोप, विपद एवम् भूकम्पीय असरको जोखिम रहनेछ।

## परिच्छेद ८

# लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशी समाज

### ८.१ लैंगिक समानता, समावेशीकरण तथा सामाजिक न्याय

### १. पृष्ठभूमि

"सुशासन, सामाजिक न्याय र समृद्धि" को सोचसहित तर्जुमा गरिएको सोह्रौं योजनाले संरचनात्मक रूपान्तरणमार्फत मुलुकको सर्वाङ्गीण विकासका सबै क्षेत्र तथा आयाममा लैङ्गिक मूलप्रवाहीकरण गर्ने लक्ष्य राखेको छ। सोको लागि लैङ्गिक विभेदको अन्त्य गरी सामाजिक न्याय, समानता र स्वतन्त्रता सहितको समानुपातिक, समावेशी, सहभागितामूलक, समृद्ध तथा न्यायपूर्ण समाज तथा राष्ट्र निर्माण गर्न महिला,बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको भूमिका अपरिहार्य छ। महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यकका विषयमा तीन तहमा स्पष्ट अधिकार बाँडफाड, सबै क्षेत्रको साझा प्रयासमा लैङ्गिक समानता तथा आर्थिक सशक्तिकरण, समावेशीकरण, समाजमा व्याप्त हिंसा, अन्याय तथा विभेद र हानिकारक अभ्यासको निर्मूलीकरण तथा योजनादेखि प्रतिफल बाडफाँडसम्म सहभागितामूलक पहुँच र प्रतिनिधित्व कायम गर्न, शासकीय व्यवस्थामा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिता, मौलिक हकको कार्यान्वयनबाट लैङ्गिक संरक्षण, विकास र सशक्तीकरणलाई दिगो बनाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा सिर्जित दायित्व कार्यान्वयन गर्नु, अपाङ्गता भएका व्यक्तिको पहिचान तथा सहायक साम्रागीमा पहुँच अभिवृद्धि गर्नु, राजनीतिक, कानूनी, प्रशासनिक, सामाजिक, सांस्कृतिक पहुँच अभिवृद्धि गरी अधिकार स्थापित हुने वातावरण सिर्जना गर्नु, लैङ्गिक समानताको लागि भएका व्यवस्था तथा अपाङ्गता, बालबालिका तथा लैङ्गिकमैत्री शासन प्रणालीलाई सुदृढ गरी आन्तरिकीकरण तथा स्थानीयकरण गर्नु, सामाजिक विकासको संरचनागत अवस्थामा सुधार गर्नु, अन्तर्राष्ट्रिय सहयोगलाई राज्यको प्राथमिकताका आधारमा लक्षित वर्गमा पुऱ्याउनु र लैङ्गिक समानताको क्षेत्रमा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै मर्यादित तथा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने सुरक्षित, समावेशी र पहुँचयोग्य राज्य निर्माण गर्नु सम्बोधन गर्नुपर्ने प्रमुख विषय हुन्।

यस सम्बन्धमा सोह्रौं योजनाले पहिचान गरेको असमानता समायोजित लैङ्गिक विकास सूचकाङ्क तथा लैङ्गिक असमानता सूचकाङ्कमा सुधार गर्ने, बाध्यकारी श्रमको दर शून्यमा झार्ने र सबै किसिमका हिंसा पीडित महिलाको प्रतिशत घटाई सार्वजनिक सेवा, श्रम सहभागिता लगायतको नीतिगत तहमा सहभागिता र ज्येष्ठ नागरिकको सामाजिक सुरक्षा तथा मर्यादित जीवनयापका लागि लिएका परिमाणात्मक लक्ष्य पूरा गर्ने गरी सोह्रौं योजनामा यस क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक रहेको छ। सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमले शिक्षा, श्रम रोजगार तथा सामाजिक सुरक्षा, स्वास्थ्य लगायतका अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाष पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. लैङ्गिक विभेद, हिंसा र सबै प्रकारका कुरीतिको अन्त्य गरी पीडित तथा प्रभावित र ज्यान जोखिममा रहेका महिला र बालबालिकाको लागि राहत, उद्धार, पुर्नस्थापना, पहुँच तथा उद्यमशीलता सहित मर्यादित जीवनयापन गर्ने आधार तयार गर्नु।

२. महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा यौनिक र लैङ्गिक अल्पसंख्यकको मौलिक हक तथा मानव अधिकारको संरक्षण र प्रवर्द्धन गरी कानूनी, व्यवहारिक, अनुभूतियोग्य, समतामूलक, न्यायपूर्ण र मूल्य मान्यतामा आधारित सबल मानव पुँजीमा रूपान्तरण गर्नु।

३. लैङ्गिकमैत्री, बालबालिकामैत्री, अपाङ्गमैत्री, ज्येष्ठ नागरिकको सामाजिक पुँजी प्रयोग गर्न सकिने तथा समानतामा आधारित शासन व्यवस्थालाई राज्यका तीन वटै तहमा संस्थागत गर्न तहगत, निकायगत तथा अन्तर्राष्ट्रिय सहकार्य प्रणाली स्थापित गरी मूल्य मान्यता सहितको समृद्ध राष्ट्र निर्माण गर्नु।

४. महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा यौनिक र लैङ्गिक अल्पसंख्यकको विषयमा नेपालले अन्तर्राष्ट्रिय मञ्चहरूमा गरेको सबल प्रतिनिधित्व, प्रतिवेदन तथा प्रतिबद्धता बमोजिम शासकीय प्रणालीमा सुधार र सहभागितामूलक भूमिका अभिवृद्धि गर्नु।

**३. रूपान्तरणकारी रणनीति**

**लैङ्गिक समानता एवम् सशक्तीकरण**

१. लैङ्गिक समानता एवम् सशक्तीकरण, सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने। (८.४.१)

२. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतको विकासको लागि तहगत क्षेत्रगत समन्वय सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने। (८.४.२)

३. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक बनाउन लक्षित वर्ग समुदायको पहिचानका आधार मापदण्ड सूचक निर्धारण गरी विविध पक्ष समेटिएका खण्डीकृत तथ्याङ्क प्राप्त हुने एकीकृत व्यवस्थापन सूचना प्रणाली तथा तथ्य र प्रमाणमा आधारित निर्णय प्रणाली विकास गर्ने। (८.४.६)

४. लैगिक हिंसा र कुरीतिको अन्त्य गर्न चेतनामूलक अभियान सञ्चालन गर्ने। (८.४.७)

५. दूर्गम क्षेत्रका ज्यानको जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाको हवाई उद्धार गरी मातृ मृत्युदर र बाल मृत्युदर घटाउन सहयोग गर्ने तथा हिंसा पीडित महिलाको उद्धार, राहत, पुनर्स्थापना तथा सामाजिक एकीकरणलाई प्रभावकारी बनाउने तथा सामाजिक आर्थिक रूपान्तरण गर्ने। (८.४.७)

६. सबै प्रकारका हिंसा, विभेद, शोषण तथा मानव बेचबिखन, गैरकानूनी ओसारपसार, यौन दुर्व्यवहार, बालबालिका, किशोर किशोरी, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकका सवालमा सर्वसुलभ र द्रुत सेवा पद्धतिद्वारा न्यायमा पहुँच तथा न्यायिक निरूपण गर्ने गरी न्याय प्रणालीमा सुधार तथा स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्दै न्यायिक निरूपण प्रणालीलाई पीडितमैत्री बनाउने। (८.४.८)

**बालबालिका**

७. बालबालिकाको सशक्तीकरण एवम् परिचालनमा प्रविधिको पहुँच, उपलब्धता एवम् उपयोग अभिवृद्धि तथा अनुचित प्रयोगबाट उत्पन्न हुन सक्ने जोखिम तथा हिंसाको पूर्वानुमान गरी आवश्यक सुरक्षाका उपाय अवलम्बन गर्ने। (८.४.५)

८. बालबालिकाको नीति, योजना, कार्यक्रम तर्जुमा कार्यान्वयन एवम् अनुगमन तथा मूल्याङ्कनलाई यथार्थपरक बनाउन पहिचानका आधार, मापदण्ड, सूचक निर्धारण गरी खण्डीकृत तथ्याङ्क प्राप्त हुने एकीकृत व्यवस्थापन सूचना प्रणाली विकास गर्ने। (८.४.६)

९. उद्धार, संरक्षण, पुनर्स्थापना एवम् विशेष संरक्षणको आवश्यकता भएका अशक्त तथा असहाय बालबालिका र किशोरकिशोरीलाई राज्यबाट अनिवार्य संरक्षण र सम्बर्द्धन गर्ने। (८.४.७)

**अपाङ्गता भएका व्यक्ति**

१०. अपाङ्गता भएका व्यक्तिको आर्थिक तथा सामाजिक सशक्तीकरण गर्दै सम्मानपूर्ण जीवनयापनको वातावरण सुनिश्चित गर्ने। (८.४.४)

११. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनले अपाङ्गता भएका व्यक्तिलाई प्रदान गरेका हक अधिकार संरक्षण गर्न कानूनको निर्माण तथा पुनरावलोकन गर्ने । (८.४.८)

१२. भौतिक संरचना, यातायात, सूचना तथा सञ्चार प्रविधि एवम् सेवा सुविधालाई अपाङ्गतामैत्री तथा पहुँचयुक्त बनाउने । (८.४.२)

१३. निरोधात्मक, उपचारात्मक, प्रवर्द्धनात्मक तथा नियमनकारी उपायद्वारा अपाङ्गतामैत्री सामाजिक प्रणाली विकास गर्ने । (८.४.४)

१४. अपाङ्गता भएका व्यक्ति प्रतिको हानिकारक अभ्यास, अन्धविश्वास, विभेद, हिंसा र शोषणको अन्त्य गरी समतामूलक समाज निर्माण गर्ने । (८.४.७)

**ज्येष्ठ नागरिक**

१५. ज्येष्ठ नागरिकलाई सम्मानपूर्वक बाँच्ने वातावरणको सुनिश्चितता, शासकीय व्यवस्थामा अर्थपूर्ण सहभागिता र अन्तरपुस्ता ज्ञान, सीप तथा अनुभव हस्तान्तरणको माध्यमद्वारा उत्पादन तथा उत्पादकत्वसँग जोडी सामाजिक आर्थिक विकासका क्षेत्रमा लाभ प्राप्त गर्ने । (८.४.३, ८.४.४ )

१६. ज्येष्ठ नागरिकको स्वास्थ्य सेवा तथा उपचारको लागि सबै सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थामा बहिरंग तथा अन्तरंग सेवामा निश्चित प्रतिशत शैय्या सहितको ज्येष्ठ नागरिक वार्डको व्यवस्था गरी सहुलियत दरमा स्वास्थ्योपचार लिन सक्ने व्यवस्था गर्ने । (८.४.४)

**यौनिक तथा लैङ्गिक अल्पसंख्यक**

१७. यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको सशक्तीकरण, सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने । (८.४.४)

**गैरसरकारी संस्था**

१८. गैरसरकारी संस्थाले स्थानीय तहसँगको समन्वयमा राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र स्रोत परिचालन गर्ने । (२.४.१६)

१९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परिचालनमा सहजीकरण गर्ने निकायलाई सक्षम, सुदृढ र जिम्मेवार बनाउने तथा गैरसरकारी संस्थाका नियमित अनुगमन गर्ने संयन्त्र स्थापना तथा एकद्वार प्रणाली अवलम्बन गर्ने । (२.४.१६, ८.४.९)

**४. कार्यनीतिहरू**

**महिला सशक्तिकरण तथा समानता**

१. दिगो विकास लक्ष्यको 'कसैलाई पछाडि नछोडौं' भन्ने सोच कार्यान्वयन गर्ने गरी राज्यका सबै तह र विषयगत क्षेत्रले नीति कार्यक्रम योजना, कानून तथा संस्थागत संरचनामा विशेष प्राथमिकताका साथ आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गरिनेछ । (रणनीति १)

२. लैगिक हिंसा र कुरीतिको अन्त्य गर्न चेतनामूलक अभियान सञ्चालन गरिनेछ । (रणनीति ४)

३. महिलाको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउन उद्यमशीलता विकास, वित्तीय पहुँच, पुँजी र प्रविधि सहयोग गरिनेछ । (रणनीति १)

४. लक्षित वर्ग तथा समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चितता तथा विशेष संरक्षण गरिनेछ । (रणनीति १)

५. नीति, योजना र कार्यक्रम तर्जुमामा लैङ्गिक हिंसा पीडित तथा प्रभावितको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै महिलामाथि हुने सबै किसिमका हिंसा विरुद्ध शून्य सहनशीलताको नीति प्रभावकारी बनाइनेछ । (रणनीति १)

६. मानव बेचबिखन, लैङ्गिक हिंसा लगायतका हानिकारक अभ्यासहरूको नियन्त्रण गर्न आर्थिक तथा सामाजिक सशक्तीकरणको लागि प्रदेश र स्थानीय तहसँगको समन्वय, सहकार्य र साझेदारी विस्तार गरिनेछ। (रणनीति ६)

७. मानव बेचबिखन र हिंसाको उच्च जोखिममा रहेका वर्ग समुदायको पहिचान तथा संरक्षणको लागि स्थानीय तहलाई जिम्मेवार बनाउन पहल गरिनेछ। पीडित प्रभावितको उद्धार, संरक्षण र पुनर्स्थापनाका लागि गैर सरकारी संस्था तथा निजी क्षेत्रसँग सहकार्य अभिवृद्धि गरिनेछ। (रणनीति ६)

८. महिला विरूद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यको लागि निरोधात्मक र संरक्षणात्मक उपायद्वारा न्यायमा पहुँच अभिवृद्धि गरिनेछ। लैगिक हिंसा, मानव बेचबिखन लगायतका विभिन्न प्रथा र परम्परा विरूद्ध प्रचारप्रसार तथा सचेतना फैलाइनेछ। (रणनीति ६)

९. महिला आत्मनिर्भरता, आर्थिक सशक्तीकरण, उद्यमशीलता विकास तथा रोजगार प्रवर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। राष्ट्रिय आयमा महिलाको घरेलु श्रम तथा स्याहार कार्य (केयर वर्क) को गणना गरी श्रमको सम्मान तथा आय योगदान पहिचान गरिनेछ। (रणनीति २)

१०. महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय तथा राष्ट्रिय प्रतिबद्धताको आन्तरिकीकरण गरिनेछ। (रणनीति १)

११. सडक सञ्जाल र सुविधा सम्पन्न अस्पतालबाट टाढा रहेका दूर्गम जिल्लाका स्थानीय तहलाई हवाई उद्धारको सूचीमा समावेश गरिनेछ। (रणनीति ५)

१२. सार्वजनिक सेवा पूर्वाधार नीति तर्जुमा तथा कार्यक्रम देखि लैङ्गिक लेखापरीक्षण पद्धति लगायतलाई राष्ट्रिय लेखापरीक्षणको अभिन्न अङ्गको रूपमा राज्यका सबै निकायमा लागु गरिनेछ। (रणनीति ३)

**बालबालिका**

१३. सबै स्थानीय तहमा स्थानीय बाल अधिकार संरक्षण तथा सम्बर्द्धन सम्बन्धी संस्थागत संयन्त्र, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, बाल कोष, समाजसेवी तथा बाल मनोविज्ञको व्यवस्था गरिनेछ। सबै प्रदेशमा प्रदेश बाल अधिकार समिति गठन तथा परिचालन गरी प्रदेश बाल कोषको स्थापना तथा सञ्चालन गरिनेछ। (रणनीति ७)

१४. बालश्रम, बालबालिका बेचबिखन, बाल विवाह, बालबालिका विरुद्धका अपराध, दुर्व्यवहार लगायतका अपराध अन्त्यका लागि कानूनी व्यवस्था अद्यावधिक गरी बाल अधिकार कायम गरिनेछ। (रणनीति ७)

१५. बेवारिसे, परित्यक्त, अभिभावक विहिन तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई स्थानीय तहबाट नै वैकल्पिक हेरचाह हुने गरी प्रणाली विकास गरिनेछ। (रणनीति ९)

१६. न्यूनतम सेवा सहित प्रभावकारी सञ्चालन तथा व्यवस्थापन गर्न बाल सुधार गृहलाई न्यूनतम मापदण्डका आधारमा वर्गीकरण गरी प्रदेशसँगको समन्वय र साझेदारीमा राज्यपक्षबाट नै सञ्चालन तथा व्यवस्थापन गरिनेछ। (रणनीति )

१७. बाल विवाह अन्त्य सम्बन्धी राष्ट्रिय रणनीति कार्यान्वयन गर्न सबै सरकारी संयन्त्र, गैरसरकारी क्षेत्र, निजी क्षेत्र र सामुदायिक संघसंस्था सहितको साझा अभियान सञ्चालन गरिनेछ। (रणनीति ९)

१८. बाल अधिकार संरक्षण र प्रवर्द्धन गर्नको लागि सबै स्थानीय तहमा बाल अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि तथा कानून निर्माण, बाल बजेट कोडको व्यवस्था हुने गरी नीतिगत व्यवस्था गरिनेछ। (रणनीति ७)

१९. निःशुल्क टेलिफोन नम्बर १०४ र बाल हेल्पलाईन नम्बर १०९८ (दश नौ र आठ) बालबालिका खोजतलास सेवा सञ्चालनको लागि तहगत र निकायगत समन्वय र सहकार्यका लागि आवश्यक जनशक्तिको व्यवस्था गरिनेछ। (रणनीति ९)

२०. बालबालिका विरूद्धको हिंसा र बाल यौन दुर्व्यवहारबाट पीडित बालबालिकालाई शारीरिक वा मानसिक उपचार तथा सामाजिक पुनर्स्थापना गर्न सम्बन्धित स्थानीय तह र प्रदेशको समन्वय र साझेदारीमा प्रत्येक प्रदेशमा कम्तीमा एउटा पुनर्स्थापना केन्द्र स्थापना तथा सञ्चालनमा समन्वय र सहजीकरण गरिनेछ। (रणनीति ९)

२१. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गरी सम्बन्धित स्थानीय तह र प्रदेशसहितको राष्ट्रिय रूपमा एकीकृत तथा खण्डीकृत तथ्याङ्क संकलन तथा अद्यावधिक हुने व्यवस्था गर्न बाल अधिकार सूचना व्यवस्थापन प्रणाली (Child Rights Information Management System -CPIMS) मा समावेश गरिनेछ। (रणनीति ८)

२२. सबै विद्यालय लगायत बालबालिका सम्बन्धी कार्य गर्ने निकाय, संस्था तथा निजी क्षेत्रमा समेतमा जोखिम तथा हिंसा र बाल यौन दुर्व्यवहारको पूर्वानुमान गर्न संस्थागत रूपमा बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गरिनेछ। इन्टरनेट तथा सामाजिक सञ्जालको सही उपयोग गर्न अनलाइन तथा अफलाइन सुरक्षा प्रणाली तथा कानून निर्माण गरी कार्यान्वयन गरिनेछ। (रणनीति ७)

**अपाङ्गता भएका व्यक्ति**

२३. अपाङ्गता भएका व्यक्तिको सम्बन्धमा विद्यमान कानूनमा भएका व्यवस्थालाई समयानुकूल परिमार्जन गरी शासकीय व्यवस्था, सार्वजनिक सेवा, भौतिक संरचना, पूर्वाधार र यातायातका साधन अपाङ्तामैत्री तथा पहुँचयुक्त बनाइनेछ तथा सरोकारवाला निकायसँग समन्वय र सहजीकरण गरिनेछ। (रणनीति १२)

२४. स्वरोजगार र उद्यमशीलता सम्बन्धी कार्यक्रममा अपाङ्गता भएका व्यक्तिको पहुँच, अवसर र लाभ सुनिश्चित गर्दै अपाङ्गता भएका उद्यमीद्वारा उत्पादित वस्तुको सङ्कलन, भण्डारण र गुणस्तर परीक्षण तथा बजारीकरण गर्न उत्पादनको एकीकृत बजारीकरणमा जोड दिइनेछ। (रणनीति १३)

२५. अपाङ्गता भएका व्यक्तिको आर्थिक क्रियाकलापमा व्यवसायिक तथा सामाजिक जोखिम न्यूनीकरण गर्न पहुँचयुक्त सूचना प्रवाहको व्यवस्था मिलाइनेछ। उनीहरूको क्षमता विकास, सशक्तीकरण, स्वरोजगारी र रोजगारीको अवसर वृद्धि गर्न निजी क्षेत्रसँग सहकार्य एवम् साझेदारी गरिनेछ। (रणनीति १२)

२६. अपाङ्गताको प्रकृति, गम्भीरता र आयस्तरको आधारमा सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिइनेछ। सहयोगी र हेरचाह सेवा आवश्यक पर्ने अपाङ्गता भएका व्यक्तिको लागि तथा परिवार सहयोग कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ। (रणनीति १०)

२७. बौद्धिक अपाङ्गता, अटिजम र श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिको सूचनामा पहुँच पुर्‍याउन सचित्र सरल ठूला छापा (Easy to read) र स्पर्श संकेत सम्बन्धी मापदण्ड र कार्यविधि बनाई कार्यान्वयन गरिनेछ। अपाङ्गता भएका व्यक्तिको दैनिक जीवनयापन सहज बनाउन सहायक सामग्री, अर्थोटिक्स थेरापी सेवा र प्रोस्थेटिक सेवाको व्यवस्था गरिनेछ। (रणनीति ११)

२८. अपाङ्गता भएका व्यक्तिको लागि सार्वजनिक सेवा प्रदान गर्न एकीकृत प्रणाली विकास गरिनेछ। अपाङ्गता रोकथाम, न्यूनीकरण तथा पुन:स्थापनाका कार्यक्रमलाई प्रथमिकतामा राखी एकीकृत रूपमा सञ्चालन गरिनेछ। (रणनीति १३)

२९. पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्ति एवम् बौद्धिक अपाङ्गता, अटिजम, श्रवण तथा दृष्टिविहीन व्यक्तिलाई कार्यविधि तयार गरी समुदायमा आधरित सहयोगी र हेरचाह सेवाको व्यवस्था गरिनेछ। (रणनीति १३)

३०. अपाङ्गता भएका व्यक्तिको लागि अल्पकालीन पुनःस्थापना, स्वास्थ्योपचार र आवश्यकता अनुसार सहायक सामग्रीको व्यवस्था गरिनेछ। (रणनीति १०)

**ज्येष्ठ नागरिक**

३१. ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानूनी व्यवस्थालाई समसामयिक रूपमा अद्यावधिक गरी उनीहरूमा रहेको ज्ञान, सीप तथा क्षमतालाई अन्तरपुस्ता हस्तान्तरण गरिनेछ। (रणनीति १५)

३२. ज्येष्ठ नागरिकको लागि स्थानीय तहमा ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, ज्येष्ठ नागरिक पार्क र प्रदेशमा आरोग्य आश्रमको स्थापना र सञ्चालन गरिनेछ। (रणनीति १५)

३३. ज्येष्ठ सरकारी, सामुदायिक तथा निजी स्वास्थ्य संस्थामा बहिरंग तथा अन्तरंग सेवामा निश्चित प्रतिशत शैय्या सहित सहुलियत दरमा स्वास्थ्योपचारको लागि ज्येष्ठ नागरिक वार्डको व्यवस्था गरिनेछ। (रणनीति १६)

**गैरसरकारी संस्था**

३४. गैरसरकारी संस्थालाई एकीकृत रूपमा परिचालन गर्न अन्तर-तह समन्वय प्रभावकारी बनाउँदै संघीयता अनुकूल हुने गरी गैरसरकारी संस्था परिचालन सम्बन्धी एकीकृत कानून तर्जुमा गरिनेछ। (रणनीति १९)

३५. गैरसरकारी संस्थाहरूबाट सञ्चालितत कार्यक्रमहरूको अनुगमनको लागि अनुगमन सूचक निर्माण, संस्थाहरूको कार्यक्षेत्रगत वर्गीकरण तथा अनुगमन गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको नियमन गर्ने नियामक निकायको संस्थागत सुदृढीकरण गरिनेछ। (रणनीति १९)

३६. राष्ट्रिय प्राथमिकता तथा आवश्यकता बमोजिमका क्षेत्रमा गैरसरकारी संस्थाहरूको स्रोत परिचालन हुने गरी एकीकृत तथ्याङ्क प्रणाली निर्माण गरिनेछ। (रणनीति १८)

३७. राष्ट्रिय सदाचार नीति र आचारसंहिता निर्माण गरी विकास साझेदारको पुँजी, प्रविधि र सीप स्थानीय आवश्यकताको क्षेत्रमा प्रयोग गरिनेछ। (रणनीति १८)

**यौनिक तथा लैङ्गिक अल्पसंख्यक**

३८. खण्डीकृत तथ्यांकसहितको सामाजिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी यौनिक तथा लैङ्गिक अल्पसंख्यकको वास्तविक अवस्था पहिचानको लागि संघ, प्रदेश र स्थानीय तहसम्म एकीकृत प्रणाली विस्तार गरिनेछ। (रणनीति १७)

३९. यौनिक तथा लैङ्गिक अल्पसंख्यक व्यक्तिलाई हुने भेदभाव अन्त्य गरी नीतिगत व्यवस्था मार्फत् मूलप्रवाहीकरण गरिनेछ। (रणनीति १७)

**अन्तर्राष्ट्रिय दायित्व**

४०. महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका तथा यौनिक र लैंङ्गिक अल्पसंख्यकको विषयमा नेपालको अन्तर्राष्ट्रिय मञ्चहरूमा सबल प्रतिनिधित्वको लागि तहगत तथा निकायगत प्रणाली स्थापना गरिनेछ। (रणनीति १, १०, १७)

४१. अन्तर्राष्ट्रिय कानून तथा प्रतिबद्धता बमोजिम राष्ट्रिय आवश्यकता तथा प्राथमिकताका आधारमा प्रचलित कानूनमा संशोधन तथा नयाँ कानून निर्माण र संस्थागत सुधार गरिनेछ। (रणनीति १, ११)

४२. खण्डीकृत तथ्यांकसहितको GBB/MIS, CPMIS लाई SIMS मा एकीकृत गरिनेछ। (रणनीति ३, ८)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | राष्ट्रिय महिला सशक्तीकरण कार्यक्रम | दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती सुत्केरी महिलाको हवाई उद्धार गर्ने | ५ | ६ | म.बा.ज्ये.ना.म. | गृह मन्त्रालय, रक्षा मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | कुरीति विरुद्धको अभियान कार्यक्रम सञ्चालन गर्ने | ४ | ६ | म.बा.ज्ये.ना.म. | प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | स्थानीय तहमा महिला उद्धमशीलता विकास सहजीकरण केन्द्र सञ्चालन गर्ने | ३ | ६ | स्थानीय तह | म.बा.ज्ये.ना.म. | X | X | X | X | X |
| | | नमूना बस्तीका दलित, अल्पसंख्यक, अति सीमान्तकृत, सीमान्तकृत समुदायका, लैंगिक हिंसा र मानव बेचविखनबाट पीडित तथा कोभिड प्रभावित र विपन्न महिलाको लागि रोजगारमूलक तालिम सञ्चालन गर्ने | ६ | ६ | स्थानीय तह | म.बा.ज्ये.ना.म. | X | X | X | X | X |
| | | महिला उद्यमी तथा उद्यमी समूहलाई उद्यमशीलता प्रवर्द्धनको लागि प्रविधि सहयोग गर्ने | १ | ६ | प्रदेश मन्त्रालय र स्थानीय तह | म.बा.ज्ये.ना.म. | X | X | X | X | X |
| | | मानव विकास सूचकाङ्कमा पछाडि परेका स्थानीय तहमा जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन गर्ने | १ | ६ | स्थानीय तह | म.बा.ज्ये.ना.म. | X | X | X | X | X |
| | | राष्ट्रिय महिला समुन्नति पुरस्कार प्रदान गर्ने | १ | ६ | म.बा.ज्ये.ना.म. | | X | X | X | X | X |
| २ | सामानिक विकास कार्यक्रम | एकीकृत लैङ्गिक समानता विधेयक तर्जुमा गर्ने | १ | ६ | म.बा.ज्ये.ना.म. | का.न्या.सं.मा.म. | | | | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | लैङ्गिक समता कायम गर्न अवरोधक कानून परिमार्जन गर्ने | १ | ६ | म.बा.ज्ये.ना.म. | का.न्या.सं.मा.म. | | | X | X | X |
| | | महिला अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिबद्धता कार्यान्वयन कार्ययोजना निर्माण तथा स्थानीयकरण गर्ने | ३ | ६ | म.बा.ज्ये.ना.म. | प्रदेश तथा स्थानीय तह | | X | X | X | X |
| | | लैङ्गिक बजेट परीक्षण प्रणाली विकास तथा राष्ट्रिय लेखापरीक्षणसँग आवद्धता गर्ने | २ | ६ | म.बा.ज्ये.ना.म. | महालेखा परीक्षक कार्यालय, महालेखा नियन्त्रक कार्यालय | | X | X | X | X |
| | | लैङ्गिकमैत्री पूर्वाधार निर्माण तथा सेवा प्रवाह मापदण्ड निर्माण तथा कार्यान्वयन गर्ने | ३ | ६ | म.बा.ज्ये.ना.म. | प्रदेश र स्थानीय तह | | | X | X | X |
| ३ | महिला विकास तथा सशक्तीकरण कार्यक्रम | महिला नेतृत्व विकास गर्ने | १ | ६ | म.बा.ज्ये.ना.म. | प्रदेश, स्थानीय तह | | X | X | X | |
| | | महिला उद्यमशीलता तथा वित्तीय पहुँच कार्यक्रम सञ्चालन गर्ने तथा जीवन उपयोगी तथा रोजगारमूलक सीप विकास तालिम सञ्चालन गर्ने | १ | ६ | म.बा.ज्ये.ना.म. | उ.वा.आ.म., प्रदेश, स्थानीय तह | | X | X | X | |
| | | श्रम तथा स्याहार कार्य (केयर वर्क) को राष्ट्रिय आयमा गणना कार्यविधि तर्जुमा र कार्यान्वयन गर्ने | १ | ६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | श्र.रो.सा.सु.म., म.बा.ज्ये.ना.म. | | X | X | X | X |
| ४ | लैङ्गिक हिंसा निवारण तथा | लैङ्गिक हिंसा, विभेद तथा विपद्को उच्च जोखिममा रहेका महिला समुदायको सूचना तथा तथ्याङ्क | १ | ६ | स्थानीय तह | | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | मानव बेचविखन कार्यक्रम | संकलनलाई SIMS सर्वेक्षणमा आवद्ध गरी विश्लेषण गर्ने | | | | | | | | | |
| | | लैङ्गिक हिंसा, मानव बेचबिखन पीडित वा प्रभावित महिलाको उद्धार, संरक्षण र पुनर्स्थापना गर्न गैर सरकारी संस्थाहरूसँग सहकार्य गर्ने | ६ | ६ | मानव बेचविखन नियन्त्रण राष्ट्रिय समिति | गै.स.स./ पुनस्थापना केन्द्र | X | X | X | X | X |
| | | तीनै तहका नीति, योजना र कार्यक्रम मार्फत हिंसा, विभेद पीडित तथा प्रभावितको क्षमता तथा सहभागिता अभिवृद्धि गर्ने | २ | ६ | तीनै तहका सम्बन्धित निकाय | म.बा.ज्ये.ना.म. | X | X | X | X | X |
| | | लक्षित समूहमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | ४ | ६ | स्थानीय तह, गै.स.स. | तीनै तहका सम्बन्धित निकाय | X | X | X | X | X |
| | | लैङ्गिक हिंसा निवारण सम्बन्धी एकीकृत कानून निर्माण गर्ने | ४ | ६ | म.बा.ज्ये.ना.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म. | X | X | X | | |
| | | लैङ्गिक हिंसा निवारण सम्बन्धी राष्ट्रिय कार्ययोजना निर्माण गर्ने | ३ | ६ | म.बा.ज्ये.ना.म. | संघीय मन्त्रालय, प्रदेश, स्थानीय तह | | X | X | X | X |
| | | लैङ्गिक हिंसा निवारण सम्बन्धी सचेतनामुलक अभियान कार्यक्रम गर्ने | ४ | ६ | म.बा.ज्ये.ना.म. | संघीय मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | लैङ्गिक हिंसा पीडित तथा प्रभावितको संरक्षणको लागि अल्पकालीन सेवा केन्द्र तथा दीर्घकालिन पुनर्स्थापना केन्द्र सञ्चालन तथा सहजीकरण गर्ने | ६ | ६ | म.बा.ज्ये.ना.म. | स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | लैङ्गिक हिंसा निवारणका लागि पुरूष सहभागिता सञ्जाल (Male Leader Network) परिचालन गर्ने | ६ | ६ | सम्बन्धित प्रदेश मन्त्रालय, स्थानीय तह | संघीय मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | मानव बेचबिखन नियन्त्रण सम्बन्धी विद्यमान संरचनाको क्षमता अभिवृद्धि गर्ने | ६ | ६ | म.बा.ज्ये.ना.म. | का.न्या.सं.मा.म. | X | X | X | X | X |
| | | लक्षित समुहको क्षमता अनुसार जीविकोपार्जन तथा रोजगारीमा आवद्ध गर्ने | १ | ६ | म.बा.ज्ये.ना.म. | ने.उ.वा.म., ने.उ.प. | X | X | X | X | X |
| | | मानव बेचबिखनको पीडकलाई कानूनी दायरामा ल्याउने | ६ | ६ | मा.बे.अ.ब्यू. | नेपाल प्रहरी | X | X | X | X | X |
| | | क्षतिपूर्तिका लागि फैसला भएका निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न पहल गर्ने | ६ | ६ | सम्बन्धित अदालत | पीडित राहत पुनरस्थापना कोष, म.बा.ज्ये.ना.म. | X | X | X | X | X |
| ५ | बाल विकास तथा संरक्षण कार्यक्रम | सबै स्थानीय तहहरूमा बाल संरक्षण प्रणाली स्थापना, बाल संरक्षण संयन्त्रको कृयाशीलता र बाल संरक्षण प्रणाली संस्थागत गर्ने | ८ | ६ | प्रदेश सरकार स्थानीय तह | म.बा.त.ज्ये.ना.म, रा.बा.अ.प | X | X | X | X | X |
| | | बेवारिसे, परित्यक्त, अभिभावक विहिन तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सम्बन्धित स्थानीय तहबाट वैकल्पिक हेरचाह गर्ने प्रणालीको विकास गर्ने | ९ | ६ | प्रदेश सरकार, स्थानीय तह राष्ट्रिय बाल अधिकार परिषद् | म.बा.त.ज्ये.ना.म, | X | X | X | X | X |
| | | बालक्लब, बाल सञ्जाल, किशोरकिशोरी समूह, स्काउट जस्ता संस्थाको गठन तथा सञ्चालनमा सहजीकरण गर्ने | ७ | ६ | राष्ट्रिय बाल अधिकार परिषद् | म.बा.ज्ये.ना.म. स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सूचना प्रविधि तथा सामाजिक सञ्जालको दुरूपयोगबाट हुने बाल हिंसाको नियमन र नियन्त्रणको लागि कानूनी व्यवस्था गरी कार्यान्वयन गर्ने | ७ | ६ | म.बा.ज्ये.ना.म. | राष्ट्रिय बाल अधिकार परिषद्, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |
| | | बाल न्याय प्रणालीलाई सरल सहज र चुस्त बनाउन सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गर्ने<br>बाल सुधार गृहको मापदण्ड निर्माण तथा सो बमोजिम बाल सुधार गृह सञ्चालन गर्ने<br>बाल सुधार गृहमा रहेका बालबालिकाको लागि शिक्षा, स्वास्थ्य र जीविकोपार्जन उन्मुख सीप विकास कार्यक्रम सञ्चालन गर्ने | ७ | ६ | म.बा.ज्ये.ना.म. | गृह मन्त्रालय, सं.मा.सा.प्र.म., श्र.रो.सा.सु.म., शि.वि.प्र.म. | X | X | X | X | X |
| | | बाल विवाह, बाल श्रम, बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार, बालबालिका बेचविखन तथा गैर कानूनी विषयहरूको दण्डात्मक व्यवस्था र नैतिक शिक्षाको विषय पाठ्यक्रममा समावेश गर्ने | ७ | ६ | शि.वि.प्र.म. | म.बा.ज्ये.ना.म. | X | X | X | X | X |
| | | बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति कार्यान्वयन गर्ने<br>बाल विवाह अन्त्यको लागि सबै सरोकारवालाको सहभागितामा अभियान सञ्चालन गर्ने | ७ | ६ | म.बा.ज्ये.ना.म.<br>प्रदेश, स्थानीय तह | राष्ट्रिय बाल अधिकार परिषद् | X | X | X | X | X |
| | | हराएका बालबालिकाको खोजतलास, पहिचान र पारिवारिक पुनर्मिलन तथा सामाजिक पुन:स्थापना गर्ने | ९ | ६ | राष्ट्रिय बाल अधिकार परिषद् र नेपाल प्रहरी | म.बा.ज्ये.ना.म., गृह मन्त्रालय, प्रदेश | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | बेवारिसे फेला परेका बालबालिकाको उद्धार, पहिचान, संरक्षण तथा पारिवारिक पुनर्मिलन र सामाजिक पुन:स्थापना गर्ने | ९ | ६ | राष्ट्रिय बाल अधिकार परिषद् र नेपाल प्रहरी | म.बा.ज्ये.ना.म., गृह मन्त्रालय, प्रदेश | X | X | X | X | X |
| | | सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने<br><br>सडक बालबालिकामुक्त नेपाल घोषंणा गर्ने | ९ | ६ | राष्ट्रिय बाल अधिकार परिषद् स्थानीय तह र नेपाल प्रहरी | म.बा.ज्ये.ना.म., गृह मन्त्रालय, प्रदेश, स्थानीय तह र अस्थायी संरक्षण सेवा केन्द्र तथा बाल गृह | X | X | X | X | X |
| | | हिंसा तथा जोखिममा परेका बालबालिकाको आपतकालीन उद्धार, राहत, मनोविमर्श, पुन:स्थापना तथा पुनर्मिलन सम्बन्धी कार्य गर्ने | ९ | ६ | राष्ट्रिय बाल अधिकार परिषद् स्थानीय तह, नेपाल प्रहरी | म.बा.ज्ये.ना.म., गृह मन्त्रालय, प्रदेश, सेवा प्रदायक गैरसरकारी संस्था | X | X | X | X | X |
| | | स्थानीय तहमा बाल अधिकार संरक्षण तथा प्रवर्द्धन संयन्त्र स्थापना, सञ्चालन तथा क्षमता अभिवृद्धि गर्ने | ७ | ६ | प्रदेश, स्थानीय तह | म.बा.ज्ये.ना.म., सं.मा.सा.प्र.म., राष्ट्रिय बाल अधिकार परिषद् | X | X | X | X | X |
| ६ | गैर सरकारी संस्था नियमन | संघीयता अनुकूल हुनेगरी गैरसरकारी संस्था परिचालन सम्बन्धी एकीकृत कानून तर्जुमा गर्ने | १९ | ६ | प्र.म.म.प.का., म.बा.ज्ये.ना.म. | गृह मन्त्रालय, का.न्या.सं.मा.म., समाज कल्याण परिषद् | X | X | X | X | X |
| | | गैरसरकारी संस्थाहरूलाई एकीकृत रूपमा परिचालन गर्ने अन्तर-तह समन्वय संयन्त्र स्थापना गर्ने | १९ | ६ | म.बा.ज्ये.ना.म. | प्र.म.म.प.का., गृह मन्त्रालय, समाज कल्याण परिषद् | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | गैरसरकारी संस्थाको आचारसंहिता निर्माण गरी लागू गर्ने | १९ | ६ | म.बा.ज्ये.ना.म. | समाज कल्याण परिषद् | X | X | X | X | X |
| | | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट प्राप्त सहायता एकद्वार प्रणाली मार्फत परिचालन र नियमन गर्न अभिलेख प्रणाली विकास तथा संस्थागत सुदृढीकरण गर्ने | १९ | ६ | म.बा.ज्ये.ना.म. | गृह मन्त्रालय, अर्थ मन्त्रालय, समाज कल्याण परिषद् | X | X | X | X | X |
| | | गैरसरकारी संस्थाबाट सञ्चालित कार्यक्रमको अनुगमन प्रणालीलाई सूचकमा आधारित बनाउने | १८ | ६ | म.बा.ज्ये.ना.म. | समाज कल्याण परिषद् | X | X | X | X | X |
| | | संस्थाहरूको कार्यक्षेत्रगत वर्गीकरण तथा परिचालनको लागि आधार गर्ने | १८ | ६ | म.बा.ज्ये.ना.म. | प्र.म.म.प.का., अर्थ मन्त्रालय, समाज कल्याण परिषद् | X | X | X | X | X |
| ७. | अपाङ्गता भएका व्यक्तिको सहयोगी सेवा, संरक्षण तथा पुनःस्थापना कार्यक्रम | बेवारिसे, संरक्षक विहीन, अति अशक्त अपाङ्गता भएका व्यक्तिलाई आवासीय पुनःस्थापना प्रदान गर्ने | १० | ६ | म.बा.ज्ये.ना.म. | नेपाल अपाङ्ग संघ, सहयोगी संघ संस्था | X | X | X | X | X |
| | | अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी नियमावली बमोजिम सहायक सामग्री उपलब्ध गराउने | १० | ६ | म.बा.ज्ये.ना.म. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय अपाङ्ग कोष, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | अपाङ्गताको पूर्वपहिचान, रोकथाम तथा अपाङ्गता भएका व्यक्तिको जीवनस्तर सुधारमा सहयोग गर्ने स्थानीय तहका सेवा प्रदायक संस्थाको सुदृढीकरण गर्ने | १० | ६ | म.बा.ज्ये.ना.म. | स्थानीय तह | X | X | X | X | X |
| | | अपाङ्गता सम्बन्धी कार्यक्रमको पहुँच अभिवृद्धि तथा दोहोरोपना हटाउनको लागि एकीकृत प्रणाली विकास गर्ने | १३ | ६ | म.बा.ज्ये.ना.म. | प्र.म.म.प.का., समाज कल्याण परिषद् | X | X | X | X | X |
| | | सार्वजनिक सेवा र भौतिक पूर्वाधारमा अपाङ्गता भएका व्यक्तिको पहुँच अभिवृद्धि गर्ने | १२ | ६ | म.बा.ज्ये.ना.म. | विषयगत मन्त्रालय | X | X | X | X | X |
| ८. | ज्येष्ठ नागरिकको संरक्षण तथा सुरक्षा कार्यक्रम | ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानूनी व्यवस्थाको पुनरावलोकन गर्ने | १५ | ६ | म.बा.ज्ये.ना.म. | प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | स्थानीय तहमा ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र र प्रदेशमा आरोग्य आश्रमको स्थापना र सञ्चालन गर्ने | १५ | ६ | प्रदेश, स्थानीय तह | म.बा.ज्ये.ना.म. | X | X | X | X | X |
| | | जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता हस्तान्तरण, छलफल र अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्ने | १५ | ६ | प्रदेश, स्थानीय तह | म.बा.ज्ये.ना.म. | X | X | X | X | X |
| | | ज्येष्ठ नागरिकको दक्षता, क्षमता र रुचि अनुसारको व्यवसाय र उद्यमशीलतामा आवद्ध गर्न अनुदान, उपकरण वा ऋण सहुलियतको व्यवस्था गर्ने | १५ | ६ | म.बा.ज्ये.ना.म. प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय र राष्ट्र बैंक | | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | नीति निर्माण, विकास कार्यक्रम र संस्कृति संरक्षणको कार्यक्रमा ज्येष्ठ नागरिकको सहभागिता अभिवृद्धि गर्ने | १५ | ६ | म.बा.ज्ये.ना.म. | प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | सरकारी, सामुदायिक र निजी अस्पतालमा ज्येष्ठ नागरिकको लागि छुट्टै वार्ड निर्माण, व्यवस्थापन र सहुलियत दरमा उपचार गर्न आवश्यक वित्तीय व्यवस्था, समन्वय तथा अनुगमन गर्ने | १६ | ६ | स्वा.ज.म. | म.बा.ज्ये.ना.म. | X | X | X | X | X |
| ९ | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय सशक्तीकरण कार्यक्रम | लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायसम्बन्धी सचेतना तथा आर्थिक सशक्तीकरण सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने | १७ | ६ | म.बा.ज्ये.ना.म. | सरोकारवाला निकाय | X | X | X | X | X |
| १० | सामाजिक सूचना व्यवस्थापन प्रणाली | सामाजिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनको लागि अभिमुखीकरण तथा क्षमता विकास गर्ने | ३ | ६ | म.बा.ज्ये.ना.म.,स्थानीय तह | प्रदेश, सं.मा.सा.प्र.म. | X | X | X | X | X |

### ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ .व २०८०/०८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८९० | ०.८९० | ०.९२९ | ०.९४७ | ०.९५६ | ०.९६७ | मानव विकास प्रतिवेदन | यु.एन.डि.पि. |
| २ | लैङ्गिक असमानता सूचकाङ्क | सूचकाङ्क | ०.४६० | ०.४८७ | ०.४५० | ०.४४१ | ०.४३६ | ०.४२० | मानव विकास प्रतिवेदन | यु.एन.डि.पि. |
| | **असर** | | | | | | | | | |
| १ | कुल बजेटमा लैङ्गिक उत्तरदायी बजेटको अंश | प्रतिशत | ४० | ४३.८७ | ४५ | ४९ | ५४ | ५५ | आ.स. | अर्थ मन्त्रालय |
| २ | महिलाको श्रम सहभागिता दर | प्रतिशत | २६.३ | २६.३ | २९.४५ | ३०.७७ | ३२.८८ | ३५ | श्रमशक्ति सर्वेक्षण | रा.त.का. |
| ३ | व्यवस्थापिकामा महिलाको प्रतिनिधित्व | | | | | | | | | |
| | संघ | प्रतिशत | ३३.५३ | ३४.६ | ३६ | ३९ | ४० | ४० | निर्वाचन आयोगको वार्षिक प्रतिवेदन | निर्वाचन आयोग |
| | प्रदेश | प्रतिशत | ३४.४ | ३४.४ | | | ४० | ४० | निर्वाचन आयोगको वार्षिक प्रतिवेदन | निर्वाचन आयोग |
| | स्थानीय तह | प्रतिशत | ४०.८ | ४०.८ | | | ४५ | ४५ | निर्वाचन आयोगको वार्षिक प्रतिवेदन | निर्वाचन आयोग |
| ४ | सार्वजनिक सेवाको नीति निर्माण तहमा महिला सहभागिता | प्रतिशत | १३.०५ | १३.६ | ३३ | ३५ | ३९ | ४१ | महिला आयोगको वार्षिक प्रतिवेदन | महिला आयोग |
| | **प्रतिफल** | | | | | | | | | |

| क्र. सं. | सूचक | एकाइ | आ .व २०८०/०८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | मानव बेचबिखन पीडित प्रभावितका लागि पुनर्स्थापना केन्द्र सञ्चालन भएका जिल्ला | संख्या | १० | ११ | १२ | १४ | १५ | १६ | वा.प्र. | म.बा.ज्ये.ना.म. |
| २ | पुनःस्थापना सेवा लिने अपाङ्गता भएका व्यक्ति (प्रदेश र स्थानीय) | जना | ८८ | ९८ | १०८ | ११८ | १२५ | १२५ | वा.प्र. | म.बा.ज्ये.ना.म. |
| ३ | स्थानीय तहमा दिवा सेवा केन्द्र सञ्चालन (थप) | संख्या | २७३ | २० | १०० | १०० | ११५ | १४५ | वा.प्र./आर्थिक सर्वेक्षण | म.बा.ज्ये.ना.म. |
| ४ | हराएका मध्ये फेला परेका बालबालिका | प्रतिशत | ८८ | ८९ | ९० | ९१ | ९२ | ९३ | वा.प्र., राष्ट्रिय बाल अधिकार परिषद् | म.बा.ज्ये.ना.म. |
| ५ | बेवारिस फेला परेका बालबालिका | जना | ३८३ | ३५० | ३२५ | ३०० | २७५ | २५० | वा.प्र. | म.बा.ज्ये.ना.म. |
| ६ | बाल अदालत गठन तथा सञ्चालन | संख्या | ० | १ | १ | १ | १ | १ | वा.प्र. | म.बा.ज्ये.ना.म. |
| ७ | बाल श्रममुक्त घोषणा भएका स्थानीय तह | संख्या | ८ | १५ | १०० | ३०० | ५०० | ७५३ | वा.प्र. | म.बा.ज्ये.ना.म. |
| ८ | बालमैत्री घोषणा भएका स्थानीय तह | संख्या | २४ | ३० | १०० | २५० | ३५० | ६०० | वा.प्र. | म.बा.ज्ये.ना.म. |
| ९ | पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७४ | ७४ | ७८ | ८२ | ८७ | ९० | राष्ट्रिय जनगणना | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग |

### ७. अनुमान तथा जोखिम

माथि उल्लिखित नीति, कार्यनीति, रूपान्तरणकारी रणनीति तथा कार्यक्रमको नतिजा प्राप्तिको लागि पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु, महिला सशक्तीकरण, सामाजिक विकास, सुरक्षित समाज र आर्थिक सामाजिक रूपान्तरणको लागि सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रसँग सहकार्य गर्दै सबै पक्षलाई समावेश गर्ने गरी साझा प्रयास प्रणाली विकास गर्नु चुनौतिपूर्ण छ। तीन तहको योजना बजेट तथा कार्यक्रमलाई लैङ्गिक रूपमा समतामूलक बनाउन तथा सामाजिक विकासका पूर्वधार विकास गर्न तहगत तथा निकायगत समन्वयको लागि नेतृत्वदायी भूमिका प्रवर्द्धन हुने अनुमान गरिएको छ । साथै, स्थानीय तहमा दिवा सेवा केन्द्र, क्लब र आरोग्य आश्रम स्थापनाको लागि आवश्यक बजेट, स्रोत साधन तथा पूर्वाधार उपलब्ध हुने, अन्तरक्रिया कार्यक्रमको निरन्तरता हुने, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको सबै तहमा अर्थपूर्ण सहभागिताको लागि अवसर तथा वातावरण सिर्जना हुने, निजी अस्पतालबाट सहुलियत दरमा सेवा प्राप्त हुने, डिजिटल साक्षरता र प्रविधिको उपयोग मार्फत सहभागिता प्रवर्द्धन हुने, समावेशी र सन्तुलित विकास हुने र दिगो सामाजिक तथा आर्थिक विकासमा योगदान पुग्ने अपेक्षा गरिएको छ।

## ८.२ संस्कृति

### १. पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रको रूपमा सुपरिचित छ । संस्कृतिका दृष्टिकोणले नेपाल विश्वमै धनी राष्ट्र मानिन्छ । हाम्रा समृद्ध भौतिक तथा अभौतिक सम्पदा राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रूपमा रहेका छन् । काठमाडौं उपत्यकाभित्र रहेका सात वटा अलग अलग संरक्षित स्मारक क्षेत्र समावेश गरी सन् १९७९ मा सांस्कृतिक विश्वसम्पदा स्थलका रूपमा काठमाडौं उपत्यका विश्वसम्पदा स्थललाई युनेस्को विश्वसम्पदा सूचीमा सूचीकृत गरिएको थियो । तसर्थ, नेपालको सांस्कृतिक सम्पदाका हिसाबले काठमाडौं उपत्यका र लुम्बिनी सांस्कृतिक विश्वसम्पदा स्थलका रूपमा रहेका छन् । साथै, अतिरिक्त चितवन राष्ट्रिय निकुञ्ज र सगरमाथा राष्ट्रिय निकुञ्ज प्राकृतिक विश्वसम्पदाको रूपमा युनेस्को विश्वसम्पदा सूचीमा सूचीकृत छन् ।

परम्परागत संस्कृतिको जगेर्ना गरी भाषा र संस्कृतिको मौलिकतालाई अक्षुण्ण राख्दै ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास गर्नु हाम्रो दायित्व रहेको छ। असल सांस्कृतिक अभ्यास, सांस्कृतिक सहिष्णुता र सहअस्तित्व मार्फत सामाजिक सद्भाव सुदृढ गर्नु आवश्यक छ । संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा राज्यका तीनै तहका सरकारको समन्वय र सहकार्यलाई प्रभावकारी बनाउनु आवश्यक छ । यस क्षेत्रमा प्राचीन सांस्कृतिक सम्पदा एवम् सोको स्वामित्वमा रहेको सम्पत्तिको वैज्ञानिक अभिलेखको अभाव हुनु, सम्पदामाथि अव्यवस्थित शहरीकरणद्वारा सिर्जित अतिक्रमण हुनु, विश्वव्यापीकरण तथा आधुनिकीकरणको प्रभाव रहनु, भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाको व्यवस्थापन सम्बन्धी नीति तथा कानूनको प्रभावकारी कार्यान्वयन गर्न स्रोत-साधन अपर्याप्त हुनु, सम्पदाको दिगो संरक्षण तथा सञ्चालनको लागि स्थानीय तह तथा समुदायमा स्वामित्वको अनुभूति दिलाउन नसक्नु, भाषा, संस्कृति संरक्षण, प्रवर्द्धन तथा अभ्यास गर्ने विभिन्न क्षेत्रका स्रष्टा तथा समुदायलाई उचित सम्मान तथा प्रोत्साहनमा समेट्न नसक्नु र भाषा, संस्कृतिको क्षेत्रमा पर्याप्त मात्रामा अध्ययन, अनुसन्धान तथा अन्वेषण कार्य हुन नसक्नु समेत समस्याको रूपमा रहेका छन् । सोह्रौं योजनाले अवलम्बन गरेका रणनीति एवम् कार्यनीतिको समन्वयात्मक अतिरिक्त लाभ र विरोधाभाष समेतको विश्लेषण गरी यस कार्यान्वयन कार्ययोजना तयार गरिएको छ ।

### २. उद्देश्य

संस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन तथा पुस्तान्तरण गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. मौलिक संस्कृति तथा सम्पदाको पहिचान, अभिलेखीकरण, संरक्षण एवम् पुस्तान्तरणका लागि संस्थागत सुधार एवम् नीति र कानून निर्माण तथा परिमार्जन गर्ने । (३.४.८)

२. ऐतिहासिक, सांस्कृतिक, मौलिक, धार्मिक एवम् पुरातत्विक सम्पदालाई समुदायको आय आर्जन र पर्यटन प्रणालीसँग आवद्ध गर्ने । (३.४.८)

३. नेपाली संस्कृतिको संरक्षण तथा अन्तर्राष्ट्रिय रूपमा प्रवर्द्धन गरी सामाजिक पुँजी निर्माण तथा विस्तार गर्ने । (३.४.८)

### ४. कार्यनीति

१. अन्तर्राष्ट्रिय सन्धि एवम् अन्य राष्ट्रिय कानूनसँग समन्वय हुने गरी सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी कानून र नीति निर्माण तथा संशोधन गरिनेछ । (रणनीति १)

२. सम्पदाको पहिचान एवम् अभिलेखीकरणका साथै सूचीकरण गर्दै लगिनेछ । (रणनीति १)

३. भाषा, साहित्य, दर्शन, संस्कृति, कला, सङ्गीत, नाट्यलगायत अभौतिक सांस्कृतिक क्षेत्रको विकास र प्रवर्द्धन गरिनेछ । (रणनीति १)

४. विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा सम्पदा संरक्षण सम्बन्धी विषय समावेश गरिनेछ । हरेक समुदायमा सम्पदाको महत्वबारे चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन र डिजिटल प्लेटफर्मको अधिकतम उपयोग गरिनेछ । (रणनीति २)

५. समुदायलाई स्थानीय ज्ञान, सीप र परम्पराको सम्मानजनक प्रयोग गर्दै समुदायको आर्थिक लाभ सिर्जना हुने गरी सम्पदा संरक्षण कार्यमा प्रोत्साहन गर्दै सांस्कृतिक महोत्सव, मेला र प्रदर्शनी आयोजना गरिनेछ। (रणनीति २)

६. सम्पदा संरक्षणको लागि अध्ययन, अनुसन्धान र प्रकाशन तथा अभिलेखीकरण, डिजिटाइजेसन (भर्चुअल टुर र इ-डकुमेन्टेसन) लाई प्रणालीगत रूपमा व्यवस्थित गरिनेछ। (रणनीति २)

७. सिर्जनशील साना तथा घरेलु परम्परागत ज्ञान तथा सीपमा आधारित उद्योगको स्थापना तथा सञ्चालनको लागि समुदायलाई विशेष प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ। ( रणनीति ३)

८. परम्परागत ज्ञान तथा सीपमा आधारित उद्योगबाट उत्पादित सामग्रीहरूलाई अन्तर्राष्ट्रिय बजार पहुँचका लागि विशेष पहल गरिनेछ। (रणनीति ३)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | संस्कृति एवम् सांस्कृतिक सम्पदाको अन्वेषण, अध्ययन, अनुसन्धान एवम् संरक्षण कार्यक्रम | पुरातात्विक, ऐतिहासिक तथा परम्परागत सामाजिक-सांस्कृतिक महत्वका स्मारक, स्मारक स्थल एवम् सम्पदा क्षेत्रको संरक्षण र प्रवर्द्धन (विश्व सम्पदा संरक्षण आयोजना, पुरातात्विक स्थल संरक्षण आयोजना) गर्ने | १/४ | ६ | सं.प.ना.उ.म., प्रदेश र स्थानीय तह | पुरातत्त्व विभाग | X | X | X | X | X |
| | | पुरातात्विक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको अध्ययन, अनुसन्धान तथा अन्वेषण, अभिलेखीकरण एवम् संरक्षण गर्ने | १/४ | ६ | सं.प.ना.उ.म., प्रदेश र स्थानीय तह | पुरातत्त्व विभाग | X | X | X | X | X |
| २ | संस्कृति प्रवर्द्धन कार्यक्रम | भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाहरूको सूचीकरण तथा अभिलेखीकरण गर्ने | १/१ | ६ | सं.प.ना.उ.म. प्रदेश र स्थानीय तह | प्रज्ञा प्रतिष्ठानहरू,पुरातत्त्व विभाग, राष्ट्रिय अभिलेखालय, सांस्कृतिक संस्थान | X | X | X | X | X |
| | | मौलिक भाषा, भाषिका तथा लिपीहरूको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा प्रवर्द्धन गर्ने | १/४ | ६ | सं.प.ना.उ.म. प्रदेश र स्थानीय तह | भाषा आयोग, नेपाल प्रज्ञा प्रतिष्ठान | X | X | X | X | X |
| | | मौलिक कला, ललित कला, साहित्य, संगीत तथा नाट्यसँग सम्बन्धित विधाहरूको उन्नयन तथा सम्वर्द्धन गर्ने | १/२,३ | ६ | सं.प.ना.उ.म. प्रदेश र स्थानीय तह | प्रज्ञा प्रतिष्ठानहरू, सांस्कृतिक संस्थान | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ३ | विशिष्ट सांस्कृतिक सम्पदा क्षेत्रको संरक्षण र विकास कार्यक्रम | लुम्बिनी गुरूयोजना बमोजिमको बाँकी कार्य सम्पन्न गर्ने | १/१ | ६ | सं.प.ना.उ.म. | पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष | X | X | X | X | X |
| | | पशुपति विकास कोषको गुरूयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने | १/१ | ६ | सं.प.ना.उ.म. | पुरातत्त्व विभाग, पशुपति क्षेत्र विकास कोष, | X | X | X | X | X |
| | | जानकी मन्दिर परिसर तथा बृहत्तर जनकपुर क्षेत्रको गुरूयोजना बनाई कार्यान्वयन गर्ने | २/१ | ६ | सं.प.ना.उ.म., प्रदेश र स्थानीय तह | पुरातत्त्व विभाग , बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्, प्रदेश सरकार | X | X | X | X | X |
| | | विश्व सम्पदा सूचीमा रहेका सम्पदाहरूको संरक्षण एवम् सम्वर्द्धन कार्यक्रम सञ्चालन गर्ने | २/१ | ६ | सं.प.ना.उ.म., प्रदेश र स्थानीय तह | पुरातत्त्व विभाग, लुम्बिनी विकास कोष, पशुपति क्षेत्र विकास कोष, प्रदेश सरकार र स्थानीय तह | X | X | X | X | X |
| ४ | सामाजिक पुँजी निर्माण तथा विस्तार कार्यक्रम | परम्परागत ज्ञान तथा सीपमा आधारित उत्पादनको पहिचान गरी त्यस्ता सामग्रीको उत्पादनको लागि उद्योग स्थापना र सञ्चालन गर्न उत्प्रेरित हुने कार्यक्रम सञ्चालन गर्ने | ३/७ | ६ | सं.प.ना.उ.म. प्रदेश र स्थानीय तह | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाई | आ.व २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | विश्वसम्पदा सूचीमा सूचीकृत सांस्कृतिक सम्पदा | सङ्ख्या | २ | ३ | ३ | ४ | ४ | ४ | वा.प्र. | सं.प.ना.उ.म. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | भूकम्पबाट क्षतिग्रस्त पुरातात्विक सम्पदा पुन:निर्माण | सङ्ख्या | २०० | ८१५ | ८४५ | ९४० | १०६५ | ११३५ | वा.प्र. | सं.प.ना.उ.म. |
| २ | लोपोन्मुख भाषाहरूको अभिलेखीकरण | सङ्ख्या | १२ | १२ | १३ | १४ | १४ | १५ | वा.प्र. | सं.प.ना.उ.म. |
| ३ | प्रतिलिपि अधिकार संरक्षण दर्ता | सङ्ख्या | २७९५ | ३०४० | ३३४० | ३६४० | ४००० | ४५०० | वा.प्र. | सं.प.ना.उ.म. |
| ४ | अभिलेख डिजिटाइजेसन | लाख | ६ | १२ | १८ | २४ | ३० | ३५ | वा.प्र. | सं.प.ना.उ.म. |

## ७. अनुमान तथा जोखिम

योजना अवधिमा तहगत सरकार, निजी क्षेत्र, सामुदायिक संस्था र नागरिकको सहभागिता, समन्वय र साझेदारीमा संस्कृति प्रवर्द्धन भएको हुनेछ। सांस्कृतिक सम्पदाको संरक्षण तथा पुनःनिर्माणले गति लिने अपेक्षा गरिएको छ। संस्कृति संरक्षणको लागि आवश्यक स्रोत साधनको व्यवस्था तथा तहगत सरकारको अपनत्व सहित यस क्षेत्रमा पर्याप्त लगानी हुने अनुमान छ। आन्तरिक तथा बाह्य बसाइँसराइले नेपाली परम्परागत संस्कृतिको संरक्षण र उन्नयनमा असर पर्ने जोखिम देखिन्छ।

## परिच्छेद ९

# प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण र सन्तुलित विकास

### ९.१ तहगत समन्वय तथा अन्तरतह सम्बन्ध

### १. पृष्ठभूमि

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था रहेको छ । सो प्रावधान अनुसार सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ तर्जुमा भई लागू भएको छ । संविधानले निर्दिष्ट गरेको प्रक्रियाबमोजिम नै सबै तहका सरकारहरूबीच कार्यजिम्मेवारी बाँडफाँट सहित कानूनी र संस्थागत प्रबन्ध गरिएको छ । प्रशासनिक पुनर्संरचना तथा कर्मचारी समायोजन लगायतका कार्य सम्पन्न भएका छन् । तथापि, अन्तरतह समन्वय सबल र प्रभावकारी हुन नसक्दा संघीयताको सुदृढीकरण, सेवा प्रवाह र विकासका गतिविधिले अपेक्षित गति लिन सकेका छैनन् । साथै, सुशासन प्रत्याभूतिको लागि तीन वटै तहमा पारदर्शी, जवाफदेही, जनउत्तरदायी, सदाचारयुक्त एवम् आधुनिक प्रविधिमा आधारित विधिको शासन कायम गर्नु आवश्यक छ । यसको लागि तहगत सरकार बीचको अधिकार, दायित्व एवम् कर्तव्य, कार्यजिम्मेवारी र समन्वयलाई सबल एवम् सुदृढ बनाउनु अपरिहार्य हुन्छ । सङ्घीय शासन प्रणालीलाई सबल तुल्याउँदै आम नागरिकमा सार्वजनिक प्रशासनप्रतिको सकारात्मक दृष्टिकोण अभिवृद्धि गराई सहज, सरल एवम् गुणस्तरीय सेवा प्रवाह गर्नुपर्नेछ । यसको लागि तीन तहमा निर्वाचित सरकारको हालसम्मको कार्यप्रगति, सिकाई, अनुभव तथा आर्थिक सामाजिक रूपान्तरणको समग्र अवस्थालाई विश्लेषण गर्दै प्रदेश र स्थानीय तहको सुदृढीकरण गर्नुपर्ने हुन्छ ।

सोह्रौं योजनाको विभिन्न परिच्छेदमा सङ्घीय शासन प्रणाली, सङ्घीयता कार्यान्वयन तथा तहगत सरकारको अन्तरसम्बन्ध र समन्वयको विषयमा उल्लेख गरिएको छ । तहगत सम्बन्ध र अन्तरसरकार समन्वय सम्बन्धी विषयमा छुट्टै परिच्छेद अन्तर्गत विश्लेषण नभएता पनि विभिन्न परिच्छेदमा यो विषय अन्तरसम्बन्धित रहेको छ । तहगत समन्वय सम्बन्धी रणनीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट शासकीय सुधार, आर्थिक तथा सामाजिक विकास लगायतका विविध क्षेत्रमा सिर्जना हुनसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन कार्ययोजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. प्रदेश तथा स्थानीय तहको सवलीकरण, सुदृढीकरण तथा सङ्घीय एकाइहरूबीच प्रभावकारी समन्वय कायम गर्नु ।

२. सार्वजनिक प्रशासनमा सदाचारी, व्यवसायिक एवम् उत्तरदायी जनशक्तिको प्राप्ति, विकास र उपयोग सुनिश्चित गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. प्रदेश तथा स्थानीय तहको दिगो र सन्तुलित आर्थिक तथा सामाजिक विकासको लागि तहगत समन्वय र सहजीकरण गर्ने । (९.४.१, ९.४.४)

२. सङ्घ र प्रदेश तथा स्थानीय तह एवम् प्रदेश र स्थानीय तहबीच प्रशासनिक, आर्थिक तथा वित्तीय अन्तरसम्बन्ध सुदृढ गर्ने । (९.४.८)

३. प्रदेश तथा स्थानीय तहको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गर्ने । (९.४.८ )

४. प्रदेश तथा स्थानीय तहको अनुदान हस्तान्तरण पद्दतिलाई समन्यायिक, सन्तुलित तथा विकासका राष्ट्रिय लक्ष्य हासिल गर्नेगरी आवद्ध गर्ने । (९.४.२)

५. खुला सरकारको अवधारणा अवलम्बन गरी सार्वजनिक सेवामा सुशासन कायम गर्न जनउत्तरदायी, पारदर्शी, सहभागितामूलक तथा कानूनको परिपालना गर्ने वातावरण तयार गर्ने। (१२.४.६)

६. सरकारी कर्मचारीको नैतिकता, सदाचारिता, निष्ठा र आध्यात्मिक बुद्धिमत्ता अभिवृद्धि गर्न नीति तथा कानूनमा सुधार गर्ने। (१२.४.८)

७. विद्युतीय माध्यम तथा नवीनतम् प्रविधिको उच्चतम उपयोग तथा कर्मचारीको मनोबल उच्च गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्ने। (१२.४.२)

## ४. कार्यनीति

१. विकास सम्बन्धी सवालमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्ने संयन्त्र निर्माण गरिनेछ। (रणनीति १)

२. सबै स्थानीय तहले आवधिक योजना तथा निर्धारित समयमा मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न सहजीकरण गरिनेछ। (रणनीति १)

३. आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटको कार्यान्वयनमा तहगत समन्वयलाई प्रभावकारी बनाइनेछ। (रणनीति १)

४. तीन तहका आयोजना बैंकबीच अन्तरआवद्धता कायम गरिनेछ। (रणनीति १)

५. राष्ट्रिय लक्ष्य एवम् मानक प्राप्तिमा योगदान पुऱ्याउँदै समन्याय तथा सन्तुलन कायम गर्न सूचकांकको आधारमा प्रदेश र स्थानीय तहमा प्रदान गरिने सशर्त अनुदानको ढाँचा निर्माण गरिनेछ। (रणनीति १)

६. स्थानीय तहको समन्वय, अनुगमन र प्रतिवेदन प्रणालीमा जिल्ला समन्वय समितिको भूमिका प्रभावकारी बनाइनेछ। (रणनीति १)

७. सङ्घ, प्रदेश र स्थानीय तहको सेवाबीच प्रशासनिक साझेदारी र अन्तरसम्बन्ध कायम गरिनेछ। (रणनीति २)

८. सङ्घीय निजामती सेवा तथा अन्य सरकारी सेवाको गठन तथा सञ्चालनसम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ। (रणनीति २)

९. प्रदेश निजामती सेवा र अन्य सेवा तथा स्थानीय सेवाको संगठन संरचना सम्बन्धी नीतिगत आधार तयार गरिनेछ। (रणनीति २)

१०. सङ्घ, प्रदेश तथा स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिको क्षमता विकासको लागि आवश्यक नीतिगत तथा संस्थागत संरचनाको व्यवस्था गरिनेछ। (रणनीति ३)

११. स्थानीय तहका लागि आवश्यक नमूना कानून निर्माण, विद्यमान कानूनको अभिलेखीकरण र पुनरावलोकनका विषयमा समन्वय र सहजीकरण गरिनेछ। (रणनीति ३)

१२. स्थानीय तहको संस्थागत विकासको लागि सरोकारवाला निकायहरूसँग समन्वय गरिनेछ। (रणनीति ३)

१३. सङ्घीयतासँग सम्बन्धित विषयमा अन्तर्राष्ट्रिय अनुभवको आदानप्रदान, अध्ययन अनुसन्धान, असल अभ्यासको अभिलेखीकरण, प्रचारप्रसार र अवलम्बन गरिनेछ। (रणनीति ३)

१४. स्थानीय तहको शासकीय क्षमता स्वमूल्याङ्कन गरी क्षमता विकास रणनीति तर्जुमा र कार्यक्रम कार्यान्वयन गरिनेछ। (रणनीति ४)

१५. स्थानीय तहको शासकीय क्षमता स्वमूल्याङ्कनको नतिजालाई अनुदान वितरणको आधारको रूपमा अवलम्बन गर्न समन्वय र सहजीकरण गरिनेछ। (रणनीति ४)

१६. सामाजिक समावेशीकरण, वातावरणमैत्री स्थानीय शासन, बालमैत्री स्थानीय शासन, पोषणयुक्त स्थानीय शासन जस्ता अभियानमूलक कार्यक्रमको मापदण्ड तयारी तथा समन्वय र सहजीकरण गरिनेछ। (रणनीति ४)

१७. विकासका राष्ट्रिय लक्ष्य प्राप्तिको लागि प्रादेशिक र स्थानीय पूर्वाधार विकासमा समन्वय, सहकार्य र साझेदारी विकास गरिनेछ। (रणनीति ४)

१८. सार्वजनिक सेवा र सेवा प्रवाहसँग सम्बन्धित कर्मचारी प्रशासनलाई जनमुखी र परिणामुखी बनाउन सार्वजनिक सेवा सम्पादन सम्बन्धी विशेष सार्वजनिक सेवा कार्यसम्पादन ऐन निर्माण गरिनेछ। (रणनीति ५)

१९. व्यवस्थापन परीक्षण र कार्य परीक्षणलाई प्रभावकारी रूपमा लागु गरिनेछ। (रणनीति ५)

२०. सार्वजनिक सेवामा आबद्ध पदाधिकारी तथा कर्मचारीसँग गरिने कार्यसम्पादन करारलाई नतिजामूलक बनाइनेछ। (रणनीति ६)

२१. कर्मचारीलाई उत्प्रेरक बनाई कार्यस्थलको वातावरण स्वच्छ र कार्यमूलक बनाइनेछ। (रणनीति ६)

२२. राष्ट्रसेवकले राज्यबाट प्राप्त गर्ने सेवा सुविधालाई समयानुकुल सुधार गर्दै लगिनेछ। (रणनीति ७)

२३. सङ्घ, प्रदेश र स्थानीय तहबाट प्रवाह हुने सेवालाई छिटो, छरितो, चुस्त, दुरूस्त तथा प्रभावकारी बनाउन अनुहाररहित र कागजरहित बनाइनेछ। (रणनीति ७)

२४. सार्वजनिक सेवा प्रवाहलाई लक्षित वर्गका सेवाग्राहीको माग र आवश्यकतालाई सम्बोधन हुने गरी सेवा तथा सहायता प्रदान गर्न प्रशासनिक व्यवस्था सुधार गरिनेछ। (रणनीति ७)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | अन्तरतह समन्वय र सहकार्य सुदृढीकरणसँग सम्बन्धित कार्यक्रम | विकास सम्बन्धी सवालमा समन्वय गर्न तीन वटै तहको प्रतिनिधित्व सहितको संयन्त्र विकास गर्ने | ५ | ६ | राष्ट्रिय योजना आयोग | प्र.म.म.प.का., सं.मा.सा.प्र.म.. | X | X | | | |
| | | तीन तहबीच विकास सम्बन्धी समन्वयका क्षेत्र पहिचान गर्ने | ५ | ६ | राष्ट्रिय योजना आयोग | प्र.म.म.प.का., सं.मा.सा.प्र.म.. | | X | X | | |
| | | आवधिक योजना तर्जुमा सम्बन्धमा तीन तहबीच समन्वय कायम गर्ने | ५ | ६ | राष्ट्रिय योजना आयोग | प्र.म.म.प.का., सं.मा.सा.प्र.म.. | X | X | X | X | X |
| | | प्रदेश र स्थानीय तहमा आयोजना बैंक विकास तथा सञ्चालन गर्न सहजीकरण र तीन तहका आयोजना बैंकबीच अन्तरआवद्धता कायम गर्ने | ५ | ६ | राष्ट्रिय योजना आयोग | प्र.म.तथा म.प. कार्यालय, अर्थ मन्त्रालय, सं.मा.सा.प्र.म.. | X | X | X | X | X |
| | | स्थानीय तहको सन्तुलित विकासको लागि गरिबी, मानव विकास लगायतका समष्टिगत तथा क्षेत्रगत सूचक निर्माण गर्ने | ५ | ६ | राष्ट्रिय योजना आयोग राष्ट्रिय तथ्यांक कार्यालय | प्र.म.म.प.का., अर्थ मन्त्रालय | | X | X | | |
| | | संघबाट स्थानीय तहमा प्रदान गरिने सशर्त अनुदान पद्दतिको अध्ययन गर्ने | ५ | ६ | राष्ट्रिय योजना आयोग रा.प्रा.सो.वि.आ. | प्र.म.म.प.का., सं.मा.सा.प्र.म.., अर्थ मन्त्रालय, रा.प्रा.स्रो.वि.आ. | | X | | | |
| | | राष्ट्रिय लक्ष्य तथा समन्याय तथा सन्तुलनमा आधारित रहेर स्थानीय तहमा | ५ | ६ | राष्ट्रिय योजना आयोग | प्र.म.म.प.का., सं.मा.सा.प्र.म.., अर्थ | | X | X | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदान गरिने सशर्त अनुदानको उपयुक्त ढाँचा निर्माण गर्ने | | | | मन्त्रालय, रा.प्रा.स्रो.वि.आ. | | | | | |
| | | प्रदेशको आर्थिक सामाजिक पूर्वाधार विकासमा समन्वय र सहजीकरण गर्ने | ५ | ६ | राष्ट्रिय योजना आयोग | प्र.म.म.प.का., अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | स्थानीय तहको आर्थिक सामाजिक पूर्वाधार विकासमा समन्वय र सहजीकरण गर्ने | ५ | ६ | सं.मा.सा.प्र.म.. राष्ट्रिय योजना आयोग | प्र.म.म.प.का., अर्थ मन्त्रालय | X | X | X | X | X |
| २ | प्रदेश सवलीकरण कार्यक्रम | प्रदेशको योजना प्रणाली सुदृढीकरण गर्न सहजीकरण गर्ने | ५ | ६ | राष्ट्रिय योजना आयोग प्र.म.म.प.का. | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | प्रदेशका कर्मचारीको लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास गर्ने | ३ | ६ | राष्ट्रिय योजना आयोग | प्र.म.म.प.का. | | X | X | X | X |
| ३ | स्थानीय तहको क्षमता सुदृढीकरण कार्यक्रम | स्थानीय तहको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तर्जुमामा सहजीकरण गर्ने | ५ | ६ | सं.मा.सा.प्र.म. | प्र.म.म.प.का., अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | स्थानीय तहका पदाधिकारी तथा कर्मचारीका लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | सं.मा.सा.प्र.म. | राष्ट्रिय योजना आयोग | | X | X | X | X |
| | | स्थानीय तहको योजना, अनुगमन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाई सम्बन्धित जिल्ला समन्वय समितिमार्फत् कार्यान्वयन गराउने | ३ | ६ | सं.मा.सा.प्र.म. | राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | स्थानीय तहले जारी गरेका कानूनको तुलनात्मक अध्ययन गरी परिमार्जनका लागि सहजीकरण गर्ने | १ | ६ | सं.मा.सा.प्र.म. | का.न्या.सं.मा.म. र सम्बन्धित विषयगत मन्त्रालय | X | X | X | X | X |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीय तहलाई प्रदान गरेका कार्यजिम्मेवारीसँग बाझिने गरी जारी भएका सङ्घीय तथा प्रदेश कानूनको अध्ययन गरी सुधारका लागि पृष्ठपोषण प्रदान गर्ने | १ | ६ | सं.मा.सा.प्र.म. | का.न्या.सं.मा.म.र सम्बन्धित विषयगत मन्त्रालय | | X | X | | |
| | | स्थानीय तहको कानून निर्माणमा संलग्न संयन्त्रको क्षमता विकास गर्ने | ३ | ६ | सं.मा.सा.प्र.म. | का.न्या.सं.मा.म. र सम्बन्धित विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | स्थानीय तहले हासिल गरेका असल अभ्यासको आदानप्रदान तथा प्रकाशन गर्ने | ३ | ६ | सं.मा.सा.प्र.म. | राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | सबै स्थानीय तहमा एकीकृत संस्थागत स्वःमूल्याङ्कन नतिजा प्रणाली विकास गर्ने | ४ | ६ | सं.मा.सा.प्र.म. | राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| ४ | प्रशासनिक संघीयता सवलीकरण | संघ, प्रदेश र स्थानीय तीनै तहका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा गर्ने | २ | ६ | सं.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म., अर्थ मन्त्रालय | | X | | | |
| | | सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको व्यवस्थापन परीक्षणलाई प्रभावकारी बनाउने | १ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का. | X | X | X | X | X |
| | | सङ्घ, प्रदेश र स्थानीय तहको स्वीकृत दरबन्दी, कार्यरत कर्मचारी र रिक्त दरबन्दीको विवरण अद्यावधिक गर्ने एकीकृत प्रणाली (GHRMIS) स्थापना गरी कार्यान्वयनमा ल्याउने | २ | ६ | सं.मा.सा.प्र.म. | प्र.म.म.प.का., अर्थ मन्त्रालय | | X | X | X | X |
| | | प्रदेश र स्थानीय तहका कर्मचारीको व्यवसायिक दक्षता अभिवृद्धि गर्न | ३ | ६ | सं.मा.सा.प्र.म. | विषयगत मन्त्रालय | X | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | तालिमका पाठ्यक्रम र मोड्युल समसामयिक बनाउने | | | | | | | | | |
| | | सरकारी सेवाको एकीकृत राष्ट्रिय नीति तर्जुमा गरी सङ्घ, प्रदेश र स्थानीय तहको लागि मार्गदर्शक नीतिको रूपमा लागू गर्ने | १ | ६ | सं.मा.सा.प्र.म. | का.न्या.सं.मा.म., अर्थ मन्त्रालय | X | X | X | X | X |
| ५ | सार्वजनिक सेवामा मानव संसाधन व्यवस्थापन | एकीकृत राष्ट्रिय नीतिको आधारमा निजामती तथा अन्य सरकारी सेवाका लागि विशिष्टीकृत नीति तर्जुमा गर्ने | १ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म., अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | सङ्घीय निजामती सेवा नियमावली तर्जुमा गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म., अर्थ मन्त्रालय | X | X | | | |
| | | निजामती कर्मचारीको राष्ट्रिय तालिम नीति परिमार्जन गरी समसायिक बनाउने | १ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म., अर्थ मन्त्रालय | X | X | X | | |
| | | निजामती कर्मचारी कल्याण राष्ट्रिय नीति तर्जुमा गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म., अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | विद्यमान कानूनी व्यवस्था परिमार्जन गरी कर्मचारी कल्याणको क्षेत्र विस्तार गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म., अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | कर्मचारीको व्यवसायिक दक्षता अभिवृद्धि गर्न तालिमका पाठ्यक्रम र मोड्युल समसामयिक बनाउने | ३ | ६ | स.मा.सा.प्र.म. | | X | X | X | X | X |
| | | तालिम प्रदायक निकायबीच पाठ्यक्रममा सामञ्जस्यता कायम गर्ने तथा ती निकायको संस्थागत क्षमता विकास गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | | X | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्घीय तहका नीति निर्माताको लागि तालिम प्रदान गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | | X | X | X | X | X |
| | | निजामती र अन्य सरकारी सेवामा सञ्चालन गरिने अध्ययन अनुसन्धानमा विश्वविद्यालयसँग सहकार्य गर्ने | १ | ६ | स.मा.सा.प्र.म. | विश्वविद्यालयहरु | X | X | X | X | X |
| ६ | सार्वजनिक सेवा प्रवाह सुधार कार्यक्रम | सरकारी सेवा प्रवाह गर्दा पालना गर्नुपर्ने न्यूनतम मापदण्ड समेटिएको ढाँचा तयार गरी कर्मचारीलाई सुसूचित गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म., अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | विद्यमान कानूनी व्यवस्था र जनअपेक्षा समेतको आधारमा कर्मचारीले पालना गर्नुपर्ने मानवीय मूल्य तथा नैतिक मूल्यसूची सहितको मूल्य ढाँचा तयार गर्ने | २ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का. | X | X | X | X | X |
| | | सरकारी कर्मचारीले पालना गर्नुपर्ने शिष्टाचार र सदाचार सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने | २ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म., अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारीको लागि पेशागत आचारसंहिता तर्जुमा गरी लागू गर्ने | २ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म. | X | X | X | X | X |
| | | निजामती सेवाको भर्ना, पदस्थापना, सरूवा तथा बढुवालाई वैज्ञानिक र पूर्वानुमानयोग्य बनाउने | १ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म., लोक सेवा आयोग | X | X | X | X | X |
| | | कर्मचारीको मौद्रिक र गैर मौद्रिक सुविधाको पुनरावलोकन गर्ने | १ | ६ | स.मा.सा.प्र.म. | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | कर्मचारीको कार्यस्थललाई मर्यादित बनाउन सेवा भित्रको कार्य प्रकृति अनुसार व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा नीति तर्जुमा गरी लागू गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., श्र.रो.सा.सु.म. | X | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वैदेशिक अध्ययन तथा अवलोकन भ्रमणबाट सिकेका असल अभ्यासलाई नेपालको परिवेश अनुकूल अवलम्बन गर्न केन्द्रीय निकायमा इनोभेसन ल्याब स्थापना गर्ने | १ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का. | X | X | X | X | X |
| | | विभागीय प्रमुख, कार्यालय तथा आयोजना प्रमुख जस्ता विशेष जिम्मेवारीमा पदस्थापन गर्ने मापदण्ड तयार गरी सोको आधारमा जिम्मेवारी दिने | २ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का. | X | X | X | X | X |
| | | कार्यविवरणमा आधारित वस्तुगत सूचक समावेश गरी कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन प्रणालीलाई परिमार्जन गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का. | X | X | X | X | X |
| | | विभागीय प्रमुख, आयोजना प्रमुख र कार्यालय प्रमुखको पदमा कार्यरत कर्मचारीलाई आफ्नो कार्यविवरण र कार्यसम्पादन सम्झौताको स्वमूल्याङ्कन गर्ने पद्धति अवलम्बन गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का. | X | X | X | X | X |
| | | कार्य सम्पादन प्रोत्साहन कोष स्थापना गरी कर्मचारीको कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने प्रणाली स्थापना गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | विश्वविद्यालय, निजी क्षेत्र, नागरिक समाज र प्रशासनिक संयन्त्रबीच निरन्तर सम्वाद कार्यक्रम सञ्चालन गर्ने | १ | ६ | स.मा.सा.प्र.म. | विश्वद्यालयहरु, निजी क्षेत्र | X | X | X | X | X |
| | | प्रशासन सुधारको लागि सङ्घ तथा प्रदेश तहमा नीति सम्वाद मञ्च स्थापना गरी सञ्चालन गर्ने | १ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का. | X | X | X | X | X |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्तराधिकारी योजना सम्बन्धी अवधारणालाई कार्यान्वयन गर्न सेवा निवृत्तिको चरणमा रहेका कर्मचारीले अनुभव हस्तान्तरण गर्ने व्यवस्था गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का. | X | X | X | X | X |
| | | अग्रभागमा रही सेवा प्रवाह गर्ने कार्यालय तथा कर्मचारीलाई स्रोत साधन र अधिकार सहित उत्तरदायित्व सुनिश्चित गराउने कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने | १ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., का.न्या.सं.मा.म., अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | सेवा प्रवाह गर्ने समान प्रकृतिका कार्यालय बीच प्रतिष्पर्धा गराई प्रभावकारी सेवा प्रवाह गर्ने उत्कृष्ट कार्यालय र कर्मचारीलाई मापदण्ड बनाई पुरस्कृत गर्ने | ४ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | कार्यालयलाई नागरिकमैत्री, आधुनिक, वातावरणमैत्री र सुरक्षित बनाउने न्यूनतम आधार तयार गर्ने | ३ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का./कानून मन्त्रालय/अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | नागरिक एपमा आवद्ध गर्न सचेतना कार्यक्रम सञ्चालन गर्ने | २ | ६ | गृह मन्त्रालय | प्र.म.म.प.का.<br>प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | सेवा प्राप्तिको लागि भर्नुपर्ने फाराम तथा निवेदनको ढाँचालाई सरल र सूचना प्रविधिमा आधारित बनाउने | ४ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का. | X | X | X | X | X |
| | | कार्यालयको भौतिक संरचनालाई सेवाग्राहीमैत्री बनाउन क्युबिकल मोडेल लगायतका आधुनिक एवम् वैज्ञानिक ढाँचा अवलम्बन गर्ने | ४ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का. | X | X | X | X | X |
| | | सूचना प्रविधिको उपयोग गरी विपद्को समयमा कार्यालय सम्बन्धी नियमित कार्य र सेवा प्रवाहको सुनिश्चितताको लागि घरबाटै | ४ | ६ | स.मा.सा.प्र.म. | प्र.म.म.प.का., गृह मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | काम (Work from home) र घरमै सेवा (Service at home) प्रणाली विकास गर्ने | | | | | | | | | |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.५४ | ०.५५ | ०.५६ | ०.५८ | ०.६० | वि.बैं.प्र. | प्र.म.म.प.का. |
| | **असर** | | | | | | | | | |
| २ | व्यवस्थापन परीक्षण (वार्षिक) गरिएका मध्ये A (७५-९० अंक) र A+(९०+अंक) स्तर प्राप्त गर्ने कार्यालय | प्रतिशत | - | - | १५ | २० | २५ | ३० | वा.प्र. | सं.मा.सा.प्र.म. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | व्यवस्थापन परीक्षण (वार्षिक) | संख्या | १६ | ४० | ४० | ४० | ४० | ४० | वार्षिक प्रतिवेदन | सं.मा.सा.प्र.म. |
| २ | एकीकृत प्रणाली (GHRMIS) मा जोडिएका स्थानीय तह | सङ्ख्या | - | ३०० | ४०० | ५०० | ६०० | ७५३ | वार्षिक प्रतिवेदन | सं.मा.सा.प्र.म. |
| ३ | संघका कर्मचारी प्रशिक्षण/तालिम (अधिकृतस्तर) (वार्षिक) | जना | २३५४ | २४०० | २८०० | ३००० | ३२०० | ३२०० | वा.प्र. | सं.मा.सा.प्र.म. |
| ४ | संघका कर्मचारी प्रशिक्षण/तालिम (राजपत्र अनंकित) (वार्षिक) | जना | ५८५ | ६४० | ८०० | ९५० | ११०० | १३०० | वा.प्र. | सं.मा.सा.प्र.म. |
| ५ | कानूनले तोकेको समयभित्र वार्षिक बजेट तर्जुमा गर्ने स्थानीय तह | संख्या | ६८६* | ७५३ | ७५३ | ७५३ | ७५३ | ७५३ | वा.प्र. | सं.मा.सा.प्र.म. |

## ७. अनुमान तथा जोखिम

सङ्घीय शासन प्रणाली व्यवस्थापनको सन्दर्भमा सरोकारवालाबीच सङ्घीयताबारे समान बुझाइ र समझदारी कायम हुनेछ । एकल तथा साझा अधिकारको विषयमा कानून निर्माण तथा जनप्रतिनिधि र कर्मचारी बीचको अन्तरसम्बन्ध तथा सीमा परिभाषित तथा समन्वयात्मक र सहयोगात्मक भावनाबाट कार्यसम्पादन भएको हुनेछ । तीन तहबाट सम्पादन हुने सेवा प्रवाह सन्तुलित, मितव्ययी, पारदर्शी, जवाफदेही, जनमुखी एवम् सदाचारयुक्त भएको हुनेछ । सो नभएमा उल्लखित कार्यक्रम कार्यान्वयन नहुने तथा निर्धारित लक्ष्य हासिल नहुने जोखिम रहेको छ ।

## ९.२ अन्तरसरकारी वित्त

### १. पृष्ठभूमि

सङ्घीय शासन प्रणालीको अवलम्बनसँगै तीन तहका सरकारले वार्षिक बजेट तर्जुमा र कार्यान्वयन मार्फत विकास निर्माणको कार्य गर्दै आएका छन्। प्रदेश तथा स्थानीय तहले पेश गर्ने वार्षिक बजेटको महत्त्वपूर्ण स्रोतको रूपमा सङ्घीय बजेट मार्फत हुने वित्तीय हस्तान्तरण रहेको छ। राजस्व प्रदेश तथा स्थानीय तहलाई संघबाट संकलित बाँडफाँट र विभिन्न किसिमका अनुदान हस्तान्तरण हुँदै आएको छ। यसको अतिरिक्त राजस्वको एकल अधिकार मार्फत प्रदेश र स्थानीय तहमा आन्तरिक राजस्व परिचालन हुदै आएको छ। तहगत सरकारको वित्तीय अन्तर पूर्ति गर्ने गरी राजस्व बाँडफाँट, अनुदान हस्तान्तरण, सार्वजनिक ऋणको उचित उपयोग र आन्तरिक राजस्व क्षमता वृद्धि गरी अन्तरसरकारी वित्त व्यवस्थापनलाई दिगो बनाउनु चुनौतिको रूपमा रहेको छ। आगामी दिनमा तीन तहकै सरकारले आन्तरिक स्रोतको परिचालन तथा कुशल विनियोजन र खर्चमा दक्षता ल्याउनु आवश्यक देखिएको छ। सो अनुसार सुशासन, आर्थिक, सामाजिक र पूर्वाधार क्षेत्रसँगको समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको विश्लेषण सहित यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

अन्तर सरकारी वित्त व्यवस्थापनलाई पूर्वानुमानयोग्य, स्वचालित र समन्वयात्मक बनाई वित्तीय संघीयता सवलीकरण गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. वित्तीय संघीयताको सवलीकरणको लागि नीतिगत, कानूनी र संरचनागत सुधार गर्ने। (९.४.१)

२. खर्चको आवश्यकता, राजस्व क्षमता र समन्यायिक विकासको आधारमा वित्तीय दायरा विस्तार एवम् वित्तीय हस्तान्तरण गर्ने। (२.४.१५, ९.४.६)

३. तहगत सरकारको खर्च गर्ने क्षमता अभिवृद्धि हुनेगरी अन्तर सरकारी वित्त व्यवस्थापन गर्ने। (११.४.८)

### ४. कार्यनीति

१. संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कार्यविस्तृतिकरण प्रतिवेदन परिमार्जन गरी तीनै तहको कार्यजिम्मेवारीलाई स्पष्ट गरिनेछ। (रणनीति १)

२. एकल तथा साझा अधिकार सूचीमा रहेका वित्तसम्बन्धी विषय कार्यान्वयनको लागि विद्यमान कानूनी व्यवस्थालाई आवश्यकता अनुसार परिमार्जन गरिनेछ। (रणनीति १)

३. प्राकृतिक स्रोत परिचालनको लागि तीन तहका सरकारबीच लगानी तथा प्रतिफल बाँडफाँट सम्बन्धमा एकीकृत कानून निर्माण गरिनेछ। (रणनीति १)

४. संघबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने अनुदानको रकम खातामा निस्कृय नहुने गरी कानून परिमार्जन गरिनेछ। (रणनीति १)

५. संघबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने अनुदानलाई कार्यजिम्मेवारी र राजस्व परिचालन गर्नसक्ने क्षमतासँग आवद्ध गर्दै लगिनेछ। (रणनीति २)

६. सङ्घ, प्रदेश तथा स्थानीय तहको आवश्यकता र कार्य जिम्मेवारीको आधारमा वित्त हस्तान्तरणलाई वस्तुगत, वैज्ञानिक तथा समन्यायिक बनाइनेछ। (रणनीति २)

७. राष्ट्रिय विकास लक्ष्य तथा प्राथमिकतालाई तहगत सरकार मार्फत् कार्यान्वयन गर्न वित्तीय हस्तान्तरणलाई थप प्रभावकारी र प्रोत्साहनमूलक बनाइनेछ। (रणनीति २)

८. संघ, प्रदेश तथा स्थानीय तहको राजस्व अधिकारको दायरा र आधार बढाउन राजस्व सम्भाव्यता अध्ययन गरिनेछ। (रणनीति २)

९. गैरकर राजस्वलाई वस्तु तथा सेवा प्रवाह, नियमन एवम् कानून कार्यान्वयन, व्यवसायिक कार्यमा सहजीकरण जस्ता पक्षबाट विश्लेषण गरी तिर्नसक्ने क्षमता र सेवा लागतको आधारमा यसका दर निर्धारण गर्न एकीकृत कानूनी व्यवस्था गरिनेछ। (रणनीति २)

१०. तीन तहको सरकारको कार्यजिम्मेवारी बमोजिम खर्चको आवश्यकता निर्धारणको लागि आवश्यक पर्ने सेवा तथा पूर्वाधारको न्यूनतम मानक तथा मानदण्ड निर्धारण गरिनेछ। (रणनीति २)

११. योजना तर्जुमा, आयोजना सुशासन र वित्तीय उत्तरदायित्व सम्बन्धमा संस्थागत क्षमता विकास गरिनेछ। (रणनीति ३)

१२. प्रदेश र स्थानीय तहको खर्च क्षमता र वित्तीय कुशलता बढाउन संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। (रणनीति ३)

१३. योजना कार्यान्वयनमा देखिएको दोहोरोपना हटाउन तीन तहका आयोजना बैंकहरूबीचमा अन्तरआवद्धता विकास गरिनेछ। (रणनीति ३)

१४. वित्तीय न्यूनता सम्बोधन गर्न प्रदेश तथा स्थानीय तहको आन्तरिक ऋण परिचालन क्षमता विकास गरी पुँजीगत खर्चको वैकल्पिक स्रोतको रूपमा परिचालन गर्न सहजीकरण गरिनेछ। (रणनीति ३)

१५. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामूलक बनाउन तीन तहका सरकारहरूबीचको समन्वयमा सहभागितामूलक अनुगमन प्रणाली अवलम्बन गरिनेछ। (रणनीति ३)

१६. अन्तर प्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद् र अन्तर सरकारी वित्त परिषद्को बैठकलाई नियमित र नतिजामूलक बनाई तीन तहको बीचमा देखिएका असमझदारीलाई न्यून गर्दै समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तलाई मजबुत बनाइनेछ। (रणनीति ३)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | वित्तीय संघीयता सवलीकरण कार्यक्रम | कार्यविस्तृतिकरण प्रतिवेदन परिमार्जन गरी कार्य जिम्मेवारीको स्पष्टता कायम गर्ने | १ | १ | प्र.म.म.प.का. | विषयगत मन्त्रालय, प्रदेश र स्थानीय तह | X | X | X | | |
| | | एकल तथा साझा अधिकार सूचीमा रहेका वित्तसम्बन्धी विषयको कार्यान्वयनको लागि कानून परिमार्जन गर्ने | १ | १ | अर्थ मन्त्रालय, रा.प्रा.स्रो.वि.आ. | का.न्या.सं.मा.म., राष्ट्रिय योजना आयोग | | X | X | X | X |
| | | प्राकृतिक स्रोतको परिचालनको लागि तीन तहका सरकारबीच लगानी तथा प्रतिफल बाँडफाँट सम्बन्धमा एकीकृत कानून निर्माण गर्ने | १ | १ | प्र.म.म.प.का. अर्थ मन्त्रालय | ऊ.ज.सिँ.म., भू.स.ग.नि.म., उ.वा.आ.म., सं.प.ना.उ.म. व.वा.म., का.न्या.सं.मा.म., रा.यो.आ. | | X | X | | |
| | | संघबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण हुने रकम स्थानान्तरण गर्दा रकम खातामा निस्कृय रहने अवस्थाको अन्त्य गर्न कानून परिमार्जन गर्ने | १ | १ | अर्थ मन्त्रालय | का.न्या.सं.मा.म., प्रा.स्रो.वि.आ. | | X | X | | |
| | | अन्तर प्रदेश परिषद्, राष्ट्रिय समन्वय परिषद् र अन्तर सरकारी वित्त परिषद्को बैठकलाई नियमित बनाउने | ३ | १ | प्र.म.म.प.का., अर्थ मन्त्रालय | रा.यो.आ., विषयगत मन्त्रालय/निकाय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| २ | अन्तरसरकारी वित्त व्यवस्थापन कार्यक्रम | राष्ट्रिय विकास लक्ष्य तथा प्राथमिकतालाई तहगत सरकार मार्फत् कार्यान्वयन गर्न वित्तीय हस्तान्तरणलाई पारदर्शी र प्रोत्साहनमूलक बनाउने | २ | १ | अर्थ मन्त्रालय, रा.प्रा.स्रो.वि.आ. | रा.यो.आ., विषयगत मन्त्रालय/निकाय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | संघ, प्रदेश तथा स्थानीय तहको राजस्व सङ्कलनको दायरा र आधार बढाउन सम्भाव्यता अध्ययन गर्ने | २ | १ | अर्थ मन्त्रालय रा.प्रा.स्रो.वि.आ., | विषयगत मन्त्रालय, प्रदेश र स्थानीय तह | | X | X | X | |
| | | प्रदेश तथा स्थानीय तहको गैरकर राजस्वको दर निर्धारण गर्न एकीकृत कानून निर्माण गर्ने | २ | १ | अर्थ मन्त्रालय विषयगत मन्त्रालय | प्रदेश र स्थानीय तह, रा.प्रा.स्रो.वि.आ., का.न्या.सं.मा.म. | | X | X | | |
| | | कार्यजिम्मेवारी बमोजिमको खर्चको आवश्यकता निर्धारणको लागि आवश्यक पर्ने सेवा तथा पूर्वाधारको न्यूनतम मानक तथा मानदण्ड विकास गर्ने | २ | १ | प्र.म.म.प.का., रा.यो.आ. | रा.प्रा.स्रो.वि.आ., अर्थ मन्त्रालय, विषयगत मन्त्रालय | | X | X | X | |
| | | क्षेत्रगत शर्त सहित सशर्त अनुदानलाई एकमुष्ट हस्तान्तरण गर्ने सम्बन्धमा अध्ययन गर्ने | २ | १ | अर्थ मन्त्रालय, रा.यो.आ. | रा.प्रा.स्रो.वि.आ. | | X | X | | |
| | | योजना तर्जुमा, आयोजना सुशासन र वित्तीय उत्तरदायित्व सम्बन्धी संस्थागत सुधार गर्ने | ३ | १ | प्र.म.म.प.का. | अर्थ मन्त्रालय, रा.यो.आ. | X | X | X | X | X |
| | | योजना तर्जुमा, आयोजना सुशासन र वित्तीय उत्तरदायित्व सम्बन्धी क्षमता अभिवृद्धि गर्ने | ३ | १ | सं.मा.सा.प्र.म.., प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय, रा.यो.आ. | X | X | X | X | X |
| | | तीन तहका आयोजना बैंकको अन्तर आवद्धताको लागि एकीकृत आयोजना व्यवस्थापन सूचना प्रणाली विकास गर्ने | ३ | १ | रा.यो.आ., प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय, स.सू.प्र.म., विषयगत मन्त्रालय | | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामूलक बनाउन तीन तहका सरकारहरूबीचको समन्वयमा सहभागितामूलक अनुगमन प्रणाली विकास गर्ने | ३ | १ | प्र.म.म.प.का., रा.यो.आ. | प्रदेश र स्थानीय तह, स.सू.प्र.म. | | X | X | X | X |
| | | वित्तीय न्यूनता सम्बोधन गर्न प्रदेश तथा स्थानीय तहको आन्तरिक ऋण परिचालन क्षमता विकास गरी पुँजीगत खर्चको वैकल्पिक स्रोतको विकास गर्ने | ३ | १ | अर्थ मन्त्रालय | प्र.म.म.प.का. | | X | X | X | X |

## ७. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कुल सङ्घीय बजेटमा वित्त हस्तान्तरणको अंश | प्रतिशत | २२.८ | २२.० | २१.३ | १८.३ | १८.३ | १८.३ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| | **असर** | | | | | | | | | |
| १ | कुल संघीय राजस्वको अनुपातमा वित्त हस्तान्तरण | प्रतिशत | ३५.५ | ३०.८ | ३१.८ | ३२.७ | ३२.६ | ३२.६ | वा.प्र. | अर्थ मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | अध्ययन, अनुसन्धान तथा अन्तरक्रिया कार्यक्रम | पटक | ४१ | ४२ | ४६ | ५० | ५० | ५० | वा.प्र. | रा.प्र.स्रो.वि.आ. |
| २ | आयोगबाट हुने सिफारिस र प्रतिवेदनमा प्रयोग गरिने तथ्याङ्क तथा सफ्टवेयर अद्यावधिक | पटक | ५ | १ | २ | ३ | ४ | ५ | वा.प्र. | रा.प्र.स्रो.वि.आ. |

### ७. अनुमान तथा जोखिम

योजना अवधिमा तीनै तहका वित्त नीति बीच सामञ्जस्यता कायम भई तीन तहका सरकारमा लक्ष्य बमोजिम राजस्व परिचालन तथा पुँजीगत खर्च बढ्ने अपेक्षा गरिएको छ । यस सम्बन्धमा संघीय इकाइका तीनै तहबीच प्रभावकारी समन्वय र सहकार्यको माध्यमबाट राजस्व नीति निर्माण, तीनै तहका सरकारबाट राजस्व चुहावटका क्षेत्र पहिचान, राजस्वका सम्भाव्य नयाँ क्षेत्र पहिचान र कर सम्बन्धी कानूनको प्रभावकारी परिपालनाको लागि अनुगमन तथा मूल्यांकन प्रभावकारिता सम्बन्धी जोखिम रहेको छ ।

## परिच्छेद १०

# गरिबी तथा असमानता न्यूनीकरण र समतामूलक समाज निर्माण

### १०.१ गरिबी निवारण

#### १. पृष्ठभूमि

मुलुकलाई सबै प्रकारको गरिबीबाट मुक्त गरी विकसित मुलुकको स्तरमा पुऱ्याउन आवधिक योजनाहरूमा गरिबी निवारणलाई उच्च प्राथमिकता दिने गरिएको छ। खासगरी नवौँ आवधिक योजनादेखि गरिबी निवारणलाई एक मूल उद्देश्यको रूपमा राखी विकास योजना तर्जुमा हुने गरेका छन्। गरिबी निवारणको लागि सोह्रौं योजनाले निर्दिष्ट गरे बमोजिम क्षेत्रगत योजना तथा कार्यक्रम तर्जुमा गरी सोही बमोजिम कार्यान्वयन गर्नु आवश्यक छ। गरिबी निवारण अन्तरसम्बन्धित विषय भएको हुँदा यसको लागि राज्यका सबै निकाय, सहकारी, निजी तथा गैर सरकारी क्षेत्रबाट एकीकृत र समन्वयात्मक प्रयास हुनु आवश्यक देखिन्छ। सोह्रौं योजनामा यस क्षेत्रसँग सम्बन्धित रुपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। सो अनुसार गरिबीसँग सम्बन्धित रणनीति तथा कार्यक्रमले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, आवास लगायतका अन्य क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

#### २. उद्देश्य

१. गरिब घर परिवारलाई राज्य सुविधा परिचयपत्र उपलब्ध गराउनु।

२. राज्य सुविधा परिचयपत्रलाई राज्यबाट प्रदान गरिने सेवा सुविधासँग आवद्ध गर्ने व्यवस्था मिलाउनु।

३. गरिबी निवारण सम्बन्धी विभिन्न निकायबाट सञ्चालित कार्यक्रम समन्वयात्मक रूपमा सञ्चालन गर्नु।

#### ३. रूपान्तरणकारी रणनीति

१. स्थानीय तहको समन्वयमा गरिब घरपरिवार पहिचान गरी एकीकृत तथा खण्डीकृत तथ्याङ्क अद्यावधिक गर्ने। (१०.४.१)

२. गरिब लक्षित नीति, योजना तथा कार्यक्रमलाई स्वचालित तथ्याङ्क प्रणालीमा आधारित बनाउने। (१०.४.१)

३. राज्य सुविधा परिचय पत्र प्राप्त गरेका गरिब घर परिवारलाई अनिवार्य रूपमा सामाजिक सुरक्षासँग आवद्ध गरी राज्यबाट प्रदान गरिने गरिब लक्षित सेवा सुविधाहरूलाई सबै निकायहरूसँगको समन्वयमा उपलब्ध गराउने। (१०.४.२)

#### ४. कार्यनीति

१. गरिब घरपरिवार पहिचान तथा राज्य सुविधा परिचयपत्र वितरण कार्यक्रम सम्पन्न गरी पहिचान भएका गरिबलाई राज्य सुविधा परिचय पत्र वितरण गरिनेछ। (रणनीति १)

२. राज्य सुविधा परिचय पत्रमा तीनै तहका सरकारबाट उपलब्ध गराउने सामाजिक सुरक्षा लगायतका सेवा सुविधा क्रमशः आवद्ध गरी दोहोरोपना हटाइनेछ। (रणनीति १, ३)

३. स्थानीय तहसँगको समन्वयमा लक्षित कार्यक्रम सञ्चालन गर्दा राज्य सुविधा परिचयपत्र प्राप्त गरिब परिवारलाई प्राथमिकता दिइनेछ। (रणनीति २)

४. गरिब घरपरिवार सूचना प्रणाली निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। (रणनीति २)

५. राज्य सुविधा परिचय पत्र प्राप्त गरेका गरिब घरपरिवार लक्षित कार्यक्रमको लागि एकीकृत निर्देशिका तयार गरी समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ। (रणनीति ३)

६. राज्य सुविधा परिचय पत्र प्राप्त गर्ने घर परिवारका सदस्यलाई औपचारिक तथा अनौपचारिक क्षेत्रमा सिर्जना हुने रोजगारीमा प्राथमिकता दिइनेछ। (रणनीति ३)

### ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | गरिब घरपरिवार पहिचान तथा राज्य सुविधा परिचयपत्र वितरण कार्यक्रम | गरिब घरपरिवार पहिचानको लागि प्राप्त तथ्यांक प्रशोधन कार्य सम्पन्न गर्ने | १ | ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | अर्थ मन्त्रालय, गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह | X | X | | | |
| | | गरिब परिवारको लागि राज्य सुविधा परिचयपत्र वितरण सम्पन्न गर्ने | १ | ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह | X | X | X | | |
| २ | गरिब घरपरिवार सम्बन्धी व्यवस्थापन सूचना प्रणाली | गरिब घर परिवार सम्बन्धी व्यवस्थापन सूचना प्रणालीको विकास कार्य सम्पन्न गर्ने | २ | ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह | X | X | | | |
| | | गरिब घरपरिवार सम्बन्धी व्यवस्थापन सूचना प्रणालीमा नियमित रूपमा तथ्याङ्क प्रविष्टि गरी गरिब घर परिवारको विवरण अद्यावधिक गर्ने | २ | ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| ३ | राज्य सुविधा परिचय पत्र प्राप्त गर्ने गरिब घरपरिवार लक्षित कार्यक्रम | गरिबी निवारण नीति तर्जुमा गर्ने | ३ | ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राष्ट्रिय योजना आयोग | | | | | |
| | | एकीकृत निर्देशिका तयार गर्ने | ३ | ६ | राष्ट्रिय योजना आयोग | गरिब लक्षित कार्यक्रमसँग सम्बन्धित निकाय/मन्त्रालय, प्रदेश मन्त्रालय र स्थानीय तह | | | X | X | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ४ | गरिब लक्षित कार्यक्रम समन्वयात्मक रूपमा सञ्चालन | एकीकृत निर्देशिकाले निर्दिष्ट गरे बमोजिम गरिब लक्षित कार्यक्रमहरूलाई समन्वयात्मक रूपमा संचालन गर्ने | ३ | ६ | सबै मन्त्रालय/निकाय | प्रदेश र स्थानीय तह | | | | X | X |
| | | विभिन्न निकायहरूबाट संचालन हुने गरिब लक्षित कार्यक्रमहरूको सूची तयार गर्ने | ३ | ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सबै मन्त्रालय/निकाय, प्रदेश र स्थानीय तह | | X | X | | |
| | | गरिब घर परिवार लक्षित सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | प्रदेश र स्थानीय तह | | X | X | X | X |
| | | गरिब घर परिवार लक्षित रोजगारी र स्वरोजगारीका कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | सबै मन्त्रालय/निकाय, प्रदेश र स्थानीय तह | | X | X | X | X |
| | | आर्थिक एवम् सामाजिक-सांस्कृतिक रूपले पछि परेका एवम् गरिबलाई सशक्तिकरण र मूलप्रवाहीकरण गर्ने गरी विकासको लाभ वितरणलाई समन्यायिक र समावेशी बनाउने | ३ | ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, प्रदेश तथा स्थानीय तह | | X | X | X | X |
| | | गरिब परिवारलाई सहज वित्तिय पहुच उपलब्ध गराउने | ३ | ६ | नेपाल राष्ट्र बैंक | बैंक तथा वित्तीय संस्था | | X | X | X | X |
| | | ग्रामिण गरिब र शहरी गरिबीलाई विकासको लाभमा समन्यायिक पहुँच स्थापित गर्ने | ३ | ६ | संघीय मन्त्रालय प्रदेश तथा स्थानीय तह | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय | | X | X | X | X |

## ७. नतिजा खाका

| क्र.स. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | गरिबीको रेखामुनि रहेको जनसङ्ख्या | प्रतिशत | २०.२७ | २०.२७ | १७.५ | १५.० | १३.० | ११.० | ने.स.जी. | रा.त.का. |
| २ | बहुआयमिक गरिबीमा रहेको जनसङ्ख्या | प्रतिशत | १७.४ | १६ | १४.५ | १२.५ | ११.० | १०.० | ने.ब.ग.प्र. | रा.यो.आ. |
| | **असर** | | | | | | | | | |
| १ | राज्य सुविधा परिचयपत्र प्राप्त गर्ने घरपरिवार* | प्रतिशत | | १७.५ | १९.५ | २० | २० | २० | वा.प्र. | भू.व्य.स.ग.नि. |
| २ | प्रतिव्यक्ति खर्चयोग्य आय | अमेरिकी डलर | १८६४ | १९४० | २१०० | २३५० | २५५० | २७५० | राष्ट्रिय लेखा | रा.त.का. |
| | **प्रतिफल** | | | | | | | | | |
| १. | गरिब घरपरिवार पहिचानका लागि प्राप्त तथ्यांक प्रशोधन सम्पन्न भएका जिल्ला | जिल्ला | ६४ | ६४ | ७७ | - | - | - | वा.प्र. | भू.व्य.स.ग.नि. |
| २ | गरिब परिवारका लागि राज्य सुविधा परिचयपत्र वितरण सम्पन्न भएका जिल्ला | जिल्ला | ४९ | ६४ | ७७ | - | - | - | वा.प्र. | भू.व्य.स.ग.नि. |
| ३ | ३० मिनेटको दूरीमा बजार केन्द्रमा पहुँच भएको परिवार | प्रतिशत | ७२.७ | ७४.० | ७५.५ | ७७.० | ७८.५ | ८०.० | ने.स.जी. | रा.त.का. |
| ४ | ३० मिनेटको दूरीमा कृषि केन्द्रमा पहुँच भएको परिवार | प्रतिशत | ७४.६ | ७६.० | ७७.५ | ७९.० | ८०.५ | ८२.० | ने.स.जी. | रा.त.का. |
| ५ | बैंक तथा वित्तीय संस्थामा पहुँच पुगेको जनसंख्या | प्रतिशत | ६३ | ६७ | ७२ | ७७ | ८१ | ८५ | रा.ज.ग. | रा.त.का. |

** भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट २०८२ श्रावण मसान्तसम्म ७७ जिल्लाका ५०,६४,१२२ घरपरिवार सर्भेक्षण गर्दा ६४ जिल्लाका ८८६,८०१ (१७.५%) गरिब घरपरिवार पहिचान भएको र १३ जिल्लामा गरिब घरपरिवार पहिचान कार्य बाँकी रहेको।*

### ७. अनुमान तथा जोखिम

उल्लिखित कार्यक्रमहरू विभिन्न निकायहरूबाट सञ्चालन भइरहेको हुँदा ती निकायहरूको समन्वय र सहकार्य तथा गरिब लक्षित कार्यक्रममा गरिब तथा विपन्न वर्गको सहज पहुँच पुग्ने अनुमान छ। गरिबी निवारण सम्बन्धी कार्यक्रमहरूको लागि आवश्यक बजेट उपलब्धमा कमी हुने तथा सूचना प्रणाली अवलम्बन नहुने जोखिम छ।

## परिच्छेद ११

# प्रभावकारी सार्वजनिक वित्त व्यवस्थापन तथा पुँजीगत खर्च क्षमता अभिवृद्धि

### ११.१ राजस्व

### १. पृष्ठभूमि

विकास वित्तको रूपमा आन्तरिक राजस्व परिचालनको अहम भूमिका रहेको छ। नेपालको राजस्व प्रणालीलाई लगानीमैत्री, पारदर्शी र पूर्वानुमानयोग्य बनाउन निरन्तर रुपमा नीतिगत, प्रणालीगत/प्रक्रियागत र संस्थागत सुधार कार्य हुँदै आएको छ। विश्व आर्थिक प्रणालीमा आएका परिवर्तन, उद्योग तथा व्यापार प्रणालीका नयाँ स्वरुप, प्रविधिले ल्याएको परिवर्तन आदिलाई समायोजन गरी कर राजस्व प्रणालीलाई सुदृढ गर्दै लैजाने प्रयत्न भइरहेको छ। कर राजस्व प्रणालीलाई वैज्ञानिक र आधुनिक बनाउने प्रयासस्वरुप विभिन्न सुधारका कार्य गरिएको छ। मूल्य अभिवृद्धि कर प्रणाली अवलम्बन, अन्तःशुल्क लगाउने नीति, कर तथा भन्सार कानूनमा समय सापेक्ष सुधार र संशोधन गरी कर प्रशासनलाई चुस्त र प्रभावकारी तुल्याउने एवम् करदातामैत्री प्रशासन सञ्चालन गर्ने कार्य निरन्तर भइरहेका छन्। आयकर, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, जग्गा तथा घरजग्गा निःसर्गमा पुँजीगत लाभकर तथा अन्य करसँग सम्बन्धित विषयका निर्देशिका जारी गरी समयानुकूल संशोधन र परिमार्जन समेत गर्दै लगिएको छ। राजस्व चुहावट नियन्त्रणको लागि केन्द्रदेखि स्थानीयस्तरसम्मका निकायहरूको सहभागिता सहित राजस्व प्रशासन सक्रिय रहेको छ। कुल गार्हस्थ्य उत्पादनसँग सङ्घले संकलन गर्ने राजस्वको अनुपात वृद्धि हुँदै आ.व. २०७७/७८ मा २२.४ प्रतिशतसम्म पुगेकोमा सङ्घीयताको कार्यान्वयनसँगै केही कमी आइ आ.व. २०८०/८१ मा १९ प्रतिशत हाराहारीमा रहन पुगेको छ। विगत १० वर्षमा सरकारी खर्चमा राजस्वको योगदान औसत ७५.६ प्रतिशत रहेको छ। कर राजस्व संकलनको ठूलो हिस्सा आयतमा निर्भर रहनु, करको दायरा अपेक्षित रुपमा विस्तार हुन नसक्नु र पछिल्लो समयमा राजस्व परिचालन कमजोर हुनु प्रमुख सवाल हुन्। यस क्षेत्रका विभिन्न नीतिगत, प्रणालीगत, संरचनागत, व्यवहारगत लगायतका समस्यालाई सम्बोधन गरी आन्तरिक राजस्वको हिस्सा बढाउनु जरुरी छ। सो अनुसार आर्थिक, सामाजिक, पूर्वाधार र सुशासन क्षेत्रसँगको समन्वयतात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण सहित यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

उत्पादन, लगानी, व्यवसाय तथा करदातामैत्री एवम् स्वच्छ, तटस्थ, पारदर्शी र प्रगतिशील कर प्रणालीको विकास तथा स्वैच्छिक कर सहभागिताबाट अधिकतम राजस्व परिचालन गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. तीन तहका सरकारबीच राजस्वका क्षेत्र पहिचान, परिचालन र बाँडफाँटमा समन्वय र सामन्जस्यता कायम हुनेगरी सङ्घीय राजस्व नीति तर्जुमा गर्ने। (११.४.१)

२. विद्यमान कराधार संरक्षण तथा नयाँ क्षेत्र पहिचान एवम् अनौपचारिक क्षेत्रको औपचारिकीकरण गरी राजस्वको दायरा विस्तार गर्ने। (११.४.१)

३. राजस्व प्रशासनको सुदृढीकरण, करदाता सहभागिता तथा अनुगमन तथा मूल्यांकन सुदृढ गरी परिपालना अभिवृद्धि गर्ने। (११.४.३; ११.४.११)

## ४. कार्यनीति

१. प्रदेश र स्थानीय तहको राजस्व प्रशासन समेतलाई दिशानिर्देश गर्ने गरी संघीय राजस्व नीति तर्जुमा गरिनेछ। (रणनीति १)

२. अन्तर्राष्ट्रिय परिवेश र प्रतिबद्धता अनुरूप आयकर र भन्सार महशुल दरको पुनरावलोकन गरिनेछ। (रणनीति १)

३. गैरकर राजस्वको क्षेत्र विस्तार एवम् करका दरलाई लागत प्रभावी हुनेगरी समय सापेक्ष परिमार्जन गरिनेछ। (रणनीति १)

४. संघ, प्रदेश र स्थानीय तहबाट परिचालन हुने गरी राजस्वका सम्भाव्य नयाँ क्षेत्रको पहिचान तथा राजस्वका स्रोत र दरको पुनर्संरचना गरिनेछ। (रणनीति २)

५. कर अन्तर भएका क्षेत्र र क्रियाकलाप केन्द्रित कर परीक्षण र अनुसन्धानलाई प्रभावकारी बनाइनेछ। (रणनीति २)

६. कराधार संरक्षण एवम् अर्थतन्त्रको लागत कम गर्ने तथा दक्षता वृद्धि गर्ने गरी कर कानून पुनरावलोकन गरिनेछ। (रणनीति २)

७. राजस्व चुहावट नियन्त्रण, कर परिपालना अभिवृद्धि र राजस्वका नयाँ आधारको पहिचान तथा विस्तार गरिनेछ। (रणनीति २)

८. विद्युतीय कारोबार र विभिन्न सहुलियत, छुट तथा कानूनको परिपालनाको माध्यमबाट अनौपचारिक क्षेत्रलाई औपचारिकीकरण गरिनेछ। (रणनीति २)

९. राजस्व प्रशासनमा सघन अनुगमन एवम् अनुसन्धान गरी कर छली एवम् अनैतिक कर योजना न्यूनीकरण गर्दै कानूनको परिपालनामा जोड दिइनेछ। (रणनीति २)

१०. विभिन्न वस्तु तथा सेवाको लागि मौजुदा कर कानूनमा भएको छुटले राजस्व परिचालनमा पारेको प्रभावको विश्लेषण गरी क्रमशः कम गर्दै लगिनेछ। (रणनीति २)

११. राजस्व प्रशासनको संस्थागत सुधार, आधुनिक प्रविधिको अधिकतम अवलम्बन, प्रक्रियागत सरलीकरण र अन्तर निकाय तथा तहगत समन्वय कायम गरिनेछ। (रणनीति ३)

१२. करको दायरामा सबैको सहभागिता बढाउन करदाता शिक्षालाई विस्तार गरी कर सचेतना अभिवृद्धि गरिनेछ। (रणनीति ३)

१३. सबै प्रकारको आयलाई करको दायरामा ल्याइने गरी एकीकृत राजस्व प्रणाली विकास गरिनेछ। (रणनीति ३)

१४. कर सम्बन्धी नवीनतम अवधारणा तथा अभ्यास अवलम्बन गरी कर प्रणालीलाई थप प्रगतिशील तथा सार्वजनिक वित्तलाई दिगो बनाइनेछ। (रणनीति ३)

१५. नियमित अध्ययन-अनुसन्धानको आधारमा कर नीतिमा सुधार, करका दर परिवर्तन र कर विवादको छिटो छरितो निरूपण गरिनेछ। (रणनीति ३)

१६. आन्तरिक नियन्त्रण प्रणाली, लेखांकन, प्रतिवेदन र लेखापरीक्षण र एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण गरिनेछ। (रणनीति ३)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | राजस्व प्रणाली सुदृढीकरण कार्यक्रम | संघीय एकाइका तीनै तह र निजी क्षेत्र समेतसँगको सहभागितामा संघीय राजस्व नीति तर्जुमा गर्ने | १/१ | १ | अर्थ मन्त्रालय | प्रदेश, स्थानीय तह | | X | X | | |
| | | कर छुटका लागि भएको प्रावधानले पारेको प्रभाव सम्बन्धी अध्ययन एवम् विश्लेषण गर्ने | २/११ | १ | अर्थ मन्त्रालय | आन्तरिक राजस्व विभाग, भन्सार विभाग | X | X | | | |
| | | कर छुट सम्बन्धी कानूनमा भएका प्रावधान पुनरावलोकन गर्ने | १/२ | १ | अर्थ मन्त्रालय | | X | X | X | X | X |
| | | कर परीक्षण र अनुसन्धानलाई प्रभावकारी बनाउने | २/१० | १ | अर्थ मन्त्रालय | आन्तरिक राजस्व विभाग, भन्सार विभाग | X | X | X | X | X |
| २ | राजस्वमा संरचनात्मक सुधार | आयकर र भन्सार महसुल दरको पुनरावलोकन गर्ने | १/३ | १ | अर्थ मन्त्रालय | | X | X | X | X | X |
| | | गैरकर राजस्वको क्षेत्र विस्तार एवम् करका दरमा पुनरावलोकन गर्ने | २/४ | १ | अर्थ मन्त्रालय | | X | X | X | X | X |
| | | राजस्वका सम्भाव्य क्षेत्रहरुको पहिचान गर्ने | २/५ | १ | अर्थ मन्त्रालय | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | अनौपचारिक क्षेत्रको औपचारिकीकरण, विद्युतीय कारोबार विस्तार र प्रोत्साहनको व्यवस्था गर्ने | २/९ | १ | अर्थ मन्त्रालय | आन्तरिक राजस्व विभाग, भन्सार विभाग | X | X | X | X | X |
| | | कर विवादलाई छिटो छरितो निरूपण गर्न विद्यमान पद्धतिमा सुधार गर्ने | २/९ | १ | अर्थ मन्त्रालय | | X | X | X | X | X |
| ३ | राजस्व व्यवस्थापन प्रणालीमा सुधार | विद्युतीय तथा कृत्रिम बौद्धिकतामा आधारित राजस्व प्रणालीको विकास र कार्यान्वयन गर्ने | ३/१२ | १ | आन्तरिक राजस्व विभाग | | X | X | X | X | X |
| | | सबै आयलाई करको दायरामा ल्याउन एकीकृत राजस्व प्रणालीको विकास गर्ने | ३/१४ | १ | अर्थ मन्त्रालय | आन्तरिक राजस्व विभाग, भन्सार विभाग | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | तीन तहका सरकार बीच राजस्व परिचालन सम्बन्धी नीतिगत, कानूनी तथा प्रक्रियागत व्यवस्थामा सामञ्जस्यता कायम गर्ने | ३ | १ | अर्थ मन्त्रालय | प्रदेश<br>स्थानीय तह | | X | X | X | X |
| ४ | कर सहभागिता तथा परिपालना | करदाता शिक्षा विस्तार गर्ने | ३/१३ | १ | आन्तरिक राजस्व विभाग | | X | X | X | X | X |
| | | निजी क्षेत्रको समेत सहभागिता रहने गरी स्थायी प्रकृतिको राजस्व परामर्श संयन्त्र निर्माण गर्ने | ३/१६ | १ | अर्थ मन्त्रालय | आन्तरिक राजस्व विभाग, भन्सार विभाग | | X | | | |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय राजस्व | प्रतिशत | १८.९ | १९ | २० | २१ | २२.५ | २३.५ | वा.प्र. | अर्थ मन्त्रालय |
| २ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सङ्घीय कर राजस्व | प्रतिशत | १६.२ | १७ | १८ | १८.५ | २० | २१ | वा.प्र. | अर्थ मन्त्रालय |
| | **असर** | | | | | | | | | |
| १ | कुल राजस्वको वार्षिक वृद्धिदर | प्रतिशत | ७.१ | १८.९ | १६.९ | ९.५ | १४.५ | १४.० | वा.प्र. | अर्थ मन्त्रालय |
| २ | विनियोजित बजेटमा कुल राजस्वको अनुपात | प्रतिशत | ७८ | ७६ | ७५ | ७७ | ७८ | ८० | वा.प्र. | अर्थ मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| १ | कुल कर राजस्वमा आयकरको हिस्सा | प्रतिशत | ३० | ३१ | ३१ | ३१.५ | ३१.७ | ३२.० | वा.प्र. | अर्थ मन्त्रालय |
| २ | कुल कर राजस्वमा मूल्य अभिवृद्धि करको हिस्सा | प्रतिशत | ३२.९ | ३३ | ३३.५ | ३३.८ | ३४.४ | ३४.५ | वा.प्र. | अर्थ मन्त्रालय |
| ३ | स्थायी लेखा नम्बर लिने करदाता | संख्या हजारमा | ६२२६ | ६८२० | ७५०२ | ८१०२ | ८५०७ | ८९३२ | वा.प्र. | अर्थ मन्त्रालय |

### ७. अनुमान तथा जोखिम

योजना अवधिमा राजस्वको दायरा तथा क्षेत्र विस्तार एवम् तीनै तहका राजस्व नीति बीच सामञ्जस्यता कायम भई तीन तहका सरकारका लक्षित राजस्व परिचालन बढ्ने अपेक्षा गरिएको छ। यसबाट वर्तमान करका दरमा वृद्धि नगरी राजस्व परिचालन बढ्ने अनुमान छ। तीन तहबीच प्रभावकारी समन्वय र सहकार्यको माध्यमबाट राजस्व नीति निर्माण, राजस्व चुहावटका क्षेत्र पहिचान, राजस्वका सम्भाव्य नयाँ क्षेत्र पहिचान र कर सम्बन्धी कानूनको परिपालनाको लागि प्रभावकारी रूपमा अनुगमन तथा अनुसन्धान नहुने जोखिम रहेको छ।

## ११.२ सार्वजनिक खर्च

### १. पृष्ठभूमि

नागरिकका बढ्दो आवश्यकता र अपेक्षालाई उपलब्ध स्रोत र साधनको सीमाभित्र रही सम्बोधन गर्न सार्वजनिक वित्तको प्राथमिकताका क्षेत्रमा प्रभावकारी तथा कुशल विनियोजन तथा खर्च गर्नु आवश्यक छ। विभिन्न कानूनी, संस्थागत र सूचना प्रविधिजन्य व्यवस्थाको विकास तथा कार्यान्वयनले सार्वजनिक खर्च व्यवस्थापनमा निरन्तर सुधार भइरहेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन लगायतका वित्त व्यवस्थापनसँग सम्बन्धित कानून र संवैधानिक आयोग तथा निकाय र तहगत रूपमा स्थापित संयन्त्र रहेका छन्। यसबाट समग्र सार्वजनिक खर्च प्रणालीलाई पारदर्शी, जवाफदेही र नतिजामूलक बनाउन सहयोग पुगेको छ। तथापि, सार्वजनिक वित्त व्यवस्थापनमा यथार्थपरक बजेट निर्माण, सार्वजनिक खर्चको विनियोजन कुशलता तथा उपयोग गर्ने क्षमतामा सुधार, चालु खर्चको तुलनामा पुँजीगत खर्चमा वृद्धि र सार्वजनिक खर्चको मितव्ययिता तथा दक्षता प्रमुख सवालको रूपमा रहेका छन्। साथै, आर्थिक अनुशासन, वित्त व्यवस्थापन तथा पुँजीगत खर्च परिचालनमा क्षमता अभिवृद्धि, खर्च गर्ने क्षमताभन्दा बढी बजेट माग, निर्धारित समय, लागत, परिमाण र गुणस्तरमा आयोजना सम्पन्न नहुने प्रवृत्ति, क्रमागत आयोजनाको अत्यधिक सङ्ख्या, आयोजना सुशासन लगायतका सवाल रहेका छन्। पछिल्ला वर्षमा विनियोजनको तुलनमा पुँजीगत खर्च करिब ६० प्रतिशत मात्र रहेको छ। सार्वजनिक वित्त व्यवस्थापनमा विभिन्न नीतिगत, प्रणालीगत, संरचनागत, व्यवहारगत लगायतका समस्यालाई सम्बोधन गरी पुँजीगत खर्च र सार्वजनिक पुँजी निर्माण अभिवृद्धि तथा सार्वजनिक खर्चलाई दिगो बढाउनु जरूरी छ। सो अनुसार आर्थिक, सामाजिक, पूर्वाधार र सुशासन क्षेत्रसँगको समन्वयातात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण सहित यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

सार्वजनिक खर्चको विनियोजन दक्षता, कार्यान्वयन कुशलता र वित्तीय अनुशासन कायम गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. प्राथमिकता निर्धारण, यथार्थपरक खर्च तथा बजेट तर्जुमा र विनियोजन कुशलता तथा खर्चमा प्रभावकारिता अभिवृद्धि गर्ने। (११.४.३)

२. आयोजना बैङ्कको सुदृढीकरण तथा आयोजनाको प्राथमिकीकरण र पुन:प्राथमिकीकरण गरी आयोजना सुशासन कायम गर्ने। (११..४.४)

३. लगानी तथा दायित्व व्यवस्थापन गरी सबल र उत्तरदायी सार्वजनिक वित्त व्यवस्थापन प्रवर्द्धन गर्ने। (११.४.७)

४. सङ्घीय आर्थिक नीति निर्माण गरी तीन तहका सरकारका आर्थिक नीतिबीच समन्वय र सामन्जस्यता कायम गर्ने। (३.४.१४)

५. वित्त नीति र मौद्रिक नीति बीच तादात्म्यता कायम गर्ने। (३.४.१४)

### ४. कार्यनीति

१. सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी रणनीति तर्जुमा गरी वित्त व्यवस्थापन सुधार गरिनेछ। (रणनीति १)

२. मध्यमकालीन खर्च संरचनालाई सुदृढ तथा प्रभावकारी बनाई यथार्थपरक बजेट तर्जुमा गरिनेछ। (रणनीति १)

३. सार्वजनिक क्षेत्रमा प्रविधि तथा नवीन व्यवस्थापन शैलीको अवलम्बन र कार्यालय सञ्चालनमा मितव्ययिता कायम गरी चालु खर्च घटाइनेछ। (रणनीति १)

४. वित्तीय जोखिम न्यूनीकरण तथा अनुशासन कायम गर्न आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गरिनेछ। (रणनीति १)

५. अनुदानलाई उत्पादनशील र पारदर्शी रूपमा प्रदान गर्न एकद्वार प्रणाली मार्फत अनुदान वितरण गर्ने गरी यस सम्बन्धी नीति तर्जुमा गरिनेछ। (रणनीति १)

६. विकास कार्यक्रम तथा आयोजनालाई प्रभावकारी कार्यान्वयन गर्न आयोजना व्यवस्थापन निर्देशिका तर्जुमा गरी कार्यान्वयन गरिनेछ। (रणनीति १)

७. बजेट तथा कार्यक्रम र आयोजना तर्जुमा तथा कार्यान्वयनसँग सम्बन्धित कर्मचारीको क्षमता अभिवृद्धि गरिनेछ। (रणनीति १ )

८. कानूनी सुधार तथा प्रक्रियागत सरलीकरण तथा पारदर्शिता कायम गरी सार्वजनिक खरिदलाई सरल र व्यवस्थित बनाइनेछ। (रणनीति १)

९. नविनतम प्रविधिको अवलम्बन गरी सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी विभिन्न सूचना प्रणाली विकास तथा सुदृढीकरण गरिनेछ। (रणनीति २)

१०. इकोसिष्टमको अवधारणा अनुसार राष्ट्रिय आयोजना बैंक, मध्यमकालीन खर्च संरचना र मन्त्रालयगत बजेट सूचना प्रणालीहरू बीच सघन अन्तरआवद्धता विकास गरिनेछ। (रणनीति २)

११. संघ, प्रदेश र स्थानीय तहमा मध्यमकालीन खर्च संरचना प्रणाली सुदृढीकरण गर्न क्षमता विकास गरिनेछ। (रणनीति २)

१२. नीतिगत स्पष्टता, प्रक्रियागत सरलीकरण तथा कानूनको परिपालनमा सुधार गरी बेरूजु न्यूनीकरण गरिनेछ। (रणनीति ३)

१३. आर्थिक क्रियाकलापलाई दिशानिर्देश गर्न छाता नीतिको रूपमा संघीय आर्थिक नीति तर्जुमा गरिनेछ। (रणनीति ४)

१४. तीन तहका सरकारले गर्ने सार्वजनिक लगानी र स्रोत परिचालनका विषयमा नीतिगत समन्वयको लागि छलफल तथा अन्तरक्रिया कार्यक्रम गरिनेछ। (रणनीति ४)

१५. तीन तहका सरकारको बजेट, कार्यक्रम र योजनामा नीतिगत सामञ्जस्यता कायम गर्न तुलनात्मक अध्ययन गरिनेछ। (रणनीति ४)

१६. मौद्रिक नीति र वित्त नीति बीच सामञ्जस्यता कायम गर्न विशेषज्ञ सम्मिलित थिंक ट्याङ्को व्यवस्था गरिनेछ। (रणनीति ५)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | सार्वजनिक खर्च सुधार | सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी रणनीति तर्जुमा गर्ने | १ | १ | अर्थ मन्त्रालय | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | X | | | | |
| | | मध्यमकालीन खर्च संरचनालाई सुदृढ गरी प्रभावकारी बनाउने | १ | १ | रा.यो.आ. | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | नवीन प्रविधि तथा व्यवस्थापन शैलीको अवलम्बन र कार्यालय सञ्चालनमा मितव्यितता कायम गर्ने | १ | १ | अर्थ मन्त्रालय | रा.यो.आ.<br>विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने | १ | १ | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | अनुदानलाई उत्पादनसँग आबद्ध गर्ने | १ | १ | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | X | X | | | |
| | | आयोजना व्यवस्थापन निर्देशिका तर्जुमा गर्ने | १ | १ | अर्थ मन्त्रालय<br>रा.यो.आ. | अर्थ मन्त्रालय | X | X | | | |
| | | बजेट तथा कार्यक्रम र आयोजना तर्जुमा तथा कार्यान्वयनसँग सम्बन्धित कर्मचारीको क्षमता विकास गर्ने | १ | १ | अर्थ मन्त्रालय<br>रा.यो.आ. | विषयगत मन्त्रालय | X | X | X | X | X |
| २ | सार्वजनिक खर्च सूचना प्रणाली सुदृढीकरण | सार्वजनिक वित्त व्यवस्थापन सम्बन्धी विभिन्न सूचना प्रणाली विकास तथा सुदृढीकरण गर्ने | २ | १ | अर्थ मन्त्रालय<br>रा.यो.आ. | प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | राष्ट्रिय आयोजना बैंक, मध्यमकालीन खर्च संरचना र मन्त्रालयगत बजेट सूचना प्रणालीहरू बीच तहगत तथा निकायगत अन्तरआवद्धता कायम गर्ने | २ | १ | अर्थ मन्त्रालय<br>रा.यो.आ. | विषयगत मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | मध्यमकालीन खर्च संरचना सम्बन्धी क्षमता विकास गर्ने | २ | १ | रा.यो.आ. | अर्थ मन्त्रालय, स.मा.सा.प्र.म. | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सार्वजनिक खर्च सूचना प्रणाली सुदृढीकरणको लागि स्रोत सुनिश्चित गर्ने | ४ | १ | अर्थ मन्त्रालय | विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | आवधिक योजना, नीति तथा कार्यक्रम र वार्षिक बजेटबीचको अन्तरसम्बन्धको तुलनात्मक अध्ययन गर्ने | ५ | १ | अर्थ मन्त्रालय | रा.यो.आ., विषयगत मन्त्रालय | X | X | X | | |
| | | नीतिगत पृष्ठपोषणको लागि विज्ञ समूह गठन गर्ने | ५ | १ | अर्थ मन्त्रालय | प्र.म.म.प.का. | X | X | | | |

**७. नतिजा खाका**

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ३.४ | ४.० | ६.६ | ७.६ | ७.९ | ७.३ | राष्ट्रिय लेखा | रा.त.का. |
| २ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल स्थिर पुँजी लगानी | प्रतिशत | २४.३ | २४.१ | २७.० | २८.५ | ३०.१ | ३१ | राष्ट्रिय लेखा | रा.त.का. |
| ३ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा सरकारी कुल स्थिर पुँजी लगानी | प्रतिशत | ८.७ | ९.८ | १०.९ | १२.२ | १३.७ | १४.० | राष्ट्रिय लेखा | रा.त.का. |
| | **असर** | | | | | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल संघीय खर्च | प्रतिशत | २४.७ | २९.१८ | २८.८ | ३३.२ | ३३.० | ३३ | वा.प्र. | अर्थ मन्त्रालय |
| २ | कुल खर्चमा पुँजीगत खर्चको अनुपात | प्रतिशत | १८.१ | १७.७ | २०.८ | २२.५ | २४.९ | २५.५ | वा.प्र. | अर्थ मन्त्रालय |

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ३ | वार्षिक कुल विनियोजन र खर्चको अनुपात | प्रतिशत | ८०.४ | ८२.० | ८४.० | ८६.० | ८८.० | ९० | वा.प्र. | अर्थ मन्त्रालय |
| | चालु खर्च | प्रतिशत | ८५.० | ८५.० | ८६.० | ८७.० | ८८.० | ९०.० | वा.प्र. | अर्थ मन्त्रालय |
| | पुँजीगत खर्च | प्रतिशत | ६१.४ | ६५.० | ७०.० | ८०.० | ८५.० | ९०.० | वा.प्र. | अर्थ मन्त्रालय |
| | वित्तीय व्यवस्था | प्रतिशत | ८२.६ | ८५.० | ८६.० | ८७.० | ८८.५ | ९०.० | वा.प्र. | अर्थ मन्त्रालय |
| ४ | बेरूजु (कुल गार्हस्थ्य उत्पादनको अनुपातमा) | प्रतिशत | ११.० | ९.५ | ८.० | ७.० | ६.० | ५.० | वा.प्र. | म.ले.प. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | सरकारी खर्च अनुपात | | | | | | | | | |
| | चालु | प्रतिशत | ७१ | ६८ | ६५ | ६२ | ५८ | ५५ | वा.प्र. | अर्थ मन्त्रालय |
| | पुँजीगत | प्रतिशत | १६.० | १८.० | २१.० | २४.० | २६.५ | २९.० | वा.प्र. | अर्थ मन्त्रालय |
| | वित्तीय व्यवस्था | प्रतिशत | १३.० | १३.५ | १४.० | १४.५ | १५.० | १६.० | वा.प्र. | अर्थ मन्त्रालय |
| २ | कुल विनियोजनमा वित्त हस्तान्तरणको हिस्सा | प्रतिशत | २२.८ | २२.० | २१.३ | १८.३ | १८.३ | १८.३ | वा.प्र. | अर्थ मन्त्रालय |
| ३ | कुल खर्चमा वार्षिक बेरूजूको अनुपात | प्रतिशत | २.४ | २.२ | २.० | १.८ | १.६ | १.५ | वा.प्र. | अर्थ मन्त्रालय |

## ७. अनुमान तथा जोखिम

योजना अवधिमा सार्वजनिक वित्त व्यवस्थापनमा सुधार भई चालु खर्च बाञ्छित सीमाभित्र रहने तथा पुँजीगत खर्चमा वृद्धि भएको हुनेछ। पुँजी निर्माण, वित्तीय दिगोपना लगायतका विषयमा यस कार्यान्वयन योजनाले सम्बोधन गर्ने अपेक्षा राखिएको छ। बढ्दो अनिवार्य दायित्व तथा खर्चको कारण चालु खर्च वृद्धि हुने जोखिम रहेको छ। आयोजना व्यवस्थापन तथा सुशासनमा संस्थागत तथा जनशक्तिको क्षमता विकास लगायतमा कमी हुने समेत जोखिम रहेको छ।

## ११.३ सार्वजनिक ऋण तथा वैकल्पिक वित्त

### १ पृष्ठभूमि

न्यून वित्त परिचालन, समष्टिगत आर्थिक स्थायित्व सहितको आर्थिक वृद्धि, वैदेशिक पुँजी तथा प्रविधिको उपयोग र अन्तरपुस्ता समता कायम गर्न निजी क्षेत्रको लगानीमा सङ्कुचन नहुने गरी राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा सार्वजनिक ऋण परिचालन गर्नु पर्नेछ। बढ्दो सार्वजनिक खर्च र सिमित राजस्व तथा वैदेशिक अनुदानका बीचमा तादात्म्यता कायम गर्न नेपाल सरकारले आन्तरिक तथा वैदेशिक ऋण परिचालन गर्दै आएको छ। २०८२ असार मसान्तमा तिर्न बाँकी कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादनको ४३.७ प्रतिशत रहेको छ। यसमध्ये बाह्य ऋण २३.० प्रतिशत र आन्तरिक ऋण २०.७ प्रतिशत रहेको छ।

सार्वजनिक ऋण तथा न्यून वित्त परिचालनको क्षेत्रमा उपकरणको विविधीकरण, सार्वजनिक ऋणको उत्पादनशील आयोजनामा मात्र परिचालन, वित्तीय तथा मौद्रिक स्थायित्व कायम, अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन सार्वजनिक ऋण परिचालन रणनीति अबलम्बन गरी सार्वजनिक ऋणको दिगो उपयोग, परियोजनामा आधारित सार्वजनिक ऋण प्रणाली अवलम्बन लगायतका चुनौति विद्यमान छन्। सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमले आर्थिक, सामाजिक, पूर्वाधार लगायतका क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी राज्यका तीनै तहको समन्वय तथा सहकार्यमा प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. न्यून वित्त परिपूर्तिको लागि लागत र जोखिम कम गरी सार्वजनिक ऋण परिचालन गर्ने।

२. वित्त नीति र मौद्रिक नीति बीच सामञ्जस्यता कायम गर्न अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन ऋण उपकरणको प्रभावकारी परिचालन गर्ने।

३. राष्ट्रिय प्राथमिकताका ठूला पूर्वाधार निर्माण गर्न नवीनतम उपकरणमार्फत आन्तरिक तथा बाह्य ऋण विविधीकरण गर्ने।

### ३. रूपान्तरणकारी रणनीति

१. सार्वजनिक ऋणको दिगोपना विश्लेषणमार्फत ऋणको सम्भावित जोखिम न्यूनीकरण गर्दै सार्वजनिक ऋणलाई राष्ट्रिय प्राथमिकताका उत्पादनमूलक परियोजनामा परिचालन गर्ने। (११.४.६)

२. आन्तरिक र बाह्य ऋणलाई राष्ट्रिय प्राथमिकताका उत्पादनमूलक क्षेत्रमा विवेकशील छनौट गरी सार्वजनिक ऋण परिचालन गर्ने। (२.४.११)

३. प्रदेश एवम् स्थानीय तहमा ऋण व्यवस्थापन प्रणाली विकास गरी आन्तरिक ऋणको परिचालनलाई पुँजीगत खर्चको स्रोत पूर्तिको माध्यमको रूपमा स्थापित गर्ने। (९.४.२)

४. आर्थिक स्थायित्व कायम हुनेगरी आन्तरिक र बाह्य ऋणको उपयोग गर्ने। (११.४.६)

५. हरित बण्ड लगायतका अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय वित्तका नयाँ उपकरण परिचालन गर्ने। (१३.४.७)

६. लागत-लाभ विश्लेषणका आधारमा सार्वजनिक ऋण परिचालनलाई सम्भाव्य र प्रतिफलमूलक आयोजनामा मात्र केन्द्रित गरी दीर्घकालीन पुँजी निर्माण गर्ने। (११.४.६)

७. आयोजना विशेष विकास ऋण पत्र समेत जारी गरी आन्तरिक ऋण परिचालन गर्ने। (११.४.६)

८. आन्तरिक ऋणतर्फ अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन ऋणको सन्तुलन मिलाउने। (११.४.६)

**४. कार्यनीति**

१. सार्वजनिक ऋणको दिगोपना विश्लेषण गरी ऋण परिचालन गरिनेछ। (रणनीति १)

२. राष्ट्रिय प्राथमिकताका क्षेत्र लगायतका उत्पादनशील क्षेत्रमा सार्वजनिक ऋणको उपयोग गरिनेछ। (रणनीति १)

३. सार्वजनिक कोषको एकीकरणसम्बन्धी नीति निर्माण, कार्यान्वयन तथा एकीकरण कोषबाट ऋण लिन सक्ने व्यवस्था गरिनेछ। (रणनीति २)

४. प्रदेश र स्थानीय तहको खर्च व्यवस्थापनको लागि आवश्यक पर्ने स्रोत परिचालन गर्न स्थानीय बण्ड लगायतका आवश्यक वित्तीय उपकरण र सोको व्यवस्थापन गर्ने प्रणालीको विकास गरिनेछ। (रणनीति ३)

५. प्रदेश र स्थानीय तहले परिचालन गर्ने सार्वजनिक ऋण सम्बन्धी प्रणाली र संस्थागत व्यवस्था गरिनेछ। (रणनीति ४)

६. हरित ऋणपत्र, जलवायु उत्थानशील बण्ड, मिश्रित वित्त, स्थानीय मुद्रामा जारी हुने ऋणपत्र लगायतका अन्तर्राष्ट्रिय वित्तका नयाँ उपकरण परिचालन गरिनेछ। (रणनीति ५)

७. अन्तर्राष्ट्रिय वित्त परिचालन गर्दा देखिने विनिमयदर र ब्याजदर जोखिम कम गर्न हेजिङको व्यवस्था गरिनेछ। (रणनीति ५)

८. आयोजनाको लागत-लाभ विश्लेषण गरी बढी प्रतिफलमूलक आयोजनामा मात्र ऋण लगानी गरिनेछ। (रणनीति ६)

९. विशेष आयोजना सञ्चालनको लागि परियोजना विशेष विकास ऋणपत्र जारी गरिनेछ। (रणनीति ७)

१०. मध्यमकालीन ऋण व्यवस्थापन रणनीतिको आधारमा ऋण उपकरणको विवेकशील छनौट गरिनेछ। (रणनीति २ र ८)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | सार्वजनिक ऋणको दिगोपना अभिवृद्धि कार्यक्रम | सार्वजनिक ऋणको दिगोपना विश्लेषण गर्ने | १/१ | १ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक, सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | सार्वजनिक ऋण व्यवस्थापनको अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन रणनीति तर्जुमा र अद्यावधिक गर्ने | ८/१० | १ | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | सार्वजनिक कोषको एकीकरण तथा परिचालन सम्बन्धी नीति तर्जुमा गर्ने | १/३ | १ | अर्थ मन्त्रालय | नेपाल राष्ट्र बैंक, महालेखा नियन्त्रक कार्यालय | X | X | X | X | X |
| | | उत्पादन अभिवृद्धि तथा रोजगारी सिर्जना हुने क्षेत्रको सूचीकरण गरी त्यस्ता क्षेत्रमा मात्र ऋण लगानी गर्ने | ४/५<br>६/८ | १ | अर्थ मन्त्रालय | सम्बद्ध विषय क्षेत्रगत मन्त्रालय र सार्वजनिक संस्था | X | X | X | X | X |
| | | मध्यमकालीन तथा दीर्घकालीन ऋणपत्र जारी गरी अल्पकालीन ऋणको हिस्सा घटाउँदै लैजाने | २/१० | १ | अर्थ मन्त्रालय | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय , नेपाल राष्ट्र बैंक , राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | सहुलियतपूर्ण ऋण परिचालनलाई प्राथमिकता दिई स्रोत परिचालन गर्ने | २/१० | १ | अर्थ मन्त्रालय | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | X | X | X | X | X |
| | | प्रदेश र स्थानीय तहमा आन्तरिक ऋण निष्काशन सम्बन्धी संस्थागत र कार्यगत व्यवस्था गर्ने | ३/४ | १ | अर्थ मन्त्रालय | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल राष्ट्र बैंक | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| २ | वैकल्पिक वित्त परिचालन | अन्तर्राष्ट्रिय वित्तका नयाँ उपकरण र व्यवसायिक ऋण परिचालन सम्बन्धी नीतिगत, कानूनी र संस्थागत व्यवस्था गर्ने | ५/७ | १ | अर्थ मन्त्रालय | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल राष्ट्र बैंक | X | X | X | X | X |
| | | उच्च प्रतिफलयुक्त आयोजनामा मात्र ऋण लगानी गर्न परियोजनाको लागत लाभ विश्लेषण गर्ने | ६/८ | १ | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | विभिन्न अन्तर्राष्ट्रिय वित्त कोषमा पेश गर्ने गुणस्तरीय प्रस्ताव तयार गर्न कर्मचारीको क्षमता विकास गर्ने | २ | १ | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग, परराष्ट्र मन्त्रालय, विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | परियोजना विशेष ऋणपत्र जारी गर्ने | ७/९ | १ | अर्थ मन्त्रालय | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय र राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | हेजिङ नीतिको तर्जुमा गरी कार्यान्वयन गर्ने | ५/७ | १ | अर्थ मन्त्रालय | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय, नेपाल राष्ट्र बैंक | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **प्रभाव** | | | | | | | | | | |
| १ | आर्थिक वृद्धिदर | प्रतिशत | ३.४ | ४.० | ६.६ | ७.६ | ७.९ | ७.३ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| २ | कुल गार्हस्थ्य उत्पादनमा सार्वजनिक ऋणको अनुपात | प्रतिशत | ४२.७ | ४३.७ | ४७.८ | ४३.६ | ३९.७ | ३९.० | वा.प्र. | अर्थ मन्त्रालय |
| **असर** | | | | | | | | | | |
| १ | कुल खर्चमा पुँजीगत खर्चको हिस्सा | प्रतिशत | १३.६ | १८.९ | १८.८ | २२.६ | २४.१ | २८.८ | एकीकृत वित्तीय विवरण | अर्थ मन्त्रालय |
| २ | राजस्वको तुलनामा कुल सार्वजनिक ऋणको अनुपात | प्रतिशत | २२९९ | २२६५ | २४८३ | २०६३ | १८६२ | १६६ | एकीकृत वित्तीय विवरण | अर्थ मन्त्रालय |
| **प्रतिफल** | | | | | | | | | | |
| १ | सार्वजनिक ऋणमा ट्रेजरी बिलको हिस्सा | प्रतिशत | १६.६ | १३.९ | १२.५ | १२.० | ११.० | १०.० | एकीकृत केन्द्रीय विवरण | अर्थ मन्त्रालय |
| २ | सार्वजनिक ऋण परिपक्व अवधि | वर्ष | ७.८ | ८.० | ९.२ | १०.० | १०.० | १०.० | वा.प्र., सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | अर्थ मन्त्रालय |
| ३ | परियोजना विशेष ऋणपत्र परिचालन | परियोजना संख्या | ० | ० | ० | ३ | ४ | ४ | वा.प्र., सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | अर्थ मन्त्रालय |
| ४ | राजस्वको अनुपातमा कुल ऋण सेवा खर्च | प्रतिशत | २९.१ | ३०.८ | ३१.३ | २३.९ | २३.९ | २३.९ | वा.प्र., सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | अर्थ मन्त्रालय |

**७. अनुमान तथा जोखिम**

यस योजना अवधिमा राष्ट्रिय महत्त्वका ठूला पूर्वाधार आयोजनामा लगानी बढ्न गई आर्थिक क्रियाकलापमा विस्तार हुनेछ। अन्तर्राष्ट्रिय वित्तको नवीनतम उपकरणको उचित परिचालन भई लगानीयोग्य पुँजीमा अभिवृद्धि हुने तथा परम्परागत ऋण माथिको निर्भरतामा केही कमी आउनेछ। साथै, संस्थागत र व्यक्तिगत लगानीकर्तामार्फत् हुने आन्तरिक ऋण परिचालन बढ्नेछ। आर्थिक क्रियाकलापमा हुने विस्तारबाट राजस्व संकलन लक्ष्य अनुरुप हुनेछ भने सरकारको पुँजीगत खर्चमा समेत वृद्धि हुनेछ। समग्रमा आर्थिक क्रियाकलाप विस्तार भई उत्पादन तथा रोजगारी अभिवृद्धि हुनेछ। यद्यपि, प्राकृतिक प्रकोप र जलवायु परिवर्तनकोको दृष्टिले नेपाल उच्च जोखिममा रहेको कारण लगानी सुरक्षामा वित्तीय जोखिम थप बढ्ने देखिन्छ।

## परिच्छेद १२

# शासकीय सुधार तथा सुशासन प्रवर्द्धन

### १२.१ तथ्याङ्क प्रणाली

#### १. पृष्ठभूमि

नेपालको संविधानले मुलुकको तथ्याङ्क प्रणालीलाई संघीय शासन प्रणालीअनुरूप व्यवस्थित गरेपश्चात् हाल यो प्रणाली तीन तहका सरकार संलग्नमा विकेन्द्रित स्वरूपमा सञ्चालन भइरहेको छ। तथ्याङ्कका संघीय क्रियाकलापमा राष्ट्रिय तथ्याङ्क कार्यालयको अलावा विभिन्न संवैधानिक आयोग, मन्त्रालय तथा विभागहरू, नेपाल राष्ट्र बैंक लगायतका निकाय संलग्न छन्। प्रदेश र स्थानीय तहले समेत प्रशासनिक अभिलेख तथा व्यवस्थापन सूचना प्रणालीको साथै नमूना सर्वेक्षणहरू सञ्चालन गरी तथ्याङ्कको उत्पादन, आपूर्ति र व्यवस्थापन गर्दै आएका छन्। राष्ट्रियस्तरमा तथ्याङ्क उपलब्ध गराउने गरी हालसम्म १२ वटा जनगणना, ७ वटा कृषि गणना र ११ वटा औद्योगिक गणना/सर्वेक्षण सञ्चालन भएका छन्। पहिलो पटक राष्ट्रिय आर्थिक गणना वि.सं. २०७५ सालमा सम्पन्न भएको थियो। आवधिकरूपमा जीवनस्तर, श्रमशक्ति, नेपाल बहुसूचक सर्वेक्षण लगायतका नमूना सर्वेक्षणहरू सञ्चालन भई अद्यावधिक तथ्याङ्क उपलब्ध हुँदै आएको छ। राष्ट्रिय लेखाका अनुमान र सूचकाङ्क निर्माण सम्बन्धी कार्य नियमित रूपमा भइरहेको छ। प्रशासनिक अभिलेख, व्यवस्थापन सूचना प्रणाली, अध्ययन अनुसन्धानका प्रतिवेदनको प्रशोधन र विश्लेषणबाट समेत तथ्याङ्क उत्पादन हुँदै आएको छ। तथ्याङ्क प्रणालीको विकासको लागि पहिलो राष्ट्रिय रणनीति (२०७५/७६-२०७९/८०) को कार्यान्वयन अवधि सम्पन्न भई दोस्रो रणनीति ( २०८१/८२-२०८५/८६) तर्जुमा भई कार्यान्वयनमा रहेको छ। तथ्याङ्क ऐन, २०७९ र तथ्याङ्क नियमावली, २०८० तर्जुमा भएका छन्। प्रदेश र स्थानीय तहबाट भएका प्रयास र सञ्चालन भएका तथ्याङ्कीय क्रियाकलापलाई समेत तथ्याङ्क प्रणालीमा आवद्ध गरी आदानप्रदान प्रणाली मार्फत् थप व्यवस्थित गर्नुपर्नेछ।

विगत लामो समयदेखि विकास हुँदै आएको भएतापनि मुलुकको सर्वेक्षण अनुमति प्रणाली कार्यान्वयनमा आई सर्वेक्षणमा एकरूपता कायम भई लागत प्रणाली तथ्याङ्क सङ्कलन कार्य सुरू भएको छ। तथापि संघीय शासन पद्धतिसापेक्ष तथ्याङ्क प्रणाली संस्थागत हुन नसक्नु, तथ्याङ्कीय क्रियाकलापबीच प्रभावकारी समन्वय हुन नसक्दा विसंगत तथ्याङ्क समेत उत्पादन हुनु, प्रचलित तथ्याङ्कीय मानक र असल अभ्यासहरूको सीमित प्रयोग हुनु र तथ्याङ्क प्रणालीको लागि अत्यावश्यक भौतिक, प्राविधिक र वित्तीय पूर्वाधार कमजोर हुनु मुख्य समस्याका रूपमा देखिएका छन्। प्रशासनिक अभिलेखहरूबाट सीमित किसिमका मात्र तथ्याङ्क उत्पादन हुनु, माग अनुसार खण्डीकृत स्वरूपका तथ्याङ्क उपलब्ध हुन नसक्नु, तथ्याङ्कीय निकायको सांगठनिक र कार्य प्रणालीगत सुधार हुन नसक्नु जस्ता समस्या विद्यमान छन्। स्थानीय तहसम्म नै तथ्याङ्कको माग, आपूर्ति र प्रयोगलाई सम्बोधन गर्नु, सर्वेक्षण अनुमति प्रणाली लागू गरी निकायगत र तहगत जिम्मेवारी स्पष्ट गर्नु, तथ्याङ्कीय क्रियाकलापलाई मितव्ययी रूपमा सञ्चालन गर्नु, तथ्याङ्कीय जनशक्ति तथा संस्थागत क्षमता विकास गरी तथ्याङ्कको उत्पादन बढाउनु तथ्याङ्क प्रणालीमा रहेका मुख्य चुनौति हुन्। तथ्याङ्कीय क्रियाकलापमा सूचना प्रविधि, कृतिम बौद्धिकता लगायत नवीनतम् प्रविधिहरूको प्रयोग बढाउनु, नव उदीयमान स्रोतको उपयोग बढाउनु, अन्तर्राष्ट्रिय जगतमा प्रचलित विधि, प्रविधि र गुणस्तर मापदण्डलाई आत्मसात गरी तीन तहका नीति तथा योजना प्रणालीको लागि आवश्यक तथ्याङ्कको निरन्तर उत्पादन र आपूर्ति गर्नु चुनौतिपूर्ण रहेको छ। व्यक्तिगत घटना दर्ता प्रणालीको दायरा तथा प्रभावकारिता वृद्धि गर्दै जनसांख्यिक तथ्याङ्क उत्पादन हुने अवस्था सिर्जना गरी आवधिक जनगणनाबाट पर्ने वित्तीय भार न्यून गर्नु आगामी दिनमा चुनौतिको रूपमा रहने देखिन्छ।

#### २. उद्देश्य

१. संघ, प्रदेश र स्थानीय तहको आवश्यकता सम्बोधन हुनेगरी विश्वसनीय, गुणस्तरीय तथा अन्तर्राष्ट्रिय स्तरमा तुलनायोग्य तथ्याङ्क उत्पादन गरी नियमित आपूर्तिको व्यवस्था गर्नु।

२. तथ्याङ्कीय क्रियाकलापमा निकायगत तथा तहगत समन्वय कायम गरी संघीय संरचना अनुरूपको तथ्याङ्क प्रणाली संस्थागत गर्नु ।

**३. रूपान्तरणकारी रणनीति**

१. तथ्याङ्कको उत्पादन, विश्लेषण, प्रकाशन, सुरक्षा तथा आदान-प्रदानका निमित्त आवश्यक पूर्वाधार तथा कार्य संरचना स्थापना गरी सञ्चालन गर्ने । (१२.४.४)

२. तथ्यमा आधारित नीति तथा योजना तर्जुमाको लागि समन्वयात्मक एवम् एकीकृत तथ्याङ्क प्रणालीको विकास र विस्तार गरी विद्युतीय प्रणालीमा आबद्ध गर्ने । (१२.४.४)

३. गुणस्तरीय तथ्याङ्कीय आधार तयार गर्न परस्पर सहयोग र आवश्यक समन्वय प्रणालीसहित अन्तर्राष्ट्रिय मापदण्ड, वर्गीकरण तथा ढाँचा लागु गर्ने । (१२.४.४)

४. सबै तह, निकाय तथा क्षेत्रमा रहेको प्रशासनिक अभिलेखबाट प्राप्त हुने तथ्याङ्कलाई व्यवस्थापन सूचना प्रणाली मार्फत् प्रणालीगत दायरा आदानप्रदान (Data Exchange) गर्ने । (१२.४.४)

५. सर्वेक्षण क्यालेण्डर तयार गरी गणना तथा सर्वेक्षण सञ्चालन गर्ने र सबै तह, निकाय तथा क्षेत्रमा उत्पादित प्रशासनिक अभिलेखहरूको व्यवस्थापन मार्फत् तथ्याङ्क उत्पादन गर्ने । (१२.३.४)

६. तथ्याङ्कका नवीन तथा वैकल्पिक स्रोतहरूको उपयोग गरी तथ्याङ्क उत्पादन तथा व्यवस्थापनको लागत एवम् उत्तरदाताको भार न्यून गर्ने । (१२.४.४)

७. तहगत सरकारका तथ्याङ्कीय एकाइको सुदृढीकरणको लागि प्रविधि, स्रोत साधन तथा जनशक्तिको व्यवस्थापन तथा विकास गर्ने । (१२.४.४)

**४. कार्यनीति**

१. तथ्याङ्क प्रणालीको विकासको लागि राष्ट्रिय रणनीति, दोस्रो (२०८१/८२-२०८५/८६) कार्यान्वयनको गरिनेछ । (रणनीति १)

२. दिगो विकास लक्ष्य तथा विकासशील राष्ट्रमा स्तरोन्नति सम्बन्धी विषय सम्बोधन हुने गरी राष्ट्रिय, प्रादेशिक तथा स्थानीय तहको लागि सान्दर्भिक सूचकको उत्पादन, विश्लेषण र प्रकाशन गरिनेछ । (रणनीति १)

३. नीति तथा योजना प्रणाली, शासकीय प्रबन्ध, विकास व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कन लगायतको लागि उपयुक्त सूचकहरूको विकास र प्राथमिकीकरण गरी अन्तर्राष्ट्रिय रूपमा प्रचलित विधि र गुणस्तर मापदण्ड अनुरूपको तथ्याङ्क उत्पादन र आपूर्ति गरिनेछ । (रणनीति १)

४. सबै सार्वजनिक निकायका प्रशासनिक अभिलेखहरूलाई सुव्यवस्थित गर्न व्यवस्थापन सूचना प्रणाली स्थापना तथा एकीकृत पोर्टल तयार गरिनेछ । स्थानीय तहसम्मका तथ्याङ्क तथा सूचकहरू एकीकृत रूपमा उपलब्ध गराउन सूचना प्रविधिमा आधारित राष्ट्रिय तथ्यगत विवरणको स्तरोन्नति गरी एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल सञ्चालनमा ल्याइनेछ । (रणनीति २)

५. तथ्याङ्कीय क्रियाकलापमा आधुनिक सूचना प्रविधिको प्रयोग एवम् कृतिम बौद्धिकता जस्ता नवीनतम् प्रविधि अवलम्बन गरिनेछ । प्रशासनिक प्रतिवेदनहरूको अभिलेखन र व्यवस्थापन सूचना प्रणालीका सबै चरणमा उपयुक्त डिजिटल प्रविधिको प्रयोग गरिनेछ । (रणनीति २)

६. तहगत सरकारका नीति तथा योजनाको लागि आवश्यक तथ्याङ्क उत्पादन, व्यवस्थापन, सार्वजनिकीकरण तथा आदानप्रदानको लागि अनलाइन प्रणाली विकास गरी प्रयोग बढाइनेछ । (रणनीति २)

७. संघ, प्रदेश र स्थानीय तहका तथ्याङ्कीय तहको तथ्याङ्कीय आवश्यकता विश्लेषण गरी प्रभावकारी समन्वय तथा प्रतिवेदन प्रणाली स्थापना गरिनेछ। तथ्याङ्क उत्पादन र व्यवस्थापनको लागि निर्धारित तथ्याङ्क प्रणाली भित्रका सबै तह र निकाय बीचमा समन्वय कायम गरिनेछ। (रणनीति ३)

८. विश्व जगतमा प्रचलित स्तरीय अवधारणा, परिभाषा, मानक, ढाँचा र वर्गीकरण विकास तथा एकरूपता कायम गर्न तथ्याङ्कीय एकाइका बीचमा समन्वय कायम गरिनेछ। (रणनीति ३)

९. सर्वेक्षण अनुमति प्रणालीको प्रभावकारी कार्यान्वयन गरी संगतियुक्त र गुणस्तरीय तथ्याङ्क उत्पादन गरिनेछ। (रणनीति ३)

१०. संघ, प्रदेश र स्थानीय तहमा तथ्याङ्क व्यवस्थापन सम्बन्धी संगठनात्मक व्यवस्था तथा जनशक्ति परिचालन, क्षमता विकास र तथ्याङ्कको प्रभावकारी आदान प्रदान पद्धति र सञ्जालीकरणको व्यवस्था गरिनेछ। (रणनीति ४)

११. नीति तथा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको लागि आवश्यक पर्ने तथ्याङ्क तथा सूचकहरूको उत्पादन र प्रक्षेपण गर्न आवश्यक पर्ने गणना तथा सर्वेक्षणहरू निर्धारित क्यालेण्डर अनुसार समयमै सञ्चालन गरिनेछ। (रणनीति ४)

१२. उपयुक्त खण्डीकरणसहित राष्ट्रिय लेखाका वार्षिक तथा त्रैमासिक अनुमान एवम् आवधिकरूपमा मूल्य, ज्याला तथा अन्य विषयगत सूचकाङ्क निर्माण कार्यलाई अझ भरपर्दो र तथ्यमा आधारित बनाइनेछ (रणनीति ४)।

१३. भौगोलिक, लैङ्गिक, सामाजिक र विषय विशेषताका आधारमा विविध विषय क्षेत्रका खण्डीकृत तथ्याङ्कको उत्पादन र विश्लेषण गरी उपलब्ध गराइनेछ र तथ्याङ्कको दुरूपयोग निवारणका उपाय सहित तथ्याङ्क सुरक्षाको प्रत्याभूति गरिनेछ। (रणनीति १)

१४. तथ्याङ्कीय क्रियाकलापको प्रारम्भिक चरणदेखि नै उत्तरदातालाई पर्ने भार कम गर्न, प्रत्युत्तर दर बढाउन र लागत कम गर्न तहगत सरकारका विभिन्न निकायमा सिर्जित प्रशासनिक अभिलेख तथा व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सूचना तथा तथ्याङ्कको संग्रह, विश्लेषण र उपयोग बढाइनेछ। (रणनीति ४)

१५. नवीनतम स्रोतको रूपमा विकसित स्थूल तथ्याङ्क (Big Data) को व्यवस्थापन र उपयोग गरिनेछ। प्रयोगकर्तामैत्री रूपमा तथ्याङ्कको सम्प्रेषण, सार्वजनिकीकरण र वितरणको लागि खुला तथ्याङ्क (Open Data) लगायतका प्रचलित उत्तम अभ्यास र प्रविधिको अवलम्बन गरिनेछ। (रणनीति ५)

१६. अनलाइन पद्धतिबाट व्यक्तिगत घटना दर्ता प्रणालीको प्रभावकारी व्यवस्थापन तथा सोबाट प्राप्त हुने विवरणका आधारमा जनसाङ्ख्यिक सूचकहरू तयार गरी आवधिक जनगणनामा हुने लागत न्यूनीकरण गरिनेछ। (रणनीति ५)

१७. हरेक तह र निकायको स्पष्ट काम, कर्तव्य र अधिकारसहितको निर्धारित तथ्याङ्क प्रणाली लागू गरी सरकारका सबै तह तथा निकायमा तथ्याङ्कीय संगठनात्मक संरचना, जनशक्ति आपूर्ति तथा पूर्वाधारको उचीत व्यवस्था गरिनेछ। (रणनीति ६)

१८. तथ्याङ्कीय अनुसन्धान तथा जनशक्तिको क्षमता विकास र प्रशिक्षणको लागि संस्थागत प्रबन्ध गरिनेछ। यसको लागि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय निकायहरूसँग समन्वय तथा सहकार्य गरिनेछ। (रणनीति ६)

१९. जनशक्ति विकास, अध्ययन अनुसन्धान र अन्तर्राष्ट्रिय जगतमा विकसित असल अभ्यासको आदान प्रदानको लागि राष्ट्रिय नीतिको परिधिमा रही अन्तर्राष्ट्रिय सम्बन्ध र सहयोग परिचालन गरिनेछ। (रणनीति ६)

२०. प्रदेश तथा स्थानीय तहमा तथ्याङ्क व्यवस्थापन, उपयोग र आदान प्रदानको लागि आधारभूत प्रणालीको स्थापना र विकासको साथै ती तहहरूमा रहेका तथ्याङ्कीय निकायहरूको क्षमता विकास गरिनेछ। (रणनीति ६)

२१. विश्वविद्यालय लगायतका शैक्षिक संस्था तथा प्रतिष्ठान, अनुसन्धानमूलक संस्था, गैरसरकारी संघ-संस्थासँग समन्वय गरी विशेषज्ञ सेवा आदान प्रदान र इन्टर्नसीपको व्यवस्था गरिनेछ। (रणनीति ६)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | तथ्याङ्क प्रणालीको विकाको लागि राष्ट्रिय रणनीति (२०८१८/२-२०८५८/६) कार्यान्वयन | रणनीतिको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | १ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय, विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | प्र.म. तथा म.प.का. /रा.त.प. | | X | X | X | X |
| | | अनुगमन तथा मूल्याङ्कन गर्ने | १ | १ | प्र.म. तथा म.प.का. /रा.त.प. | राष्ट्रिय तथ्याङ्क कार्यालय | | X | X | X | X |
| २. | अन्तर्राष्ट्रिय प्रतिवद्धतासम्वद्ध तथ्याङ्क उत्पादन तथा आपूर्ति | दिगो विकास लक्ष्य अनुगमन/मूल्याङ्कनको लागि तथ्याङ्क उत्पादन र आपूर्ति गर्ने | २, ३ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय, विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | प्र.म. तथा म.प.का. /रा.त.प. | | X | X | X | X |
| | | विकासशील राष्ट्रमा स्तरोन्नति सम्बन्धी तथ्याङ्क उत्पादन र आपूर्ति गर्ने | २, ३ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय, विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | प्र.म. तथा म.प.का. /रा.त.प. | | X | X | X | X |
| ३ | प्रशासनिक अभिलेख तथा व्यवस्थापन सूचना प्रणालीको विकास र आदानप्रदान प्रणाली विकास | प्रशासनिक अभिलेख व्यवस्थापन र डिजिटाइजेसन गर्ने | ४, ५, ६ | १ | विषयगत मन्त्रालय तथा निकायहरू, प्रदेश र स्थानीय तह | राष्ट्रिय तथ्याङ्क कार्यालय | | X | X | X | X |
| | | व्यवस्थापन सूचना प्रणाली सञ्चालन र उपयोग गर्ने | ४, ५, ६ | १ | विषयगत मन्त्रालय तथा निकायहरू, प्रदेश र स्थानीय तह | राष्ट्रिय तथ्याङ्क कार्यालय | | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | तथ्याङ्क आदानप्रदान प्रणाली तयार गर्ने | ४, ५, ६ | १ | विषयगत मन्त्रालय तथा निकायहरू, प्रदेश र स्थानीय तह | राष्ट्रिय तथ्याङ्क कार्यालय | | X | X | X | X |
| ४ | गणना तथा सर्वेक्षण सञ्चालन | राष्ट्रिय आर्थिक गणना दोस्रो सञ्चालन गर्ने | ७, ११, १४ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का. /रा.त.प. , प्रदेश र स्थानीय तह | | X | X | | |
| | | राष्ट्रिय जनगणना २०८८ को तयारी गर्ने | ७, ११, १४ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | | | X | X |
| | | राष्ट्रिय कृषि गणना २०८८/८९ को तयारी गर्ने | ७, ११, १४ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | | | | X |
| | | नेपाल श्रमशक्ति सर्वेक्षण चौथो, नेपाल बहुसूचक सर्वेक्षण तथा मत्स्यपालन, वन, व्यवसायिक पुष्प खेती, व्यवसायिक तरकारी खेती सर्वेक्षण लयायतका अन्य विषयगत सर्वेक्षण सञ्चालन गर्ने | ७, ११, १४ | ४ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | मत्स्यपालन सर्वेक्षण, वन सर्वेक्षण, नेपाल तरकारी बाली सर्वेक्षण, व्यवसायिक पुष्प खेती सर्वेक्षण र व्यवसायिक तरकारी खेती सर्वेक्षण लयायतका अन्य विषयगत सर्वेक्षण सञ्चालन गर्ने | ७, ११, १४ | ३ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | नेपाल जीवनस्तर सर्वेक्षण पाँचौ सञ्चालन गर्ने | ७, ११, १४ | ६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | | X | X | X |
| | | वार्षिक घरपरिवार सर्वेक्षण तथा घरपरिवार प्यानल सर्वेक्षण गर्ने | ७, ११, १४ | ६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | | X | X | X |
| | | राष्ट्रिय अपाङ्गता सर्वेक्षण र यौनिक तथा लैङ्गिक सर्वेक्षण गर्ने | ७, ११, १४ | ६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | Inter-Censual Demographic and Social Inclusion Survey | ७, ११, १४ | ६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | X | X | | |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | MICS Plus सर्वेक्षण गर्ने | ७, ११, १४ | ४ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | X | X | | |
| | | नेपाल आन्तरिक बसाइँसराइ सर्वेक्षण सञ्चालन र काठमाडौं उपत्यकाको Floating जनसंख्या आकलन गर्ने | ७, ११, १४ | ६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | | X | X | X |
| | | नेपाल व्यावसायिक कुखुरापालन सर्वेक्षण, निजी तथा साझेदारी शिक्षण संस्था सर्वेक्षण र स्वास्थ्य सेवा प्रदायक सर्वेक्षण सञ्चालन गर्ने | ७, ११, १४ | ३ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | X | X | X | | |
| | | औद्योगिक सर्वेक्षण सञ्चालन गर्ने | ७, ११, १४ | ३ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | | X | X | |
| | | Tourism Satellite Account को तयारी | ७, ११, १४ | ३ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | X | X | | |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | नेपाल अन्तर प्रदेश व्यापार सर्वेक्षण गर्ने | ७, ११, १४ | २ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | | | X | X | |
| | | Non-Profit Institution Serving Households (NPISHs) सर्वेक्षण सञ्चालन गर्ने | ७, ११, १४ | ६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प., प्रदेश र स्थानीय तह | X | X | | | |
| ५ | राष्ट्रिय लेखा अनुमान तथा सूचकाङ्क निर्माण | राष्ट्रिय लेखाका वार्षिक (प्रादेशिक सहित) र त्रैमासिक अनुमान तयारी गर्ने | १२ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प. | | X | X | X | X |
| | | उत्पादन, ज्याला तथा मूल्य सम्बन्धी सूचकाङ्क तयारी गर्ने | १२ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प. | | X | X | X | X |
| | | कुल गार्हस्थ्य उत्पादनको आधार वर्ष परिवर्तन गरी सूचकहरू तयार गर्ने | १२ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प. | | X | X | X | X |
| | | Input-Output Tables (IOTs) र Supply and Use Tables (SUTs) तयार गर्ने | १२ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प. | | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ६ | एकीकृत तथ्याङ्कीय पोर्टल सञ्चालन | राष्ट्रिय तथ्यगत विवरणको स्तरोन्नती गरी एकिकृत राष्ट्रिय तथ्याङ्क पोर्टल तयारी र सञ्चालन गर्ने | १४ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय/विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | प्र.म. तथा म.प.का., रा.त.प. | | X | X | X | X |
| | | अनलाइनमा आधारित तथ्याङ्क आदानप्रदान प्रणाली कार्यान्वयन गर्ने | १४ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., रा.त.प. | | X | X | X | X |
| ७ | तथ्याङ्कको गुणस्तर मापदण्ड | सर्वेक्षण अनुमति प्रणाली कार्यान्वयन गर्ने | ८, ९ | १ | रा.त.प., राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | सर्वमान्य मानक, ढाँचा, वर्गीकरण, अवधारणा तथा परिभाषा तयार गर्ने | ८, ९ | १ | रा.त.प., राष्ट्रिय तथ्याङ्क कार्यालय | प्र.म. तथा म.प.का., विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | | X | X | X | X |
| ८ | जिम्मेवारी, समन्वय र सहयोग | निर्धारित तथ्याङ्क प्रणाली सञ्चालन गर्ने | १७, १९ | १ | विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | रा.त.प., राष्ट्रिय तथ्याङ्क कार्यालय | | X | X | X | X |
| ९ | तथ्याङ्कका नवीनतम स्रोतको उपयोग | स्थूल तथ्याङ्क (Big Data) को उपयोग गर्ने | १४, १५, १७ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय, विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | प्र.म. तथा म.प.का., रा.त.प. | | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १० | व्यक्तिगत घटना दर्ता र पारिवारिक लगत व्यवस्थापन | अनलाइन प्रणालीमार्फत् व्यक्तिगत घटना दर्ता र पारिवारिक लगत व्यवस्थापन गर्ने | १६ | ६ | स्थानीय तह | गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | X | X | X | X |
| | | व्यक्तिगत घटना दर्ता र पारिवारिक लागत प्रणालीबाट सिर्जित तथ्याङ्कको विश्लेषण र व्यवस्थापन गर्ने | १६ | ६ | राष्ट्रिय तथ्याङ्क कार्यालय | गृह मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | X | X | X | X |
| ११ | तथ्याङ्कीय क्षमता विकास | संस्थागत व्यवस्था गर्ने | १८, १९, २० | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय, विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | प्र.म. तथा म.प.का., रा.त.प. | | X | X | X | X |
| | | तथ्याङ्कीय पूर्वाधार सुदृढीकरण गर्ने | १८, १९, २० | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय, विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | रा.त.प., प्र.म. तथा म.प.का. | | X | X | X | X |
| | | जनशक्ति परिचालन र विकास गर्ने | १८, १९, २० | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय, विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | स्रोत व्यवस्थापन गर्ने | १८, १९, २० | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय, विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय | | X | X | X | X |
| १२ | अनुसन्धान तथा अन्वेषण | तथ्याङ्क अनुसन्धान तथा प्रशिक्षणको लागि संस्थागत व्यवस्थापन गर्ने | १८ | १ | प्र.म. तथा म.प.का., रा.त.प. | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय | | X | X | X | X |
| | | तथ्याङ्कीय अनुसन्धान तथा अन्वेषणमा तहगत तथा निकायगत समन्वय गर्ने | २१ | १ | रा.त.प., विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय | | X | X | X | X |
| १३ | तथ्याङ्क प्रकाशन, सार्वजनिकीकरण र सुरक्षा | तथ्याङ्क प्रकाशन र सार्वजनिकीकरण गर्ने | १३, १४ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय, विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | | X | X | X | X |
| | | तथ्याङ्कीय साक्षरता, सुरक्षा र दुरूपयोग नियन्त्रण गर्ने | १३ | १ | रा.त.प., राष्ट्रिय तथ्याङ्क कार्यालय | विषयगत मन्त्रालय तथा निकाय, प्रदेश र स्थानीय तह | | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १. | तथ्याङ्कीय क्षमता स्कोर (०-१००) | स्कोर | ८० | ८० | ८३ | ८७ | ९० | ९२ | विश्व विकास सूचक | विश्व बैंक |
| | **असर** | | | | | | | | | |
| १. | एकीकृत राष्ट्रिय तथ्याङ्क पोर्टल (राष्ट्रिय तथ्यगत विवरण) मा आवद्ध व्यवस्थापन सूचना प्रणाली | वटा | ० | ० | १० | २५ | ३५ | ५० | वार्षिक प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | साइबर सुरक्षा सूचकाङ्क | प्रतिशत | ४५ | ६९.७६ | ७० | ७१ | ७२ | ७३ | मध्यमकालीन खर्च संरचना | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १. | तथ्याङ्क सम्बद्ध कानूनी व्यवस्था (निर्देशिका र कार्यविधि) | वटा | २ | २ | ३ | ७ | ९ | १० | वार्षिक प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| २. | राष्ट्रियस्तरका गणना सञ्चालन | वटा | - | १ | - | - | - | - | वार्षिक प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ३. | राष्ट्रियस्तरका सर्वेक्षण सञ्चालन | वटा | १ | १ | १ | - | - | - | वार्षिक प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ४. | राष्ट्रिय लेखा अनुमान सम्बन्धी सर्वेक्षण (वार्षिक, त्रैमासिक) | वटा | ५ | ५ | ५ | ५ | ५ | ५ | वार्षिक प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालय |

| क्र.सं. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचक तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ५. | उत्पादन, मूल्य तथा ज्याला सम्बन्धी सूचकांक | वटा | १ | १ | १ | १ | १ | १ | वार्षिक प्रतिवेदन | राष्ट्रिय तथ्याङ्क कार्यालय |
| ६ | सञ्चालनमा रहेका समष्टिगत आर्थिक ड्यासबोर्ड | संख्या | १ | १ | ८ | ८ | ८ | ८ | वार्षिक प्रतिवेदन | अर्थ मन्त्रालय |

**७. अनुमान तथा जोखिम**

तथ्याङ्क प्रणाली सम्बन्धमा योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न निर्धारित तथ्याङ्क प्रणालीमा आवद्ध निकाय, तहगत सरकार र विकास साझेदार बीचमा प्रभावकारी समन्वय कायम भई यस क्षेत्रका रणनीति तथा कार्यक्रमको कार्यान्वयन हुनेछ। तथ्याङ्क क्षेत्रमा आवश्यक लगानी र जनशक्तिको पर्याप्त परिचालन हुनेछ। गुणस्तरीय तथ्याङ्क उत्पादन र आपूर्तिको लागि सम्बन्धित निकायहरू गुणस्तरका मापदण्ड परिपालन गर्न निरन्तर तत्पर रहनेछन्।

## १२.२ न्याय प्रणाली

### १. पृष्ठभूमि

सोह्रौं योजनाको विभिन्न विषय अन्तर्गत कानूनी शासनको प्रत्याभूति गर्न सम्बद्ध रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ । सङ्घीय प्रणाली अनुरूप कानून तर्जुमा गर्दा संविधानले समाजको रूपान्तरणको लागि अवलम्बन गरेका सिद्धान्तहरूलाई कानूनको मस्यौदामा अनिवार्य समेट्नु पर्ने र विकासको पिंधमा रहेका समुदायको विकासलाई केन्द्रविन्दुमा राखी मानव विकास सूचकाङ्क लगायतका अन्य सूचकाङ्क वा तथ्याङ्कका आधारमा विशेष सेवा, सुविधा तथा कार्यक्रममा आवद्ध गरी आर्थिक सामाजिक रूपान्तरणमा तहगत कानूनी स्पष्टता अनिवार्य रहेको छ । त्यसैगरी न्यायिक क्षेत्रमा तथ्यपूर्ण अनुसन्धान, अभियोजन र न्याय निरूपणलाई प्राथमिकीकरण गर्ने, कानूनी प्रणालीको लागत कम गर्ने र न्यायमा सबैको पहुँच अभिवृद्धि गर्नु अत्यावश्यक रहेको छ । कानूनको जानकारी सबै जनतासमक्ष पुऱ्याउने गरी कानूनी सचेतना लगायतका कार्यक्रममा सङ्घ, प्रदेश र स्थानीय तह बीच समन्वय, एकीकृत कानूनी सूचना प्रणालीको विकास, धेरै कानूनको निर्माणले उत्पन्न हुने कठिनाई, आर्थिक तथा सामाजिक विकासमैत्री कानूनको निर्माण, कानून पुनरावलोकनमा कानून आयोगको भूमिका, कानूनद्वारा सामाजिक व्यवहारमा सकारात्मक परिवर्तन जस्ता विषयलाई कार्यक्रम मार्फत् सम्बोधन गर्नुपर्नेछ । न्यायोचित, तार्किक र दूरदर्शितामा आधारित आर्थिक तथा सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कानूनी प्रणाली स्थापित गर्न समन्वयनकारी भुमिका निर्वाह गर्नु, सिद्वान्त, प्रमाण, तथ्य र सूचनामा आधारित कानूनी पद्धति विकास गर्नु, न्यायमा पहुँच अभिवृद्धि गरी मानव अधिकार, मौलिक हकको संरक्षण तथा सम्वर्द्धन गर्दै कानूनी शासन कायम राख्नु मुख्य चुनौतिको रूपमा रहेको छ । द्वन्द्वकालीन घटनाको अनुसन्धान, अभियोजन तथा पीडितलाई राहत तथा क्षतिपूर्ति निर्धारण गरी निश्कर्षमा पुऱ्याउनु पर्ने चुनौति रहेको छ । सो अनुसार न्याय प्रणालीमा सूचना प्रविधि, शिक्षा र तालिम, नागरिक समाज, मानव अधिकार संस्था, सरकारी निकाय र न्यायसम्बन्धी संस्था लगायतका अन्य क्षेत्रले सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित हुने गरी आर्थिक तथा सामाजिक रूपान्तरणलाई आत्मसात गर्ने समावेशी, सरल, सर्वसुलभ, गुणस्तरीय, लैङ्गिकमैत्री, विकासमैत्री तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौतासँग तादम्य हुने कानून तर्जुमा तथा परिपालनाको सुनिश्चित गर्नु ।

२. संवैधानिक तथा कानूनी हकको कार्यान्वयन गरी मानव अधिकारको संरक्षण तथा सम्वर्द्धन, कानूनी सर्वोच्चता, न्यायिक स्वतन्त्रता र कानूनका अगाडि समानता सुनिश्चित गरी कानूनी शासनको प्रत्याभूति गराउनु ।

३. कानून तथा न्यायको क्षेत्रमा सूचना प्रविधिको प्रयोग गरी न्याय प्रणालीलाई सरल, पारदर्शी, अनुमानयोग्य तथा जनमैत्री बनाउँदै कानून तथा न्याय प्रणालीमा सबैको पहुँच स्थापित गराउनु ।

४. अनुसन्धान प्रक्रियालाई वस्तुगत वैज्ञानिक प्रमाणमा आधारित बनाउने तथा अभियोजन प्रणाली व्यवस्थित गर्न भौतिक पूर्वाधार विकास र जनशक्तिको क्षमता अभिवृद्धि गर्नु ।

५. द्वन्द्वकालीन घटनाको अनुसन्धान गरी पीडितलाई उपलब्ध गराइने राहत तथा क्षतिपूर्ति सम्बन्धी सिफारिस गरी संक्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउनु ।

### ३. रूपान्तरणकारी रणनीति

१. विकासका योजना निर्माण तथा कार्यान्वयनमा सहभागिता तथा पारदर्शिता कायम गर्ने आवश्यक कानूनी संरचना निर्माण र आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने कानूनको परिपालना सुनिश्चित गर्ने । (१२.४.३)

२. नवप्रवर्तनशील र डिजिटल शासनसँग सम्बद्ध कानून निर्माण र कार्यान्वयनमा जोड दिँदै कानूनी शासनको प्रत्याभूति गर्ने । (१२.४.३)

३. कानूनको ज्ञान तथा जानकारी आम सर्वसाधारण समक्ष पुऱ्याउन न्याय तथा कानून सम्बन्धी एकीकृत कानूनी सूचना प्रणाली विकास गर्ने । (८.४)

४. न्याय प्रणालीमा सूचना प्रविधिको प्रयोग गरी न्याय सम्पादन प्रणालीलाई छिटो, छरितो, सरल, पारदर्शी, अनुमानयोग्य, वस्तुनिष्ठ, जवाफदेही र जनमैत्री बनाउँदै नागरिक पहुँचयोग्य बनाउने । (८.४, १२.४.७)

५. मौलिक हक तथा मानव अधिकार सम्बद्ध निर्णयहरूको समन्वयमा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरूको प्रभावकारी कार्यान्वयन गर्दै राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन सुनिश्चित गर्ने । (१२.४.१२)

६. अपराध अनुसन्धानलाई वस्तुनिष्ठ तथा वैज्ञानिक बनाउन प्रविधिको प्रयोग तथा जनशक्तिको क्षमता अभिवृद्धि गर्ने । (१२.४.१२)

७. द्वन्द्वकालीन घटनासम्बन्धी खोज अनुसन्धानलाई तीव्र पारी सत्यतथ्य पत्ता लगाइ राहत, क्षतिपूर्ति तथा परिपूरणको सिफारिस गर्दै कार्यान्वयन गर्ने । (१२.४.७)

## ४. कार्यनीति

१. सर्वोच्च अदालतको फैसला एवम् निर्देशनात्मक आदेश, राष्ट्रिय मानव अधिकार आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायतका संवैधानिक आयोगका निर्णय तथा सिफारिश बमोजिम प्राथमिकताक्रम निर्धारण गरी आवश्यक कानून तर्जुमा एवम् संशोधन गरी कार्यान्वयन गरिनेछ । (रणनीति १)

२. विकासको गतिलाई तीव्रता बनाउने र त्यसको उपभोग निश्चित समयभित्र प्राप्त गर्न सुनिश्चित गर्नको लागि विकासका योजना निर्माण तथा कार्यान्वयनमा नागरिक सहभागिता तथा पारदर्शिता कायम गर्ने कानूनी संरचना प्राथमिकता साथ निर्माण गरिनेछ । (रणनीति १)

३. आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सम्बन्धी कानून, नवप्रवर्तनशील, डिजिटल शासन तथा विकास सुशासन सम्बन्धी कानून र नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता लगायत घोषणापत्रको कार्यान्वयनको लागि आवश्यक अध्ययन, अनुसन्धान एवम् कानून तर्जुमा, परिमार्जन र कार्यान्वयन गरिनेछ । (रणनीति २)

४. कानूनको जानकारी आम नागरिक समक्ष पुऱ्याउनको लागि कानूनी साक्षरता कार्यक्रम तथा कानून सम्बन्धी एकीकृत कानूनी सूचना प्रणाली विकास गरिनेछ । (रणनीति ३)

५. न्याय प्रणालीलाई छिटो, छरितो र विश्वसनीय बनाउन सूचना प्रविधिमैत्री न्याय सम्पादन, भौतिक पूर्वाधार विकास र न्यायिक जनशक्तिको क्षमता विकास तथा निःशुल्क कानूनी सहायता कार्यक्रम विस्तार गरिनेछ । (रणनीति ४)

६. सुधारात्मक दण्डका उपायको प्रभावकारी कार्यान्वयन र मुद्दा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग अभिवृद्धि गरिनेछ । (रणनीति ४)

७. स्थानीय न्यायिक समितिका पदाधिकारी तथा जनशक्तिलाई पर्याप्त मात्रामा तालिम तथा अभिमुखीकरण प्रदान गर्नुका साथै मेलमिलाप पद्दति मार्फत् विवादको दिगो समाधान गर्न सहजीकरण गरिनेछ । (रणनीति ४)

८. मौलिक हकको प्रत्याभूतिको लागि मौलिक हक सम्बन्धी कानूनको प्रभावकारी कार्यान्वयन गरिनेछ तथा राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन गरिनेछ । (रणनीति ५)

९. नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिहरूको कार्यान्वयनको नियमित अध्ययन, मूल्याङ्कन र समीक्षा प्रक्रिया गरिनेछ। (रणनीति ५)

१०. अपराध अनुसन्धानमा वैज्ञानिक पद्धतिको प्रयोग बढाई अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाइनेछ। (रणनीति ६)

११. सरकारी वकील कार्यालयबाट प्रवाह हुने सेवाको प्रभावकारिताको लागि सूचना प्रविधिको उच्चतम उपयोग गरिनेछ। (रणनीति ६)

१२. सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमार्फत् द्वन्द्वकालीन घटनाको सम्बन्धमा सत्य तथ्य पत्ता लगाउन अनुसन्धान गरिनेछ। (रणनीति ७)

१३. द्वन्द्वकालीन घटनामा पीडितलाई राहत, क्षतिपूर्ति तथा परिपूरणको सिफारिस गरिनेछ। (रणनीति ७)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | कानून तर्जुमा, संशोधन एवम् कार्यान्वयन कार्यक्रम | प्राथमिकताक्रम अनुरूप विधेयकमा सहमति प्रदान गर्ने | १/१-३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सबै मन्त्रालय तथा निकाय | X | X | X | X | X |
| | | कानून निर्माण सम्बन्धी अध्ययन अनुसन्धान गर्ने | १/१-३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | नेपाल कानून आयोग | X | X | X | X | X |
| | | मौलिक हकको कार्यान्वयन सम्बन्धी नियमावली, कार्यविधि र मापदण्ड निर्माण गर्ने | ३/८ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सबै मन्त्रालय तथा निकाय | X | X | X | X | X |
| | | संवैधानिक व्यवस्था बमोजिम आर्थिक तथा सामजिक रूपान्तरण गर्ने कार्यमा महत्व भएका कानूनको आवधिक मूल्याङ्कन गर्ने | १/३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सबै मन्त्रालय तथा निकाय | X | X | X | X | X |
| २ | सन्धि सम्झौता तथा घोषणापत्र कार्यान्वयन कार्यक्रम | नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको अध्ययन अनुसन्धान गर्ने | १/३ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, प्रधानमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय मानव अधिकार आयोग, नेपाल कानून आयोग, | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | राष्ट्रिय मानव अधिकार आयोग तथा मानव अधिकारसँग सम्बद्ध आयोगहरूको सिफारिस कार्यान्वयन गर्ने | ३/८ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, नेपाल कानून आयोग | | | | | |
| ३ | न्याय तथा अभियोजन प्रणाली प्रवर्द्धन कार्यक्रम | निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यालय ७७ वटा जिल्लामा स्थापना गर्ने | २/५ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सर्वोच्च अदालत लगायत सबै अदालत, न्यायाधीकरण | X | X | X | X | X |
| | | एकीकृत कानून सूचना प्रणालीको विकास तथा कानूनी साक्षरता कार्यक्रम विस्तार गर्ने | २/४ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सञ्चार तथा सूचना मन्त्रालय | X | X | X | X | X |
| | | सुधारात्मक दण्डका उपाय अवलम्बन गर्न मुलुकी संहिताहरूमा संशोधन गर्ने | २/६ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | गृह मन्त्रालय, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय | X | X | X | X | X |
| | | अपराध अनुसन्धानमा वैज्ञानिक पद्धतिको प्रयोग गर्ने। | ४/१० | महान्यायाधिवक्ताको कार्यालय | नेपाल प्रहरी, अर्धन्यायिक निकायहरू | X | X | X | X | X |
| | | E-Attorney System को विकास र कार्यान्वयन गर्ने | ४/११ | महान्यायाधिवक्ताको कार्यालय | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | X | X | X | X | X |
| ४ | न्यायिक समिति सुदृढीकरण कार्यक्रम | स्थानीय न्यायिक समितिका पदाधिकारी तथा जनशक्तिलाई तालिम तथा अभिमुखीकरण गर्ने | २/७ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सबै स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ५ | राहत, क्षतिपूर्ति तथा परिपूरण कार्यक्रम | द्वन्द्वकालीन घटना सम्बन्धी अनुसन्धान तीव्र पारी सत्य तथ्य पत्ता लगाउने | ५/१२ | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोग | | X | X | X | X | X |
| | | द्वन्द्वकालीन घटनामा राहत क्षतिपूर्ति तथा परिपूरणको सिफारिस गर्ने | ५/१३ | बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग तथा सत्य निरूपण तथा मेलमिलाप आयोग | | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.५२ | ०.५४ | ०.५६ | ०.५८ | ०.६० | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |
| | **असर** | | | | | | | | | |
| १ | मुद्दा फैसला (मुद्दाको प्रकृति अनुसार सबै अदालत तथा न्यायाधिकरणबाट गरिने मुद्दा लगतको आधारमा मुद्दा तथा निवेदनको फछ्यौंट ) | प्रतिशत | ६५.४८ | ७०.६७ | ७५.६८ | ७५.६९ | ७५.७० | ७५.७५ | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| २ | फैसला कार्यान्वयन | प्रतिशत | २५.२३ | ६०.२३ | ७० | ७५ | ८० | ८५ | वार्षिक प्रतिवेदन | सर्वोच्च अदालत |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | प्राथमिकताक्रम अनुरूप कानून निर्माण | प्रतिशत | ५० | ६० | ७० | ८० | ९० | १०० | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |
| २ | न्यायिक समितिको क्षमता अभिवृद्धि गरिएको स्थानीय तहको संख्या | संख्या | ९ | १४ | १५ | १६ | १७ | १८ | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |
| ३ | न्यायिक अध्ययन अनुसन्धान | संख्या | ६ | ६ | ६ | ६ | ६ | ८ | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |
| ४ | कानून सम्बन्धी अध्ययन अनुसन्धान | संख्या | ५ | ९ | १० | ११ | ११ | ११ | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |
| ५ | नि:शुल्क कानूनी सहायता कार्यालय | जिल्ला | ६८ | ७० | ७२ | ७४ | ७६ | ७७ | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |
| ६ | सूचना प्रविधिमैत्री न्याय सम्पादन (चालु मिसिल र अभिलेख मिसिलको डिजिटाइजेसन र अपलोड) | प्रतिशत | ५.४६ | ७०.१० | ७५.१५ | ८०.२० | ८५.२५ | ९०.३५ | वार्षिक प्रतिवेदन | सर्वोच्च अदालत |
| ७ | उच्च तथा जिल्ला अदालतमा फरक मुद्दा व्यवस्थापन पद्धतिको अवधि भित्र फछ्र्यौट | प्रतिशत | ३१.५ | ४६ | ५० | ५४ | ५८ | ६२ | वार्षिक प्रतिवेदन | सर्वोच्च अदालत |
| ८ | आर्थिक तथा सामाजिक रूपान्तरणका कानूनको आवधिक मूल्याङ्कन | संख्या | ० | ० | २ | २ | २ | २ | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |
| ९ | कानूनी सचेतना कार्यक्रम | संख्या | ८ | ८ | ९ | ९ | १० | १० | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |
| १० | डिजिटाइज एकीकृत कानून सूचना प्रणाली स्थापना (संघका प्रत्येक मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह) | संख्या | ० | ० | ४ | २२ | ३० | १०० | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ११ | सुधारात्मक दण्ड सम्बन्धी कानून निर्माण | प्रतिशत | ६० | ७० | ८० | ९५ | ९५ | १०० | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |
| १२ | सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको प्रभावकारिता | प्रतिशत | ५ | १० | ४० | ६० | ८० | १०० | वार्षिक प्रतिवेदन | का.न्या.सं.मा.म. |

### ७. अनुमान तथा जोखिम

विधिको शासन तथा न्याय प्रणालीको सुधारका विषय कतिपय अवस्थामा नीतिगत विषय स्पष्ट रूपमा सम्बोधन गर्नुपर्ने आवश्यकता देखिन्छ । संविधान र संघीयता कार्यान्वयनसँग सम्बन्धित विधेयक तर्जुमा प्रक्रियालाई सहज बनाउन मन्त्रालयले प्राथमिकीकरण गरे बमोजिम सम्बन्धित विधेयकको मस्यौदा तयार गर्ने प्रक्रिया छिटो र प्रभावकारी बनाउन पहल गर्ने वातावरण सिर्जना हुनेछ । संवैधानिक व्यवस्था अनुसार आर्थिक तथा सामाजिक रूपान्तरण र विकासको प्रतिफल समयमै उपयोग गर्नको लागि आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सम्बन्धी कानून तथा विकास सुशासन सम्बन्धी कानून निर्माण गर्नु चुनौतिपूर्ण रहेको छ । यसको लागि विधायन ऐन, २०८१ बमोजिम विधेयकको प्राथमिकीकरण आर्थिक वर्ष सुरु हुनुभन्दा अगावै संघीय संसदमा पठाउने गरिएको छ । सङ्घ, प्रदेश, र स्थानीय तहहरूबीच कानूनी सचेतनाका कार्यक्रमहरूमा सहकार्य र समन्वयका माध्यम सुदृढ पार्दै सबै पक्षलाई समावेशी बनाउने कामलाई प्राथमिकता दिइनेछ । साथै, संक्रमणकालीन न्यायको प्रक्रियालाई टुङ्गोमा पुऱ्याउन आवश्यक पर्ने आर्थिक, प्राविधिक, सामाजिक तथा मनोवैज्ञानिक सहयोग र स्रोतको व्यवस्थापनको लागि दीर्घकालीन योजना निर्माण गरिनेछ । न्यायिक प्रक्रियालाई सरल, अनुमानयोग्य, जवाफदेही, पारदर्शी र सूचना प्रविधिमैत्री बनाउन आर्थिक तथा प्राविधिक स्रोतको व्यवस्थापन गर्न आवश्यक देखिन्छ । यी प्रयासले सबै तहमा सहकार्य, विश्वास र समृद्धिको वातावरण निर्माण गर्न मद्दत गर्ने अनुमान गरिएको छ ।

## १२.३ निर्वाचन प्रणाली

### १. पृष्ठभूमि

संविधान जारी भएपश्चात् संविधान बमोजिम मिश्रित निर्वाचन प्रणालीको माध्यमबाट दुई पटक सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचन सम्पन्न भएका छन् । साथै, निर्वाचन प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने, राष्ट्रिय महत्वका विषयमा जनमत संग्रह गराउने र निर्वाचनमा कुनै उम्मेदवारको योग्यता सम्बन्धी प्रश्न उठेमा त्यसको निर्णय गर्ने अधिकार निर्वाचन आयोगमा रहेको छ । निर्वाचन सञ्चालन तथा व्यवस्थापनका समग्र पक्षहरूमा सुधार गर्ने उद्देश्यले निर्वाचन आयोगबाट आर्थिक वर्ष २०६५/६६ देखि पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको प्रारम्भ भएको छ । यस अवधिमा तीन वटा रणनीतिक योजना कार्यान्वयन भई आयोगको संस्थागत सुदृढीकरण, व्यावसायिकता प्रवर्द्धन, क्षमता विकास, प्रविधिगत सुधार, समन्वय अभिवृद्धि एवम् विधि र प्रकृयामा आयामिक परिवर्तन गर्ने दिशामा महत्वपूर्ण उपलब्धी हासिल भएका छन् । यसै क्रममा आयोगको संवैधानिक दायित्व, नीतिगत तथा कानूनी व्यवस्था, अन्तर्राष्ट्रिय अभ्यास र विगतका रणनीतिक योजनाको पुनरावलोकन तथा समीक्षाबाट प्राप्त पृष्ठपोषण समेतको आधारमा निरन्तर एवम् योजनावद्ध सुधारको आवश्यकतालाई सम्बोधन गर्न चौंथो रणनीतिक योजना (२०८१/८२-२०८५/८६) समेत कार्यान्वयनमा रहेको छ । मतदाता नामावलीमा नाम दर्ताको लागि अनलाइन प्रविधि अवलम्बन भए पश्चात् मतदाताको संख्या बढेको देखिन्छ भने मतदानको प्रवृत्ति हेर्दा संविधानसभा सदस्य निर्वाचन, २०६४ मा औषत ६२.५० प्रतिशत, संविधान सभा सदस्य निर्वाचन, २०७० मा औषत ७९.३३ प्रतिशत, प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७४ मा औषत ६८.६७ प्रतिशत र प्रतिनिधि सभा सदस्य निर्वाचन, २०७९ मा ६१.४४ प्रतिशत मतदाताको सहभागिता रहेको देखिन्छ । निर्वाचनमा मतदाताको सहभागितामा वृद्धि तथा बदर मत न्यूनीकरणको लागि निर्वाचन शिक्षा तथा राजनीतिक दलको आर्थिक क्रियाकलापमा पारदर्शिता लगायत निर्वाचनसँग सम्बन्धित कानूनको परिपालना र निर्वाचन व्यवस्थापनमा सञ्चार जगतको उचित भूमिका लगायतका विषयलाई सम्बोधन गर्नुपर्ने आवश्यकता छ ।

### २. उद्देश्य

१. निर्वाचनमा मतदाताको सहभागिता अभिवृद्धि तथा बदर मत न्यूनीकरण गर्ने ।

२. राजनीतिक दलको आर्थिक क्रियाकलापमा पारदर्शिता बढाउने तथा निर्वाचनसँग सम्बन्धित कानूनको परिपालना प्रभावकारी बनाउने ।

### ३. रूपान्तरणकारी रणनीति

१. निर्वाचन प्रणालीमा नवीनतम प्रविधिको प्रयोग तथा निर्वाचन व्यवस्थापनमा सरोकारवालासँगको साझेदारी, सहकार्य र समन्वय वृद्धि गर्ने । (१२.४.५)

२. निर्वाचन सम्बन्धी कानूनमा सुधार तथा आयोगको क्षमता अभिवृद्धि गर्ने । (१२.४.५)

३. निर्वाचन शिक्षा तथा मतदाता शिक्षा र मतदाता जागरण कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्ने । (१२.४.५)

४. प्रविधिमा आधारित प्रणालीद्वारा राजनीतिक दलको कोष व्यवस्थापन, उम्मेदवारको निर्वाचन खर्चको अभिलेख व्यवस्थापन तथा लेखापरीक्षण कार्यलाई पारदर्शी र जवाफदेही बनाउने । (१२.४.५)

### ४. कार्यनीति

१. अनलाइन प्रणाली मार्फत् मतदाता नामावली दर्ता कार्यलाई सरल र सहज बनाइनेछ । (रणनीति १)

२. स्थानीय तहबाट मतदाता नामावली दर्ता गर्न आवश्यक वातावरण सिर्जना गरिनेछ । (रणनीति १)

३. अपाङ्ग, ज्येष्ठ नागरिक, अशक्त लगायत सबैको पहुँच हुनेगरी मतदान स्थलको पुनरावलोकन गरिनेछ । (रणनीति १)

४. निर्वाचन व्यवस्थापन एकीकृत कानून निर्माणमा आवश्यक समन्वय गरिनेछ । (रणनीति २)

५. निर्वाचन व्यवस्थापन सम्बन्धी नियमावली तर्जुमा गरिनेछ । (रणनीति २)

६. निर्वाचन अवधिमा आवश्यक निर्देशिका तथा कार्यविधिको तर्जुमा तथा परिमार्जन गरिनेछ । (रणनीति २)

७. राजनीतिक दल सम्बन्धी ऐनको संशोधन गरिनेछ । (रणनीति २)

८. विदेशमा बस्ने नेपाली नागरिकलाई मतदान नामावलीमा नाम दर्ता गर्न र मतदानमा सरिक हुने वातावरण सिर्जना गर्न अध्ययन अनुसन्धान गरिनेछ । (रणनीति २)

९. बढी जनसम्पर्क हुने सरकारी कार्यालयमा मतदाता नामावली दर्ताका डेस्कहरू राख्नुका साथै ब्रोसर, पोस्टर, पम्पलेट टाँस गर्ने व्यवस्था मिलाइनेछ । (रणनीति ३)

१०. आयोग र अन्तरगतका कर्मचारीलाई निर्वाचन सम्बन्धी विभिन्न विषयमा प्रशिक्षण दिई क्षमता अभिवृद्धि गरिनेछ । (रणनीति ३)

११. निर्वाचन शिक्षालाई विश्वविद्यालय र विद्यालयस्तरमा व्यापक रूपमा सञ्चालन गरिनेछ । (रणनीति ३)

१२. मतदाता शिक्षा कार्यक्रमलाई डिजिटल एवम् भौतिक माध्यमबाट वर्षैभरी अभियानको रूपमा सञ्चालन गरिनेछ । (रणनीति ३)

१३. मतदाता शिक्षा स्वयंसेवक वडा तहमा परिचालन गरिनेछ । राजनीतिक दल, नागरिक समाज, सञ्चार माध्यम लगायत सरोकारवालालाई मतदाता शिक्षा अभियानका रूपमा सञ्चालन गर्न अनुरोध गरिनेछ । (रणनीति ३)

१४. राजनीतिक दल, सञ्चार माध्यम, नागरिक समाज, सरकारी तथा गैह्र सरकारी निकायसँग निरन्तर अन्तरक्रिया गरिनेछ । (रणनीति ३)

१५. सरकारी तथा अन्य गैह्र सरकारी निकायले सञ्चालन गर्ने हरेक कार्यक्रममा निर्वाचनका विषयवस्तु समावेश गर्न प्रेरित गरिनेछ । (रणनीति ३)

१६. विद्यालय र विश्वविद्यालयका पाठ्यक्रम तथा पाठ्यपुस्तकमा निर्वाचन सम्बन्धी विषयवस्तु राख्न पहल गरिनेछ । (रणनीति ३)

१७. निर्वाचनमा युवा वर्गको भूमिका वृद्धि गर्ने गरी निर्वाचनका सामाग्रीहरूमा युवा वर्गको सहभागिता अभिवृद्धि तथा परिचालन गरिनेछ । (रणनीति ३)

१८. निर्वाचनमा भएको मतदाता सहभागिता र बदर मतको आधारमा लक्षित क्षेत्र निर्धारण गरी निर्वाचन शिक्षा तथा मतदाता जागरण अभियान सञ्चालन गरिनेछ । (रणनीति ३)

१९. राजनीतिक दल सम्बन्धी कानूनमा संशोधन गरी समसामयिक बनाउन राजनीतिक दल तथा सम्पर्क मन्त्रालयबीच समन्वय गरिनेछ । (रणनीति ४)

२०. राजनीतिक दलको वित्तीय प्रणालीको पारदर्शिता र वित्तीय सुशासन कायम गर्न प्रतिवेदन प्रणाली, अभिलेख व्यवस्थापन र लेखापरीक्षण प्रणालीलाई भरपर्दो र प्रभावकारी बनाइनेछ । (रणनीति ४)

२१. राजनैतिक दलको निर्वाचन खर्चलाई मितव्ययी र उत्तरदायिपूर्ण बनाउन सूत्रमा आधारित खर्चको मापदण्ड निर्धारण गरी निर्वाचन खर्चको अनुगमन प्रणालीलाई व्यवस्थित बनाइनेछ । (रणनीति ४)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | निर्वाचन शिक्षा सुधार कार्यक्रम | निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | निर्वाचन आयोग, ७ प्रदेश निर्वाचन कार्यालय तथा ७० निर्वाचन कार्यालय | ७५३ स्थानीय तह | X | X | X | X | X |
| | | निर्वाचन शिक्षा तथा सूचना केन्द्रको समयानुकूल स्तरोन्नति तथा केन्द्रको स्थापना र सञ्चालन गर्ने | | ६ | | | X | X | X | X | X |
| | | जिल्ला स्थित छनौट भएका विद्यालयहरूमा लोकतन्त्र र निर्वाचन तथा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने | | ६ | | | X | X | X | X | X |
| | | मतदाताको सहभागिता अभिवृद्धि तथा बदर मत घटाउन स्थानीय तहको वडास्तरमा मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने | | ६ | | | X | X | X | X | X |
| | | निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यक्रमलाई लक्षित समूहमैत्री बनाउने तथा कार्यक्रमको प्रभावकारिता बढाउने | | ६ | | | X | X | X | X | X |
| | | निर्वाचन शिक्षा तथा मतदाता शिक्षाको लागि मुख्य प्रशिक्षक प्रशिक्षण तथा अन्य प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने | | ६ | | | X | X | X | X | X |
| | | निर्वाचनका विषय वस्तु समावेश गरी पाठ्यक्रम परिमार्जन तथा नयाँ पाठ्यक्रम तर्जुमा गर्ने | ३ | ६ | नेपाल सरकार, प्रदेश र स्थानीय तह | निर्वाचन आयोग, नेपाल | X | X | X | X | X |
| २ | मतदाता नामावली संकलन तथा | विद्यमान मतदाता नामावली संकलन प्रणाली सुदृढीकरण गरी मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यलाई व्यक्तिगत घटना दर्ता तथा राष्ट्रिय परिचयपत्र प्रणालीसँग अन्तरआवद्ध गर्ने | १ | ६ | निर्वाचन आयोग, नेपाल | राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग | | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अद्यावधिक कार्यक्रम | स्थानीय तहबाट मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रबन्ध मिलाउने | २ | ६ | स्थानीय तह | निर्वाचन आयोग, नेपाल | | | | X | X |
| | | धेरै नेपाली बसोबास गर्ने देशको पहिचान गरी नामावली दर्ता र मतदानमा सहभागिताको लागि अध्ययन अनुसन्धान गर्ने | १ | ६ | निर्वाचन आयोग, नेपाल | परराष्ट्र मन्त्रालय, कूटनीतिक नियोग | | | X | X | X |
| ३ | निर्वाचन व्यवस्थापन प्रणालीको रिइन्जिनियरिङ | निर्वाचन परिणाम/नतिजा व्यवस्थापन, समानुपातिक निर्वाचन व्यवस्थापन, अस्थाई मतदाता नामावली, राजनीतिक दल व्यवस्थापन, निर्वाचन खर्च व्यवस्थापन, पर्यवक्षक तथा अनुगमन व्यवस्थापन, PCML व्यवस्थापन, निर्वाचन सामाग्री व्यवस्थापन सहित एकीकृत प्रणालीको रिइन्जिनियरिङ गर्ने | १ | ६ | निर्वाचन आयोग, नेपाल | | | | X | X | X |
| ४ | निर्वाचनमा सामाजिक सञ्जाल र कृत्रिम बौद्धिकता प्रयोग कार्यक्रम | निर्वाचनको समयमा सामाजिक सञ्जाल, इन्टरनेट र कृतिम बौद्धिकताको प्रयोगबाट हुने घृणाजनक अभिव्यक्तिको निगरानी र न्यूनीकरणको लागि निगरानी युनिटको व्यवस्था तथा AI/ML (Artificial Intelligence/Machine Learning) मा आधारित कन्टेन्ट वर्गीकरण तथा प्रतिवेदन प्रणालीको प्रयोग गर्ने | १ | ६ | निर्वाचन आयोग, नेपाल | सूचना तथा सञ्चार मन्त्रालय | | | X | X | X |
| | | आर्टिफिसियल इन्टेलिजेन्समा आधारित चेतावनी तथा रिपोर्टिङ प्रणाली विकास गर्ने | १ | ६ | निर्वाचन आयोग, नेपाल | सूचना तथा सञ्चार मन्त्रालय | | X | X | X | X |
| | | घृणाजनक अभिव्यक्ति नियमन गर्न सामाजिक सञ्जाल कम्पनीसँग समन्वय र सहकार्य गर्ने | १ | ६ | निर्वाचन आयोग, नेपाल | सूचना तथा सञ्चार मन्त्रालय | | X | X | X | X |
| | | सामाजिक सञ्जाल, इन्टरनेट र आर्टिफिसियल इन्टेलिजेन्सको प्रयोगबाट हुनसक्ने घृणाजनक अभिव्यक्ति बारे मतदाता लक्षित डिजिटल साक्षरता र जनचेतना अभियान सञ्चालन गर्ने | १ | ६ | निर्वाचन आयोग, नेपाल | निर्वाचन आयोग, नेपाल | X | X | X | X | X |
| ५ | निर्वाचन व्यवस्थापन | विद्यालय र क्याम्पसका विद्यार्थीलाई निर्वाचनको विषयमा तालिम दिने | ३ | ६ | निर्वाचन आयोग | विश्वविद्यालय, विद्यालय, स्थानीय तह | | X | X | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सम्बन्धी कार्यक्रम | मतदान स्थलको पुनरावलोकन सम्बन्धी कार्यविधिको आधारमा मतदान स्थल/मतदान केन्द्र पुनरावलोकन गर्ने | २ | ६ | निर्वाचन आयोग, नेपाल | | | | X | X | X |
| | | निर्वाचन शिक्षा सम्बन्धी सूचना तयार गरी एमएम, रेडियो,टेलिभिजन, अनलाइन र सामाजिक सञ्जालबाट प्रकाशन र प्रसारण गर्ने | ३ | ६ | निर्वाचन आयोग | सञ्चार माध्यम | | | X | X | X |
| ६ | निर्वाचन सञ्चार कार्यक्रम | नेपाल सरकार, प्रदेश र स्थानीय तहमा सरोकारवालासँग अन्तरक्रिया र नियमित बैठक गर्ने | ३ | ६ | निर्वाचन आयोग | प्रदेश, स्थानीय तह, राजनीतिक दल, नागरिक समाज | X | X | X | X | X |
| | | लोककल्याणकारी कार्यक्रम अन्तर्गत सञ्चार माध्यम, सरकारी तथा गैरसरकारी निकायले निःशुल्क रूपमा निर्वाचनका विषयवस्तु प्रकाशन र प्रशारण गर्ने व्यवस्था मिलाउने | ३ | ६ | नेपाल सरकार, प्रदेश र स्थानीय तह | निर्वाचन आयोग | X | X | X | X | X |
| | | अनलाइन प्रणालीको विकास तथा सो प्रणाली प्रयोगको लागि अभिमुखीकरण तथा क्षमता अभिवृद्धि गर्ने | ३ | ६ | निर्वाचन आयोग | नेपाल सरकार | X | X | X | X | X |
| | | निर्वाचनमा युवा वर्गको सक्रिय सहभागिता तथा समन्वयात्मक कार्यमा युवा परिचालन गर्ने | ३ | ६ | निर्वाचन आयोग | सबै तहका सरकार, युवा सम्बद्ध संघ, संस्था | X | X | X | X | X |
| ७ | निर्वाचन सम्बन्धी कानूनी सुधार | राजनीतिक दल सम्बन्धी ऐनमा संशोधन गर्ने<br>राजनीतिक दल सम्बन्धी नियमावलीको मस्यौदा तयार गर्ने | २ | ६ | निर्वाचन आयोग | संघीय संसद, गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | X | X | X | X | X |
| | | निर्वाचन आयोग ऐन तथा नियमावली संशोधन गर्ने | २ | ६ | निर्वाचन आयोग | संघीय संसद, गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | X | X | X | X | X |
| | | निर्वाचन व्यवस्थापन सम्बन्धी नियमावली तथा मापदण्ड/निर्देशिका निर्माण गर्ने | २ | ६ | निर्वाचन आयोग | अर्थ मन्त्रालय राजनीतिक दल | X | X | X | X | X |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सबै राजनीतिक दलहरूलाई अनिवार्य रूपमा आयोगले तोकेको ढाँचामा लेखा राख्न जिम्मेवार बनाउने तथा सोको अनुगमन गर्ने | ४ | ६ | निर्वाचन आयोग राजनीतिक दलहरू | गृह मन्त्रालय, सञ्चारकर्मी, नागरिक समाज | X | X | X | X | X |
| | | निर्वाचन आचारसंहिता कडाइका साथ लागू गर्ने तथा उल्लङंघन गर्नेलाई सजाय गर्ने | ४ | ६ | निर्वाचन आयोग, राजननीतिक दल | नेपाल सरकार, प्रदेश, स्थानीय तह, नागरिक समाज | X | X | X | X | X |
| ८ | राजनीतिक दल सम्बन्धी कार्यक्रम | राजनीतिक दलको स्वमूल्याङ्कन सूचक विकास तथा राजनीतिक दललाई अभिमुखीकरण गर्ने एवम् राजनीतिक दलबाट स्वमूल्याङ्कन गराउने | ४ | ६ | निर्वाचन आयोग, राजनीतिक दलहरू | नेपाल सरकार, नागरिक समाज, स्थानीय तह | X | X | X | X | X |
| | | राजनीतिक दल दर्ता तथा व्यवस्थापनमा सूचना प्रणालीमा आधारित सफ्टवेयरको विकास तथा प्रयोग गर्ने | ४ | ६ | निर्वाचन आयोग | नेपाल सरकार, राजनीतिक दल, गैरसरकारी संस्था | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | राजनीतिक सशक्तीकरण सूचकाङ्क | सूचकाङ्क | ०.७४ | ०.७५ | ०.७६ | ०.७७ | ०.७८ | ०.८० | विश्व शासन प्रतिवेदन | निर्वाचन आयोग |
| | **असर** | | | | | | | | | |
| १ | निर्वाचनमा मतदाताको सहभागिता (प्रतिनिधि सभा सदस्य निर्वाचन) | प्रतिशत | ६१.४१ | ६३ | ६५ | ६८ | ७० | ७० | निर्वाचन आयोगको वार्षिक प्रतिवेदन | निर्वाचन आयोग |
| २ | निर्वाचनमा खसेको मतमा बदर मतको अनुपात (प्रतिनिधि सभा सदस्य निर्वाचन) | प्रतिशत | ५.०६ | ४ | ३ | २ | १ | १ | निर्वाचन आयोगको वार्षिक प्रतिवेदन | निर्वाचन आयोग |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | निर्वाचन शिक्षा तथा सूचना केन्द्र | संख्या | ५ | ६ | ७ | ८ | ८ | ८ | निर्वाचन आयोगको वार्षिक प्रतिवेदन | निर्वाचन आयोग |
| २ | निर्वाचन शिक्षा लिएका सहभागी | संख्या | ४३३६ | ५००० | ५५०० | ६००० | ६५०० | ७००० | निर्वाचन आयोगको वार्षिक प्रतिवेदन | निर्वाचन आयोग |
| ३ | लेखापरीक्षण गरी वार्षिक आय व्ययको विवरण पेश गर्ने राजनीतिक दल | प्रतिशत | ७३.९ | ८० | ८२ | ८६ | ९४ | १०० | निर्वाचन आयोगको वार्षिक प्रतिवेदन | निर्वाचन आयोग |

**७. अनुमान तथा जोखिम**

योजना अवधिभर कार्यान्वयन योजनाको निरन्तर र वस्तुगत अनुगमन गर्न निर्वाचन आयोगमा अनुगमन समिति गठन गरी त्रैमासिक रूपमा कार्यप्रगतिको प्रतिवेदन हुने व्यवस्था गरी आयोगको क्षमता अभिवृद्धि गरी थप क्रियाशील बनाउने र योजना बमोजिमको कार्यसम्पादन गर्न आवश्यक पर्ने कानूनको समयमै मस्यौदा गरी सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्ने अनुमान छ। साथै, योजना कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोतको अभावले कार्यान्वयन प्रभावकारितामा नकारात्मक प्रभाव पर्न नदिन आवश्यक पहल र व्यवस्थापन तथा क्षमता अभिवृद्धि गरिनेछ।

## १२.४ शासकीय सुधार तथा सुशासन

### १. पृष्ठभूमि

नेपालको संविधानले शासकीय सुधार र सुशासनको माध्यमबाट नागरिक जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्था स्थापना गर्ने लक्ष्य लिएको छ। राजनीतिक, प्रशासनिक, न्यायिक एवम् सामाजिक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायित्व र सदाचारयुक्त कार्य प्रणालीबाट नागरिक सन्तुष्ट हुने शासन व्यवस्था कायम गर्न सकेमा सुशासनको प्रत्याभूत गर्न सकिन्छ। संविधान सभाबाट जारी भएको संविधान लागु भएपछि तीन तहका सरकारको पहिलो कार्यकाल पुरा भएको छ। विधिको शासन, सरकारको प्रभावकारिता, भ्रष्टाचार नियन्त्रण, आवाज र उत्तरदायित्व, हिंसाको अन्त्य, सरकारका कामकारवाहीमा पारदर्शिता (खुला सरकार), नियमकको गुणस्तरजस्ता सूचकबाट सुशासनको अनुभूतिको मापन गर्न सकिन्छ। सुशासनका विभिन्न आयामका अधिकांश सूचकको प्रगति अपेक्षाकृत सन्तोषजनक नदेखिए तापनि राजनीतिक, प्रशासनिक, न्यायिक क्षेत्रलगायत समग्र क्षेत्रमा सुशासन कायम गर्न सरकारले मौलिक हकको कार्यान्वयन, आवधिक योजना, वार्षिक बजेट, सरकारका नीति तथा कार्यक्रममार्फत् निरन्तर प्रयास गरिरहेको छ। सरकारको कामकारवाहीमा प्रभावकारिता अभिवृद्धि गर्न 'हेलो सरकार' विद्युतीय गुनासो पोर्टलमा २०८२ असार मसान्तसम्म दर्ता भएका कुल ६४,२०० वटा गुनासोमध्ये ४२,७७७ वटा फछर्यौट भई कुल गुनासोको ६६.६३ प्रतिशत गुनासो फछर्यौट भएको अवस्था छ। शासकीय सुधारका यस्ता सूचकहरूको लक्ष्य हासिल गरी मुलुकमा सुशासनको अनुभूति गर्न निरन्तर प्रयासको आवश्यकता देखिन्छ। सोह्रौं योजनाको परिच्छेद १२ मा शासकीय सुधार तथा सुशासन प्रवर्द्धन सम्बन्धी विषय रहेको छ। सो अनुसार माथि उल्लेखित विषय अन्तर्गतका कार्यक्षेत्रमा आयोजनाहरूको समन्वयात्मक अतिरिक्त लाभ र विरोधाभाष समेत सम्बोधन हुनेगरी यस कार्ययोजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. शासकीय सुधार तथा प्रविधिको महत्तम प्रयोगमार्फत् पारदर्शी, जनउत्तरदायी र जवाफदेही शासन व्यवस्था कायम गर्नु।

२. विद्युतीय माध्यम एवम् नवीन प्रविधिको उच्चतम उपयोग गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. वित्तीय तथा प्रशासनिक सुशासन प्रवर्द्धन गर्ने। (१२.४.६)

२. नैतिकता तथा सदाचारिता प्रवर्द्धन गर्ने। (१२.४.८)

३. विद्युतीय सुशासनमार्फत् शासकीय रूपान्तरण गर्ने। (१२.४.१४)

४. आधुनिक सूचना प्रणालीको उपयोग र कार्य संस्कृतिमा सुधार तथा सहज तथा गुनासोरहित तुल्याउने गरी सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने। (१२.४.२)

### ४. कार्यनीति

१. शासकीय सुधार एवम् सुशासनको लागि सङ्घीय संरचना अनुरूपको नीतिगत तथा कानूनी प्रबन्ध गरिनेछ। (रणनीति १)

२. आर्थिक तथा विकास कार्यक्रमलाई एकीकृत एवम् व्यवस्थित रूपले सञ्चालन गर्न विज्ञ समुहबाट अध्ययन गराई वित्तीय एवम् प्रशासनिक कुशलता र प्रभावकारिता अभिवृद्धि गरिनेछ। (रणनीति १)

३. वित्तीय अपराध निवारणको लागि जोखिम, चुनौति एवम् नवीन पद्धतिको बारेमा अध्ययन एवम् अनुसन्धान तथा प्राथमिकता निर्धारण गरी जोखिममा आधारित अनुगमन प्रणाली अवलम्बन गरिनेछ। (रणनीति १)

४. राजस्व क्षेत्रमा हुने चुहावट नियन्त्रण गर्दै वित्तीय सुशासन प्रवर्द्धन गर्ने कार्यमा जोड दिइनेछ। (रणनीति१)

५. सार्वजनिक क्षेत्रमा नैतिकता, सदाचारिता र निष्ठा प्रवर्द्धन गरिनेछ। (रणनीति २)

६. सार्वजनिक खरिदसम्बन्धी कानूनमा संशोधन गरी प्रभावकारी कार्यान्वयन गर्दै सार्वजनिक निकायबाट हुने खरिद कार्यको अनुगमन, नियमन र सार्वजनिक खरिद प्रणालीलाई व्यवस्थित गरिनेछ। (रणनीति २)

७. विद्युतीय सुशासनमार्फत् शासकीय रूपान्तरण गर्न संस्थागत, नीतिगत तथा कानूनी व्यवस्था गरिनेछ। (रणनीति ३)

८. सार्वजनिक सेवा प्रवाहमा आधुनिक सूचना प्रणालीको उपयोग गरी सेवा प्रवाहलाई छिटो, छरितो, सहज र मितव्ययी बनाउँदै अनुहाररहित र नगदरहित प्रणालीको विकास र कार्यान्वयन गरिनेछ। (रणनीति ४)

९. सार्वजनिक निकायको कार्यसंस्कृतिमा सुधार गरी नागरिकको गुनासो निवारण गर्ने गरी सेवा प्रवाह गरिनेछ। (रणनीति ४)

१०. सार्वजनिक निकायबाट प्रवाह हुने सूचनामा जनताको सहज र सरल पहुँच बढाउँदै त्यस्ता निकायका कामकारबाहीलाई पारदर्शी बनाउँदै लगिनेछ। (रणनीति ४)

११. 'हेलो सरकार'को गुनासो व्यवस्थापन पोर्टललाई प्रभावकारी एवम् व्यवस्थित बनाउँदै संवेदनशील तथा जटिल गुनासोलाई तत्काल समाधान गर्नेगरी नियमन गरिनेछ। (रणनीति ४)

१२. उच्च व्यवस्थापनको नेतृत्व विकास, मूल्याङ्कन र उत्तराधिकार योजना तयार गरिनेछ। (रणनीति ४)

१३. कार्यसम्पादनमा दोहोरोपन हटाउन कार्यक्षेत्र सापेक्ष संरचनात्मक सुधार गरिनेछ। (रणनीति ४)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | शासकीय सुधार एवम् सुशासनको लागि नीतिगत तथा कानूनी प्रबन्ध | उच्चस्तरीय शासकीय सुधार सुझाव आयोग गठन गर्ने | १,२ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बद्ध निकाय | X | | | | |
| | | सार्वजनिक नीतिको संरचनात्मक ढाँचामा एकरूपता कायम गर्न नीति तर्जुमाको खाका तयार गर्ने | | | | | X | | | | |
| | | भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको राष्ट्रिय रणनीति तथा कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने | | | | | | X | | | |
| | | नीति प्रयोगशाला स्थापना गर्ने | | | | | X | | | | |
| | | विकास आयोजनासम्बन्धी कानून तर्जुमा गर्ने | | | | | X | X | X | | |
| २ | सार्वजनिक प्रशासन तथा सेवा प्रवाहको प्रभावकारिता र गुणस्तर अभिवृद्धि | केन्द्रीय अनुगमन मूल्याङ्कन समिति र सचिव बैठकमार्फत् सेवा प्रवाहमा देखिएका समस्या सम्बन्धमा छलफल र सुधारको लागि निर्देशन दिने | १,२,४,९ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बद्ध सबै निकाय | X | X | X | X | X |
| | | सार्वजनिक प्रशासन सुधारसम्बन्धी नीति तथा कार्यक्रमको विश्लेषण एवम् समीक्षा गरी परिमार्जन तथा सुधार गर्ने | | | | | X | X | X | X | X |
| | | नतिजामा आधारित कार्यसम्पादन मूल्याङ्कन गर्ने | | | | | X | X | X | X | X |
| | | उच्च व्यवस्थापनको नेतृत्व विकास, मूल्याङ्कन र उत्तराधिकार योजना तयार गर्ने | १.५ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | | X | X | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | राजस्व चुहावट नियन्त्रण | Global Positioning System (GPS) को मापदण्ड तयार गरी Vehicle and Consignment Tracking System (VCTS) सँग आबद्ध गर्ने | १, ३ | १ | राजस्व अनुसन्धान विभाग | अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्बद्ध निकाय | | | X | X | X |
| | | राजस्वसँग सम्बन्धित सूचना प्रणालीलाई अन्तरआबद्धता कायम गर्ने | | | | | X | X | X | X | X |
| ४ | सम्पत्ति शुद्धीकरण जोखिम व्यवस्थापन | राष्ट्रिय जोखिम मूल्याङ्कन अद्यावधिक गर्ने गराउने | १,४ | ६ | अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | गृह मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल राष्ट्र बैंक, | | X | X | X | X |
| | | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समकक्षी निकायहरूसँग पारस्परिक समझदारी कायम गर्ने | | | सम्बद्ध सबै निकाय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय | X | X | X | X | X |
| | | गैरस्थलगत र नियमित सुपरिवेक्षणबाट प्राप्त जानकारी र तथ्यका आधारमा जोखिममा आधारित स्थलगत सुपरिवेक्षण गर्न विस्तृत सुपरिवेक्षण प्रणालीको विकास गर्ने | | | सम्बन्धित नियमनकारी निकाय | अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | X | X | X | X | X |
| | | सम्बद्ध कसुर र सोमा निहित सम्पत्ति शुद्धीकरणको कसुरको अभियोजन जोखिममा केन्द्रित गरी समानान्तर रूपमा अभियोजन गर्न आवश्यकता अनुसार नीतिगत तथा संस्थागत व्यवस्था गर्ने | | | महान्यायाधिवक्ताको कार्यालय र अनुसन्धानको क्षेत्राधिकार भएका संवैधानिक निकाय | सम्बन्धित नियमनकारी निकाय | | X | X | | |
| | | जोखिम मूल्याङ्कन, पारस्परिक मूल्याङ्कनले औँल्याएका र कसुरको गम्भीरता बढाउने अवस्था भएका कसुरको सन्दर्भमा सम्बद्ध कसुर र सम्पत्ति शुद्धीकरणको कसुर समानान्तर वा संयुक्त अनुसन्धान, विशेष अनुसन्धान पद्धतिको प्रयोगसम्बन्धी मार्गदर्शन तयार गरी लागु गर्ने गराउने | | | | | | X | X | X | X |
| ५ | | राष्ट्रिय सदाचार नीति तर्जुमा गर्ने | २, ५ | ६ | | सम्बद्ध निकाय | | X | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नैतिकता तथा सदाचारिता प्रवर्द्धन | सार्वजनिक निकायमा नैतिकता र सदाचारिता कायम गर्न गरिएको सफल तथा अनुकरणीय प्रयासको अन्तरनिकायगत आदानप्रदान कार्यक्रम सञ्चालन गर्ने | | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | | X | X | X | X |
| | | कर्मचारीहरूको लागि योग, ध्यानसहितको स्वजागरण अभियान सञ्चालन गर्ने | | | | | X | X | X | X | X |
| | | सार्वजनिक निकायमा हुनसक्ने भ्रष्टाचार तथा अनियमितता कार्यको उजुरी तथा सूचना सङ्कलन तथा छानबिन गर्ने | २, ५ | ६ | राष्ट्रिय सतर्कता केन्द्र | सम्बद्ध निकाय | X | X | X | X | X |
| | | सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारीको लागि सदाचारिता तथा नैतिकता विकास कार्यक्रम सञ्चालन गर्ने | | | | | X | X | X | X | X |
| | | सार्वजनिक निकायहरूमा सेवा प्रवाह, विकास निर्माणको गुणस्तर र कानूनी परिपालनासम्बन्धी अनुगमन गर्ने | | | | | X | X | X | X | X |
| ६ | सार्वजनिक खरिद व्यवस्थापन | विद्युतीय खरिद प्रणाली (e-GP) को सञ्चालन तथा स्तरोन्नति गर्ने | २,६ | ६ | सार्वजनिक खरिद अनुगमन कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्बद्ध निकाय | X | X | X | X | X |
| | | सार्वजनिक निर्माण र परामर्श सेवा खरिदको स्ट्याण्डर्ड बिडिङ्ग डकुमेन्ट परिमार्जन गर्ने | | | | | X | X | | | |
| | | नमुना बोलपत्र कागजात (स्ट्याण्डर्ड बिडिङ्ग डकुमेन्ट) को नेपालीकरण गर्ने | | | | | X | X | | | |
| ७ | इगभर्नेन्स बोर्डको कानूनी एवम् संस्थागत क्षमता अभिवृद्धि | विद्युतीय शासन ब्लुप्रिन्ट (E-Government Blue Print) निर्माण गर्ने | ३,७ | ६ | इ-गभर्नेन्स बोर्ड | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्बद्ध निकाय | X | X | | | |
| | | व्यक्तिगत डाटा संरक्षण नीति तथा कानून निर्माण गर्ने | | | | | X | X | X | | |
| | | व्यवसाय निरन्तरता योजनाको कार्यढाँचा तयार गर्ने | | | | | X | X | | | |
| | | विद्युतीय सुशासन च्याम्पियन विकास गर्ने | | | | | X | X | X | X | X |
| | | विद्युतीय सुशासन नीति तर्जुमा गर्ने | | | | | X | X | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Data exchange platform स्थापना गर्ने | | | | | | | | X | X |
| ८ | सार्वजनिक सेवा प्रवाहको आधुनिक सूचना प्रणालीसँग आवद्धता | File Tracking QR System सहितको एकीकृत सरकारी व्यवस्थापन प्रणाली (GIOMS) कार्यान्वयन गर्ने | ४,८ | ६ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सबै सरकारी निकाय | X | X | X | X | X |
| | | नागरिक एपबाट नागरिकलाई सेवा प्रवाह गर्ने | | | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | सबै सरकारी निकाय | X | X | X | X | X |
| ९ | सार्वजनिक सूचनामा जनताको पहुँच अभिवृद्धि | नागरिकले सूचना माग्ने र पाउने अधिकारलाई सहज, सरल र व्यवस्थित बनाउने प्रवाहित सूचनाको दुरूपयोग हुन नदिन फलो अफ संयन्त्र बनाउन राष्ट्रिय सूचना आयोगसँग सहजीकरण गर्ने | ४,१० | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सूचना आयोग | सम्बद्ध सबै निकाय | X | X | X | X | X |
| १० | संरचनात्मक कार्यक्षेत्र सापेक्ष सुधार | कार्यसम्पादनमा ढिलासुस्ती र दोहोरोपना हटाउन तहगत र अन्तर्निकायगत समन्वय सुनिश्चित गर्ने | १,६ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मन्त्रालय | X | X | X | X | X |
| | | सङ्घ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वय सुदृढ गर्ने गरी कार्यक्षेत्र सापेक्ष संरचनागत सुधार गर्ने | | | | | | X | X | | |
| ११ | हेलो सरकारलगायत सरकारका विभिन्न पोर्टलमा प्राप्त गुनासो व्यवस्थापन तथा क्षमता अभिवृद्धि | हेलो सरकार सम्बन्धी मोबाइल एप तथा प्रोमो बनाउने<br>टेलिभिजन/रेडियो मार्फत् सार्वजनिक सेवाको गुणस्तर र गुनासो सम्बन्धमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्ने<br>तीन तहका सरकारका सार्वजनिक निकायका गुनासो सुन्ने अधिकारीलाई हेलो सरकारको विद्युतीय पोर्टल सञ्चालन सम्बन्धी अभिमुखीकरण तालिम, प्रशिक्षण र गोष्ठी सञ्चालन गर्ने | ४,११ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सबै सरकारी निकाय | सम्बद्ध सबै निकाय | X | X | X | X | X |

६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाई | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | विधिको शासन सूचकाङ्क | सूचकाङ्क | ०.५२ | ०.५२ | ०.५५ | ०.५६ | ०.५८ | ०.६ | World Governance Indicator, विश्व बैंक | प्र.म.म.प.का. |
| २ | सरकारको प्रभावकारिता सूचकाङ्क | सूचकाङ्क | -०.८१ | -०.८१ | -०.६५ | -०.५ | -०.४ | -०.३ | World Governance Indicator, विश्व बैंक | प्र.म.म.प.का. |
| ३ | राजनीतिक स्थायित्व/हिंसाको अवस्थिति सूचकाङ्क | सूचकाङ्क | -०.२३ | -०.२३ | -०.१ | ०.५ | ०.१५ | ०.३ | World Governance Indicator, विश्व बैंक | प्र.म.म.प.का. |
| | **असर** | | | | | | | | | |
| १ | भ्रष्टाचार नियन्त्रण (-२.५ देखि +२.५) सूचकाङ्क | सूचकाङ्क | -०.५१ | -०.५१ | -०.२५ | -०.१५ | ०.२५ | ०.४ | World Governance Indicator, विश्व बैंक | प्र.म.म.प.का. |
| २ | आवाज र उत्तरदायित्व (-२.५ देखि +२.५) सूचकाङ्क | सूचकाङ्क | -०.०२ | ०.०१ | ०.२५ | ०.४ | ०.५५ | ०.६८ | World Governance Indicator, विश्व बैंक | प्र.म.म.प.का. |
| ३ | नियमनको गुणस्तर सूचकाङ्क | सूचकाङ्क | -०.६६ | -०.६६ | -०.३ | -०.१ | ०.२५ | ०.५ | World Governance Indicator, विश्व बैंक | प्र.म.म.प.का. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | हेलो सरकारमा प्राप्त उजुरी फछर्यौट (उजुरीकर्ताको पृष्ठपोषणसहित) | प्रतिशत | ४८.५ | ६६.६३ | ६० | ७० | ८० | ९० | वार्षिक प्रतिवेदन | प्र.म.म.प.का. |

### ७. अनुमान तथा जोखिम

सङ्घीय संरचना अनुसार स्थापित भएका निकायको प्रभावकारिताको लागि अनुभवी नेतृत्व, पर्याप्त मानव संशाधनको व्यवस्थापन, भ्रष्टाचार नियन्त्रण, स्थिर प्रशासनिक नेतृत्व, सुशासन लगायतका कार्य प्रभावकारी रूपमा सम्पादन भए अपेक्षित नतिजा समयमै हासिल गर्न तथा अन्तर्राष्ट्रिय प्रतवद्धता पुरा गर्न सहयोग पुग्ने अनुमान गरिएको छ । शासकीय व्यवस्थाका आधारभूत आवश्यकता पुरा गर्न साधन स्रोत तथा क्षमता, व्यवस्थापकीय कौशलता एवम् प्रविधिको समयानुकूल उपयोग हुन नसकेमा क्षेत्रगत उद्देश्य हासिल हुन नसक्ने जोखिम रहेको छ । तसर्थ, तहगत सरकार, निजी क्षेत्र, नागरिक समाज, नागरिक लगायतको सर्वपक्षीय साझा प्रतिबद्धतासहित सहकार्य र समन्वयको आवश्यकता देखिन्छ ।

## १२.५ भ्रष्टाचार निवारण

### १. पृष्ठभूमि

सुशासन, सामाजिक न्याय र समृद्धिको लक्ष्य हासिल गर्नको लागि सोह्रौं योजनाले संरचनात्मक रूपान्तरणका १३ वटा प्रमुख क्षेत्रहरू पहिचान गरेको छ । सार्वजनिक प्रशासनमा विद्यमान जोखिममा क्षेत्रहरू पहिचान गरी विभिन्न प्रकृति तथा स्वरूपको भ्रष्टाचार नियन्त्रण तथा सदाचार प्रवर्द्धन गर्दै सार्वजनिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्नु आवश्यक भएको छ । यसको लागि सदाचार प्रवर्द्धन, विद्यमान कानूनको परिपालना, भ्रष्टाचारविरूद्ध सचेतना तथा भ्रष्टाचारप्रतिको शुन्य सहनशीलतालाई प्रभावकारी बनाउनु अपिहार्य छ । विषयगत मन्त्रालय, निकाय एवम् प्रदेश तथा स्थानीय तहको सेवा प्रवाह र विकास निर्माण सम्बन्धी कार्यमा विद्यमान कानूनको परिपालना गरी भ्रष्टाचारजन्य गतिविधिको रोकथाम तथा नियन्त्रण गर्नुपर्नेछ । भ्रष्टाचारजन्य क्रियाकलापको प्रभावकारी अनुसन्धान र अभियोजन गर्ने अख्तियार दुरूपयोग अनुसन्धान आयोगको सुदृढीकरण गर्नु ज्यादै महत्वपूर्ण रहेको छ । यसको अलावा भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा क्रियाशील रहेका महालेखा परीक्षकको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय सूचना आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय लगायतका निकायको कार्यलाई समेत प्रभावकारी बनाउनुपर्ने देखिएको छ । यस सन्दर्भमा आम नागरिकले महशुस गर्नेगरी सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणमा भ्रष्टाचार विरूद्धको शुन्य सहनशीलताको नीतिलाई प्रभावकारी बनाउँदै सोह्रौं योजनाले लिएका लक्ष्य हासिल गर्न रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम प्रस्ताव गरिएको छ । यी रणनीति तथा कार्यक्रमले सेवा प्रवाहमा सुधार तथा सुशासन प्रवर्द्धनको अलावा विभिन्न क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान सहितको कार्ययोजना तयार गरिएको छ ।

### २. उद्देश्य

निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक उपाय अवलम्बन गर्दै नागरिकले महशुस गर्नेगरी सारभूत रूपमा भ्रष्टाचार न्यूनीकरण गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. भ्रष्टाचारको रोकथाम सम्बन्धी विद्यमान नीति, कानून र कार्यप्रक्रियामा सुधार तथा प्रचलित कानूनको परिपालनालाई प्रभावकारी बनाउने । (१२.४.६)

२. भ्रष्टाचारजन्य कसुरसम्बन्धी अनुसन्धान र अभियोजन क्षमता तथा प्रभावकारिता अभिवृद्धि गर्ने । (१२.४.६)

३. भ्रष्टाचार विरूद्ध सचेतना तथा सदाचारिता अभिवृद्धि गरी भ्रष्टाचारजन्य कार्यलाई निरुत्साहित गर्ने । (१२.४.८)

### ४. कार्यनीति

१. सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारीलाई कानूनको परिपालना तथा भ्रष्टाचारजन्य क्रियाकलापको पहिचान तथा निराकरण गर्न सक्षम बनाइनेछ । (रणनीति १)

२. सार्वजनिक क्षेत्रमा नैतिकता र सुशासन प्रवर्द्धन कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गरिनेछ । (रणनीति १)

३. विकास निर्माण सम्बन्धी कार्य निर्धारित लागत तथा समयसीमाभित्र सम्पन्न गर्न कर्मचारीको क्षमता विकास एवम् अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सुधार गरिनेछ । (रणनीति १)

४. सार्वजनिक सेवा प्रवाहलाई सरल, पारदर्शी र डिजिटल प्रविधिमा आधारित बनाइनेछ । (रणनीति १)

५. भ्रष्टाचार नियन्त्रणका अवरोध पहिचान गरी न्यूनीकरण तथा नियन्त्रण गरिनेछ । (रणनीति १)

६. सार्वजनिक निकायका प्रमुख तथा पदाधिकारीलाई भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न जिम्मेवार बनाउनको लागि नीतिगत र कानूनी व्यवस्था गरिनेछ । (रणनीति १)

७. अनुचित कार्य तथा भ्रष्टाचारजन्य गतिविधिको निगरानी तथा रोकथाम गर्न राष्ट्रिय सतर्कता केन्द्र लगायतका निकायको संस्थागत सुदृढीकरण गरिनेछ। (रणनीति १)

८. सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलाप नियन्त्रणलाई थप प्रभावकारी बनाइनेछ। (रणनीति १)

९. भ्रष्टाचारविरुद्ध कार्य गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका संघ संस्थासँग सहकार्य गरिनेछ। (रणनीति १)

१०. भ्रष्टाचारका उच्च जोखिमयुक्त क्षेत्रहरूको पहिचान र विश्लेषण गरी जोखिममा आधारित उपयुक्त उपचारात्मक विधि अपनाइनेछ। (रणनीति २)

११. भ्रष्टाचारको बदलिँदो स्वरूप र शैलीलाई निरूत्साहित गर्न उपयुक्त अनुसन्धान विधि, नवीन शैली तथा प्रविधिको अवलम्बन गरिनेछ। (रणनीति २)

१२. भ्रष्टाचारको अनुसन्धान, अभियोजन तथा नियन्त्रण कार्यमा संलग्न निकायको संगठनात्मक सुधार, जनशक्तिको क्षमता अभिवृद्धि, सूचना प्रविधिको अवलम्बन र अभिलेख प्रणालीमा सुधार गरिनेछ। (रणनीति २)

१३. भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनको लागि नागरिक, सेवा प्रदायक निकाय तथा निजी क्षेत्र लगायतका सरोकारवालाको सचेतना अभिवृद्धि गरिनेछ। (रणनीति ३)

१४. भ्रष्टाचारविरुद्धको अभियानमा सबै शासकीय साझेदारको सहभागिता र सहकार्य विस्तार गरिनेछ। (रणनीति ३)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | निरोधात्मक कार्यक्रम | सार्वजनिक निकायका पदाधिकारी तथा कर्मचारीलाई कानूनको परिपालना तथा भ्रष्टाचारजन्य क्रियाकलापको पहिचान तथा निराकरण सम्बन्धमा सचेतना तथा क्षमता विकास गर्ने | १ | ६ | प्र.म.म.प.का., रा.स.के. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | स्थानीय तहका पदाधिकारी, कर्मचारी तथा विभिन्न समितिका पदाधिकारी लक्षित अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | सं.मा.सा.प्र.म., रा.स.के. | विषयगत मन्त्रालय, अ.दु.अ.आ., प्रदेश, स्थानीय तह, तालिम प्रदायक संस्था | X | X | X | X | X |
| | | सार्वजनिक क्षेत्रमा नैतिकता र सुशासन प्रवर्द्धन कार्यक्रमलाई अभियानको रूपमा सञ्चालन गर्ने | १ | ६ | प्र.म.म.प.का., रा.स.के. | विषयगत मन्त्रालय प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | विकास निर्माण सम्बन्धी कार्य निर्धारित गुणस्तर, लागत तथा समयसीमाभित्र सम्पन्न गर्न कर्मचारीको क्षमता विकास गर्ने | १ | ६ | विषयगत मन्त्रालय/निकाय | सा.ख.अ.का., सं.मा.सा.प्र.म., प्रदेश, स्थानीय तह, तालिम प्रदायक संस्था | X | X | X | X | X |
| | | विकास निर्माण कार्यको अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सुधार गर्ने | १ | ६ | प्र.म.म.प.का., रा.यो.आ., रा.स.के. | विषयगत मन्त्रालय/निकाय प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | विकास आयोजनाहरूको प्राविधिक परीक्षण गर्ने | १ | ६ | रा.स.के. | सम्बद्ध निकाय | X | X | X | X | X |
| | | सार्वजनिक निकायका प्रमुख तथा पदाधिकारीलाई भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न जिम्मेवार बनाउन नीतिगत सुधार गर्ने | १ | ६ | प्र.म.म.प.का., विषयगत मन्त्रालय | अ.दु.अ.आ., रा.स.के. | X | X | X | X | X |
| | | सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार नियन्त्रण गर्न विद्यमान कानूनमा समसामयिक सुधार गर्ने | १ | ६ | प्र.म.म.प.का., का.न्या.सं.मा.म. | अ.दु.अ.आ., सं.मा.सा.प्र.म. | X | X | X | X | X |
| | | सार्वजनिक सेवा प्रवाहलाई सरल, पारदर्शी र डिजिटल प्रविधिमा आधारित बनाउने | १ | ६ | प्र.म.म.प.का., विषयगत मन्त्रालय/निकाय, प्रदेश, स्थानीय तह | स.सू.प्र.म., सं.मा.सा.प्र.म. | X | X | X | X | X |
| | | भ्रष्टाचार नियन्त्रणका अवरोध पहिचान र न्यूनीकरण तथा नियन्त्रण गर्ने | १ | ६ | प्र.म.म.प.का. | अ.दु.अ.आ., रा.स.के. | X | X | X | X | X |
| | | भ्रष्टाचार नियन्त्रणको विश्वव्यापी अभियानमा सहभागी हुने | १ | ६ | प्र.म.म.प.का., रा.स.के. | विषयगत मन्त्रालय/निकाय, अ.दु.अ.आ. | X | X | X | X | X |
| | | तीनै तहका सरकारका प्रशासकीय कार्यविधि तथा आवधिक योजनामा आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्वको विषयलाई समावेश गर्ने | १ | ६ | प्र.म.म.प.का., रा.यो.आ. | अ.दु.अ.आ., अर्थ मन्त्रालय, सं.मा.सा.प्र.म., म.ले.प. | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सार्वजनिक निकायका पदाधिकारीको लागि निकायगत आचारसंहिता निर्माण गरी कार्यान्वयन अनुगमन गर्ने | १ | ६ | प्र.म.म.प.का., विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | अ.दु.अ.आ., म.ले.प., रा.स.के. | X | X | X | X | X |
| | | अनुचित कार्य तथा भ्रष्टाचारजन्य गतिविधिको निगरानी तथा रोकथाम गर्न राष्ट्रिय सतर्कता केन्द्र लगायतका निकायको संस्थागत सुदृढीकरण गर्ने | १ | ६ | प्र.म.म.प.का., रा.स.के. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलाप नियन्त्रण सम्बन्धी अध्ययन अनुसन्धान गर्ने | | | प्र.म.म.प.का., अर्थ मन्त्रालय, विषयगत मन्त्रालय | अ.दु.अ.आ. | | X | X | X | |
| | | भ्रष्टाचारविरुद्धका संस्थाका अन्तर्राष्ट्रिय सञ्जालसँग आबद्धता गर्ने तथा सहभागिता हुने | १ | ६ | प्र.म.म.प.का., अ.दु.अ.आ., रा.स.के. | परराष्ट्र मन्त्रालय | X | X | X | X | X |
| | | भ्रष्टाचारजन्य कसुरको अनुसन्धानको सिलसिलामा आवश्यक पर्ने प्रमाण, सूचना र जानकारी प्राप्त गर्न विभिन्न मुलुकहरूसँग पारस्परिक कानूनी सहायता सम्बन्धी द्विपक्षीय सम्झौता गर्ने | १ | ६ | प्र.म.म.प.का., का.न्या.सं.मा.म., गृह मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय | X | X | X | X | X |
| | | भ्रष्टाचार नियन्त्रणका असल अभ्यास, अन्तर्राष्ट्रिय वित्तीय कारोबार र भ्रष्टाचारका सीमापार अपराध सम्बन्धी सूचना आदानप्रदान संयन्त्र स्थापना गर्ने | १ | ६ | प्र.म.म.प.का., गृह मन्त्रालय, अर्थ मन्त्रालय | अ.दु.अ.आ., परराष्ट्र मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| २ | उपचारात्मक कार्यक्रम | भ्रष्टाचारको जोखिम भएका क्षेत्र, तह, निकाय तथा पदको पहिचान गर्न क्षेत्रगत जोखिम विश्लेषण गर्ने | २ | ६ | अ.दु.अ.आ. | प्र.म.म.प.का., विषयगत मन्त्रालय/निकाय प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | सम्पत्ति शुद्धीकरण अनुसन्धान सम्बन्धी कार्यविधि तथा निर्देशिकामा परिमार्जन तथा संशोधन गर्ने | २ | ६ | प्र.म.म.प.का. | का.न्या.सं.मा.म. | X | X | X | X | X |
| ३ | संगठनात्मक सुदृढीकरण कार्यक्रम | परिवर्तित सन्दर्भ र कामको प्रकृति अनुसार आयोगको संगठन संरचना पुनरावलोकन गर्ने | २ | ६ | सं.मा.सा.प्र.म. | अर्थ मन्त्रालय, अ.दु.अ.आ. | X | X | X | X | X |
| | | आयोगको परिमार्जित संगठन ढाँचा अनुरूप जनशक्तिको व्यवस्थापन तथा क्षमता अभिवृद्धि गर्ने | २ | ६ | सं.मा.सा.प्र.म. | अर्थ मन्त्रालय, अ.दु.अ.आ. | X | X | X | X | X |
| | | आयोगको सूचना प्रविधि, प्रयोगशाला निर्माण तथा स्तरोन्नति र अन्य स्रोतको व्यवस्थापन गर्ने | २ | ६ | अ.दु.अ.आ. | अर्थ मन्त्रालय, स.सू.प्र.म. | X | X | X | X | X |
| | | भ्रष्टाचारको अनुसन्धान सम्बन्धी अभिमुखीकरण, अनुसन्धानमूलक र विशिष्टीकृत तालिम प्रदान गर्ने | २ | ६ | अ.दु.अ.आ. | तालिम प्रदायक संस्था | X | X | X | X | X |
| ४. | प्रवर्द्धनात्मक कार्यक्रम | भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनको कार्यमा सार्वजनिक निकाय र बाह्य क्षेत्रका सरोकारवालाको भूमिकाबारे सूचना प्रवाह गर्ने | ३ | ६ | विषयगत मन्त्रालय | अ.दु.अ.आ., नागरिक समाज | X | X | X | X | X |
| | | भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनको लागि नागरिक, सेवा प्रदायक निकाय तथा निजी क्षेत्र लगायतका सरोकारवालाको सचेतना अभिवृद्धि गर्ने | ३ | ६ | प्र.म.म.प.का., रा.स.के. | विषयगत मन्त्रालय/निकाय, अ.दु.अ.आ., प्रदेश र स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | भ्रष्टाचारविरुद्धको अभियानमा सबै शासकीय साझेदारको सहभागिता र सहकार्य विस्तार गर्ने | ३ | ६ | प्र.म.म.प.का., रा.स.के. | विषयगत मन्त्रालय/निकाय, अ.दु.अ.आ., प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | सार्वजनिक पदाधिकारी र कर्मचारीमा सदाचारिता तथा नैतिक मूल्य मान्यता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | प्र.म.म.प.का., रा.स.के. | विषयगत मन्त्रालय/निकाय, अ.दु.अ.आ., प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | जुनसुकै तरिकाले धन आर्जन गरी समाजमा आडम्बर देखाउने प्रवृत्ति निरुत्साहन गर्न अभियानको रूपमा सचेतना कार्यक्रम सञ्चालन गर्ने | ३ | ६ | विषयगत मन्त्रालय | अ.दु.अ.आ., नागरिक समाज | X | X | X | X | X |
| | | भ्रष्टाचार नियन्त्रणमा सघाउ पुऱ्याउन प्रवर्धनात्मक डकुमेन्ट्री/सामग्री उत्पादन, वितरण तथा प्रसारण/प्रकाशन गर्ने | ३ | ६ | प्र.म.म.प.का., रा.स.के., प्रदेश र स्थानीय तह | विषयगत मन्त्रालय/निकाय, अ.दु.अ.आ. | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | भ्रष्टाचार नियन्त्रण (-२.५ देखि +२.५) सूचकाङ्क | सूचकाङ्क | -०.५१ | -०.५१ | -०.२५ | -०.१५ | ०.२५ | ०.४ | विश्व शासन सूचकाङ्क, विश्व बैंक | अ.दु.अ.आ. |
| | **असर** | | | | | | | | | |
| १ | उजुरी फछ्र्यौट | प्रतिशत | ७६.५९ | ७८ | ८० | ८२ | ८४ | ८५ | आयोगको वार्षिक प्रतिवेदन | अ.दु.अ.आ. |
| २ | आयोगले दायर गरेको मुद्दाको सफलता दर | प्रतिशत | ६५.२४ | ६७ | ६९ | ७१ | ७३ | ७५ | आयोगको वार्षिक प्रतिवेदन | अ.दु.अ.आ. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | भ्रष्टाचार विरूद्ध तथा कानूनको परिपालना सम्बन्धमा संघीय सरकार पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास | संख्या | १४ | १० | १० | १० | १० | १० | वार्षिक प्रतिवेदन | अ.दु.अ.आ. |
| २ | भ्रष्टाचार विरूद्ध प्रदेशका पदाधिकारी तथा कर्मचारीको सचेतना कार्यक्रम | संख्या | ३ | ७ | ७ | ७ | ७ | ७ | वार्षिक प्रतिवेदन | अ.दु.अ.आ. |
| ३ | भ्रष्टाचार विरूद्ध तथा कानूनको परिपालन सम्बन्धी स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता विकास | संख्या | १५२ | १५० | १५० | १५० | १५० | १५० | वार्षिक प्रतिवेदन | अ.दु.अ.आ. |
| ४ | भ्रष्टाचार अनुसन्धान सम्बन्धी तालिम | संख्या | ४ | ४ | ४ | ४ | ४ | ४ | वार्षिक प्रतिवेदन | अ.दु.अ.आ. |
| ५ | भ्रष्टाचार विरूद्धमा नागरिक सचेतना कार्यक्रम | संख्या | - | ५ | १० | १५ | ३० | ३० | वार्षिक प्रतिवेदन | प्र.म.म.प.का. |

## ७. अनुमान तथा जोखिम

भ्रष्टाचार सम्बन्धी निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यमा मन्त्रालय तथा निकाय एवम् प्रदेश र स्थानीय तहको संलग्नता बढ्ने अनुमान छ। भ्रष्टाचारजन्य दृष्टिले बढी जोखिममा रहेका कार्यालय तथा पदाधिकारी उपर निगरानी, भ्रष्टाचारविरुद्धको राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्जाल विस्तार तथा सार्वजनिक पदाधिकारीहरूलाई थप जिम्मेवार बनाउन कानूनी तथा नीतिगत प्रबन्ध हुनेछ। साथै, आम सर्वसाधारणमा भ्रष्टाचार सम्बन्धी सचेतना अभिवृद्धि, जनप्रतिनिधि तथा कर्मचारीमा सदाचारिताको भावनामा बढोत्तरी र समाजमा भ्रष्टाचार विरोधी माहोल निर्माण हुने अनुमान छ। समन्वय तथा सहयोगको कमी, नीतिगत तथा कानूनी सुधारमा ढिलाई, स्रोतको चापको कारण आवश्यक बजेट विनियोजनमा कमी लगायतका जोखिम रहेका छन्।

## १२.६ शान्ति, सुव्यवस्था र सुरक्षा

### १.पृष्ठभूमि

सोह्रौं योजनाको विभिन्न विषयअन्तर्गत शान्ति, सुव्यवस्था र सुरक्षा क्षेत्र सम्बद्ध रूपान्तरणकारी रणनीति तथा प्रमुख कार्यक्रम र नतिजा सूचक समावेश गरिएको छ। योजनाको प्रभावकारी कार्यान्वयन गर्दै मुलुकमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै जनतामा सुरक्षाको अनुभूति दिलाउनु गृह प्रशासनको गुरूत्तर अभिभारा रहेको छ। राष्ट्रलाई आन्तरिक तथा बाह्य सुरक्षा चुनौतिबाट प्रतिरक्षा गर्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण, शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चितताको लागि सुरक्षाको प्रभावकारी प्रबन्ध गर्नु राज्यको संवैधानिक दायित्व समेत रहेको छ। लोकतन्त्र र संघीयतालाई संस्थागत गर्दै विधिको शासन सुनिश्चित गरी दिगो शान्ति, विकास, सुशासन र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न शान्ति सुरक्षा मुख्य आधार शर्तको रूपमा रहेको छ। संघीय व्यवस्था बमोजिम संघ, प्रदेश र स्थानीय तहमा राष्ट्रिय र अन्तर्राष्ट्रिय सुरक्षा चुनौतिलाई पूर्वानुमान गर्न प्रभावकारी राष्ट्रिय सुरक्षा प्रणालीको विकास गर्दै समुन्नत, आत्मनिर्भर र दिगो आर्थिक विकासको लागि शान्ति सुरक्षाको सुदृढ संयन्त्र तयार गर्नु राष्ट्रिय प्राथमिकताको विषय हो।

दिगो शान्ति, सुशासन, विकास र समृद्धिको राष्ट्रिय लक्ष्य हासिल गर्न सुशासन र शान्ति सुरक्षालाई प्राथमिकतामा राखी समग्र सुरक्षा संयन्त्रको संस्थागत सुदृढीकरण र आधुनिकीकरण, गृह प्रशासनको संगठनात्मक सबलीकरण, सुदृढीकरण, मानव पुँजी व्यवस्थापन, नागरिकमैत्री सेवा प्रवाह, अपराध नियन्त्रण तथा अनुसन्धानलाई वैज्ञानिक र सूचना प्रविधियुक्त बनाउने कार्य गृह प्रशासनको आगामी कार्यदिशा रहेका छन्। अपराधका नयाँ आयाम जस्तै साइबर कसूर, आर्थिक अपचलन, ठगी, मुद्रा निर्मलीकरण, अन्तरदेशीय अपराध, सङ्गठित सञ्जालमा आधारित लागू औषधको अवैध कारोबार र गैर कानूनी तवरबाट अवैध आर्थिक कारोबार जस्ता अपराधको रोकथाम गरी सम्बन्धित निकायसँगको समन्वय तथा सहकार्यमा समग्र क्षेत्रमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गर्नेगरी यस क्षेत्रमा कार्यक्रमहरूको समन्वयात्मक अतिरिक्त लाभ र विरोधाभाष समेतको विश्लेषण गरी यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. मुलुकमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु।

२. आन्तरिक सुरक्षा, सुरक्षा निकाय व्यवस्थापन र अपराध नियन्त्रण तथा सार्वजनिक सम्पत्तिको सुरक्षा र विकास निर्माणमा सहजीकरण गर्नु।

३. शान्ति, सुरक्षा तथा अपराध नियन्त्रण गर्न एकीकृत रणनीति अनुसार सबै सुरक्षा निकायलाई आधुनिक तथा व्यवसायिक बनाउनु।

४. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अल्पसंख्यक लगायतका जोखिममा रहेका नागरिकको न्यायमा पहुँच तथा सुरक्षा अभिवृद्धि गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. जग्गा प्राप्ति कार्यको सहजीकरण तथा प्रक्रियागत सरलीकरण गर्ने। (३.४.४)

२. उत्पादनदेखि उपभोगसम्मका विभिन्न चरणमा आबद्ध सरोकारवाला व्यक्ति तथा निकायहरूका कामकारवाहीलाई पारदर्शी जिम्मेवार र उत्तरदायी बनाउने। (३.४.११)

३. सूचना प्रविधिबाट सिर्जित जघन्य, सम्वेदनशील र नवीनतम प्रकृतिका अपराध प्रभावकारी रूपमा नियन्त्रण तथा अनुसन्धान गर्ने। (७.४.२)

४. सुशासन सेवा प्रवाह तथा सुरक्षाको प्रत्याभूतिको लागि सङ्घ, प्रदेश तथा स्थानीय तहको सहकार्य र समन्वयमा नागरिक समाज, सुरक्षा निकाय, सामुदायिक संस्था, गैरसरकारी संस्थालाई एकीकृत रूपमा परिचालन गर्न प्रभावकारी बनाउने। (७.४.३)

५. सूचना प्रविधिको प्रयोग, छरितो प्रशासनिक संरचना, उच्च मनोबल र अभिप्रेरित कर्मचारीतन्त्र मार्फत् सार्वजनिक सेवालाई प्रभावकारी बनाउने। (१२.४.६)

६. सवारी दुर्घटना, आगलागी लगायतका घटनाको रोकथाम तथा न्यूनीकरण गर्ने। (७.४.२)

७. अनुचित प्रयोगबाट उत्पन्न हुनसक्ने जोखिम तथा हिंसाको पूर्वानुमान गरी आवश्यक सुरक्षाका उपाय अवलम्बन गर्ने। (८.४.५)

८. लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसारपसार, बालश्रम, यौन दुर्व्यवहारबाट पीडित तथा प्रभावितको उद्धार, संरक्षण, पुनर्स्थापना तथा सामाजिक एकीकरणको लागि पारिवारिक तथा सामुदायिक एवम् तहगत तथा निकायगत समन्वय र साझेदारी गर्ने। (८.४.७)

९. नवीन सुरक्षा चुनौतिको व्यवस्थापन गरी सर्वाङ्गीण मानवीय सुरक्षाको प्रत्याभूति गराउन नीतिगत तथा कार्यगत व्यवस्था गर्ने। (१२.४.१)

१०. सबै प्रकारका सङ्गठित अपराध तथा राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा प्रतिकूल प्रभाव पार्ने क्रियाकलाप नियन्त्रण गर्ने। (१२.४.१)

११. संङ्घ, प्रदेश तथा स्थानीय तहले प्राथमिकताका साथ सामाजिक सदभाव र सामाजिक सौहार्दता अभिवृद्धिसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरी बजेट व्यवस्था गर्ने। (१२.४.१)

१२. राष्ट्रिय सरोकारका विषयलाई उच्च प्राथमिकता दिँदै विभिन्न जात, जाति, धर्म, भाषा, संस्कृति र सम्प्रदायबीच पारस्परिक सद्भाव र सहिष्णुता मार्फत् ऐक्यवद्धता कायम गर्ने। (१२.४.१)

**४. कार्यनीति**

१. जग्गा प्राप्ति तथा गैर सरकारी संस्था परिचालन सम्बन्धी सम्बन्धी कानूनमा संशोधन तथा परिमार्जन गरिनेछ। (रणनीति १,४)

२. तहगत सरकारका सरोकारवाला निकायको समन्वय र सहभागितामा बजार अनुगमनलाई थप प्रभावकारी बनाइनेछ। (रणनीति २)

३. सामाजिक सञ्जालको गलत प्रयोगलाई नियन्त्रण गर्न सम्बन्धित निकायको क्षमता अभिवृद्धि गरिनेछ। (रणनीति ३)

४. मन्त्रालय र मातहतका कार्यालयबाट प्रवाह हुने सेवामा सूचना प्रविधिको प्रयोग अभिवृद्धि, बढी भिड हुने कार्यालयमा आवश्यकता बमोजिम टोकन प्रणाली लागु, आवश्यकता र औचित्यताको आधारमा संगठन संरचना पुनरावलोकन, आवश्यक जनशक्तिको प्रबन्ध गर्ने, क्षमता विकास लगायतका कार्य गरिनेछ। (रणनीति ५)

५. सवारी दुर्घटना न्यूनीकरणको लागि ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ६)

६. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विरुद्ध हुने अपराध नियन्त्रण तथा अनुसन्धानलाई प्रभावकारी बनाउन महिला सहायता कक्षको स्थापना एवम् थप महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र निर्माण गरिनेछ। (रणनीति ५)

७. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक विरुद्ध हुने अपराध नियन्त्रण तथा अनुसन्धानलाई विशेष प्राथमिकता दिइनेछ। (रणनीति ८)

८. समुदाय प्रहरी साझेदारी, लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल लगायतका संयन्त्रको प्रभावकारी परिचालनद्वारा महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा जोखिममा रहेका नागरिकमा सचेतना अभिवृद्धि गरिनेछ। (रणनीति ८)

९. सुरक्षा प्रभावकारिता अभिवृद्धिको लागि पैदल गस्ती, सवारी गस्ती, रूट मार्च, आकस्मिक टोली जस्ता परिचालनको तहलाई आवश्यकतानुसार चुस्त, दुरूस्त र प्रभावकारिता सहित साथ निरन्तरता दिइनेछ। (रणनीति ७)

१०. नेपाल प्रहरीको आकस्मिक सहायता नम्बर १०० लगायतमा हुने सहायता अनुरोध र शान्ति सुरक्षा सम्बन्धी उजुरीको प्रभावकारी सम्बोधन गरिनेछ। (रणनीति ८)

११. नवीन सुरक्षा चुनौतिको निरन्तर रूपमा गहन अध्ययन तथा विश्लेषण गर्दै आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरिनेछ। (रणनीति ९)

१२. विरोध प्रदर्शनको आवरणमा हुनसक्ने आपराधिक उपद्रव (तोडफोड, आगजनी, लुटपाट) का घटनालाई प्रभावकारी रूपमा सम्बोधन गरिनेछ। (रणनीति ९)

१३. सङ्गठित अपराध नियन्त्रणको लागि संस्थागत क्षमता अभिवृद्धि गरी अनुसन्धानमा प्रभावकारिता ल्याइनेछ । (रणनीति १०)

१४. वर्तमान र भविष्यमा राष्ट्रिय सुरक्षा तथा राष्ट्रिय एकतामा प्रतिकूल प्रभाव पार्ने तत्त्वको गतिविधिलाई सुक्ष्म रूपमा अध्ययन तथा अनुसन्धान र कानून बमोजिम सोको नियन्त्रण गरिनेछ। (रणनीति १०, ११, १२)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १. | शान्ति सुरक्षा तथा अपराध नियन्त्रण | अपराधको अनुसन्धान, अभियुक्तको पहिचान तथा अभियोजन प्रणालीलाई स्वच्छ, निस्पक्ष र विभेदरहित बनाउन अनुसन्धान क्षमता विकास, प्रविधिको प्रयोग, सूचना साझेदारीको लगायतको प्रभावकारिता अभिवृद्धि गर्ने | ९, १० | ६ | नेपाल प्रहरी | गृह मन्त्रालय, अर्थ मन्त्रालय | x | x | x | x | x |
| | | साइबर व्यूरोको क्षमता विकास, जनशक्ति व्यवस्थापन तथा क्षमता विकास र Digital Forensic Lab स्तरोन्नति गर्ने | ९, १० | ६ | नेपाल प्रहरी | गृह मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | ट्राफिक सचेतना कार्यक्रम मार्फत् सडक सुरक्षा अभिवृद्धि गर्ने | ६ | ६ | नेपाल प्रहरी | गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | नियमित बजार अनुगमन हुने व्यवस्था मिलाउने तथा औद्योगिक क्षेत्रमा हुने गस्ती बढाउने | २ | | जिल्ला प्रशासन कार्यालय, सशस्त्र प्रहरी बल नेपाल | स्थानीय तह | X | X | X | X | X |
| | | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र निर्माण गर्ने | ८ | ६ | नेपाल प्रहरी | गृह मन्त्रालय, अर्थ मन्त्रालय विकास साझेदार | X | X | X | X | X |
| २. | महिला, ज्येष्ठ नागरिक तथा सीमान्तकृत | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सम्बन्धी उजुरी र कसुर प्राथमिकताका साथ फछर्यौट गर्ने | ८ | ६ | नेपाल प्रहरी | | X | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | समुदायलाई न्यायिक सहायता | अल्पसंख्यक समुहको सचेतना अभिवृद्धिको लागि सामुदायिक कार्यक्रम सञ्चालन गर्ने | ८ | ६ | नेपाल प्रहरी | गृह मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| ३. | सुरक्षा निकायको सुदृढीकरण | सुरक्षा निकायसँग सम्बन्धित कानूनमा समय सपेक्ष सुधार गर्ने, प्रविधिको प्रयोगलाई बढाउने, आवश्यकताको आधारमा संगठन संरचना पुर्नसंरचना गर्ने र तालिमलाई आधुनिक एवम् प्रविधिमैत्री बनाउने | ७, ९, १० | ६ | नेपाल प्रहरी | गृह मन्त्रालय | X | X | X | X | X |
| | | विपद् व्यवस्थापनसँग सम्बन्धित थप जनशक्ति तयार गर्ने तथा विपद्को समयमा अन्तर निकाय समन्वयलाई प्रभावकारी बनाउने | ९, १० | | गृह मन्त्रालय, राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | प्रदेश स्थानीय तह | X | X | X | X | X |
| ४. | सीमा सुरक्षा तथा अपराध नियन्त्रण | अध्यागमन सेवालाई थप प्रविधिमैत्री बनाइ प्रस्थान तथा आवागमन व्यवस्थित गर्न अध्यागमन कार्यालयहरूमा अत्याधुनिक प्रविधि जडान गर्ने | ९, १० | ६ | गृह मन्त्रालय, अध्यागमन विभाग | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | आवश्यकताको आधारमा थप बी.ओ.पि. स्थापना गर्ने सीमामा व्यक्ति तथा सवारी साधन चेकजाँचको लागि आधुनिक उपकरण जडान गर्ने | ९, १० | ६ | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | अवैध निकासी पैठारी नियन्त्रण गर्न समन्वयात्मक रूपमा गस्ती गर्ने | ९, १० | ६ | नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | X | X |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सीमा सहजीकरण समितिको गठन र सहजीकरण समितिबाट प्राप्त राय सुझाव कार्यान्वयन गर्ने | ९, १० | ६ | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | X | X | X | X | X |
| | | धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा ऐतिहासिक स्थानको सरसफाई, सीमा क्षेत्रका सार्वजनिक स्थानमा वृक्षारोपण तथा सौन्दर्यकरण कार्यक्रम सञ्चालन गर्ने | ११ | ६ | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | सीमा निगरानी (intelligence) संयन्त्र स्थापना गरी कार्य सञ्चालन प्रकृयाको लागि आवश्यक सहजीकरण गर्ने | १० | ६ | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | X | X | X | X | X |
| | | सीमा सुरक्षासँग सम्बन्धित विषयको प्रविधिमार्फत् अभिलेखिकरण गर्ने | १० | ६ | नेपाल/सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय | X | X | X | X | X |
| | | सीमा सुरक्षा तथा राजस्व चुहावट नियन्त्रण सम्बन्धी सरोकारवाला पक्ष सम्मिलित सम्मेलन, अन्तरक्रिया तथा गोष्ठी आयोजना गर्ने | १० | ६ | नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | सीमा विवाद, सीमापार एक आपसी भोगचलन र दशगजा अतिक्रमण भएका स्थानको पहिचान तथा अभिलेखीकरण गर्ने | १२ | ६ | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, नापी विभाग | X | X | X | X | X |
| | | भारत र चीनका समकक्षी सुरक्षा निकायसँग विभिन्न तहमा समन्वयात्मक बैठक तथा मैत्रीपूर्ण कार्यक्रम सञ्चालन गर्ने | १२ | ६ | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय | X | X | X | X | X |
| | | सङ्गठित अपराध सम्बन्धी कसुर अनुसन्धान गर्न विशिष्टीकृत जनशक्ति विकास गर्ने | १० | ६ | नेपाल प्रहरी | गृह मन्त्रालय | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देशभर घटेका घटनाको अभिलेखीकरण गरी विश्लेषण सहितको साप्ताहिक प्रतिवेदन पेश गर्ने | १० | ६ | नेपाल प्रहरी सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | आवश्यकता र माग अनुसार अस्थायी सुरक्षा बेशको स्थापना गर्ने | १० | ६ | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| ५. | राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकता सुदृढीकरण | चाडपर्वको समय, धार्मिक कार्यक्रम तथा मेला पर्व, विभिन्न सांस्कृतिक कार्यक्रम, जात्रा उत्सव, औद्योगिक, व्यापारिक मेला लगायतका कार्यक्रममा प्रभावकारी सुरक्षा व्यवस्था मिलाउने | १२ | ६ | नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | आ-आफ्नो जिम्मेवारी क्षेत्रभित्र हुने आपराधिक तथा संगठित अपराधिक क्रियाकलाप न्यूनीकरण गर्न गस्ती तथा पेट्रोलिङ गर्ने | १०, १२ | ६ | नेपाल प्रहरी/सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | उच्छृङ्खल गतिविधि गर्नसक्ने व्यक्तिको पहिचान गरी अग्रिम रूपमा नियन्त्रणमा लिने र सूचना संकलनलाई प्राथमिकता दिने | १२ | ६ | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| | | अवैध रूपमा भित्रने साना हातहतियार तथा गोलीगठ्ठा नियन्त्रणको लागि व्यापक रूपमा एकल तथा संयुक्त टोली परिचालन गर्ने | १२ | ६ | सशस्त्र प्रहरी बल, नेपाल | गृह मन्त्रालय, स्थानीय तह | X | X | X | X | X |
| ६. | सार्वजनिक सेवा प्रवाह | मन्त्रालय र मातहतका निकायको संगठन संरचना पुनरावलोकन गर्ने<br>सेवा प्रवाहमा सूचना प्रविधि तथा टोकन प्रणाली लगायतका नवीनतम प्रविधिको प्रयोग गर्ने | ४<br>५ | ६ | गृह मन्त्रालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | X | X |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जग्गा प्राप्तिलाई सहजीकरण तथा प्रक्रियागत सरलीकरण गर्ने | १ | | | | | | | |
| | | कारागारलाई सुधार केन्द्रको रूपमा विकास गर्न उद्यमशीलता सम्बन्धी तालिम प्रदान तथा क्षमता विकास गर्ने | ४ | ६ | गृह मन्त्रालय, कारागार व्यवस्थापन विभाग | तालिम प्रतिष्ठान | X | X | X | X | X |
| | | अनलाइन व्यक्तिगत घटना दर्ता अभिवृद्धि गर्ने<br>कसुरजन्य सम्पत्तिको व्यवस्थापनलाई एकीकृत प्रविधिमा आधारित बनाउने | ४, ५ | | गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग<br>कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग | अदालत, महान्यायाधिवक्ताको कार्यालय | X | X | X | X | X |

### ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | विधिको शासन | सूचकांक | ०.५२ | ०.५४ | ०.५५ | ०.५६ | ०.५८ | ०.६० | आर्थिक तथा शान्ति प्रतिष्ठान | गृह मन्त्रालय |
| २ | राजनीतिक स्थायित्व र हिंसाको अन्त्य | सूचकांक | -०.२३ | -०.२१ | -०.१० | ०.०५ | ०.१५ | ०.२० | | |
| | **असर** | | | | | | | | | |
| १ | दर्ता भएका अपराधका घटना | सङ्ख्या | ५९,२०४ | ५८,४७२ | - | - | - | - | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| २ | दर्ता भएका लैगिक हिंसा लगायतका अपराधको घटना र अनुसन्धानको अनुपात | प्रतिशत | ७५ | ८० | ८५ | ९० | ९५ | १०० | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| ३ | आकस्मिक सहायता नम्बर १०० मा प्राप्त अनुरोधको सम्बोधन दर | प्रतिशत | - | ९५ | ९५ | ९५ | ९५ | ९५ | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| ४ | सवारी साधनको अनुपातमा दुर्घटना | संख्या प्रतिलाख | ३४० | ३२५ | ३१० | ३०० | २९५ | २९५ | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| ५ | सडक दुर्घटनाका कारण भएको मानवीय क्षति | मृत्युदर प्रतिलाख | ८ | ७.९ | ७.८ | ७.७ | ७.६ | ७.५ | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | सडक सुरक्षा सचेतना अभिवृद्धि कार्यक्रम | कार्यक्रम संख्या | ११,९१६ | १२,००० | १२,००० | १३,००० | १३,००० | १४,००० | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| २ | घरेलु हिंसा न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम | कार्यक्रम सङ्ख्या | ३१६९ | ३२०० | ३३०० | ३४०० | ३५०० | ३६०० | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ३ | Traffic Violation Record System (TVRS) प्रणालीमा भएका जिल्ला | सङ्ख्या | ७० | ७५ | ७७ | ७७ | ७७ | ७७ | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| ४ | विपद् उद्धार सम्बन्धी विशिष्टिकृत तालिम प्राप्त प्रहरी जनशक्ति | सङ्ख्या | ९० | ९० | ९० | ९० | ९० | ९० | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| ५ | अल्पसङ्ख्यकसँग प्रहरी कार्यक्रम | सङ्ख्या | ७०१ | ७५० | ७५० | ७७५ | ७७५ | ८०० | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| ६ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र निर्माण | सङ्ख्या | ४२ | ३० | ११ | ३ | ५ | ५ | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |
| ७ | सङ्गठित अपराध अनुसन्धानमा प्रशिक्षित प्रहरी कर्मचारी संख्या | प्रहरी कर्मचारी संख्या | २४ | २४ | २४ | ४८ | ४८ | ४८ | नेपाल प्रहरी वार्षिक प्रतिवेदन | गृह मन्त्रालय |

### ७. अनुमान र जोखिम

सुरक्षा निकायको आधुनिकीकरण तथा व्यावसायिकता अभिवृद्धिसँगै नागरिकको जीउधन, स्वतन्त्रता र सार्वजनिक सम्पत्तिको सुरक्षा हुने, साइबर अपराधको नियन्त्रण हुने र अन्तर्राष्ट्रिय आपराधिक क्रियाकलाप नियन्त्रण हुनेछ। गृह प्रशासनको बढ्दो कार्य चाप तथा कार्य बोझ र जनअपेक्षाबीच आवश्यक परिमाणमा साधन-स्रोत उपलब्ध गराउनु चुनौतिपूर्ण छ। यसो हुन नसकेमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्दै जनतामा सुरक्षाको अनुभूति दिलाउने अभिभारा प्रभावित हुने जोखिम रहन्छ।

## १२.७ योजना तर्जुमा तथा कार्यान्वयन

### १. पृष्ठभूमि

तथ्यपरक र नतिजामुखी योजना तर्जुमा प्रणालीको विकास आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार तथा रूपान्तरणको आधारशीला हो। वास्तविक, यर्थाथपरक र नतिजाउन्मुख विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनले आर्थिक वृद्धि, समष्टिगत अर्थतन्त्र एवम् समृद्ध राष्ट्र निर्माणमा योगदान पुऱ्याँउछ। योजना तर्जुमा र कार्यान्वयन बीचमा ठूलो अन्तर रहनु, योजना तर्जुमालाई तथ्यपरक र नतिजामूलक बनाई कार्यान्वयन पद्धतिसँग जोड्न नसक्नु, सम्भाव्यता, आवश्यकता र प्राथमिकताको विश्लेषण नगरी महत्वाकांक्षी योजना तर्जुमा गर्नु, कार्यान्वयनमा संस्थागत तथा तहगत समन्वयको कमी हुनु, आवधिक योजनाका लक्ष्य तथा उद्देश्य र मध्यमकालीन खर्च संरचना र नीति तथा कार्यक्रम एवम् बार्षिक बजेटबीच पुर्णरूपमा तादात्म्य कायम गर्न नसक्नु, योजनाका रणनीति तथा कार्यक्रमहरूको कार्यान्वयनको लागि पर्याप्त स्रोतको व्यवस्था नहुनु जस्ता समस्या योजना तथा कार्यान्वयनमा रहेका छन्।

त्यसैगरी दीर्घकालीन सोच सहित योजनाले राखेको अपेक्षित लक्ष्य हासिल गर्नु, कार्यक्रम तथा आयोजनाको लागत प्रभावकारिता, गुणस्तरियता र समयबद्धता सहित कार्यान्वयन प्रभावकारिता र कार्यदक्षता अभिवृद्धि गर्नु, सङ्घीय संरचना अनुकूल योजना प्रणालीको सुदृढीकरण र विकास गर्नु, योजना तर्जुमामा सङ्लग्न हुने तिनै तहका निकायको क्षमता अभिवृद्धि गरी सस्थागत सुदृढीकरण गर्नु, आयोजना सुशासन र व्यवस्थापनमा सुधार गरी कार्यान्वयन प्रभावकारिता वृद्धि गर्नु, कार्यान्वयनमा संलग्न निकायहरूबीचको समन्वय र सहकार्यको वातावरण निर्माण गर्नु महत्वपूर्ण चुनौति रहेका छन्। विद्यमान चुनौतिको सामना गर्दै योजना तर्जुमा तथा कार्यान्वयनसँग सम्बन्धित रणनीति तथा कार्यक्रमले आर्थिक क्षेत्र, सामाजिक क्षेत्र, पूर्वाधार क्षेत्र तथा अन्तरसम्बन्धित क्षेत्रमा सिर्जना गर्ने समन्वयात्मक लाभ तथा विरोधाभाषको पहिचान तथा विश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. राजनीतिक, प्रशासनिक, न्यायिक, निजी तथा गैरसरकारी क्षेत्रमा सुशासन कायम गर्न सहयोग हुनेगरी योजना तर्जुमा गर्नु।
२. राष्ट्रिय सोच र लक्ष्य हासिल हुने गरी तीनै तहमा समन्वयात्मक, नतिजामुखी र सबल योजना तर्जुमा पद्धतिको विकास गर्नुको साथै कार्यान्वयन दक्षता अभिवृद्धि गर्नु।
३. सङ्घीय संरचना अनुरूप सबै तहमा योजना तर्जुमा तथा कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गरी सुशासन, सामाजिक न्याय र समृद्धि हासिल गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

योजना तर्जुमा तथा कार्यान्वयन शीर्षकमा सोह्रौं योजनाका परिच्छेद एकमा रहेका संरचनात्मक रूपान्तरणका क्षेत्रलाई आधार लिएर रूपान्तरणकारी रणनीति समावेश गरिएको छ। सोको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सहयोग पुग्ने गरी सोह्रौं योजनाका १३ वटा परिच्छेदमा आधारित रहेर कार्यनीति उल्लेख गरिएको छ।

१. दीर्घकालीन सोच र राष्ट्रिय प्राथमिकताका आधारमा उच्च आर्थिक वृद्धि, उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि, उद्यमशीलता एवम् रोजगारी वृद्धि गर्नेगरी योजना तर्जुमा गर्ने। (१,२,३,४)
२. सामाजिक विकास, मानव पुँजी निर्माण र गुणस्तरीय पूर्वाधार विकास गर्नेगरी योजना तर्जुमा तथा कार्यान्वयनको प्रक्रियागत पक्षमा सुधार गर्ने। (५, ६)
३. योजनाबद्ध, समावेशी तथा समतामूलक समाज निर्माण, प्रादेशिक तथा स्थानीय अर्थतन्त्रको सुदृढीकरण, गरिबी निवारण र सन्तुलित विकास हुनेगरी सङ्घीय संरचना अनुकूल योजना कार्यान्वयनको संस्थागत संरचनाको सवलीकरण गर्ने। (७,८,९,१०)

४. सङ्घीय संरचना अनुकूल प्रभावकारी वित्त व्यवस्थापन, आयोजना व्यवस्थापन, शासकीय सुधार र सुशासन अभिवृद्धि हुनेगरी विद्यमान योजना प्रणालीको सुदृढीकरण र विकास गर्ने। (११, १२)
५. दिगो विकास लक्ष्य कार्यान्वयन र हरित अर्थतन्त्र अभिवृद्धि हुनेगरी योजना तर्जुमामा संलग्न निकायहरूको क्षमता विकास तथा सुदृढीकरण गरी ग्रहण क्षमता अभिवृद्धि गर्ने। (१३,१४)

## ४. कार्यनीति

१. नेपालको संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिअनुरूप योजना तर्जुमा गरिनेछ। (रणनीति १)
२. दीर्घकालीन सोचको आधारमा सबै तहका योजना तर्जुमा तथा कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ। (रणनीति १)
३. अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको सुदृढीकरणमा आधारित रही सरकारका तीनै तहका योजना तर्जुमा र कार्यान्वयनलाई प्राथमिकता दिइनेछ। (रणनीति १)
४. राजस्व प्रणालीको सुदृढीकरण एवम् सार्वजनिक ऋणको विवेकशील उपयोग हुनेगरी योजना कार्यान्वयन गरिनेछ। (रणनीति १)
५. उच्चस्तरीय आर्थिक सुधार आयोगको प्रतिवेदन कार्यान्वयन गरिनेछ। (रणनीति २)
६. कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व र प्रतिष्पर्धी क्षमता अभिवृद्धि गर्नेगरी कार्यक्रम कार्यान्वयनलाई प्राथमिकता दिइनेछ। (रणनीति २)
७. औद्योगिक विकास र लगानी प्रोत्साहनमार्फत् कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान अभिवृद्धि गर्नुको साथै सेवा क्षेत्रको विकास, विस्तार र विविधीकरणको लागि योजना तर्जुमा तथा कार्यान्वयनमा जोड दिइनेछ। (रणनीति २)
८. आन्तरिक रोजगारीका पर्याप्त अवसर सिर्जना र वैदेशिक रोजगारीका सबै चरणलाई व्यवस्थित गर्नेगरी योजनाको कार्यान्वयन गरिनेछ। (रणनीति ३)
९. शैक्षिक संस्थाहरूको नक्साङ्कन र समायोजन, गुणस्तरीय, नैतिकतामा आधारित पाठ्यक्रम, उत्पादनमूलक र रोजगारकेन्द्रित कार्यक्रमको प्रवर्द्धन तथा प्रारम्भिक बालविकासको साथै मानव स्रोत व्यवस्थापन राष्ट्रिय योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ। (रणनीति ४)
१०. पूर्वाधार विकासका नीतिहरूलाई अन्तरआबद्ध गरी एकीकृत राष्ट्रिय पूर्वाधार नीति तर्जुमा तथा कार्यान्वयनमा कार्यकुशलता वृद्धि गरिनेछ। (रणनीति ५)
११. राष्ट्रिय तथा प्रादेशिक शहरी प्रणालीको सुदृढीकरण गर्दै दिगो, सुरक्षित र उत्थानशील बनाउने गरी शहरी सुशासन प्रणालीको विकास गरिनेछ। (रणनीति ६)
१२. शासकीय प्रबन्ध, नीतिगत सुधार, न्यायिक प्रणाली, लैङ्गिक समानतासम्बद्ध कार्यक्रमको तहगत तथा क्षेत्रगत समन्वय, सहकार्य र साझेदारी प्रवर्द्धन गरिनेछ। (रणनीति ७)
१३. प्रदेश तथा स्थानीय तहको विशिष्टता र सम्भाव्यता एवम् वित्तीय सङ्घीयताको प्रवर्द्धन गर्दै प्रादेशिक सन्तुलन र समन्यायिक विकासमा जोड दिइनेछ। (रणनीति ८)
१४. एकीकृत सामाजिक सुरक्षा एवम् राष्ट्र निर्माणमा युवाको भूमिका अभिवृद्धि कार्यक्रमको कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्न सस्थागत सबलीकरण गरिनेछ। (रणनीति ९)
१५. राष्ट्रिय आयोजना बैङ्कमा सूचीबद्ध आयोजनालाई मात्र प्राथमिकता दिई बजेट विनियोजन गर्नुका साथै वित्तीय अनुशासन तथा कार्यकुशलता अभिवृद्धि गर्दै आयोजना सुशासन कायम गरिनेछ। (रणनीति १०)
१६. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्दै प्रतिवेदन र अभिलेखीकरणलाई प्रभावकारी बनाइनेछ। (रणनीति १० र ११)
१७. एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणाली तथा व्यवस्थापन सूचना प्रणालीको विकास र सुदृढीकरण गरिनेछ। (रणनीति ११)
१८. मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेट योजना कार्यान्वयनसँग आवद्ध हुनेगरी राष्ट्रिय तथ्याङ्क प्रोफाइल विकास तथा कार्यान्वयन गरिनेछ। (रणनीति ११)

१९. योजना कार्यान्वयनमा अन्तरनिकाय समन्वय र सहकार्य मार्फत् जलवायु वित्त परिचालन, जैविक विविधताको संरक्षण र हरित अर्थतन्त्रको विकास एवम् प्रवर्द्धन गरिनेछ। (रणनीति १२)

२०. दिगो विकास लक्ष्य प्राप्तिको लागि स्रोतको व्यवस्थापन गर्दै विकासशील राष्ट्रमा स्तरोन्नतिको रणनीति कार्यान्वयन गरिनेछ। (रणनीति १३)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | योजना तर्जुमा तथा कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि | योजना तर्जुमाका सबै चरणहरूको विधि र प्रकियामा सुधार गर्ने | १२/११ | १ | राष्ट्रिय योजना आयोग | सबै सङ्घीय मन्त्रालय/निकाय | × | × | × | × | × |
| | | सङ्घ, प्रदेश र स्थानीय तहमा एकीकृत आयोजना व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने | १२/११ | १ | राष्ट्रिय योजना आयोग, प्रदेश नीति तथा योजना आयोग | सङ्घ, प्रदेश र स्थानीय तह | × | × | × | × | × |
| | | आयोजनामा दक्ष जनशक्तिको स्थिरता कायम गर्ने | १२/११ | १ | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | × | × | × | × | × |
| | | आयोजना पूर्वतयारीको आधारमा आयोजना छनौट र बजेट विनियोजन गर्ने | १२/११ | १ | अर्थ मन्त्रालय | सबै मन्त्रालय तथा निकायहरू | × | × | × | × | × |
| २ | आर्थिक सुधार कार्यक्रम | प्रत्येक मन्त्रालय, निकाय, विभाग र केन्द्रीय स्तरका निकायबाट आवधिक सुधार रणनीति निर्माण र कार्यान्वयन गर्ने | १५ | १ | सम्बन्धित निकायहरू | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | × | × | | |
| ३ | अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको सुदृढीकरण | कृषियोग्य भूमिको संरक्षण, भूमि खण्डीकरण न्यूनीकरण, सामुहिक र सहकारी खेतिको प्रवर्द्धन गर्ने | २/१, ३/१ | ३ | कृषि विकास मन्त्रालय | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | × | × | × | × | × |
| | | कृषिको आधुनिकीकरण, व्यावसायीकरण र विविधीकरण गर्ने | ३/२ | ३ | कृषि विकास मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश तथा स्थानीय तह | × | × | × | × | × |
| | | स्वदेशी कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्ने | २/१ | ३ | उद्योग मन्त्रालय | उद्योग विभाग, प्रदेश तथा स्थानीय तह | × | × | × | × | × |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | नवप्रवर्द्धन र स्टार्टअप प्रवर्द्धन मार्फत् युवा उद्यमी प्रोत्साहन गर्ने | २/७ | ३ | उद्योग मन्त्रालय | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | | × | × | × | × |
| | | पर्यटन उद्योग विकास र विविधीकरण गर्ने | २/१<br>३/८ | ३ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | पर्यटन विभाग | | × | × | × | × |
| | | सूचना प्रविधिका क्षेत्रमा लगानी, प्राथमिकता निधारण र प्रवर्द्धन गर्ने | २/१<br>३/१२ | ३ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | विद्युतीय सुशासन आयोग | | × | × | × | × |
| ४ | राजस्व प्रणालीमा सुधार | अनुमानयोग्य वित्त प्रणालीको विकास गर्ने | २/९ | १ | अर्थ मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | | × | × | × | × |
| | | अन्तराष्ट्रिय वित्त परिचालनमा सुधार गर्ने | ११/५ | १ | अर्थ मन्त्रालय | सार्वजनिक ऋण व्यवस्थापन कार्यालय | | × | × | × | × |
| ५ | औद्योगिक विकास र लगानी प्रोत्साहन | लघु, साना तथा घरेलु उद्योग प्रवर्द्धन गर्ने | २/१ | ३ | उद्योग मन्त्रालय | उद्योग विभाग, स्थानीय तह | | × | × | × | × |
| | | एकीकृत औद्योगिक विकास रणनीति कार्यान्वयन गर्ने | २/७ | ३ | उद्योग मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | × | × | × | × |
| | | विशेष आर्थिक क्षेत्रको सुदृढीकरण गर्ने | २/७ | ३ | उद्योग मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | × | × | × | × |
| ६ | एकीकृत राष्ट्रिय पूर्वाधार नीति तर्जुमा तथा कार्यान्वयन | यातायात पूर्वाधार विकासको एकीकृत नीति तथा योजना तर्जुमा र कार्यान्वयन गर्ने | ६/१ | ३ | भौतिक पूर्वाधार मन्त्रालय | प्रदेश, स्थानीय तह | | × | × | | |
| | | पूर्वाधार विकासका क्षेत्रगत नीतिबीच समन्वय तथा अन्तरआवद्धता विकास गर्ने | २/४ | ३ | शहरी विकास तथा भौतिक पूर्वाधार मन्त्रालय | प्रदेश, स्थानीय तह | | × | × | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ७ | प्रादेशिक सन्तुलन र समन्यायिक विकास कार्यक्रम | तीनै तहका सरकारको भूमिका, जिम्मेवारी र दायरा स्पष्ट गरी समन्वय, सहकार्य र साझेदारी गर्ने | ८/२ | ३ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सङ्घ, प्रदेश र स्थानीय तह | | × | × | × | × |
| | | प्रदेश र स्थानीय तहको विशिष्टता र सम्भाव्यताको खोज, पहिचान र उपयोग गर्ने | ९/३ | ३ | प्रदेश तथा स्थानीय तह | सङ्घीय सरकार | | × | × | × | × |
| ८ | गरिबी र असमानताको न्यूनीकरण | गरीब घरपरिवार लक्षित राज्य सुविधा परिचयपत्र वितरण कार्यक्रम गर्ने | १०/१ | ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | सङ्घ, प्रदेश र स्थानीय तह | × | × | | | |
| | | योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम समुदायस्तरसम्म विस्तार गर्ने | १०/४ | ६ | सङ्घीय सरकार | प्रदेश र स्थानीय तह | | × | | | |
| ९ | एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण | तथ्य र प्रमाणमा आधारित नीति तथा योजना निर्माण गर्ने | १२/४ | १ | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | × | × | | | |
| | | तीनै तहका सरकारको एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्ने | १२/१० | १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय तथ्याङ्क कार्यालय | × | × | × | | |
| | | राष्ट्रिय तथ्यगत विवरणको विकास (National Data Profile) गर्ने | १२/४ | १ | राष्ट्रिय तथ्याङ्क कार्यालय | सङ्घ, प्रदेश र स्थानीय तह | | × | × | × | × |
| १० | अन्तराष्ट्रिय जलवायु वित्तमा पहुँच | कार्बन व्यापारको लागि संस्थागत क्षमता विकास गर्ने | १३/७ | ५ | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | × | × | × | × |
| | | जलवायु कूटनीति परिचालन गर्ने | १३/७ | ५ | परराष्ट्र मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | × | × | × | |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | अभिवृद्धि कार्यक्रम | सगरमाथा सम्वाद कार्यक्रम सञ्चालन गर्ने | १३/७ | ५ | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | × | | | |
| ११ | दिगो विकास लक्ष्य कार्यान्वयनको लागि स्रोतको पहिचान र परिचालन कार्यक्रम | वैकल्पिक स्रोत तथा नवीन वित्तीय उपकरणको पहिचान र परिचालन गर्ने | १३/११ | ६ | राष्ट्रिय योजना आयोग | तीनै तहका सरकार | | × | × | × | × |
| | | सार्वजनिक- निजी साझेदारी तथा स्वदेशी र विदेशी लगानी आर्कषण गर्ने | १३/११ | ६ | अर्थ मन्त्रालय | राष्ट्रिय योजना आयोग, नागरिक समाज | | × | × | × | × |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **प्रभाव** | | | | | | | | | | |
| १ | आर्थिक वृद्धिदरको प्रक्षेपण र प्राप्तिको अन्तर | प्रतिशत बिन्दु | ३.५ | ४.० | ६.६ | ७.६ | ७.९ | ७.३ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |
| **असर** | | | | | | | | | | |
| १ | पुँजीगत खर्च वृद्धिदर | प्रतिशत | -२१.८९ | १६.१५ | २०.० | २२.० | २३.० | २४.० | वा.प्र. | अर्थ मन्त्रालय |
| २ | कुल गार्हस्थ्य उत्पादनको अनुपातमा निजी क्षेत्रको लगानी | प्रतिशत | ६१.६ | ६०.९ | ६२ | ६४ | ६७ | ६९.८ | राष्ट्रिय लेखा | अर्थ मन्त्रालय |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **प्रतिफल** | | | | | | | | | | |
| १ | आवधिक योजना तर्जुमा भएका स्थानीय तह | संख्या | ५४३ | ५९० | ६२० | ६४० | ६८५ | ७५३ | वा.प्र. | रा.यो.आ. |
| २ | मध्यमकालीन खर्च संरचना तर्जुमा भएका स्थानीय तह | संख्या | ७४२ | ७४६ | ७२७ | ७५३ | ७५३ | ७५३ | वा.प्र. | रा.यो.आ. |
| ३ | आयोजना बैंक स्थापना भएका प्रदेश | संख्या | ३ | ३ | ७ | ७ | ७ | ७ | वा.प्र. | रा.यो.आ. |
| ४ | आयोजना बैंक स्थापना भएका स्थानीय तह | संख्या | - | ३ | ११ | १०० | ३५० | ७५३ | वा.प्र. | रा.यो.आ. |

**७. अनुमान तथा जोखिम**

तीनै तहको सरकारको सहभागिता, समन्वय, सहकार्य र साझेदारीमा योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ । तहगत सरकारको जिम्मेवारीमा रहन सक्ने दोहोरोपनालाई हटाइनेछ । सङ्घीय सरकारबाट तर्जुमा भएको सोह्रौं योजनाको आधारमा कार्यान्वयन गरिनेछ । प्रदेश र स्थानीय तहलाई तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा सोको कार्यान्वयनमा सहजीकरण गरिनेछ । राष्ट्रिय योजना आयोगले प्रदेश नीति तथा योजना आयोग र स्थानीय तहको समेत योजना कार्यान्वयनमा सहयोग र समन्वय गर्नेछ । सङ्घीय व्यवस्था र परिवर्तित अन्य परिवेश र सन्दर्भ अनुकूल हुने गरी कार्य विस्तृतीकरण प्रतिवेदन सहित तीनै तहका आवधिक योजना तथा नीति कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्न आवश्यक समन्वय तथा सहकार्य गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नुहेन जोखिम रहेको छ ।

## १२.८ अनुगमन तथा मूल्याङ्कन

### १. पृष्ठभूमि

नेपालको संविधानमा उल्लिखित राजनैतिक, सामाजिक-सांस्कृतिक एवम् आर्थिक उद्देश्य हासिल गर्न विकास नीति र अभ्यासको नतिजामूलक र पारदर्शी अनुगमन तथा मूल्याङ्कन प्रणालीको महत्वपूर्ण भूमिका रहन्छ। संविधानले राष्ट्रिय नीतिको कार्यान्वयन तथा सुशासनको सन्दर्भमा समेत अनुगमन तथा मूल्याङ्कनलाई विशेष महत्व दिएको छ। विकास नीति तथा योजनाको कार्यान्वयनमा उत्तरदायित्व र जवाफदेहिता प्रवर्द्धन गरी लागत प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन तथा मूल्याङ्कनलाई तथ्यपरक, विश्वसनीय, गुणस्तरीय, व्यवस्थित, नतिजामुखी, पारदर्शी र प्रभावकारी बनाउनको लागि अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० कार्यान्वयनमा आएको छ। सोह्रौँ योजनाले लिएको सुशासन, सामाजिक न्याय र समृद्धिको सोचअनुसार रूपान्तरणकारी रणनीति तथा प्रमुख हस्तक्षेपकारी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कनको लागि योजना कार्यान्वियन, अनुगमन तथा मूल्याङ्कन ढाँचा समेत निर्दिष्ट गरिएको छ। सोह्रौँ योजनाको लक्ष्य एवम् उद्देश्य हासिल गर्न योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणालीबीच पारस्परिक संगति एवम् सामञ्जस्यता कायम गर्दै अघि बढ्नुपर्ने हुन्छ। यस योजनाको कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गर्न यसको नियमित अनुगमन, समीक्षा तथा मूल्याङ्कनको आवश्यकता रहेको छ। आयोजना कार्यान्वयनमा देखापरेका समस्यालाई तत्काल सम्बोधन गर्न, तोकिएको समयमा निर्दिष्ट लक्ष्य हासिल गर्न एवम् आयोजनाको समग्र पक्षको प्रभावकारिता, पारदर्शिता, जवाफदेहिता अभिवृद्धि गर्न अनुगमन मूल्याङ्कनको महत्वपूर्ण भूमिका रहन्छ। सो अनुसार क्षेत्रगत एवम् तहगत समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाष पहिचान गरी अनुगमन तथा मूल्याङ्कनलाई अन्तरनिकाय, अन्तरतह र अन्तरक्षेत्रको समन्वय र सहकार्य थप प्रभावकारी बनाउने गरी कार्यान्वयन योजना तयार गरिएको छ।

### २. उद्देश्य

संघ, प्रदेश र स्थानीय तहमा नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. नतिजामा आधारित एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास र विस्तार गर्ने। (११.४.११)

२. अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सरोकारवाला निकाय एवम् पदाधिकारीको उत्तरदायित्व र जिम्मेवारी प्रवर्द्धन गर्ने। (१२.४.१०)

३. अनुगमन तथा मूल्याङ्कनमा संलग्न जनशक्तिको विकास तथा विशेषज्ञता प्रवर्द्धन गरी समन्यायिक एवम् अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने। (१२.४.१०)

### ४. कार्यनीति

१. तहगत सरकार एवम् निकायगत समन्वय र सहकार्य गर्दै नतिजामूलक तथा एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरिनेछ। (रणनीति १)

२. तीनै तहमा एकीकृत अनुगमन (अनलाइन) प्रणाली विकास एवम् विस्तार गरी अन्तर आबद्धता कायम गरिनेछ। (रणनीति १)

३. कार्यसम्पादन सूचक निर्धारण गरी सूचकमा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास तथा विस्तार गरिनेछ। (रणनीति १)

४. नीति तथा कार्यक्रमको मूल्याङ्कन गराउने विधि विकास गरिनेछ। (रणनीति १)

५. प्रचलित कानून बमोजिम अनुगमन तथा मूल्याङ्कन सम्बद्ध निकायको जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गर्न विषयगत मन्त्रालय एवम् केन्द्रीय निकायहरूको वार्षिक कार्ययोजना तथा प्रमुख कार्यसम्पादन सूचकको नियमितरूपमा आवधिक समीक्षा गरिनेछ। (रणनीति २)

६. सार्वजनिक पदाधिकारीबीच कार्यसम्पादन सूचकमा आधारित कार्यसम्पादन करार प्रणाली विस्तार गरिनेछ। (रणनीति २)

७. राष्ट्रिय गौरवका आयोजना र विकास सहायतामा सञ्चालित अन्य आयोजनाको नियमित रूपमा आवधिक समीक्षा गरी राष्ट्रिय समस्या समाधान समितिको बैठकमार्फत् समस्याको समाधान गरिनेछ। (रणनीति २)

८. सेवाग्राहीबाट सेवा प्रदायक निकाय तथा पदाधिकारीको मूल्याङ्कन तथा पृष्ठपोषण प्रणालीलाई प्रभावकारी बनाइनेछ। (रणनीति २)

९. आन्तरिक मूल्याङ्कनका साथै कानून बमोजिम अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तोकिएका निकायहरूबीच आपसी सहकार्यमा संयुक्त अनुगमन गरिनेछ। (रणनीति ३)

१०. अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवार निकाय र पदाधिकारीको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति ३)

११. विश्वविद्यालयलगायत अनुसन्धानमा संलग्न संस्था तथा निकायसँग साझेदारी र सहकार्य गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई अध्ययन तथा अनुसन्धानमा आधारित बनाइनेछ। (रणनीति ३)

१२. अनुगमन तथा मूल्याङ्कन गर्ने निकायले वार्षिक अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ। (रणनीति ३)

१३. सार्वजनिक पदाधिकारीहरूको जिम्मेवारी र जवाफदेहिता अभिवृद्धि गरी नतिजा हासिल गर्न अनुगमन र मूल्याङ्कन कार्य गरिनेछ। (रणनीति २)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | नतिजामा आधारित एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरण | राष्ट्रिय गौरव तथा प्राथमिकताप्राप्त आयोजनाहरूको प्रत्यक्ष सम्वाद कक्ष (Action room) बाट अनुगमन तथा नियमन गर्ने | १/१ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बद्ध सबै निकाय | X | X | X | X | X |
| | | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट सञ्चालनमा आएको एकीकृत अनलाइन अनुगमन प्रणालीको स्तरोन्नति र दायरा विस्तार गर्ने | १/१ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | अनुगमनको प्रभावकारिता अनुगमन गर्ने | १/१ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग | सम्बद्ध सबै निकाय | X | X | X | X | X |
| | | सबै सार्वजनिक निकाय एवम् आयोजना प्रमुखको कार्यसम्पादन सूचक निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सूचकमा आधारित गराउने | १/२ | ६ | सम्बन्धित सबै सार्वजनिक निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ,राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| | | नीति तथा कार्यक्रमको मूल्याङ्कन गर्ने | | ६ | राष्ट्रिय योजना आयोग | नीति अनुसन्धान प्रतिष्ठान | | X | X | X | X |
| २ | अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सरोकारवाला निकाय | विषयगत मन्त्रालय एवम् केन्द्रीय निकायहरूको वार्षिक कार्ययोजना तथा प्रमुख कार्यसम्पादन सूचकहरूको नियमितरूपमा आवधिक समीक्षा गर्ने | २/१ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, राष्ट्रिय योजना आयोग | विषयगत मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | एवम् पदाधिकारीको उत्तरदायित्व र जिम्मेवारी प्रवर्द्धन | प्रमुख कार्य सम्पादन सूचक (KPIs) मा आधारित सार्वजनिक पदाधिकारीको कार्यसम्पादन करार प्रणाली विस्तार गर्ने | २/६ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सम्बद्ध सबै निकाय तथा कार्यालयहरू | राष्ट्रिय योजना आयोग र विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | सार्वजनिक पदाधिकारीहरूको कार्यसम्पादन करार निर्देशिका,२०७९ ले व्यवस्था गरेबमोजिमका पदाधिकारीबीच कार्यसम्पादन करार सम्झौता गर्ने | २/६ | | सबै सार्वजनिक निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | X | X | X | X | X |
| | | कार्यसम्पादन करारबमोजिम सम्पादित कार्यको उपलब्धि र प्रतिफलको मासिक, त्रैमासिक र वार्षिक प्रतिवेदन कार्यसम्पादन मापन गरी जिम्मेवारी दिने पदाधिकारीसमक्ष पेश गर्ने | २/६ | | कार्यसम्पादन करार गरी जिम्मेवारी लिने सबै पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | X | X | X | X | X |
| | | कार्यसम्पादन करारबमोजिम सम्पादित कार्यको उपलब्धि र प्रतिफलको मासिक, त्रैमासिक र वार्षिकरूपमा मूल्याङ्कन गर्ने | २/६ | | कार्यसम्पादन करार गरी जिम्मेवारी दिने सबै पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | X | X | X | X | X |
| | | सार्वजनिक पदाधिकारीलाई पुरस्कृत वा कारबाही गर्न र कार्यसम्पादन मूल्याङ्कन गर्न कार्यसम्पादन करार मूल्याङ्कन नतिजालाई आधार लिने | २/६ | | कार्यसम्पादन करार गरी जिम्मेवारी दिने सबै पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | X | X | X | X | X |
| | | सार्वजनिक पदाधिकारीले कार्यसम्पादन करारबमोजिम काम गरे नगरेको नियमित रूपमा अनुगमन गर्ने | २/६ | | कार्यसम्पादन करार गरी जिम्मेवारी दिने सबै पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | कार्यसम्पादन करार नगरेमा त्यस्तो पदाधिकारीलाई सचेत वा सजग गराउने तथा आवश्यक निर्देशन दिने | २/६ | | कार्यसम्पादन करार गरी जिम्मेवारी दिने सबै पदाधिकारी | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | X | X | X | X | X |
| | | सबै निकायको कार्य सञ्चालन निर्देशिका (Standard Operating Procedure, SOP) तर्जुमा गरी सोको कार्यान्वयनको अनुगमन गर्ने | २/१३ | | सबै सार्वजनिक निकाय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | | X | X | X | X |
| | | विकास निर्माणमा सामाजिक जवाफदेहिता प्रवर्द्धन गर्न सार्वजनिक परीक्षण/सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ गर्ने | २/८ | | संघ, प्रदेश र स्थानीय तहका सम्बन्धित सबै निकाय | | | | | | |
| | | कानून र सन्धि सम्झौताको कार्यान्वयनको अनुगमन गर्ने | २/१३ | | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सबै मन्त्रालय | सम्बद्ध सबै निकाय | | X | X | X | X |
| | | अदालतको फैसला कार्यान्वयन अवस्थाको अनुगमन गर्ने | २/१३ | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | सबै सङ्घीय मन्त्रालय | | X | X | X | X |
| | | विषयगत समितिको निर्णय कार्यान्वयन अवस्थाको अनुगमन गर्ने | २/१३ | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालय | प्रदेश | | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | आर्थिक सुधार कार्यान्वयन कार्ययोजना, २०८२ कार्यान्वयन अवस्थाको अनुगमन गर्ने | २/१३ | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित सबै निकाय | | X | X | X | X |
| | | उच्चस्तरीय शासकीय सुधार आयोग, २०८२ ले गरेका निर्णयको कार्यान्वयनको अनुगमन गर्ने | २/१३ | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित सबै निकाय | | X | X | | |
| | | ग्रे लिष्टबाट बाहिरिने शीघ्र सुधारात्मक क्रियाकलापको कार्य विस्तृतीकरणमा तोकिएको जिम्मेवारी बमोजिमको कार्यसम्पादनको अनुगमन गर्ने | २/१३ | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | कार्य विस्तृतीकरणमा तोकिएको जिम्मेवार निकाय | | X | X | | |
| | | नेपाल सरकार (कार्यसम्पादन), नियमावली र सुशासन ऐन बमोजिमका कार्हरूको कार्यान्वयन अवस्थाको अनुगमन गर्ने | २/१३ | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बद्ध सबै निकाय | | X | X | X | X |
| | | मन्त्रिपरिषद्को निर्णय कार्यान्वियन अवस्थाको अनुगमन गर्ने | २/१३ | | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बन्धित सबै निकाय | | X | X | X | X |
| | | वित्तीय हस्तान्तरण भई प्रदेश र स्थानीय तहलाई उपलब्ध गराइएको अनुदान रकम उपयोगको अनुगमन गर्ने | २/१३ | | राष्ट्रिय योजना आयोग | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | | X | X | X | X |
| | | सङ्घ, प्रदेश र स्थानीय तहका कानूनबीच सामन्जस्यता अध्ययन गर्ने | २/१३ | | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | | | X | X | |
| | | राष्ट्रिय गौरवका आयोजना र विकास सहायतामा सञ्चालित अन्य | २/४ | ६ | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | आयोजनाहरूको नियमित रूपमा आवधिक समीक्षा गरी राष्ट्रिय समस्या समाधान समितिको बैठकमार्फत् समस्याको समाधान गर्ने | | | | कार्यालय र विषयगत मन्त्रालय | | | | | |
| | | प्रदेश र स्थानीय तहको दिगो विकास लक्ष्यको स्वेच्छिक समीक्षालाई प्रोत्साहन तथा प्रगतिको नियमित अनुगमन र समीक्षा गर्ने | २/५ | ६ | राष्ट्रिय योजना आयोग | विषयगत मन्त्रालयहरू एवम् सम्बन्धित तहगत निकायहरू | | | X | | |
| | | सेवाग्राहीबाट सेवा प्रदायक निकाय/पदाधिकारीको मूल्याङ्कन गर्ने र पृष्ठपोषण दिने प्रणालीलाई प्रभावकारी बनाउने | २/८ | ६ | सम्बद्ध सबै निकाय | विषयगत मन्त्रालय एवम् सम्बन्धित तहगत निकाय | X | X | X | X | X |
| ३ | तहगत तथा निकायगत एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास | तीन तहको सरकारको एकीकृत अनलाइन अनुगमन प्रणालीको विकास गर्ने | २/८-१० | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सम्बद्ध सबै निकाय, तहगत सरकार | | X | X | | |
| | | तहगत सरकार र निकायगत समन्वय र सहकार्यमा वस्तुनिष्ठ र मापनयोग्य सूचक निर्माण गर्ने | २/११ | ६ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, तहगत सरकार, राष्ट्रिय योजना आयोग | सम्बद्ध सबै निकाय | | X | X | | |
| | | अनुगमन वा मूल्याङ्कनसम्बन्धी कार्यलाई व्यवस्थित र छिटो छरितो बनाउन विद्युतीय माध्यमबाट व्यवस्थापन सूचना प्रणालीको विकास र सञ्जालीकरण (Networking) गर्ने | | | राष्ट्रिय योजना आयोग | | | | X | | |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ४ | अनुगमन तथा मूल्याङ्कनमा संलग्न जनशक्तिको विकास तथा विशेषज्ञता अभिवृद्धि | आन्तरिक मूल्याङ्कनका साथै कानून बमोजिम अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तोकिएका निकायहरूबीच आपसी सहकार्यमा संयुक्त अनुगमन कार्यक्रम सञ्चालन गर्ने | ३/१ | ६ | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवार निकाय र पदाधिकारीहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने | ३/२ | ६ | राष्ट्रिय योजना आयोग | सम्बद्ध अन्य निकायहरू | | X | X | X | X |
| | | विश्वविद्यालय लगायत अनुसन्धानमा संलग्न संस्था तथा निकायसँग साझेदारी र सहकार्य गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई अध्ययन तथा अनुसन्धानमा आधारित गराउने | ३/३ | ६ | राष्ट्रिय योजना आयोग | विश्वविद्यालयहरू, अनुसन्धानामूलक निकायहरू | | X | X | X | X |
| | | अनुगमन तथा मूल्याङ्कन गर्ने निकायले वार्षिक अनुगमन तथा मूल्याङ्कन कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | ३/४ | ६ | अनुगमन तथा मूल्याङ्कन गर्ने जिम्मेवार सबै निकाय | राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | X | X | X | X | X |

६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाई | आ.व २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | दिगो विकास लक्ष्यको प्रगति | प्रतिशत | ४१.७ | ४७ | ५३ | ६० | ६५ | ७० | दिगो विकास लक्ष्य प्रगति प्रतिवेदन | रा.यो.आ. |
| | **असर** | | | | | | | | | |
| १ | कुल विनियोजनको तुलनामा यथार्थ पुँजीगत खर्च | प्रतिशत | ५९ | ६३.२ | ७५ | ८० | ८० | ८५ | म.ले.नि.का. वार्षिक प्रतिवेदन | अर्थ मन्त्रालय |
| २ | राष्ट्रिय गौरवका आयोजनाको भौतिक प्रगति | प्रतिशत | ४२.९ | ४८ | ५३ | ५८ | ६३ | ७० | वार्षिक प्रतिवेदन | रा.यो.आ. |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | एकीकृत अनलाइन अनुगमन प्रणालीमा आबद्ध मन्त्रालय तथा केन्द्रीय निकायहरूको सम्पन्न माइल्स्टोनको प्रगति | प्रतिशत | ४८ | ६५ | ७५ | ७७ | ८० | ८५ | वार्षिक प्रतिवेदन | प्र.म.म.प.का. |
| २ | आयोजना तथा कार्यक्रमको आन्तरिक मूल्याङ्कन | संख्या | ५ | ३ | १ | ४ | ४ | ४ | वार्षिक प्रतिवेदन | रा.यो.आ. |
| ३ | आयोजना तथा कार्यक्रमको तेस्रो पक्ष मूल्याङ्कन | संख्या | ० | ० | ० | १ | २ | २ | वार्षिक प्रतिवेदन | रा.यो.आ. |
| ४ | अनुगमन तथा मूल्याङ्कन सम्बन्धी तालिम प्राप्त जनशक्ति | संख्या | - | - | १०० | १५० | १५० | १५० | वार्षिक प्रतिवेदन | रा.यो.आ. |
| ५ | एकीकृत अनलाइन अनुगमन प्रणालीमा कार्ययोजना प्रविष्ट गर्ने प्रदेश | संख्या | ० | ० | ० | ७ | ७ | ७ | वार्षिक प्रतिवेदन | प्र.म.म.प.का. |

### ७. अनुमान तथा जोखिम

अनुगमन तथा मूल्याङ्कन प्रणाली सम्बन्धमा योजनाले लिएका लक्ष्य तथा उद्देश्य हासिल गर्न यससँग सम्बद्ध निकाय, तहगत सरकार र विकास साझेदारहरूको बीचमा प्रभावकारी समन्वय कायम भई यस क्षेत्रका रणनीति तथा कार्यक्रम कार्यान्वयन हुनेछन् । यस क्षेत्रमा आवश्यक रकम विनियोजन तथा लगानी र जनशक्तिको पर्याप्त परिचालन हुनेछ । अनुगमन तथा मूल्याङ्कनको गुणस्तरीयता तथा विश्वसनियता कायम गर्न निर्धारित रूपमा यससम्बन्धी कार्य हुने एवम् मापदण्ड परिपालना हुनेछ । सो नभएमा कार्यान्वयनमा समस्या आउने तथा योजनाले लिएका नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## १२.९ अन्तर्राष्ट्रिय सम्बन्ध

### १. पृष्ठभूमि

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय सुरक्षा र एकतालाई अक्षुण्ण राख्दै सबल, समुन्नत, शान्तिपूर्ण र प्रतिष्ठित राष्ट्र निर्माण गर्न स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गरिँदै आएको छ। सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित रही बाह्य सम्बन्ध सुदृढ गर्दै समग्र राष्ट्रिय हितको सम्वर्द्धन र प्रवर्द्धन गर्नेतर्फ नेपालको अन्तर्राष्ट्रिय सम्बन्धको लक्ष्य रहदै आएको छ। राष्ट्रिय हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्न सक्रिय एवम् प्रभावकारी कूटनीतिद्वारा अनुकूल अन्तर्राष्ट्रिय परिस्थिति निर्माण गर्ने, अधिकतम सद्भाव र सहयोग प्राप्त गर्ने र अन्तर्राष्ट्रिय समुदायमा मुलुकको छवि र भूमिकालाई प्रभावकारी बनाउने तर्फ परराष्ट्र नीति परिलक्षित रहेको छ। द्विपक्षीय एवम् बहुपक्षीय कूटनीति, विधिमा आधारित विश्व व्यवस्था एवम् क्षेत्रीय सहयोग प्रवर्द्धन, आर्थिक कूटनीति, प्राकृतिक तथा कानूनी व्यक्तिको हकहितको संरक्षण, सार्वजनिक कूटनीति र ट्रयाक टु कूटनीति, संस्थागत सुदृढीकरण लगायतका प्राथमिकताका क्षेत्रका नीति तथा कार्यक्रमको कार्यान्वियनबाट नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई मजबुत तुल्याउने गरी यस क्षेत्रसँग सम्बन्धित अन्य क्षेत्रहरूबाट सिर्जना हुनसक्ने समन्वयात्मक अतिरिक्त लाभ र विरोधाभाष सहितको विश्लेषण तयार गरी यस कार्ययोजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. राष्ट्रिय स्वार्थ एवम् हित प्राप्तिको लागि स्वतन्त्र, सन्तुलित र विश्वसनीय परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार एवम् सुदृढ गर्नु।

२. प्रभावकारी आर्थिक कूटनीतिको माध्यमद्वारा मुलुकको सामाजिक-आर्थिक रूपान्तरणमा योगदान पुऱ्याउनु।

### ३. रूपान्तरणकारी रणनीति

१. स्वतन्त्र, सन्तुलित र विश्वसनीय परराष्ट्र नीतिको सञ्चालनबाट सार्वभौमिक समानता, पारस्परिक लाभ र सम्मानमा आधारित अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरी नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र भू-राजनीतिक चुनौतिको व्यवस्थापन गर्ने। (१२.४.१)

२. आर्थिक कूटनीतिको प्रवर्द्धन गरी व्यापार, लगानी, पर्यटन प्रवर्द्धन एवम् जलवायु सम्बन्धी वित्तीय स्रोतमा पहुँच लगायत मुलुकको आर्थिक रूपान्तरणका प्रमुख क्षेत्रहरूको विकास र विस्तारमा सघन योगदान पुऱ्याउने। (२.४, ३.४, ४.४, १३.४, १४.४)

३. विद्युतीय माध्यम एवम् नवीन् प्रविधिहरूको उच्चतम उपयोग गरी नेपाल र विदेशमा रहेका नेपालीलाई सहज र सरल राहदानी तथा कन्सुलर सेवाप्रवाह सुनिश्चित गरी विदेशमा रहेका नेपालीको हितको संरक्षण गर्ने। (१२.४.२)

### ४. कार्यनीति

१. द्विपक्षीय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग उच्चस्तरीय भ्रमणको आदानप्रदान गरिनेछ। (रणनीति १)

२. विभिन्न मुलुकसँग पारस्परिक हित र लाभका आधारमा द्विपक्षीय परामर्श संयन्त्रहरूको स्थापना तथा नियमित बैठक सम्पन्न गरिनेछ। (रणनीति १)

३. मुलुकभित्रका आर्थिक कूटनीति सम्बद्ध सरकारी निकाय तथा निजी क्षेत्रसँग समन्वय र सहकार्यको लागि निरन्तर र नियमित कार्यक्रम आयोजना गरिनेछ। (रणनीति २)

४. विदेशस्थित नेपाली नियोगहरूमार्फत् आर्थिक कूटनीतिका विविध आयामलाई लक्षित गरी कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति २)

५. सहज, सरल एवम् आधुनिक माध्यमको प्रयोगबाट मुलुकभित्र र विदेशमा रहेका नेपालीलाई विद्युतीय राहदानी तथा विभिन्न कन्सुलर सेवा प्रवाह गरिनेछ। (रणनीति ३)

६. आन्तरिक, द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी भूमिका निर्वाह गर्न परराष्ट्र मन्त्रालय र अन्तर्गतका विभाग एवम् विदेशस्थित कूटनीतिक नियोगहरूलाई स्रोत साधन सम्पन्न गरी समयानुकूल संस्थागत सुदृढीकरण गरिनेछ। (रणनीति १,२,३)

७. निर्धारित लक्ष्य हासिल गर्नको लागि आवश्यक कूटनीतिक कौशलयुक्त मानव संसाधन विकासको लागि क्षमता विकास गरिनेछ। (रणनीति १,२,३)

### ५. कार्यान्वयन योजना

| क्र सं | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार एवम् सुदृढीकरण | उच्चस्तरीय भ्रमणको आदानप्रदान गर्ने | १/१ | २ | परराष्ट्र मन्त्रालय | अर्थ मन्त्रालय, विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | द्विपक्षीय संयन्त्रहरूको बैठक गर्ने | १/२ | २ | परराष्ट्र मन्त्रालय | विषयगत मन्त्रालय | X | X | X | X | X |
| २ | आर्थिक कूटनीति प्रवर्द्धन | नेपालको व्यापार लगानी पर्यटन क्षेत्रका सबल पक्ष र सम्भावना पहिचान गर्ने | २/३ | २ | परराष्ट्र मन्त्रालय | विषयगत मन्त्रालय एवम् निकाय, निजी क्षेत्र | X | X | X | X | X |
| | | नियोगहरूमार्फत् आर्थिक कूटनीतिका कार्यक्रम सञ्चालन गर्ने | २/४ | २ | विदेशस्थित नेपाली नियोगहरू | परराष्ट्र मन्त्रालय, विषयगत निकाय एवम् निजी क्षेत्र | X | X | X | X | X |
| ३ | राहदानी तथा कन्सुलर सेवा प्रवाह | विद्युतीय राहदानी सेवा प्रदान गर्ने | ३/५ | ६ | राहदानी विभाग, विदेशस्थित नेपाली नियोगहरू | जिल्ला प्रशासन तथा इलाका प्रशासन कार्यालय | X | X | X | X | X |
| | | कन्सुलर सेवा प्रदान तथा कागजात प्रमाणीकरण गर्ने | ३/५ | ६ | कन्सुलर सेवा विभाग, विदेशस्थित नेपाली नियोगहरू | स्थानीय तह, कागजात जारी गर्ने निकाय | X | X | X | X | X |
| ४ | संस्थागत एवम् क्षमता विकास | मन्त्रालय विभाग र नियोगहरूको संस्थागत सुदृढीकरण गर्ने | ६ | २ | परराष्ट्र मन्त्रालय | अर्थ मन्त्रालय, संघीय तथा सामान्य प्रशासन मन्त्रालय | X | X | X | X | X |
| | | कर्मचारीको क्षमता विकास गर्ने | ७ | २ | परराष्ट्र मन्त्रालय | | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | द्विपक्षीय कूटनीतिक सम्बन्ध स्थापित भएका राष्ट्र | संख्या | १८२ | १८४ | १८४ | १८५ | १८५ | १८६ | वार्षिक प्रतिवेदन | परराष्ट्र मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | उच्चस्तरीय भ्रमणको आदानप्रदान | सङ्ख्या | १० | १० | १० | १० | १२ | १२ | वार्षिक प्रतिवेदन | परराष्ट्र मन्त्रालय |
| २ | सन्धि सम्झौता सम्पन्न वा पुनरावलोकन | सङ्ख्या | ५ | ५ | ५ | ५ | ७ | ७ | वार्षिक प्रतिवेदन | परराष्ट्र मन्त्रालय |
| ३ | द्विपक्षीय संयन्त्रहरूको बैठक | सङ्ख्या | ११ | १० | ५ | ५ | ८ | ८ | वार्षिक प्रतिवेदन | परराष्ट्र मन्त्रालय |
| ४ | विद्युतीय राहदानी जारी | सङ्ख्या हजार | १४०० | १००० | ११०० | ११०० | ११०० | १२०० | वार्षिक प्रतिवेदन | परराष्ट्र मन्त्रालय |
| ५ | कन्सुलर कागजात प्रमाणीकरण | सङ्ख्या हजार | ४०० | ३५० | ५०० | ५०० | ६०० | ६०० | वार्षिक प्रतिवेदन | परराष्ट्र मन्त्रालय |
| ६ | मन्त्रालयको आर्थिक कूटनीति सम्बन्धी कार्यक्रम | सङ्ख्या | ५ | ८ | ८ | ८ | ८ | ८ | वार्षिक प्रतिवेदन | परराष्ट्र मन्त्रालय |
| ७ | नियोगमार्फत् आर्थिक कूटनीतिका कार्यक्रम | सङ्ख्या | १७० | २०० | २७० | २७० | २७० | ३०० | वार्षिक प्रतिवेदन | परराष्ट्र मन्त्रालय |

### ७. अनुमान तथा जोखिम

योजना अवधिमा विभिन्न मुलुकसँग द्विपक्षीय सम्बन्ध तथा अन्तर्राष्ट्रिय संघसंस्थासँगको सम्बन्धमा थप प्रगाढता आई नेपालको हित र आर्थिक लाभका विषयमा फाइदा लिनसक्ने अवसर मिल्नेछ । मुलुकभित्र र विभिन्न विदेशी मुलुकमा सञ्चालन गरिने आर्थिक कूटनीतिका कार्यक्रमले यसलाई थप आधार प्रदान गर्नेछन् । यसको लागि राष्ट्रिय हित र आर्थिक लाभका ठोस विषय तय गर्नु र सोही अनुरूपको राष्ट्रिय वातावरण निर्माण गर्नु चुनौति भने कायमै रहनेछ ।

# परिच्छेद १३

# जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र

## १३.१ वन तथा वातावरण

### १. पृष्ठभूमि

नेपालको कुल भू-भागको ४५.३१ प्रतिशत क्षेत्र वन क्षेत्रले ओगटेको छ। जैविक विविधताको संरक्षण तथा दिगो उपयोग गर्ने उद्देश्यले २० वटा संरक्षण क्षेत्र स्थापना गरिएका छन् जसले नेपालको क्षेत्रफलको २३.३९ प्रतिशत भू-भाग ओगट्छ। नेपालमा पाइने करिब ८१९ वनस्पति प्रजातिमा औषधिजन्य महत्त्व भएको एकिन भई सकेको छ। मुलुकका करिब ४० विभिन्न क्षेत्रमा सहभागितामूलक वन व्यवस्थापन पद्दति अपनाइएको छ। वन क्षेत्रको दिगो उत्पादन, सदुपयोग तथा मूल्य अभिवृद्धिबाट आर्थिक लाभ तथा समृद्धिको अवसर छ। वन क्षेत्र जनताको जीविकोपार्जनमा प्रत्यक्ष रूपमा जोडिएको छ। यसले हरित अर्थतन्त्र निर्माण, रोजगारीको अवसरको सिर्जना र पर्यटन प्रवर्द्धनको साथै सम्बद्ध अन्य आर्थिक क्रियाकलापमा समेत टेवा पुऱ्याउँछ। वन सम्पदाको दिगो व्यवस्थापन र वनमा आधारित उद्योगको विकास, विकास प्रक्रियामा वन तथा वातावरण क्षेत्रसँग समन्वय तथा तादम्यता कायम गर्नुपर्ने खाँचो रहेको छ। यस परिप्रेक्ष्यमा कुल गार्हस्थ्य उत्पादनमा करिब ३ प्रतिशत रहेको वन क्षेत्रको हिस्सालाई योजना अवधिमा ५ प्रतिशत पुऱ्याउने गरी सोह्रौं योजनामा यस क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक रहेको छ। सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमले कृषि, उद्योग, रोजगारी, सामाजिक लगायतका क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी राज्यका तीनै तहको समन्वय तथा सहकार्यमा प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

१. वन, जैविक विविधता र जलाधार क्षेत्रको दिगो र सहभागितात्मक व्यवस्थापनबाट वनजन्य उद्यम तथा पर्यापर्यटनको विकास एवम् वन्यजन्य वस्तु तथा सेवाको उत्पादन, मूल्य अभिवृद्धि एवम् न्यायोचित वितरण मार्फत अर्थतन्त्रमा योगदान वृद्धि गर्ने।

२. प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चितता गर्ने।

### ३. रूपान्तरणकारी रणनीति

१. वातावरणीय सेवा तथा हरित विकास सहित वनको दिगो व्यवस्थापन गरी वन पैदावार उपयोगको लागि कानूनी तथा प्रक्रियागत सरलीकरण गर्ने। (२.४.१, १३.४.४)

२. काष्ठजन्य वनपैदावार तथा जडिबुटीको व्यावसायिक विकास तथा मूल्य अभिवृद्धि, उद्योगको विकास तथा प्रवर्द्धन र व्यावसायिक उत्पादन प्रणालीको स्थापना तथा विकास गर्ने। (३.४.३) (३.४.६) (१३.४.६)

३. पारिस्थितिकीय प्रणालीको लागि जैविक विविधताको संरक्षण गर्ने। (१३.४.५)

### ४. कार्यनीति

१. वनको दिगो व्यवस्थापनको लागि आवश्यक कानूनी व्यवस्था गरिनेछ। (रणनीति १)

२. वन पैदावारको मूल्य निर्धारणलाई परादर्शी बनाउदै सर्वसाधारणले सुलभ मूल्यमा काठ लगायतका वन पैदावार प्राप्त गर्न सक्ने अवस्था सिर्जना गरिनेछ । वन पैदावार संकलनमा दिगोपना र प्रभावकारिताको लागि विज्ञान र प्रविधिको प्रयोगलाई प्रोत्साहन गरी यस्ता प्रविधिको थप विकास र विस्तार गर्दै लगिनेछ। (रणनीति १)

३. काठ तथा गैरकाष्ठ वनपैदावारको उत्पादनको लागि प्राकृतिक वितरण, उपलब्धता र विकासको सम्भाव्यता समेतको आधारमा उपयुक्त क्षेत्र छनौट (Zoning) र प्रजाति छनौट गरी हरित उद्योग प्रवर्द्धन र विकासको लागि निजी, सामुदायिक र सहकारी क्षेत्रको लगानी प्रोत्साहन गरिनेछ। (रणनीति २)

४. मुलुकको भौगलिक एवम् वातावरणीय विविधताको आधारमा उपयुक्त समय र स्थानमा उपयुक्त जातका जडिबुटी एवम् गैरकाष्ठ वन पैदावारको व्यावसायिक खेतीलाई प्रवर्द्धन गरी दिगो संकलन, प्रशोधन, प्रमाणीकरण, व्यवसायीकरण र निर्यात प्रवर्द्धन गरिनेछ। (रणनीति २)

५. सामुदायिक वन, साझेदारी वन, कबुलियती वन (गरिबमुखी) लगायत समुदायमा आधारित वन व्यवस्थापन पद्धतिको प्रवर्द्धन र विकास गरिनेछ। (रणनीति ३)

६. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण गरिनेछ। (रणनीति ३)

७. दुर्लभ, लोपोन्मुख र संरक्षित लगायतका वन्यजन्तु तथा वनस्पतिको स्व-स्थानीय र परस्थानीय संरक्षण र व्यवस्थापन गर्नुको साथै मानव-वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण गर्नको लागि भू-परिधि स्तरमा संरक्षित क्षेत्र र राष्ट्रिय वनमा रहेका जैविक मार्गको एकीकृत र समुचित व्यवस्थापन गरिनेछ। (रणनीति ३)

८. उपल्लो र तल्लो तटीय सम्बन्धका आधारमा चुरे क्षेत्रका जलाधारको संरक्षण र व्यवस्थापन तथा सिमसार क्षेत्रको संरक्षण, व्यवस्थापन र दिगो उपयोग गरिनेछ। (रणनीति ३)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | नीतिगत तथा कानूनी सुधार | वन सम्बन्धी कानूनलाई समयानुकूल परिमार्जन गर्ने | १/१,२ | ५ | वन तथा वातावरण मन्त्रालय | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय | | X | X | | |
| | | राष्ट्रिय वनको एकीकृत रणनीतिक योजना तयार गरी कार्यान्वयन गर्ने | १/१,२ | ५ | वन तथा भू-संरक्षण विभाग, प्रदेश वन मन्त्रालय मातहतका डिभिजन वन कार्यालय | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय, अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | वन स्रोत सर्वेक्षण तथा दिगो वन व्यवस्थापन मार्गदर्शन तयार गरी कार्यान्वयन गर्ने | १/१,२ | ५ | वन तथा भू-संरक्षण विभाग, प्रदेश वन मन्त्रालय मातहतका डिभिजन वन कार्यालय | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | System of Environmental-Economic Accounting (SEEA) प्रयोग गरी वन क्षेत्रको GDP मा योगदानको आंकलन गर्ने | १/१,२ | ५ | वन तथा वातावरण मन्त्रालय | केन्द्रीय तथ्यांक | | X | | | |
| २ | समुदायको लागि जडिबुटीको व्यावसायीकरण कार्यक्रम | वनस्पति तथा जडिबुटीको अनुसन्धान र व्यावसायिक खेतीको सम्भाव्यता अध्ययन गर्ने | २/३ | ३ | वनस्पति विभाग, वनस्पति अनुसन्धान केन्द्रहरू | डिभिजन वन कार्यालय, स्थानीय निकाय | | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | जडिबुटीको व्यावसायिक खेती गर्ने | २/४ | ३ | वनस्पति अनुसन्धान केन्द्रहरू | डिभिजन वन कार्यालय, स्थानीय निकाय | X | X | X | X | X |
| | | जडिबुटीको गुणस्तरीय विरूवा उत्पादन तथा वितरण गर्ने | २/४ | ३ | वनस्पति विभाग, वनस्पति अनुसन्धान केन्द्रहरू | डिभिजन वन कार्यालय, स्थानीय निकाय | X | X | X | X | X |
| | | निर्यातजन्य जडीबुटीको विश्लेषण, प्रमाणीकरण, गुण नियन्त्रण तथा सिफारिस (ट्रेड सपोर्ट) गर्ने | २/४ | २ | वनस्पति विभाग, वनस्पति अनुसन्धान केन्द्रहरू | डिभिजन वन कार्यालय, स्थानीय निकाय | X | X | X | X | X |
| ३ | वनजन्य उत्पादन तथा रोजगारी अभिवृद्धि कार्यक्रम | वन स्रोतमा आधारित उद्यम प्रवर्द्धन गर्ने | २/३ | ३ | निजी क्षेत्र, वन उपभोक्ता समूह | वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभाग, प्रदेश वन मन्त्रालय मातहतका डिभिजन वन कार्यालय | X | X | X | X | X |
| | | वन सम्वर्द्धनमा आधारित दिगो वन व्यवस्थापन कार्यान्वयन गर्ने | १/१ | ५ | प्रदेश वन मन्त्रालय मातहतका डिभिजन वन कार्यालय तथा वन उपभोक्ता समूह | वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग | X | X | X | X | X |
| | | वन सम्वर्धनमा आधारित दिगो वन व्यवस्थापनको प्रमाणीकरण गर्ने | १/१ | ५ | प्रदेश वन मन्त्रालय मातहतका डिभिजन वन कार्यालय तथा वन उपभोक्ता समूह | वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभाग | X | X | X | X | X |
| | | वनक्षेत्रको अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन गर्ने | ३/६ | ५ | वन तथा भू संरक्षण विभाग, प्रदेश वन मन्त्रालय मातहतका डिभिजन वन कार्यालय | वन तथा वातावरण मन्त्रालय, गृह मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | वन डढेलो नियन्त्रण गर्ने | ३/६ | ५ | वन तथा भू संरक्षण विभाग, प्रदेश वन मन्त्रालय मातहतका डिभिजन वन कार्यालय | वन तथा वातावरण मन्त्रालय, गृह मन्त्रालय | X | X | X | X | X |
| ५ | जैविक विविधताको दिगो संरक्षण कार्यक्रम | | | | | | | | | | |
| | | वन्यजन्तु र मानव बीचको द्वन्द्व न्यूनीकरणको लागि मेशजाली तथा सोलार फेन्स निर्माण गर्ने | ३/७ | ५ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सम्बन्धित स्थानीय तह | X | X | X | X | X |
| | | वन्यजन्तुको बासस्थान सुधारको लागि घाँसे मैदान व्यवस्थापन गर्ने | ३/७ | ५ | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | | X | X | X | X | X |
| | | मानव वन्यजन्तु द्धन्द व्यवस्थापन गर्ने | ३/७ | ५ | प्रदेश वन मन्त्रालय मातहतका डिभिजन वन कार्यालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र मातहतका कार्यालय, वन उपभोक्ता समूह | वन तथा वातावरण मन्त्रालय, वन तथा भू संरक्षण विभाग, संरक्षण साझेदार, राष्ट्रिय प्रकृति संरक्षण कोष | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाई | आ.व. २०८१/८२ को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको योगदान | प्रतिशत | ३.० | ३.२५ | ३.४ | ४ | ४.५ | ५.० | राष्ट्रिय लेखा | वन तथा वातावरण मन्त्रालय |
| | **असर** | | | | | | | | | |
| २ | वनजङ्गल घनत्व (प्रति हेक्टर रुखहरूको औसत) | सङ्ख्या | ४३० | ४३० | ४८० | ५३० | ५८० | ६४५ | वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | दिगो व्यवस्थापन भएको वनको क्षेत्रफल | हेक्टर हजारमा | ९० | १५० | २०० | २५० | ३०० | ४०० | वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |
| २ | काठ उत्पादन (करोडमा) | क्यू. फिट | ३ | ३ | ३ | ३ | ३ | ३ | वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |
| ३ | व्यवसायिक रूपमा वन्यजन्तु पालन | प्रजाति संख्या | ० | ० | २ | ५ | १० | १५ | वार्षिक प्रतिवेदन, रा.नि.व.सं.वि. | वन तथा वातावरण मन्त्रालय |
| ४ | वन्यजन्तु फार्म सञ्चालन | संख्या | ० | ० | ५ | १० | १५ | २० | वार्षिक प्रतिवेदन, रा.नि.व.सं.वि | वन तथा वातावरण मन्त्रालय |

**७. अनुमान तथा जोखिम**

नीतिगत तथा कानूनी सुधार पश्चात् वनमा आधारित उद्यम विकास तथा रोजगारीका अवसर सिर्जना हुनेछ। जैविक विविधताको दिगो संरक्षणले पर्यापर्यटन, कृषि जैविक विविधता संरक्षण, जैविक विविधतामा आधारित उद्यम विकास, रोजगारीका अवसर सिर्जना र उद्यमशीलता विकास हुनेछ। उल्लेखित कार्यक्रम सञ्चालन गरी अपेक्षित लक्ष्य हासिल गर्न आवश्यक वित्त व्यवस्थापनमा कठिनाई हुन सक्नेछ। वातावरण र विकास बीचको विवादलाई कम गरी दिगो विकासलाई प्राथमिकता दिनु आवश्यक देखिन्छ।

## १३.२ जलवायु परिवर्तन

### १. पृष्ठभूमि

नेपाल सबैभन्दा ठूलो विश्वव्यापी वातावरणीय समस्या तथा संकटको रूपमा रहेको जलवायु परिवर्तनको उच्च जोखिममा रहेको राष्ट्र हो । नेपालले सन् १९९२ मा संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तनसम्बन्धी प्रारूप महासन्धि (UNFCCC) मा हस्ताक्षर गरी पक्ष राष्ट्र बनेदेखि नै जलवायु परिवर्तन व्यवस्थापनका विभिन्न कार्य गर्दै आएको छ । नेपाल सन् २०१६ मा पेरिस सम्झौतामा समेत सामेल भई सन् २०४५ भित्र खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य लिएको छ । साथै, नेपालले क्योटो अभिसन्धि अन्तर्गतको स्वच्छ विकास संयन्त्र (CDM) र REDD+ कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । पेरिस सम्झौता अनुरूप तयार गरिएको राष्ट्रिय निर्धारित योगदानमा समेटिएका उत्सर्जन न्यूनीकरणका लक्ष्यहरूले नेपालमा कार्बन व्यापारको सम्भावना देखाएको छ ।

नेपालको संविधानले नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक सुनिश्चित गरेको छ । नागरिकलाई स्वच्छ वातावरण सुनिश्चित गर्न तीनै तहका सरकारबीच सहकार्य सहयोग र सहकार्य गरी वातावरणीय न्यायलाई सशक्त बनाउन अपरिहार्य रहेको छ । प्राकृतिक स्रोतको संरक्षण, जनचेतना अभिवृद्धि, विकासका गतिविधिबाट हुने वातावरणीय जोखिम न्यूनीकरण, जैविक विविधताको दिगो उपयोग, तथा प्रदूषण नियन्त्रणमा जोड दिइएको छ । पर्यावरणीय दिगो विकासका सिद्धान्त जस्तै पूर्वसावधानी, पूर्वसूचित सहमति र प्रदूषणकर्ताबाट दायित्व वहन गराउने नीति अवलम्बन गरिएको छ । संघीयता पछिका नयाँ ऐन तथा नियम अनुसार वातावरणीय अध्ययन, अनुगमन तथा स्व-परिपालन प्रणालीलाई सशक्त बनाइएको छ । सोह्रौं योजनामा उल्लेखित जलवायु परिवर्तनसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक रहेको छ । सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमले कृषि, विपद्, आर्थिक, सामाजिक लगायतका क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी राज्यका तीनै तहको समन्वय तथा सहकार्यमा प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. जलवायु उत्थानशील समाजको विकास गरी राष्ट्रको सामाजिक आर्थिक समृद्धिमा योगदान पुऱ्याउने ।

२. प्रदुषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गरी नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गर्ने ।

### ३. रूपान्तरणकारी रणनीति

१. जलवायु उत्थानशीलता र समावेशी विकास गर्ने । (१३.४.१)

२. नेपालका जलवायु परिवर्तनका मुद्दाहरूको अन्तर्राष्ट्रियकरण गर्ने । (१३.४.२)

३. स्वस्थ समाजको लागि प्रदुषण नियन्त्रण गर्ने । (१३.४.३)

४. हरित, उत्थानशील र समावेशी विकासको लागि जलवायु वित्त परिचालन गर्ने । (१३.४.७)

५. वातावरण तथा जलवायु परिवर्तनका सवालको मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने । (१३.४.८)

### ४. कार्यनीति

१. जलवायु सम्बद्ध नीति निर्माण, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयनमा सुशासन र लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्दै जीविकोपार्जनमा सहजीकरण गरिनेछ । (रणनीति १)

२. जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रमलाई सामाजिक तथा आर्थिक विकास एवम् वैकल्पिक आय आर्जन र गरिबी निवारणका कार्यक्रमहरूसँग आवद्ध गरी कार्यान्वयन गरिनेछ। (रणनीति १)

३. उद्योग तथा यातायात क्षेत्रका हरितगृह ग्याँस उत्सर्जन हुने मुख्य बिन्दु र कारकहरू पहिचान गरी न्यूनीकरणको लागि मापदण्ड बनाई लागु गरिनेछ। (रणनीति १, ३)

४. जलवायु परिवर्तन सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय सभा सम्मलेनमा सहभागिता सुनिश्चितता गरिनेछ। (रणनीति २)

५. प्रमुख शहर, औद्योगिक प्रतिष्ठान लगायत प्रदुषणको जोखिम रहेका क्षेत्रमा गुणस्तर मापन केन्द्र स्थापना तथा सञ्चालन गर्दै वायु, जल र ध्वनि गुणस्तरको नक्शांकन गरिनेछ। (रणनीति ३)

६. रेडप्लस, हरित जलवायु कोष, अन्तर्राष्ट्रिय वातावरणीय सुविधा, अनुकूलन कोष, जलवायु लगानी कोष, कार्बन व्यापार जस्ता द्विपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय आर्थिक संयन्त्रबाट वित्तिय स्रोतको प्राप्ति र परिचालन गरिनेछ। (रणनीति ४)

७. अन्तराष्ट्रिय संयन्त्रमार्फत् प्राप्त जलवायु वित्त परिचालन गर्दा प्रशासनिक खर्च कम गर्दै कम्तिमा ८० प्रतिशत रकम स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयनमा परिचालन हुने सुनिश्चितता गरिनेछ। (रणनीति ४)

८. वातावरण तथा जलवायु परिवर्तनको लागि प्रदेशस्तरीय नीति, निर्देशिका, मापदण्ड र योजना तयार गरी लागु गरिनेछ। (रणनीति ५)

९. जलवायु उत्थानशीलतालाई विकास कार्यक्रममा मूलप्रवाहीकरण गर्न तीन वटै तहका सम्बद्ध सरकारी, गैरसरकारी तथा प्राज्ञिक निकाय एवम् सामुदायिक सङ्घ संस्थाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। (रणनीति ५)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निका | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | स्थानीय अनुकूलन प्रवर्द्धन कार्यक्रम | स्थानीय अनुकूलन योजनाको तयारी तथा कार्यान्वयन गर्ने | १/१ | ५ | स्थानीय तह | वन तथा वातावरण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश | X | X | X | X | X |
| | | प्रदेश अनुकूलन योजनाको तयारी तथा कार्यान्वयन गर्ने | १/१ | ५ | प्रदेश वन तथा वातावरण मन्त्रालय, डिभिजन वन कार्यालय | वन तथा वातावरण मन्त्रालय | X | X | X | X | X |
| २ | जलवायु जोखिम र हानीनोक्सानी न्यूनीकरण कार्यक्रम | नदी तथा खोला किनारा स्थिरीकरण र व्यवस्थापन गर्ने | १/२ | ५ | वन तथा वातावरण मन्त्रालय, बृहद जलाधार व्यवस्थापन कार्यालय, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, भू जलाधार व्यवस्थापन कार्यालय (प्रदेश) | स्थानीय तह | X | X | X | X | X |
| | | गल्छी, पहिरो तथा खहरे रोकथाम तथा नियन्त्रण गर्ने | १/२ | ५ | | स्थानीय तह | X | X | X | X | X |
| | | तालतलैया सिमसार संरक्षण तथा व्यवस्थापन गर्ने | १/२ | ५ | | स्थानीय तह | X | X | X | X | X |
| | | भूमिगत जल पुनर्भरण संरक्षण पोखरी निर्माण गर्ने | १/२ | ५ | | स्थानीय तह | X | X | X | X | X |
| | | क्षयीकृत भूमि (degraded land) पुनरुत्थान तथा अन्य संरक्षण गर्ने | १/२ | ५ | | स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निका | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | सगरमाथा संवाद, पर्वतीय संवाद लगायतका मन्च मार्फत् अन्तर्राष्ट्रिय स्तरमा नेपालको उपस्थिति सुनिश्चित गर्दै जलवायु परिवर्तन सम्बन्धी नेपालको परिवेशलाई अन्तर्राष्ट्रियकरण गर्ने | २/२ | ५ | वन तथा वातावरण मन्त्रालय | परराष्ट्र मन्त्रालय | X | X | X | X | X |
| ३ | प्रदूषण नियन्त्रण कार्यक्रम | वायु गुणस्तर मापन केन्द्रको स्थापना तथा नियमित सञ्चालन गर्ने | ३/३ | ५ | वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग | | X | X | X | X | X |
| | | वायु, जल, ध्वनि, सवारी साधन आदिको प्रदूषण सम्बन्धी मापदण्ड निर्धारण तथा समय सापेक्ष अद्यावधिक गर्ने | ३/३ | ५ | वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग | | | X | X | X | X |
| | | उद्योगबाट उत्सर्जन हुने प्रदुषण न्यून गर्न प्रविधिको उपयोगलाई प्रवर्द्धन गर्ने | ३/५ | ५ | वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | | X | X | X | X |
| ४ | अन्तर्राष्ट्रिय जलवायु वित्त पहुँच अभिवृद्धि | हरेक विषयगत मन्त्रालयले क्रियाकलापगत रूपमा जलवायु उत्तरदायी बजेट कोडिङ लागू गर्ने | ५/४ | ५ | वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय | सबै विषयगत मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निका | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | कार्यक्रम | वातावरणीय सेवा (कार्बन) वापत रकम प्राप्त गर्ने | ४/५ | ५ | वन तथा वातावरण मन्त्रालय | अर्थ मन्त्रालय र अन्य विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | जलवायु वित्त सम्बन्धी परियोजना/आयोजना अवधारणा पत्र तयारीको लागि क्षमता विकास गर्ने र प्रस्ताव पेश गर्ने | ४/६ | ५ | वन तथा वातावरण मन्त्रालय | अर्थ मन्त्रालय र अन्य विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | वातावरण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् तथा अन्तर मन्त्रालय स्तरीय बैठक आयोजना तथा सञ्चालन गर्ने | ५/७-८ | ५ | वन तथा वातावरण मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | राष्ट्रिय निर्धारित योगदान (NDC) तथा राष्ट्रिय अनुकूलन योजना कार्यान्वयन गर्ने | २/९ | ५ | वन तथा वातावरण मन्त्रालय, प्रदेश, स्थानीय तह | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सरोकारवाला संस्था | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८१/८२ को यथार्थ | लक्ष्य | | | | | सूचना वा तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | जलवायु चाप समायोजित मानव विकास सूचकांक | सूचकांक | ०.५९२ | ०.५९६ | ०.६०७ | ०.६१० | ०.६१७ | ०.६२२ | मानव विकास प्रतिवेदन | संयुक्त राष्ट्र संघ |
| | **असर** | | | | | | | | | |
| १ | जलवायु उत्तरदायी बजेट | प्रतिशत | ६.० | ६.०६ | ८ | १० | १५ | २० | बजेट वक्तव्य | अर्थ मन्त्रालय |
| २ | वातावरणीय सेवा (कार्बन र अन्य) वापत भुक्तानी प्राप्ति | रू. करोड़ | - | २०० | ४०० | ६०० | ८०० | १००० | वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १ | स्थानीय अनुकूलन कार्ययोजना तयारी तथा कार्यान्वयन भएका स्थानीय तह | सङ्ख्या | २६३ | २७० | ४०० | ५०० | ६०० | ७५३ | वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |
| २ | जलवायु वित्तमा पहुँचको लागि परियोजना प्रस्ताव तयारी तथा स्वीकृति | संख्या | - | २ | २ | २ | २ | २ | वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |
| ३ | पानी मुहान, पोखरी संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन | वटा | - | २०० | ३५० | ५०० | ७५० | १००० | वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |
| ४ | गल्छी, पहिरो, खहरे रोकथाम तथा नियन्त्रण | वटा | - | १७५ | २०० | ३०० | ४०० | ५०० | वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |

| क्र.सं. | सूचक | एकाई | आ.व. २०८१/८२ को यथार्थ | लक्ष्य | | | | | सूचना वा तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ५ | प्रदुषण नियन्त्रण सम्बन्धी मापदण्ड तयारी तथा संशोधन | वटा | - | २ | ६ | ८ | १० | १५ | वातावरण विभागको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |
| ६ | PM 2.5 को वायु प्रदूषणको २४ घण्टा औसत मात्रा | माइक्रोगाम प्रति घ.मि. | ४३.७ | ४० | ३८ | ३७ | ३६ | ३५ | वातावरण विभागको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |
| ७ | वायु गुणस्तर मापन केन्द्र | वटा | ३० | ३१ | ३३ | ३५ | ३७ | ४० | वातावरण विभागको वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |

**७. अनुमान तथा जोखिम**

योजना अवधिमा तहगत सरकार, निजी क्षेत्र र अन्य सरोकारवालाको साझेदारी र समन्वयमा जलवायु परिवर्तनका जोखिम न्यूनीकरण हुनेछन् । जलवायु उत्थानशील कृषि प्रणालीको अभ्यासले जलवायु परिवर्तनको असर सामना, अनुकूल र दिगो कृषि विकासमा सहयोग पुऱ्याउँदै कृषिको उत्पादन र उत्पादकत्वमा सकारात्मक प्रभाव पर्नेछ । जलवायु जोखिम तथा हानी नोक्सानी न्यूनीकरण कार्यक्रम र प्रदूषण नियन्त्रण कार्यक्रमबाट जलवायुजन्य हानी नोक्सानी मापन, नियन्त्रण तथा रोकथामको साथै दिगो र गुणस्तरीय उत्पादन तथा अर्थतन्त्रको हानी नोक्सानी न्यूनीकरणमा सहयोग पुग्नेछ । जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलनको लागि ठूलो रकम आवश्कयक पर्ने र यसको व्यवस्थापन तथा संस्थागत र प्रणालीगत क्षमता विकासमा कठिनाई हुनसक्ने जोखिम रहेको छ ।

## १३.३ विपद् व्यवस्थापन

### १. पृष्ठभूमि

नेपाल विपद् जोखिमको दृष्टिकोणले संवेदनशील मुलुक मानिन्छ । प्रत्येक वर्ष विभिन्न विपद्का घटनाहरूबाट नेपालमा जनधनको ठूलो क्षति हुने गरेको छ । नेपालको जटिल भौगोलिक बनोट, मनसुनमा आधारित कृषि प्रणाली, प्राकृतिक स्रोतमा आधारित जीविकोपार्जन, जलवायु परिवर्तनको बढ्दो नकारात्मक असर, न्यून अनुकूलन तथा उत्थानशील क्षमता रहेको छ । हालका वर्षहरूमा विपद्का घटनाहरूको संख्या, सघनता तथा तीनको नकारात्मक असरमा वृद्धि हुनुको साथै नयाँ प्रकृतिका विपद्जन्य घटनाहरूको संख्यामा पनि क्रमिक वृद्धि भइरहेको छ । परिणामस्वरूप नेपालमा सङ्कटासन्नता र विपद् जोखिम अझ बढ्ने अनुमान गरिएको छ । नेपालको संविधानमा प्राकृतिक साधन स्रोतको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना सम्बन्धी व्यवस्था भए बमोजिम गृह मन्त्रालय सम्बद्ध राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सशस्त्र प्रहरी बल, नेपाल र नेपाल प्रहरीको प्रमुख भूमिका रहेको छ । विपद् व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तर्जुमा भई कार्यान्वयनमा रहेको छ । विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना (२०१८-२०३०) ले तीन तहको संघीय इकाईहरूको लागि विपद् जोखिम न्यूनीकरण सम्बन्धी सेन्डाइ फ्रेमवर्कको आन्तरिकीकरण तथा स्थानीयकरणको लागि रणनीतिक मार्गदर्शन प्रदान गरेको छ ।

सोह्रौं योजनामा विपद् व्यवस्थापन सम्बद्ध रणनीति तथा कार्यक्रम र नतिजा सूचक उल्लेख गरिएको छ । सो अनुसार विपद् जोखिमबाट सुरक्षित र उत्थानशील नेपाल निर्माण गर्ने दीर्घकालीन सोच सहित सबै प्रकारका प्राकृतिक प्रकोप एवम् गैरप्राकृतिक विपद्का घटनाबाट सिर्जित मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गरी समग्र विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ ।

### २. उद्देश्य

१. विपद्बाट हुने क्षतिलाई न्यूनीकरण गर्दै यसको आर्थिक सामाजिक प्रभावलाई कम गर्नु ।

२. विपद्बाट हुने जोखिम न्यूनीकरणको लागि पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापनामा स्थानीय तथा समुदायस्तरमा अनुकूलन क्षमता अभिवृद्धि गर्नु ।

३. विपद् संवेदनशील विकासको अवधारणा अनुरूप विकास आयोजना र अत्यावश्यक पूर्वाधार निर्माणका हरेक चरणमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको विषयलाई आन्तरिकीकरण गरी दिगो र उत्थानशील विकासलाई प्राथमिकता दिनु ।

### ३. रूपान्तरणकारी रणनीति

१. विपद्को अवस्थामा खोज, उद्धार, राहत, पुनःनिर्माण तथा पुनस्थापनालाई सहजीकरण गर्न अन्तर-सरकारी र अन्तर-निकाय संयन्त्र तथा आवश्यक उद्धार कोषको व्यवस्था गर्ने । (४.४.४)

२. स्थानीय स्रोतसाधन, ज्ञान र सीपको प्रयोग गरी विपद्बाट हुने क्षति न्यूनीकरण गर्ने । (६.४.१२)

३. विपद् जोखिम न्यूनीकरण र जलवायु अनुकूलनका क्रियाकलापलाई आवधिक योजना, वार्षिक बजेट तथा कार्यक्रममा आन्तरिकीकरण गर्ने । (७.४.२)

### ४. कार्यनीति

१. विपद्को अवस्थामा खोज, राहत, उद्धार, पुननिर्माण तथा पुनस्थापनालाई सहजीकरण गरिनेछ । (रणनीति १)

२. विपद् प्रतिकार्यका जिम्मेवार निकायको लागि आवश्यक पर्ने विपद् उद्धारका सामग्रीहरूको पहिचान तथा विश्लेषण गरी आवश्यक उपकरण तथा सामग्री पूर्ति गरिनेछ। (रणनीति १)

३. विपद् प्रतिकार्यको निमित्त आवश्यक संयन्त्र तयार गरिनेछ। (रणनीति १)

४. विपद् व्यवस्थापनका सबै चरणमा स्थानीय स्रोतसाधन, ज्ञान र सीपको प्रयोग गरी कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति २)

५. विकास निर्माण एवम् योजना प्रकृयामा विपद् जोखिम न्यूनीकरण तथा जलवायु अनुकूलनका क्रियाकलापलाई आन्तरिकीकरण गरिनेछ। (रणनीति ३)

६. स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा बमोजिम योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ। (रणनीति ३)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | विपद् जोखिम न्यूनीकरण पूर्वतयारी कार्यक्रम | सुरक्षा निकायका जनशक्तिलाई विपद् व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम प्रदान गर्ने आवश्यक खोज तथा उद्धार सामग्री सहित विपद् प्रतिकार्यमा परिचालनको निमित्त तयारी अवस्थामा राख्ने | १ | ५ | नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल | अर्थ मन्त्रालय, रा.वि.जो.न्यू.व्य.प्रा. | X | X | X | X | X |
| | | विपद् व्यवस्थापन बेशहरूलाई जोखिमयुक्त स्थानहरूमा विस्तार गरी २५ स्थानमा पुऱ्याउने | १ | ५ | सशस्त्र प्रहरी बल, नेपाल | अर्थ मन्त्रालय, रा.वि.जो.न्यू.व्य.प्रा., स्थानीय तह | | X | | | |
| | | विपद् उद्धारका सामग्रीहरूको खरिद तथा प्राप्ति गर्ने | १ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा., सशस्त्र प्रहरी बल, नेपाल | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | सम्भावित विपद् (भूकम्प, आगलागी, बाढी, पहिरो लगायत अन्य विपद् व्यवस्थापन) लाई मध्यनजर गरी सिमुलेसन अभ्यास सञ्चालन गर्ने | १ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा., सशस्त्र प्रहरी बल, नेपाल | अर्थ मन्त्रालय, स्थानीय तह | | X | | | |
| | | गोताखोर तालिम प्राप्त जनशक्ति विकास तथा उत्पादन गर्ने | १ | ५ | सशस्त्र प्रहरी बल, नेपाल | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | विद्यालय, स्थानीय क्लब, समुदाय तथा निजी क्षेत्रहरूका आम सर्वसाधारणमा विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभ सम्बन्धी आवश्यक ज्ञान एवम् दक्षताको विकास गर्ने | १ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा., सशस्त्र प्रहरी बल, नेपाल | अर्थ मन्त्रालय, स्थानीय तह, निजी क्षेत्र | X | X | X | X | X |
| | | समुदाय विपद् स्वयंसेवक उत्पादन गर्नको निमित्त स्थानीय तहहरूसँगको साझेदारीमा विपद्जन्य | १ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा., सशस्त्र प्रहरी बल, नेपाल | अर्थ मन्त्रालय, स्थानीय तह, निजी क्षेत्र | | X | | | |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | घटनाहरूमा परिचालन गर्न समुदायस्तरमा तालिम सञ्चालन तथा स्वयंसेवक उत्पादन गर्ने | | | | | | | | | |
| | | विपद् जोखिम वित्तीय उपकरणको विकास गरी लागू गर्ने | १ | ५ | गृह मन्त्रालय, रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | | | |
| | | विपद्‌को प्रकृति, सघनता र परिमाणको आधारमा विपद् व्यवस्थापनको लागि तीन तहका सरकारको जिम्मेवारी र उत्तरदायित्वमा स्पष्टता ल्याउने | १ | ५ | गृह मन्त्रालय, रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | सबै तहमा राष्ट्रिय भवन संहिता लागु गर्ने | १ | ५ | गृह मन्त्रालय, शहरी विकास मन्त्रालय | प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| २ | विपद जोखिम व्यवस्थापन कार्यक्रम | विपद् जोखिम नक्साङ्कन गर्ने | १ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | विपद् जोखिम व्यवस्थापन नीतिको समसामयिक सुधार गर्ने | १ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | विपद् पूर्व सूचना प्रणाली विकास गर्ने | १ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | विपद् जोखिमको पूर्वतयारी र सामुदायिक प्रतिकार्य क्षमता वृद्धि गर्ने | १ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| | | विपद जोखिम हस्तान्तरण गर्न जोखिम आंकलन तथा मूल्याङ्कन गरी बीमा कार्यक्रम लागू गर्ने | १ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | | | |
| | | जोखिम नक्साकंन र अनुकूलन प्रणालीलाई संस्थागत गरी प्रभावकारी कार्यान्वयन गर्ने | १ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |
| ३ | विपद् प्रतिकार्य | स्थानीय सरकार र समुदायका साथ समन्वय र सहभागिता बढाई कार्ययोजना कार्यान्वयन गर्ने | ३ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | तथा पुनर्स्थापना कार्यक्रम | विपद् जोखिम सूचना प्रणालीको विकास र प्रबर्द्धन गर्ने | ३ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | | | |
| | | विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको लागि नीतिगत र प्राविधिक सुधार गर्ने | ३ | ५ | गृह मन्त्रालय, रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | X | | |
| | | स्थानीय, प्रदेश र केन्द्र सरकारको समन्वय प्रणाली सुदृढ गर्ने | ३ | ५ | रा.वि.जो.न्यू.व्य.प्रा. | विषयगत मन्त्रालय, प्रदेश, स्थानीय तह | X | X | | | |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १. | विपदको कारण कुल गार्हस्थ्य उत्पादनमा भएको क्षति | प्रतिशत | ०.८ | ०.८ | ०.५ | ०.४ | ०.३ | ०.२ | वा.प्र. | गृह मन्त्रालय |
| | **असर** | | | | | | | | | |
| १. | विपदका घटनाबाट मृत्यु हुने जनसंख्या | प्रति लाख | २.२ | २.२ | १ | ०.७ | ०.६ | ०.५ | रा.वि.जो.न्यू.व्य.प्रा. को प्रतिवेदन | गृह मन्त्रालय |
| २. | विपदका घटनाबाट प्रभावित परिवार संख्या | परिवार संख्या | ६४६८० | १७६१६ | ३७०० | ३३०० | ३२०० | ३१०० | रा.वि.जो.न्यू.व्य.प्रा. को प्रतिवेदन | गृह मन्त्रालय |
| | **प्रतिफल** | | | | | | | | | |
| १. | विपद् जोखिम न्यूनीकरण तथा | संख्या | ३१०० | १०३८ | ३२०० | ३४५० | ३५०० | ३६०० | रा.वि.जो.न्यू.व्य.प्रा. को | गृह मन्त्रालय |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना/ तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | व्यवस्थापन सम्बन्धी तालिम प्राप्त जनशक्ति | | | | | | | | प्रतिवेदन | |
| २ | स्थानीय तह जलवायुजन्य विपद उत्थानशील कार्यढाँचा तयारी र कार्यान्वयन भएका स्थानीय तह | संख्या | - | ६ | ७ | ५० | ७० | ९० | वा.प्र. | वन तथा वातावरण मन्त्रालय |

## ७. अनुमान र जोखिम

विपद् व्यवस्थापनको कार्यान्वयन रणनीतिको कार्यान्वयन मार्फत एकीकृत रूपमा विपद् व्यवस्थापन कार्यमा संघ, प्रदेश तथा स्थानीय तहबीच अन्तरसम्बन्ध आवश्यक भएकाले विपद् व्यवस्थापनको अभ्यासमा देखा परेका कार्यात्मक दोहोरोपन तथा नीतिगत अस्पष्टता रहेको छ। यसको निरूपण गरी सहकार्य तथा समन्वयमा आधारित एकीकृत विपद् व्यवस्थापन प्रणाली मार्फत विपद्जन्य घटनाबाट हुने क्षतिलाई कम गर्न राष्ट्रिय नीति तथा रणनीतिमा विपद् व्यवस्थापनसँग सम्बन्धित क्षेत्रसँग सकारात्मक सम्बन्ध तथा सहकार्यको आवश्यकता सम्बोधन गरिनेछ। जलवायु परिवर्तन र त्यसबाट सिर्जित विपद् जोखिम व्यवस्थापनको लागि सम्बन्धित निकायबीच प्रभावकारी समन्वय गरिनेछ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई बलियो बनाउन जनशक्ति, वित्तीय स्रोत र कार्यक्षेत्रको सुस्पष्ट ढाँचा सुनिश्चित गरिनेछ। विपद्जन्य घटनाबाट हुने मानवीय क्षतिलाई कम गर्दै नेपालको सीमित स्रोत साधनलाई विपद् व्यवस्थापनको कार्यमा उचित रूपमा परिचालन गर्नु चुनौतिको विषय रहेको छ। नेपाल जलवायु परिवर्तनजन्य विपद्का घटनाहरूको समेत उच्च जोखिममा रहेको छ। विपद् व्यवस्थापनको लागि आवश्यक स्रोत तथा प्राविधिक विज्ञता प्राप्त गर्न अन्तर्राष्ट्रिय सहायता तथा सहकार्य आवश्यक रहेको छ।

## १३.४ हरित अर्थतन्त्र

### १. पृष्ठभूमि

हरित अर्थतन्त्रको अवधारणाले प्राकृतिक स्रोतको संरक्षण, दिगो र शुन्य-असर उत्पादन प्रणाली, कार्बन उत्सर्जनमा न्यूनीकरण, स्वच्छ ऊर्जा प्रवर्द्धन, हरित रोजगारी सिर्जना र सामाजिक न्याय तर्फको रुपान्तरणलाई प्राथमिकता दिन्छ। सोह्रौं योजनाले जैविक विविधता जलवायु परिवर्तन र हरित अर्थतन्त्रलाई संरचनात्मक रूपान्तरणको क्षेत्र तथा रणनीतिको रूपमा अंगीकार गरेको छ। जलवायु परिवर्तनको कारण उत्पन्न बढ्दो जोखिम, जैविक विविधताको संवेदनशीलता तथा भौगोलिक बनावटले गर्दा प्राकृतिक स्रोत, कृषि, उद्योग, पर्यटन, ऊर्जा, यातायात, शहरी विकास, पर्वतीय अर्थतन्त्र र वनजस्ता क्षेत्रमा हरित रूपान्तरणको दृष्टिकोण अवलम्बन गर्नु अपरिहार्य बनेको छ। उत्पादन प्रकृयामा 'शुन्य उत्सर्जन-शुन्य असर'मा आधारित प्रविधिको अवलम्बन, हरित लगानीका स्रोत पहिचान तथा लगानी अभिवृद्धि, विकास प्रकियामा वन तथा जैविक विविधताको दिगो व्यवस्थापन लगायतका हरित अर्थतन्त्र सम्बन्धी विषयलाई सम्बोधन गर्ने विशेष संस्थागत व्यवस्था समेत गर्नुपर्ने देखिएको छ। यस परिप्रेक्ष्यमा समग्र उत्पादन प्रणालीमा हरित अर्थतन्त्रको अवधारणा अवलम्बन गर्दै कुल गार्हस्थ्य उत्पादनमा हरित अर्थतन्त्रको योगदान अभिवृद्धि गर्नेगरी सोह्रौं योजनामा यस क्षेत्रसँग सम्बन्धित रूपान्तरणकारी रणनीति पहिचान गरी सो अनुरूप कार्यनीति तथा प्रमुख कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक रहेको छ। सो अनुसार यस क्षेत्रका रणनीति तथा कार्यक्रमले आर्थिक, सामाजिक, वातावरणीय, पूर्वाधार लगायतका क्षेत्रमा सिर्जना गर्नसक्ने समन्वयात्मक अतिरिक्त लाभ तथा विरोधाभाषको पहिचान, विश्लेषण तथा संश्लेषण गरी प्रभावकारी कार्यान्वयन तथा गुणात्मक नतिजा हासिल गर्नको लागि यो कार्यान्वयन योजना तर्जुमा गरिएको छ।

### २. उद्देश्य

प्राकृतिक तथा जैविक स्रोतको दिगो व्यवस्थापन तथा दिगो उत्पादन प्रणाली अवलम्बन गर्दै रोजगारमूलक हरित आर्थिक वृद्धि हासिल गर्नु।

### ३. रूपान्तरणकारी रणनीति

१. हरित अर्थतन्त्र विकास गर्न विशेष संस्थागत संयन्त्र तयार गरी कानूनी तथा नीतिगत सुधार, सरकार, निजी क्षेत्र तथा समुदायको क्षमता विकास र समन्वय तथा सहकार्य अभिवृद्धि गर्ने। (१३.४.१०)

२. वन, कृषि, उद्योग, पर्यटन, स्वच्छ ऊर्जा, यातायात, शहरी विकास, हिमालय, जैविक विविधता, र अन्य प्राकृतिक स्रोतलाई 'शुन्य-असर'को अवधारणा अनुरूप दिगो परिचालन गर्दै हरित अर्थतन्त्रतर्फ मूलप्रवाहीकरण गर्ने। (१३.४.६)

३. हरित र उत्थानशील विकासको लागि उपयोग क्षमता अभिवृद्धि र नयाँ उपकरणको परिचालन सहित जलवायु तथा अन्य अन्तर्राष्ट्रिय वित्त परिचालन गर्ने। (१३.४.७)

### ४. कार्यनीति

१. हरित अर्थतन्त्रको दिगो र समावेशी विकास गर्न कानूनी व्यवस्था गरी संस्थागत संयन्त्र तयार गरिनेछ। (रणनीति १)

२. प्राकृतिक तथा जैविक स्रोतमा आधारित हरित आर्थिक वृद्धिको ढाँचा विकास गरिनेछ। (रणनीति १)

३. सरकार, निजी क्षेत्र तथा समुदायमा दक्ष जनशक्ति विकास र संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। (रणनीति १)

४. चक्रिय अर्थतन्त्रमा आधारित उद्यमशीलतामुखी वन व्यवस्थापन, कच्चा पदार्थको प्रयोग तथा पुनःप्रयोग, जडिबुटीको व्यवसायीकरण तथा मूल्य अभिवृद्धि र वन सम्पदामा आधारित हरित उद्यम प्रवर्द्धन गरिनेछ। (रणनीति २)

५. समुदायमा रहेका परम्परागत ज्ञान र सीपको संरक्षण तथा सम्वर्द्धन र प्राकृतिक तथा जैविक क्षेत्रबाट प्राप्त लाभको समन्यायिक वितरण गरिनेछ। (रणनीति २)

६. स्वच्छ ऊर्जामा लगानी, उत्पादन र खपत वृद्धि गरिनेछ। (रणनीति २)

७. ठूला तथा साना विद्युतीय सवारी साधनको उत्पादन तथा प्रयोगलाई प्रोत्साहन तथा अभिवृद्धि गरिनेछ। (रणनीति २)

८. उच्च हिमाली तथा पहाडी क्षेत्रमा रहेका हिम-श्रृङ्खला, जडिबुटी, ताल-तलैया, हिमनदी तथा जैविक विविधताको पहिचान, संरक्षण, विकास र प्रयोग गर्ने गरी पर्वतीय अर्थतन्त्र प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति २)

९. हरित तथा ऊर्जा मितव्ययी भवन निर्माण, खुला पार्क वा मैदान, हरियाली शहर तथा धुवाँ-धुलो रहित शहरी विकासको लागि 'हरित शहर-स्वस्थ भविष्य' कार्यक्रम सञ्चालन गरिनेछ। (रणनीति २)

१०. जलवायु अनुकूलित, पर्यावरणमैत्री, जैविक तथा स्थानीय रैथाने कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने गरी हरित कृषिलाई प्रोत्साहन गरिनेछ। (रणनीति २)

११. हरित अर्थतन्त्र प्रवर्द्धनका प्राथमिकताका क्षेत्र पहिचान गरी आन्तरिक तथा बाह्य स्रोत परिचालन गरिनेछ। (रणनीति ३)

१२. जलवायु सम्बन्धी वित्तीय स्रोतमा पहुँच वृद्धि गरिनेछ। (रणनीति ३)

१३. जलवायु सम्बन्धी अनुदान वा सहुलियतपूर्ण ऋणको प्रभावकारी उपयोग गरिनेछ। (रणनीति ३)

१४. हरित अर्थतन्त्र सम्बन्धी नयाँ वित्तीय स्रोतको पहिचान, परिचालन, विविधीकरण र दिगोपनमा जोड दिइनेछ। (रणनीति ३)

१५. द्विपक्षीय तथा बहुपक्षीय सहयोग परिचालनको लागि सहकार्य अभिवृद्धि गरिनेछ। (रणनीति ३)

१६. ऋण परिचालनमा पारदर्शिता र प्रभावकारिता बढाइनेछ। (रणनीति ३)

## ५. कार्यान्वयन योजना

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | हरित अर्थतन्त्र संरचनात्मक तथा संस्थागत व्यवस्थापन कार्यक्रम | हरित अर्थतन्त्रको दिगो र समावेशी विकास गर्न कानूनी व्यवस्था तथा संस्थागत संयन्त्र स्थापना गर्ने | १/१ | ५ | रा.यो.आ. | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | X | X | | | |
| | | हरित अर्थतन्त्र सम्बन्धी दक्ष जनशक्ति विकास र संस्थागत क्षमता विकास गर्ने | १/१ | ५ | रा.यो.आ. | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | X | X | X | X | X |
| | | प्राकृतिक स्रोतमा आधारित हरित आर्थिक वृद्धिको ढाँचा तयार गर्ने | १/१ | ५ | रा.यो.आ. | अर्थ मन्त्रालय, वन तथा वातावरण मन्त्रालय | X | X | X | | |
| २ | हरित औद्योगिक विकास तथा प्रवर्द्धन कार्यक्रम | उद्योग व्यवसायमा ऊर्जा दक्षता वृद्धि, कार्बन उत्सर्जन न्यूनीकरण र जलवायु परिवर्तन अनुकूलनमा लगानी (Climate Financing) मा सहुलियत प्रदान गर्ने | २/५ | ५ | अर्थ मन्त्रालय | उ.वा.आ.म. | X | X | X | X | X |
| | | हरित उद्यमलाई सहुलियत दरमा ऋण तथा कर सहुलियत उपलब्ध गराउने | २/५ | ५ | अर्थ मन्त्रालय | उ.वा.आ.म. | X | X | X | X | X |
| | | हरित कच्चा पदार्थमा आधारित उत्पादनको प्रयोग बढाउने | १/१ | ५ | प्र.म.म.प.का. | उ.वा.आ.म. | X | X | X | X | X |
| | | हरित स्टार्टअप इनक्युबेटर कार्यक्रमलाई प्रोत्साहन गर्ने | २/५ | ५ | अर्थ मन्त्रालय | उ.वा.आ.म. | X | X | X | X | X |
| ३ | स्वच्छ ऊर्जा तथा विद्युतीय सवारी साधन प्रोत्साहन कार्यक्रम | एल.पि.जि. मा रहेको सहुलियत हटाइ विद्युतीय चुलोलाई सहुलियत प्रदान गर्ने | | | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | रा.यो.आ. | X | X | X | X | X |
| | | सार्वजनिक यातायातमा विद्युतीय सवारी साधनलाई विशेष प्राथमिकता दिने | | | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, | रा.यो.आ. | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | | | | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | | | | | | |
| | | हरित ऊर्जा र यातायात लगायतका ठूला परियोजनामा लगानी अभिवृद्धि गर्ने | २/८ | ३ | लगानी बोर्ड | ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय<br>अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | लघु जलविद्युत्, सौर्य ऊर्जा, र वर्षाको पानी संकलन प्रणालीको प्रवर्द्धन गर्ने | २/८ | ३ | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | रा.यो.आ. | X | X | X | X | X |
| ४ | पर्वतीय अर्थतन्त्र प्रवर्द्धन कार्यक्रम | उच्च हिमाली तथा पहाडी क्षेत्रमा रहेका हिम-श्रृङ्खला, जडिबुटी, रैथाने फलफूल र उच्च मूल्यका बाली, ताल-तलैया, हिमनदी तथा जैविक विविधताको पहिचान, संरक्षण, विकास र प्रयोगलाई प्रोत्साहित गर्ने | २/५ | ५ | वन तथा वातावरण मन्त्रालय | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | पर्यावरणमैत्री होमस्टे, ट्रेकिङ मार्ग र सांस्कृतिक केन्द्र विकास तथा विस्तार गर्ने | २/५ | ५ | सं. प. ना.उ.म. | अर्थ मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | स्थानीय गाइड, हस्तकला र खानपानलाई समावेश गरी पर्यटन प्याकेज तयार गर्ने | २/५ | ५ | सं. प. ना.उ.म. | अर्थ मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | पर्यावरणीय आचारसंहिता र कार्बन न्यूट्रल ट्राभल प्रवर्द्धन गर्ने | २/५ | ५ | सं. प. ना.उ.म. | अर्थ मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | पर्वतीय क्षेत्रमा रहेका सहकारीहरूलाई प्रविधि, वित्तीय पहुँच र मुख्य बजारसँग जोड्ने | २/५ | ५ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रदेश तथा स्थानीय तह | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ५ | 'हरित शहर-स्वस्थ भविष्य' कार्यक्रम | हरित तथा ऊर्जा मितव्ययी भवन निर्माण, हरियाली शहर तथा धुवाँ-धुलो रहित शहरी विकासका परियोजनामा लगानी गर्न प्रोत्साहित गर्ने | २/५ | ५ | अर्थ मन्त्रालय | शहरी विकास मन्त्रालय | X | X | X | X | X |
| | | भवन संहितामा आकाशे पानी सङ्कलनलाई अनिवार्य बनाउने र वातावरणमैत्री तथा स्थानीय निर्माण सामग्री प्रयोगलाई प्रोत्साहन गर्ने | २/५ | ५ | शहरी विकास मन्त्रालय, प्रदेश तथा स्थानीय तह | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | प्लास्टिकजन्य उत्पादनको प्रयोग निरूत्साहित गर्ने | २/५ | ५ | वन तथा वातावरण मन्त्रालय, प्रदेश तथा स्थानीय तह | अर्थ मन्त्रालय, सहरी विकास मन्त्रालय | X | X | X | X | X |
| | | सडक हरियाली र खुल्ला पार्क संरक्षण तथा प्रवर्द्धन गर्ने | २/५ | ५ | शहरी विकास मन्त्रालय | अर्थ मन्त्रालय | X | X | X | X | X |
| ६ | हरित कृषि प्रोत्साहन कार्यक्रम | जलवायु अनुकूल र जैविक खेती प्रविधिको विस्तार (जैविक मल, कम्पोस्ट, मल्चिङ) लाई प्रोत्साहन गर्ने | २/५ | ५ | प्रदेश र स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |
| | | जलवायुमैत्री रैथाने फलफूल र उच्च मूल्यका बालीहरूको व्यावसायिक उत्पादनलाई प्रोत्साहन गर्ने | २/५ | ५ | प्रदेश र स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |
| | | महिला तथा प्रत्यक्ष प्रभावित समुदायमा हरित मौषमी कृषि जागरण प्रवर्द्धन गर्ने | २/५ | ५ | प्रदेश र स्थानीय तह | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | X | X | X | X | X |
| | | जमिनमुनिको पानी व्यवसायिक रूपमा प्रयोग गर्नेलाई हरित कर लगाउने | २/५ | ५ | अर्थ मन्त्रालय | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | X | X | X | X | X |
| | | अन्तर्राष्ट्रिय वित्तीय संस्थासँग साझेदारी | २/६ | १ | अर्थ मन्त्रालय | | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन गर्ने समयावधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | विस्तार गर्ने | | | | | | | | | |
| | | हरित ऋणपत्र तथा नयाँ वित्तीय उपकरण प्रयोग गर्ने | २/७ | ५ | अर्थ मन्त्रालय | रा.यो.आ. | X | X | X | X | X |
| | | जलवायु वित्त कोषको स्थापना गर्ने | | ५ | अर्थ मन्त्रालय | प्र.म.म.प.का., वन तथा वातावरण मन्त्रालय | | X | X | | |
| ७ | वन तथा अन्य प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा व्यावसायिक उपयोग कार्यक्रम | काठ सङ्कलन र बजारीकरणलाई सहज बनाई स्वदेशी काठको उपलब्धता बढाउने र काठ आयातलाई प्रतिस्थापन गर्ने | १/२ | ३ | वन तथा वातावरण मन्त्रालय | प्र.म.म.प.का., रा.यो.आ. | X | X | X | X | X |
| | | आयातित निर्माण सामग्री खपत कम गर्ने | १/२ | २ | प्र.म.म.प.का. | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | X | X | X | X | X |
| | | वन व्यवस्थापनबाट उद्यम र उद्यमशीलताको प्रवर्द्धन गरी निजी क्षेत्रलाई वन विकासमा प्रोत्साहन गर्ने | १/२ | ३ | वन तथा वातावरण मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | X | X | X | X | X |
| | | जडिबुटीको व्यावसायिक उत्पादन तथा मूल्य अभिवृद्धिको लागि बजारीकरण, क्षमता विकास, प्राविधिक सहयोग र वित्तीय पँहुचमा सहजीकरण गर्ने | २/२ | ३ | वन तथा वातावरण मन्त्रालय | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | वन तथा संरक्षित क्षेत्रमा आधारित पर्या-पर्यटनको दायरा विस्तार गर्ने | १/१ | ३ | सं.प.ना.उ.म. | वन तथा वातावरण मन्त्रालय | X | X | X | X | X |
| | | ताल-तलैया, सिमसार क्षेत्र र पोखरीको संरक्षण गर्ने | २/२ | ३ | वन तथा वातावरण मन्त्रालय | अर्थ मन्त्रालय | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र. सं. | सूचक | एकाइ | आ.व. २०८०/८१ को यथार्थ | लक्ष्य | | | | | सूचना / तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| **प्रभाव** | | | | | | | | | | |
| १ | कुल ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको अंश | प्रतिशत | ३.१ | ३.१ | ४.० | ५.० | ६.० | ७.० | जल तथा शक्ति आयोगको प्रतिवेदन | ऊ.ज.सिँ.म. |
| २ | कुल गार्हस्थ्य उत्पादनमा वन क्षेत्रको हिस्सा | प्रतिशत | ३.० | ३.२५ | ३.४ | ४.० | ४.५ | ५.० | राष्ट्रिय लेखा | व.वा.म. |
| **असर** | | | | | | | | | | |
| १ | वातावरणीय सेवा वापत भुक्तानी | रू. अर्ब | ० | २ | ४ | ६ | ८ | १० | वा.प्र. | व.वा.म. |
| २ | प्रतिव्यक्ति विद्युत उपभोग | किलोवाट घण्टा | ३५० | ४५० | ४७० | ५१० | ५६० | ७०० | वा.प्र. | ऊ.ज.सिँ.मं. |
| **प्रतिफल** | | | | | | | | | | |
| १ | दिगो वित्तीय स्रोतको परिचालन | करोड | ५०० | ७०० | १००० | १३०० | १६०० | २००० | वा.प्र. | अर्थ मन्त्रालय |
| २ | विद्युत उत्पादन (जडित क्षमता) | मेगावाट | ३२४३ | ३९६० | ४६२६ | ७४१७ | ९०८३ | ११७६९ | वा.प्र. | ऊ.ज.सिँ.मं. |
| ३ | खाना पकाउन विद्युत प्रयोग गर्ने परिवार | प्रतिशत | ०.५ | ०.९ | १.५ | ३ | ५ | ७ | रा.ज.ग. | ऊ.ज.सिँ.मं. |
| ४ | दिगो व्यवस्थापन भएको वनको क्षेत्रफल | हजार हेक्टर | ९० | १५० | २०० | २५० | ३०० | ४०० | वार्षिक प्रतिवेदन | व.वा.म. |
| ५ | यातायात क्षेत्रले खपत गर्ने उर्जा मध्ये विद्युत उर्जाको अंश | प्रतिशत | ०.०५ | १ | २ | ५ | ७ | १० | वार्षिक प्रतिवेदन | वन तथा वातावरण मन्त्रालय |
| ६ | ठूला उद्योग तथा प्रतिष्ठानले प्रदुषण नियन्त्रणमा गरेको खर्च | रू. हजार | १६१८ | १८०० | २००० | २२०० | २३०० | २५०० | वार्षिक प्रतिवेदन | व.वा.म. |
| ७ | संरक्षित क्षेत्रले ओगटेको क्षेत्रफल | प्रतिशत | २३.२ | २३.२ | २४ | २५ | २७ | ३० | वार्षिक प्रतिवेदन | व.वा.म. |
| ८ | संरक्षित क्षेत्रले ओगटेको हिमाली भूभाग | प्रतिशत | ६७.८ | ६७.८ | ७० | ७२ | ७३ | ७५ | वार्षिक प्रतिवेदन | व.वा.म. |

## ७. अनुमान तथा जोखिम

हरित अर्थतन्त्रको विकास तथा प्रवर्द्धनमा अन्तर सरकार, निजी तथा गैरसरकारी क्षेत्रबीच सहकार्य तथा समन्वय कायम गरिनेछ। योजनालाई आधार लिएर कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गरिनेछ। सरकारको नीतिगत स्थिरता, अन्तर्राष्ट्रिय वित्तीय साझेदारको सहयोग र कार्यान्वयन निकायहरूको क्षमता सुदृढ भएको हुनेछ। योजना, नीति र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक समन्वय र सहकार्य तथा वित्तीय व्यवस्था हुन नसकेमा, प्राकृतिक प्रकोप वा आकस्मिक घटनामा वृद्धि भएमा यो कार्ययोजना कार्यान्वयन गर्न कठिनाइ हुनसक्छ।

## परिच्छेद १४

# अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन

### १४.१ अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति

#### १. पृष्ठभूमि

आत्मनिर्भर, स्वतन्त्र, उन्नतिशील र समृद्ध अर्थतन्त्र निर्माणको कोशेढुङ्गा स्वरूप सन् २०२६ मा नेपाल अतिकम विकसित मुलुकबाट विकासशील मुलुकमा स्तरोन्नति हुँदैछ। स्तरोन्नतिसँगै नेपाल र नेपालीको स्वाभिमानमा अभिवृद्धि हुनुको साथै नयाँ अवसर सिर्जना हुनेछन्। साथै, नेपालले हाल अतिकम विकसित मुलुक भएकै कारणबाट अन्तर्राष्ट्रिय स्तरमा प्राप्त गरिरहेका केही विशेष प्रकृतिका सहुलियत तथा सहयोग क्रमशः घट्दै जानेछन्। स्तरोन्नतिबाट सिर्जित अवसरहरूको विस्तार र असरहरूको न्यूनीकरणमार्फत् क्षेत्रगत नीति तथा कार्यक्रमहरूमा समन्वयात्मक लाभ सिर्जना गर्न र विरोधाभाषको न्यूनीकरण गरी स्तरोन्नति सहज र दिगो हुने सुनिश्चित गर्नको लागि यो कार्यान्वयन कार्ययोजना तर्जुमा गरिएको छ।

#### २. उद्देश्य

१. व्यापार तथा लगानी विस्तार तथा आर्थिक रूपान्तरण गरी वित्तीय दिगोपना तथा समष्टिगत आर्थिक स्थायित्व सहितको आर्थिक विकास हासिल गर्नु।

२. शिक्षा तथा स्वास्थ्यमा लगानी विस्तार, आर्थिक तथा वातावरणीय जोखिम व्यवस्थापन र सामाजिक समावेशीकरण मार्फत् उत्पादन तथा प्रतिस्पर्धी क्षमता विकास गरी स्तरोन्नतिलाई दिगो तुल्याउनु।

#### ३. रूपान्तरणकारी रणनीति

१. सहज र दिगो स्तरोन्नति सम्बद्ध नीतिहरूको प्रभावकारी कार्यान्वयन गर्ने। (१४.४.१)

२. उत्पादन तथा उत्पादकत्व वृद्धि, उद्यमशीलता विकास र आन्तरिक रोजगारी सिर्जना गरी प्रतिव्यक्ति राष्ट्रिय आय अभिवृद्धि गर्ने। (३.४.१, १४.४.२)

३. वैदेशिक सहायताको कुशल एवम् प्रभावकारी परिचालन गर्नुको साथै वस्तु तथा सेवा व्यापारको विविधीकरण र विस्तारको लागि प्रतिस्पर्धी क्षमता अभिवृद्धि, व्यापार वार्ता तथा निर्यात प्रवर्द्धन गर्ने। (२.४.१२, १४.४.४, १४.४.५, १४.४.६, १४.४.८)

४. मानव सम्पत्ति सिर्जना, सामाजिक समावेशीकरण तथा आर्थिक तथा वातावरणीय जोखिम व्यवस्थापनको लागि क्षेत्रगत नीति तथा कार्यक्रमहरूबीच सामञ्जस्य कायम गर्ने। (१४.४.९)

#### ४. कार्यनीति

१. सीपयुक्त र प्रतिस्पर्धी जनशक्तिको उपलब्धता तथा लगानी विस्तार मार्फत् कृषि, उद्योग र सेवा क्षेत्रको उत्पादन र उत्पादकत्वमा सुधार गरिनेछ। (रणनीति १, २)

२. निर्यातमुखी, उच्च मूल्य भएका वस्तु तथा सेवाको उत्पादन, गुणस्तर सुधार, निर्यात प्रवर्द्धन तथा व्यापार वार्तामार्फत् बजार पहुँच विस्तार गरिनेछ। (रणनीति १, ३)

३. भन्सार तथा कोटा रहित सुविधामा हुने कटौतीबाट नेपाली वस्तुको मूल्यमा हुने वृद्धिलाई सम्बोधन गर्न भन्सार प्रक्रियामा सुधार, व्यापार पूर्वाधारमा सुधार तथा विस्तार र पारवहन लागत घटाउने उपायको अवलम्बन गरी व्यापार लागत न्यूनीकरण गरिनेछ। (रणनीति १, ३)

४. स्तरोन्नतिबाट अन्तर्राष्ट्रिय विकास सहायता परिचालनमा पर्ने असरलाई सम्बोधन गर्न आर्थिक कूटनीतिमा जोड दिँदै अन्तर्राष्ट्रिय वित्तको वैकल्पिक स्रोत पहिचान गरी पहुँच वृद्धि, प्राप्ति र परिचालन गरिनेछ। (रणनीति १, ३)

५. शिक्षा, स्वास्थ्य, मानव संसाधन व्यवस्थापनका क्षेत्रमा लगानी वृद्धि गर्नुको साथै विपद र जलवायु परिवर्तन लगायतका जोखिम व्यवस्थापनलाई क्षेत्रगत नीतिहरूमा मूलप्रवाहीकरण र आन्तरिकीकरण गरिनेछ। (रणनीति १, ४)

## ५. कार्यान्वयन योजना

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | सीपयुक्त श्रम उत्पादन कार्यक्रम | प्राविधिक तथा व्यावसायिक शिक्षाको सुदृढीकरण र विस्तार गरी सीपयुक्त दक्ष श्रमशक्ति उत्पादन गर्ने | १/१ | ३ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | श्रम बजारमा हुने श्रमिकको माग र आपूर्ति सम्बन्धी सूचना सम्प्रेषण गर्ने प्रणाली विकास गर्ने | २/१ | ३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| २ | लगानी तथा निर्यात प्रवर्द्धन कार्यक्रम | लगानीको वातावरण निर्माण गर्न कानून, संस्था र प्रविधिमा सुधार, प्रक्रियागत सरलीकरण, सुरक्षा, लगायतका आवश्यक प्रबन्ध सुदृढीकरण गर्ने | २/१ | २ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय | विषय क्षेत्रगत मन्त्रालय प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | औद्योगिक तथा व्यापार पूर्वाधार सुधार र विस्तार गर्ने | २/१ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | निर्यात अभिवृद्धिको लागि वस्तु तथा बजारको विविधीकरण गर्ने | ३/२ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | अर्थ मन्त्रालय, परराष्ट्र मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |
| | | पर्यटन, विद्युत व्यापार, सूचना प्रविधि तथा वित्तीय सेवासम्बद्ध सेवाको निर्यात प्रवर्द्धन गर्ने | ३/२ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | अर्थ मन्त्रालय, प्रदेश तथा स्थानीय तह | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | | | | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | | | | | | |
| | | स्तरोन्नति पश्चात् अतिकम विकसित मुलुकको हैसियतले उपलब्ध भइरहेका ड्युटी फ्रि, कोटा फ्रि लगायतका सुविधामा कटौतिको प्रतिकुल प्रभाव न्यूनीकरण गर्न आवश्यक समायोजनका उपाय अवलम्बन गर्ने | ३/३ | २ | अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय | X | X | X | X | X |
| | | बौद्धिक सम्पत्ति संरक्षणको लागि कानूनी प्रबन्ध गरी कार्यान्वयन गर्ने संस्थाको क्षमता विकास गर्ने | ३/३ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | X | X | X | X | X |
| ३ | आर्थिक कूटनीति सञ्चालन कार्यक्रम | अन्तर्राष्ट्रिय वित्तका वैकल्पिक स्रोतको पहिचान र परिचालन गर्ने | ३/४ | १ | अर्थ मन्त्रालय | परराष्ट्र मन्त्रालय | X | X | X | X | X |
| | | स्तरोन्नति हुने मुलुकका साझा सवाल सम्बोधनको लागि क्षेत्रीय र बहुपक्षीय मञ्चमा सहकार्य विस्तार गर्ने | ३/४ | १ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय | X | X | X | X | X |
| | | विकासशील मुलुकहरूलाई उपलब्ध हुने अन्तर्राष्ट्रिय स्तरका जिएसपी प्लस | ३/३ | २ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | परराष्ट्र मन्त्रालय | X | X | X | X | X |

| क्र. सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | लगायतका छुट तथा सुविधामा पहुँचको लागि तयारी एवम् पहल गर्ने | | | | | | | | | |
| ४ | मानव सम्पत्ति विकास कार्यक्रम | राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्ने | ४/५ | ४ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | X | X | X | X | X |
| | | प्रवर्द्धनात्मक, प्रतिरोधात्मक, निरोधात्मक, निदानात्मक, उपचारात्मक, प्रशामक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवामा समतामूलक पहुँच बढाउने | १/५ | ४ | स्वस्थ्य तथा जनसंख्या मन्त्रालय | प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | जनस्वास्थ्य तथा शिक्षा क्षेत्रमा लगानी वृद्धि गर्ने | १/५ | ४ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | अर्थ मन्त्रालय | X | X | X | X | X |
| ५ | विपद तथा जलवायु जोखिम मूलप्रवाहीकरण कार्यक्रम | राष्ट्रिय नीति तथा कार्यक्रममा हरित, उत्थानशील र समावेशी विकासको अवधारणा मूलप्रवाहीकरण गर्ने | ४/५ | ५ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय | विषयगत मन्त्रालय तथा निकाय | X | X | X | X | X |
| | | संघ, प्रदेश र स्थानीय तहका क्षेत्रगत नीतिहरूमा विपद जोखिम व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्ने | ४/५ | ५ | गृह मन्त्रालय, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय | सङ्घीय, प्रदेश र स्थानीय तह | X | X | X | X | X |

| क्र.सं. | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति तथा कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| ६ | समन्वय र साझेदारी प्रवर्द्धन कार्यक्रम | अन्तर-निकायगत समन्वय तथा सहकार्य अभिवृद्धि गर्ने | ४/५ | ६ | राष्ट्रिय योजना आयोग | परराष्ट्र मन्त्रालय, विषयगत मन्त्रालय, प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | सहज स्तरोन्नति रणनीति कार्यान्वयन सम्बद्ध संयन्त्रहरूलाई थप क्रियाशील बनाउने | ४/५ | ६ | राष्ट्रिय योजना आयोग | परराष्ट्र मन्त्रालय, विषयगत मन्त्रालय, प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | नियमित अनुगमन तथा मूल्यांकन प्रतिवेदन तयारी र प्रकाशन गर्ने | ४/५ | ६ | राष्ट्रिय योजना आयोग | परराष्ट्र मन्त्रालय, विषयगत मन्त्रालय, प्रदेश र स्थानीय तह | X | X | X | X | X |

## ६. नतिजा खाका

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| | **प्रभाव** | | | | | | | | | |
| १ | प्रतिव्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १३०० | १४२० | १४९८ | १७०० | १९२८ | २२०० | मध्यमकालीन खर्च संरचना (म.ख.सं.) | रा.यो.आ. |
| २ | मानव सम्पत्ति सूचकाङ्क | प्रतिशत | ७६.३ | ७७.२ | ७७.५ | ७७.९ | ७८.३ | ७८.६ | म.ख.सं. | रा.यो.आ. |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ३ | आर्थिक तथा वातावरणीय जोखिम सूचकाङ्क | प्रतिशत | २९.७ | २८.८ | २६.५ | २४.५ | २३.५ | २२.४ | म.ख.सं. | रा.यो.आ. |
| | **असर** | | | | | | | | म.ख.सं. | |
| १ | पाँच वर्षमुनिको बाल मृत्युदर | प्रति हजार जीवित जन्ममा | २७.३४ | २५ | २१ | २० | १७ | १५ | म.ख.सं. | रा.यो.आ. |
| २ | पाँच वर्षमुनिका बालबालिकामा दुव्लोपन | प्रतिशत | २६.७० | २५ | २२ | २० | १७ | १५ | म.ख.सं. | रा.यो.आ. |
| ३ | मातृ मृत्युदर | प्रति लाख जीवित जन्ममा | १७४.४१ | १५१ | ११० | १०० | ९९ | ९० | म.ख.सं. | रा.यो.आ. |
| ४ | निम्न माध्यमिक तह पुरा गर्ने दर | प्रतिशत | ७९.३२ | ८२.५ | ८५.० | ८८.० | ९०.० | ९२ | म.ख.सं. | रा.यो.आ. |
| ५ | प्रौढ साक्षरता दर | प्रतिशत | ७१.१५ | ७४.० | ७६.० | ७८.० | ८०.० | ८२ | म.ख.सं. | रा.यो.आ. |
| ६ | निम्न माध्यामिक तहको भर्नादरमा लैङ्गिक समता सूचकाङ्क | सूचकाङ्क | १.०५ | १.०५ | १.०८ | १.१० | १.१० | १.१० | म.ख.सं. | रा.यो.आ. |
| ७ | कुल गार्हस्थ्य उत्पादनमा कृषि, वन र मत्स्य क्षेत्रको अंश | प्रतिशत | २४.७२ | २५.१६ | २४.१ | २३.३ | २२.५ | २१.० | म.ख.सं. | रा.यो.आ. |
| ८ | दुर्गमता र भूपरिवेष्ठितता सूचकाङ्क | सूचकाङ्क | ५०.६२ | ४९.० | ४८.० | ४७.५ | ४७.० | ४६.५ | म.ख.सं. | रा.यो.आ. |
| ९ | वस्तु व्यापार सघनता | सूचकाङ्क | ७.१७ | ६.५ | ६.० | ५.५ | ५.० | ४.५ | म.ख.सं. | रा.यो.आ. |
| १० | वस्तु तथा सेवा निर्यातमा अस्थिरता | सूचकाङ्क | ४.९८ | ४.५० | ४.२५ | ४.१५ | ४.०० | ३.७५ | म.ख.सं. | रा.यो.आ. |

| क्र.सं. | सूचक | एकाइ | आ.व. २०७९/८० को यथार्थ | लक्ष्य | | | | | सूचना/तथ्याङ्कको स्रोत | प्रतिवेदन गर्ने जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | | |
| ११ | सुख्खाग्रस्त क्षेत्रमा बसोबास गर्ने जनसङ्ख्याको अनुपात | प्रतिशत | ०.६७ | ०.६० | ०.५६ | ०.५३ | ०.५० | ०.४८ | म.ख.सं. | रा.यो.आ. |
| १२ | कृषि उत्पादनमा अस्थिरता | सूचकाङ्क | २.४२ | २.३५ | २.२५ | २.१५ | २.० | १.८० | म.ख.सं. | रा.यो.आ. |
| १३ | विपदबाट प्रभावित व्यक्ति | प्रतिशत | ३.०९ | ३.०० | २.८० | २.६० | २.५ | २.३ | म.ख.सं. | रा.यो.आ. |

## ७. अनुमान तथा जोखिम

योजना अवधिमा तहगत सरकार, निजी क्षेत्र, सामुदायिक संस्था र उपभोक्ताको समेत सहभागिता र साझेदारीमा सहज स्तरोन्नति हुनेछ। स्तरोन्नतिको लागि तयारी र स्तरोन्नति पश्चातको दिगोपनाको लागि समग्र रूपमा राष्ट्रिय योजना आयोग र क्षेत्रगत मन्त्रालय तथा निकायले अनुगमन तथा मूल्याङ्कन गर्ने छन्। स्तरोन्नति पश्चात् हुने सम्भावित असर न्यूनीकरको लागि सरकार, निजी क्षेत्र तथा विकास साझेदारले आवश्यक तयारी र सहकार्य गर्ने छन्। अन्तर्राष्ट्रिय स्तरबाट प्राप्त हुने व्यापार सुविधा तथा वैदेशिक सहायताको निरन्तरताको विषयमा द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय स्तरमा पहल गरिनेछ। तथापि, विकास साझेदारका प्राथमिकता तथा नीतिहरूले समेत यसमा प्रभाव पार्नेछ।

## १४.२ दिगो विकास लक्ष्य कार्यान्वयन

### १. पृष्ठभूमि

आर्थिक समृद्धि, सामाजिक विकास र वातावरणीय संरक्षणबीच सन्तुलन कायम गर्दै सन् २०३० सम्मको लागि तय गरिएको विकासको विश्वव्यापी साझा एजेण्डाको रूपमा नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन हुँदै आएको छ । गरिबी निवारण, भोकमरीको अन्त्य, स्वस्थ जीवन, गुणस्तरीय शिक्षा, लैंगिक समानता, वातावरणीय संरक्षण, जलवायु परिवर्तन व्यवस्थापन र शान्तिपूर्ण समाजको स्थापना, विश्वव्यापि साझेदारी लगायतका विकासका १७ वटा लक्ष्यहरूको कार्यान्वयनको लागि नीतिगत तथा संस्थागत प्रबन्ध गरी मूलप्रवाहीकरण र स्थानीयकरण गरिएको छ । आवधिक रूपमा गरिँदै आएको प्रगति समीक्षाबाट दिगो विकास लक्ष्यमा अपेक्षाकृत प्रगति हासिल हुन नसकेको हुँदा प्राप्त उपलब्धिलाई संस्थागत गर्दै सोह्रौं योजना कार्यान्वयन अवधिमा लक्ष्य कार्यान्वयनको लागि थप जोड दिन आवश्यक देखिएको छ ।

### २. उद्देश्य

१. वातावरणीय दिगोपना सहितको आर्थिक तथा सामाजिक विकासको लागि दिगो विकास लक्ष्यहरूमा उल्लेख्य प्रगति हासिल गर्नु ।

२. संघ प्रदेश र स्थानीय तहका नीति, योजना, कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयनमा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नु ।

### ३. रूपान्तरणकारी रणनीति

१. दिगो विकास लक्ष्यलाई संघ, प्रदेश र स्थानीय तहका नीति, योजना, बजेट तथा कार्यक्रममा स्थानीयकरण गर्ने । (८.४.१, १४.४.१०)

२. दिगो विकास लक्ष्य कार्यान्वयनको लागि सार्वजनिक, निजी, गैरसरकारी क्षेत्रको लगानी परिचालन गर्ने । (९.४.११, १४.४.११)

३. लक्ष्य कार्यान्वयनमा भएको प्रगतिको नियमित अनुगमन गर्दै न्यून प्रगति भएका लक्ष्यको कार्यान्वयनको लागि विशेष कार्यक्रम सञ्चालन गर्ने । (१४.४.१३)

४. दिगो विकास लक्ष्य कार्यान्वयनको लागि तीन वटै तहका सरकार, निजी, सहकारी, सामुदायिक, गैरसरकारी क्षेत्र र विकास साझेदारबीच प्रभावकारी साझेदारी अभिवृद्धि गर्ने । (१४.४.१२)

### ४. कार्यनीति

१. संघ, प्रदेश र स्थानीय तहका वार्षिक बजेट तथा मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्यको सांकेतीकरणलाई निरन्तरता दिइनेछ । (रणनीति १)

२. दिगो विकास लक्ष्यको संघ, प्रदेश र स्थानीय तहका नीति, योजना, बजेट तथा कार्यक्रममा स्थानीयकरणको लागि सचेतना अभिवृद्धि, नीतिगत मार्गदर्शन, प्राविधिक सहायता परिचालन तथा क्षमता विकास गरिनेछ । (रणनीति १)

३. लक्ष्य कार्यान्वयनको लागि सार्वजनिक, निजी, गैरसरकारी क्षेत्रको लगानी परिचालन गर्न वित्तीय रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ । (रणनीति २)

४. मर्यादित श्रम र सामाजिक सुरक्षा, पोषण सुरक्षा तथा खाद्य प्रणालीको रूपान्तरण, गुणस्तरीय स्वास्थ्य र शिक्षा, सहरीकरण र बसोवास, लैंगिक समता, समावेशीकरण, जलवायु अनुकुलन, डिजिटल रूपान्तरण लगायतका दिगो विकास लक्ष्यका प्राथमिकता प्राप्त क्षेत्रका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ । (रणनीति २)

५. दिगो विकास लक्ष्यको नियमित प्रगति अनुगमन गर्नको लागि राष्ट्रिय तथ्यांक प्रणालीको सुदृढीकरण गरिनेछ । (रणनीति ३)

६. लक्ष्य कार्यान्वयनको लागि तीन वटै तहका सरकार, निजी, सहकारी, सामुदायिक, गैरसरकारी क्षेत्र र विकास साझेदारबीच प्रभावकारी साझेदारी अभिवृद्धि गर्न साझेदारी सम्बन्धी विशेष समिति गठन तथा साझेदारीमा गर्न सकिने कार्यक्रम तथा नीतिको कार्यान्वयन गरिनेछ। (रणनीति ३)

## ५. कार्यान्वयन योजना

| क्रसं | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| १ | दिगो विकास लक्ष्यको स्थानीयकरण | संघ, प्रदेश र स्थानीय तहका आवधिक तथा क्षेत्रगत योजनामा दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने | १, १ | १ | राष्ट्रिय योजना आयोग, प्रादेशिक योजना आयोग, स्थानीय तह | विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | संघ, प्रदेश र स्थानीय तहका बजेट तथा मध्यमकालीन खर्च संरचनामा दिगो विकास लक्ष्य सांकेतीकरण गर्ने | १,२ | १ | अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग, प्रदेश र स्थानीय तह | विषयगत मन्त्रालय | X | X | X | X | X |
| | | लक्ष्यको स्थानीयकरणको लागि संघ, प्रदेश र स्थानीय तहमा क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने | १,२ | १ | राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय | प्रदेश, स्थानीय तह, विकास साझेदार, तालिम केन्द्रहरू | X | X | X | X | X |
| २ | समन्वय र साझेदारी प्रवर्द्धन कार्यक्रम | दिगो विकास लक्ष्य कार्यान्वयनको लागि गठित संस्थागत संयन्त्रहरूलाई थप क्रियाशील बनाउने | ४,६ | ६ | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | X | X | X | X | X |
| | | स्थानीय, प्रादेशिक, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय तहका सरोकारवालाबीच समन्वय तथा साझेदारी गर्ने | ४,६ | ६ | राष्ट्रिय योजना आयोग | विषयगत मन्त्रालय, प्रदेश र स्थानीय तह | X | X | X | X | X |
| | | विद्यालय शिक्षाको पाठ्यक्रममा दिगो विकास लक्ष्य समावेश गर्ने | ४,६ | ६ | शिक्षा तथा विज्ञान प्रविधि मन्त्रालय, | स्थानीय तह | X | X | X | X | X |

| क्रसं | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| | | | | | पाठ्यक्रम विकास केन्द्र | | | | | | |
| | | गैरसरकारी क्षेत्रबाट हुने हुने बहस पैरवी तथा कार्यक्रम कार्यान्वयनलाई प्रवर्द्धन गर्ने | ४,६ | ६ | गैरसरकारी संघसंस्था | राष्ट्रिय योजना आयोग | X | X | X | X | X |
| ३. | लक्ष्य कार्यान्वयनको लागि स्रोत व्यवस्थापन | संघ, प्रदेश र स्थानीय तहको राजस्व सुधारको कार्ययोजना बनाई कार्यान्वयन गर्ने | २,३ | १ | अर्थ मन्त्रालय, प्रदेश र स्थानीय तहहरू | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | X | X | X | X | X |
| | | दिगो विकास लक्ष्यको आवश्यकता पहिचान, लागत अनुमान तथा वित्तीय रणनीति कार्यान्वयन गर्ने | २,३ | १ | राष्ट्रिय योजना आयोग, विषयगत मन्त्रालय/निकाय, प्रदेश र स्थानीय तह | अर्थ मन्त्रालय | X | X | X | X | X |
| | | दिगो विकास लक्ष्य प्राप्तिको लागि निजी क्षेत्रको लगानी परिचालन गर्ने | २,३ | १ | अर्थ मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | X | X | X | X | X |
| | | वित्तीय न्यूनता पूर्ति गर्न नविनतम तथा वैकल्पिक स्रोत परिचालन गर्ने | २,३ | १ | अर्थ मन्त्रालय | निजी क्षेत्र | X | X | X | X | X |
| ४. | प्राथमिकता प्राप्त क्षेत्रमा लक्षित कार्यक्रम | लक्षित समूह पहिचानको लागि राष्ट्रिय तथ्यांक प्रणालीमा सुधार गर्ने | ३,४ | ६ | राष्ट्रिय तथ्यांक कार्यालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विषय क्षेत्रगत मन्त्रालय, तथा निकाय | X | X | X | X | X |
| | | कोहि पछाडी नछुटुन राष्ट्रिय कार्यढाँचा कार्यान्वयन गर्न सचेतना अभिवृद्धि गर्ने | ३,४ | ६ | राष्ट्रिय योजना आयोग | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विषयगत मन्त्रालय तथा निकाय | X | X | X | X | X |

| क्रसं | प्रमुख कार्यक्रम | मुख्य क्रियाकलाप | रणनीति र कार्यनीति नं. | स्तरोन्नति स्तम्भ | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | कार्यान्वयन अवधि | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | विरोधाभास | | | | विरोधाभासको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगानी तथा उत्पादन | रोजगारी सिर्जना | स्थानीय अर्थतन्त्र | अन्य क्षेत्र र कानून | लगानी तथा उत्पादन | रोजगारी सिर्जना | स्थानीय अर्थतन्त्र | अन्य क्षेत्र र कानून | |
| १ | तथ्याङ्क प्रणालीको विकासका लागि राष्ट्रिय रणनीति (२०८२/८३-२०८६/८७) कार्यान्वयन | तथ्याङ्क उत्पादन तथा व्यवस्थापन लागतमा कमी | | स्थानीय अर्थतन्त्रको नीति तथा योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनमा सहयोग | कानूनी सुधारमा सहयोग | - | - | - | - | |
| २ | अन्तर्राष्ट्रिय प्रतिवद्धतासम्वद्ध तथ्याङ्क उत्पादन तथा आपूर्ति | दिगो विकास लक्ष्य सम्बद्ध लगानीमा प्रभावकारिता र विकासशील राष्ट्रमा स्तरोन्नतिमा सहजता | - | - | - | - | - | - | - | |
| ३ | प्रशासनिक अभिलेख तथा व्यवस्थापन सूचना प्रणालीको विकास | तथ्याङ्क उत्पादनमा लागत न्यूनता | - | स्थानीय अर्थतन्त्र सुधारको लागि तथ्याङ्क आधार | - | - | - | - | - | - |
| ४ | गणना तथा सर्वेक्षण सञ्चालन | - | रोजगारी वृद्धि | स्थानीय अर्थतन्त्र सुधारका लागि तथ्याङ्क आधार | - | उच्च लागत र उत्तरदातामा भार | | | | प्रशासनिक अभिलेख तथा व्यवस्थापन सूचना प्रणालीबाट उत्पादित तथ्याङ्कको प्रयोग गर्ने |

| क्र.सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | विरोधाभास | | | | विरोधाभासको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगानी तथा उत्पादन | रोजगारी सिर्जना | स्थानीय अर्थतन्त्र | अन्य क्षेत्र र कानून | लगानी तथा उत्पादन | रोजगारी सिर्जना | स्थानीय अर्थतन्त्र | अन्य क्षेत्र र कानून | |
| ५ | राष्ट्रिय लेखा अनुमान तथा सूचकाङ्क निर्माण | लगानीको अवस्था विश्लेषण र प्रक्षेपणमा सहयोग | - | - | आर्थिक वृद्धि र मूल्य स्थितिको जानकारी तथा नीतिगत उपयोग | - | - | स्थानीय अर्थतन्त्र सम्बन्धी तथ्याङ्कीय समन्वय अभाव | - | - |
| ६ | एकीकृत तथ्याङ्कीय पोर्टल सञ्चालन | लगानी सम्बन्धमा तथ्याङ्कको उपलब्धता | | स्थानीय अर्थतन्त्र सुधारको लागि तथ्याङ्क आधार | समय र लागत प्रभावी तथ्याङ्कको उपलब्धता | - | - | समन्वयको अभाव | कानूनी आधार तयार | - |
| ७ | तथ्याङ्कको गुणस्तर मापदण्ड | | | | तथ्यमा आधारित नीति तथा योजना प्रणाली | | - | - | - | - |
| ९ | तथ्याङ्कका नवीनतम स्रोतको उपयोग | तथ्याङ्क उत्पादनमा लागत न्यूनता | - | - | - | - | - | - | - | - |
| १० | व्यक्तिगत घटना दर्ता र पारिवारिक लगत व्यवस्थापन र तथ्याङ्क विश्लेषण | जनगणनामा लाग्ने ठूलो लगानीमा न्यूनता | | स्थानीय तहमा नियमित जनशक्ति परिचालन | - | - | - | - | - | - |

| क्र.सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | विरोधाभाष | | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लगानी तथा उत्पादन | रोजगारी सिर्जना | स्थानीय अर्थतन्त्र | अन्य क्षेत्र र कानून | लगानी तथा उत्पादन | रोजगारी सिर्जना | स्थानीय अर्थतन्त्र | अन्य क्षेत्र र कानून | |
| ११ | तथ्याङ्कीय क्षमता विकास | - | - | प्रदेश र स्थानीय तहमा तथ्याङ्को सहज आपूर्ति तथा व्यवस्थापन | - | - | - | - | - | - |
| १२ | जिम्मेवारी, समन्वय र सहयोग | तथ्याङ्क क्षेत्रमा लगानीको सहजता | - | प्रदेश र स्थानीय तहमा तथ्याङ्कको सहज आपूर्ति तथा व्यवस्थापन | - | - | - | - | - | - |
| १३ | तथ्याङ्कीय अनुसन्धान तथा अन्वेषण | - | - | - | तथ्याङ्क आपूर्ति र व्यवस्थापनमा सहजता | - | - | - | - | - |
| १४ | तथ्याङ्क प्रकाशन, सार्वजनिकीकरण र सुरक्षा | - | - | - | नीतिगत आधारको रूपमा उपयोग | - | - | - | - | - |

## १२.२ न्याय प्रणाली

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | | विरोधाभाष | | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक | सामाजिक | वातावरण | सुशासन | अन्य | आर्थिक | सामाजिक | वातावरण | सुशासन र अन्य | |
| १ | कानून तर्जुमा, संशोधन एवम् कार्यान्वयन कार्यक्रम | आर्थिक तथा वित्तीय अनुशासन, लगानी सुरक्षा, उत्पादन तथा व्यवसायिक कार्यमा सहजीकरण | सामाजिक सद्भाव तथा सामञ्जस्यता | वातावरणीय दोहन नियन्त्रण, वातावरण संरक्षण, विपद व्यवस्थापन | विधिको शासन, मानव अधिकार संरक्षण | | तथ्यांकको अभाव | सामाजिक परिवर्तन अनुरूपको कानूनी जटिलता | वातावरण र विकास बीचको द्वन्द्व | काननी प्रकृयालाई नजरअन्दाज | सन्तुलित र समयानुकुल कानून निर्माण तथा परिमार्जन गर्ने |
| २ | सन्धि सम्झौता तथा घोषणापत्र कार्यान्वयन कार्यक्रम | वैदेशिक लगानी तथा व्यापार प्रवर्द्धन, अन्तर्राष्ट्रिय वित्त परिचालन | श्रम व्यवस्थापन, सामाजिक सुरक्षा तथा संरक्षण | वातावरण तथा जैविक विविधता संरक्षण, जलवायु परिवर्तन तथा प्रदुषण लगायतका विषयको सम्बोधन | मानव अधिकार प्रवर्द्धन, अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार | | स्रोत व्यवस्थापन कार्यान्वयन जटिलता | अन्तर्राष्ट्रिय सन्धि सम्झौताबाट प्राप्त दायित्व | विकासमा प्रभाव, वातावरणीय दोहन, पारिस्थितिकीय प्रणालीमा असरको सम्भावना | | स्पष्ट कानूनी व्यवस्था गर्ने |
| ३ | न्याय तथा अभियोजन प्रणाली प्रवर्द्धन कार्यक्रम | आर्थिक क्षति न्यूनीकरण, कानूनी सेवा खर्च न्यूनीकरण, वित्तीय कुशलता | न्यायालयप्रति सामाजिक विश्वास, सामाजिक सद्भाव तथा सामञ्जस्यता | वातावरणीय दोहन नियन्त्रण, वातावरण संरक्षण, विपद व्यवस्थापन | विधिको शासन, मौलिक हक तथा मानव अधिकार संरक्षण | | स्रोत साधनको व्यवस्थापनमा जटिलता | | प्रविधिको प्रयोग र डाटा सुरक्षा चुनौति | | स्पष्ट कानून र आधुनिक सूचना प्रविधिको प्रयोग वृद्धि गर्ने |

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | | विरोधाभाष | | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक | सामाजिक | वातावरण | सुशासन | अन्य | आर्थिक | सामाजिक | वातावरण | सुशासन र अन्य | |
| ४ | न्यायिक समिति सुदृढीकरण कार्यक्रम | कानूनी सेवा खर्च न्यूनीकरण, वित्तीय कुशलता | सामाजिक मेलमिलाप वृद्धि | | स्थानीय तहमा विधिको शासन तथा मानव अधिकार संरक्षण | अदालतको कार्य बोझमा कमी | स्रोत साधनको व्यवस्थापनमा जटिलता | फरक सामाजिक परिवेश | | न्यायिक समितिका पदाधिकारीमा न्यायिक जानकारीको अभाव | न्यायिक समितिका पदाधिकारीमा न्यायिक जानकारी अभिवृद्धि गर्ने |
| ५ | राहत, क्षतिपूर्ति तथा परिपूरण कार्यक्रम | द्वन्द्वकालीन घटनामा पीडितलाई राहत, क्षतिपूर्ति तथा परिपूरण र आर्थिक सहयोग | सामाजिक सद्भाव तथा सामाजिक मेलमिलाप | | मानव अधिकारको संरक्षण | | स्रोत साधनको व्यवस्थापनमा जटिलता | फरक सामाजिक परिवेशका पीडित | | | पीडितको अवस्था अनुसार राहत, क्षतिपूर्ति तथा परिपूरणलाई न्यायिक बनाउने |

## १२.३ निर्वाचन प्रणाली

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | विरोधाभाष | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|
| | | सुशासन | आर्थिक क्षेत्र | सामाजिक | आर्थिक क्षेत्र | |
| १ | निर्वाचन शिक्षा सुधार कार्यक्रम | मतदाता जागरण र सचेतना | निर्वाचन खर्च न्यूनीकरण | जनविश्वास अभिवृद्धि | | |
| २ | मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम | प्रतिनिधित्वको सुनिश्चितता, स्वच्छ र स्वतन्त्र निर्वाचन | | जनविश्वास अभिवृद्धि | अतिरिक्त आर्थिक भार | निर्वाचन व्यवस्थापनमा मितव्यिता अपनाउने |
| ३ | निर्वाचन व्यवस्थापन प्रणालीको रिइन्जिनियरिङ गर्ने | प्रतिनिधित्वको सुनिश्चितता | | जनविश्वास अभिवृद्धि | अतिरिक्त आर्थिक भार | ,, |
| ४ | निर्वाचन सामाजिक सञ्जाल र कृत्रिम बौद्धिकता प्रयोग | स्वच्छ र स्वतन्त्र निर्वाचन | | जनविश्वास अभिवृद्धि | अतिरिक्त आर्थिक भार | ,, |
| ५ | निर्वाचन व्यवस्थापन सम्बन्धी कार्यक्रम | प्रतिनिधित्वको सुनिश्चितता | निर्वाचन खर्च न्यूनीकरण | जनविश्वास अभिवृद्धि | | |
| ६ | निर्वाचन सञ्चार कार्यक्रम | सहभागिता | निर्वाचनमा हुने खर्च कटौति | निर्वाचनमा जनविश्वास अभिवृद्धि | | |
| ७ | निर्वाचन सम्बन्धी कानूनी सुधार | जवाफदेहिता वृद्धि | निर्वाचनमा हुने खर्च कटौति | निर्वाचनमा मतदाताको सहभागिता अभिवृद्धि | | |
| ८ | राजनीतिक दल सम्बन्धी कार्यक्रम | जवाफदेहिता तथा भ्रष्टाचार नियन्त्रण | राजनीतिक दलले निर्वाचनमा गर्ने खर्चमा पारदर्शिता | दलप्रतिको सामाजिक अपनत्व वृद्धि | | |

## १२.४ शासकीय सुधार तथा सुशासन

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | विरोधाभाष | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|
| | | शासकीय क्षेत्र | आर्थिक क्षेत्र | अन्य क्षेत्र | शासकीय क्षेत्र | आर्थिक क्षेत्र | अन्य क्षेत्र | |
| १ | शासकीय सुधार एवम् सुशासनका लागि नीतिगत तथा कानूनी प्रबन्ध | सेवा प्रवाहमा कुशलता तथा प्रभावकारिता, भ्रष्टाचार न्यूनीकरण | प्रभावकारी स्रोत परिचालन, सेवा प्रवाहको लागतमा कमी, विकास आयोजनाबाट प्राप्त प्रतिफल वृद्धि | विकास आयोजनामा सुशासन प्रवर्द्धन, तोकिएको समयमै आयोजना सम्पन्न | | | | |
| २ | सार्वजनिक प्रशासनको प्रभावकारिता अभिवृद्धि | नतिजामूलक प्रशासन | लागत प्रभावी आयोजना व्यवस्थापन | जनविश्वास अभिवृद्धि | सूचना प्रविधिका नवीनतम् प्रबन्धसँग कर्मचारीको क्षमतामा बेमेल | | | विद्युतीय शासन प्रवर्द्धन गर्न क्षमता अभिवृद्धि गर्ने |
| ३ | राजस्व चुहावट नियन्त्रण | वित्तीय सुशासन, नेपालको सार्वभौम साखमा वृद्धि | ऋणको भारमा कमी, बाह्य क्षेत्र स्थिरता, आर्थिक क्षेत्रमा चलायमान | औपचारिक क्षेत्रको विस्तार, परनिर्भरतामा कमी, Business ethics को प्रवर्द्धन | प्रशासनिक लागत वृद्धि | व्यवसाय, व्यापार र लगानीकर्तामा दबाबको अनुभूति | आवश्यक प्रविधि र जनशक्तिको अभाव | प्रक्रियागत सरलीकरण तथा सचेतना, सूचना प्रविधिमा लगानी र क्षमता अभिवृद्धि गर्ने |
| ४ | सम्पत्ति शुद्धीकरण जोखिम व्यवस्थापन | बैंक र वित्तीय प्रणालीमा पारदर्शिता, वित्तीय सुशासन, भ्रष्टाचार न्यूनीकरण | आतंक वित्त पोषण, ठगी र अवैध रकम नियन्त्रण, अन्तर्राष्ट्रिय व्यापार र वित्तीय सम्बन्धमा सहजता, राजस्वको दायरा विस्तार | अनौपचारिक क्षेत्रको संकुचन, मुलुकको साखको स्तरवृद्धि | लागत, समय र कागजी प्रक्रिया, अन्तर्निकाय समन्वयमा समस्या, दक्ष जनशक्तिको अभाव | उद्यमी तथा व्यवसामा कठिनाई | | प्रक्रियागत सरलीकरण तथा सचेतना अभिवृद्धि, अनुसन्धान, अभियोजनमा एकरूपता र कसूरजन्य सम्पत्तिको प्रभावकारी व्यवस्थापन गर्ने |

| क्र.सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | विरोधाभाष | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|
| | | शासकीय क्षेत्र | आर्थिक क्षेत्र | अन्य क्षेत्र | शासकीय क्षेत्र | आर्थिक क्षेत्र | अन्य क्षेत्र | |
| ५ | नैतिकता तथा सदाचारिता प्रवर्द्धन | सेवा प्रवाहमा कुशलता तथा प्रभावकारिता र भ्रष्टाचार न्यूनीकरण | सार्वजनिक स्रोतको कुशल उपयोग, सार्वजनिक खरिद र आयोजना व्यवस्थापनमा प्रभावकारिता | जनविश्वास अभिवृद्धि, सदाचारयुक्त र न्यायपूर्ण समाज | | | सार्वजनिक पदाधिकारीका लागि जीविकोपार्जन गर्न पुग्ने तलबको अभाव | सदाचार नीति तर्जुमा गरी कार्यान्वयन गर्ने |
| ६ | सार्वजनिक खरिद व्यवस्थापन | विकास आयोजना सुशासन, भ्रष्टाचार न्यूनीकरण | सार्वजनिक स्रोतको कुशल र मितव्ययी उपयोग, लागतप्रभावी आयोजना व्यवस्थापन | | | | | |
| ७ | इ-गभर्नेन्स बोर्डको कानूनी एवम् संस्थागत क्षमता अभिवृद्धि | विद्युतीय सेवा प्रवाह विस्तार तथा प्रभावकारिता, भ्रष्टाचार न्यूनीकरण | आर्थिक क्षेत्रमा कुशलता, उत्पादकत्व अभिवृद्धि | साइबर सुरक्षा, जनविश्वास अभिवृद्धि | | | | |
| ८ | सार्वजनिक सेवा प्रवाहको आधुनिक सूचना प्रणालीसँग आवद्धता | विद्युतीय सेवा प्रवाह विस्तार, गुणस्तर तथा प्रभावकारिता | सार्वजनिक स्रोतको कुशल उपयोग, दीर्घकालीन लागत न्यूनीकरण | जनविश्वास अभिवृद्धि | डिजीटल डिभाइड र सेवा अवरूद्ध हुने जोखिम | प्रणाली विकास सम्बन्धी उच्च लागत | साइबर सुरक्षाको जोखिम, रोजगारी कटौती | प्रक्रियागत सरलीकरण तथा सचेतना अभिवृद्धि गर्ने |

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | विरोधाभाष | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|
| | | शासकीय क्षेत्र | आर्थिक क्षेत्र | अन्य क्षेत्र | शासकीय क्षेत्र | आर्थिक क्षेत्र | अन्य क्षेत्र | |
| ९ | सार्वजनिक सेवा प्रवाहको गुणस्तर अभिवृद्धि | सेवा प्रवाह विस्तार तथा प्रभावकारिता | सार्वजनिक स्रोतको कुशल उपयोग | जनविश्वास अभिवृद्धि | | | | |
| १० | सार्वजनिक सूचनामा जनताको पहुँच अभिवृद्धि | जवाफदेहिता, पारदर्शिता, अनियमितता नियन्त्रण | सार्वजनिक स्रोतको कुशल र मितव्ययी उपयोग | जनविश्वास अभिवृद्धि | डिजिटल डिभाइड | | ग्रामीण, वृद्ध र डिजिटल साक्षरता कम भएको समुदायको न्यून पहुँच | सचेतना अभिवृद्धि गर्ने |
| ११ | हेलो सरकार लगायत सरकारका विभिन्न पोर्टलमा प्राप्त गुनासो व्यवस्थापन तथा क्षमता अभिवृद्धि | सेवा प्रवाहमा प्रभावकारिता, अनियमितता नियन्त्रण, जवाफदेहिता र पारदर्शिता अभिवृद्धि | | जनविश्वास अभिवृद्धि | प्रशासनिक बोझ र अतिरिक्त समय प्रशासनिक लागत वृद्धि | | गोपनीयता र डेटा सुरक्षा | प्रक्रियागत सरलीकरण तथा सचेतना अभिवृद्धि गर्ने |
| १२ | उच्च व्यवस्थापनको नेतृत्व विकास, मूल्याङ्कन र उत्तराधिकार योजना तयार | प्रभावकारी नेतृत्व विकास, शीर्ष प्रतिभा, कार्यसम्पादनमा सुधार | नव प्रवर्तनमा प्रोत्साहन र नयाँ उत्पादन तथा सेवाको उत्पादकत्व वृद्धि | परिवर्तनको लागि अनुकूलन | राजनीतिक प्रभाव, सिर्जनात्मक आलोचना अस्वीकार गर्ने संस्कृति | | क्षेत्रगत दक्षता र नेतृत्व सीपको मूल्याङ्कनको योजना खाकामा एकरूपता | नेतृत्व विकास, मूल्याङ्कन र उत्तराधिकार योजनालाई कानूनले समेत सम्बोधन गर्ने |
| १३ | अन्तनर निकाय र अन्तर तहगत समन्वय र सहकार्यका लागि संरचनागत सुधार | कामको दोहोरोपनामा कमी | संरचनात्मक सुधारबाट व्यापक खर्च कटौती | क्षेत्राधिकारको विवादमा कमी | सङ्घीय निकायले आफ्ना संरचना यथावत राख्ने र प्रदेशले समानान्तर | | कर्मचारी, सम्पत्ति र दायित्व व्यवस्थापन | उच्चस्तरीय शासकीय सुधार आयोगबाट नीतिगत मार्ग निर्देशन गर्ने |

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | विरोधाभाष | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|
| | | शासकीय क्षेत्र | आर्थिक क्षेत्र | अन्य क्षेत्र | शासकीय क्षेत्र | आर्थिक क्षेत्र | अन्य क्षेत्र | |
| | | | | | संरचना स्थापना गर्ने प्रवृत्ति | | | कार्य विस्तृतीकरण प्रतिवेदन स्वीकृत गरी कार्यान्वयन गर्ने |

## १२.५ भ्रष्टाचार निवारण

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | | विरोधाभाष | | | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सेवाप्रवाह | सार्वजनिक खरिद | निर्णय प्रक्रिया | भौतिक पूर्वाधार | नागरिक सन्तुष्टि | सेवाप्रवाह | सार्वजनिक खरिद | निर्णय प्रक्रिया | भौतिक पूर्वाधार | अन्य | |
| १ | निरोधात्मक कार्यक्रम | सेवा प्रवाहमा सुधार | नीति र कानूनी सुधारमा दवाब | नीतिगत निर्णयबाट हुने भ्रष्टाचार न्यूनीकरण | | नागरिक सन्तुष्टिमा वृद्धि | | खरिद प्रक्रियामा ढिलाई | निर्णय प्रक्रिया ढिलाई | लागत तथा समय अधिकता | | विद्यमान कानूनमा सुधार गर्ने |
| २ | उपचारात्मक कार्यक्रम | कर्मचारीको कार्यसम्पादन स्तरमा वृद्धि, सेवा प्रवाहमा सुधार | प्रतिस्पर्धी, पारदर्शी, उत्तरदायी र गुणस्तरीय सार्वजनिक खरिद | कानून बमोजिम निर्णय सुनिश्चितता | स्रोतको महत्तम उपयोग | नागरिक सन्तुष्टिमा वृद्धि | | खरिद प्रक्रियामा ढिलाई | कानूनी संरक्षणको अभावले असल नियतका निर्णयबाट पन्छिने जोखिम | निर्णयमा ढिलाई हुँदा पूर्वाधार लागत तथा समय अधिकता | | असल नियतबाट गरिएका निर्णयको कानूनी संरक्षण गर्ने |
| ३ | प्रवर्द्धनात्मक कार्यक्रम | सेवाग्राहीको सशक्तीकरण र सेवा प्रवाहमा सुधार | स्रोतको महत्तम उपयोग | | निर्धारित लागत, गुणस्तर र समयमा आयोजना सम्पन्न | नागरिक सन्तुष्टिमा वृद्धि | कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन | | | | सरोकारवालाको अनावश्यक दबाव | |

### १२.६ शान्ति, सुव्यवस्था र सुरक्षा

| क्र.सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | विरोधाभाष | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|
| | | सुशासन | आर्थिक | सामाजिक र अन्य | आर्थिक | सामाजिक तथा अन्य | |
| १ | शान्ति सुरक्षा तथा अपराध नियन्त्रण | नागरिकको जीउ धनको सुरक्षा, साइबर अपराधका घटना नियन्त्रण | आर्थिक तथा वित्तीय कसुरमा न्यूनीकरण, कालोबजारी, सिन्डिकेट, कार्टेलिङ नियन्त्रण, लगानीको वातावरण | विकासका सामाजिक सूचकमा सुधार, राज्यप्रतिको सकारात्मक धारणा, गुणस्तरीय खाद्य पदार्थको उपलब्धता | आर्थिक स्रोतमा व्ययभार | | जनशक्ति तथा सुरक्षा संयन्त्रको क्षमता विकास गर्ने |
| २ | सीमा सुरक्षा तथा अपराध नियन्त्रण | सीमाबाट हुने आपराधिक गतिविधि नियन्त्रण | अवैध आयात निर्यात नियन्त्रण, राजश्व वृद्धि | नागरिक सन्तुष्टि अभिवृद्धि | खर्चिलो नयाँ प्रणाली | नागरिक खबरदारी | क्षमता तथा नागरिक सचेता अभिवृद्धि गर्ने |
| ३ | महिला, ज्येष्ठ नागरिक तथा सीमान्तकृत समुदायलाई न्यायिक सहायता | सुरक्षा तथा संरक्षणको प्रत्याभूति, कमजोर वर्गको न्याय माथिको पहुँच | आर्थिक सक्षमता अभिवृद्धि | नागरिक सन्तुष्टि, सामाजिक सूचकमा सुधार | स्रोतको न्यूनता | लैंगिक हिंसाका घटना | क्षमता तथा नागरिक सचेता अभिवृद्धि गर्ने |
| ४ | सुरक्षा निकायको सुदृढीकरण | शान्ति सुव्यवस्था अपराधका घटना न्यूनीकरण | राजश्व चुहावट नियन्त्रण, राजश्व संकलन | नागरिक सन्तुष्टि | | नागरिक बुझाईमा कमी | क्षमता तथा नागरिक सचेता अभिवृद्धि गर्ने |
| ५ | राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकता सुदृढीकरण | कानूनको शासन, सरकारको प्रभावकारिता अभिवृद्धि | लगानी विस्तार, उद्योग व्यापारमा सहजता, पर्यटन प्रवर्द्धन | सामाजिक न्याय कायम | | सीमा सुरक्षामा जटिलता | क्षमता तथा नागरिक सचेता अभिवृद्धि गर्ने |

## १२.७ योजना तर्जुमा तथा कार्यान्वयन

| क्र.सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | | विरोधाभाष | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक | कृषि | उद्योग | श्रम तथा रोजगारी | तहगत समन्वयको क्षेत्र | अर्थतन्त्र | अन्य क्षेत्र | |
| १ | योजना तर्जुमा तथा कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि | उच्च र दिगो आर्थिक वृद्धि प्राप्तिमा सहयोग | कृषिको व्यावसायीकरण, बजारीकरणमा योगदान | लगानी वातावरण निर्माण तथा उद्यमशीलता विकास | उच्च आय भएका श्रम गन्तव्य मुलुकहरूको पहिचान | नागरिक सेवा प्रवाह र विकास आयोजनाको गुणात्मक सुधार | राष्ट्रिय, प्रादेशिक र स्थानीय तहको योजनाबीचमा तादाम्यतामा कठिनाई | सबै क्षेत्र र तहमा योजनाको महत्व बुझाउन कठिन | योजना तर्जुमा तथा कार्यान्वयनमा अभिमुखीकरण र सहजीकरण गर्ने |
| २ | उच्चस्तरीय आर्थिक सुधार सुझाब आयोगको प्रतिवेदन कार्यान्वयन | अर्थतन्त्र चलायमान बनाउन सहयोग | यान्त्रिकीकरण र औद्योगिकीकरणमा लगानी वृद्धि | निर्माणाधीन उद्योगहरूमा लगानीको सुनिश्चितता | आन्तरिक रोजगारीको अवसरहरूको सिर्जना | विकास आयोजना कार्यान्वयनमा आवश्यक जनशक्तिको व्यवस्थापन | आर्थिक सुधारका लागि लगानी र प्रतिवद्धता | सबै तहको समन्वय र सहकार्यको आवश्यकता | उच्च नेतृत्व तहमा सहमति, सहकार्य र प्रतिवद्धता सुनिश्चित गर्ने |
| ३ | अर्थतन्त्रका प्रमुख क्षेत्रहरूको सुदृढीकरण | सबल र सक्षम अर्थतन्त्रको निर्माण | कृषिको उत्पादन र उत्पादकत्व अभिवृद्धि | ठूला, मझौला तथा विशेष आर्थिक क्षेत्रका उद्योगहरूमा लगानी प्रवर्द्धन | देशभित्र श्रमको आवश्यक व्यवस्था र सम्मान | पर्यटन तथा सूचना प्रविधिको क्षेत्रमा सहयोग | कृषि, उद्योग र सेवा क्षेत्रमा क्रमबद्धतामा कठिनाइ | अग्र तथा पृष्ठ सम्बन्ध विकासमा कठिनाई | कृषि र उद्योगलाई प्राथमिकता दिएर सेवा क्षेत्रलाई व्यवस्थित गर्ने |
| ४ | राजस्व प्रणालीमा सुधार | राजस्व प्रशासनको सुदृढीकरण | कृषिमा अनुदान तथा सहुलियत मार्फत उत्पादन र बजारीकरणमा विविधीकरण | उद्योग क्षेत्रमा लगानी वातावरण निर्माण गर्न सकिने | देशभित्र श्रमको उचित व्यवस्था र पर्याप्तता | राजस्वका दर र दायरा वृद्धि | राजस्व चुहावट नियन्त्रणमा कठिनाई | भन्सार छली र बिल बिजकीकरण नियमनमा कठिनाई | राजस्व प्रणालीमा पूर्ण डिजिटलाइजेशनको प्रयोग गर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५ | औद्योगिक विकास र लगानी प्रोत्साहन | उद्योगमा निजी क्षेत्रको लगानी वृद्धि | कृषि क्षेत्रसँग उद्योगको अन्तर-आवद्धता | ठूला उद्योग पूर्ण क्षमतामा सञ्चालन | सीपको विकास | सार्वजनिक-निजी साझेदारी लगानी | असल औद्योगिक श्रम सम्बन्धमा कठिनाई | घरेलु, साना तथा मझौला उद्योगको प्रवर्द्धनमा कठिनाई | उद्योग स्थापना तथा लगानीमा नीतिगत र प्रकियागत सुधार गर्ने |
| ६ | एकीकृत राष्ट्रिय पूर्वाधार नीति तर्जुमा तथा कार्यान्वयन | सार्वजनिक तथा वैकल्पिक वित्तीय स्रोतको प्रभावकारी परिचालन | दिगो, सुरक्षित र उत्थानशील कृषि पूर्वाधार विकास | औद्योगिक पूर्वाधारको दिगोपना र तहगत समन्वय वृद्धि | नयाँ व्यवसाय तथा उद्यमशीलताका लागि आवश्यक साधन तथा सेवाको उपलब्धता | हरित अर्थतन्त्रको प्रवर्द्धन | वित्तीय उपकरणको परिचालनमा कठिनाई | | राष्ट्रिय, प्रादेशिक र स्थानीय पूर्वाधार निर्माणमा अन्तरआवद्धता गर्ने |
| ७ | प्रादेशिक सन्तुलन र समन्यायिक विकासमा जोड | प्रदेश र स्थानीय तहको अर्थतन्त्रको सबलीकरण | प्रदेश र स्थानीय तहको उत्पादनमा विशिष्टता र सम्भाव्यताको खोजी | प्राविधिक जनशक्तिको आपूर्ति | युवा उद्यमशीलता तथा आन्तरिक रोजगारी | तीनै तहको सन्तुलित विकासको आधार निर्माण | तीनै तहका सरकारको कार्यक्षेत्रमा अस्पष्टता | | कार्य विस्तृतीकरण प्रतिवेदन परिमार्जन सहित सार्वजनिकीकरण गर्ने |
| ८ | गरिबी र असमानताको न्यूनीकरण | | कृषिमा उत्पादन र आय आर्जनमा वृद्धि | | स्थानीय तहमा उद्यमशीलता तथा स्वरोजगारीको अवसर सिर्जना | असमानता र विभेदीकरण अन्त्य | | सामाजिक सुरक्षाका कार्यक्रममा दोहोरोपना | गरिबी परिचयपत्रलाई राष्ट्रिय परिचयपत्रसँग आवद्ध गरी राज्य सुविधा प्रदान गर्ने |
| ९ | एकीकृत राष्ट्रिय तथ्याङ्क प्रणालीको विकास र सुदृढीकरण | तीनै तहको अर्थतन्त्रको तथ्याङ्कीय विवरण एकीकरण | | | रोजगारीको अवसर खोज, उपलब्धता र व्यवस्थापनमा तथ्याङ्कीय विवरण प्राप्ति | राष्ट्रिय तथ्याङ्क प्रोफाइलको विकास | तीन अर्थतन्त्रको एकीकरण गर्नमा कठिनाई | | राष्ट्रिय तथ्याङ्क प्रोफाइल निर्माण गर्ने |
| १० | अन्तराष्ट्रिय जलवायु वित्तमा पहुँच अभिवृद्धि कार्यक्रम | तुलनात्मक लाभमा आधारित हरित अर्थतन्त्र प्रवर्द्धन | हरित जलवायु सहयोग अनुदान तथा सहुलियत ऋण | परम्परागत ज्ञान, प्रविधि र स्थानीय उत्पादनमा | | जलवायु परिवर्तनका मुद्दाको अन्तर्राष्ट्रियकरण | | कार्बन व्यापार र दिगो वन व्यवस्थापन | अन्तर्राष्ट्रियस्तरमा प्रभावकारी वार्ता तथा सम्वाद गर्ने |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आधारित उद्योग विकास र विस्तार | | | | | |
| ११ | दिगो विकास लक्ष्य कार्यान्वयनका लागि स्रोतको पहिचान र परिचालन कार्यक्रम | प्रतिव्यक्ति कूल राष्ट्रिय आयमा वृद्धि | कृषि उत्पादन तथा विविधीकरण र अन्तर्राष्ट्रिय व्यापार वृद्धि | औद्योगिक प्रवर्द्धन र लगानी सुनिश्चितता | व्यावसायिक सीप र क्षमताको लागि लगानी वृद्धि | | आवश्यक स्रोतको अभाव | | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारी विकास र आर्थिक कूटनीति प्रवर्द्धन गर्ने |

## १२.८ अनुगमन तथा मूल्याङ्कन

| क्र.सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | विरोधाभाष | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|
| | | योजना कार्यान्वयन | पुँजीगत खर्च | सुशासन | योजना कार्यान्वयन | पुँजीगत खर्च | सुशासन | |
| १ | नतिजामा आधारित एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास कार्यक्रम | पृष्ठपोषण, निर्धारित लागत र समयभित्र सम्पन्न गर्न सहयोग, योजनाको लक्ष्य हासिलमा योगदान | पुँजीगत खर्चमा वृद्धि तथा प्रभावकारिता | जवाफदेहिता वृद्धि, सेवा प्रवाहमा सुधार, गुणस्तर अभिवृद्धि | | निगरानीको रूपमा अवलम्बन भएमा खर्च गर्न कठिनाई | प्रशासनिक भार | प्रक्रियाको परिपालना र नतिजामा सन्तुलन कायम हुनेगरी अनुगमन तथा मूल्याङ्कन गर्ने |
| २ | अनुगमन तथा मूल्याङ्कन प्रणालीमा सरोकारवाला निकाय एवम् पदाधिकारीको उत्तरदायित्व र जिम्मेवारी प्रवर्द्धन | कार्यान्वयन प्रभावकारिता अभिवृद्धि, पुँजीगत खर्चमा वृद्धि | पुँजीगत खर्चमा वृद्धि तथा प्रभावकारिता | वित्तीय तथा प्रशासनिक सुशासन | | निगरानीको रूपमा अवलम्बन भएमा खर्च गर्न कठिनाई | कर्मचारी सरूवा | अनुगमन तथा मूल्याङ्कनलाई समस्या समाधानको औजारको रूपमा अवलम्बन गर्ने, कानूनले तोके बमोजिम मात्र सरुवा व्यवस्थापन गर्ने |
| ३ | तहगत तथा निकायगत एकीकृत अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास | योजनाको कार्यान्वयन तथा अन्तरसम्बन्ध स्थापना, कार्यान्वयनमा दोहोरोपना, न्यूनीकरण | पुँजीगत खर्चमा वृद्धि खर्च प्रभावकारिता | जवाफदेहिता | | | | |
| ४ | अनुगमन तथा मूल्याङ्कनमा संलग्न जनशक्तिको विकास तथा विशेषज्ञता अभिवृद्धि | योजनाको लक्ष्य हासिलमा सहयोग, अनुगमन तथा मूल्याङ्कनको गुणस्तर सुधार | | नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली संस्थागत, विश्वसनियता | | | कर्मचारी सरूवा | कानूनले तोके बमोजिम मात्र सरुवा व्यवस्थापन गर्ने |

## १२.९ अन्तर्राष्ट्रिय सम्बन्ध

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | विरोधाभाष | | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्तर्राष्ट्रिय सम्बन्ध | राष्ट्रिय सुरक्षा | आर्थिक | अन्य क्षेत्र | अन्तर्राष्ट्रिय सम्बन्ध | राष्ट्रिय सुरक्षा | आर्थिक | अन्य क्षेत्र | |
| १ | अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार एवम् सुदृढीकरण | राष्ट्रिय हित प्रवर्द्धन, प्रगाढ अन्तर्राष्ट्रिय सम्बन्ध, राष्ट्रिय पहिचान र प्रतिष्ठा अभिवृद्धि, कूटनीतिक पदचिन्ह विस्तार | राष्ट्रिय सुरक्षा थप सुदृढ | वैदेशिक सहायता परिचालन र व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धन | जलवायु वित्तमा पहुँच एवम् जलवायु न्यायका लागि वकालत, सुरक्षित आप्रवासन, सीमापार अपराध नियन्त्रण लगायतमा सहयोग | बहुनिकाय संलग्नताले दोहोरोपना र विरोधाभाष सिर्जना हुने जोखिम | सन्तुलित सम्बन्ध कायममा कठिनाई | दीर्घकालीन अतिरिक्त आर्थिक दायित्व | क्षेत्राधिकार सम्बन्धी मतभेद | अन्तरनिकाय समन्वय सुदृढ गर्ने |
| २ | आर्थिक कूटनीति प्रवर्द्धन | आर्थिक सहकार्यमा अभिवृद्धि | आर्थिक समृद्धि र राष्ट्रिय सुरक्षा | वैदेशिक सहायता परिचालन र व्यापार, लगानी तथा पर्यटन प्रवर्द्धन | जलवायु वित्त परिचालन, व्यवस्थित वैदेशिक रोजगारी | अन्तर्राष्ट्रिय सम्बन्धका अन्य आयाम ओझेलमा पर्न सक्ने | सुरक्षा संवेदनशील विषय ओझेलमा पर्न सक्ने | | क्षेत्राधिकार सम्बन्धी मतभेद | आर्थिक कूटनीतिका क्रियाकलापमा समन्वय गर्ने |
| ३ | राहदानी तथा कन्सुलर सेवा | देशको साख अभिवृद्धि | | वैदेशिक रोजगारी, व्यवसाय लगायतका आर्थिक गतिविधि प्रवर्द्धन | सरकार प्रतिको विश्वास अभिवृद्धि, वैदेशिक रोजगारी, वैदेशिक अध्ययन, विदेश यात्रा एवम् बसाइमा सहजता | | अत्यधिक सरलताको कारण सुरक्षा चुनौति | | | राहदानी र कन्सुलर सेवा प्रणालीलाई अन्य सेवासँग अन्तर आबद्धता गर्ने |
| ४ | संस्थागत एवम् क्षमता विकास | दक्षता र प्रभावकारिता अभिवृद्धि भई अन्तर्राष्ट्रिय सम्बन्ध सुदृढ | थप सुदृढ राष्ट्रिय सुरक्षा | वैदेशिक सहायता परिचालन, व्यापार प्रवर्द्धन, लगानी र पर्यटन प्रवर्द्धन | जलवायु वित्त परिचालन | | | आर्थिक भार | | |

## १३. जैविक विविधता, जलवायु परिवर्तन र हरित अर्थतन्त्र

### १३.१ वन तथा वातावरण

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | | विरोधाभाष | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि | उद्योग | रोजगार | विपद् व्यवस्थान | अन्य क्षेत्र | कृषि | अन्य क्षेत्र | |
| १ | नीतिगत तथा कानूनी सुधार | | वनमा आधारित उद्यम विकास | रोजगारीका अवसर सिर्जना | | काठ दाउराको सहज आपूर्ति, विकास निर्माणमा सहजता | | | |
| २ | समुदायको लागि जडिबुटीको व्यावसायीकरण कार्यक्रम | कृषि भूमिमा जडिवुटीको व्यवसायिक खेति प्रवर्द्धन | जडिबुटी उद्यम विकास तथा निर्यात प्रवर्द्धन | रोजगारी तथा उद्यमशीलता विकास | | | खण्डीकृत कृषि जमिन तथा कृषिमा जोड | | जमीनको अवस्था अनुसारको जडिबुटी खेती अवलम्बन गर्ने |
| ३ | वनजन्य उत्पादन तथा रोजगारी अभिवृद्धि कार्यक्रम | | वनमा आधरित उद्यम विकास, उद्योग सञ्चालनको लागि कच्चा पदार्थको उपलव्धता | रोजगारीका अवसर अभिवृद्धि | | | | | |
| ४ | जैविक विविधताको दिगो संरक्षण कार्यक्रम | कृषि जैविक विविधता संरक्षण | जैविक विविधतामा आधारित उद्यम विकास | समुदायको क्षमता, ज्ञान तथा सीप अभिवृद्धि, रोजगारीका अवसर सिर्जना | | पर्यापर्यटन | | विकास र वातावरण बीचको विवाद | समन्वय तथा नीति सम्वाद गर्ने |

## १३.२ जलवायु परिवर्तन

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | विरोधाभाष | | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि | विपद् | आर्थिक | सामाजिक | कृषि | विपद् | आर्थिक | सामाजिक | |
| १ | स्थानीय अनुकूलनता प्रवर्द्धन कार्यक्रम | जलवायु उत्थानशील कृषि प्रणाली, कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि | पानीको स्रोत संरक्षण, बाढी पहिरो, डढेलो, खडेरी नियन्त्रण | अर्थतन्त्रमा हुने क्षति न्यूनीकरण | जल तथा वायुजन्य रोगमा कमी | खेती प्रणालीमा न्यून प्राथमिकता | | वित्तीय भार | | जलवायुमैत्री खेती प्रणाली अवलम्बन गर्ने |
| २ | जलवायु जोखिम र हानी नोक्सानी न्यूनीकरण कार्यक्रम | कृषि भूमिको उत्पादन तथा उत्पादकत्व वृद्धि | जलवायुजन्य हानी नोक्सानी मापन, नियन्त्रण तथा रोकथाम | अर्थतन्त्रमा हुने क्षति न्यूनीकरण, आपूर्ति प्रणालीमा सहजता | सुरक्षित आवास तथा बस्ती | | | वित्तीय भार | | |
| ३ | स्वस्थ समाजको लागि प्रदूषण नियन्त्रण कार्यक्रम | रसायनिक मल तथा विषादी प्रयोगमा कमी | | दिगो र गुणस्तरीय उत्पादन | प्रदुषणजन्य रोगमा कमी, सहज कार्य वातावरण | | | | | |
| ४ | अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच अभिवृद्धि कार्यक्रम | कृषि क्षेत्रमा जलवायु वित्तको परिचालन, जलवायु उत्थानशील कृषि प्रणाली तथा प्रविधिको अवलम्बन | विपद् व्यस्थापनको लागि जलवायु वित्तको परिचालन | सार्वजनिक स्रोत परिचालनमा सहजता | स्वास्थ्य क्षेत्रमा सुधार | | | | | |

## १३.३ विपद् व्यवस्थापन

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | विरोधाभाष | | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक | सामाजिक | पूर्वाधार | वातावरणीय | आर्थिक | सामाजिक | पूर्वाधार | वातावरणीय | |
| १ | विपद् जोखिम न्यूनीकरण पूर्वतयारी कार्यक्रम | आर्थिक क्षतिको न्यूनीकरण | विपद् उत्थानशीलता | दिगो, सुरक्षित र भरपर्दो पूर्वाधार | वातावरणीय सन्तुलन | वित्तीय दायित्व | | | | वैकल्पिक वित्त परिचालन गर्ने |
| २ | विपद जोखिम व्यवस्थापन कार्यक्रम | आर्थिक क्षतिको न्यूनीकरण | विपद् उत्थानशीलता | पूर्वाधार निर्माणमा विपद् जोखिम संवेदनशीलता आत्मसात | वातावरणीय जोखिम न्यूनीकरण | वित्तीय दायित्व | | | | पूर्वसूचना सूचना प्रणाली प्रभावकारी कार्यान्वयन गर्ने |
| ३ | विपद् जोखिमको नक्साकंन, प्रतिकार्य तथा पुनर्स्थापना कार्यक्रम | आर्थिक क्षतिको न्यूनीकरण | जनधनको क्षति न्यूनीकरण | पूर्वसावधानी तथा दिगो, सुरक्षित र भरपर्दो पूर्वाधार | वातावरणीय जोखिम न्यूनीकरण | आर्थिक भार | मनोसामाजिक प्रभाव | अतिरिक्त पूर्वाधारको आवश्यकता | वातावरणीय असन्तुलन तथा प्राकृतिक स्रोतको उपयोग | वातावरणीय सन्तलुन कायम गर्ने |
| ४ | प्राकृतिक स्रोत र पूर्वाधारको दिगो व्यवस्थापन | आर्थिक वृद्धि, रोजगारी सिर्जना | सामाजिक न्याय | विपद् उत्थानशील पूर्वाधार निर्माण | वातावरणीय क्षतिको न्यूनीकरण | | | | | |

## १३.४ हरित अर्थतन्त्र

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | | विरोधाभाष | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आर्थिक | सामाजिक | पूर्वाधार | वातावरण | अन्य | आर्थिक | सामाजिक | पूर्वाधार | |
| १ | हरित अर्थतन्त्र संरचनात्मक तथा संस्थागत व्यवस्थापन कार्यक्रम | दिगो र महत्तम लगानीको सुनिश्चितता | हरित सेवाको पहुँच अभिवृद्धि | दिगो उत्थानशील पूर्वाधार | स्वच्छ वातावरणीय स्वास्थ्य | | | | | |
| २ | स्वच्छ ऊर्जा तथा विद्युतीय सवारी साधन प्रोत्साहन कार्यक्रम | स्वच्छ ऊर्जा तथा विद्युतीय सवारी साधनको प्रयोगबाट उच्च तथा बहुआयामिक प्रतिफल | स्वस्थ र उर्जाशील समाज, धुवाँ रहित यातायात प्रवर्द्धन, ग्रामीण विद्युतीकरण, सामाजिक विश्वसनीयता र अपनत्व ग्रहण | पूर्वाधार विकासमा नवीकरणीय ऊर्जाको प्रयोग, विद्युतीय साधनमैत्री पूर्वाधार विकास | स्वच्छ ऊर्जा उत्पादन, कार्बन उत्सर्जन तथा वातावरण प्रदुषण न्यूनीकरण | क्षेत्रीय तथा स्थानीय विकास र सन्तुलन, प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | स्रोतको उच्च आवश्यकता, स्रोत बाँडफाँटमा दबाव तथा असन्तुलन, उच्च प्रारम्भिक लागत | सामाजिक शक्ति सन्तुलनमा चुनौति, कमजोर समूहको पहुँचमा बाधा | पूर्वाधार परियोजनाबाट पारिस्थितिकीय प्रणालीमा असर | स्रोतको पहिचान गरी सामाजिक रूपमा सन्तुलित र दिगो बाँडफाँटमा जोड दिने |
| ३ | हरित औद्योगिक विकास तथा प्रवर्द्धन कार्यक्रम | प्रतिस्पर्धी औद्योगिक उत्पादन, हरित उद्योग, जडिबुटी व्यापारको प्रवर्द्धन, स्रोत परिचालनमा नविनता, स्थानीय स्रोत साधनको परिचालन, वित्तीय सबलता | स्वस्थ मानव पुँजी निर्माण, स्वास्थ्य र शिक्षा पहुँच, स्थानीय समृद्धि, परम्परागत ज्ञानको पुनर्स्थापना, सशक्तीकरण तथा समावेशीता | उत्थानशील औद्योगिक पूर्वाधार निर्माण | कार्बन उत्सर्जन तथा वातावरण प्रदुषण न्यूनीकरण | क्षेत्रीय तथा स्थानीय विकास र सन्तुलन | कच्चा पदार्थको उपलब्धता | सेवा वितरणमा असमानता र सामाजिक शक्ति सन्तुलनमा चुनौति | पूर्वाधार परियोजनाबाट पारिस्थितिकीय प्रणालीमा असर | औद्योगिक क्षेत्रका आवश्यक स्रोतको पहिचान गरी वातावरणमैत्री, सन्तुलित र दिगो बाँडफाँटमा जोड दिने |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पर्वतीय अर्थतन्त्र प्रवर्द्धन कार्यक्रम | पर्वतीय क्षेत्रमा जैविक तथा रैथाने बालीको उत्पादन, जडिबुटी व्यापार, पर्यटन प्रवर्द्धन, स्रोत परिचालनमा नविनता, स्थानीय स्रोत साधनको परिचालन | स्वस्थ मानव पुँजी निर्माण, स्वास्थ्य र शिक्षा पहुँच, स्थानीय समृद्धि, परम्परागत, जनचेतना वृद्धि, सामाजिक विश्वसनीयता र अपनत्व ग्रहण, ज्ञानको पुनर्स्थापना, सशक्तीकरण तथा समावेशीता | कृषि, साना तथा घरेलु उद्योगका निमित्त दिगो र उत्थानशील पूर्वाधारको व्यवस्था | कार्बन उत्सर्जन तथा वातावरण प्रदुषण न्यूनीकरण, पर्वतीय क्षेत्रमा पर्यटकीय फोहर व्यवस्थापन | प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | स्रोत बाँडफाँटमा दबाव तथा असन्तुलन | सेवा वितरणमा असमानता, सामाजिक शक्ति सन्तुलनमा चुनौति | पूर्वाधार परियोजनाबाट पर्वतीय पारिस्थितिकीय प्रणालीमा असर | पर्वतीय क्षेत्रका आवश्यक स्रोतको पहिचान गरी वातावरणमैत्री, सन्तुलित र दिगो बाँडफाँटमा जोड दिने |
| ५ | ‘हरित शहर-स्वस्थ भविष्य’ कार्यक्रम | हरित भवनमा हुने लगानीको उच्च प्रतिफल उद्योग, रोजगारीको प्रवर्द्धन, स्थानीय स्रोत साधनको परिचालन वित्तीय सबलता | स्वस्थ मानव पुँजी निर्माण, परम्परागत ज्ञानको पुनर्स्थापना, सशक्तीकरण तथा समावेशीता | हरित भवन निर्माणसँग आवद्ध पूर्वाधार प्रवर्द्धन | वातावरण संरक्षण अनुकूलन कार्बन उत्सर्जन न्यूनीकरण, खुला पार्कको संरक्षण र प्रयोग, सफा शहर | प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि | स्रोत बाँडफाँटमा दबाव तथा असन्तुलन | सेवा वितरणमा असमानता, सामाजिक शक्ति सन्तुलनमा चुनौति | स्रोतको अत्यधिक उपयोग, जैविक विविधता संरक्षणको चुनौति | शहरी क्षेत्रमा आवश्यक स्रोतको पहिचान गरी वातावरणमैत्री, सन्तुलित र दिगो बाँडफाँटमा जोड दिने |
| ६ | हरित कृषि प्रोत्साहन कार्यक्रम | हरित कृषि उद्योगको वृद्धि, रैथाने तथा जैविक कृषि उत्पादन, जडिबुटी | परम्परागत ज्ञानको पुनर्स्थापना, सशक्तीकरण तथा समावेशीता | कार्बन न्यूट्रल कृषि उत्पादनसँग आवद्ध | वातावरण संरक्षण अनुकूलन, | बहु-क्षेत्रीय लाभ, प्रतिस्पर्धात्मक | स्रोत बाँडफाँटमा दबाव तथा असन्तुलन | सेवा वितरणमा असमानता, सामाजिक शक्ति | कृषि पूर्वाधार पहुँच निर्माणमा दवाब, | कृषि क्षेत्रका आवश्यक स्रोतको पहिचान गरी वातावरणमैत्री, |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | व्यापार, स्थानीय स्रोत साधनको परिचालन मूल्य शृंखला विस्तार | | पूर्वाधार निर्माण | कार्बन उत्सर्जन न्यूनीकरण | क्षमता अभिवृद्धि | | सन्तुलनमा चुनौति | स्रोतको अत्यधिक उपयोग, जैविक विविधता संरक्षणको चुनौति | सन्तुलित र दिगो बाँडफाँटमा जोड दिने |
| ७ | प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा व्यावसायिक उपयोग कार्यक्रम | उच्च र दिगो आर्थिक वृद्धि, स्थानीय स्रोत साधनको परिचालन, मूल्य शृंखला विस्तार, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन, मूल्य शृंखला विस्तार | सशक्तीकरण तथा समावेशीता, मानव पुँजी निर्माण, जीवनस्तरमा सुधार | उत्पादनसँग आवद्ध पूर्वाधार निर्माण र पहुँच विस्तार | वातावरण संरक्षण, अनुकूलन, कार्बन उत्सर्जन न्यूनीकरण | बहु-क्षेत्रीय लाभ, स्थानीय विकास र सन्तुलन | स्रोत बाँडफाँटमा दबाव तथा असन्तुलन, प्राथमिकतामा प्रतिस्पर्धा | स्रोत उपयोगमा असमानता, कमजोर समूहको पहुँचमा बाधा | पूर्वाधार पहुँच निर्माणमा दवाब, स्रोतको अत्यधिक उपयोग, जैविक विविधता संरक्षणको चुनौति, पूर्वाधार परियोजनाबाट पारिस्थितिकीय असर | प्राकृतिक स्रोतको नक्सांकन, दिगो उपयोग योजना र परिचालन गर्ने |

# १४. अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति तथा दिगो विकास लक्ष्य कार्यान्वयन

## १४.१ अतिकम विकसित मुलुकबाट सहज स्तरोन्नति

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | | विरोधाभाष | | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विकासशील मुलुकमा स्तरोन्नति | उद्योग वाणिज्य तथा आपूर्ति | अर्थ | मानव संसाधन र रोजगारी | वातावरण, कानून तथा अन्य क्षेत्र | उद्योग वाणिज्य तथा आपूर्ति | अर्थ | मानव संसाधन र रोजगारी | कानून तथा अन्य क्षेत्र | |
| १ | सीपयुक्त श्रम उत्पादन कार्यक्रम | दिगो स्तरोन्नतिको आधार तयार निर्माण | उत्पादकत्व वृद्धि | आय वृद्धि | उच्च सीपयुक्त जनशक्ति उपलब्धता, रोजगारी प्रवर्द्धन | - | उच्च श्रम लागत | स्रोत व्यवस्थापन | मानव संसाधन आवश्यकता र उपलब्धि बीच सामञ्जस्यता | | बजार मागको आधारमा श्रमशक्तिको उत्पादन गर्ने |
| २ | लगानी तथा निर्यात प्रवर्द्धन कार्यक्रम | प्रतिव्यक्ति आय वृद्धि र आर्थिक जोखिम न्यूनीकरण | औद्योगिकीकरण र आन्तरिक उत्पादनको आपूर्ति | राजस्व वृद्धि | जनशक्ति उत्पादन, रोजगारी अवसर सिर्जना र विस्तार | पर्यावरणीय जोखिम न्यूनीकरण | - | स्रोत व्यवस्थापन | - | - | लगानी र निर्यात विस्तारको लागि अन्तरनिकाय समन्वय गर्ने |
| ३ | आर्थिक कूटनीति सञ्चालन कार्यक्रम | स्तरोन्नतिबाट पर्ने असर न्यूनीकरण | निर्यात वृद्धि तथा निर्यात गन्तव्य मुलुकको विविधीकरण | विकास सहायता परिचालनमा सहजीकरण | वैदेशिक रोजगार प्रवर्द्धन | पर्यापर्यटन र जलवायु वित्त परिचालन, नेपालको अन्तर्राष्ट्रिय साखमा सुधार | | | वैदेशिक सहायता परिचालनमा असर, तुलनात्मक उच्च लागत | | पर्याप्त पूर्वतयारी र अन्तरनिकाय समन्वय गर्ने |
| ४ | मानव सम्पत्ति विकास कार्यक्रम | सहज र दिगो स्तरोन्नतिमा सहयोग | उद्योगहरूमा स्वस्थ र सीपयुक्त श्रम उपलब्धता | उत्पादनको साधनको रूपमा श्रम | उपलब्ध जनसांख्यिक लाभको कुशल परिचालन, | - | - | स्रोत विनियोजनमा क्षेत्रगत समता | उपलब्ध श्रमशक्ति र रोजगारी | अन्य क्षेत्रको लगानी संकुचनको सम्भावना | पर्याप्त पूर्वतयारी र अन्तरनिकाय समन्वय गर्ने |

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | | विरोधाभाष | | | | विरोधाभाषको सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विकासशील मुलुकमा स्तरोन्नति | उद्योग वाणिज्य तथा आपूर्ति | अर्थ | मानव संसाधन र रोजगारी | वातावरण, कानून तथा अन्य क्षेत्र | उद्योग वाणिज्य तथा आपूर्ति | अर्थ | मानव संसाधन र रोजगारी | कानून तथा अन्य क्षेत्र | |
| | | | | शक्ति परिचालन | स्वस्थ र उत्पादनशील श्रम उपलब्धता | | | | सिर्जनामा तादम्यता | | |
| ५ | विपद तथा जलवायु जोखिम मूलप्रवाहीकरण कार्यक्रम | दिगो स्तरोन्नति | उद्योगको उत्थानशीलता अभिवृद्धि | आर्थिक क्षति न्यूनीकरण | | क्षति न्यूनीकरण भई दीर्घकालीन लाभ प्राप्ति | | स्रोत व्यवस्थापन | विपद् प्रतिरोधी पूर्वाधार तथा संरचना निर्माणमा उच्च लागत | क्षेत्रगत नीति, कार्यक्रम र परियोजनाको लागत वृद्धि | विपद तथा जलवायु उत्थानशीलताका लागि स्रोत परिचालन गर्ने |
| ६ | समन्वय र साझेदारी प्रवर्द्धन | दिगो स्तरोन्नति | | स्रोत परिचालनमा सहयोग | गुणस्तरीयता अभिवृद्धि, श्रम तथा रोजगार प्रवर्द्धन | वातावरण संरक्षणमा बहुक्षेत्रीय उपस्थिति | | | निर्यातमा पर्ने असर न्यूनीकरण | - | |

## १४.२ दिगो विकास लक्ष्य कार्यान्वयन

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | | | विरोधाभास | | | | | विरोधाभास को सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विकासशील मुलुकमा स्तरोन्नति | श्रम तथा रोजगार | उद्योग वाणिज्य तथा आपूर्ति | अर्थ | मानव संसाधन | अन्य क्षेत्र र कानून | विकासशील मुलुकमा स्तरोन्नति | आर्थिक | अर्थ | मानव संसाधन | अन्य क्षेत्र र कानून | |
| १ | दिगो विकास लक्ष्यको स्थानीयकरण | स्तरोन्नति सम्बद्ध सूचकको प्रगतिमा योगदान | श्रम तथा रोजगार सम्बद्ध तथ्यांक उपलब्धता मा सुधार | | सार्वजनिक खर्चको प्राथमिकीकरण मा योगदान | | क्षेत्रगत लक्ष्यहरूसँग तादम्यता कायम गर्न सहयोग | स्थानीय सरकारसम्म पुग्ने वैदेशिक सहयोगमा प्रभाव | | - | - | - | |
| २ | समन्वय र साझेदारी प्रवर्द्धन कार्यक्रम | दिगो स्तरोन्नतिका लागि सहकार्यको अवसर विस्तार | श्रम तथा रोजगार सम्बद्ध नीति तथा कार्यक्रमको कार्यान्वयन मा सहयोग | उद्योग वाणिज्य तथा आपूर्ति सम्बद्ध नीति तथा कार्यक्रमको कार्यान्वयन मा सहयोग | स्रोत विनियोजनमा विद्यमान दोहोरोपना न्यूनीकरण | - | क्षेत्रगत कार्यक्रम कार्यान्वयन मा सहजीकरण | - | | - | - | - | |
| ३ | लक्ष्य कार्यान्वयन को लागि स्रोतको व्यवस्थापन | आर्थिक वृद्धिमा योगदान | - | - | सार्वजनिक खर्चको पुनः प्राथमिकीकरण गर्ने अवसर | मानव सम्पत्ति विकास र उपयोगका लागि | - | - | | वित्तीय स्थायित्व को चुनौति | - | - | |

| क्र. सं. | प्रमुख कार्यक्रम | समन्वयात्मक अतिरिक्त लाभ | | | | | | विरोधाभास | | | | | विरोधाभास को सम्बोधन |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | विकासशील मुलुकमा स्तरोन्नति | श्रम तथा रोजगार | उद्योग वाणिज्य तथा आपूर्ति | अर्थ | मानव संसाधन | अन्य क्षेत्र र कानून | विकासशील मुलुकमा स्तरोन्नति | आर्थिक | अर्थ | मानव संसाधन | अन्य क्षेत्र र कानून | |
| | | | | | | लगानी विस्तार | | | | | | | |
| ४ | प्राथमिकता प्राप्त क्षेत्रमा लक्षित कार्यक्रम सञ्चालन | सहज स्तरोन्नति रणनीति कार्यान्वयनमा योगदान | | | | | | | | | | | |
| ५ | राष्ट्रिय तथ्यांक प्रणालीको सुदृढीकरण | स्तरोन्नति सम्बन्धमा नियमित अनुगमनमा सहजता | श्रम बजारसँग सम्बन्धित तथ्यांक उपलब्धता | - | तथ्याङ्कमा आधारित नीति तथा कार्यक्रम तर्जुमा, सार्वजनिक खर्चको प्रभावकारिता | तथ्याङ्कीय आधार निर्माण | तथ्य र प्रमाणमा आधारित नीति तथा रणनीति कार्यान्वयनमा सहयोग | - | | - | - | विषय क्षेत्रगत सामञ्जस्यता | |

*अनुसूची २*

# आन्दोलनको क्रममा भएको क्षतिको पुनर्निर्माण

## १. पृष्ठभूमि

सम्वत् २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलनको क्रममा मानवीय क्षति तथा लुटपाट, तोडफोड, आगजनी लगायतका गतिविधिबाट सरकारी संरचना एवम् निजी व्यवसाय तथा निजी तथा सामुदायिक सम्पत्तिमा ठूलो क्षति हुन पुगेको थियो । आन्दोलनमा भएको भौतिक क्षतिको मूल्याङ्कन र सार्वजनिक सम्पत्तिको पुनर्निर्माण योजना तयारी गर्न गठित समितिले सम्माननीय प्रधानमन्त्री समक्ष प्रतिवेदन पेश गरेको छ। सो प्रतिवेदन अनुसार २,६७१ भवन क्षतिग्रस्त भएका छन्। आन्दोलनको क्रममा रू. ८४ अर्ब ४५ करोड ७७ लाख भौतिक क्षति भएको छ। सो क्षति रकम मध्ये सरकारी/सार्वजनिक क्षेत्रमा ५३ प्रतिशत, निजी क्षेत्रमा ४० प्रतिशत र सामुदायिक तथा अन्य क्षेत्रमा ७ प्रतिशत क्षति भएको छ। क्षतिमध्ये भवनतर्फ रू. ३९ अर्ब ३१ करोड ७५ लाख, सवारी साधनतर्फ रू.१२ अर्ब ९३ करोड ६१ लाख, अन्य भौतिक सम्पत्तितर्फ रू. २० अर्ब ३६ करोड ४० लाख, नगद तथा बहुमूल्य वस्तुतर्फ रू. २ अर्ब ८१ करोड ३४ लाख र अन्य अस्थायी सम्पत्ति तथा निजी सम्पत्तितर्फ रू. ९ अर्ब २ करोड ६७ लाख क्षति भएको छ।

क्षतिग्रस्त सरकारी तथा निजी भवन लगायतका संरचनाको समयमा पुनर्निर्माण गर्नु, सेवा प्रवाहलाई सुचारू गर्नु र नागरिक विश्वास अभिवृद्धि गर्नु चुनौतिपूर्ण रहेको छ। साथै, पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि आवश्यक पर्ने स्रोत व्यवस्था गर्नुपर्ने चुनौति समेत छ। निजी तथा सामुदायिक क्षेत्रको पुनर्स्थापनामा सहयोग गर्न प्रोत्साहन तथा राहतको व्यवस्था गर्नु उपयुक्त हुने देखिन्छ। यस क्रममा सार्वजनिक सेवा प्रवाहलाई चुस्त तथा अनुभूतियोग्य हुने गरी सेवा प्रवाहका भौतिक संरचना विकास तथा रूपान्तरण, भूकम्पपछिको पुनर्निर्माणको सिकाई र सीपयुक्त जनशक्तिको उपलब्धता अवसरका रूपमा रहेका छन्।

पुनर्निर्माण सम्बन्धमा देहायका मार्गदर्शक सिद्धान्त अवलम्बन गरिनेछ।

१. पुनर्निर्माण कार्यमा तीन तहका सरकारी निकायका साथै निजी तथा गैरसरकारी क्षेत्रको समन्वय तथा सहकार्य।
२. पुनर्निर्माणमा आन्तरिक स्रोत, साधन र विज्ञताको अधिकतम उपयोग।
३. पुनर्निर्माण कार्यमा समानता, सहभागिता र प्राथमिकता।
४. सेवाग्राही वा नागरिकमैत्री सार्वजनिक भवन र पूर्वाधार निर्माण।
५. विपद् प्रतिरोधी तथा जोखिम न्यूनीकरण सहितको उत्थानशील पूर्वाधार निर्माण।
६. सार्वजनिक भवन तथा अन्य सम्पत्तिको जोखिम हस्तान्तरण एवम् बिमा।
७. प्रभावित व्यवसाय/उद्यमको पुनरोत्थानको लागि राहत, सहुलियत तथा प्रोत्साहन।

## २. रणनीति

पुनःनिर्माण सम्बन्धी प्रमुख रणनीति देहाय अनुसार रहेका छन्।

१. आन्दोलनको क्रममा सामान्य क्षति भएका भवन तथा संरचना एवम् आंशिक तथा सामान्य क्षति भएका सवारी साधन मर्मत गरी सञ्चालन गर्ने।
२. आंशिक तथा पूर्ण क्षति भएका सरकारी भवन तथा संरचनाको प्रभावकारी रूपमा पुनर्निर्माण गर्ने।
३. आंशिक तथा पूर्ण क्षति भएका सरकारी भवन तथा सम्पत्तिको पुनर्निर्माण तथा पुनर्स्थापना गर्न वित्तीय प्रबन्ध गर्ने।
४. पुनर्निर्माण कार्यको लागि तहगत समन्वय, सहजीकरण र सहयोग परिचालन गर्ने।
५. आन्दोलनबाट प्रभावित निजी प्रतिष्ठान, सामुदायिक संस्था र घरपरिवार लक्षित राहत तथा सहुलियत सम्बन्धी नीति अवलम्बन गर्ने।

६. भौतिक सम्पत्ति ह्रासकट्टीको लेखाङ्कन र भौतिक सम्पत्तिको जोखिम हस्तान्तरण तथा पूर्ण बीमाको व्यवस्था गर्ने ।

७. लगानीको वातावरण सुधार र निजी क्षेत्रसँग सम्वाद तथा सहकार्य मार्फत् निजी क्षेत्रको मनोबल अभिवृद्धि गर्ने ।

**३. कार्यनीति**

पुनर्निर्माण कार्यक्रम अन्तर्गत देहायका प्रमुख कार्यनीति रहनेछन् ।

१. आन्दोलनको क्रममा भएको तीनै तहका क्षतिग्रस्त सरकारी संरचना, कागजात तथा अन्य सम्पत्तिको अभिलेखन तथा विवरण तयार गरिनेछ ।

२. सार्वजनिक सम्पत्ति, पूर्वाधार तथा निजी व्यवसायमा भएको आर्थिक तथा अन्य क्षतिको अध्ययन विश्लेषण गरी पुनःनिर्माणको आवश्यकता आकलन गरिनेछ ।

३. पुनर्निर्माण तथा पुनर्स्थापनाको लागि प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४. क्षतिग्रस्त सरकारी निकायको प्रकृति तथा क्षतिको अवस्थाको आधारमा पुनःनिर्माण कार्यको प्राथमिकीकरण, पुनःनिर्माण तथा प्रवलीकरण गरिनेछ ।

५. ऐतिहासिक तथा पुरातात्विक महत्वका सार्वजनिक सम्पत्ति संरक्षण गर्न बृहत्तर योजना तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

६. पुनर्निर्माणमा किफायती, सुरक्षित, वातावरणमैत्री र स्थानीय स्रोतसाधन र निर्माण सामाग्रीको प्रयोगलाई प्राथमिकता दिइनेछ ।

७. वित्तीय तथा मौद्रिक नीतिका उपयुक्त उपकरण अवलम्बन गरी निजी क्षेत्रको व्यवसाय पुनर्स्थापना कार्यमा सहजीकरण गरिनेछ ।

८. प्राकृतिक विपत्ति र अन्य जोखिमबाट सुरक्षण गर्न सबै प्रकृतिका सरकारी भवन तथा सवारी साधनलाई बिमाको दायरामा ल्याइनेछ ।

९. सार्वजनिक सम्पत्ति प्रतिको अपनत्व र सम्पत्तिको संरक्षण अभिवृद्धि गर्न नागरिक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. सुरक्षित सार्वजनिक तथा निजी संरचना निर्माणको लागि सरकारी कर्मचारी, व्यवसायी तथा नागरिक लक्षित क्षमता अभिवृद्धि तथा प्रचारप्रसार कार्यक्रम सञ्चालन गरिनेछ ।

११. सार्वजनिक सम्पत्तिको संरक्षण, जोखिम न्यूनीकरण तथा स्थान्तरण गर्न आवश्यक कानूनी, व्यवस्थापकीय र प्रशासनिक व्यवस्था गरिनेछ ।

**४. अनुमान तथा जोखिम**

तीन तहकै सरकारी संयन्त्र बीचको समन्वय र सहकार्यबाट राहत, पुनर्निर्माण कार्यक्रम सञ्चालन गरी निर्धारित समय सीमा भित्र नै पुनर्निमाण कार्य सम्पन्न हुने अपेक्षा गरिएको छ । सार्वजनिक सेवा प्रवाह कार्यमूलक, आधुनिक प्रविधिमा आधारित र नागरिकमैत्री हुनेगरी क्षतिग्रस्त सरकारी भवनको मर्मतसम्भार र पुननिर्माण तथा प्रणालीगत सुधार हुने तथा निजी क्षेत्रको पुनर्स्थापना र लगानीको सुरक्षाको प्रत्याभूति गर्दै अर्थतन्त्र चलायमान हुने अनुमान गरिएको छ । कार्यान्वयनमा आवश्यक स्रोतको कमी र निजी क्षेत्रको मनोबल कमजोर रहन सक्ने जोखिम रहेको छ ।